CC-0. In Public Domain. Digitization by eGangotri

रामायण

लेखक: बुद्धिप्रसाद शर्मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१)

5.2 ६५८

यदुमाया भण्डारी - कमलादी काठमाण्डु

स्वर्गवासी कुलचन्द्र तिवारी श्रीमान चेतनाथ श्रेष्ठ
र श्रीमती यदुमाया श्रेष्ठद्वारा वाल्मीकि विद्यापीठ
पुस्तकालयलाई उपहार स्वरुप प्राप्त पुस्तक

स्व. मातापिताको [illegible] कुलचन्द्र तिवारी
श्रीमान नेत्रप्रसाद [illegible] भण्डारीद्वारा
वाल्मीकि विद्यापीठ पुस्तकालयलाई उपहार स्वरुप प्राप्त पुस्तक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रामायण

लेखकः- स्व. बुद्धि प्रसाद शर्मा रेग्मी

प्रकाशकः- भाइ राजा ताम्राकार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकः- भाईराजा ताम्राकार

ठेगानाः- झुरूंखेल, काठमाडौं - १८ वडा

प्रथम पटक प्रकाशनः- ५०० प्रति

संवत्:- २०५० साल कार्तिक

मूल्यः- ६५।-

Acc. 8572/C76

NEPAL SANSKRIT UNIVERSITY पुस्तकालय

मुद्रकः- विद्या प्रिन्टिङ्ग प्रेस

ठेगानाः- ओमबहाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लेखक : स्वर्गीय बुद्धि प्रसाद शर्मा रेग्मी

जन्म :
वि. सं. १९७३ कार्तिक २७
ठेगाना :
ताहाचल, काठमाडौं ।

मृत्यु
२०४८ चैत्र २९ रामनवमी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लेखक स्व. बुद्धि प्रसाद शर्मा रेग्मीको परिचय

स्वर्गीय बुद्धि प्रसाद शर्मा रेग्मीको जन्म वि. सं. १९७३ कार्तिक २७ गते काठमाडौं, नर्देवीको तुन्छे गल्लीमा भएको हो। उहाँले संस्कृत र दर्शन शास्त्रका विद्वान् पिता रेवती रमण शर्मा रेग्मीको निर्देशनमा प्राथमिक शिक्षा घरैमा लिनु भयो। त्यस पछिको अध्ययन दरबार स्कूल स्थित संस्कृत विद्यालयमा गर्नु भयो। उहाँले बनारसमा संस्कृतको उच्च शिक्षाको पाठ्यक्रम पढ्नु भयो तर पिताको आग्रहमा स्नातकोत्तर परीक्षा दिनु भएन। पिता रेवती रमण जागीर खानु हुन्न र प्रमाण–पत्र लिनका लागि पढ्न हुन्न भने सिद्धान्तमा विश्वास गर्नु हुन्थ्यो। यसैबाट प्रेरित भएर बुद्धि प्रसादले कहिल्यै जागीर खानु भएन जीवनभर स्वतन्त्र लेखन पठन पाठन गर्नु भयो, जीविकाको लागि काठमाडौंमा ट्यूसन गर्नु भयो।

राणाकालमा स्थापित महावीर स्कूलसंग उहाँ संबद्ध हुनु हुन्थ्यो। यसकै कारण उहाँलाई राजनीतीक मुद्दा लगाईयो। गिरफ्तारी वारण्ट टार्नका निमित्त काठमाडौंबाट भागी केही बर्ष उहाँले "चार" भञ्ज्याङ बाहिर रहनु पर्‍यो। धादिङ्गको मान्खु डाँडाको रेग्मीथोक उहाँको पितामहको पुर्ख्यौली स्थल थियो। त्यहाँ र धादिङ्गकै कोईलीखर्क विर्तोडाँडा तिर बस्दा उहाँले साहित्य र ब्याकरण संबन्धी पुस्तकहरू लेख्नु भयो। ती हस्त लिखित पुस्तकहरूलाई उहाँ उपत्यका फर्कन लाग्दा भेडङ्गा (भीम ढुङ्गा) गौंडामा खोसियो फिर्ता लिने प्रयास असफल भयो।

बाल्यकालमा भएको बुद्धि प्रसादको बिबाह पत्नीको असामायिक निधनमा टुङ्गियो। पत्नीको मृत्यु माईती वखत ढुङ्गामा जाँदा भयो। त्यसको शोक उहाँले काठमाडौंमा सुनाइएको आधारमा बार्नु पर्यो। पछि माता बसुन्धरा बुद्धि प्रसादको मामाघर पूर्णकोट तौलिहवाबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बनारस जान लाग्दा रेलयात्रा क्रममा बित्नु भयो। मातृ शोक पनि उहाँले सुनाइएको आधारमा बार्नु भयो। बुद्धि प्रसादले यी दुई चोटको बिरह पोख्न कवितात्मक शैलीमा एउटा नाटक रचना गर्नु भयो। व्यथा नामक नाटकको पाण्डुलिपी प्रकाशन क्रममा रहंदा रहस्यमय ढङ्गमा गायब गराइयो यसबाट पुस्तक प्रकाशन प्रति उहाँमा बिरक्ति बढयो दोश्रो बिहे नगर्ने दृढता पितृ भक्तिको साम् पग्लियो। दोश्रो बिबाह बन्धनबाट शुरु भयो बुद्धि प्रसादको घरयसी टण्टा चर्को अर्थाभाव, नर्देबीको घर बेची छाउनीमा घर सराई, आधा दर्जन केटाकेटीको भार जस्ता दायित्वले बुद्धि प्रसादलाई धेरै बर्ष सम्म चुलुम्म पा-यो। समय समयमा बान प्रस्थाश्रमको प्रसंग झिकेर पीडा बिर्सन उहाँले गर्नु भएको प्रयासलाई उहाँका छात्र छात्रा तथा कुटुम्ब अद्यावधि संझन्छन्।

पिता - माता "रेवती - बसुन्धरा" को नाममा आँप बगैंचा लगाउन बुद्धि प्रसाद धादिङ्ग, कुमपुरको अवण्टार जानु भयो। बोट बिरूवाको स्याहार गर्दा गर्दै प्रस्तुत रामायणको रचना उहाँले गर्नु भयो। आँपका बिरूवा त्रिशुली किनारका टारमा अहिले रूख भएका छन्। उहाँको सिर्जना यो रामायणले अहिले पुस्तकको रूप लिएको छ। आँपक फललाई जीवनकालमै देख्ने बुद्धि प्रसादले रचना प्रकाशनलाई नश्वर जीवनमा अनुभव गर्न पाउनु भएन। रामायण छापिने क्रममा प्रेसमा भएको उहाँलाई थाहा थियो। शुरूका केही पेजको प्रुफ रीडिङ्ग आफैंले गर्नु भयो। तर पछि पेटमा पानी जम्ने रोगले च्याप्दै लग्यो, यसले गर्दा रामायण प्रकाशन संवन्धी होस पनि उहाँलाई भएन। मुश्कीलले केही पानाका श्लोकहरू टेपमा रेकर्ड गरियो उहाँलाई रोगको कारण यसमा उत्साह थिएन। रामयणका लेखक बुद्धि प्रसादले पुस्तकका नायक रामचन्द्रको जन्म दिन राम नवमी २०४८ चैत्र २६ गते बिहान पाँच बजे राम मन्दिर नजीक आर्यघाटमा यो संसार छोड्नु भयो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



प्रकाशक : भाई राजा ताम्राकार

यो पुस्तकको सर्वाधिकार प्रकाशकमा रहने छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक भाई राजा ताम्राकारको परिचय

स्वर्गीय बुद्धि प्रसाद शर्मा रेग्मीको रामायण पुस्तकका प्रकाशक भाई राजा ताम्राकार हुनुहुन्छ । पेशाले व्यापारी भए पनि सानै देखि प्राज्ञिक क्षेत्रमा विशेष गरी समाज सेवा, धर्म, परोपकारमा उहाँले योगदान पुर्याउनु भएको छ ।

वि. सं. १९९८ जेष्ठ २८ गते मरूइलाछेमा हलुमा रत्न ताम्राकारका नाति भीम बहादुर ताम्राकार र माता धनमाया ताम्राकारको ११ औं सुपुत्रको रूपमा भाइ राजा जन्मनु भएको हो । तेह्र बसन्त पार नगर्दै पिताको मृत्युमा भाईराजा टुहुरो प्राय हुनुभयो । स्याहार संभारका लागि उहाँ मामाघर जानु भयो । असनका कान्छा रत्न तुलाधर वा (कान्छा बनिया) उहाँका मामा हुनुहुन्छ ।

मामाका घरमा पढाउन वा ट्यूसन गर्न आउँने लेखक बुद्धि प्रसादलाई उहाँले गुरूको रूपमा चिन्नु भयो । यो गुरू–शिष्य नाता झण्डै ४५ बर्ष चल्यो वास्तवमा भाईराजाले बुद्धि प्रसादसंग पढ्नु भएन । मामाका छोराहरूले पढेको बेला भाईराजाले अप्रत्यक्ष बिद्या आर्जन गर्नु भयो । मामा कान्छा रत्न तुलाधर विद्यामा भन्दा सीप सिकाउनमा बढी विश्वास राख्नु हुन्छ । यसैले भाञ्जा भाई राजालाई उहाँले पसलमा व्यापारकला निपुर्ण बनाईदिनु भयो । धर्मकार्यमा भाईराजाको ठूलो अभिरूचि छ ।

प्रस्तुत रामायण छाप्ने दृढता उहाँले पहिले गरे पनि २०४७ तिर आएर प्रकाशनको आर्थिक भार बहन गर्ने क्षमता उहाँमा आयो । यसैले लेखकको छाउनी स्थित निवासबाट पाण्डुलिपी ल्याई प्रेसमा यो पुस्तक छपाउनु भयो । बिभिन्न कारणले छपाईमा ढिलो भयो । प्रकाशक भाई राजाले नेपाली भाषाको पुस्तक प्रकाशनमा देखाउनु भएको अभिरूची अनुकरणीय छ ।

भाईराजा भुरूङ्खेलमा बस्नु हुन्छ । उहाँकी पत्नी श्रीमती तारा देवी ताम्राकार र छोराहरू तिन र छोरी १ छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(प्रकाशकीय)

रामायणको कथा जति सुने पनि नअघाईने जति पाठ गरे पनि नपुग्ने जति हेरे पनि धीत नमर्ने। यही अनुभूतीले होला धेरै लेखक, कवि, श्रोता, द्रष्टा, पाठक, छविकार, कलाकार र फिल्म निर्माताहरू यस विषयमा झुम्मिएका। स्वर्गीय बुद्धि प्रसाद शर्मा रेग्मीको यो रचना पनि रामायणीय आकर्षण शक्तिकै प्रतिफल हो। नेपालको दृहत गहन संस्कृतिका राममय फाँटहरूलाई प्रस्तुत रामायणले आफ्नै ढङ्गमा शोभनीय पार्ने निश्चित छ।

नेपाली भाषामा सन् १८५३ अधि भानुभक्तले रामायणलाई उतारे पछि संस्कृत भाषा नजान्नेका लागि एउटा अनमोल ज्ञान–भक्ति अवशर मिलेको हो। मीठो लयमा रामायण गाउने लब कुश परे मेची र महाँकाली नदी बीच हिमाल–पर्वत–तराईका बस्तीमा अद्यावधी छदैछ। आदिकवि पछिको पुगमा कति ज्ञात अज्ञात रचनाकारहरूले भानुभक्तीय शैलीमा कलम चलाए। तिनका क्षिर्जनामा आ–आफ्नै मौलिकार एवं नवीनता नभएको पनि होइन। स्वर्गीय बुद्धि प्रसाद शर्मा रेग्मीको यो रामायणलाई पनि यसै दिशाको एक नयाँ पाइलो मानी प्रकाशित गरिएको छ। पाठकहरूबाट यसको स्वागत हुनेछ।

नेपाली भाषाका विविध ग्रन्थ भण्डारमा आजदेखि यो थपिएको छ। यसको कुन र कस्तो स्थान रहनेहो त्यसको किटान पुस्तक पारखीहरूले गर्ने हो।

जीवनकालमै आफ्ना रचना छपाउने लेखकको जमर्को सफल नभएको अनुभव यस प्रकाशकले यौवनावस्थामा नै प्रत्यक्ष अनुभव गरेको हो। स्वर्गीय बुद्धि प्रसाद शर्मा रेग्मीले प्रकाशक खोजि हिडेको तर नभेट्टाएको दृश्य हेर्दा यस प्रकाशकलाई दुःख लाग्थ्यो। पुस्तक छाप्न पाए कति राम्रो हुन्थ्यो भन्ने भावना त्यस बेला ममा उठ्थ्यो पनि। कालान्तरमा भगवानको आर्शीर्वादले प्रकाशनको आर्थिक भार बोक्ने क्षमता ममा आयो र यो भन्न म बुद्धि प्रसाद बाजे कहाँ पुगें। त्यसवेला रोगले थालिनु भएका लेखकले छाप्ने स्वीकृति दिनु भयो। पुस्तक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रेसमा हुँदै उहाँ बित्नु भयो। पुस्तक छापेर उहाँलाईनै लौ "बाजे रामायण" भन्ने मेरो धोको अधूरै रहयो। तर पुस्तक र यसको प्रकाशनबाट भविष्य पर्यन्त पाठकहरू प्रेरित भइरहने र रामायण–पाठको अत्रशर सरल रूपमा मिलिनै रहने कुरामा भने अपूर्णता नहुने भएको छ।

लेखकको आशय र भावना अनुरूप पाण्डुलिपीमा भएकै रूपमा पुस्तक प्रकाशित गरिएको छ। यसैले ठाउँ ठाउँमा प्रकाशनका सामान्य प्रचलन भन्दा केही फरकपन देखिन सक्छ। होश गर्दा गर्दै पनि छाप्ने क्रममा केही अशुद्धिलाई हटाउन सकिएन / यसले पाठकलाई टोक्ला, बिझाउला र पोल्ला पनि। प्रकाशनमा प्रथम जमर्को हो भनी पाठकबाटयी त्रुटीका लागि क्षमा माग्छु। सो मिल्ने विश्वास लिएको छु। यसमा पाठकको सहानुभूति र विवेकको अपेक्षा गरिएको छ।

पुस्तक प्रकाशनमा प्रूफ हेरेर लेखकका साहिला छोरा मुकुन्द रेग्मीले सहयोग पु-याउनु भएकोमा आभार व्यक्त गर्न चाहन्छु। प्रकाशन क्रममा सहयोग पु-याउने अन्य सबै प्रती म कृतज्ञ छु।

कार्तिक २०५०

प्रकाशक

भाई राजा ताम्राकार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बिषय सूची

क्र. सं.	बिषय	पृष्ठ
१.	बालकाण्ड	१
२.	अयोध्या काण्ड	४२
३.	अरण्य काण्ड	१०८
४.	किष्किन्धा काण्ड	१५५
५.	सुन्दर काण्ड	२०८
६.	युद्ध काण्ड	२६०
७.	उत्तर काण्ड	४३८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१) सन्दर्भ

श्री रामायण

बालकाण्ड

श्री गणेशायनमः । श्री सरस्वत्यै नमः । श्री ६ गुरुचरणाभ्यां नमः । श्री रामाय नमः मङ्गलात्रा ग, श्री महादेवबाट पार्वतीलाई श्री रामायण प्रारम्भ ।

रामका भक्त श्री राम रामका भक्त श्री शिव
दुवैको पाउमा पर्छु शान्तिले ढाकियोस् सब ॥१॥

सृष्टि, स्थिति, प्रलयका कारणै रघुनाथ हुन्
सच्चिदानन्द रूपात्मा राम चन्द्र भलो गरून् ॥२॥

रामलाई नमस्कार गरेर पाउमा शिर–
राखेर रामको नाम जप्न पाऊं निरन्तर ॥३॥

श्री नारायणले साक्षात् ब्रह्माको प्रार्थना सुनी
पृथ्वीको भार हर्ने छु लिई मानिसको जुनी ॥४॥

आज्ञा पालनको निंति पृथ्वीमा सूर्य वंशमा
अवतार लिई मारी–वक्स्यो रावण युद्धमा ॥५॥

संसारमा ठूलो कीर्ति राख्नु भो दुःख नाशने
रामको भज्दछु नाम भवबाट छुटाउने ॥६॥

कुनै दिन प्रभो ! स्वामी ! श्री शिवलाई पार्वती
राम कीर्ति सुनौं नाथ इच्छा छ भन्दछिन् सती ॥७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पार्वतीको सुनी विन्ती मर्जी हुन्छ सदाशिव
पार्वती ! सुन "अध्यात्म, रामायण" भलो अब ।।८।।

काय, कर्म सबै भ्रष्ट पापमा हुन्छ तत्पर
अर्काको धन, पत्नीमा दिन्छ चित्त निरन्तर ।।९।।

ब्राह्मण, पितृ, आमाको हत्या पनि त गर्दछ
साधु, सज्जनको काम-मा विघ्नमात्र पार्दछ ।।१०।।

त्यस्तो पापी पनी "राम" यदि जप्दछ त्यो भने
पूजा, पाठ गरे नित्य योगीको पद पाउने ।।११।।

रामको नामले "यै" "नै" गर्छ भन्न छ मुश्कल
जे पनि गर्न सक्ने त "राम" नाम छ केवल ।।१२।।

योगीहरू पनी जस्को मनन ध्यान चिन्तन
जप्दछन् रामको नाम भने के खोज्दछौ मन ?।।१३।।

रामको नामले सारासंसार भव बन्धन
काटेर मुक्त त्यो हुन्छ भने बाँकि रह्यो कुन ? ।।१४।।

जानेर काम जो गर्छ सच्चा त्यै फल पाउँछ
नजानेर गरे काम विघ्नै पनि सक्तछ ।।१५।।

तर श्री रामको नाम नजानेरै जपे पनी
उल्टो सुल्टो "मरा, राम" फल पाउँछ त्यो पनी ।।१६।।

(२) सन्दर्भ

श्री नारायणबाट ब्रह्माको माग पूरा, सारा
देवता वानरको रूपमा पृथ्वीमा जन्मे
पापको भारले गर्दा सहनै नसकी धरा
देवर्षि, मुनिका साथ गाईको रूपमा वरा ।।१।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्माको साम्मा विन्ती अश्रुधारा बगाउँदै
"प्रभो ! शरण पाऊँ म" घुक्क घुक्क गरी रूँदै ।।२।।

"उद्धार गर्नु होस् नाथ ! प्रार्थना सुनिबक्सियोस्
के गरी बाँच्न सक्छु म ? उपाय गरि बक्सियोस् ।।३।।

देवता साथ पृथ्वीको माग उचित हो सब
ब्रह्माको मनले ठान्यो गर्नू पर्दछ के अब ।।४।।

नसक्दा आफुले काम ब्रह्माले ध्यान गर्नु भो
पृथ्वीको मागको निति ब्रह्माजी अघि लाग्नु भो ।।५।।

देवता साथ पृथ्वी ती ब्रह्माको पछि लाग्दछिन्
समुद्र तीरमा पुग्दा के होला भनि ठान्दछिन् ।।६।।

चारोटा वेदका मन्त्र ब्रह्माका मुख चारले
ठीक स्वर विधानैले नियमोचित सारले ।।७।।

हात जोडेर ब्रह्माले वेदको मन्त्रले स्तुति
ब्रह्माजीकै त भाषाले स्तुति गर्नु भयो कति ।।८।।

सबै टुलु टुलु हेर्छन् स्तुति ती सुन्दछन् पनि
सुन्दा मुग्ध भए सारा स्तुति न टुंगिदै अनि ।।९।।

नील माणिक्कको रङ्ग तेजको पुञ्ज निस्कियो
ब्रह्माजीका खुले आँखा उज्यालो मुख देखियो ।।१०।।

को हेर्न सक्दछन् तेज देख्छन् ब्रह्माजी केवल
तेजको भित्र साक्षत् श्री नारायण अरु जल ।।११।।

भए गद् गद् ब्रह्माजी झल्झलाकार तेजको
मूर्ति देख्दा भए दङ्ग साक्षात् श्री जगदीशको ।।१२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विशाल शिरको माथि किरीट अति उज्ज्वल
केशका लुंगुरा राम्रा तेजोमय छ केवल ॥१३॥

बीच निधारमा ठाडो टीका किरीट सम्म छ
आँखिभ्युं तेजिला काला आकार धनुको त छ ॥१४॥

तेजिला लाम्चिला नेत्र तिर्मिर्न्याउँछ कुराऽल
रातो ओठ छ मुस्कान प्रसन्न मुख सराऽत्र ॥१५॥

लामो घाँटी छ छर्लङ्ग रेखा तीन बराबर
ठूला लामा चतुर्बाहु ठूलो छाती छ सुन्दर ॥१६॥

पीत धोती उपर्नाले स्वरूप अति शोभित
शङ्ख, चक्र, गदा, पद्म वन माला विभूषित ॥१७॥

कौस्तुभ मणि, श्रीवत्स मोती झल्कन्छ झल्झल
श्याम सुन्दर सर्वाङ्ग दर्शनीय मनोहर ॥१८॥

प्रणाम दण्डवत् साथ विष्णुको गरि दर्शन
ब्रह्माले स्तुतिकासाथ गर्नु भो हरि कीर्तन ॥१९॥

कर्मको त कुरै छैन बुद्धि भन्दा पनी पर
प्रभो ! दर्शन पाइन्छ ज्ञानले मात्र केवल ॥२०॥

स्वामी ! हजूरको रूप इन्द्रियादि अगोचर
योगीले मात्र पाउँछन् माया भन्दा पनी पर ॥२१॥

सारा ब्रह्माण्डमा एक प्रभुमा विश्व पर्दछ
अज्ञानको परी फेला पाङग्रो झैं घुम्न पर्दछ ॥२२॥

आयौं शरणमा पर्न उद्धार गरि बक्सियोस्
स्वार्थी छौं तै पनी ईश ! हामी माथी दया रहोस् ॥२३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रार्थना सुनि ब्रह्माको आज्ञा भो जगदीशले
"मैले गर्नु छ के काम ? आएको कति कामले" ? ॥२४॥

हात जोडेर ब्रह्माले भने रावणका कुरा
वर छ नर वाहेक मार्न सक्तैन क्वै जरा ॥२५॥

दाजु कुवेरको लङ्का पुष्प विमान नै हन्यो
अष्ट दिक्पालनै हारे त्रिलोक विजयी भयो ॥२६॥

देवता थर्थरी काँप्छन् नाम रावणको सुने
ऋषि, मुनि निकै मान्यो सक्तैनन् टिक्न क्वै भने ॥२७॥

आज्ञा भो विष्णुले ब्रह्मन् ! भन्दछु अघिका कुरा
नगर्नोस् पीर नाश्नेछु आसुरी कर्मका जरा ॥२८॥

विधान विधिका साथ तप कश्यपले गरे
"वर माग तिमी" भन्दा प्रार्थना तिनले गरे ॥२९॥

"ईश खुसी भई क्वसे पाउँछु वरदान म,
भने हे भगवन् ! मेरा प्रभुनै पुत्र पाउँ म ॥३०॥

भन्दा "हुन्छ" भनें मैले "उनकै पुत्र रूपमा
चार अंश भई जन्म लिनेछु नर रूपमा ॥३१॥

ऊ नै कश्यप ती ऐले अयोध्या राजधानिको
राज पाठ चलेको छ दशरथ नरेशको ॥३२॥

उनका तीन रानी छन् कौसल्या रानीबाट 'म'
अरू रानीहरूबाट तीन भाइ समेत 'म' ॥३३॥

जनक राजकी पुत्री योगमाया उतातिर
अनि भार हरूँला म मान्नु पर्दैन क्वै डर ॥३४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुरा भनेर श्री विष्णु अन्तर्ध्यान हुनु भयो
ब्रह्माजीले सबै साम्ु देवलाई सुनाइ यो ।।३५।।
"आ-आफ्नु अंशमा जन्म लिनु वानर रूपमा
सहाय विष्णुको गर्नू भक्ति राखेर ईशमा" ।।३६।।
सम्झाई पृथिवीलाई ब्रह्माजी पनि जानु भो
देवता, ऋषि साराको मन ज्यादा प्रसन्न भो ।।३७।।
देवताहरू सारा नै वानर भइ जन्मिए
खुसी भएर पृथ्वीमा भगवान्‌लाई पर्खिए ।।३८।।

(३) सन्दर्भ

श्री महादेव पार्वतीलाई आज्ञा हुन्छ ।
पुत्रेष्टि यज्ञ, देव ऋषिको स्थिति

नहुँदा पुत्र कौशल्या राजा दशरथै पनी
यदि टुट्छ भने वंश के काम नरको जुनी ।।१।।
राज काज सबै टण्टा ठांडा हुन् सब सम्पति
काम काज भए लण्ठा हुने छ पछि के गति ।।२।।
जीत सारा भयो बोझा सम्बन्ध सब झण्झट
उन्नति सब भोस्सिए हाम्रो छौं सबका विट ।।३।।
अपुताको सबै काम जन्मनै पनि व्यर्थ छ
न भए भोलिको आश सित्तै नै बाँच्नु मात्र छ ।।४।।
कुमाल कोटिको कीरो थुनिई सम्झदा पछि
कुमाल कोटि नै जस्तै हुन्छ पुत्र अनि पछि ।।५।।
चासो नै नहुँदा छोरो पाउने कति छन् कति
सन्तानको मरी इच्छा पाउने पुत्र छन् कति ।।६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छोरा छोरी हुँदा दिक्क एक पुत्र हुने कति
गर्दा रहर छोरीको छोरी नै नहुने कति ।।७।।

छोरी मात्र हुने फेरि छोरा नै न हुने कति
छोरा मात्र हुने ज्यादा छोरी नपाउने कति ।।८।।

छोरा र छोरीको संख्या वरावर हुने कति
गर्दा सन्तानको इच्छा सन्तानै न हुने कति ।।९।।

सबै सन्तान हुन् वेश आ-आफना भन्दछन् सव
निन्द्य आचारले गर्दा जन्मन्छन् दुष्ट नै खुव ।।१०।।

बीर सन्तानको इच्छा गर्ने छन् त गुणी कति
ऋषि छोरो हुनू वेश महात्मा सन्तको गति ।।११।।

त्यस्तै मुनि, धनी विद्वान् पुत्रको नितिमा तप
गर्दछन् पाउँछन् पुत्र जस्तो ती गर्दछन् जप ।।१२।।

यज्ञ, दान हुने सम्म पूजा, पाठ सके जति
तन्त्र, मन्त्र, वूटी बाँधे सुनी जाने गरे कति ।।१३।।

सुत्ता, हिंड्दा, कतै जाँदा पुत्रको मात्र चिन्तन
गर्न थाले दिई चित्त पूर्ण मानव पाउन ।।१४।।

आखीर हार खाएर न लाग्दा भइ आजित
गुरु वशिष्टमा विन्ती गर्छन् राजा यथोचित ।।१५।।

"छोरा छैनन् भने राज्य पछिको आश के भयो ?
विश्वको रथमा चढ्नू – भने जस्तो भई सक्यो ।।१६।।

छोराको साथ यो राज्य गरेर घरमा बसूं
लिई सन्यासलाई नै किता म वनमा पसूं ।।१७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजन् ! हजुरका चार पुत्र हुन्छन् अवश्य ल
सबै भन्दा वीर, राम्रा ख्यातिवान् तो निरन्तर ।।१८।।

विभाण्ड ऋषिका पुत्र शान्ता पति तपोधन
ऋष्य शृङ्गति हुन् राजन् ! चिन्नुहोस्न दिई मन ।।१९।।

हाम्रा साथ महाराज ! पुत्रेष्टि यज्ञ गर्नु होस्
झूठो होइन हे राजन् ! मनमा शान्ति भर्नु होस् ।।२०।।

विधिवत् गरी सङ्कल्प अग्निमा चरु होमियो
हातमा खीर बोकेका आगाको रूप देखियो ।।२१।।

लङ्कामा देव देवीको मुखमा पसिना फुट्यो
शान्ति स्वस्ति गर्नू पर्ने राजा रावणले गर्‍यो ।।२२।।

यज्ञ गर्दा थियो आश राजाले देखि पायस
दुइटै ऋषिको पाउ ढोगा राजा भए खुस ।।२३।।

कौसल्या अनि कैकेयीलाइ आधा गरी खिर
बाँड्दा आइन् सुमित्राले "प्रसाद, बक्सियोस् खिर ।।२४।।

दुइटैले गरी आधा आधा आधादिए खीर
सुमित्रालाई आखीर पूरा आधा मिल्यो खिर ।।२५।।

भए गर्भवती तीनै राजा रानी भए खुसी
मनोरथ भयो पूर्ण फरक्क दिन फर्किए ।।२६।।

देवताहरू सर्वत्र काना खुसी गरी कुरा
गर्दछन् लुक्तछन् हेरी भाग्दछन् के गरून् वरा ।।२७।।

भोज, भोग कतै छैन दुर्भिक्ष छ सदा भय
ओठ, मुख शुकेका ती भन्छन् "होला कदा जय" ।।२८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऋषि आश्रममा तेस्तै विघ्न वाधा छ भीषण
मिलेर ताटका गर्छन् रवर, त्रिशिर, दूषण ॥२९॥

सुन्छे दूतहरू द्वरा ऋषि र मुनिका कुरा
खोजी शुर्पणखा छिद्र टाउको पार्दछे चिरा ॥३०॥

(४) श्री रामावतार

श्री महादेव पार्वती लाइ आज्ञा हुन्छ

उँचा पर्वतमा शेता फुली गुरास टम्म छन्
राता गुरास ती वद्ता फुली डाढा ढकाउँछन् ॥१॥

खुर्पानी, सुन्तला, आरु, नास्पाती, भगटे पख
तँ भन्दा के कमी भन्दै फुल्दैछन् फलका रुख ॥२॥

मौरी र भ्रमरा लोभी फूलमा टम्म टम्म छन्
अर्काका धनमा पौड्न मौका किन गुमाउंछन् ॥३॥

मेवा फलेर "लौ खाउ" भनी छती फुकाउंछ
फल्ने आंप फुली सक्छ ऊ झुक्ने दाउ गर्गछ ॥४॥

न फल्नेजति छन् आंप राता कल्की ती भिर्दछन्
अर्को बर्ष तिमीलाई म पालो दिन्छु भन्दछन् ॥५॥

अमीला फलका रुख उछिना उछिनी सव
फुली हाँसी खुसी हुन्छन्मर्यादा क्रममा सव ॥६॥

सुगन्धी फूलको हावा पुतली फूल जस्ति छ
पुतली फूलमा बस्दा फूलको फूल बन्दछ ॥७॥

वर्षामा पानीमा न्वाई दायां वायां सफा गरी
शरदमा चन्द्रमालाई छातीमा राखि राम्ररी ॥८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हिम पात सही फेरि शिशिरमा रमाउदि
सफा निर्मल राम्री छन् सानी छन् विचरा नदी ॥९॥

फागु खेलाइ रङ्गचाई झुक्चाई फागुनै गयो
उद्धारको लिई जिम्मा जे गर्नु चैत्रले गऱ्यो ॥१०॥

चरा चुरुङ्ले सारा भाका फेरे निकै थरी
झाङमा लुकि "को" भन्छ वनै थर्काउने गरी ॥११॥

सबै यो ईशको इच्छा अन्यथा हुन पाउछ ?
तर भक्त जसो भन्छ ईश्वर त्यहि गर्दछ ॥१२॥

कौसल्याको गर्भबाट उदायो ज्योतिअद्भूत
भौतिकान्धार नासेर आफू आन्फै हुने मित ॥१३॥

आकाशे रङको गाथ दर्शनीय मनोहर
शङ्ख, चक्र, गदा, पद्म सहित चार छन् कर ॥१४॥

देदीप्यमान ज्योति छ झल्झलाकार कुण्डल
पीताम्वर पहीरेका कीरीठ अति उज्वल ॥१५॥

गलामावैजयन्तीको मालाले छ सुशोभित
श्रीवत्स चिन्ह छातीमा देखिने छ खतो खत ॥१६॥

नील कमलको पात जस्तो छ नेत्र टलपल
सलक्क लाम्चिलो नाक पुष्ट गाला दुबै तिर ॥१७॥

ओठ रातो छ मुस्कान भित्र छन् कित चन्द्रमा
कालो घुंगर्को लत्रेको राम्रो केश छ माथमा ॥१८॥

श्री नारायण देखेर कौसल्या भइ गद् गद
दुइटै हात जोडेर गर्न थालिन् स्तुति खुद ॥१९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निरञ्जन! निराकार! वेद गायन गर्दछ
सच्चिदानन्द रूपात्मा योगीको योग भन्दछ ॥२०॥

यीपृथ्वी मात्र मा छो र त्यत्रो आकाशमा कति
गृह, नक्षत्र, तारा छन् साराका प्रभु नै पति ॥२१॥

यति मात्र प्रभो हैन ब्रह्माराड भरका कण–
कणमा ईश नै टम्म प्रभुमा टन्न छन् कण ॥२२॥

सुने जस्तो पनी गर्ने सुन्न बाँकि छ के कुरा ?
हिंडे जस्तो पनी लाग्ने ठाउँ बाँकि छ कैं खडा ॥२३॥

गरे जस्तो भान पर्छ गर्ने काम कुनै छ र ?
कर्ता, कर्म दुवै ईश गरेर गरिने छ र ? ॥२४॥

के गरें प्रभु लौ मैले पाए के गरि दर्शन
कस्तो भाग्य अहो मेरो कस्तो यो आजको दिन ॥२५॥

मनले नै न पाईने नत्त पाइन्छ बुद्धिले
त्यस्ता ईश्वरलाई नै देख्न पाए यी नेत्रले ॥२६॥

त्यस्तालाई काख राखी खेलाई गरि चुम्बन
अङ्कमाल गरी बोकी हिड्न पाए त के झन ॥२७॥

स्तन पान गराएर तेल घसेर दिन्दिनं
स्नान गराउनै पाए धित मिट्य्यो कति झन् ॥२८॥

"पति पत्नी दुवैलेनै अघिल्ला जन्ममा तप
गर्दा दुःख पर्‍यो धेरै एक चित्त गरी जप ॥२९॥

गर्दा खुसी भई मैले "वर के माग्दछौ" भनें
"प्रभु नै पुत्र पाऔंन" भन्दा हुन्छ पनी भनें ॥३०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनि पुत्र भई जन्मे बुझैं इच्छातपाइको
आमा बालक भै हाले जस्तै नानि मनुष्यको" ॥३१॥

इन्द्रनील मणि जस्ता श्याम सुन्दर बालक
तैपनि पार्वति! जान सारा बृह्माण्ड पालक ॥३२॥

प्रचारले उनि खेरै देश देशान्तरै सब
डावयो बुझ्यो ? यथा सक्य मनाए जन्म उत्सव ॥३३॥

राजाको मनमा हर्ष न अटाई यता जब
फुटेर छरिदा हर्ष डाकिए देवता सब॥३४॥

वशिष्ठ ऋष्य भृङ्गीको विज्ञान कामको कुरो
उसै किन झुठो हुन्थ्यो काम काज सबै दरो ॥३५॥

त्रिकूटाचल हल्लियो ज्वाला मुखी फुट्यो उता
लङ्का वासीहरू निस्के मैदान पर्छ लौ जता ॥३६॥

आलोक ज्योति पैदा भो नवमी चैत्र शुक्लमा
राजा रावणको खड्ग ढर्‍यो तेसै जमीनमा ॥३७॥

पाचै गृह सबै ऊचा कुनै छन् मित्रका गृह
नवै गृह सबै राम्रा स्वागृही छन् कुनै गृह ॥३८॥

"रमन्ते योगिनो यस्मिन्" राम नाम बडो भलो
वशिष्ठ ऋषिले राखे माथिल्लो मोक्षको थलो ॥३९॥

कैकेयीका महाबाहु पुत्र भरत जन्मिए
सुमित्राका ठूला वीर छोरा लक्ष्मणजन्मिए ॥४०॥

कान्छा शत्रुघ्न हुन् जन्मे चारै पुत्र विलक्षण
"यसैहोला" भनी भन्न को भन्न सक्छ लक्षण॥४१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनि पुत्र भई जन्मे बुझें इच्छा तपाइको
आमा बालक भै हालें जस्तै नानि मनुष्यको" ॥३१॥
इन्द्रनीलमणि जस्ता श्याम सुन्दर बालक
तैपनि पार्वति ! जान सारा ब्रह्माण्ड पालक ॥३२॥
प्रचारले उल्लिखेरै देश देशान्तरै सव
ढाक्यो बुझ्यो ? यथासक्य मनाए जन्म उत्सव ॥३३॥
राजाको मनमा हर्ष न अटाई यता जव
फुटेर छरिदा हर्ष ढाकिए देवता सव ॥३४॥
वशिष्ठ, ऋष्य शृङ्गैको विज्ञान कामको कुरो
उसै किन झुठो हुन्थ्यो काम काज सव दरो ॥३५॥
त्रिकूटाचल हल्लियो ज्वालामुखी फुट्यो उता
लङ्कावासीहरू निस्के मैदान पर्छ लौ जता ॥३६॥
आलोकको ज्योमि पैदा भो नवमी चैत्र शुक्लमा
राजा रावणको खड्ग ढल्यो तेसै जमीनमा ॥३७॥
पाँचै ग्रह सबै ऊचा कुनै छन् मित्रका गृह
नवै ग्रह सबै राम्रा स्वगृही छन् कुनै ग्रह ॥३८॥
"रमन्ते योगिनो यस्मिन्" राम नाम वडो भलो
वशिष्ठ ऋषिले राखे माथिल्लो मोक्षको थलो ॥३९॥
कैकेयीका महावाहु पुत्र भरत जन्मिए
सुमित्राका ठुला वीर छोरा लक्ष्मण जन्मिए ॥४०॥
कान्छा शत्रुघ्न हुन् जन्से चारै पुत्र विलक्षण
"यसै होला" भनी भन्न को भन्न सक्छ लक्षण ॥४१॥
वैदिक बिधिले राम्रो जात कर्म सबै गरे
यथार्थ नाम चारैको राखी वशिष्ठले तुरे ॥४२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्माका मुख जस्तै छन् चार वेद समान छन्
विष्णुका हात जस्तै छन् युग चार समान छन् ।।४३।।
चार आश्रम छन् चार जात, प्रहर चार छन्
राजाका पुत्र छन् चार दिशा चार समान छन् ।।४४।।

सन्दर्भः— वाल क्रीडा

श्री महादेव पार्वतीलाई आज्ञा हुन्छ ।

भन्न नसकिने राम्रो माथ निधार पोटिलो
प्रफुल्ल लाम्चिला नेत्र शङ्ख आकारको गलो ।।१।।
सलक्क आँखिभ्यूं काला धनु जस्तो छ देखिने
सुलुक्क नाक राम्रो छ नाके डांडो भने हुने ।।२।।
अधित्यका भने जस्ता गालाका दुइ पाटले
आँपको गजुरा माथ गर्दछन् रक्त ओठले ।।३।।
"सत्यं, शिवं, सुन्दरम्" झैं रेखा छ तीन घाँटिमा
संसार थाम्दछन् कि क्या न हुन् किन काँधमा ।।४।।
लामा हात घुंगा लाग्ने उत्तरायण, दक्षिण
सूर्यका अयनै जस्ता हातका शुभ लक्षण ।।५।।
हर्थुङ्गो फूलको थुङ्गो टुङ्गो लाउँछ शीपको
हत्केलो ऊर्ध्व रेखाले सूचना दिन्छ भाग्यको ।।६।।
छाती पर्वतको फेद टार जस्तो यथोचित
काम गर्दछ जो जस्तो दिने ज्यादा खुसी सित ।।७।।
कम्मर सिंहको जस्तो सानो छ अति सुन्दर
गर्जना अरुको सुन्दा आँखा हेर्दछ मास्तिर ।।८।।
विशेषज्ञ सबै भन्छन् पूर्ण मानवको गुण
अङ्ग, प्रत्यङ्ग सारामा छन् सबै शुभ लक्षण ।।९।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

झिमिक्क नगरी हेरी बाहु, पाउ छटचाट् छुटुक्
मुसुक्क कहिले हाँसी बोल्छन् जस्ता पटचाक् पुटुक् ॥१०॥
पुर्लुङ्ग पल्टने टाम सर्ने घुम्ने यता उता
देख्दा लिउँ लिऊँ लाग्ने छोड्नै सक्तैन कोहिता ॥११॥
यस्तै प्रकारले गर्दा दिन बित्दै गए कति
बढ्दै जानु भयो "राम" ब्रह्माण्ड भरका पति ॥१२॥
दौडने ती झकुण्डो लि चाकलो पाइं पाइं लौ
दण्डी, बीयो लिई खेल्ने छेको हान्ने कतै ती लौ ॥१३॥
बाछाका दौडमा दौडी, उफ्रिदा पाछि लागने
धुस्रो, फुस्रो हुने हिलो माटो खेली रमाउने ॥१४॥
राजा भोजनका वेला,- आ आओ नानि भन्दथे
आएर मुखमा एक गांस ली सब भाग्दथे ॥१५॥
खेल्दा खेल्दै भोक लाग्दा आइ खाने कुरा सब
झिकी बांड्दा पोखिएको कौसल्या देख्दथिन् जब ॥१६॥
खाना लिई भाग्दथे ती कौसल्या पछि लाग्दथिन्
समात्ता रुन लाग्थे ती "यसो नगर" भन्दथिन् ॥१७॥
छुक्चुके चुल्बुले बाल-लीलाले घरका सब
कौसल्याले काम, काज छोडि दिन् के गरुन् ?अब ॥१८॥
तँ छाड् म छाड् गरी दौड देख्दा ती राज दम्पती
मन आत्तेर ती भन्थे जे होला दैवको गति ॥१९॥
बाघको चर्मको मूर्ति गैंडा, हात्ती र भालुको
छालाका मूर्तिका माथि चढ्थे ती मृग चर्मको ॥२०॥
तान्दथे मूर्तिलाई ती पालै पालो गरी सब
ढुङ्गो सम्म पुर्याएर भन्थे "तान तिमी अब ॥२१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खेलौना धनु लिएर (बोकेर) शिकार पनि खेल्दथे
खेलौना मृग पक्षीका पछि लागेर खेद्दथे ।।२२।।

बछेडा चढि दौडेर "म पैला, पौडमा तिमी
लक्ष्मण छेकमा पैला भन्दथे, उफ्रदा तिमी ।।२३।।

पक्षी र पशुको मूर्ति बनाइ रङ भर्दथें
नदी, पर्वत मालाको चित्रमा ती उतार्दथे ।।२४।।

जतेलीं रातको चित्र लेख्दथे हिमका चुली
पार्वती शिवको चित्र लेख्दथे ती सरासरी ।।२५।।

परस्पर चित्र लेख्थे एकले तीन भाइको
ती नै हेरेर ती भन्थे राम्रो त रामचन्द्रको ।।२६।।

तीनै रानी र राजाको चित्र लेख्थे परस्पर
हेरी दर्वारिया भन्थे "धन्य श्रीरामको कर ।।२७।।

(७) सन्दर्भ

श्री नारद र राजा जनक

राजा जनकले यज्ञ गर्न भूमि सजाउन
हलो चलाउंदा कन्या देख्दा थाले रमाउन ।।१।।

आकाशबाट वर्षा भो वि भन्न थरिका फुल
चिन्नै न सकिने फूल चांडै नं ढाकियो थल ।।२।।

ती कन्यालाइ राजाले उठाई दुइ हातले
दर्वार नपुगे सम्म छोडेन पुष्प वृष्टिले ।।३।।

घटना जसले देखे आश्चर्य ती भए सबै
सुन्नै सम्म पनी कैल्यै नसुनेको कुरा कबै ।।४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुंदा आश्चर्य बाहेक विकल्प अरू के छ र
जनक राज्यमा किन्तु शुभ मात्र छ केवल ।।५।।
ती कन्यालाइ रानीले देख्दा नै के भयो किन ?
माया लागेर नानीको गरिन् पालन पोषण ।।६।।
जोत्दा पल्टिइदा माटो हलोको अग्र भागले
पल्टयाएकी हुनाले नै "सीता" भो नाम जन्मले ।।७।।
उनैकी ऊर्मिला छोरी भाइकी दुइ माण्डवी
श्रुतकीर्ति हुंदा चार सबैको उत्तिकै खुबी ।।८।।
दिन वित्तै गयो सीतालाई देख्ने कुनै पनि
मानिस छक्क नै पर्थे मूर्ख, विदुष जो पनि ।।९।।
कस्तो कपाल लामो छ टुप्पो सम्म छ एउटै
निदार, आंखिभ्यूं नेत्र गाला पोटलियो छिटै ।।१०।।
ओठ मधुर मुस्कान मुख मण्डल धप्धप
पगलेको सुन झैं देह कस्तो छ हातमा शिप ।।११।।
देख्दा नारी (कन्या) थिइन् सीता तल लक्षणले भने
महाकाली, महालक्ष्मी सरस्वती भने हुने ।।१२।।
चाकली पाइ खेल्दा त चारौटो वहिनी दिदी
भन्दछन् आफु आफूमा हात फुस्कयो भने यदि ।।१३।।
साथमा वहिनी तीन सगिनी संग खेल्दछिन्
भकुण्डो छिट् छिटो चल्दा ऊर्मिला पछि लाग्दछिन् ।।१४।।
"ऊर्मिला झट्ट आऊ है भनी सीता कराउंदा
माण्डवी, श्रुतकीर्ति नै आइपुग्छन् छिटै तदा ।।१५।।
"वहिनी हो उता हेर" औंल्याई भन्नु भो खुद
"नारायण" भनी उड्दै ओर्लन बस्यो नि नारद ।।१६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऋषि नारदको पाउ- मा परी दण्डवत् गरी
राजा जनक जी भन्छन् "मेरा घर दया गरी ॥१७॥
पवित्र पारि बक्सियो छरी चरणको धुलो
उसै दर्शन पाइन्छ ? धन्य रहेछ तुर्पुरो ॥१८॥
ऊचो आसनमा राखी पिई चरणको जल
मधु पर्क र पाद्यार्घ्य चढाइ दुइटा कर– ॥१९॥
जोडेर गर्नु पर्ने क्यै भए आदेश पाउं म
वाक्यै पिच्छे ऋषे ! राम्रो ज्ञान पाइन्छ उत्तम ॥२०॥
वीणा ठाडो गरी राखी "नारायण" भनी कन
राजन् ! हजूरको भाग्य मैले के गर्नु वर्णन ॥२१॥
रावण, कुम्भकर्णादि सारा राक्षस कत्तल
पार्न श्री विष्णु श्रीराम पाल्नु भो पृथिवी तल ॥२२॥
सीता जनकको (हजूरकी) छोरी योग माया र राम भै
दुवैले देवको कार्य पूरा गर्छन् अवश्य नै ॥२३॥
राम ब्रह्माण्डका स्वामी ज्वाइ जनक राजका
भने जनकको भाग्य लीला यी सब रामका ॥२४॥
श्री राम विष्णु हुन् साक्षात् सीता लक्ष्मी अवश्य हुन्
सीता श्रीरामका हात सुम्पी दिनू उनैक हुन् ॥२५॥

(८) सन्दर्भः– देवताको अवस्था र आशा
श्री महादेव पार्वतीलाइ आज्ञा हुन्छ

देवताहरूका नेता अष्ट दिक्पाल इन्द्रनै
भेला भइ कुरा गर्न चांजो पांजो मिलाउनै ॥१॥
के गरेर समाचार दूत पठाउनू कुन ?
भेट्ने ठाम कहाँ भन्नू ! नपाउन् चाल क्वै जन ॥२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुन वेला मिलाएमा सुविधा पर्न आउला
कस्को छ भष माझ र देख्दा ती छन् सबै भला ॥३॥
छन् गुप्तचर सर्वत्र कस्तो रावणको कला
भेष मिल्दो गरी हिंडछन् बढ्वो गर्छन् उकै कुरा ॥४॥
"यो ता विरोधी पक्का हो" भनी रावणका कुरा
गार्दा कट्टर त्यै हुन्छ विरोधी बन्छ त्यै भला ॥५॥
आफू जस्तै विरोधी त्यो वनेर गर्छ त्यै कुरा
रावण बुझ्छ त्यो चाल पार्छ आखिर त्यो चिरा ॥६॥
कुन देव कहां जान्छ कुरा गर्दछ को सित
रावण सब त्यो बुझ्छ जान्न सक्तैन वव मत ॥७॥
भनेर आफु आफूमा भेट गर्न डराउंछन्
संयोगले हुंदा भेट बाटो छलेर हिड्दछन् ॥८॥
राक्षस देवको रूप लिई सर्वत्र छाप् छुप
देव मानवको चाल बुझ्छन् गर्दछ को तप ? ॥९॥
संयोगवश एकान्त यदि भेट भए वरा
देवता चाल मारेर लुकेर मनका कुरा— ॥१०॥
"गर्छन् श्रीरामका वार्ता भइ ववस्यो ठुला बुझ्यौ ?
हाम्रा दिन पनी आलान् दुःखान्त हुन्छ के सुन्यौ ॥११॥
उटाउनै सकेनन् रे "धनु" भन्छन् परस्पर
राम बाहेक को सक्ने ? कसैको लाग्छ के बल ॥१२॥
उता जनककी छोरी ठूली नै होइवसियो
विवाह कहिले होला ? दूतले त यसै भन्यो ॥१३॥
राम रावणको युद्ध के गरी हुन सक्तछ ?
निहूं के गरो निस्केला रावण अनि मर्दछ ॥१४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अयोध्या सरयू तीर लङ्का टापु समुद्रको
कमला पारि सीताजो पर्छ जनक धामको ।।१५।।
को !!! आउछ ? उता हेर रूपमा त्यो छ मानिस
अवश्य राक्षसै होला बनी हालौंन छत्तिस (३६) ।।१६।।

सन्दर्भ:– अध्ययन, विश्वामित्रको आगमन, तारका सुबाहुको वध

श्री महादेव पार्वतीलाइ आज्ञा हुन्छ

वशिष्ठ गुरुको पाठ चार भाइ बराबर
पढ्दथे, लेख्दथे लेख नबिराइ कुनै सुर ।।१।।
सुन्दथे शास्त्रको व्याख्या अनि व्याख्या ती गर्दथे
क्रमै संग सबै भाइ राजाका सामु बस्दथे ।।२।।
राज काज सबै सुन्थे पितृ आज्ञा भयो भने
आफनै निर्णय ती विन्ती गर्दथे न हुने हुने ।।३।।
साङ्गो पाङ्ग कला शास्त्र धनु विद्या पनी पढे
"ईश्वर सर्व व्यापी छ" षड् दर्शन सबै पढे ।।४।।
बिवादमा कुनै पक्ष, विपक्ष जे लिए पनि
युक्ति पूर्वक ती जित्थे मान्दथ्यो हार जो पनि ।।५।।
बिश्वामित्र ! ऋषे ! आज पाल्नु भो कति कामले ?
भनी स्वागत राजाले गरे बिधि विधानले ।।६।।
रामले ऋषिको पाउ-मा परी दण्डत् गरे
क्रमै संग अरू भाइ-हरूले दण्डवत् गरे ।।७।।
पर्वमा जब हे राजन् ! होमको सुरु चल्दछ
मारीच यज्ञमा विघ्न पार्न सुबाहु आउंछ ।।८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दुवैंका आडमा क्रूर राक्षस गण आउंछन्
होम गर्दा रक्त वृष्टि वारम्वार गराउंछन् ॥९॥
राक्षस गणका नेता ती दुवै मात्र हुन् त्यता
ती दुवै मार्न पाएता भाग्दथे अरूता कता ॥१०॥
योगी, ऋषि उसै आलान् माग्नको निति बुझ्नु होस्
राक्षस मार्नलाई यी राम लक्ष्मण वक्सियोस् ॥११॥
राजा खङ्गरङ्ग भै हाले ओठ, मुख सुके वरा
देह लत्रङ्ग भै हाल्यो सुनेर ऋषिका कुरा ॥१२॥
कि कर्त्तव्य भए राजा जोडेर दुइटा कर
म आफैं ऋषिको सेवा जे गरे पनि ते छु र– ॥१३॥
गरी हाल्दछु आज्ञा होस् अहिल्यै म छु तत्पर
यी जावा कलिला केटा मत मान्दिन क्यै भर ॥१४॥
विश्वामित्र गमी भन्छन् राजाको बुझि आशय
"वशिष्ठलाइ सोधेर कुराको गर्नु होस् तय" ॥१५॥
वशिष्ठको परी पाउ श्री विश्वामित्रका कुरा
भन्छन् लग्लग कांपेर "गुरो ! मन भयो चिरा ॥१६॥
राम वाहेक यो प्राण रहदैन कुनै पला
ऋषिलाई चिढ्याएमा रहन्न कुलको जरा ॥१७॥
"जे भने पनि मान्ने छु" प्रतिज्ञा पनि भै सक्यो
के गर्दा हुन्छ राम्रो त्यो वताउनू गुरो ! पऱ्यो" ॥१८॥
गुरु वशिष्ठजी भन्छन् अगिल्ला जन्मका कुरा
तपले विष्णु श्रीराम पुत्र पाउनु भो भला ॥१९॥
योग माया उता सीता छोरी जनक राजको
यता श्री बिष्णु श्रीराम काम गर्नू फुकी फुकी ॥२०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राम सीता चिनी जानी शिवको धनु भाचन
विश्वामित्र खूदै आए राम सीता मिलाउन ।।२१।।
पृथ्वीको भार हर्नू छ राम सीता दुवै मिली
देवको काम गर्नू छ रामले कतिका थरी ।।२२।।
राम, लक्ष्मण वक्स्योस्न नगरी कन क्यै ढिलो
सारा संसारको राजन् ! हुने छ वहुतै भलो ।।२३।।
वशिष्ठ ऋषिको खास राजाले बुझि आशय
राम, लक्ष्मण सुम्पेमा हुनेछ यिनकै जय ।।२४।।
बुझेर रामको जन्म गरेनन् वेर सुम्पन
राम, लक्ष्मणलाइ ली गए असुर (राक्षस) नाशन ।।२५।।
"बला अति बला" मन्त्र थकाई भोक नाशने
ऋषि बाट सुनी मन्त्र हृष्ट, पुष्ट सधैं हुने ।।२६।।
अनि गङ्गा तरी पारी ताटका वनमा पसे
धनु टङ्कारको शब्द ताटका कानमा घुसे ।।२७।।
मानेर ऋषिको आज्ञा खान आएकी ताटका-
लाई मारेर श्रीराम हुनु भो ऋषिका निका ।।२८।।
रहस्य शस्त्रको भेद अस्त्र जे जति छन् सब
शस्त्रास्त्रज्ञ उनैबाट पाई राघवले खुब ।।२९।।
काम आश्रममा फेरि ऋषि, मुनिहरू जन-
सित राम्रो भयो वार्ता शुभ एक वसी दिन ।।३०।।
बाटामा पर्वत श्रेणी, ऋषि आश्रम सुन्दर वर्णन
भीर, झर्ना, लता, वृक्ष फुलेका छन् तिमी सुन ।।३१।।
हेर्दै जांदा पुगी वक्स्यो देखी हाड र खप्पर
राक्षसी कामका चीना थिए धार्मिकका शिर ।।३२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सिद्धाश्रम पुगी काम थालिदा शुभ यज्ञका
मारीच विघ्नको कर्ता फौज आए सुवाहुका ।।३३।।

खुत्रुक्क भइ हाल्यो त्यो सुवाहु रामको वाणले
मारीच पनि के टिक्थ्यो हुत्तियो अति जोडले ।।३४।।

घमासान भयो युद्ध मुछियो ठाम रक्तले
अनुयायी सबै नाश भए लक्ष्मण वाणले ।।३५।।

पाकेका फल खाएर इतिहास सुनी मिठो
तीन दिन विती हाल्यो (हाले) निमोठी विघ्नको मुठो ।।३६।।

"रामको जय होस" भन्दै आएका ऋषि वृन्दले
आसुरी कामको नाश भयो श्रीराम वाणले ।।३७।।

चौथो दिन भने "जाऔं" जानू पर्दछ ठाममा
शिवको धनु ठूलो छ हेर्न जनक धाममा ।।३८।।

भरी ऋषि अघि लागे पछि श्रीराम लक्ष्मण
प्रकृतिले सजाएको हेर्दै जाँदा वनै वन ।।३९।।

लता, वृक्ष र झर्नाको नाम भन्दै तपोधन
अड्दै अघि उनी हिंड्छन् पछि श्रीराम लक्ष्मण ।।४०।।

(६) अहल्या उद्धार

श्रीमहादेव पार्वतीलाई आज्ञा हुन्छ

चानो मानो कतै छैन वगैंचा अति सुन्दर
आश्रम के गरी भन्नु छैनन् छाप्रो कुनै घर ।।१।।

श्रीरामको कुरा सुन्दा भन्न थाले ऋषीश्वर
ऋषि आश्रम नै हो यो छैनन् गौतमता घर ।।२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रूप यौवनकी खानी अहल्या अति सुन्दरी–
देखी, गौतमको रूप–लिई इन्द्र पसे कुरी ॥३॥
प्रतीक्षा पछि ढोकामा इन्द्रले देखि गौतम
उराई हात जोडेर गरे विन्ती यथाक्रम ॥४॥
ऋषि गौतम जागेर औंल्याइ भन्दछन् बुझिस् ?
म बाहिर हुँदा तैंले मेरो रूप लिई पसिस् ॥५॥
ऋषिको मुखमा तैंले मूसो पोति दिइस् जब
ऋषि माथि दुनियाँले गर्ला विश्वास के अब ॥६॥
अर्को कुरा तलाई नैं भक्ति के गरि गर्दछन् ?
तेरो पूजा त न भन्लौ श्रद्धा के भनि बुझ्दछन् ॥७॥
देवताका पनी राजा पदमा पोतियो हिलो
छपिस् हजार सर्वाङ्ग योनी-को वात हो भलो ? ॥८॥
"स्वाहा" भनेर तैंलाई दिन्छन् ब्राह्मण भोजन
त्यस्ता ब्राह्मण पत्नीको सतीत्व नाश्छ को जन ? ॥९॥
तैं जस्तो अरु को होला ? कृतघ्न इन्द्र तैं न झन्
तेरो कुकर्मको भोग छोप्न सक्छस् कि तैं त भन ॥१०॥
इन्द्र जानी अहल्याले भुलाएकी भए पनी
भुल्नै हुँदैनथ्यो तैंले तेरो धिक्कार हो जुनी ॥११॥
लुकी छिपी गरिस् पाप धुरीबाट कराउँछ
तेरो कुकर्म तैं भन्लो कहिले यो हराउँछ ? ॥१२॥
अहिल्ये ! तैं पनी ढुङ्गा मुनि वसी गरेस् तप
रामको पाउको स्पर्श पछि लिने छु लौ खप ॥१३॥
भनी आश्रम छोडेर हिमालय गए उनी
अहल्या रामको पाउ कहिले पाउला भनी ॥१४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भोग, सोर्खा सही गर्मी जाडो बर्षा सब सह्रो
राम नाम जहाँ जप्छिन् त्यो ढुङ्गा बुझ्नु भो यहि ॥१५॥
उभिएर ऋषि भन्छन् श्रीराम सुनि बक्सियोस्
ऐतिहासिक ढुङ्गामा ती पाउ राखी बक्सियोस् ॥१६॥
श्री विश्वामित्रको "आज्ञा" सुनी श्री रामले दया-
गरी चरणले टेक्दा अहल्याको गयो खिया ॥१७॥
पाप जे जति हुन् सारा भागा भाग गरी उड्यो
पग्लेको सुन झैं उनको रूप झलल भई खुल्यो ॥१८॥
अहल्यालाइ देखेर नमस्कार गरी अनि
"म राम हू,, अहल्याजी" रामले भन्नु भो पनि ॥१९॥
राम देखिन् अहल्याले सम्झिइन् पतिका कुरा
रामको नाम जप्नाले कटेछन् पापका जरा ॥२०॥
फरक्क दिन फर्कछ अघिकै नै अब
रामको पाउको धूलो पर्ना साथ भए नव ॥२१॥
देह राम्रो चहकदार श्याम वर्ण छ कोमल
धनुर्धारी राम चन्द्र ठोक्रो वाण पछिल्तिर ॥२२॥
गोरो रूप धनुर्धारी साथमा भाइ लक्ष्मण
पीताम्बर पहीरेका सबै छन् शुभ लक्षण ॥२३॥
नारायण चिनी हालिन् हर्षाश्रु भइ गद् गद
प्रणाम दण्डवत् गर्दै हात जोडी उठिन् खुद ॥२४॥
अहल्या भन्छिन् "राम !" प्रभुको पाउको धुलो
पाए मैले अहो !!! भाग्य यो भन्दा अरु के ठुलो ॥२५॥
रामको पाउको धूलो ब्रह्मा र शिवले पनि
असाध्य नै खोजी गर्छन् महिमा छ ठूलो भनि॥२६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तर अश्चर्य !!! हे राम ! आजसम्म पनी यति
भनेर तोकिया छैन महिमा कति हो कति ॥२७॥

मनुश्य रूप कै ध्यान गर्दा संसार तर्दछ
प्रभो लीला भनी सक्नू-छैन हो राम यै निन छ ॥२८॥

श्री गङ्गा, शिव, ब्रह्माजी हजुर्कै पाउको धुलो-
ले पवित्र भएका छन् भने के अरुको कुरो ? ॥२९॥

त्यस्ता साक्षात् राम चन्द्र म देख्छु नेत्रले भने
कति गर्ने छु लौं धम वर्णन केगरी हुने ? ॥३०॥

जस्ले मानवको रूप लिई यो मर्त्यलोकमा
रामको नाममा आज मनोहर छ देहमा ॥३१॥

सव वेद तपाईंकै खोज्दछन् पाउको रज
ऋषि, मुनि सबै भन्छन् 'राम" नाम सधै भज ॥३२॥

जसको नाइटो-बाट कमल वोट निस्कियो
त्यहि कमलको फूल-मा ब्रह्मा निस्कि वसियो ॥३३॥

राम जप्न सदा ब्रह्मा शिव ज्यादै रुचाउने
योगीहरू पनी "राम" नाममा नै रमाउने ॥३४॥

त्यस्ता श्री रामलाई म नपारौं कहिल्यै पर
जपेर रामको नाम गरुं ध्यान निरन्तर ॥३५॥

प्रभो ! हजूरको लीला गाउंछन् अवतारका
ब्रह्माका लोकमा नित्य बगाई आँशुका ढिका ॥३६॥

सरस्वती गान गर्छिन् वीणाको मधुर ध्वनि
हर्षाश्रु दूधको मुन्टो-मा परी भिजदा पनि ॥३७॥

आनन्दार्णवमा पर्दा थाहा पाउँदिनन् तिनी
त्यस्तै नारदको वीणा दुवैको एउटै ध्वनि ॥३८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देदीप्त मान आत्मा हो स्वयं प्रकाश आफुनै
राम जप्ने प्रभो ! आफैं जपिने पनि आफुनै ॥३६॥

त्यस्ता हजूरको पाउ-मा म शरण पर्दछु
जपेर प्रभुको नाम जीवन म सपार्दछु ॥४०॥

लीला हो प्रभुको सारा अवला के म जान्दछु
प्रभु वाहेक क्वै अर्को छैन यत्ति म ठान्दछु ॥४१॥

स्तुति गरी अहल्याले भनिन् आत्म कथा अनि
"विदा पाऊँ, अहल्या हूँ" लिए गौतमले पनि ॥४२॥

अहल्याले गरेको यो स्तुति जो पाठ गर्दछ
अत्याचारी अधर्मी होस् तैपनि स्वर्ग पुग्दछ ॥४३॥

(१०) धनु भङ्ग

श्री महादेव पार्वतीलाई आज्ञा हुन्छ

शिवको धनु ठूलो छ हेरेमा हुन्छ लक्षण
जनक धाममा जाऔं हेराजा राम, लक्ष्मण ॥१॥

अयोध्या पछि जाऔंला भनी जादा सरासर
गङ्गाका तटमा माझी भन्छ छैन कुनै भर ॥२॥

पाउको रजले ढुङ्गो एउटी तरुणी भई
त्यस्तै डुङ्गा पनी मेरो क्यै गरी तरुणी भई- ॥३॥

भने मैले बाल बच्चा केगरी पालने भरे
ढुङ्गा र काठमा भेद कति पो हुन्छ हे हरे ! ॥४॥

प्रभुको पाउ धुन्छु म धूलो सब पखाल्दछु
अनि डुङ्गा चलाएर म पारी लगि हाल्दछु ॥५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यति भनेर माझीले पाउ धोई पिई जल
चढी डुङ्गा भई पार जानु भो मिथिला तिर ।।६।।
ऋषि आश्रममा चाँडै बिहानी पखमा ऋषि
बसेको चाल पाएर राजा जनक भै खुसी ।।७।।
पूजा सामान लिएर राजा सामु पुगे अनि
प्रणाम दण्डवत् गर्दै पूजा आज तुरे पनि ।।८।।
हात जोडी जनकले सोधे कुमारका कुरा
ऋषिले भन्नु भो राम्रा इति वृत्त सबै कुरा ।।९।।
कर्म योगी महाज्ञानी राजा जनकको धनु
उचाल्न बलिया शूरा आए सहस्र के भनु ।।१०।।
विश्वामित्र पनी राम, लक्ष्मण लिइ साथमा
आए अरु पनी राम्रा ठूलो जनक धाममा ।।११।।
शूरा सुन्दर छन सारा वस्त्र पदक भूषण
लाएका सब बस्दै छन् आ-आफ्नो भद्र आसन ।।१२।।
भाइ, सचिव भारदार शतानन्द पुरोहित
गरे जनक राजाले विधि पूर्वक स्वागत ।।१३।।
राज्य बाजा बजे धेरै धनु टङ्कार गुञ्जित
पुष्प माला ध्वजा फर्र धूप गन्ध समन्वित ।।१४।।
पताका टाँगिएका छन् मधुर ध्वनि गीत छ
मङ्गल पनि सर्वत्र के भनूं स्वर्ग तुल्य छ ।।१५।।
बगैंचा, घर मन्दिर राज मार्ग र चत्वर
शैल पुत्रि ! बुझ्यौ हाट घाट छन् सब सुन्दर ।।१६।।
सम्बोधन गरी सारा लाई त्यो रङ्ग मञ्चमा
"शिवको धनुमा तार जो चढाउन्छ हातमा ।।१७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उसैको कण्ठमा माला सीताले पहिराउंछिन्
भन्ने मेरो प्रतीज्ञा छ सीताले वर छिन्दछिन्" ॥१८॥

सुनी जनक आदेश कतिको मन खिन्न भो
शूर, वीर, महाराज पुत्रको मन शान्त भो ॥१९॥

श्री राम चन्द्रको दायां हातले सूचना दियो
"सीता" मेरी भइन् भन्ने रामको मनमा पऱ्यो ॥२०॥

वरिपरि सबै मेच बीचमा शिवको धनु
मणि, माणिक्य जूहार जडेको शिवको चिनु ॥२१॥

खम्बामा भूइ भित्तामा छाया छलंङ्ग देखिने
पक्षी र पशुको चित्र चित्र भन्न नपाइने ॥२२॥

घाम जस्तो उज्यालो छ शफा आकाश तुल्य छ
पानी परेर उघ्रेको दिनको कान्ति तुल्य छ ॥२३॥

चारै तरफ भित्तामा ताँतिका ताँति झ्याल छन्
कऱ्याङ् कुरुङको ताँति जस्तै ती रमणीय छन् ॥२४॥

जूनले पोतिए जस्ता भित्ता सुन्दर भद्र छन्
तलै पिच्छे भने जस्ता भित्ता अग्ला सबै न छन् ॥२५॥

झ्यालमा सब पर्दा छन् छलंङ्ग सब देखिने
वाहीर तर बाहीर-बाट भित्र नदेखिने ॥२६॥

कन्या र सधवा नारी झ्यालमा टन्न टन्न छन्
ताँदो चढाउनै सक्ने को होला भनि हेर्दछन् ॥२७॥

उचाल्न सम्मता सीता निर्धक्क संग भन्दछन्
उचलीन् धनु सीताले न भाँची किन पाउँछन् ॥२८॥

एक एक निहालेर नछोडी सबको मुख
सीता अर्धाङ्गिनी पाई को होला पाउने सुख ? ॥२९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संगिनी साथ सीताले झ्यालबाट चिहाउँदा
संयोग वश पैले नै राम को मुख देखदा ॥३०॥
छाती ढक्क फुल्यो देह आँखामा रामको मुख
नानीमै टाँसिए जस्तो छैन है अरुमा सुख ॥३१॥
स्वां स्वां भयो लगातार हेरिनन् अरूको मुख
"धनु भांचुन् यिनैले नै" सम्झिन् पार्वतीको मुख ॥३२॥
उठेर एउटा वीर धनु लिन अघिल्तिर
गएर धनुमा हात राखे वल गरे तर ॥३३॥
डगेन धनुता कत्ति अनि यता उता गरी
चारै तिर हुनेसम्म गरे कोशिस वेसरी ॥३४॥
नलाग्दा उनको केहि ज्यादै नै मन खिन्न भो
अधो मुख गरी फर्के सीताको मन शान्त भो ॥३५
कटी कसेर अर्काले घुडा मारेर वेसरी
उचाल्दा थिचिए आफैं मुन्टिए ती कठै वरी ॥३६॥
कसैको पगरी छैन कसैको मुखमा फिंज
आंखा फुस्रो कसैको भो कसैको भचियो भुज ॥३७॥
धेरैको भांच्चियो खुट्टा छल छाम निकं गरे
कम्मर कसि जो जान्थ्यो वयैन वयैमा सबै परे ॥३८॥
आयो रावणको पालो विस हात सबै तिर
राखी उचाल्न थाल्दा त धनुले थिच्चियो शिर ॥३९॥
श्रीराम चन्द्रको पालो सम्झी श्री शिवको धनु
नमस्कार गरी तांदो तान्दा टुक्रा भयो धनु ॥४०॥
दर्शक वृन्दले ताली ठोक्दै भन्दछन् ठुलो धनु
आश्चर्य!!! दुइ टुक्रा भो जिब्रो टोके "रह्यो चिनु ॥४१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(११) राजा दशरथ जनक धाममा
श्री महादेव पार्वतीलाई आज्ञा हुन्छ

श्री शतानन्द नै वाट वृत्तान्त धनु भङ्गको
स्वयंवर सुनी राम्रो राजर्षि र वशिष्ठको ।।१।।
मन खुसी भयो ज्यादै राजा दशरथः स्वयम्
मेरो इच्छा भयो पूर्ण राजा जनकको कसम् ।।२।।
पत्र जनकको हेरी कौसल्या सुन लौ सब
राम चन्द्र र सीताको विवाह हुन्छ लौं अब ।।३।।
वशिष्ठलाई आज्ञा भो मुहूर्त हेर्नुहोस् शुभ
सुमन्त्र ! ठीक पारे है छैन क्यै पनि दुर्लभ ।।४।।
वृत्तान्त सुनि कौसल्या हर्ष गद् गदले गरी
अधरोष्ठ चल्यो आंखा-वाट आशु वग्यो झरी ।।५।।
क्यै वोल्न सकिनन् भन्न पार्वति ! रोकियो गला
रोकिन्छ जसरी आंधो भेरी शैलेशका शिला ।।६।।
राज दर्वार भो अर्कै साकेत पनि भिन्न भो
दुनियां सब अर्कै भो हो रात, दिन भिन्न भो ।।७।।
सौम्य भरत कैकेयी हात्ती घोडा र लस्कर
सुमित्रा अनि कौसल्या राजा शत्रुघ्नको कर ।।८।।
समाती भाइ भार्दार गुरु, मन्त्री, पुरोहित
डड्यौली साथ कल्लौडी सेनापतिहरू मित ।।९।।
नाना तरहका खेला फौज लिएर साथमा
तरेर सरयू राजा पुगे जनक धाममा ।।१०।।
वडो उमङ्गका साथ राजा जनकले अनि
ठूलो सम्मानका साथ सवारी भित्रियो पनि ।।११।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुमारलाई कन्याको उपहार चढाइयो
परम्परा भएकाले रामले चिनि बक्सियो ।।१२।।
सिलिसले झवझके राम्रो विचित्र चित्र अङ्कित
रुमालले ढाकिएको सीताको कर निर्मित ।।१३।।
रातो कमलको फूल बीचमा कमला नदी
रुमालले वार पार बुनेको छ कुदी कुदी ।।१४।।
पान आकारको राम्रो मीठाइ जति छन् सब
फल र मसला, पान राम्रो छ फूल झैं नव ।।१५।।
रुमाल भित्र के होला भनी को किन हेर्दछन्
रुमाल वाहिरै-वाट छलङ्ग सव स्पष्ट छन् ।।१६।।
रामले सव हेर्नू भो विचित्र फूलको विच
माच्चिकं भमरा जस्तै वुनी "सधैं वसी वच" ।।१७।।
कुमारीलाई लेखेको मेरो तरफ-वाट यो
यहि चित्र भनी मेरो" उपहार दिनू भयो ।।१८।।
सीताले रामको चित्र देखी सुनी वुझी गुनी
मन माफिक पाएर राख्नु भो मनमा थुनी ।।१९।।

(१२) श्री राम विवाह

श्री महादेव पार्वतीलाइ आज्ञा हुन्छ

"मङ्गल भगवान् विष्णुः" शुभ लग्न भयो भनी
वाला वजे शुके विस्कुन् चोखो माटो खने पनी ।।१।।
पोशाक सिइयो राम्रो लड्डु वाटे वरि परि
एकै पटक ती काम "मङ्गलायतनो हरिः" ।।२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जमाई, सधवा नारी कन्या ब्राह्मणले गरे
यही रक्ताक्षता छर्दै ती दुवै पक्षले तुरे ।।३।।
साम वेद पनी गाए गीत गाए थरि थरी
लोक गीत पनी गाए ढ्याम् ढ्याम छिन छिन् गरी ।।४।।
शास्त्रीय गीतले छायो सितार, तबला लिई
मङ्गोलीहरूले गाए स्वर किन्नरको लिई ।।५।।
कटी नचाइ धेरैले गरे नाट्य प्रदर्शन
कतिले हातका औंला छाति र मुख गर्धन ।।६।।
कतिले नेत्रको चाल गरे त कतिले गला
धेरैले पाउकोचाल देखाए नृत्यको कला ।।७।।
'नाच र गान यस्तै हो' भन्ने जो हुनुपर्दछ
शैल पुत्रि ! बुझ्यौ तेस्तै भएको मान्नु पर्दछ ।।८।।
राजा जनकका रानी उभिई दुइ हातले
लिएर सुनको झारी-बाट वैदिक रीतले ।।९।।
जल बहाउँदा आशु तरबरूचुहियो पनि
चुम्पियो हात सीताको रामकाबाहुमा अनि ।।१०।।
गङ्गा र यमुना जस्तै देखिए दुइ हात नै
शोभा कस्तो भयो होला कसरी भनु लौ म नै ।।११।।
मङ्गल सूत्रको हार रामका दुइ बाहुले
सीताको कण्ठको शोभा भनौं म कुन रीतले ।।१२।।
औंलो समालि सीताको श्रीराम कहिले अघि
लगन् (लग्न) गाठो समाल्ता त सीताजी कहिले अघि ।।१३।।
पालो पालो यसोगर्दै विधि यज्ञ परिक्रमा
पालो आयो बसी खेल्ने कर्म पद्धति बीचमा ।।१४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पोट बाह्र हुन्छ यौटाको भने हुन्छ ११–२
अर्काको हुन्छ पोट् १२ अर्को हुन्छ ११–२ ॥१५॥
१५ पो हुन्छ अर्काको १७ पर्दछ एकको
वेद ऋचा (मन्त्र) पढ्नु जेल पर्दैन हार दाउको ॥१६॥
श्री राम चन्द्रले सीता उचाली टाम सारदा
नीलो आकाशमा चन्द्र जस्तै सीताजी ता ल्दा ॥१७॥
माउर्ज्युनार सीताले रामलाई अगाडि नै
हुँदा सबै हाँसी भन्छन् "अगिल्लो हुन्छ पुत्र नै" ॥१८॥
ढुङ्गा पूजा भयो राम्रो लाबा होम पनी भयो
हस्यौंलो चतुरोबाट भद्र खाडो पनी जग्यो ॥१९॥
पर्दा सिदुर सीताको केशको सिउद्रो खुल्यो
एकै चोटी दुबैटाको चार आंखा पनी जुध्यो ॥२०॥
देश देशान्तरैबाट विवाह हेर्न आउछन्
भने आफ्नै देशबाट नहेरी किन छाड्दछन् ॥२१॥
विवाह राम सीताको पार्वति बुझ है तिमी
विवाह पञ्चमी भन्छन् मार्गको शुक्ल पञ्चमी ॥२२॥
राजा जनकका भाइ हुन् कुश ध्वज वीरका
दुवै छोरी सुम्पिए कुरा मानेर दाजुका ॥२३॥
आफ्नै जनकको छोरी लक्ष्मणलाई ऊर्मिला
जनक भाइकी छोरी दुइटै मूर्तिका कला ॥२४॥
श्रुत कीर्ति दिए जेठी भरतलाई सुन्दरी
माराडवी पनि लौ दिए शत्रुघ्नलाई ती परी ॥२५॥
चार छोरी र ज्वाइ आ-आफ्ना ठाममा थिए
लोक पाल थिने हुन् कि भने जस्ता देखिए ॥२६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दायां वशिष्ठ छन् बायां विश्वामित्र दुबैकन
सीताको इति वृत्तान्त भने जनकले गुण ॥२७॥

शशूर, शशुराज्युको छोरि ! सेवा गरे सधैं
पतिको गर्नु शुश्रूषा खुसी रहनु है सधैं ॥२८॥

राजा जनकले सम्धीलाई विन्ती गरे झुके
पाले धर्म हुने, फाले पाप लाग्छ कुरा सके ॥२९॥

धन दौलत धेरै नं सुन दिए विवाहमा
विदा गरे सबै छोरी पतिका साथ साथमा ॥३०॥

(९) श्री राम र परशु राम

सीता अन्माउंदा राज-बाजा बजाउंदा
आकाशै गुञ्जियो ढ्यम् ढ्याम् ढर्रं ढ्याम् ढर्रं ढ्याम् हुँदा ॥१॥

दुलही तर्फका नारी, नरको नेत्र आंशुले
गर्दा टलपल भो आंखा मानोस् के गरी चित्तले ॥२॥

आंशु वर्र खसे आफैं कतिका नेत्रबाट ता
कति ककका निए घुंक्क घुंक्क छल्न यता उता ॥३॥

गए, कति मिची आंखा ओठ फुर्फुर गर्दछ
थाम्नै नसक्दा के लाग्छ ह्वां ह्वां ह्वां हुन थाल्द छ ॥४॥

बाजा बजाउँदै फौज साथ साथ गए रथ
बर्यात पछि लाग्दै गो हेर्दै सुन्दर ती पथ ॥५॥

विवाहको खुसीयाली जन्ती हिंडे रमाउँदै
यत्तिकै बीचमा आए ऋषि कुलँर लम्कदै ॥६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धनु र बञ्चरो ठुलो हातमा हतियार छन्
रीसले चुर्मुरीएर दांत किट् किट किट्दछन् ॥७॥
परशुराम देखेर राजा थर्थरी काप्दछन्
पाउमा छांद हालेर "शरणागत" भन्दछन् ॥८॥
होच्यार हुनु सम्म छुचो मुख चलाउने
रीसका झोंकमा के के परशुरामले भने ॥९॥
लक्ष्मण:- "आफुलेगरदा आफैं बदनाम उसैं किन
गर्न हुन्छ ? ऋषे ! यहा हाम्रा साथ तपोधन ! ॥१०॥
बञ्चरो, धनु छाडेर हातमा लिइ पुस्तक
वेद ध्वनी गरी शान्ति- को पाठ गर्नु ठिक ॥११॥
पितृ भक्त महाज्ञानी विवेकी भनी सुन्दथ्यौं
यस्ता क्रोधी भनी ठाने श्रद्धा नै किन गर्दथ्यौं ॥१२॥
"आफुत रांड देशै भाड्" भने जस्तै पलायन-
वादी भई आफु खोज्ने नाशन दाम्पत्य जीवन ॥१३॥
"म ठूलो तिमी साना हौ" भन्नु पर्दैन बञ्चरो
छैन हाम्रो हजुरको त छन् दुवै धनु बञ्चरो॥१४॥
परशुराम:- सुनी लक्ष्मणको बोली "बुच्छर पर हट् तँ जा"
लक्ष्मण:- हजुर्को पउको धुलो "न भन्नोस् पर हट् त जा"
॥१५॥
परशुराम:- "नकरा कच्कचे केटो"
लक्ष्मण:- काम देखाउनोस् ठुलो
पुरुषार्थ भए हेरौं गर्नोस् जे जति छन् दरो ॥१६॥
राम.- छ राम प्रभुको आज्ञा पालना गर्न तत्पर
सेवा ब्रह्मणको गर्छु मार्नु पर्दैन क्यै फिर ॥१७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लक्ष्मण:- उम्ले पछि पोखिने के जान्नु हुन्न ऋषीश्वर !
तलको माथि, माथिको तल पार्दछ ईश्वर ।।१८।।
भई ब्रह्मण वचनु भो देख्थ्यौ लक्ष्मणको बल
परशुराम:- परशुराम हुँ छिन्दछन् ? नाश्ने क्षत्रियको फुल
।।१९।।

श्रीराम:- ऋषे क्षमा गरी छोड्नोस् साना यी भाइका कुरा
आज्ञा होस् म गरी हल्छु काम काज सबै दरा ।।२०।।
परशुराम:- दाह्रा किटेरआँल्याई वङ्ग्या आँखीभ्यु उँवो
वजार्दै भूमिमा पाउ "भागलास् क्षत्रियको गुवो" ।।२१।।
लक्ष्मण:- नपरोस् प्रभुले माग्म "माफ पाउँ" भनी "भीख"
हाम्रो त प्राण नै जओस् माग्न जान्दैन यो मुख ।।२२।।
परशुराम:- भइस् वीर पुरानो त्यो भांचेर शिवको धनु ?
लक्ष्मण:- चुंडेर कुशको टुप्पो रहन्न वीरको चिनु ।।२३।।
परशुराम:- मेरो रीस नजानेर वोल्दछस् के त शेखिले ?
लक्ष्मण:- बुद्धिले अरु विग्रन्छन् आफू विग्रन्छ रीसले ।।२४।।
राम:- मुने ! आज्ञा हओस् मुख्य गर्नु पर्ने कुनै
भए सबै म गर्ने छु ज्यानले ती अवश्यनै ।।२५।।
लक्ष्मण:- संधै भरी एक नास हुंदैन कहिल्यै पनि
जन्मको मृत्यु नै हुन्छ गुणी होस् अथवा खुनी ।।२६।।
माफ माग्नन् विचरा यी बूढा ब्राह्मण के भनुन् ?
अरु क्षत्रिय झैं ठाने केगरी यितले चिनुन् ।।२७।।
परशुरामः- मुसारी अँ ३ भनी दारी जलेर रीसले धनु
दिए "तांदो चढा" भन्दै "चिनिस् यो विष्णुको धनु ?।।२८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीरामः- आज्ञा ब्राह्मणको मानी "जो आज्ञा" भनी रामले
लिदा धनु चिने साक्षात् "ईश" परशु रामले ।।२९।।
परशुरामको हातबाट खोसेर त्यो धनु
रामले भन्नु भो बाजे ! लौ झट्ट दिनुहोस् चिनु ।।३०।।
अरूको झैं त यो हैन मेरो बाण अमोघ छ
लोक वा दुइटा पाउ मेरो तारो अवश्य छ ।।३१।।
एउटै पाइला सम्म चलन दिन्न कतै पनि
नकाटी कन छाड्दिन दिनोस् तारो कुनु पनि ।।३२।।
परशुराम कचूक्क परि निदाउरो मुख
सम्झेर पूर्व वृत्तान्त नभनी कन क्यै सुख ।।३३।।
नपाई कन ती भन्छन् जोडेर दुइटा कर
हे राम चन्द्र ! हे राम ! हे नाथ ! करुणाकर ! ।।३४।।
सृष्टि, स्थिति, प्रलयका जानेर परमेश्वर !
विष्णुको बालकै देखि गरे तप निरन्तर ।।३५।।
अनि श्री भगवान् विष्णु शङ्ख चक्र, गदाधर
मुसुक्क हाँसि आज्ञा भो मेरो अंश दिएं वर ।।३६।।
घुमी एक्काइसै पल्ट कार्तवीर्य समेतका
क्षत्रियहरू मारेर तिमी चाँहि हुन् फुका ।।३७।।
जितिएकी सबै पृथ्वी दिनु कश्यपलाई र
आफू चाँहि हुनेसम्म लिनु शान्ति सके भर ।।३८।।
त्रेतामा सुन आफैं म रामावतारमा अनि
मलाई फेरि देख्ने छौ भेटे पछि बुझ्यौ अनि ।।३९।।
दिएको अंश यो मैले तिमीबाट लिनेछु म
तपस्या फेरि गर्ने छौ हटाई मनको तम ।।४०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यति भनेर श्री विष्णु अन्तर्ध्यान हुनू भयो
मैले त्यस्तै गरी हिंड्दा अहिले त्यहि नै भयो ॥४१॥
ब्रह्माले प्रार्थना गर्दा भगवान विष्णुले पनि
ती नै श्री विष्णु जन्मेर रामावतार भो अनि ॥४२॥
मलाई प्रभु आफैंले जुन् अंश दिनु भा थियो
ममा रहेको त्यै अंश आफुले नै लिनु भयो ॥४३॥
ब्रह्मादि देवताले नै नपाइने निरञ्जन
निर्विकार प्रभो ! राम ! कस्तो आउंछ लौ दिन ॥४४॥
मेरो सफल भो जन्म पाएर राम दर्शन
मोक्ष क्यै गरि पाइन्न विना भक्ति कदाचन ॥४५॥
प्रभुको पाउमा मेरो भक्ति होस् जन्म जन्ममा
प्रभुको भक्तको संग न छुटोस कहिल्यै ममा ॥४६॥
भक्तको पाउले टेक्दा पवित्र स्थल बन्दछ
भक्तले स्नान गर्दा त त्यो तीर्थ कहलाउंछ ॥४७॥
प्रभो जगतका स्वामी शरणागत वत्सल !
दया सागर हे राम ! लागोस प्रभुमा दिल ॥४८॥
नमस्कार छ हे राम ! प्रणाम छ निरन्तर
सेवा गर्न सधैं पाउन् मेरा यी दुइटा कर ॥४९॥
मैले जति गरें धर्म प्रभुको वाणलाइ म
तारो टक्र्याउछु राम टुक्र्याउनोस् खुसी छु म ॥५०॥
श्रीराम चन्द्रले भक्त परशु रामका कुरा
सुनी खुसी भई राम-ले भन्नु भो कुरा भला ॥५१॥
ब्राह्मण म खुसी नै छु शङ्का छैन कुनै कुरा
सबै पूरा गरी दिन्छु भन्नु होस्न सबै खुला ॥५२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परशु रामजी भन्छन् प्रसन्न भइ मन्मन
अनुग्रह भए राम विन्ती गर्छु कुनै क्षण ।।५३।।
प्रभो ! श्रीराममा मेरो दृढ भक्ति सधैं रहोस्
भक्तको सङ्ग पाऊं म राम जप्न सधैं पढोस् ।।५४।।
गरी श्रीराममा विन्ती प्रसन्न मन ती भए
घमण्ड सबै छाडेर महेन्द्राचलमा गए ।।५५।।

(१४) वधू र वरको गृह प्रवेश

राजाको पुछियो आंशु शान्तिले मन ढाकियो
छोरा पराक्रमी देख्दा डरको मूल नाशियो ।।१।।
शोकलाइ हराएर हर्ष घोप्टेर बैरियो
बर्यात साथ सथैमा सवारी पनि भित्रियो ।।२।।
विवाहोत्सवले राम्रै राज दर्बार झल्कियो
प्रजाका मनमा अर्कै नयां जोश पनी फिर्यो ।।३।।
विदावारी भए सारा विवाह पनि टुङ्गियो
बुहारी साथ छोराको दरवार पनी खुल्यो ।।४।।
मामाका घरमा लान युधाजित पुगे लिन
गए भरत, शत्रुघ्न राजाको अनुशासन ।।५।।
राज पुत्र भए के छ सुख भोगादिका कुरा
के छ श्री परमात्माका रूप मानवको भला ।।६।।
लीला मानवको गर्ने आसक्त हीन राम नै
व्यवहार सबै गर्ने सच्चिदानन्द रूप नै ।।७।।
न भएर हुने के हो ? भएमा हुनु के छ र ?
उनैको सृष्टि हो विश्व राम त करुणाकर ।।८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१५) राजा दशरथको घरबारको विचार

रोग, शोक कतै छैन गुणात्मक छ उन्नति
सर्वत्र शान्तिले छायो अयोध्याको उवो गति ।।१।।
अपाङ्ग व्यक्ति क्वै छैनन् डांका, चोर, कुनै ठग
अशिक्षित छदै छैनन् मर्यादा छ ठुलो जग ।।२।।
कोहि अन्याय गर्दैनन् विशाल भर राज्यमा
सत्यवादी ठूला वीर राजाको अधिराज्यमा ।।३।।
रानी सहित आ-आफ्ना छोरा छन् दरबारमा
न पुग्दो कहिल्यै छैन पार्वति ! राज काजमा ।।४।।
राजाको ख्यातिले गर्दा पाताल पृथिवी भर
ढाक्दा पनि त राजाले ढान्दथे क्षण भङ्गुर ।।५।।
त्यत्रो ऐश्वर्यले युक्त राज काज अकराटक
हुंदा पनि त सम्झन्थे कतै क्यै हुन्छ के चुक ।।६।।
राजाका मनमा क्या हो घर बिग्रिन्छ कि भनी
न थाहा पाइदो चिन्ता-को भान मनको चिनी ।।७।।
"आफूले ताक्छ लौं मूठो बन्चरो ताक्छ त्यो घुंडो"
जस्तै दुर्दिन आउन्न ? एक नास सधैं बडो ।।८।।
हुन्छ ? हुंदैन जे होस्न संसार परिवर्तन–
शील छ उहि नै बुझ्छ भोग्नु पर्दछ त्यो दिन ।।९।।
भोलि कस्तो हुने क्या हो ? भविष्य अन्धकार छ
भन्दैमा काम को छोड्छ ? मेलामा जानु पर्दछ ।।१०।।
आखीर भोग्नु पर्ने छ प्राक्तन कर्मको फल
कसैको केहि लाग्दैन ईश जान्दछ केवल ।।११।।

इति बाल काण्ड

श्री रामायणमस्तु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीरामायण

अथ अयोध्या काण्ड

(१) सन्दर्भ नारद र श्रीराम

कुनै दिन रमा नाथ श्रीराम सकि भोजन
आनन्द साथ खोपीको सफा सुध्घर आगन ॥१॥
जुन जस्तो शफा शेतो ढुङ्गा देखदा मनोहर
छापिएका कुनै चार षट कोण र त्रिकोण र– ॥२॥

भए पनि रसाएका देखिने आफु-आफुमा
ऐना नै हो कि क्या जस्तो भव्य, विशाल चोकमा ॥३॥

विभिन्न रङका रत्न, रत्नले छ खचाखच
सिंहासन छ त्यो दीप्त त्यै सिंहासनको विच ॥४॥

रामको गाथ आकासे रङ्ग जस्तो छ सुन्दर
सृष्टि, स्थिति, प्रलयका होइवक्सिन्छ आकर ॥५॥
काला, लामा, घुघर्का केशले माथ शोभित
किरीटझल्झलाकार पार्दछ पगरी थित ॥६॥
कस्तुरीको दुइ धर्के टीका ललाठ पोटिलो
आँखिभ्यु धनुको रूप जस्तो, गाला छ पोविलो ॥७॥
मोती र मणि माणिक्य रत्न जटितको सुन–
को नै कुराडलले कान पार्वति ! भन्दछु सुन ॥८॥
नील कमलको पात जस्तो नेत्र छ तेजिलो
मुख मण्डलको शोभा शङ्ख आकारको गलो ॥९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राता राता दुइ ओठ मुस्कान मन मोहन
योगीहरू ध्यान गर्छन् गरेर नित्य चिन्तन ॥१०॥
डोलो लरक्क लर्केको लामो मोटो सलक्कको
मन माफिकको माला विचित्र रङ्ग फूलको ॥११॥
मणि मणिक्यको हार-ले छ छाती मनोहर
त्यसैले देख्छ त्यो रूप ध्यानले हेर्छ जो नर ॥१२॥
पीताम्बर छ झल्केको लर्केको पाउ-सम्म छ
सीताजीले चमर्लोल्दा उपर्ना फर्फराउछ ॥१३॥
सुपारी, मसला, पान चढाई वक्सिदा खुद
आकाश मार्गले उड्दै आले वर्लन नारद ॥१४॥
सुद्ध स्फटिकमा ढालो झर्नामा हिम दूधमा
डुवाई झिकिए जस्ता देखिन्द दिव्य मुर्तिमा ॥१५॥
पराग फूलले जस्तै सुधा वर्षाउछन् कि क्या
निष्कलङ्की कुनै चन्द्र ओर्लन्छन् तल भन्नु क्या ॥१६॥
हावाका चालमा धोती उपर्ना फर्फराउछन्
त्रोणाका फूलका माला ह्वावामाफूल साट्दछन् ॥१७॥
वीणाका तारमा औंला चलेका हो कि होइनन्
देखिन्छ तर जानिन्छ स्वरले सव भन्दछन् ॥१८॥
लाम्चिला चम्किला राम्रा नेत्र निर्देश गर्दछन्
आनन्द छ त्यहां शान्ति जो "नारायण" भज्दछन् ॥१९॥
अकष्मात् आउनू भाको देखि नारदजी कन
सीता साथ उठी झट्ट श्रद्धा र भक्ति पूर्वक ॥२०॥
हात जोडी पाउमा नै शिर राखेर भक्तिले
प्रणाम गर्नु भो खास साक्षात् श्री राम चन्द्रले ॥२१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्नु भो विषयासक्त संसारी हामीले अनि
हजूरहरू जस्ताको दर्शन पाउनै पनि– ।।२२।।
मुस्कील छ मुनिश्रेष्ठ ! गरेका पूर्व जन्मको
धर्मले पाइने हुन्छ सत्सङ्ग अति नै निको ।।२३।।
घर पवित्र भो मेरो निगाह गरि बक्सियो
मधुपर्क र पाद्यार्घ- ले स्वागत (आतिथ्य) ठुलो भयो ।।२४।।
सेवा गर्नु छ के मैले ? आज्ञा पाए म गर्दथें
हुने सम्म सके सम्म ऋषिको काम तुर्दथें ।।२५।।
ऋषि मुसुक्क हाँसेर सक्तिन गर्न वर्णन
जान्दी न सक्नु लीला छ तैपनि गर्छु कीर्तन ।।२६।।
"नारायण" भजी हिंड्छु उसैको नाम "राम" हो
चराचर सबै "राम रामकै नाम "ईश" हो ।।२७।।
प्रभु नै सबमा टम्म प्रभुमा सब टम्म छन्
जान्नै सुन्ने सबै योगी "परमेश्वर" भन्दछन् ।।२८।।
ब्रह्माको लिइ सन्देश विन्ती गर्दछ नारद
"भूभार केमरी हर्ने ?" प्रभुको छ ठुलो पद ।।२९।।
मनुष्यको लिइ रूप साच्चै मानव झैं भई
"न नचाउनु होस" नाथ ! माया लिइ थरी थरी ।।३०।।
राम विष्णु, सीता लक्ष्मी, प्रभु श्री शिव, पार्वती
जानकी, राम ब्रह्मा नै, सीता चाहिं सरस्वती ।।३१।।
राम सूर्य हजूरै नै, सीता चाहिं प्रभा, अनि
राम साक्षात् चन्द्रमा, नै सीताजी रोहिणी, पनि ।।३२।।
राम इन्द्र, भने हुन्छ साध्वी सीता शची, अनि
अग्नि हजुर, स्वाहा त सीता, लाइ भने पनि ।।३३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साराका काल श्रीराम यम नै; जानकी खुसी
संयमिनी, त निऋति राम, सीताजी तामसी ॥३४॥
प्रभो वरुण श्रीराम, सीताजी वारुणी सती
प्रभु नै वायु श्रीराम जानकीजी सदा गति ॥३५॥
कुवेर पनि श्रीराम, सीता सम्पत्ति, नै सबै
श्रीराम चन्द्र नै रुद्र, रुद्राणी जानकी दुबै ॥३६॥
संसारमा राम चन्द्र ! "स्त्री" भन्ने शब्द जे जति
ती जति सब श्री तीता, भन्नु पर्छ भए जति ॥३७॥
"पुरुष" बुझिने शब्द भए जति श्रीराम नै
हजूर दुईले गर्दा त्रिलोक सब झल्झनै ॥३८॥
प्रभुको जप जो गर्छ भजन गर्छ चिन्तन
ध्यान, कीर्तन जो गर्छ मोक्ष हुन्छ त्यहि जन ॥३९॥
योगीहरू सबै भन्छन् नाश्ने यो भवको तम
भक्त वत्सल श्रीराम ! मर्यादा पुरुषोत्तम ॥४०॥
राज्या-भिषेक हुंदैछ भोलिको दिन हे प्रभो !
"जाऊ नारद ! लौ विन्ती", ब्रह्माले गर भन्न भो ॥४१॥
"सीताको निहुं पारेर सारा राक्षको गण
लड्ने राक्षस मारेर अनि मार्दछू रावण ॥४२॥
पृथ्वी भार स्वत हट्छ मान्नु पर्दन क्यै पिर
वैदिक धर्मको रक्षा हुने छ छैन क्यै डर ॥४३॥
बुझेकै छु म गर्ने छु हुंदैन क्यै पनि कम
रामको सुनि आदेश तुरियो कार्यको क्रम ॥४४॥
देवर्षिले विदा पाए "नारायण" भनी हिंडे
ऋषिका हातका औंला वीणाका तारमा चले ॥४५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२) सन्दर्भः– दशरथ र वशिष्ठ, वशिष्ठ र श्रीराम

गुरु वशिष्ठमा राजा आफ्नो राय बताउंछन्
मेरो वृद्ध अवस्था भो राज काज बुझाउंछन् ॥१॥
ठूला समाज सेवीर मन्त्री, भारदार, पण्डित,
परराष्ट्र र विद्वान्त कुरा गर्छन् मजासित ॥२॥
गर्छन् प्रशंसा रामैको वर्णन पनि रामको
रामकै छन् प्रजा-भक्त गर्दछन् गान रामको ॥३॥
अतः म राज्यको भार रामकै हातमा दिन
राज्याभिषेक दिन्छु म भलो ठान्दछ यो मन ॥४॥
दुनियांले कसो भन्ला ? ती नै सभा छ सम्मत
अनुचित हुने छैन ? राय पाऊँ यथोचित ॥५॥
सम्पूर्ण चाहिने चीज पूरा होस् कम क्यै नहोस्
गर्नू पर्दछ के के हो ? सन्देश गरि बक्सियोस् ॥६॥
वशिष्ठ भन्दछन् राजन् राममा छन् सब गुण
त्रलोक्यकै राज-पाठ राम सक्छन् चलाउन ॥७॥
राजाकै बाहुली-बाट गद्दी दिनूबडो ठिक
भविष्यमा जसो पर्ला कालकै छ ठुलो हक ॥८॥
गुरुको पाइ सन्देश सामान सब ठीक भो
देवालय भए झल्ल-मल्ल बजार स्वच्छ भो ॥९॥

(३) सन्दर्भः– श्रीवशिष्ठ श्रीराम मन्दिरमा जानु भयो

वशिष्ठको भयो मान सीता श्रीराम चन्द्रले
महर्षे ! आज पाल्नु भो हुन सक्छ भाग्यले ॥१०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मोती र मणि जूहार जडेको अति सुन्दर
हेर्दा हेरीरहूं जस्तो विशाल छत्र, चामर ।।११।।
आफ्नो आसनमा राखी सीताले करले जल
खसाल्दा रामले पाउ-को पिइ बक्सियो जल ।।१२।।
माथ शेतो शफा राम्रो हिमका चुचुरा सरी
लामा दारी जुंगा तेर्सा छन् रेखा जूनका सरी ।।१३।।
वशिष्ठ ऋषिको मूर्ति साक्षात् आदर्श मूर्तिमान्
आई वसीरहे जस्तो देखिन्थे अति बुद्धिमान् ।।१४।।
रीसले छन मर्तैन लोभ, द्वेष, त छन् कता
आशा निराश भै भाग्छे ब्रह्मर्षि देखिनन् उता ।।१५।।
ब्रह्मर्षि नाम सुन्दा नै कामना लुक्तछे कता
दुःख आफैं भई दुःखी भाग्छ पाइन्न क्यै पता ।।१६।।
राज होस् राम ! राजाको आदेश सुनि वक्सियोस्
राज्याभिषेकमा गर्नु पर्ने जो गरि बक्सियोस् ।।१७।।
चाहिने जति सामान सबै पूर्ण भई सक्यो
भोलिको तिथि राजाले घोषणा गरि बक्सियो ।।१८।।
नरको पौंचले जे जो गर्नु पर्ने सबै भयो
हजूरबाट जो निष्ठा गर्नु पर्ने परे पुग्यो ।।१९।।
राजाको त छ यो इच्छा दिनले के त गर्दछ
प्रभुता भोलि नै जाने दैवको भर पर्दछ ।।२०।।
शिरो पर गरी आज्ञा पछि लागी निकै पर
पुऱ्याउंदा विदा वक्स्यो राम पस्नु भयो घर ।।२१।।
ब्रह्माजीको छ आज्ञा यो राम राज्या भिषेकमा
विघ्न पारेर नै आऊ गई त्यो मर्त्य लोकमा ।।२२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देवी सरस्वतीलाई देवताहरूले भने
मन्थरामा पर्सी पैले पछि कैकेयीमा छुने ।।२३।।

"हुन्छ जान्छु गई हाले" भनी सरस्वती गइन्
अयोध्यामा गई पैले मन्थरा भित्र ती पसिन् ।।२४।।

(३) सन्दर्भ– मन्थरा र कैकेयी

राज दर्वारका वुर्जा-व्राव हेर्छे त मन्थरा
झल झल् झल् झल्ल झल्केका अयोध्यापुरको कला ।।१।।

ध्वजा पताका नाचेका हावाका चालमा मजा–
मानी रमाई हांस्दाछ छलंङ्ग देखियो गिजा ।।२।।

केको उत्सव होला यी ? पर्वको दिन होइन
जान्न खोज्दा वुझी हाली छलंङ्ग नहुनु किन ।।३।।

टाउकोमा पर्‍यो वोझ ढुङ्गा झैं हुन गो मन
के गर्नू र कसो गर्नू ? कस्तो आएछ दुर्दिन ।।४।।

कान्छा वडा महारानी राजाको ती अति प्रिया
कैकेयी माथि राजाले गरेनन् किन्नहो दया ।।५।।

गहना र लुगा अल्झो छिटो हिड्न त सक्तिन
कौसल्याको वुझी चाल थालि हाली न्नि वलन ।।६।।

कूः नाति छत्किनाले ठेलं ठेल भयो मन
स्वा स्वा फ्वा फ्वा गरी दौडी कसैको मुख हेरिन ।।७।।

कैकेयीको पुगो खोपी भनी राज्य भिषेककी
कुरा सुन्दा जडाएको पाउजेप सुवर्णको ।।८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कैकेयीले दिइन् लौ ला भनिस् कल्याणको कुरो
किन आपत् पऱ्यो भन्छस् ? हुन सम्म भयो भलो ॥९॥

रामले त मलाई र कौसल्यामा कुनै दिन
कुनै कुरा भेद भाव गरेको त म देखिदन ॥१०॥

कसैको कहिले केही गर्दैनन् कुभलो कुरा
मन्थराले सुनी चिन्ती गर्दछे के गरोस् बरा ॥११॥

राज्याभिषेकको वेला कौसल्या पुत्र रामको
घोषणा भै सक्यो रानि ! शुभ राज्याभिषेकको ॥१२॥

भरत नभएको नै वेला पारेर राज्यको
भार सुम्पिनुमा क्यै छ दवका रहस्य कामको ॥१३॥

व लीले ठिक पारेर प्रभुलाई भुलाउने
कौशल्याको भलो गर्ने छली काम टुङ्याउने ॥१४॥

मौकाले कहि पर्खन्छ ? अडिदैन कसैगरी
सक्ने पक्षी उचो लाग्छ झुत्रिइन्छ जनं भरी ॥१५॥

भोलि देखि सधैंसम्म कौशल्या पहिचोलिन
मुरी देखि मुठी सम्म ठीक पार्छिन् गुनी कन ॥१६॥

अनि के गर्नु हो खालि राजाकी प्रिय पात्र भै
कौसल्याको सामु बांच्नुदयाकी प्रिय पात्रभै ॥१७॥

सीता हो मुटुको कीलो श्री रानी सुनिरखिसयोस्
भोलिको काममा विघ्न पारेरं छोडि बसियोस् ॥१८॥

उहिल्यै युद्धमा जित्दा खुसी राजा भई दिइ
"वर माग तिमी दिन्छु" नाशो छन् ती वरं दुइ ॥१९॥

एकले रामको सट्टा राजा भरत शासन
दोस्रो त्यो वरले राम चौध वर्ष वसुन् वन ॥२०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"कैकेयीको भलो गर्नू" भन्थेर साथमा तँ जा"
गन्छाउन तं सन्केछस् आएका दुःखका झिजा ॥२१॥
हजुरका बुवाज्यूको आज्ञाको पालना गरे
बाँकि हजूरको काम "विन्ती कर्तव्य हो तुरै" ॥२२॥
लिगारी सब श्रृङ्गार रिसाएकी निदाउरी
फुकाली गहना सारा लुकाइ मनको चरी ॥२३॥
छिपाई राखि घुक्र्याई विछ्याइ जालका लुदा
लिई राज हुनु राजा- सवारी होइ जवसदा ॥२४॥
सत्य सत्य गरी वाचा वर तो मागि वक्सियोस्
मौका छोप्नु सवै भन्दा उत्तम ठानि वक्सियोस् ॥२५॥

(४) सन्दर्भ– दशरथ र कैकेयी जनताको उत्सुक

खुसी साथ महाराज खोपीमा जब पस्दछन्
कैकेयीको अनोठाको चालले दङ्ग पर्दछन् ॥१॥
महारानि ! यता हेर मन सञ्चो भएन कि ?
अथवा अरूनै दुःख निको पार्दछु त्यो झिकी ॥२॥
अपराधी कहाँ जाला आकाश वायुमा मिली
जाओस् न केछ पाताल अथवा हिमको चुली ॥३॥
पानी भित्र पसेकै होस् हाम्रो शासनको अगि
लुक्न र छिप्न सक्तैन विना मन कतै पुगि ॥४॥
अनभिज्ञ तिमी छैनौ गरैं शकट भेदन
मनको ज्ञान गर्दछन् वैज्ञानिक सव जन ॥५॥
जान्न बाँकिछ त्यो एक उल्काको छ गति स्थिति
सूर्य, मङ्गल, त्यो केतु जानियो राहुको गति ॥६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भने कस्ले दियो दुःख वाचा गरो म भन्दछु
जे भने पनि लौ दिन्छु भन्दछु सत्य गर्दछु ।।७।।
चन्द्रलोक भए पुग्छ बुध, शुक्र जहां पनी
नक्षत्र रोहिणी, तिष्व- काबूटो ल्याउछु चुनी ।।८।।
तिमी नै जान्दछ्यौ मेरो रोकिन्न रथको गति
जहां भन्यो त्यहीं पुग्छु सक्तैन गर्न क्वै खति ।।९।।
ठोक्रोबाट झिकी वाण छोडिन्छ जान्छ जोडले
नाश्नू, मार्नू, बिगार्नू जे छ गर्छ पूर्ण रूपले ।।१०।।
सकि काम उही वाण ठोक्रोमा फर्कि आउंछ
पानी पारी उही वाण जलामय तुल्याउंछ ।।११।।
छूरी लागी कतै सारा एकै नास बनाउंछ
कतै सारा जलाएर खरानी शेष राख्दछ ।।१२।।
कतै सबै पगालेर थल्थले पार्छ ताकतै
विष वायु फिजाएर नाश गर्छ भने कतै ।।१३।।
उठ्चाउँछ उही फेरि सारा रोग फिजाउंछ
धनु धारी शिपालूले समयोचित गर्दछ ।।१४।।
अरूबाट पनी सुन्न नपाउंदा कुनै कुरा
रोसाई झोक्किदा रानी राजाको मन भो चिरा ।।१५।।
देल दानवको ठूलो युद्ध हुँदा भयानक
राजा गए गरे युद्ध शत्रु मार्न भकाभक ।।१६।।
त्यस्ता वीर उनै राजा रानीको वशमा परी
शत्र पुत्रि ! बुझ्यौ? "भन्छन् प्राण नै दिन्छु लौ मरी ।।१७।।
वाचा सुनेर राजाको खुसिसाथ उनी उठिन्
"मौका छोप्नु परीहाल्यो" रानीले मचुकी भनिन् ।।१८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अघि लडाइमा जित्दा बक्सेका दुइटा वर
नाशो पूरा गरे पुग्छ मेरो लाग्दैन क्यै कर ।।१९।।
"हे राजन् रामको सट्टा गरुन् भरत शासन
मुनि भेष गरी राम चौध वर्ष बसुन् वन ।।२०।।
चौध वर्ष बिताएर अयोध्या फर्किए पनी
अथवा उनको इच्छा वनैमा नै बसुन् उनी ।।२१।।
भोलि बिहान चांडै नै गइ हालुन् उनी वन
यदि ढीलो भएमा त नमरी कन छाड्दिन ।।२२।।
कैकेयीको सुनी वाक्य छांगाबाट खसे तल—
झैं भई भन्दछन् राजा लुकाइ मनको पिर ।।२३।।
धर्म परम्परा नीति सम्झाई प्रार्थना गरे
कैकेयीको ढिपी बुझ्दा दुःख सागरमा परे ।।२४।।
मृत्यु देखि डराउन्न दिएं मर्दछु हो सुन
वाचा हार्दिन "राजा हूं" भनुं नै छ कुनै दिन ।।२५।।
प्रेमको बदला पाएं पिएंछु विषका घडा
सर्पिणी रहिछस् कालीठुगी हालिस् भइ खडा ।।२६।।
धेरै पल्ट परे मुर्छा चेतना जब आउँछ
राजाका ओठमा "राम राम हे राम आउँछ ।।२७।।
राम बाहेक क्यै अर्को राजाको मुखमा अरू
अक्षरै छैन झैं "राम" हुँदै भन्छन् धुरू धुरू ।।२८।।
एवं प्रकारले राजा चेतनामा अलाप र—
लिलाफ गर्दछन् राजा होश आयो कि केवल ।।२९।।
मूर्छा देवि तिमी धन्य एक मात्र सहाय छ्यौ
तिमी नै काखमा राख मलाई किन छोड्दछ्यौ ? ।।३०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

होश नै भो ठुलो रोग सधैं मूर्छा भए सुख
दया गरन हा दैव !!! न देखुं होशको मुख ॥३१॥
राम राम हरे ! राम राम वाहेक के सुख
अब देख्न म पाउन्न तिम्रो सुन्दर त्यो मुख ॥३२॥
कसै गरे पनी राम तिमी विना म बाँच्दिन
भने मूर्छा परी राखुं होश आओस् म भन्दिन ॥३३॥
रानीको रूपमा काल डङ्किनी घर भित्रिछस्
नमरी किन के छोड्थिस् हला भएर उत्रिछस् ॥३४॥
रामको गुण गाउंथिस् अैले राम छुटाउंछेस्
जाल, झेल फिजारेर तैंले के के त गर्दछस् ॥३५॥
तेरो शरीर सौन्दर्य मीठो वचन बोल्दथिस्
धेरै वर्ष विते आज अन्त्यमा यो चिने बुझिस् ॥३६॥
चिनेर काम के लाग्यो ? टुङ्गोको डोलमा पुगें
धकेलिस् नदीको झर्ना परें अनि उतै बगें ॥३७॥
म मरें पछि लौ सोख निर्धक्क संग काट्दछेस्
मान्नु गुन्नु कसैलाई पर्दैन भनि ठान्दछेस् ॥३८॥
आएछ अब लौ काल कस्तो मानिसको दिल
पतिको पनि क्यै वास्ता छैन, आफ्नो छ केवल ॥३९॥
यत्तिकैमा परे मूर्छा फिरे पछि त चेतना
रामको मुख सम्झेर निकै बढ्दो छ वेदना ॥४०॥
राम ! राम ! महावाहो ! तिमी मेरो ठुलो धन
मुटुको मुटु नै चुड्दा वचन सक्तछ को मन ॥४१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनताको उत्सुक

राज्यभिषेक सुन्दैमा चौचउ हुन्छ मानव
कस्तो हुन्छ भनी चाख लिएर साँद्धछन् सब ॥४२॥
बूढा-पाका, सुनी जान्ने, देखनेवाट सुनी कुरा
उत्सुकता वढी हाल्छ नहेरी छोड्दछन् भला ॥४३॥
त्यो दिन कहिले आला भनी सामल चामल
बन्दोवस्त गरी धेरै टाठा वाठा सुधा नर ॥४४॥
आउंछन् चौदिशावाट मानिस हूलका हुल
जीवन भरमा बल्ल तल्ल देखिन्छ केवल ॥४५॥
राम राजा हुने भन्दा अयोध्याका भए भर
विहान कहिले होला ? बित्ला रात भनी नर ॥४६॥
रामको गुण गाएर राम राजा भए पछि
कस्तो सुख र सन्तोस होला दुःख सवै पुछि ॥४७॥
उमङ्ग, हर्ष, उत्साह प्रजामा थपियो अति
प्रतिक्षा भोलिको गर्छन् (गर्दै) "राम गर्छन् भलो अति ॥४८॥
सोम्य, शान्त उनै नम्र राज पुत्र भए पनि
मीठो वोली उनै वोल्छन् करूणा गर्दछन् अनि ॥४९॥
प्रसन्न मुख कस्तो छ मुस्कान ओठमा कति-
चम्किला नेत्र कस्ता छन् हुनेछ कति उन्नति ॥५०॥
सवै उत्सुक छन् हेर्न भोलिको दिन रामको
मुख कस्तो हुने होला स्वभाव वहुतै निको ॥५१॥
रूप लावण्यमा थप्ला राज मुकुटले निकै
आलोक लोकमा पर्छ लोक भनोस जे सुकै ॥५२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"झचप्पी उठ" भनी वास्यो एउटा नामको चरी
पखेटा दुइ फड्कार्‍यो घिच्रो तान्यो वलै गरी ॥५३॥
भालेको शिउरो रातो ठाडो हुन गयो उसै
"कुकुरीकाँ" गरी वास्यो वेला छोड्दछ को त्यसै ॥५४॥
शय्या छोडे उठे सारा काम थाले सबै जना
नित्य कर्म सकी हाले छलिएनन् कुनै जना ॥५५॥
वलेको दीपको (वत्तीको) ताँति वोकेर सरयू वगिन्
मौकामा शत्रुनै होस्न "वोक्नू" सङ्केत गर्दछिन् ॥५६॥
"काक पनि करायो लौ नफर्काउ कुनै पिठ
राज्यभिषेक हेर्नूछ केटाकेटी सवै उठ" ॥५७॥
पूर्व आकाशमा रातो उषाले छर्किई सकी
भागा भाग गरी रात कोल्टो फेरि कता लुकी ॥५८॥
शृङ्गार सव सिद्धयाए चियाए सूर्यले पनी
मानिसको लुडो लाग्यो हेर्न ठाम चुनी चुनी ॥५९॥
यता निम्ताहरूको ताँती अन्यत्र यात्रुको हूल
लाखौं विदेशी आएछन् नारी र नर केवल ॥६०॥
पगरी, भेष, भूषा र रूप नै वदली लत
धनु उठाउंदा दिक्क जो भएथे पराजित ॥६१॥
पत्ता लागेछ हज्जारौं गुप्त पुरुषको कला
ती पनि हेर्न आएछन् भने के अरूको कुरा ? ॥६२॥
राज दर्वारमा कन्या, सधवा जति चाहिने
ऋषि, ब्राह्मणको संख्या वशिष्ठ गुरूले गने ॥६३॥
वाजा, गाजा भए ठिक्क हात्ती र रथ पैदल
बाहिर सव भो पूर्ण खोपी भित्र भने छल ॥६४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नम्बर (५) सन्दर्भ कैकेयी र श्रीराम

राजाकोत कुनै चानो मानो छैन निशान नै
बित्न आट्दा पसे मन्त्री खोपी भित्र सुमन्त्र नै ।।१।।
राजाको जय होस् भन्दै शिरमा दुइटा कर
राखी दर्शन गर्दा त निस्तेज मुख मण्डल ।।२।।
रानीलाई गरे बिन्ती "खिन्नदेखदछु है किन ?
निद्रा न आउंदा राजा अस्वस्थ नहुनु किन ? ।।३।।
"राम राम" भनी सारा रात छलङ्ग बित्न गो
कैकेयीले भनिन् राम ल्याइ हाल गरी छिटो ।।४।।
कुरा सुनेर राजाले रामलाई तुरुन्त नै
"आऊ लिएर ए मन्त्री !" गइहाले तुरुन्त नै ।।५।।
सरासर गए मन्त्री रामलाई निवेदन
गरे, श्रीरामले सुन्दा गर्नु हुन्थ्यो ढिलो किन ।।६।।
मन्त्रीका साथ श्रीराम तत्काल पुगि हाल्नु भो
राजाका पाउमा मथ राखो दर्शन गर्नु भो ।।७।।
"हा राम भनी" राजाले दुइ बाहु उठाउछन्
अगालो हाल्न खोज्दात मूर्छा परेर ढल्दछन् ।।८।।
"लौन के भनी" रामैले झट्ट काख लिनू भयो
केटी, नानि, सुसारेको रुवा बसी निक पऱ्यो ।।९।।
"के भयो भनी" खोपीमा वशिष्ठ ऋषि पस्नु भ
उपचार भयो राम्रो राजाको होश फर्कियो ।।१०।।
राजालाई पऱ्यो दुःख मैले जानिन कारण
कैकेयी भन्दछिन् राम ! तिमी छौ मुख्य कारण ।।११।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बक्सियो दुइठा मात्र वरदान मलाइ त
तिमीलाई मन्न राजा लाज मान्ने यथोचित ।।१२।।
तिम्रो अधिनमा नै छ राजाको दुःख नाशिने
राजाको हितको काम तिमीले नै गरे हुने ।।१३।।
सत्य वादी हुने राजा तिमो छौ सत्यमा रत
पुत्रको अर्थ वा बच्छ नरकबाट मुख्य छ ।।१४।।
रानीको वाक्यले राम शूली भित्र घुसो जसो
हुंदा मलाइ के यस्तो हुकुम के भयो यसो ।।१५।।
पिताको निति मा माता कस्तै विष म निल्दछु
झूटो वोल्दैन यो राम आगोमा हाम फाल्दछु ।।१६।।
छङ्गा छूर भिरै होस्न खुसो त्यो म खस्दछु
शरीर भर शीयाले म निस्फिक्रि संग ठोक्दछु ।।१७।।
आखं ह्याल बनोस् देह कुनै वास्ता म राख्दिन
नदीको भूवरी भित्र पस्न किंचित् म ठान्दिन ।।१८।।
चोक्टा चोक्टा झिकुन् मासु हांसो हाँसी म बस्दछु
मजिलै संग यो मूटु झिकेर दिन सक्दछु ।।१९।।
सीतालाइ सुनी वक्स्योस् त्यागदछु जे सुकै हवोस्
कौसल्यालाइ नै त्यागछु सांचो हो वुझि वक्सियोस् ।।२०।।
राजकाज त के हो र जावो राज्य म छोड्द छु
द्वि वोली राम वोल्दैन राजाको नि त मर्दछु ।।२१।।
बाव् मन मन जानेर गर्ने छोरो छ उत्तम
आज्ञा मानेर जो गर्छ त्यै हो पुत्र त मध्यम ।।२२।।
आज्ञा मान्दैन जो छोरो मलै हो मनु पर्दछ
सांच्चा सांच्चि गरी छाड्छु आदेश हुनु पर्दछ ।।२३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीराम चन्द्रको वाचा कैकेयीले सुनिन् अनि
स्वार्थ सब वृत्तान्त रामलाई भनिन् पनि ॥२४॥
तिमी वन गए मात्र सत्य वादी पिता हुने
राजाको मुख्य यो काम तिमीले नै तुन्याउने ॥२५॥
राजालाई हुंदा लाज मेरो मुख छुचो भयो
पिताकोकाम हो राम! मैले नै भन्न यो पन्यो ॥२६॥
गरुन् भरतले राज्य म जान्छु वन दराऽक
राजा हुकुन क्यै हुन्न छदैछु मत सेवक ॥२७॥
सुनेर रामको बोली राजा हे राम! भन्दछन्
तिमीले नै गरे राज्य ठीक हो सब भन्दछन् ॥२८॥
स्वास्नीको वशमा पर्छ कुकर्मी, भ्रान्त चित्त छ
पापी हो जो सुकै होस् त्यो त्यसलाई बाध्नु पर्दछ ॥२९॥
रीति थिति सबै छाड्ने बिगार्दछ परम्परा
त्यस्यो मलाई बांधेर गर राज्य बुझी कुरा ॥३०॥
पाप लग्दैन ए राम मञ्झुटो नहुने पनि
हे राम! कसरी बांचु? बिलाप गर्दछन् अनि ॥३१॥
आँखाबाट झरे आंशु-वर्गको छ बराबर
राजाको आंशु पुछ्नू भो लिएर रामले जल ॥३२॥

सन्दर्भ (६) रामलाई वन वासको आज्ञा र श्रीराम कौसल्या

प्रति अक्षर अड्केको नृपाज्ञा सुनी रामले
पूरा नगरि छोड्दिन श्रद्धाका साथ भक्तिले ॥१॥
बुवा! हजुरले पीर कत्ति न लिइ बक्सियोस्
यो भन्दा बनमा बेश हुनेछ सम्झि बक्सियोस् ॥२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विज्ञान र कला, शास्त्र भनु मानवका कुरा
गुरुबाट धनुर्विद्या पढाई बक्सियो दरा ॥३॥
प्रकृति पनि बुझ्नु छ पढ्छु प्रकृतिका कुरा
फल, फूल, लता, बृक्ष पढ्दछु वनका जरा ॥४॥
पतिव्रता मुमा मेरी सत्यवादी बुवा अनि
दुवैको धर्मले गर्दा छैन रोग कुनै पनि ॥५॥
मुमाको बाहुलीबाट पाउदा तेल मर्दन
वज्र तुल्य छ यो देह हूंदा पोषण, पालन ॥६॥
सिंह आए लडी मार्छु बाघ आए पछार्दछु
गैंडा, हात्ती रअर्नाती आए कत्तल पार्दछु ॥७॥
आए राक्षसको फौज वाणले काट्दछु शिर
लागे भूत पिशाचादि झार्दछु मन्त्रले पर ॥८॥
खालि पीर छ यो एक बुवाले पीर मानने
न मानी बक्सिए पीर रामले सुख पाउने ॥९॥
शत्रुका वाणका वर्षा हुंदा सहनू पर्दछ
भने ती वनका कांढा झुस के गर्न सक्तछ ॥१०॥
सान्त्वना गर्छु मातामा सीतालाई बुझाउछु
हाजीर हुन्छु आजै नै वनमा हिंडी हाल्दछु ॥११॥
कौसल्या विष्णुको पूजा गरी एकाग्र चित्तले
ध्यान गर्दा राम चन्द्र साथम लक्ष्मण मिले ॥१२॥
सुमीत्राले भनिन् दिज्यू राम लक्ष्मण साथमा
दर्शन पाउको पाऔं भन्दछन् पाऔं विदा मुमा ॥१३॥
श्रीराम चन्द्रको तालु कौसल्याले सुंघिन् अनि
मीठाई खाऊ ए बाबु ? आरम गर आ पनि ॥१४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खाने वेला मुमा ! छैन राजाज्ञा भो मलाइ त
"वनमा जानु" है भन्ने विदा पाउं भलो मत ॥१५॥

छांगावाट खसीन् रानी मुहार पनि खिन्न भो
त्यसै वन निकाल्नेको ? पक्का आचार भ्रष्ट भो ॥१६॥

सानो हुंदा यसै पीर ठूलो हुंदा ठुलै पिर
कुकर्म केहि गर्छन् कि लाग्दथ्यो मनमा पिर पिर ॥१७॥

कुकर्म गर्छ छोराले आमालाई हुने पिर
न मेटिन्छ, न धोइन्छ, न पालिन्छ कत तिर ॥१८॥

न नासिन्छ, नबिन्छ भनी शान्ति न पाउंछ
गुम्सिएर उसै वस्छ आँत भित्र जलाउंछ ॥१९॥

कौशल्यामा पर्‍यो एक उस् मुठियो उसै मन
न सोधी सुख पाइनन् केगरी वुझ्छ यो मन ॥२०॥

व्यभिचार र अन्याय गर्छौ भन्ने थिएन वा
अपराध गर्‍यौ के हो ? त्यस्तो गर्न हुंदैन वा ॥२१॥

कुन ब्राह्मणलाई के पिट्यौ वाधा गर्‍यो कि के
कसैको धन चोर्‍यौ कि ? अपमान गर्‍यौ कि के ?॥२२॥

राज मुकुटमा धक्का पर्ने कुरा गर्‍यौ कि के ?
राज विधानमा मर्का पार्‍यौ होला अवश्य के ? ॥२३॥

मर्यादा क्रम नाघ्यौ कि ? परस्त्रीमा गयो मन
दुःख दियौ प्रजालाई के हो साच्चि तिमी भन ॥२४॥

हात जोडेर श्रीराम रानीको पाउमा परी
कुकर्म गर्दथें हुं ता पर्दथे पाउ के भरी ॥२५॥

यथार्थ सुनि वृतान्त कौशल्या राज शासन
चाहन्न म पनी जान्छु गर्छन् भरत शासन ॥२६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दर्बार धन सम्पत्ति मर्यादा शान मान यी
चाहन्न राम चाहन्छु पाए हुन्छ पुग्यो नि यी ॥२७॥
गर्‍यौ विराम के राम भन लक्ष्मण लौ सुनू !
मेरो छोरो हुनु राम ! विराम यो त के भनू ॥२८॥
अधरोश्ठ फुर्‍यो फर्र आंखिभ्यूँ जोडी रीसमा
उठ्यो बाहु भयो थर्र वठ्यो चौवर बीरमा ॥२९॥
पाउ लग्लग सर्वाङ्ग कम्प भो वास उर्लियो
छाती फुल्यो लाल नेत्र नशामा रक्त उम्लियो ॥३०॥
रउँ सारा भए ठाडा दाँत किट्किठ किट्टियो
हेर्न लक्ष्मणको मूर्ति खासका वीर सक्तथ्यो ॥३१॥
धनु, वाण लिई भन्दछन् "मुमा ! लौ हेरि वक्सियोस्
राजालई यही बांध्छु विन्ती यो सुनो वक्सियोस् ॥३२॥
कैकेयीलाई वाँधेर थुन्छु भरत मार्दछु
शस्त्र धारी फौज आउन् सारा कत्तल पार्दछु ॥३३॥
केकय देश आएमा नक्सावाट हटाउंछु
विरोध जति जो गर्लान् सबैसाई तिमोट्दछु ॥३४॥
राम राज भई गद्दी-मा, राज गरि वक्सियोस्
हुँदन भन्न को सक्छ ? मर्त्यमा वुझि वक्सियोस् ॥३५॥
दुनिया आज हेरोस देखोस् लक्ष्मणको बल
स्वीकार गरि वक्सियोस् हेरौं गर्दछ को बल ॥३६॥
ईशारा झट्ट होस् दाज्यै वजार्दै पाउ लक्ष्मण
विन्धको वदला विन्ध पार्न सक्तछ लक्ष्मण ॥३७॥
रामको राज्यमा विन्घ एउटा गर्न सक्तछ
भने भरतको राज्य-मा विन्घ हुन सक्तछ ॥३८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भाई ! लक्ष्मण तिम्रो यो बलको सामना कुन —
गर्न सक्तछ को मर्त्य-मा वीर छैन है सुन ॥३९॥
बलका साथमा शान्ति सुगन्ध सुनमा वुझ
तिमी जस्ता पनी रीसा एमा त हुन्छ के अज्ञ ॥४०॥
आखीरमा कुनै चीज साथमा जान्छ के भन ?
राज्यले गर्छ के ? फेरि वनमा छैन के गुण ? ॥४१॥
शरीर जलको फोको जस्तै छ क्षण भङ्गुर
त्यस्ताका नितिमा ख्याल चुहाइ बस्नु के छ र ? ॥४२॥
मलले पूर्ण यो देह वशमा छैन त्यो पनी
आफैंले राज्य छाडेर गए वन निकै धनी ॥४३॥
राज्यका नितिमा प्राण दिने पनी किन भए
राज्य दान गरी दास बन्नै पनि त निस्किए ॥४४॥
राजा भए म के हुन्छ ? भए भरत राज्य के ?
भए लक्ष्मण के हुन्छ ? भए शत्रुघ्न राज्य के ॥४५॥
कर्तव्य हो ठुलो टान बदला लिनु नीच हो
बदला, बदला गर्दा टुङ्गो लाग्दैन सत्य हो ॥४६॥
कर्तव्य गर्दा आ-आफ्नो सबै सग्लीन पाउंछ
अन्त्र हुन्छ लथा लिङ्ग सर्वत्र भय आउंछ ॥४७॥
बुवाको चाकरी गर्नु मुमाको काम हो वुझ
कर्तव्य वनमा जानू मेरो निति ठूलो अज्ञ ॥४८॥
आशीर्वाद मुमा पाउं साथ साथै विदा पनि
चौध वर्ष विते फेरि पाउमा पसुंला अनि ॥४९॥
... द हाली रामलाई लागे छ दिन क हरे !
... धान विधीको कस्तो हुने जे पनि लौ गरे ॥५०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लेखा रहेछ के मैले गरेछु पूर्व जन्ममा
"क्षमा पाऊं प्रभो !" अर्को नपरोस् दुःख यो ममा ॥५१॥
मेरो यो प्राणको प्राण मेरो जीवनको फल
मेरो चीज लिनू मैले चौध वर्ष गरी बल ॥५२॥

एकै क्षण पनी ढीलो भएमा हुन्छ धुर्मुर
भने यो मन आमाको चौध वर्ष उता पर ॥५३॥

राम राम तिमी सम्झ पला एक तिमी विना
पनि धेरै जसो लाग्छ घुम्छु यता उता कुना ॥५४॥

चौध वर्ष कन्या वा हो ? कट्नु मैले कसोगरी ?
यस्तो हुंदा, भोग्नु पर्दा प्राण जांदैन क्यौ गरी ॥५५॥

आखीर मर्न नै पर्छ-भने आज मरे हुने
नसहे सहनू पर्ने कस्तो !! दुर्दिन आउने ॥५६॥

सत्यवादी हुंदा राजा कत्रो संकष्टमा परी
हुकूम बक्सियो होला रहन्छ प्राण के गरी ? ॥५७॥

राजाको प्राण नै राम मेरो प्राण पनी तिमी
पितृ भक्त हुंदा राम पर्यौ सङ्कष्टमा घुमी ॥५८॥

अवस्थाले भयौ दुःखी तिम्रो सुगुणले गरी
हामालाई पर्यो मार छलिएन कसै गरी ॥५९॥

विघ्न, वाधा कतै दुःख नपरोस् कहिल्यै भय
श्रीरामचन्द्रको खास गरून् ईश्वरले जय ॥६०॥

भाइ लक्ष्मण के छोड्थे साथमा जान रामको
नगई कन छोड्दिन सेवा गर्दछु नाथको ॥६१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सन्दर्भ (७) सीता राम र लक्ष्मण वन गमन

खोपीमा रामजी जांदा सीताजी पाउमा परि
हत्पताउनु भो नाथ ! झुकेर प्रार्थना गरि ॥१॥
राजाबाट कुनै काम, के के हुकुम बक्सियो
खुल्तुली छ मलाई त स्वामी के काम बक्सियो ? ॥२॥
श्रीराम चन्द्रले सीते ! इति वृत्त सबै भनी
आमाको गर शुश्रूषा चौध वर्ष वितोस् अनि ॥३॥
सीताले भन्नु भो नाथ ! "म पनि साथ साथमा
नाथ छोड्न म सक्तिन अन्यथा नपरोस् ममा" ॥४॥
यसो नभन हेसीते ! मीठो खान नमिल्दछ
पलङ पनि पाइन्न घांसमा सुत्नु पर्दछ ॥५॥
फलाहार कतै मिल्ला मिठ्ठा खोजेर खानु छ
कतै ता त्यै पनी मिल्न वो मुस्किल पर्दछ ॥६॥
उकालो अनि ओरालो भीर वगर हिड्नु छ
तीखा जङ्गलका कांडा टेकेर पार गर्नु छ ॥७॥
सिंह र बाघ हात्ती छन् गैंडा पनि त छल्नु छ
क्रूर फौज राक्षसको आहाराबाट बच्नु छ ॥८॥
स्वामीका संगमा वस्दा कतै दुःख हुने भए
पतिका शव (लास)को साथ किन जल्न सती गए ! ॥९॥
नारीको निंति संसार पति बाहेक सबै पनि
चौधै भुवनमा छैन ठोक्छु छैन कुनै पनि ॥१०॥
झूटो किन हुने हुन्थ्यो हस्त रेखा पनी कतै
उता ब्राह्मणको बोली झूठो हुन्थ्यो उस कतै ॥११॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शब्दको अर्थ जस्तै हो पति पत्नी सधैं भरी
पति छोडेर ववै नारी कता जाग्रोस् कठै वरी ॥१२॥
राजकीय सवै खाना, शान यी सवका सव
पाउको साथ छाड्दिन तृण तुल्य भए अब ॥१३॥
पाउको साथमा वस्दा पनि के दुःख आउंछ ?
रुको लाख आमाको काख नानि रुचाउंछ ॥१४॥
हरीयो पातको वृक्ष माथि पर्वतको थलो
पाउ दावी वसी हेर्न होला कस्तो रमाइलो ॥१५॥
वनका फूल तोडेर पाउमा म चढाउंला
वनको फलको भोज पुरा पछि म खाउंला ॥१६॥
वसेर पर्णशालामा गर्छु सेवा हजूरको
नदीको जल ल्याएर पिउंछु जल पाउको ॥१७॥
नदी, नाला र खोलाका गाउं पर्वत फांटका
वनका कन्दका नाम झर्नाका अनि फूलका ॥१८॥
वन जन्तुहरू देख्दा औंल्याई रूखको चरो
सवै चिनाइ वक्सेला सम्झाइ रूखको चरो ॥१९॥
चार वर्ष वित्यो नाथ यहि दर्वारमा वसी
यता उति गरौं स्वामी चौध वर्ष वनै वसी ॥२०॥

(८) वन वास

श्रीराम चन्द्रले आफ्ना मणि, मोती सबै सुन
डोइ, हात्ती, चरा, गाई, रथ घोडा र दर्पण ॥१॥
खोपीका सव सामान खानाका सव भाजन
धनु र वाण वाहेक दिनु भो जति छन् धन ॥२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सीताका वस्त्र, सामान भाँडा, पशुहरू सव
अरुन्धती र शाशूका जनालाई दिई खुव ॥३॥
अनि लक्ष्मणको पालो आफ्नो हो जति हो सव
सुमित्रालाइ कोसलल्यालाई जिम्मा दिई सव ॥४॥
मुमा जेठा वडा रानी कौसल्याको निरन्तर
सेवा गर्नू मुमाज्यूको ऊर्मिले ! नलिए पिर ॥५॥
म राम चन्द्रको भक्त जान्दछचौ ऊर्मिला तिमी
जान्छु म, "पतिको आज्ञा" मान्न छैनो तिमी कमी ॥६॥
भूपतिमा विदा माग्न तीन हाजिर छन् जन
मर्यादा मूर्तिका धारी सीता, राम, लक्ष्मण ॥७॥
कैकेयीले दिएका ती मुनिको भेषका लुगा
पहिरदा त ज्यादै नै चहक्दार भए लुगा ॥८॥
मुनिका भेषमा राम राजाको पाउमा परी
पगरी पाउमा सुम्पी प्रणाम दण्डवत् गरी ॥९॥
विदा पाउं भए आज्ञा भाइ लक्ष्मण यो यिनी
पनि जान्छौं भनी भन्छन् साथ जान्थे यिनै पनी ॥१०॥
चौध वर्ष त के हो र विताई फर्कि दर्शन
गर्न हाजीर यो राम हुनेछु नहुनू किन ॥११॥
सचिव, भाइ, भर्दार धाई दाशी कठै वरा
सवका सव भक्कान्ने अश्रुवाट झरे कुरा ॥१२॥
राजाको पाउमा ढोगी राम विदा हुनू भयो
सीता, लक्ष्मणका साथ रथमा चढि वसियो ॥१३॥
"राम चन्द्र तिमी" भन्दा राजा मूर्छा परे यता
"चलाऊ रामले" भन्दा हांक्दा रथ पुग्यो उता ॥१४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दैवी विधान कस्तो छ आउने दिनको गति
परिवर्तन संसार बुझ हैं सत्य पार्वति ! ॥१५॥

एक कान दुइ कान मैदान सब भो कुरा
उल्टो हुंदा भए आज मुख सारा निदाउरा ॥१६॥

आबाल वृद्ध वनिता काम-काज सबै भुले
बैरिए रामका साथ वन जान सबै चले ॥१७॥

घोडा समात्दछन् कोहि रथ तान्छन् पछिल्तिर
लम्पसार कुनै पर्छन् "जान दिन्नौ कतै पर" ॥१८॥

भन्छन् हामी पनि जान्छौं रामका साथमा वन
चाहन्न अरु, "चाहन्छौं वस्छन् राम उहां जन" ॥१९॥

राम प्रिय हुनू हुन्छ हामी छौं रामका प्रिय
नानिको प्रिय आमा झैं माछाको जल हो प्रिय ॥२०॥

दुनियांको ढिपी देखी "सज्जन सुन्नु होस कुरा
तपाइहरूले गर्नू भएको ठीक हो कुरा ॥२१॥

तर प्यारो छ जो त्यस्को कर्तव्य पथमा कुनै
विघ्न वाधा परी आए नाश गर्नू छ विघ्न नै ॥२२॥

कर्तव्य प्रेम गर्नेको हुनु पर्दछ सर्वदा
तपाइहरू नै रोक्ने ? भन्नु भो रामले वुदा ॥२३॥

पितृ आज्ञा तुरी फेरि तपाइहरूको बिच
वस्न गर्छु प्रतीज्ञा म तपाइहरूको विच ॥२४॥

सुनेर रामको वाक्य वाम देव यता अगि–
सरेर जनतालाई सम्झाए ठाममा लगि ॥२५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सन्दर्भ (९) तमसा नदीको रुखमा राम, गुह लक्ष्मण संवाद

गोधूलिमा गरी स्नान नदी तर्फ झरे कति
धनेर्नीहरूले पानी-बोकी उल्के ढिलो गति ॥ १॥

बाछा बाछीहरूको "बाँ" मा "बाँउ" ती धेनुले गरे
गाई बाधेर गोठाला काम ली ती अघि सरे ॥२॥

कोदालो र कुटो घाँस कोदालो कांधमा लिए
आउंदा नानिले "आमा, बा" भनी काखमा गए ॥३॥

अ एको जोसुर्क होस्त गरी अतिथि स्वागत
गर्छ भक्ति र श्रद्धाले हुन् कि थया सांच्चिकै मित ॥४॥

तलबाट सुरैसंग उज्याला उड्दै गयो
शेतो हिमालको माथ रातो नै देखिने भयो ॥५॥

"झ्याउं झ्याउं" गरी झ्याउ किरी गर्छ लिई स्वर
"चां चां चीं चीं" गरी पक्षी सारोको कच्कचे स्वर ॥६॥

गृहिणीहरूले आपनो घरमा सबका सब
बत्ती बाली नमस्कार श्रद्धासाथ गरे जब ॥७॥

मान्नु पर्ने सबैलाई सानाले दण्डवत् गरे
अध्यापन सकी फेरि सन्ध्योपासनमा सरे ॥८॥

तमसा नदीको तीर पुग्दा श्रीरामको रथ
विधान विधि देदैं काटे श्री सूर्यले पथ ॥९॥

झल मल्ल उज्यालीले मेरो पालो सकें दिन
विदा बादी हुदैं भन्छिन् "परिवर्तन हो चिन ॥१०॥

सबैका सामुना रात आपनो खांडो जगाउन
थाल्दै थाई यता राम भन्नु हुन्छ कुरा सुन. ॥११॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऋषि, मुनि, तपस्वीको यात्रुको र दरिद्र जो
सन्यासी र भिखारीको गाउंको भडुवा छ जो ।।१२।।
वन भात भजा ठानी खानेको र अनाथको
महात्माको र वैरागी जति छन् साधु सन्तको ।।१३।।
भगुवा, चोर, डांकूको, पक्षी र वन्य जन्तुको
रूख वास शिकारीको अनि हो पथ भ्रष्टको ।।१४।।
भाइ ! लक्ष्मण लौ हेर रूखमा कतिका चरा
शाखा, प्रशाखा सर्वत्र विभिन्न गुण छन् दरा ।।१५।।
बञ्चरो लिइ हातैमा "रूख काट्द छु यै" भनी
घातकीलाइ त्यैं रूख वास दिन्छ बुझ्यौ भनी– ।।१६।।
वृक्षमा वास वस्नू भो सीता, राम र लक्ष्मण
राजालाइ उता शोक, पालना गर्न भो प्रण ।।१७।।
कस्तै ठूलो परोस् दुःख प्रसन्न रामको दिल
पार्बति ! बुझ त्यो छाक आहारा हुन गो जल ।।१८।।
रामको पछि लागेर फौज मानिसको पुग्यो
"रामको वासमा वस्छौ, फर्कनू भो भने भयो" ।।१९।।

रातको आफ्नो कुरा

सचराचर प्राणी हो ! मेरा सत्य कुरा सुन
उज्याला जति छन् सारा उपाधी मात्र हुन् गुन ।।२०।।
लाखौं ब्रह्माण्ड सृष्टिमा ओत प्रोत सबैतिर
छता छुल्ल सबैमा "म" बाहेक अरू को छ र ? ।।२१।।
उज्याला ग्रह, सूर्यादि तारा, नक्षत्र जो जति
माया ठान सबैलाई "ध्रुव" नै रहला कति ।।२२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मायामय हुंदा यिन्को अवश्यं भावि नाश
सारा नाश हुंदा बाँकि "राज्य" मेरो अखण्ड छ ॥२३॥
नाशिदा तेज सारा नै "म" नाशिने यदि भए–
मेरो नाश हुंदा फेरि ज्योति यी रहने भए ॥२४॥
अन्धकार म हूँ मान्थें तेजलाई सधैं भरी
मेरो अस्त्वीत्व ठानेर जय भन्थें पलै भरी ॥२५॥
तर यस्तो हुंदै हैन सधैं रहिरने "म" नै
नाशिदा ज्योति के हुन्छ ? सर्वत्र व्यापक "म" नै ॥२६॥
'म' जाने, आउने छैन, चल्न हल्न कतै पनि
ठाम नै छैन मेरो त आकाश झैं 'म' नै छु नि ॥२७॥
सानो त्यो बबुरो तेज आई झेल र चक् चक
झुक्याउंछ आखा त्यो सांच्चै पार्दछ त्यो ठिक्क ॥२८॥
सेतो, कालो, कतै नीलो, पहेंलो छिर्बिरे कतै
बिछ्याउंछ निकै रङ्ग ज्योतिको यो छ आदतै ॥२९॥
अग्लो, होचो उदाङ्गो र डोप्किलो, ख्वाल, वाटुलो,
चुच्चो, नेप्टो, फराकीलो, सांगुरो अनि थेप्चिलो ॥३०॥
सोजो, वाङ्गो, तिखो, भुत्ते, धारिलो, छरितो, सम,
भीर, चिप्लो, रूखा, पानी, वालुवै वालुवा, सिम ॥३१॥
माटो, ढुङ्गा, दुबो, रुख, मैलो, सफा, छकाउन
देखाउन पानी सक्छ एक "म" मा अनेकन ॥३२॥
होम्याउंछ यता हेर उता आशा दिलाउंछ
सारा प्राणीहरूलाई झुक्याउन शिपालु छ ॥३३॥
यो आयोकि सबै थर्र डराइ सल्वलाउंछन्
वेला नाघि सक्यो भन्दै सामान बोकि हिड्दछन् ॥३४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कोदालो, बञ्चरो, खुर्पा, नाम्लो र हँसिया कुटो
कोदालो लिन लाएर तहलाउंछ छिट्छिटो ॥३५॥
जोताउन सकेसम्म जोताएर कजाउंछ
हुनेसम्म सकेसम्म थकाउंछ लछार्दछ ॥३६॥
न घाम भन्न पाउंछन् न झरी वत वादल
पसिनाले लग्यो शक्ति प्राण मात्र छ केवल ॥३७॥
अनि आश गरी मेरो वेला नाप्न वरावर
सूर्यको मुख हेरेर निहुरन्छन् धरातल ॥३८॥
त्यसको त्यो आश त्यान्द्रोमा जति छन् सब पर्दछन्
कुनै उम्कन पाउन्नन् सवै नै दुःख पाउंछन् भोग्दछन् ॥३९॥
तेजको जाल देखेर सहनै नसकी अनि
ज्योतिलाई निमोठेर झटारें ऊ खस्यो पनि ॥४०॥
आब्रह्म स्तम्भ पर्यन्त ऊचो होचो सवै तिर
रङ्ग भेद छंदै छैन सवै तिर वरा वर ॥४१॥
सारा प्रकृति मैमा नै विलिन्छन् एक मात्र "म"
सारामा व्याप्त 'म' न छु मेरो त नाम हो "तम" ॥४२॥
यस्तो सत्य कुरालाई लुकाएर कतै तिर
चटक खेल्दछ तेज जालमात्र छ केवल ॥४३॥
सानातिना कुरा छोडौं ठूलोमा अतिविस्तृत
भई फैल्याछ आकाश-भन्दा अरु ठुलो छ त ? ॥४४॥
न मेरो तौल यत्ति छ न छ क्षेत्रफलै यति
भन्न सक्ने कुनै विद्वान् "नभूतो नभविष्यति" ॥४५॥
मेरो साम्राज्यमा सौख अमन्चैन छ शान्ति छ
मेरो पनि कुनै पक्का छ आश्रय छ एक छ ॥४६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस्लाई ईश क्वै भन्छन् त्यस्को नाम असंख्य छ
प्रोत, प्रोत, सवे "राम" सच्चिदानन्द रूप छ ॥४७॥
त्यसैले नर हो ज्ञान जान्न छैनौ कुनै कम
बुझ्यौ "रात म हूँ" भन्छु सुती आनन्दमा जम ॥४८॥
दुनियांको बुझी राय सुमन्त्रलाई भन्नु भो
रातमा नै हिडौं हामी भन्दा रथ तयार भो ॥४९॥
अयोध्या तर्फ नै जाऔं बाटो छलेर फर्कुला
सुस्त जाऔं नथापाउन् ओडा नाघौं अनि खुला ॥५०॥
निद्राको वशमा पर्दा उठ्न न ती भए ढिला
विउंझे पछि देर्छैन् त नदेखदा "अब खोजुला" ॥५१॥
पाङ्ग्रो फर्केर दौडेको वाटाका पछि लाग्दछन्
घुमी फिरी अयोध्यामै पुग्दात शोक गर्दछन् ॥५२॥
"रातमा रामका साथ थियौं"... आंशु पनी झरे
"कस्तो वखत आएछ झुक्यायो दिनले हरे ॥५३॥
आफू आफूस आफैंले कस्तो धिक्कार यो जुनी
भनी विलाप गर्छन् ती "हाम्रो खप्पर हो खुनी" ॥५४॥

(१०) सन्दर्भ श्रीरामको गुहसँग भेट,
लक्ष्मण र गुह सम्वाद

वेगले रथ दौडेर शृङ्ग वेर पुरै पुग्यो
गङ्गा स्नान गरी राम शिशपा रूख जो थियो ॥१॥
गएर रूखको फेद-मा राज गरि बसियो
श्रीराम गुहको भेट अङ्कमाल पनी भयो ॥२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जाति पाति सबै नीचो घरान पनि नीच हो
काम काज सबै नीच पेशा पनि त नीच हो ।।३।।

रामको गाथाले मेरो अङ्ग स्पर्श हुदा अति–
भाग्यमानी भए ठूलो यो भन्दा अरू के गति ।।४।।

सौगात गृहले भन्दै चढाइ पाउमा परे
कतिले फूलको माला चढाई दण्डवत् गरे ।।५।।

दही र फूलको गुच्छा फलले छन् दिए फल
वल्ल पायौ भनी पीए सबले पाउको जल ।।६।।

सबैको सब सौगात छुनु भो "लिन्न हूँ सत,
कुनै शहरमा जान्न वृत्तान्त सुन्नुभो मत !" ।।७।।

बरको दूधले केश जटा मुकुट बांधनु भो
मुकला राम सीताको बिछ्यौना कुशमात्र भो ।।८।।

धनु, वाण लिई ठिङ्ग उभिई रातमा कति
लक्ष्मण ! घरमा मेरो सुत्ता हुन्न कुनै क्षति ? ।।९।।

साह्रो हजूरको काम हो पर्ने गर्न जे तत
गर्दछु रामको सेवा गर्न पर्ने सबै उति ।।१०।।

गुहजी ! भन्नु भो लाख भयो तर त लक्ष्मण
रामको पाउ छोड्दैन आओस् दुःख बढी गुण ।।११।।

दुःखलाई हार खाई जित्दछु दुःखलाइ म
रामका साथमा बस्दा दुःख ठान्दिन सत्य म ।।१२।।

नाथका साथमा बस्दा दुःख आइ परे कुनै
सहन्छु दुःख नै दुःखी ठान्नुस् आजित होस् उनै ।।१३।।

रामको साथ छोडेर बस्दा दुःखी हुने छु म
साथ छाड्नु परेमा त प्राण त्याग्छु अवश्य म ।।१४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राम संसारका स्वामी राम योगी जन प्रिय
सन्त, साधु, सवै भन्छन् "भन्दछन् रामको जय" ॥१५॥
उठ्दा, वस्दा, सवारीमा सुत्दा भोजनमा पनि
विलास, भोग कस्तो थ्यो सुख दर्वारमा अनि ॥१६॥
स्नान कस्तो हुंदो होला ? राजाका पुत्र रामको
रव.फ, धाक कस्तो थ्यो सेवा ती दास वृन्दको ॥१७॥
गयो खोपी र पोशाक पलङ सुनको गयो
हात्ती, रथ, सवं घोडा सेना छाता कता गयो ॥१८॥
राज-काज गयो मान शान सारा गयो धन
कैकेयीले गरिन् आज राज्यको वदला वन ॥१९॥
सुनेर गुहका वार्ता अनि लक्ष्मणले भने
गुहजी ! सुन्नु होस् रात सिद्धिए दिन आउने ॥२०॥
सिद्धिए दिनको पालो फेरि यो रात आउने
रथका चक्र जस्तै हुन् तल माथि घुमीरने ॥२१॥
दु:खले सुखको पुच्छ सुखले दु:खको पिछा
उछिना, उछिनो गर्छन् छोड्दैनन् कहिल्यै पिछा ॥२२॥
कसैलाई कसैले नै दिन सक्तैन दु:ख हो
अथवा सुख त्यो दिन्छ भन्नू पनि कुबुद्धि हो ॥२३॥
"म गर्दछु" भनी भन्नु– पनि त्यो अभिमान हो
दुनिया कर्मको भाग– भित्र पर्दछ सत्य हो ॥२४॥
उत्तिकैमा उसै दु:ख पीर आउन सक्तछ
त्यस्तैनै आफसे आफै सुख पनि त आउंछ ॥२५॥
कर्मयोगी, महाज्ञानी सुख दु:ख बरावर
ठानेर काम ती गर्छन जन सेवा निरन्तर ॥२६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राणी मात्र सबैलाई दया गर्नु सके भर
ईशमा सब संसार नगर्नू कसको छ र ॥२७॥
गुह लक्ष्मणका वार्ता चल्दा चल्दै उता चरा
"झ्याप्पी उठ" भनी वास्यो पखेटा चाल्छ च्याखुरा ॥२८॥
वैज्ञानिक ठुला विद्वान् काना दानवका गुरु
उदाए देखिए माथि अग्ला पर्वतका तरु ॥२९॥
आकाशमा सबै तारा-लाई छोडेर पश्चिम
गङ्गा पारी भए जून चन्द्रको मार्ग थ्यो कम ॥३०॥
नीलो गगनमा रातो उषाले छर्कदै गई
तारा मण्डलमा तारा लुक्न थाले कता गई ॥३१॥
अरुणोदय भो रातो सूर्योदय भयो अनि
प्रातः कालिकको काम सिद्धियो रामको पनि ॥३२॥

(११) सन्दर्भ— डुङ्गा पार गरी भरद्वाजाश्रम

मित्र ! डुङ्गा ल्याउनू होस्" आज्ञा पाएर रामको
ल्याए डुङ्गा बलियो नै सहित दाजु भाइको ॥१॥
"राजा पिताका पाऊमा प्रणाम दिनको दिन
विन्ती गर्नू" गला अड्क्यो रामको किन हो किन ॥२॥
आंशु गह भरी "हाम्रो, लिन पार्दैन बर्ष पिर
अवधि पछि सेवामा पाउमा हुन्छु हाजिर ॥३॥
सुमन्त्र ! जे भएको छ सबै विन्ती गरी दिनू
राजाको मनमा पीर नपरे अरु के भनू" ॥४॥
"सुमन्त्र दुइ शाशूमा मेरो विन्ती चढाउनू
दण्डवत् छ, सधैं सेवा गर्न मैले नपाउनू" ॥५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्दा जनक पुत्रीको ओठ फर्र फुऱ्यो उसै
डुङ्गा चढ्नु भयो एतैं हेर्दैं जानु भयो यतै ॥६॥
डुङ्गामा पहिले सीता अनि श्रीराम लक्ष्मण
गुह आफैं वसे चाल्न डुङ्गा चाल्न विचक्षण ॥७॥
"गङ्गे पूरा गरूंला म फर्कंदा राम लक्ष्मण
सहित भइ" सीताले भन्नु भो "जान्हवी सुत" ॥८॥
नाथ ! हजूरका साथ म पनि आउंछू वन
छोड्दिन प्रभुको पाउ" बुझे र गुहको मन ॥९॥
"चौध वर्ष हुंदा फर्की आउंदा पहिले गुह !
तपाईलाई भेटेर गर्नेछु कामको तह" ॥१०॥
गङ्गा तरेर श्रीराम लाग्नु भो वनको पथ
सीता पछि उनै भाइ वारि नै छाडिया रथ ॥११॥
सुमन्त्र देखियुन् जेल पारी हेरी रहे अनि
फरक्क रथ फर्काए सुमन्त्र केरून् त नि ॥१२॥
गह भरी भयो आशु गला घुंक्क भयो उसै
उकुस् मकुस भो छाती शोकको उम्रियो टुसै ॥१३॥
विदा वादा हुंदा सारा सुनेर वनको तय
नर नारी सवैले नै भने "श्रीरामको जय ॥१४॥
गङ्गा तरी निकै फांट हिड्नु भो भार्ग पैदल
नदीको तीरमा वास पर्दथ्यो रूख पैदल ॥१५॥
देखिन्थे गाउं पिच्छे नै लिची र रूख आंपका
कतै मानिसको भीड कतै लस्कर गोरुका ॥१६॥
गाईका छन् कतै तांति दुधालु अति सुन्दर
सेती, काली, कुनै माली एकै नासे सवै खुर ॥१७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सून सान कतै वाक्लो कांडादार ठुलो वन
कहिले बास त्यै पर्थ्यो, हिड्दै जाँदा वनै वन ।।१८।।
"विस्तारै उक्लिऊ सीते ! पर्न जान्छ परिश्रम"
पुगी वक्स्यो वगैंचामा श्री भरद्वाज आश्रम ।।१९।।
ब्रह्म चारी ठिटो देखी रामले भन्नु भो "वटो" !
रामको लिइ हाजीर ब्रह्म चारी गए छिटो ।।२०।।
सवारी रामको सुन्दा खुसी साथ ऋषीश्वर !
मधुपर्क र पाद्यार्घ हातमा लिइ सत्वर ।।२१।।
गएर नम्रता साथ रामको गरि स्वागत
अनुरोध गरे वस्न कुटीमानै यथोचित ।।२२।।
ऋषिले भक्तिका साथ दिएका फल भोजन
गरी "वृत्तान्त" भन्नू भो वुझ्नु भो सव कारण ।।२३।।
एक रात वास हिंज्दा विहानको पख
डुङ्गामा यमुना तर्दा देखियो सूर्यको मुख ।।२४।।

(१२) सन्दर्भ- वाल्मीकिको आश्रममा श्रीराम

कतै ऊकालो उक्लन्थ्यो कतै वर्लन पर्दथ्यो
कतै वाङ्गो कतै तेर्सो कतै वगर पर्दथ्यो ।।१।।
चित्र कूट पुगिवक्स्यो वुझ्दै पर्वतका गुण
रातो कमलले युक्त पोखरी भमरागण ।।२।।
ढक कक्क फुली फूल रमणीय तपोवन
नुहेका फलले रूख देखिन्थे ती अनेकन ।।३।।
छुट्टा छुट्टै चट्ट राम्रा छन् पवित्र ती आश्रम
गाई ढलक्क ढल्केका दुधालु नन्दिनी सम ।।४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऋषि मात्र त ती हैनन् बाल्मी कि सुरुका कवि
सेतो दारी जटाजूट छ तिन्को देहमा छवि ॥५॥
ऋषि लिन स्वयं आए सवारी सुनि रामको
गरी स्वागत, देखाए सौन्दर्य स्थान शान्तिको ॥६॥
कर कमल जोडेर रामले गरि आदर
ऋषि वाल्मीकिजीलाई भन्नु हुन्छ "ऋषीश्वर ! ॥७॥
"कहाँ वसे वेस होला ? भाइ सहित जानकी
निर्देशन भए हुन्थ्यो वास वनाउंथ्यौं सिकी" ॥८॥
ऋषि मुसुक्क हाँसेर भन्नु भो करुणाकर !
सचराचर साराका "आफू" नै वास हैन र ? ॥९॥
भए जति सवै जीव स्थावर आनि जङ्गम--
मा सवै रामको वास कुन होला अहो ! ! ! कम ॥१०॥
र सबैमा रामको वास सवैको वास राममा
तै पनि सोधनी भंगो दया राखेर नै ममा ॥११॥
साधारण थलो विन्ती गरेको सुनि वक्सियो
सीता सहितको वास विशेष चाहिने भयो ॥१२॥
त्योस्तो थलो विन्ती गर्छु न छुट्ने कहिल्यै घर
जो शान्त समदर्शी छ रीस गर्दैन जो नर ॥१३॥
धर्म, अधर्म नै क्या हो सवं छोडी निरन्तर
राम भजन गर्नेको हृदय रामको घर ॥१४॥
भजन गर्छ जो राम राम कीर्तन केवल
त्यस्को हृदय नै राम ! सीता र रामको घर ॥१५॥
राग द्वेष छंदै छैन न त गर्दछ जो पिर
सुन, माटो र ढुङ्गाको वास्ता गर्दैन जो नर ॥१६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो को हो पराइ को ? शत्रु मित्र बराबर
ठान्नेको हृदयै बेस सुन्दर रामको घर ॥१७॥
निर्द्वन्द्व छ सदा बुद्धि राममा छ सदा भर
सदा सन्तोष जो हुन्छ त्यो मन रामको घर ॥१८॥
गर्नू पर्ने काम के छ ? नगरे हुन्छ के छ र
सबै कर्म तपाइँ मै राख्नेको राम हो घर ॥१९॥
अप्रिय, प्रियको खाँचो वास्तै गर्दैन जो नर
स याको जाल हो भन्ने 'मन' हो रामको घर ॥२०॥
बाल, युवा बुढो भन्नु देहका हुन् यी केवल
आत्माका हैन यो भन्ने "बुद्धि" हो रामको घर ॥२१॥
भय र भोग्य, भोज्यादि कामादि हुन् भयङ्कर
बुद्धि र प्राणको खेल त्यै "बुद्धि" रामको घर ॥२२॥
संसारमा बसी आफू संसार ठान्छ बाहिर
शान्तिमा दृढ 'विश्वास' त्यहि हो रामको घर ॥२३॥
सर्वत्र राम जो देख्छ सच्चिदानन्द एक र
नित्य हृदयमा देख्छ निर्लिप्त परमेश्वर ॥२४॥
त्यस्को (जस्को) हृदय रित्तो छ हेराम ! सुनिवास्सयोस्
पवित्र घरमा राज सीता सहित राज सोस् ॥२५॥
सधैं अभ्यास गर्नाले पारेको बलियो मन
र म चरणको सेवा-मा निष्ठा गर्छ जो जन ॥२६॥
राम कीतन गाएर पाप छैन कतै वर
"रमन्ते योगिनो यस्मिन्" "रमणात्" रामको घर ॥२७॥
संसार रामले टम्म विशेष यी घरै घर
सीता सहित होस् राज छुट्दै नछुटिने घर ॥२८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अन्त्यमा ऋषिले सारा वृत्तान्त सुनि रामको
बाल्मीकिले भने "राम ठीक पार्दछु वासको" ।।२९।।
भनी आत्मा कथा भन्न लागे ऋषि कवीश्वर
राम चन्द्र ! सुनी वक्स्योस् क्रोधी निर्दयीको घर ।।३०।।
म थिएं चोर डाकू र स्वास्नी थी नीच जातकी
रक्सी पान गरी हिंड्थें जुवा खेल्थें निकै लुकी ।।३१।।
जन्म मात्र थियो मेरो ब्राह्मण वंश जातमा
धर्म कर्म सवै भ्रष्ट थियो निष्ठा कुकर्ममा ।।३२।।
छोरा छोरी थिए धेरै गर्न पालन पोषण
चोर्नू सिवाय के हुन्थ्यो के गरी पाउनू ऋण ? ।।३३।।
लुट्न र अथवा चोर्न मौका छोप्नु छ के गरी
चौ वाटामा कुरी वस्थें मेरो काम सधैं भरी ।।३४।।
यस्तै काम गरी वस्दा धेरै वर्ष विते पछि
छाक टार्नू पर्‍यो आज यीनैका कपडा लुछी ।।३५।।
गएर कड्किएँ देओ तिम्रा जे जति छन् धन
"धोती थोत्रा उपर्ना यी लगी के गर्दछौ भन" ।।३६।।
देख्दा सात जना मैले के भयो किन हो किन
लिनू मात्र थियो काम भन्न के थ्यो प्रयोजन ? ।।३७।।
तथापि मन्न थाले म सुने मेरो कुरा सव
अनि सप्तर्षिले वोले "घर जाऊ तिमी अव ।।३८।।
परिवार सवैलाई सोध यी पापका फल"
"लिन्छौ कि अथवा लिन्नौ" उत्तर लिइ आउ ल ।।३९।।
अनि जे गर्नु पर्ने हो गरौंला पर्खुला यहाँ
वरु "झट्ट गई आऊ हामी वोल्छौ झुठो कहाँ" ? ।।४०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्देमा तिनले "राम" ! मान्नु पर्ने थियो र के ?
प्रभाव मनमा मेरो पर्न आएछ लौ न के ? ।।४१।।
प्रतिकृया पऱ्यो उल्टो घरमा पाउंदा 'मत'
छांगाबाट खसे जस्तै हुंदा सप्तर्षिमा म त ।।४२।।
प्रभाव तिनको कस्मो दिनको गतिको क्रम
फर्केर पाउमा पत्रे कस्तो साधु समागम ।।४३।।
"विप्रन् सम्म विप्रोको मेरो उद्धार हुन्छ के ?
भए आज्ञा हवस् भन्छु मैले गर्न हुने छ के ? ।।४४।।
करुण मूर्तिका खानी— दया सागरले कहे
"एकाग्र चित्तले जप्नु 'मरा' मात्र भनी रहे ।।४५।।
फेरि हामी यहां आंला त्यहाँ सम्म गरे तप"
अर्ति दिई गए राम ! भने जस्तै गरें जप ।।४६।।
राम चन्द्र सुनी ववस्योस् जप गर्दा कुनै सुर
भएन दिन वा रात महिना ऋतिको भर ।।४७।।
सप्तर्षि आइ हेर्दा त धेरै वर्ष विते पछि
धमिराको ठुलो गोलो मेरो देह सबै पुछि ।।४८।।
बोलाउंदा सुनें देखें पाउमा दण्डवत् गरें
"दयानिधे ! सुनू आज्ञा भनेर पाउमा परें ।।४९।।
धमिरावाट निस्कयौल ती सारा पाप नाशिए
पुनर्जन्म भयो तिम्रो "वाल्मीकि" भनी ती गए ।।५०।।
रामको नामले गर्दा मुनिको पदमा पुगें
भने उहि राम औले सामुमा देख्दछु के भएं ? ।।५१।।
वाल्मीकि शिष्यका साथ गङ्गा पर्वतको विच
पूर्व पश्चिमको एक दाया उत्तरको विच- ।।५२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मा आगनत एकै भो घर ता दुइटा म भो
सीताका साथ श्रीराम चन्द्र लक्ष्मण बस्नु भो ।।५३।।

(१३) सन्दर्भ– राजाको स्वर्गवास् र भरत आगमन

ती राजा रानी कौसल्या छन् पुत्र शोक विह्वल
थिए, सुमन्त्र देख्दात भए आकुल व्याकुल ।।१।।
भक्कानेर रुदा ''राम' अहिले छौ कहाँ तिमी ?
कहाँ पु-याइ आयौ रे, भन हाल सबै तिमी'' ।।२।।
''राजा पिताका पाउमा प्रणाम दिनहू दिन
विन्ती गर्नू'' गला अड्क्यो रामको किन हो किन ।।३।।
आंशु गह भरी ''हाम्रो लिन पर्दैन क्यै फिर
अवधि पछि पाउको सेवामा हुन्छु हाजिर ।।४।।
सुमन्त्र ! जे भएको छ सबै विन्ती चढाउनू
राजाको मनमा पीर नपार्नू अरु के भनू'' ? ।।५।।
सुमन्त्रले गरे विन्ती वृत्तान्त राम चन्द्रको
''हेराम''! भन्दछन् राजा ''दुःख भो वन वासको ।।६।।
हे लक्ष्मण सह्यौ दुःख हा सीते ! प्रिय वर्दिनी
असह्य वेदना सुन्दा प्राण जादैन यो'' भनी ।।७।।
विलाप गर्दछन् राजा कौसल्या पनि उत्तिकै
रात काट्न प-यो वाधा धौ धौ पर्न गयो निकै ।।८।।
''कौसल्ये म जवानीमा शिकार खेल्दथे सुन
वाण हान्न शिपालू छु घमण्ड गर्दथें झन ।।९।।
लक्ष गारो जति पर्थ्यो उत्तिकै सोख लाग्दथ्यो
हात्ती ठानी शब्द भेदी वाण हान्दा ठिटो प-यो ।।१०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लक्षमा पुगि हेर्छु ता देखें घायल मानिस
सोध पूछ गरी बुझ्दा,, "झिक वाण यता वस, ।।११।।
मेरा वृद्धा पिता माता अन्धाका नितिमा जल
लिन निर्मल पानीमा भुँड्को डुवा उदा तल ।।१२।।
भल् भुल शब्दका साथ वाण लाग्दा ढलें पर
नढाटीकन वृत्तान्त भनी शरणमा पर ।।१३।।
पिताको हुन्छ जो आज्ञा पूरा पूर गरे सव"
कुमार चूप के लागे उड्यो प्राण कठै शिव !!! ।।१४।।
यथार्थ सव वृत्तान्त भनें श्रवणका कुरा
मूर्छा विसाप वाहेक के गरुन् विचरा वरा ।।१५।।
" धन संपति सर्वस्व हाम्रो हो एक मात्र त्यो
वाहेक अरु क्यै छैन भने जिउनु के छ यो ? ।।१६।।
यसैका साथमा हामीलाई राखी जलाउनू
" पुत्र शोक परी मृत्यु तिम्रो होस् " भनी जाननू" ।।१७।।
भनेर पुत्रको लाश साथमा ती जली मरे
कौशल्या बुझ त्यै वेला "यै वेला हो" भनी गिरे ।।१८।।
" वीर लक्ष्मण ! हे राम ! हा सीते ! प्रिय वादिनी !"
राजाको प्राण अल्झ्या छ "राम ! राम ! भनी" भनी ।।१९।।
" राम ! राम ! तिमी आज नहुंदा दरवार यो…
मेरो प्राण तिमी राम… "प्राण" न रहने भयो" ।।२०।।
वंशमा कहिल्यै यस्तो नभएको कुरा पर्‍यो
ज़िन्दगी भरको कीर्ति एकै खाडलमा डुव्यो ।।२१।।
राजाले जति जे काम वोलेको सव पुग्दथ्यो
दरवार भयो भ्वाङ्ग टाटदा नटालिने भयो ।।२२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजाको घोषणा जस्तो कुरो उल्टो हुंदा यता–
संसार भरमा उन्ले मुख देखाउने कता ।।२३।।
राजाको वांचने रोग चुडियो प्राणको पिंध
हट्यो दुःख गयो लाज राम नाम महौषध ।।२४।।
रानी, नानी थिए सारा राजाको अन्त्य कालमा
तर पुत्र भने एक थिएनन् चार भाइमा ।।२५।।
पुत्र शोक छ पिल्सेकी कौशल्या विचरी वरा
पति वियोग त्यस् माथि छाती चर्चरियो चिरा ।।२६।।
यसै थियो रुवा वासी वलेको अग्निमा घिउ–
थपे जस्तो भयो पीडा कसरि थामियोस् जिउ ।।२७।।
समाउने न हाँगो छ नटेक्ने ठाम पाउने
मूर्छा वाहेक के पाउन् ? केले मन छ थामिने ।।२८।।
होस हवासनै छंन सबै अति विह्वल
गुरु वशिष्ठ वाहेक वेहोसी मात्र केवल ।।२९।।
"वशिष्ठको छ आदेश दुइ भाइ तुरुन्त नै
अयोध्या आउनै पर्छ विचार नगरी कनै ।।३०।।
मानिस खटिए जान भरतलाइ ल्याउन
भरपर्दा छिटा दूत ढीलो ती गर्दथे किन ? ।।३१।।
तेलमा राखि राजाको शव विज्ञानको भर
जस्तो देह छ उस्तै नै रहन्छ छंन क्यै डर ।।३२।।

भरत आगमन

सुनी वशिष्ठको आज्ञा भए भरत आकुल
विदावादी भए झट्ट दौडियो रथ सत्वर ।।३३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अयोध्यामा पऱ्यो आपत् भए भरत धुर्मुर
राजा वा रामलाई नै भयो होला कुनै पिर ।।३४।।
राजाको छैन आदेश न त आज्ञा छ रामको
गुरु आज्ञा उसै दिन्छन् ? आदेश छ वशिष्ठको ।।३५।।
रथ दौडि रहेको छ भरतको चित्तमा
विभिन्न चिन्ता बढ्दो छ आएन सुझ बुद्धिमा ।।३६।।
विवेकका साथ सोच्छन् अध्याराको जधार छ
तैं पनि किन हो कुन्नि मुटु थर्थर काँप्दछ ।।३७।।
दुवैटै भाइको चित्त कुरा खेल्दा कट्यो पथ
कुरै उठेन क्यै भन्न वेग साथ गयो रथ ।।३८।।
कहाँ छ रथ दौडेको ठाउं प्रान्त र देशको
गाउंको ज्ञान क्यै छैन कुरा खेल्छ वशिष्ठको ।।३९।।
यस्तै खुल्तुलिमा पर्दा अयोध्यामा पुग्यो रथ
जता हेऱ्यो उतै शून्य उजार सब छन् पथ ।।४०।।
भीड मानिसको छैन उत्सवको त के कुरा ?
नभए अरू केही नै हुनु पर्थ्यो कुनै भुरा ।।४१।।
रथको गतिमा बाधा छैन शून्य हुंदा पथ
राज दर्वारको ढोका छिटो नै पुगिगो रथ ।।४२।।
छिटा र छरिता झट्ट बर्लिए रथवाट र
लम्के भरतजी चांडै भएर अति विह्वल ।।४३।।

(१४) सन्दर्भ– कैकेयी भरत (क)

सरासर पुगे खोपी माताका पाउमा परे
दर्वारको कुनै शोभा नदेखी पीरमा परे ।।१।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कैकेयीले सुधिन् तालु आयौ कुशल साथ न ?
कुशलै होइ वस्सिन्छ पिता, माता सबै जन ।।२।।
बिन्ती भरतजी गर्छन् भरत पीरमा परे
चिन्ताले ढाकिएकै छ मन मान्दैन क्यै गरे ।।३।।
"एक्लै राज भएको छ राजालाई म देखिन्दिन
पिताजी अहिले माता ! राजमा छ कता कुन ।।४।।
सभामा राज भाको छ ? मेरो तुल्बुलियो मन
हजूरलाई छाडेर राज हुन्थ्यो कुनै दिन (क्षण) ।।५।।
राजा राज्य कहाँ भाछ मर्जि होस्न ढिलो किन ?
पितालाई नदेख्दात डर दुःख वड्यो झन ।।६।।
जन्मको मृत्यु नं हुन्छ अवश्य तिमी जान वा
कैकेयीले भनिन् नानि बाबु ! दुःख नमान वा ।।७।।
पृथिवीमा हुने जे छ सुख भोग गरी कति
धर्मात्माहरूको बाटो राजाको त्यै भयो गति ।।८।।
राजाको स्वर्गको वास सुन्दा भरत विह्वल
कता सवारी भो छोडी मलाई दुःख सागर ।।९।।
लडी विलाप ती गर्छन् कैकेयी आंशु पुछ्दछिन्
अन्दो वस्त गरें ठीक दुःख नमान भन्दछिन् ।।१०।।
"आदेश के भयो माता राजाको अन्त्य कलमा"
निर्धक्क संग कैकेयी भन्छिन् नराखि चित्तमा ।।११।।
"हे राम ? राम ! हे सीते ! हे वीर पुत्र लक्ष्मण !
भन्दा भन्दै स्वर्ग व स भयो भरत लौ सुन" ।।१२।।
भरत सोद्धछन् मातः किन त राम साथमा
सीता, लक्ष्मण नै काहाँ हुनु हुन्थ्यो त अन्त्यमा ।।१३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"अघि लडाइमा जांदा राजाका साथमा थिएं
घमासान भयो युद्ध म पनि युद्ध मैं थिएं ॥१४॥
एक दिन भयो यस्तो राजाको रथको चक्को
चुकुल फुस्कियो देखें के हुने छ नरेशको ॥१५॥
भनेर चोरि औंलो यो हाली धैर्य गरी वसें
पाङ्ग्रो खस्ला भनी मैले वलले नै सहें धसें ॥१६॥
विजयका वजे वाजा राजाले देखि वक्सियो
त्यसै बखतमा नानि ! दुइटा वर वक्सियो ॥१७॥
विन्ती गरें रहोस् "नासो" खट्टमा पाउं यी वर
राजावाट भयो आज्ञा "परेमा माग है त ल ॥१८॥
यत्तिकैमा विते वर्ष मलाइ खट्ट के थियो ?
परेन क्यै पनी माग्न वरदान उसो रह्यो ॥१९॥
सल्लाहको कुरै छैन थाहा नै नदिई उसै
नभएको तिमी वेला-पारी राज्य दिने त्यसै ॥२०॥
मन्थराले बुझीघेर अगिल्लो दिन सांझमा
मलाइ भन्दा थापाएं "भोलि शुभ मुहूर्तमा ॥२१॥
टाक्टुक्क सव भो ठिक्क राज्याभिषेक रामको
त्यसै वेला पऱ्यो माग्न दुइटै वर दानको ॥२२॥
मौका छोप्न परी हाल्यो राजा पनि सवारी भो
"नासो वर दुइ पाऊं" वक्सिएत मलाइ भो ॥२३॥
राजावाट भयो आज्ञा "हुन्छ दिन्छु दुवै वर
के खट्ट छ तिमीलाई मागी हाल नी वर" ॥२४॥
यी नै सामानले छोरा भरतलाइ राज्य होस्
चौध वर्ष वसुन् राम वन वास पठाइयोस् ॥२५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सत्यवादी हुंदा राजा पूरा पूर भयो वर
राजालाई पऱ्यो बाधा, राम जांदा पऱ्यो पिर ॥२६॥

सीता पतिव्रता नारी राम जांदा गइन् वन
दाजुमा भक्ति देखाइ पछि लागेछ लक्ष्मण ॥२७॥

मुनिको ब्रतमा राम तीनै जना गए वन
तिनैलाई सम्झी सम्झी "राम ! तिमी वन ॥२८॥

विलाप शोक गर्दा नै हे राम ! करुणा कर !"
भनेर नृपले छाडि बाक्सयो देह नश्वर ॥२९॥

कुरा सुनेर आमाका वज्रलागी सरी भए
लडे होस छंदै छैन खास मूर्छा उनी भए ॥३०॥

धेरै बेर बित्यो बल्ल मूर्छाबाट त उम्किए
शोकले रुन ढाक्दा त सबै विपत्ति बेरिए ॥३१॥

दुःखी भएर कैकेयी नानि छोरा तिमी सुन
पायौ राज्य ठूलो यत्रो शोकले गर्छ के भन ॥३२॥

कैकेयीको कुरा सुन्दा रीसले ती बढी जले
अवला ती भइन् बाचिने रीसलाई कता छले ॥३३॥

पापिनी हौ तिमी जान जाली झेली तिमी भयौ
पति मार्ने तिमी घोरे ! यस्ती आमा तिमी भयौ ॥३४॥

गर्भबाट म जन्मिए महापापी यसै भने
आगोमा हाम फालेर मरे पनि त के हुने ॥३५॥

विषपान गरी मर्नु मेरो निति ठूलो गति
सेरिएर मरे पो के हुंदैन क्यै पनी खति ॥३६॥

दुष्टे तिमी कुम्भिपाक पर्न अवश्यनै भयौ
कैकेयीलाई झाट्छन् ती स्वामी मार्ने तिमी भयौ ॥३७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अपराध विना तेसै निस्क्यो को सूर्यवंशमा ?
ममा कलङ्कले छायौ तिमीले रघुवंशमा ।।३८।
इक्ष्वाकु कुलको रीति भङ्ग गर्ने तिमी भयौ
महारानी तिमी जस्ती थिएनन् पहिली भयौ ।।३९।।
स्थिति उखेल्दछयौ बाठी तिथी के मान्दछयौ तिमी
पूजा, आजा उसै जान्छन् धर्म छाड्न तिमी कमी ।।४०।।
आमा भनी प्रशंसा नै गर्न नपाउने भएँ
तिम्रो कर्तुतले गर्दा म पनि दुष्ट नै भएँ ।।४१।।

अलि संग लिएर

श्रीराम चन्द्र जन्मँले राजा हुने निधो थियो
कि यादै राखि ववसेन ? धेरै बर्ष उसै बित्यो ।।४२।।
राजाको सामुमा आफ्नो राय या वरदान नै
बिन्ती गर्न्या भए हुन्थ्यो राज्य भरतलाई नै ।।४३।।
मेरो निति मुमा मागने राजावाटै त वक्सिने
म पाउने भई हालें नमिल्ने कसरी हुने ? ।।४४।।
कति वर्ष उसै भाग्यो निस्केन यो कुरा किन ?
पहिल्यै माग्नु हुन्थ्यो ता (मागिवक्सियो) युक्ति हुन्थे
अनेकन ।।५४।।
विकल्प कति निस्कन्थे राजाका मनमा कति
मेरो राय पनी हुन्थ्यो हुंदैनथ्यो कतै खति ।।४६।।
हामी मैं सर सल्लाह हुन्थ्यो ठहर जे अनि
गर्थ्यौं, दर्बार यो भ्वाङ्ग हुनै पाउन्नथ्यो पनि ।।४७।।
गुम्स्याई राख्दा राख्दै पिलिसई पीँधमा पुगो
फुट्दा त कुलको सारा इज्जत संगिटो लगो ।।४८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ख) कैकेयी भरत

नानि ! भरत के बुझछौ साना नै अझछौ तिमी
आमाले पुत्रको निति गर्न के राख्दछे कमी ।।१।।

कल्याण पुत्रको गर्दा भन के पाप लाग्दछ ?
न गर्नु पाप हो छोरा गर्नु कर्तव्य जच्दछ ।।२।।

असमर्थ नगर्नु हो अथवा बुद्धि हीन हो
नत्र आमा कुनै छैन संसार भर सत्य हो ।।३।।

नसक्ने मान्छ रीवाज अन्ध विश्वास हो बुझ
रीती, थिति सबै मान्छ आदर्श भन्छ लौ अझ ।।४।।

भन्छन् परम्परा ठूलो नसक्ने जति छन् सब
टाल टुल सके गर्छन् थाम्छौं भन्छन् कठै शिव ।।५।।

सक्ने ती सब छाडेर नयां संसार रच्दछन्
बढ्छन् काम गरी ती नै स्वर्ग पातल घुम्दछन् ।।६।।

तारा ती सब चारेर बुझ्छन् चाल छ के भनी
स्वर्गीय सुख आनन्द भोग्छन् भोगाउंछन् गुनी ।।७।।

वीरको निति यी पृथ्वी काम धेनु सधैं भरी
अल्सी, नामर्दको निति छाक टार्नु छ के गरी ।।८।।

परम्परा रच्यो कस्ले के स्वाभाविक यो कुरा ?
हो होइन ? तिमी आफैं गर काम गरी दरा ।।९।।

राजनीति ठूलो शास्त्र एकै नास सधैं भरी
हुंदैन कहिल्यै जान हो मौका छोप्नु क्यै गरी ।।१०।।

मान्छौ यदि तिमी फेरि आदर्श र परम्परा
भने आमा म तिम्रीहूं मान्नु पर्दछ यो कुरा ।।११।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लामो शास लिई भन्दछन् कूटनीति हजूरको
पक्ष नै लिउँ आमाले हुने कल्याण पुत्रको ॥१२॥
गर्दछन् गर्न पर्ने हो आशा राखी भविष्यको
आखीर अद्छ अड्दन लक्ष हो जुन कामको ॥१३॥
अड्ने भए गरून् काम छोडुन् आदर्श, धर्म लौ
पक्षमा जन धर्र छन् भने छोड्नु सबै नै लौ ॥१४॥
अगाडि मात्रको भाग हेर्ने, छोड्ने भविष्यको
भने लौ काम कच्चा हुन् जस्तो काम हजूरको ॥१५॥
रामले कहिल्यै कस्को सुखमा आंच ल्याउने
मातृ भक्त वहा जस्तो कतै खोज्दा छ पाइने ? ॥१६॥
कौसल्या अरू माताको सेवा गर्ने वरावर
प्राण भन्दा पनी प्यारो भाइमा गर्न तत्पर ॥१७॥
पितृ भक्त सदाचारी सत्य वादी गुणी कहाँ —
पाउनु, शब्दको अर्थ पूरा गर्ने सधैं वहाँ ॥१८॥
कसैको पनि अन्याय नगर्ने कुभलो कहिं
न मीठो शब्द नै वोल्न नजान्ने कहिल्यै कहिं ॥१९॥
प्रजाका भक्त श्रीराम रामका भक्त छन् प्रजा
धैर्य शालो, धनुर्धारी गर्ने ब्रह्माण्डको पुजा ॥२०॥
दया गर्ने सधैं राम दीन, हीन, दरिद्रमा
अरूका दुःखमा दुःखी सुखी नै पर कार्यमा ॥२१॥
जन शक्ति छ राममा सहने शक्ति, त्याग छ
विवेकी नृपमा हुनु पर्ने गुण प्रशस्त छ ॥२२॥
राजाका भक्त श्रीराम राजाका प्रिय राम नै
कैकेयी (हजूर) देखि बाहेक सबैका प्रिय राम नै ॥२३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

केकय देश छोडेर अयोध्या म पसें जब
चकमन्न छ सर्वत्र राम बियोगले सब ॥२४॥
चौध वर्ष पनो वित्ला मेरो यो जिन्दगी भरो
वन वास हुनु पर्ला माता हजूरले गरी ॥२५॥
हजूर अरूको छोरा-लाई गर्ने भए पछि
मलाई अरूले फेरि के नगर्नू छ लौ लुछि ॥२६॥
सुमित्रा, धर्म, आदर्श, राजनीती बुझी विदा
दिने लक्ष्मणलाई त रामका साथमा छंदा ॥२७॥
सबै भविष्य राम्रै नै हुनु पर्दछ जे भए-
पनि लक्ष्मण जांदा त पनी लाज भएन ए !!! ॥२८॥
पतिको दुःखमा साथ दिने सीता उतातिर
सुखको निति स्वामीको प्राण लिने यातिर ॥२९॥
धर्म, कर्म, आदर्श छोडी देख्रौं कतै तिर
लोक लज्जा कतै छैन ? ढाक्नु पर्ने कतै तिर ? ॥३०॥
एउटा भाइ दाज्यैको पछि लागे गए वन
भने म भाइ गद्दीमा रहँदा हुन्न के चिन ? ॥३१॥
हजूरकै लिऊं पक्ष "भाइमा न वने कमी"
मर्जी हुन्थ्यो मलाई नै गद्दीमा म वसू जमो ? ॥३२॥
अथवा :- हजूरकै लिऊं पक्ष भाइमा न वनू कमी
श्रीराम कस्ता लौ गद्दीमा म वसू जमी ॥३२॥
मेरो माया निकै गर्ने सीता, राम र लक्ष्मण
हजूर भन्दा कौसल्या, सुमित्रा वढि झन् झन ॥३३॥
हेरी रहूं यसो भन्थ्यो भनु पर्दैन यो कुरा
दुनियाँ बोलि के भन्ला ? मुटु पार्छ चिरचिरा ॥३४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रजाका प्रश्नको सच्चा उत्तर के भनी दिनू ?
कौशल्याको परी पाउ गर्दा दर्शन के भनू ? ।।३५।।
यस्ती आमा भनी मैले आजसम्म अलिकति
चिनेको रैन छू हेर्नोस् बल्ल आज चिने भनि ।।३६।।
" छोरो भरत यस्तो छ" भनी चिन्नु भए किन
निष्ठुर वर मागिन्थ्यो त्यत्रो उत्सवको दिन ।।३७।।
अपवित्र भनी देह सतीले अग्नि कुराग्मा
प्राण झैं पर्ने हो जन्मी कुत्सित गर्भमा
पितृ वियोगको दुःख भन्दा दश गुना अझ
बढ्ता दुःख पऱ्यो दैव ! देऊ क्यै बुझ् क्यै सुझ् ।।३९।।
कौसल्याको भयो होला कस्तो हृदय बेदना
"वर" नै अग्नि ज्वालाको के गरी गरुं सान्त्वना ।।४०।।
मेरो यो जन्मले गर्दा रामको वनवास भो
सीता, लक्ष्मणको त्यस्तै पिताको स्वर्गवास भो ।।४१।।
सुमित्रा पनि छोराकै पीरमा अनि ऊर्मिला
पतिको पीरमा होलिन् रेटियो राज्यको गला ।।४२।।
वंश दीप हुनू पर्ने कुलाङ्गार समान छु
इक्ष्वाकु कुल मर्यादा ध्वंश पार्ने श्मशान छु ।।४३।।
जनता सब दुःखी छन् भाइ, भारदारका कुरा
अन्तर्राष्ट त झन् छक्क, वंशमा रोपियो छुरा ।।४४।।
राजदर्वारमा यस्ता व्यति क्रम हुंदा अरू
अनुशासनमा बस्ने हुन्छ अन्यायको शुरू ।।४५।।
दङ्गा फसादमा पर्दै नपरे पनि लक्ष्मण
गए किन ? भनू ? साच्चै जानेर शुभ लक्षण ।।४६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नगए वनमा साथ हुन्थ्यो लक्ष्मणलाई के ?
राजकीय वडो शान हरिन्थ्यो सुखभोग को ।।४७।।

कस्तै भाको पनी सिंह घाँस चर्दछ के कतै ?
मर्नै परे वरू मर्छ शान छोड्दैन त्यो कतै ।।४८।।

भौतिक सुख वेश्याको देखेर के सतीहरू
लोभ्छन् ? रूखको पात खाएर मर्दछन् वरू ।।४९।।

म ता धर्म र आदर्श रीति, रिवाज मान्दछु
अतः भक्ति र श्रद्धाले रामको पछि लाग्दछु ।।५०।।

(१५) सन्दर्भ – कौसल्या भरत, राजाको और्ध्यदेहिक

कूवा खन्दा तलै पुग्छ ठेसमा ठेस लाग्दछ
शिलान्यास गरी जाँदा माथि माथि त पुग्दछ ।।१।।

थपिन्छ दुःखमा दुःख पानीको राशिमा जल
कतै छन् बालुवा सारा सम्मै सम्म कतै तर ।।२।।

पहाडमा पहाडै छन् हिम थुप्रो कतै अति
घामै घाम कडा सूर्य – कान्तिले पार्छ दुर्गति ।।३।।

रामको शोकले गर्दा कौसल्याको निरन्तर
अश्रुधारा संधै बग्दा पार्दथ्यो चित्त धुर्मुर ।।४।।

उस माथि अझै फेरि राजाको स्वर्गवासको
वज्र पर्दा त आंशूले छोडेन डील नेत्रको ।।५।।

गए भरत दौडेर कौसल्या बस्दछिन् जहाँ
पाउमा शिर राखेर ढोग्दा आंशु झरे त्यहाँ ।।६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कौसल्याले भनिन् को हैं ढोग्दा आंशु चुहाउने ?
रानीको प्रश्नमा वल्ल तल्ल "भरत हुँ" भने ॥७॥
रानीको एकता नेत्र त्यस्मा भरतको मुख
खप्याङ् खुम्रयुङ् भएकोले चिनुन् कसरी त्यो मुख ॥८॥
सुनी भरतको बोली छाँद हालिन् रूदै वरा
तिमी घर न हूंदा त भता भृङ्ग भयो जरा ॥९॥
घरको लच्छिनै हौ नि रहेछौं भन्दछु मत
तिमी यहा वसुत् जेल हुन्थ्यो वैभव सर्वत ॥१०॥
भए भर सबै हाल सुन्यो होला छ भन्नु के ?
हुनता जन्मका साथ मृत्यु आउन्न भन्नु के ? ॥११॥
तर यहां तिमी नानि ! हुन्थ्यौ यदि भने भन ?
रामको वनको वास हुन दिन्थ्यौ ? अरू सुन ॥१२॥
निधन नृपको हुन्थ्यो ? असामयिक यो सत
यो सवै घटना मैले भाग्नै पर्दैनथ्यो शिव !!! ॥१३॥
तिमी आयौ भयो आशा तिम्रो लच्छिनले अब
"पिताको मृत्यु वाहेक सुधाछौं सवका सव" ॥१४॥
दश इन्द्रियको नेता मन सानो छ सूक्ष्म छ
स्वर्ग, नरक, पाताल क्षणमा पुग्न सक्तछ ॥१५॥
राजा, गरीव, चाणडाल धर्मात्मा वन्न सक्तछ
चञ्चले चक्चके सारै सक्छ जे पनि गर्दछ ॥१६॥
मनको शक्ति यस्तो छ लेख्न सक्तैन लेखनी
गणितज्ञ ठुलो विद्वान कवि कुथो गरोस् गुनी ॥१७॥
कौसल्या हृदयोद्गार सुन्दा भरतको मन
गांठो परी हुंदा घूँक्क सकेन शब्द निस्कन ॥१८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वल्ल तल्ल मु, मु, मा, मा, "मुमा" भन्न पन्यो बल
पर्दा ओठ चले फर्र अश्रु धारा झरे तल ॥१९॥
मुमा ! मलाइ यो राज्य काजमा विघ्न पर्दछ
भन्ने स्वप्न कुनै चाल ज्ञान छैन न सुद्धि छ ॥२०॥
"घरको लच्छिनै बाबु" आज्ञा भो तर हुँ म त
अलच्छिनी अभागी हुँ सर्वसदा छ कलङ्कित ॥२१॥
जन्म व्यर्थ भए मात्र भएत चित्त बुझ्दथ्यो
म जन्मेको हुनाले नै रडाको वंशमा पन्यो ॥२२॥
मेरो कारणले गर्दा रामको वन वास भो
वियोग रामको पर्दा राजाको स्वर्ग वास भो ॥२३॥
प्रजाका शुभ आंखारू कसिङ्गर भए मुमा !
चन्द्र, सूर्य रहे सम्म रहन्छ इतिहासमा ॥२४॥
कौसल्याले भनिन् नानि ! नमान पीर यस्तरी
जो तिमीले भन्यौ नानि तिम्रो लच्छिनले गरी ॥२५॥
यो सबै कीर्ति नै हुन्छन् श्री सूर्य रघुवंशमा
सूर्य, पृथ्वी रहेसम्म रहन्छ इतिहासमा ॥२६॥

राजाको और्ध्व दैहिक

धनु, बाण सबै उल्टो भिरेर फौज ती गए
बाजा, गाजा सबै रूञ्चे स्वरमा बदली भए ॥२७॥
राजाको "शव" को यात्रा पछि दाह भयो पनि
क्रिया काष्टादि सब भो धेरै दान भयो पनि ॥२८॥
राजाका जति सामान चाहिने जति हो सब
राजो चित भयो सारा शास्त्रो चित भयो सब ॥२९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दिन जाँन के वेर एक दिन दुइ दिन
दिनै पिच्छे काम गर्दा टुङ्गियो कामको दिन ॥३०॥

(१३) सन्दर्भ :— भरत सम्वोधन, भरद्वाजा श्रम, श्रीराम भरत मिलाप

राज्याभिषेकको वार्ता चल्दा भरत भन्दछन्
श्री राम वनमा वस्ने "गद्दी चाहन्न भन्दछन् ॥१॥
राज गद्दी र आदेश, मुकुट, छत्र, चामर
जेठा छोरा राम चन्द्र वहाँकै हुन् सरासर ॥२॥
गुरु वशिष्ठको पाउमा परी दण्डवत् गरी
आज्ञा होस् वनमा जाःछु रामको पाउमा परी ॥३॥
रामकै पाउमा गर्न राजकाज समर्पण
पितृ इच्छा गरि हाल्छु आनेकाने म गर्दिन ॥४॥
पिताको अधुरो इच्छा परि वाध्य परिस्थितिले
गर्दा रामको राज्य आमाको कपटी मति ॥५॥
आमा र वावुको भूल कतै पर्न गए 'रति'
सुधार्नु पर्छ छोराले कर्तव्य कतिका कति ॥६॥
भाइ, मन्त्री, सभा तीन भार्दार र पुरोहित
पदस्थ कर्मचारी र साधारण प्रजासित ॥७॥
सम्वोधन गरी भन्छन् भरत हे महाशय !
व्यति क्रम जहाँ हुन्छ हुने छ जनमा भय ॥८॥
मान्नु पर्दैन जो व्यक्ति उसैको हुन्छ 'स्वागतम्'
हुँदैन मान्यको मान "दुर्भिक्षं, मरणं, भयम्" ॥९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कसैको पनि अन्याय मर्यादा, स्थिति लङ्घन
गर्न गराउनै हुन्न राम जानु भयो किन ? ।।१०।।

नगर्नु मात्र के हो र? सहनू पनि पाप हो
अतः भोलि म जांदैछु यो सबै राम राज्यै हो ।।११।।

प्रजा भए सबै दङ्ग सुनी भरत घोषण
गए ती शिरमा राख्न पाउको रजको चिना ।।१२।।

जुन् बाटो जानु भो राम भरत साग त्यै गए
दर्बारका सबै जाँदा दुनिया पनि वैरिए ।।१३।।

पर्‍यो भरतको वास शिशपा रूखमा उहिं
सुने भरतले वास– वृत्तान्त रामको त्यहि ।।१४।।

श्री रामचन्द्रको माथि राय राम्रो भए गुह
"तार्छ गङ्गा उसैको ए" !! नतार्ने गर्दछु तह ।।१५।।

भनी भरतको 'राय' गए बुझ्न सरासर
बुझ्नु पर्ने सबै सत्य हाल जाने पूरा पूर ।।१६।।

गृह भरतको साथ रामको गर्न दर्शन
सबै डुङ्गा गरी जम्मा तारे गङ्गा गए लिन ।।१७।।

लाग्यो मानिसको अर्को तातिका ताति रामको
"जय होस् जय होस्" भन्दै "जय होस् राम
चन्द्रको ।।१८।।

नीच नाचो निकै हिड्छन् गाउँछन् रामको गुण
वाजा वजाउँदै भन्छन् "गर्छन् पालन पोषण" ।।१९।।

यस्तै तरहले हिंड्दा पुगे विना परिश्रम
सौन्दर्य वनको हेर्दै श्री भरद्वाज आश्रम ।।२०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भरत रामका भाइ चिनी जाने अहो !!! भने
"राजाको किन यो भेष" भन्ने भरतले सुने ॥२१॥
हात जोडी गरे विन्ती "छाता, चामर यी सवै
गाथ, गद्दी रामकै हुन् हुंदैन अरूको कवै ॥२२॥
श्री रामचन्द्रको हाल सुने भरतले जब
दुनिया सवले जाने भएको जे थियो सव ॥२३॥
औंल्याई ऋषिले खास "त्यहिंनै चित्रकुट हो,
मन्दाकिनी नदीबाट ठीक उत्तर त्यै न हो" ॥२४॥
देखिन्छन् दुइटा छाप्रा कोण आगनमा ठुलो
वाटुलो रुखको पूर्व कुटी हो रामको भलो" ॥२५॥
सुन्दा श्री ऋषिको वाक्य झट्टै पुग्नु पऱ्यो कुदी
ठाने भरतले वग्छिन् जहाँ मन्दाकिनी नदी ॥२६॥
तर "वास यहीं हो ओस" ऋषि वचनमा परी
आप्त वाक्य ठुलो जानी नाघेर जानु के गरी ॥२७॥
सबैको गर्न सत्कार ऋषि आश्रममा डटे
"काम धेनु" भनी सम्झे चाहिने जो सवै जुटे ॥२८॥
यथा योग्य सवैलाई पार्वति तिमी नै भन
भजन, भोग दिए " धन्य, भरद्वाज तपोधन ॥२९॥
रामको पाउमा खास पुग्न मात्र त वाँकि छ
चार दांते अरू हात्ती चाहिने सव ठीक छ ॥३०॥
रिसल्ला र ठुला घोडा उंटका तांति तांति छन्
देखिन्छ पार्वति राम्रो क्रम वद्ध सव ती छन् ॥३१॥
आर्यका नाच गाना छन् सांस्कृतिक सवै कला
प्रान्तीय गीत छन् नाच श्रुति र स्मृतिका भला ॥३२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भाइ, सचिव, भार्दार, गुरू, मन्त्री, पुरोहित,
अध्यापक र अध्यक्ष, ऋषि, मुनि र पण्डित ॥३३॥
राज दूत ठुला विद्वान् सेना र स्तुति पाठक
सैन्याध्यापक र सेनानी धेरै छन् ग्रन्थ कारक ॥३४॥
केवल रामलाई यो गद्दीमा राख्न बाँकि छ
आशीर्वाद ऋषे ! पाऊँ विन्ती भरत गर्जछ ॥३५॥
ऋषि मण्डलको वास चित्र कुट पुगे अनि
न देख्दा रामको वास सोधे भरत पनि ॥३६॥
ऋषि मण्डलले "हेर्नोस्, ऊ ती मन्दाकिनी पटि
देख्नु भो भनि "औंल्याए देखे उत्तरमा कुटी ॥३७॥
रूखमा झुण्डिएका छन् मृग चर्म र रूखका
बोक्राका वस्त्र लर्कैका रूखका फल फूलका ॥३८॥
खुसी भएर भरत वढ्नु भो छिट् छिटो अगि
हर्षाश्रुले भिज्यो छाति कहिले ढोगुला पुगी ॥३९॥
शोक र हर्षको सांध भरत झट् पटै गरी
रामको पाउ पक्रेर छांद हाले कठै वरी ॥४०॥
भाई भरतजीलाई रामका दुइ हातले
समातेर उठाएर मिल्नु भो अङ्कमालले ॥४१॥
आंखावाट झरे आंसु ओठफर्फर भो गला —
राकियो वाक्य निस्केन चिन्ता मक्मकि भला ॥४२॥
जति सुकै अङ्कमाल गर्दा न्यास्रो मरेन क्यै
तालु देखि सबै अङ्ग छाम्दा सुख भएछ क्यै ॥४३॥
कौसल्या, अरू माता र गुरूको पाउ परी
प्रणाम गरि वक्सियो मर्यादा पालना गरी ॥४४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफू आफू सबै साती प्रणाम सबले गरे
शत्रुघ्न दाजुको पाउमा परी दण्डबत् गरे ।।४५।।
उर्मिला राम सीतामा यथो चित्त सबै गरिन्
अनि लक्ष्मणको पाउमा परि दण्डवत् गरिन् ।।४६।।
माण्डवी, श्रुतिकीर्तिले राम लक्ष्मणको अनि
सीताजीको परे पाउ आशीर्वाद मिल्यो पनि ।।४७।।
शाशूको पाउमा सीता प्रणाम गरि बक्सियो
गुरू बशिष्ठको सत्य आशीर्वाद पनि मिल्यो ।।४८।।
मर्यादा क्रममा पाए भेट दर्शन रामको
आएका जति साराको पूर्ण भो आशा चिन्तको ।।४९।।
राजाको गाथ आराम ? मलाइ उपदेश के ?
आज्ञा के छ पिताजीको मैले गर्नु छ काम के ? ।।५०।।
गुरू आज्ञा हआस् सारा राम गर्न छ तत्पर
मलाइ गर्नलाइ क्यै छैन मुस्किल के छ र ? ।।५१।।
मेरो वियोगमा दुःखी अवश्य हुनु भो पिता
तर दुःख यहाँ छैन सुख नै ठान्छ राम ता ।।५२।।
संसार सब झूठो छ विन्ति के गर्नु पर्दछ
संसारका सबै वस्तु क्षण भङ्गुर नाश छ ।।५३।।
ब्रह्मादेखि किरा सम्म पृथिवी सूर्य, चन्द्रमा
ग्रह, नक्षत्र सारा ती नाशिन्छन् सब विश्वमा ।।५४।।
संयोग छ वियोगान्त जन्मको मृत्यु सत्य छ
आत्मा स्वयं शुद्ध, बुद्ध सच्चिदानन्द रूप छ ।।५५।।
कसैको को पिता, माता, कसका पुत्र, स्त्री, पति
छोडेर जानु नै पर्छ अर्को छ लोकको गति ।।५६।।

द.नं. ८५७८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो मर्त्यमा हुनेसम्म सुख भोग गरी
राजर्षि यज्ञ गर्ने ती धर्मात्मा वस्दछन् जता ।।५७।।
हजूरका पिताजीले छोडेर देह नश्वर
कीर्ति शेष रह्यो राम ! भयौं हामी सबै पर ।।५८।।
राम वियोगले "राम" हा सीते ! प्रिय वादिनि !
बाँच्नै सक्तिन भन्दा त "वर्ग वास भयो पनि ।।५९।।

सुन्दा वशिष्टको वाक्य सीता श्रीराम लक्ष्मण
कानमा झीर घोचे झैं न हुन् किन किन त्यो क्षण ।।६०।।
पितृ वियोगको दुःख पिताको अन्त्यमा मुख
देख्न नपाउदा "खुड्का" केगरी पाउनु सुख ।।६१।।
राजालाई भयो कष्ट मैले पाइन दर्शन
अन्त्यमा काम लागीन मेरो दुःखित जीवन ।।६२।।
उपदेश पिताज्यूको अन्त्यमा सुन्न पाइन
आखीरमा कुनै सेवा मैले वयै गर्न पाइन ।।६३।।
मलाई स्नेह गर्ने को ? अनि पालन, पोषण
पिता वाहेक को गर्छ ? गएछन् सुखका दिन ।।६४।।
गरी विलाप श्रीराम रूदा सुमाहरू अनि
डांको छोडी सबै रोए रुवा वासी भयो पनि ।।६५।।
वशिष्ठले सबैलाई सान्त्वना नै दिनू भयो
मन्दाकिनी स्नान गर्दै जलाञ्जलि दिनू भयो ।।६६।।
आंखा भरी लिइ आंशु फेरि स्नान गरी अनि
आश्रम फर्कि बसियो साथमा लक्ष्मणै पनि ।।६७।।
धेरै बेर सबै रोए रोएरै मात्र के अनि
त्यहि दिन सबैले नै उपवास वसे पनि ।।६८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दिन्दिनैको सबै काम गर्दा त काम सिद्धियो
अनि भरतको माया रामको पाउमा पऱ्यो ।।६६।।

(१६) सन्दर्भः– भरत प्रत्यागमन,

हेनाथ ! प्रभुले राज्य अभिषेक लिनू पऱ्यो
भाइ भरतमाथि यो दया राखी दिनू पऱ्यो ।।१।।
इक्ष्वाकु वंशको खास मर्यादा राखि बक्सियोस्
भाइमा पर्न आएको कलङ्क मेटि बक्सियोस् ।।२।।
रघुको वंशमा कैल्यै नपरेको समा पऱ्यो
यस्तो दिन पनि आया मेरो यो के दशा भयो ।।३।।
हाम्रो परम्परा यै हो राज्य हो जेष्ठ पुत्रको
प्रजा खुसी गरी यज्ञ हाम्रो यो धर्म वंशको ।।४।।
छोरोलाई दिइ राज्य अनि पछि त जङ्गल
छंदै छ तप गर्नू त हुने छ पछि मङ्गल ।।५।।
राजाबाट बुझ्यो राज्य भरतलाई बक्सियो
"मलाई वनमा जानू हुकूम गरि बक्सियो ।।६।।
अनि म वनमा आएं हुकूम गर्न पालन
" मर्यादा नछुटोस् भन्छौ " मर्यादा भङ्ग गर्दिन ।।७।।
भरतः– बुद्धिहीन छ जो व्यक्ति स्त्रीको जो वंश पर्दछ
भ्रष्ट र मन उन्मत्त त्यसमा को भर पर्दछ ? ।।८।।
त्यस्ताको वाक्य "साँचो हो" भनी को दिन्छ मान्यता
बुद्धिमान् जनले त्यस्तो 'बोली सांचो' भने कता? ।।९।।
त्यस्ताले राज्य दिदैमा राजा भन्दछ क्वै कता ?
"वन जा भन्छ" भन्दैमा मान्दिन यो कुरा मता ।।१०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रामः– न स्त्रीबश, न उन्मत्त, न बुद्धिहीन, भष्ट न,
राजामा ती कुनै दोष थिएन नलगाउन ।।११।।
सत्य वादी हुंदा राजा प्रतीज्ञा गर्न पालन
"राज्य भरतले गर्नू" 'रामको वास होस् वन' ।।१२।।
भरतः–राजाको राय यो ह्वैन "राज्य भरतले गरोस्"
वाचा बन्धनमा पर्दा "श्रीराम वनमा चलोस् ।।१३।।
भन्ने आज्ञा भयो होला झूठो हो भन्न सक्तिन
जे भए पनि यो राज्य म आज गर्न सक्तिन ।।१४।।
वरू म वनमा जान्छु नाथको वदला हुन
फिर्ते सवारि होस् दाज्यै ! राज्यको गर्न शासन ।।१५।।
राम :– तिमीले जे भन्यौ भाइ भरत बुझ हे त
पितृ आज्ञा ठूलो जानी राजाज्ञा पालना गर ।।१६।।
तिमी वन गए मेरो– सङ्गामा, म फिरे उता
पूरा पूर भयो उल्टो जाऔंला म' तिमी कता ? ।।१७।।
"राजामा दोष क्यै छैन" भन्नू भो राम चन्द्रले
सत्य वादी हुंदा यस्तो हुन गो विधि योगले ।।१८।।
सुख हास् अथवा दुःख इच्छा होस् अथवा नहोस्
हामो दुई मिली आज्ञा पूरा गर्नु छ जे त होस् ।।१९।।
इच्छाले को मरू भन्छ दुःख पाऊं न भन्दछ
रोगी हूं नर को भन्छ ? बूढो हूँ न त भन्दछ ? ।।२०।।
तिमी र म मिलो भाइ ! आज्ञा पालन गर्नू छ
ढोपी नगर हे, मेरो कर्तव्य वन बस्नु छ ।।२१।।
अनि भरत जी विन्ती गर्छन् के गरी फर्कु म,
म पनि वनमा दाज्यै ! साथमा जान पाउं म ।।२२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रामः तिमी र म दुवै भाइ वन वासी भयौं भने
पनि त नृपको आज्ञा उल्लङ्घन हुने ॥२३॥
छोराको हुन्छ कर्तव्य पित्राज्ञा गर्नु पालन
अतः म वनमा आए तिमी गै गर शासन ॥२४॥
कर्तव्य पथमा लाग भाइ ! नबन भावुक
बुझ कर्तव्य ठुलो हो आज्ञा पालन पैतृक ॥२५॥
चौध वर्ष वितोस् फर्की घरमा आउछु बुझ्
झुठो बोल्दैन यो दाजु राखी काम गरे सुझ् ॥२६॥
भरतः— आफू नफर्कने दाजै ! मलाइ वनमा पनि
न लैजाने भए स्वामी म मर्दछु यहीं अनि ॥२७॥
रामः— गए वन दुवै हामी आज्ञाको विपरीत भो
धर्ना नकस हे भाइ ! भरतलाई भन्नु भो ॥२८॥
रामले भन्नु भो भाइ ! छैनौ तिमी कतै कमो
मरे कर्तव्यको चुक्ता हुन्छ के भन लौ तिमी ॥२९॥
रामले सूचना बक्स्यो गुरुजीलाई नेत्रले
भरतलाइ एकान्त लगी वशिष्ठले भने ॥३०॥
राम ईश्वर हुन् जान्नु रामावतारका भला
ब्रह्मादि देवका वार्ता नाश रावणका कुरा ॥३१॥
सबै तत्व खुला पारे "काम पूरा सबै गरी"
अयोध्या फर्कनु हुन्छ लङ्काबाट सरासरी ॥३२॥
सुनी वशिष्टका वार्ता बुझ्यो भरतको मन
भरत भन्दछन् मान्छु "ढीपी अब म गर्दिन" ॥३३॥
भरत हात जोडेर रामको पाउमा परे
नाथ "खराउ पाऊ म" विन्ती चरणमा गरे ॥३४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुनी भरतको विन्ती "खराउ" बक्सियो लिए
पाउमा शिर राखेर विदा भरतजी भए ।।३५।।

(१७) सन्दर्भः– भरत नन्दिग्राममा, श्री राम
अत्रि आश्रममा

फर्की साकेनमा सारा–लाई राखेर आफु त
भरत भाइका साथ नन्दिग्राम बसे उ त ।।१।।
खराउ राखि गद्दीमा पूजा आजा गरी खुब
गर्नु पर्ने कुरा काम पूरा विन्ती गरी सब ।।२।।
भूमि शायी, फलाहारी रामको गरि चिन्तन
राज्य चलाउनै थाले एक एक गनी दिन ।।३।।
जटा मुकुट वाधेर मुनिको व्रतमा वसे
शत्रुघ्न कम के हुन्थे दाजु जस्तै भई बसे ।।४।।
जपेर रामको नाम गरेर राम चिन्तन
गर्छन् भरत ता नित्य मनन ध्यान कीर्तन ।।५।।
आउला कहिले चौध वर्ष पूरा हुने दिन
अन्याय पर्छ कि भन्दै गर्थे काम दिई मन ।।६।।
हुनेछ जन सम्पर्क भनेर चित्रकुटको
कुटी छोडेर जानु भा आश्रम ऋषि अत्रिको ।।७।।
सवारी रामको जानी गरे स्वागत अत्रिले
भएको सब वृत्तान्त भन्नु भो राम चन्द्रले ।।८।।
अनूसूया सती मेरी भार्या वृद्धा तपस्विनी
धर्मज्ञा भित्र छन् भेट सीता कुरा गरुन् तिनी ।।९।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आदेश रामको पाई सीताजी पसि बक्सियो
गरी दर्शन सीताले आशीर्वाद लिनु भयो ।।१०।।
दोपहा अनूसूयाले अङ्ग राग पनी दिइन्
सौन्दर्य यसले नित्य राख्ने छ गाथको भनिन् ।।११।।
कानमा लाउनू भन्दै दुइटा कुण्डलै दिइन्
पतिव्रता भइ राम–को पछि लाग्नू भनिन् ।।१२।।
पछि कुशलता साथ रामका साथमा घर
फर्कीए है सती, सीता'' यो भन्दा माथि के छ र ।।१३।।
पाकेका फल छानेर केराका पातमा भरे
लक्ष्मण, राम, सीताको आतिथ्य अत्रिले गरे ।।१४।।
रामकै रटना सारा सवैमा नै खचा खच
तर लिप्त हुनु हुन्न सवैको एउटै बिच ।।१५।।
मायाको जालमा विश्व भुलेर दुःख पाउँछ
तर के राम ! आखीर प्रभुको बास बन्दछ ।।१६।।

इति अयोध्या काण्ड
रामार्पणः मस्तु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्री रामायण

अथ अरण्य काण्ड

(१) सन्दर्भः– दण्डकारण्य गमन, विराध वध

त्यो दिन बसी श्री राम श्री ऋषि अत्रि आश्रम
गरी मीठा कुरा कानी बाटाको मेटियो श्रम ।।१।।
दण्डका रण्यको बाटो उनीबाट बुझी सब
अत्रिका शिष्यले बाटो देखाउन हिंडे जब ।।२।।
शिष्यका साथमा आफैं अत्रिजी पनि रामको
पछि लाग्दा रोक्नु भो लौ सवारी ऋषि अत्रिको ।।३।।
जाँदा त एक कोशैता देखिइन् विपुला नदी
रामले भन्नु भो के छ ? "साधन तर्न यो नदी" ।।४।।
"बलियो सजिलो राम्रो डुङ्गा छ एक छिनमा
हामी तार्छौं गरे" बिन्ती शिष्यले राम चन्द्रमा ।।५।।
विद्यार्थीले नदी तारे फर्के पाएर ती विदा
लहराहरूले भयाम्म बाटो देखिन्न ढाकिंदा ।।६।।
अघोर जङ्गल ठूलो हात्ती, सिंह र बाघले
मृग, घोरल अर्नाती ढाकेको वन्य जन्तुले ।।७।।
जाँदा जाँदै पुग्यो बाटो दण्डकारण्यको जब
"सावधान भए भाइ !" भन्नु भो रामले तब ।।८।।
काँडादार कतै झयाम्म लहरा, रूख छन् कतै
छङ्गा छुर कतै भीर बाटो देखिन्न है कतै ।।९।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"चारैतिर दिई दृष्टि हिड्नु पर्दछ लक्ष्मण !"
दृष्टि देउ तिमी सीता चारै तिर प्रतिक्षण ॥१०॥
दण्डकारण्यको वात सुन्दैमा काँप्तछन् कति
वस्दछन् राक्षसै मात्र सुनेको छु बुझ्यौ अनि ॥११॥
धनु, वाण लिई ठिङ्ग म जान्छु पहिले अनि
सीताको पछि लागेर हिँड, हूँ चतुरो बनी" ॥१२॥
न्युरदै, घस्रदै जाँदा देखियो पोखरो ठुलो
स्वचछ पानी वढो राम्रो रातो कमलले भलो ॥१३॥
चारैतिर ठुला रुख घनघोर छ जङ्गल
बीचमा वाटुको पोखरी छ मनोहर ॥१४॥
यसैको दृश्यमा मग्न सीता, राम र लक्ष्मण
आराम साथ बस्नू भो पार्वति ! तिमी लौ सुन ॥१५॥
थकाई मारि विश्राम अनि पान गरी जल
पक्षीका स्वरका–साथ बहन्थ्यो वायु शीतल ॥१६॥
सफा सिढी छ ऐना झैं नीलो आकाश बीचमा
विभिन्न हाँस खेलेका माछा नाचछन् तरङ्गमा ॥१७॥
ढोईका साथमा हात्ता झ्याम्ल्याङ्ग हाम फाल्दछन्
उता ती हांसको पंक्ति झस्केर माथि उडदछन् ॥१८॥
सफा पोखरीको माथि नीलो आकाशको तल
माछा र हांसका ताति पानो भित्र डुवै तल ॥१९॥
आश्चर्य जलमा हेर्दा माछा र हांस खेल्दछन्
पोखरी माथि हेर्दा त हांस कमल उड्दछन् ॥२०॥
भाले मयूरका साथ पोथी हिड्छन् कतै अनि
ठाडा कान गरी राम्रा बुट्टे मृग हिडे पनि ॥२१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रूखका हांगा-हांगमा बुट्टे पक्षी अनेक छन्
भाका फिराइ वास्ता त कानमा मधुर भर्दछन् ।।२२।।
भ्रमरा भुँ भुँ भूँ गर्दै फूलमा भरिछन् उति
फूलमा वसी ती उड्छन् वारंवार कति कति ।।२३।।
नाम्ले फेद ठुला हांगा जता हेऱ्यो उत वन
फल, फूल, टनाटन्न धन्य प्रकृतिको गुण ।।२४।।
यो पनि त उनैको हो लीला जानो नसक्नु छ
लिइ मानिसको रूप रामले कति गर्नु छ ।।२५।।

विराध वध

यत्तिकैमा ठुलो शब्द सुनियो वन भित्रमा
हांस्दै कराइ आएको होला आनन्द साथमा ।।२६।।
मानिसको गन्ध पाई आएको हुन सक्तछ
बाटामा पर्न आएका जन्तु त्यो किन छाड्दछ ।।२७।।
अट्ट हास गरी हांस्दै धेरै रूख कच्याक् कुरूक्
खेद्दै वाध, उता अर्नां खांदै आयो मऱ्याक् मुरुक् ।।२८।।
धेरै मानिस झुराडेको रूख जत्रै निकै ठुलो
त्रिशूल वाम कांधैमा भिर्दा त्यो ठान्दथ्यो भलो ।।२९।।
ध्वांसे कालो महाकाय देखिन्यो त्यो भयङ्कर
केश ठाडा थिए आंखा राता हुन्थे सधैं भर ।।३०।।
लामा दाह्रा ठुलो छाति मुड्का जस्ता त पाखुरा
कसैलाई कतै केहि गर्न्दै गर्न्दैन के कुरा ? ।।३१।।
श्रीरामलाई देखेर सोध्यो "झट्ट तिमी भन ?
निर्बुद्धे ! भन यी अर्को सुन्दरी अवला भन ? ।।३२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

" यी भाइ धर्म पत्नी यी, तिम्रो नाम पनी भन
म रामचन्द्र हुँ आएं तं जस्ता तहलाउन" ।।३३।।
"मलाइ पनी चिन्दैनौ ? वडो आश्चर्यको कुरा
लोकमा ख्याति पाएको सुन विराधका कुरा ।।३४।।
मेरो त्रिशुलमा हेर कति छन् ऋषि लौ गन्न
मुनि भनाउंदा खाएं ऋषि, नर अनेकन ।।३५।।
डराएर सबै भागे छायन्न क्यान्न भए ऋषि
एक मानिस नै छैन किन वस्छन् कुनै छुसी ।।३६।।
तातो रगतको साथ नरको मासु स्वादिलो
नखाएको भयो धेरै जुरायो दैवले भलो ।।३७।।
वनका जन्तुको मासु-साथ चटनी मानिस
काटी त्रिशुलको मासु खान्छु म ता अहार्नेश ।।३८।।
सम्झने कबै भए सम्झ इष्ट देव कुनै नर
गर्न पर्ने भए काम फुर्सत दिन्छु के छ र ।।३९।।
वांच्ने आशा भए भाग सीता र धनु छाड र
एक गांस दुवै छैनै इच्छा जे छ उसै गर ।।४०।।
भनेर हातले सीता-लाई झम्टन आउंदा
रामले वाण हान्दा त हात खुट्टा भए विदा ।।४१।।
सर्प जस्तै घस्रीएर मुखले राम, लक्ष्मण
खान जांदा पुग्यो वाण खस्यो शिर उही क्षण ।।४२।।
एउटा देह तत्काल विपरीत दिशा तिर
दुइ गोंड भइ ढल्दा देवताको हट्यो पिर ।।४३।।
भूमि डगमगिइन भीम-काय लड्दा भयङ्कर
अप्सरा स्वर्गमा नाचे लिइ किन्नरको स्वर ।।४४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दुइटा गीडको वीच-माथि आकाशमा छ त्यो
झल्झलाकारको रूप विद्याधर खडा भयो ।।४५।।
हात जोडेर हे नाथ ! दुर्वासाको शरापले
गीड औंल्याइ त्यो विन्ती गर्छ 'छुटें प्रतापले ।।४६।।
राम रमाउने ज्यादै आफैं आफ्नो स्वरूपमा
यसले रामको नाम जस्ले जप्दछ चित्तमा ।।४७।।
त्यस्ले यो भव संसार पार गर्छ सरासर
मनन् रामको ध्यान योगी गर्छन् निरन्तर ।।४८।।
आंखाले रामको रूप, हेर्न पाऊं निन्तर
मुखले रामको नाम जप्न पाऊँ जनम्भर ।।४९।।
हातले नाथको पूजा, गोडाले राम मन्दिर
मनले रामको ध्यान मनन मात्र केवल ।।५०।।
धन्य मेरो अहो !!! भाग्य पाए दर्शन रामको
लीला छ प्रभुको कस्तो नविर्स्युं रूप नाथको ।।५१।।
माया प्रभुकी कस्ती छ न छोओस् मलाइ त
प्रभुमा भक्ति लागोस परा‌इको गरौं हित ।।५२।।
श्रीरामले सुनी विन्ती वरदान दिनू भयो
"विद्या धर तिमी जाऊ मायालाई जित्यौ पुग्यो ।।५३।।
मेरो दर्शनले गर्दा ज्ञानी चांडै भयौ तिमी
मेरो भक्ति तिमी गर्छौ हुदैनौ भक्तमा कमी" ।।५४।।
रामको पाउमा दण्ड-वत् प्रणाम गर्‍यो अनि
राम प्रसादले गर्दा परम्धाम पुग्यो पनि ।।५५।।
रामको नाम जो जप्छ संसार भव बन्धन -
काटेर मुक्त त्यो हुन्छ नपाउनू छ के भन ? ।।५६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२) सन्दर्भः- शर भङ्ग मुक्त, सुतीक्ष्णको आश्रमका राम

अनि जानु भयो राम ऋषि श्री शरभङ्गको
रमणीय थियो वास बग्दथ्यो बास फूलको ।।१।।
ऋषि आफैं स्वयं आई स्वागत फूल फूलले
पाठ, स्तुति गरे धेरै रामको मुक्त कराठले ।।२।।
मेरो सफल भो जन्म राम उपासना पुग्यो
राम नाम जपी वस्दा सामुमा आउन भयो ।।३।।
भेट्न, खोजन कतै जाउँ नपाइने कतै पनि
ध्यान, चिन्तन गर्दा त आफैं नै आउने अनि ।।४।।
दिने दर्शन आफूनै प्रभुता करुणाकर !
विश्वेश्वर प्रभु साक्षात् तै पनि भक्त वत्सल ।।५।।
राम ! मलाइ भेटेर लाभ के पाउने प्रभो !
झिम्किक गर्दा संसार रच्न सक्ने स्वयं प्रभो ।।६।।
प्रभुको हुन्छ के हानि जगतै मासिए पनि
हरा भरा हुंदा विश्व लाभ छैन कुनै पनि ।।७।।
मायाको वशमा पर्छ विश्व सारा घुमी प्रभु
त्यै माया नाथकी दासी भक्तका प्रभु वशमा ।।८।।
नपिताले गरे हुन्छ नमाताले नभाइले
नस्त्रीले नत छोराले हुन्छ श्री राम नामले ।।९।।
सदेह अग्निमा होम जे जति छ शुभाशुभ
रामार्पण गरी मर्न पाए ठान्थे उनी शुभ ।।१०।।
इच्छा पूर्ण भयो सारा रामका सामुमा मरे
विरक्त भइ संसार- देखि मुक्त थिए तरे ।।११।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दण्डकारण्यमा बस्ने आए ऋषिहरू सब
रामले दण्डवत् गर्दा आशीर्वाद दिए खुब ॥१२॥
तपस्वीहरूको वास हेर्नु भो एक एकको
सोध्नु भयो रामले नै देख्दा खप्पर हाडको ॥१३॥
हात जोडी गरे विन्ती "धुप्रा हुन् प्रभु हाडको
मारेर खाइ फालेका तपस्वी मुनि-देहको ॥१४॥
समाधिमा मग्न मस्त, न भाग्ने ऋषिको शिर
मौका छोप्छन् परे फेला नारो खान्छन् निरन्तर ॥१५॥
"चांजो पांजो मिलाऊला मान्नु पर्दैन क्यै पिर
शान्तिले सब ढाके छ मार्छु सब निशाचर ॥१६॥
विभिन्न जातका धेरै सुरीला रुख छन् कतै
नास्ले फेद कुनै छन् त छत्राकार जताततै ॥१७॥
चमरै सरिका झुप्पा जस्ता छन् पात वृक्षका
लाम्चिला, वाटुला, पातला, बा लाछन् पात जातका ॥१८॥
त्रिकोणका कुनै पात षट्कोण पनि छन् कति
चतुष्कोण पनी धेरै हत्केला सरिका कति ॥१९॥
हरिया पात छन् फुस्रा चम्किला पात छन् कुनै
चिल्लाछन् कति ती पात लहरा पनि उत्तिनै ॥२०॥
बूटा, बूटी, उत्तिकै छन् शिरु धारी यताउती
कांसको वन यस्तो छ उखु वारी सरी अति ॥२१॥
"काफल पाक्यो" भनी वास्छन् "कूहू" वास्छन् कुनै चरो
"व्युकुइयो" कुनै भास्छन् "चू चूँ, चाँ, चाँ" चिरी"
चरो ॥२२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"लोखेठर्याक्क" कुनै वास्छन् "चार्चुर" गरि बास्दछन्
तँ छाड् म छाड् गरी एकै वाजी ती सारु वास्दछन् ॥२३॥
"के काँ" मयूरले वास्छ "च्वाँ, च्वीँ, च्वं" अर्का-वास्दछन्
परेवा गर्छ "माक् माक् घुर्" ढुकुर पनि वास्दछन् ॥२४॥
तित्रा वास्दछ "तीन तारा तितृक" चुचो छुचो गरी
चिच्याइ त्यसको पैंचो अर्को तिर्दछ त्यै चरी ॥२५॥
कुनै वेला कुनै वास्छन् भने ती अरु वास्दछन
आ आफ्ना याममा आफैं वास्छन् र चुप लाग्दछन् ॥२६॥
यस्तै प्रकारले वास्दा वास्छन् धेरै बढी बढी
आ—आफ्ना गीतले रास्रो वास्दछन् रुखमा चढी ॥२७॥
रुखत्रार रामले गर्दा तपस्वीहरूको कुटी
टाउको वाणले काट्थ्यो जति आउदथे जुटी ॥२८॥
विभिन्न जातका आँप राता र हरिया मिठा
केरा रोप्नु भयो सेवा उसैछन् वनमा गिठा ॥२९॥
आल्चार आरु पखरा आरु र अमला ठुला
अनार, शलिफा लीची हलुवा वेद छन् भला ॥३०॥
कटहर वडा ठूला भुइ कटहरै अनि
फडिर, जामून डुम्री वयर रोप्नुभो पनि ॥३१॥
वर पिपल शैगून शमीको रूख गो उवो
अनेक जातका फूल लगाउनु भयो दुबो ॥३२॥
त्यो चौकुने वगैंच को वीचमा वाटुलो ठुलो
पोखरी छ शफा पानी छैन एक कतै धुलो ॥३३॥
आफूले नै लगाएका फल, फूल गर ठिक
चढाई दिउने सीता रामको चरणो दिक ॥३४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऋषि, मुनि तपस्वीको डर, विघ्न हटाउंदा
हटाउंदै विते धेरै वर्ष त्यो वनमा छंदा ।।३५।।
विघ्न, वाधा सवै हट्दा भयो शान्त तपोवन
विदा हुनु भयो जान सीता, राम र लक्ष्मण ।।३६।।
वथान मृगका भाग्छन् उफ्रन्छन् चौगडा कतै
भूँ भूँ गरेर भमरा वस्दछन् फूलमा कतै ।।३७।।
विभोन्न फूलका ताति हांसेकाछन् जतातत‌ै
फलले रूख लचकेका छन् "कूँ हू" वास्दछन् कतै ।।३८।।
अगस्त्य ऋषिका शिष्य सुतीक्ष्ण ऋषि आश्रम
राम चन्द्र पुगीवक्स्यो मिल्यो शान्ति गयो श्रम ।।३९।।
सुतीक्ष्ण लिन आए आशर्वाद दिई कन
लक्ष्मण, राम, सीताको गर्नु भो अभिवादन ।।४०।।
हे राम ! प्रभुको नाम संसार वाट तार्दछ
त्यसैले भक्तको चित्त पाउमा लुट्पुटाउंछ ।।४१।।
राम सम्पुर्ण संसार इन्द्रियादि अगोचर
तर हुनु भयो सामु नाथ त करूणाकार ।।४२।।
संसार भरमा टम्म ढाक्नु भाछ सवै थलो
तिल राख्ने ठाम छैन रामको नाम हो ठुलो ।।४३।।
दूधमा घिउ जस्तै लो नदेखिने कतै तिर
प्राणो जानोस् न जानोस् वा सारा ब्रह्माण्डको भर ।।४४।।
स्त्री, पुत्र, धन कूवामा मलको पुतली म हुँ
अ ज संसारका स्वामी-लाई देख्ने पनि म हुँ ।।४५।।
मेरो इच्छा भयो पूर्ण सीता, राम र लक्ष्मण -
लाई संसारमा पाएं भयो सफल जीवन ।।४६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

झूठो संसारमा "राम" जप्दा ध्यान र चिन्तन
गर्दा सत्य पर्‍यो फेला अहो ! ! ! लीला अनेकन ।।४७।।
आतिथ्य गरी स्वीकार रामले भन्नु भो "मुने !
सायुज्य पद मिल्ने छ" यो भन्दा अरू के हुने ।।४८।।
"मुनि अगस्त्य भेटेर साथमा म निकै दिन
बस्न इच्छा बढेको छ औताएको छ यो मन" ।।४९।।
सुतीक्ष्ण गर्दछन् विन्ती "आजको रात राज होस्
प्रभुकै हो चढाएको आतिथ्य लिइबक्सियोस् ।।५०।।
धेरै दिन भयो मैले गरेको छैन दर्शन
भोलि म साथमा जाला गुरूको गर्न दर्शन" ।।५१।।
ऋषिको अनुरोधैले त्यो रात राजा भो त्यहीं
भोलि पल्ट सवारी भो आराम नगरी कहिं ।।५२।।

(३) सन्दर्भः– अगस्त्याश्रम

अगस्त्य ऋषिका भाइ श्री अग्नि जिह्व आश्रम
मधु पर्क फलाहार गरी क्रम भयो क्रम ।।१।।
भोलिपल्ट सबेरैनै सुतीक्ष्ण अनि लक्ष्मण
राम सीता सवारी भो शैत्र पुत्रि तिमी सुन ।।२।।
कुनै अयनमा कौनै ऋतु र महिना कुनै
नकुनै प्रात मध्यान नदिन रातमा कुनै ।।३।।
कुनै फरक पाइन्न फलर फूलमा कुनै
ढकमक्क फुलेको छ खालि छैन कतै कुनै ।।४।।
विभिन्न थरिका फूल फूलेकाले मनोहर
पुष्प परागका साथ हावा बग्दछ शीतल ।।५।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्याउ त्यहिं फलेकाछन् फुलेकाछन् कतै तिर
पाकेका आँप देखिन्छन् फुलेका छन् कतै पर ।।६।।
आरु, ओखर छन् त्यस्तै अस्वा छन् जात जातका
मेवा, अङ्गुर छन् त्यस्तै नास्पाती फल छन् निका । ७।।
अनेक थरिका केरा पाकेका कति सुन्तला
कटहरहरू धेरै पाकेका देखिने भला ।।८।।
रामको नाम कस्तो छ ? ऋषिको तपको बल
जल र वायुको भेद पर्दा पनि फल्ने फल ।।९।।
हेर्दै जांदा वडो शान्त भव्य राम्रो तपोवन
अगस्त्य ऋषिको वास पुग्नु भो राम आगन ।।१०।।
पाएर रामको आज्ञा सुतीक्ष्ण परि पाउमा
रामागमनको विन्ती गरे ऋषि अगस्त्यमा ।।११।।
"राम, राम हरे राम" रामको गुण कीर्तन
माहात्म्य रामको व्याख्या गर्दछन् राममा मन ।।१२।।
जप्दछन् रामको नाम भन्दछन् रामको कथा
श्रोतव्य जति जे सुन्छन् मन्तव्य रामकै तथा ।।१३।।
निदिध्यासन जे गर्छन् रामकै हुन्छ पार्वति !
सपना, जपना राम सक्तैनन् गर्न वर्ण खति ।।१४।।
ऋषि अगस्त्य आफैंले गरि स्वागत रामको
ममाती हातले हात पुग्यो धोको अगस्त्यको ।।१५।।
लगी आसनमा राखे सबैलाई यथोचित
आतिथ्य गर्न जे पर्थ्यो मनाए धर्मको घित ।।१६।।
जन्म साफल्यनै यै हो पाए दर्शन रामको
तपस्याको मिल्यो लाभ ब्रत पुजा सुकर्मको ।।१७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अहिंसा, सत्य, अस्तेय भन्दा छैनन् कुनै धन
यो भित्र छन् सबै धर्म जग धर्म सनातन ॥१८॥
अहिंसा, सत्य, अस्तेय यो कुरा कसले भन्यो
धर्मको जग त्यँ नै हो जसले पहिले भन्यो ॥१९॥
सनातनी, सत्यवादी, मर्यादा पुरुषोत्तम !
पूजा हजूरको पाठ गर्नेको हुन्छ के कम ? ॥२०॥
सृष्टि भन्दा अगाडी त विकल्प र उपाधिको
नामै थिएन हो एक "राम" रे ब्रह्मरूपको ॥२१॥
प्रभु आश्रयमा पर्ने माया आफ्नै त शक्ति हुन्
प्रभु निर्गुण लाइनै ढन्कि शक्ति तिनै त हुन् ॥२२॥
त्यहि स्वरुपलाई त बेदान्त निष्ठ पण्डित
"अव्याकृत" भनी भन्छन् भन्दा लाग्दैन क्यै खत ॥२३॥
मूल प्रकृति नै यै वा माया भन्ने अनेक छन्
संसृति हो अविद्या हो बन्धन पनि भन्दछन् ॥२४॥
हजूरबाट यो शक्ति हुन्छे क्षुभित भो अनि
शक्तिबाट महत्त्व उत्पन्न भइ हाल्छ नि ॥२५॥
महन्तत्त्व पनि राम प्रेरणा पाउँदा अनि
अहङ्कार पनी जन्म्यो, महन्तत्त्व जता पनि ॥२६॥
ओत प्रोत अहङ्कार तीनौटा त्यो पनि छ नि
वेलानुसार त्यो हुन्छ काम गर्दछ त्यो पनि ॥२७॥
सात्त्विक पहिलो, दोस्रो राजस, अनि तामस
अहङ्कार भए तीन यिनैका सब छन् वश ॥२८॥
तामसबाट पाचौटा शब्द, स्पर्श, र रूप यी
रस, गन्ध सबै गर्दा सूक्ष्म तन्मात्र हुन् नि यी ॥२९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो पाचैबाट पाचौंटा गुणानुसार निस्किए
शब्दबाट त "आकाश", स्पर्शको "वायु", नै भयो ।।३०।।
रूपको "अग्नि", नै निस्के "रस" नै जलबाट यो
गन्धबाट त यी पृथ्वी विशाल स्थल यो भयो ।।३१।।
यो नै पञ्च महाभूत स्थूल भूत भनी कवि
गुणी र गुणको व्याख्या लेखी देखाउंछन् खुबी ।।३२।।
हे राम ! राजसा हङ्कार बाट दश इन्द्रिय–
निस्किए, सात्विका हङ्कार बाट मन निश्चय ।।३३।।
इन्द्रियका अधिष्ठाता देवता निस्किए म त
मिलो समष्टि यो वस्दा सूक्ष्म शरीर रूप त ।।३४।।
इत्यादि सव मिल्दा त आफूमा यो भए मित
"हिरण्य गर्भ" नै त्यो हो "सूत्रात्मा" भन्दछन् कित ।।३५।
स्थूल भूत यिनको नै समूह वाट हे प्रभो !
"विराट्" स्वरूप उत्पन्नबाट संसार सृष्टि भो ।।३६।।
देव, तिर्यक्, मनुष्यादि काल र कर्मले गरो
हुने प्रकट आफूनै काम गर्ने थरी थरी ।।३७।।
मायाको गुणले आफैं रज द्वारा भयो जगत्
सृष्टि गर्ने राम ब्रह्मा अर्को हैन प्रभो फगत् ।।३८।।
सत्व द्वारा राम विष्णु हुने संसार पालक
तम द्वारा राम रूद्र हुने संसार नाशक ।।३९।।
सत्व; रजे ; तमो; मात्र बुद्धिको गुणले न नै
जाग्रत् र स्वप्नमा पर्छन् सुसु तिमा अवश्य नै ।।४०।।
तर आफू भने तीनै अवस्थाबाट मुक्त रे
साक्षी रूप मात्रै लौ अविकारी स्वरूप रे ।।४१।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हे राम ! जुन वेलामा सृष्टि गर्न रुचाउने
मायालाई अङ्गीकार गरी लीला वढाउने ।।४२।।
त्यसै वेला प्रभो ! आफैं गुणवान् सरी देखिने
लीला संसारमा गर्न अवतार उदाउने ।।४३।।
माया त एउटी मात्र तिनका भेद हुन् दुई
विपरीत त छन् मार्ग सधैं छन्तिस छन् दुई ।।४४।।
तपाईंकी उही माया अविद्या एउटी भई
विद्या दोस्री भई राम ! गुण छन् यिनका दुई ।।४५।।
प्रवृत्ति मार्गमा लाग्ने अविद्याको परी वश
सधैं संसारमा घुम्छन् पाउँदैनन् कुनै यश ।।४६।।
वेद वेदान्तको अर्थ विचार गर्छ मानिस
विद्याभ्यास तिनै गर्छन् निवृत्ति मार्गमा यश ।।४७।
तपाइका तिनै भक्त विद्यामय तिनै हुने
जन्म, मरण संसार–वाट नै मोक्ष पाउने ।।४८।।
रामको मन्त्र जप्छन् ती सधैं उपासन अनि
ध्यान, चिन्तन, गर्छन् ती मनन गर्दछन् पनि ।।४९।।
अन्तः करणमा विद्या प्रादुर्भाव अवश्य नै
नभइकन छाड्दैन सम्झदैनन् अरू कुनै ।।५०।।
विद्या भक्ति विना हुन्न मनन, ध्यान, चिन्तन
मोक्ष त्यो हुन सक्तैन "राम" जप्दैन जो जन ।।५१।।
ब्रह्माले उहिल्यै विन्ती–गर्दा "रामावतार म
पृथ्वीको भार हर्ने छु" आज्ञा सुन्दा रमाइ म ।।५२।।
गरेर वनमा बास राम नाम उपासक
बनेर राममा भक्तहरूका साथ साधक ।।५३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जपेर रामको नाम राममा दिई लालचा
लिई दर्शनको आश पढ्दछु वेदका ऋच ।।५४।।
जस्को म गर्दथें नित्य ध्यान, मनन, चिन्तन
पूजा, पाठ पनि गर्थें "राम" जप्थे दिई मन ।।५५।।
उनै श्री रामलाई म सीता, लक्ष्मण साथमा
प्रत्यक्ष सामुमा देख्छु वस्तु होस् नित्य चित्तमा ।।५६।।
मेरो सफल भो जन्म जप, र ध्यान, चिन्तन
यज्ञ, कर्म भयो पूरा शान्त भो अवता मन ।।५७।।
जो आफ्नो र पराईमा गर्दैन भेद भाव क्यै
नाफा, नोक्सान ठान्दैन कर्तव्य गरि हाल्छ त्यै ।।५८।।
सुख र दुःखमा भेद नठानी काम गर्छ जो
मिलेको खाइ सन्तोष देह निर्बाह गर्छ जो ।।५९।।
नरिसाउँछ गालीमा प्रशंसामा न ता खुसी
हुंदैन, रामको ध्यान गर्छ एकान्तमा बसी ।।६०।।
वर्ण, आश्रममा भेद नराखी जनको हित
गर्छ शत्रु कसैलाई न ठान्दछ कुनै मित ।।६१।।
काम, क्रोदादि जित्छन् ती गर्दैनन् कामना तर
साधु ती समदर्शी हुन् ध्यानमा मग्न केवल ।।६२।।
नबिर्सु रामको नाम नछुटोस् साधु सङ्गत
न होओस् अन्यथा बुद्धि म पाऊँ भक्त सङ्गत ।।६३।।
श्री राम चन्द्रको राम्रो स्तुति गरी अगस्त्यले
धेरै काल अघी देखी रामको निति इन्द्रले ।।६४।।
राखेको वाण अक्ष्यैय ठोक्रो मणि भूषित
चरिकलो धार तीखो छ रामलाई यथोचित ।।६५।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खड्ग श्री रामलाई नै दिए मुनि अगस्त्यले
"पृथ्वीको भार हर्नू होस यी नै शस्त्र र अस्त्रले" ॥६६॥
आठ कोश यहाँबाट टाढा पञ्चबटी थलो
नदी गोदावरी बग्छिन् बास गर्न छ त्यो भलो ॥६७॥
विभिन्न थरिका मीठा फल फूल हुने त्यहिं
चित्र विचित्रका पक्षी, पशु वस्ने पनी त्यहिं ॥६८॥
विभिन्न थरिका मीठा फल फूल हुने त्यहिं
पाउले टेकना साथ हुने छ हुन सम्मको ॥६९॥
बाँकि दिन त्यहिं बस्नोस् द्यौताको काम गर्नु होस्
चित्र विचित्रका (ही) पक्षी पशु पनि हुने त्यहि ॥७०॥
जस्तो हास्न अहिले त्यो जमोन प्रभु ! रामको
मेरो हृदयमा राम ! सीताका साथ राजहोस् ॥७१॥
ऋषि संग विदा मागी सीता, राम र लक्ष्मण
भने जस्तै सवारी भो उमे ! पञ्चवटी वन ॥७२॥

(४) सन्दर्भः— जटायु - भेट, लक्ष्मणलाई ज्ञानोपदेश

राम हिड्नु भयो लेपै सीताजी वीचमा अनि
लक्ष्मण पछि लाग्दा छन् कांडादार जता पनि ॥१॥
घोर जङ्गलको वाटो थुम्को जस्तो छ देखिने
जटायु देखि आश्चर्य !!! यै हो भन्न नजानिने ॥२॥
"ऋषि मुनिहरू खाने दुष्ट राक्षस यो सुन
मारि हाल्दछु यस्लाई धनु देउन लक्ष्मण ॥३॥
सुनेर रामको वोली डरले कांपि थर्थर
इति वृत्त सबै भन्छन् "म होइन भयङ्कर ॥४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दाजु, भाइ दुवै जांदा शिकारमा कुनै दिन
सीताको गर्छ को रक्षा ? म गर्नेछु दिई मन ॥५॥
"हुन्छ तेसै गरे वेस यतै पञ्चवटी तिर
रामले भन्नु भो गृध्र-राज बसी भलो गर" ॥६॥
लक्ष्मण, राम, सीताले जटायुकोपरी भर
चीना पर्चो भयो राम्रो "मेरो काम तिमो गर" ॥७॥
भनी श्री राम जानू भो हेर्दै सौन्दर्य मार्गको
लहरे फलको हार छ चारै तिर फूलको ॥८॥
भाइ लक्ष्मणले चांडै बनाए रम्य मन्दिर
सफा, सुध्घर लामो छ गौतमीको त उत्तर ॥९॥
सीताका साथ भो राज राम साक्षात् जनार्दन
देखिन्छ फलले टम्म मनोहर तपो वन ॥१०॥
नदी उत्तरमा धेरै मीठा छन् रूखका फल
लक्ष्मण फल टिप्छन् र चढाउछन् सधैं भर ॥११॥
नदीको जलमा स्नान गरेर दिनका दिन
तीनै जना खुसी साथ दिई कर्तव्यमा मन ॥१२॥
सूर्योदय हुना साथ पुर्खाको गरि दर्शन
प्रातः कालिकको काम गरी वस्सिन्छ दिन्दिन ॥१३॥
धनु, वाण लिई रात चारै तिर घुमी घुमी
श्रीराम चन्द्रको सेवा लक्ष्मण गर्दछन् गमी ॥१४॥
एकान्त पारि श्री राम लागि ढोगी कुनै दिन
श्रद्धा विनयका साथ विन्ती गर्छन् श्री लक्ष्मण ॥१५॥
"भव बन्धन काटेर मोक्षका निति साधन
भगवन् ! ज्ञान, वैराग्य भक्ति म सुन्न पाउँन ॥१६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"भन्छु लक्ष्मण हे भाइ ! रहस्य ज्ञानको सुन
रामले भन्नु भो खास ज्ञान, विज्ञान दर्शन ॥१७॥
यो बुझेमा कुनै ज्ञान जान्न बाँकिरहन्न क्यै
ज्ञान, विज्ञानले युक्त भक्ति, वैराग्य हुन्छ त्यै ॥१८॥
मायालाई बुझी छाड्नू तरिन्छ भव सागर
त्यसैले पहिले माया भन्दछु बुझ के छ र ॥१९॥
अनि ज्ञान म भन्ने छु सुन एकाग्र चित्तले
तब सुगम पर्ने छ छुटयाउन त बुद्धिले ॥२०॥
मन, इन्द्रिय देहादि आत्म बुद्धि हुँदा अनि
माया द्वारा जगत सारा कल्पना मात्र हो पनि ॥२१॥
मायाका दुइ छन् भेद विक्षेप पहिलो भयो
आवरण भयो दोस्रो जान्यौ न सब यो भयो ॥२२॥
विक्षेपले महत्तत्त्व देखि सारा चराचर
ब्रह्मा सम्म सबै सम्झ ढाकेको छ सबैतिर ॥२३॥
यसैले सर्व संसार स्थूल र सूक्ष्म रूप हुन्
दुइटै कल्पनै हुन्नि मायाका भेद मात्र हुन् ॥२४॥
आवरण त सारा नै माया ढाकेर बस्दछ
संसार सब सत्यै हो भन्ने भान गराउछ ॥२५॥
यस्मा यो देह नै आपनो मुख्य कारण जान्नु छ
स्त्री, पुत्र, धन देहादि बन्धन ठान्नु पर्दछ ॥२६॥
आकाश, वायु तेजै – पा, – नी पृथ्वी स्थूल भूत हुन्
शब्द, स्पर्श र रूपै यी तन्मात्र रस, गन्ध हुन् ॥२७॥
मन, बुद्धि, चिदाभास अहङ्कार दशेन्द्रिय
मूल प्रकृति जम्मा हुँ–दा हुन्छ देहको तय ॥२८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माया हुन् यो सबै भाइ ! दुःख बाहेक छैन क्यै
यिनैका झेलमा पर्दा भौतिक सुख ठान्छ त्यै ।।२९।।
उक्त पच्चिस बाहेक परमात्मा पृथक सधैं
मायालाई चिनी भाइ ! छोडिदेऊ तिमी सधैं ।।३०।।
डोरी सर्प हुंदै हैन न जान्दा सर्प सत्य हो
मायाले परमात्मा संसार भान मात्र हो ।।३१।।
डोरीलाई सर्प हैन डोरी नै जब चिन्दछ
सर्पको साथ साथैमा डर सारा हराउँछ ।।३२।।
माटो बाहेक क्यै हुन्न माटाका पात्रमा अरू
तथापि भन्दछन् गाग्रो, हाँडी उपाधि हुन् वरु ।।३३।।
हाँडी, गाग्रो कतै छैनन् माटो मात्र त सत्य छ
त्यस्मै म मा सबै भाइ ! सचराचर विश्व छ ।।३४।।
पृथिवी, जल, आकाश, तेज, वायु सधैं भरी
भराउछ कतै राख्ने ठाम छैन जगत् भरी ।।३५।।
निरञ्जन निराकार सत्, चित्, आनन्द रूपको
आदि अन्त्य कतै छैन विधाता सब विश्वको ।।३६।।
ब्रह्माण्ड सब उस्मा छन् सबैमा ऊ पनी सधैं
न भएको कतै छैन सर्वत्र सबमा सधैं ।।३७।।
जीवको प्राप्तिको निंति षड् दर्शन पुराण यी
सम्प्रदाय निकै निस्के मन्त्रो पासन तन्त्र यी ।।३८।।
मूर्ति, पूजा, दया, दान, जप र होम गर्दछन्
भक्ति भन्दा ठुलो छैन भनेर भक्ति गर्दछन् ।।३९।।
एउटा सूर्य हुन् सत्य तर प्रत्येक पात्रको
पानीमा सूर्य जस्तै म देखिन्छु बहु रूपको ।।४०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जीव र परमात्मा भेद छैन रति भर
ब्रह्म ज्ञान यही नै हो जानेता (बुझेमा) पछि के छ र? ।।४१।।

यी हुन् ईश्वरमा पुग्ने बाटाका खुड्किला सुन
मुक्ति ज्ञान बिना हुन्न ज्ञानमा दिनु है मन ।।४२।।

जानू पर्दछ त्यो बाटो योग्यता अनुसारले
अनौं पुगिन्छ जानिन्छ निर्मल शुद्ध भक्तिले ।।४३।।

जस्लाई भक्ति, विश्वास नभए भन्न हुन्न है
मेरा भक्तहरूलाई डाकेर पनि भन्नु है ।।४४।।

(५) सन्दर्भ :– शूर्पणखाको नाक, कान काटियो र श्री रामबाट खरादि चौध हज्जार फौजको वध

नपाइने चिजै छैन रावण राज्यकालमा
शूर्पणखा त जे भन्छे सबै लभ्य छ विश्वमा ।।१।।

मैमन्त छ कसैलाई टेर्न जान्दिन उ कहिं
जहाँ बस्दछे बस्छन् खर, दूषण, छन् त्यहिं ।।२।।

त्रिशिरा चौध हज्जार फौज लौ तम्तयार छन्
कूट नीति पनी बुझ्छे उसका सब दास छन् ।।३।।

दान, मन सबै गर्छे सल्लाह दिन सक्तछे
छल, कपट, धूर्त्याई जे पनि गर्न सक्तछे ।।४।।

रवाफ, धाक, कस्तो छ सधैं राम्रो छ जीवन
त्यसमा पनि शृङ्गार जून झैं न हुनु किन ? ।।५।।

चम्किला, लाम्चिला, आंखा सुख भोग विलासमा
मदिरा सहकारी छ शिपालु नाच गानमा ।।६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एक दिन उसै डुल्दा पुगी गोदावरी तिर
रेखा पैतालाका देखी हेर्दा यताउता तल । ७।।

थिए पैतालामा रेख पद्म, वज्र, र अङ्कुश
ध्वजा, कमल इत्यादि भई शुर्पणखा खुस ।।८।।

रेखा देख्दा चिनी हाली देहमा छैन वयै कस
यक्ष, गन्धर्व, को होला हुन सक्छ मानिस ।।९।।

पूर्ण मानवको चिन्ह ठान्दछे गुण सागर
यौवन, रूप लावण्य. विद्वान् न वीर कौशल ।।१०।।

न भेटी मन मानेन सम्झदा मुग्ध भो दिल
कामातुर भई खोज्न पैताला नै भयो भर ।।११।।

जति पर वढी जान्छे फैजारिइन्छ त्यो स्थल
नछोडीकन जांदा त पुगी हाली नि आखिर ।।१२।।

दुइटा पाइला अर्कै पनि देखिनगो अनि
भिन्नै पैताल सानो छ रेखा मिल्दैन तापनि ।।१३।।

स्वर्ग, मर्त्य र पाताल ब्रह्माका सृष्टिमा जति
सबैले मान्नु नै पर्ने नमानेमा हुने खति ।।१४।।

त्यस्तो अचम्मको चार पाइला ठान्दछे जब
पक्का यी दम्पती बुझ्दा ठेरिइयो मन नै अब ।।१५।।

मनमा तुलवुली चल्छ हेर्दै जांदा त पाइला
छ ओहा पाइला देख्दा उस्तै छन् पाइला दरा ।।१६।।

अवला एउटी पक्का दुई पुरुष छन् भला
मनमा हर्ष वैरियो आँकुरा धन्य आशका ।।१७।।

अब जान सजिलै भै पुगी गै राम मन्दिर
यो पनि रामकै लीला राम वाहेक के छ र ? ।।१८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रामको रूप देखेर मन भाडिन गो उसै
गई श्री रामको सामु नमानीकन क्यै फिसै ।।१९।।
सीताजीका बसी साथ केश र मुख मण्डल
घांटी हात र पाऊका रेखा देखी खुला दिल ।।२०।।
रामचन्द्र पटी फर्की मनै खोले जसै गरी
हसिलो मुख लाएर ओठ खोली सरासरी ।।२१।।
दाजु रावण हुन् मेरा म जनस्थान वस्दछु
जिम्मा भारत मेरो छ शुर्पणखा म भन्दछु ।।२२।।
प्रभो पाऊँ चिना पर्चो वाधा पर्दैन क्यै भने
महापुरुषका जस्ता लक्षण सव देखिने ।।२३।।
चाल चलन देख्दा त के भनूँ के भनूँ हुने
सम्बोधन गरी भन्न अप्टचारो पर्न आउने ।।२४।।
संक्षेपमा रामबाट सुनेर कामका कुरा
राक्षसी भन्दछे सीता सहन्छिन् कसरी वरा ।।२५।।
खान दान सबै राम्रो मिल्यो औगात यौवन
मेरा साथ सवारी होस् माथि पर्वतको वन ? ।।२६।।
डुलौं खेलौं साथ साथ छोड्न सक्तिन क्यै गरी
रामले भन्नु भो "सीता" दुःख हुन्छ जनम्भरी ।।२७।।
तिमी सुहाउँदा राम्रा गोरा लक्ष्मण भाइ छन्
उनैका साथमा विन्ती गर ऊ पनि वीर छन" ।।२८।।
श्री राम चन्द्रका वार्ता सुनेर निस्कि बाहिर
वीर लक्ष्मणको बांया बसेर नगरी छल ।।२९।।
"आदेश दाजुको मानी मेरा पनि बनी डुलौं
वन विहारमा जाऔं केहि दिन उतै भुलौं ।।३०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कामातुर छु हे वीर नगरौं अब अलमल''
वीर लक्ष्मणको हात समातन भइ तत्पर ।।३१।।
म ता श्री रामको दास दास पत्नी उसै हुने ?
''उनैका साथमा जाऊ'' यति लक्ष्मणले भने ।।३२।।
यता दाजु उता भाइ गर्छन् छयक्उने कुरा
अपमान ठुलो ठानी गरोस् आखीर के वरा'' ।।३३।।
सीता माथि जाइ लागी आदेश रामले दिदा
काटे लक्ष्मणले दुवै नाक, कान भए विदा ।।३४।।
''ऐया'' भनी कराई त्यो सकेसम्म गरी बल
रक्ताम्यै भइ चिच्याई दौडेर पुगि त्यो खर ।।३५।।
देखेर खरले ''हाल के भयो ? कसले गऱ्यो ?
रोएर मात्र के गर्ने ? भन्न त भन दुष्ट त्यो ? ।।३६।।
काल जस्तै बलियो होस् नमारीकन छाड्दिन
भन चाडो गई मार्छु सक्ला के गरी उम्कन'' ।।३७।।
''दण्डकारण्यलाई नै शान्ति क्षेत्र बनाउन
वस्छन् गोदावरीमा ती सीता, राम र लक्ष्मण ।।३८।।
रामको पाइ आदेश भाइ लक्ष्मणले अनि
मेरो यस्तो दशा पाऱ्यो मारी हाल्यो नि लौ भनि ।।३९।।
त्यस्तो पञ्चवटी हेर फल फूल छ ढकमक
कति चाडो भयो त्यस्तो देख्दा त म भएँ छक ।।४०।।
यदि वीर कुली नै ह्वौ भने ती दुइ भाइ नै
मारेर मासु खाऊ है रगत् ता पिउछु मनै ।।४१।।
चौध हज्जारको फौज त्रिशिरा, खर, दूषण
हल्ला खल्ला मचाएर लड्न आए भयङ्कर ।।४२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कोला हल सुनी राम "पक्का राक्षसको गण
लड्न आए बुझ्यौ भाइ ! सीतालाई लिईकन ॥४३॥
गुफामा वस्न गै हाल आले टाले कुनै कुरा
न गरे बुझ है बाबु ! फाल्छु राक्षसका जरा" ॥४४॥
सीताजीका साथ साथ "जो आज्ञा" भनि लक्ष्मण
गुफा खोजेर वस्नु भो भाउजु अनि देवर ॥४५॥
डगुर्दै उफ्रदै आयो ठूलो राक्षसको गण
विभिन्न थरीका शस्त्र त्यस्तै अस्त्र अनेकन ॥४६॥
ठोक्रावाट वुई वाण झिकेर कसि कम्मर
ठिक्क पर्नु भयो राम युद्ध गर्ने धुरन्धुर ॥४७॥
घमासान पन्यो युद्ध राम राक्षसको ठुलो
अनेकानेक शस्त्रास्त्र क्षणमै स्थान भो हिलो ॥४८॥
चौध हज्जार छन् फौज त्रिशिरा, खर, दूषण
एक छिन्मै मार्नु भै गो सवै राक्षसको गण ॥४९॥
सीता, लक्ष्मण पाल्नु भो मरेका देखि राक्षस
आश्चर्य नहुनू के छ !!! धन्य श्रीरामको यश ॥५०॥
खुसी भएर सीताले देखेर युद्धको तय
मुम्सुम्यानु भो देव–ले भने "रामको जय" ॥५१॥

(६) सन्दर्भः– शुर्पणखाले रावणलाई सवै कुरा भनेर सीता नहरी हुन्न भन्छे

शारीरिक यता दुःख मानसिक उता पिर
वेइज्जत सिङ्गै छ कुरूपा जिन्दगी भर ॥१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भने जस्तो कतैं हुन्छ ? दैवको विधि भिन्न छ
छाडा सँमत्त मै हिड्दा मनको माझन सक्तछ ॥२॥
मन मस्तिकमा कत्रो आशा, अङ्कुर थे अनि
मर्यादा, मानमा मानै घात पर्न गयो उति ॥३॥
नधोइन्छ, नखुकिन्छ, नकाटिन्छ, जनम्भरी
नगल्दछ, नता सुक्छ नबिर्सिन्छ कठै बरी ॥४॥
जति समय वित्तो छ उत्तिकै पिल्सिदै गई
वदला लिने जे पर्ला गर्न तत्पर त्यो भई ॥५॥
अनि शूर्पणखा लङ्का लाजले दुःखमा डुबी
दाजु रावण राजाको गोडामा पुगी त्यो लडी ॥६॥
प्रतिकृया पर्‍यो उल्टो साखेलो बन्न भो निहूं
भयो खरादिको हत्या राजा जगाउने निहूं ॥७॥
आगाको विउ झिलकाले वन, घर डढाउछ
झगडाको निहूं निस्के कुल देश विगार्दछ ॥८॥
वहिनीको दशा देख्यो नाक, कान विना मुख
"अलच्छिन त यो हैन" भन्छ रावणको लख ॥९॥
"उठ बा बहिनी भन्छ रोएर हुन्छ के सुन
तिम्रो विरुप कसले गर्‍यो त्यो पहिले भन ॥१०॥
कुवेरले गर्‍यो कि के ? यमले इन्द्रले गर्‍यो ?
गर्‍यो वरूणले क्या हो ? अथवा अरुले गर्‍यो" ॥११॥
कता कता भयो राजा रावणको मन
मारि हाल्छु म छाड्दिन खरानी पार्दछु भन ॥१२॥
प्रत्यक्ष दर्शनै छैन न छ प्रत्यक्ष वर्णन
न समाचार नै पाएं आश्चर्य !!! के भयो भन ॥१३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"राज काज उसै चल्छ हे राजन् सुनि बक्सियोस
खरादिको भयो हत्या जे गर्ने गरि बक्सियोस ॥१४॥

सञ्चार चारले ज्यादै तगडा हुनु पर्दछ
संसार सबै छर्लङ्ग राजाले देख्नु पर्दछ ॥१५॥

संसारका सबै श्रेष्ठ वस्तु छन् प्रभुका सब
तर आश्चर्य भो राजन् ! पत्नीमा श्रेष्ठ मानव ॥१६॥

हुँदा असह्य भो दाज्यै प्रभुका नितिमा मता
ल्याऊँ सीता हरी भन्दा नाक, कान गए कता ॥१७॥

भनी सौन्दर्य सीताको वीर छन् राम लक्ष्मण
सीता पत्नी भए कस्तो राम्रो हुन्थ्यो नि रावण ॥१८॥

कस्तो यो प्रहस्त्य यो मन्त्री चिन्दैन राम, लक्ष्मण
राम छन् विश्वमा वीर हुन मिल्छ लक्ष्मण ॥१९॥
त्रिलोक सुन्दरी सीता मन माफिककी छ त्यो
त्यस्ता राम र सीताको कुरा बुझ्दैन केही यो ॥२०॥

संसारका सबै भाग कुना काप्चा कतै पनि
खित्रिक्क जे सुके हो ओस् लङ्का जान्दछ जे पनि ॥२१॥

भन्छ संसारले राजन् ! यो कुरा सत्य हो पनि
न जान्दा रामको नाम अब लङ्का पर्‍यो मुनि ॥२२॥

मै मत्त हूँ वडा हुंदा हुन्छ पतनको सुरु
भोग, विलासमा लाग्दा सन्देश भाग्दछन् वरु ॥२३॥
होशियार भए सारा के यस्तो हुन पाउँथ्यो ?
साम, होस् दान जे दण्ड भेद नीति गरिन्छ त्यो ॥२४॥

लङ्काका नितिमा मेरा नाक, कान गए त के ?
भयो के लाग्ने नै मर्दा म मरे पनि हुन्छ के ? ॥२५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रहोस् इज्जत लङ्काको राज मुकूटको रहोस्
प्रतिष्ठा रहनू सम्म राजा रावणको रहोस् ॥२६॥

जय हुन्छ भने दाजु ! लङ्काको नितिमा मता
रउँ पिच्छे सियो रोपी प्राण दिन्छु वरु मता ॥२७॥

राजा दोस्रो हुने स्त्रीमा सबैमा श्रेष्ठरावण !
हरेर ल्याउने सीता हे राजन् ! कुन हो दिन ॥२८॥

आमाको दूधको धारा पिएको व्यर्थ नै भयो
मानिसले पनी हेर्नु जीवनी व्यर्थमा गयो ॥२९॥

श्री रामको खसो खास अगाडी त कुनै दिन
अति वीर छ त्यो राम जान हुन्न कदाचन ॥३०॥

जानु पर्दछ मौकामा छलेर राम लक्ष्मण
नत्र धोका भरे होला हुदैन शुभ लक्षण ॥३१॥

सीता हात परेमा त भाग्यमानी हजूरसरी
कुनै पनि हुने छैन बुझे हुन्छ जनम्भरी ॥३२॥

सीताको अङ्ग प्रत्यङ्ग दोषी छैनन् कुनै पनि
सर्व लक्षण सम्पन्न सीता छ दाजु के अनि ॥३३॥

छैन दोष दिने ठाम समालोचकले कतै
प्रत्येक केशका टुप्पा एउटा मात्र छन् सबै ॥३४॥

मुख लावण्य कस्तो छ आंखा नै तिर्मिराउछ
मुखमा विजुली स्वायी छ है को हेर्न सक्तछ ॥३५॥

खचाखच बसेका छन् लक्ष्मण सबका सब
हो त्यो लक्ष्मणको थुप्रो अनि के चाहियो अब ॥३६॥

यक्ष कन्या त को हुन् र कन्या किन्न र दानव
सीताका दाजमा ती के ? सीता मानिस आखिर ॥३७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दाज्यै हजूरका पुण्य प्रतापले गरी कन
सारा संसारनै देखे सीता जस्ती न देखिन ।।३८।।

(७) सन्दर्भः– रावण र मारीच, मारीच वध

कुरा खेलेर नै होला निद्रा आएन रावण–
लाई कति बिते रात विघ्न ता राम लक्ष्मण ।।१।।
सम्झदा सम्झदा ब्रल्ल–तल्ल आयो र अक्कल
सहाय लिनको निति पऱ्यो मारीचको भर ।।२।।
जटा वल्कल धारी छ ध्यान गर्दछ ईशको
मुनि जस्तै छ मारीच निर्गुण भगवानको ।।३।।
समाधि सिद्दिदा देख्यो राजा रावणलाई त
झट्ट पट्ट उठी अङ्क–माल गरेर स्वागत ।।४।।
गरी सवारी भित्र्यायो सकेको गरि आदर
आतिथ्य गरि मारीच भन्छ "छैनन् नि लस्कर ।।५।।
गोप्य छैन भने राजन् आज्ञा होस् गर्दछु भलो
न्याय हो पाप लाग्दैन भने गर्दिन क्यै ढिलो ।।६।।
खालि एक्लै सवारी भो साथ छैन कुनै जन
चिन्ता परे जसो लाग्छ अथवा होकि होइन ? ।।७।।
"असाध्य नै तिमी राम्रो मृग बन्न शिपालु छौ
राम लक्ष्मणलाई नै झुक्याई लान सक्तछौ ।।८।।
"अनि सीता म हर्ने छु" भनी सारा कुरा गऱ्यो
"तिमी मृग बनी राम्रो अवश्य जान नै पऱ्यो" ।।९।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुनो रावणका वाक्य मारीच विन्ति गर्दछ
''यो कुरा ल्याउनेलाई अवश्य मार्न पर्दछ ।।१०।।
राज्य, राक्षसको नाश लङ्काको हुन्छ दुर्दशा
राजा रावणको नाश कुलमा हुन्न क्यै टुसा ।।११।।
त्यो हो राक्षसको शत्रु लङ्काको शत्रु राष्ट्रको
राज मुकुटको शत्रु, काट्नु पर्दछ टाउको ।।१२।।
राजालाई कुवाटोमा जो लगाउछ त्यो ठुलो
अपराधी ठहर्ने छ मार्नु नै हुन्छ त्यो भलो ।।१३।।
राम कस्तो छ के थाहा कसले जान्न सक्तछ
राम बालक मैं कस्तो ? उसै सुबाहु मर्दछ ।।१४।।
ताटका कम थी राजन् ! खुत्रुक्क कसरी मरी
म पनि कमको हैन म नै पयाकें कसो गरी ।।१५।।
बिर्सने त्यो धनुर्भङ्ग, काण्ड परशुरामको ?
पुरुषार्थ सबं बिर्सौंस ? लेखी राखौं न रामको'' ।।१६।।
बदला लिनको निति बलवान साथमा लिएँ
कति गर्दा पनि केहि नलाग्दा हार नै भएँ ।।१७।।
रानी, राज्य, रमा, राजन् ! राहु, रिपु र रोचक,
रजस्वला, रुप, रेखा, रेणु र रोग, रिक्तक ।।१८।।
रथ, रवि, रुद्र, रास्रो, रति र रसना, रण,
रमणी, खेती, र म, रत्न, रुचिर, रावण ! ।।१९।।
'र' बाट आउने शब्द सुन्दा नै डर लाग्दछ
"राम" लौ सम्झना साथ शरीर गलि हाल्दछ ।।२०।।
राम देखि डराएर त्यागेर घर बार नै
लुकी ईश्वरको नाम जप्न थाले बसी बनै ।।२१।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाहिरका सबै काम छोडेको छु निरन्तर
"देख्छन् कि रामले भन्ने लाग्छ निस्कन्न क्यै पर ॥२२॥
आए लौ "राम" नै भन्ने शङ्का लाग्दछ लाग्दछ
सपना विपना "राम"-बाट नै डर लाग्दछ" ॥२३॥
भड्काउने र त्रासै नै देखाउने कुरा कुनै
छांट्न पर्दैन क्यै वाक्य थाहा पाउंछु दिन्दिनै ॥२४॥
मान्ने भए गई हाल्न नत्र मार्ने छु निश्चय
भन्छ रावण मारीच ! गरी हाल्न बुझिस् तय ॥२५॥
राम, रावण, नै दुवैले नमारे पनि मर्नुछ
ढीलो होस् अथवा चांडो मर्न निश्चय पर्दछ ॥२६॥
भने यसै उसै मर्नु रामको वाणले मरे
सरासरै घाम पुग्छु नत्र नरकमा भरे ॥२७॥
शोचेर हात जोडेर जो "आज्ञा" हुन्छ त्यै पथ
भनी मारीच गै हाल्यो चढी रावणको रथ ॥२८॥
आज देखी तिमी सीते आगो भित्र पसी बस
एक वर्ष बसे पुग्छ हुन्छ नपाउन् अरुले नस ॥२९॥
रावण भिक्षुको रुप लिएर तिमीलाई त
हरि लग्ने छ लङ्कामा तिम्रो वियोगमा मत ॥३०॥
विलाप गरि खोज्नेछु अरु मानिस झैं गरी
पत्ता लागे पछि सारा राक्षस कत्तलै गरी ॥३१॥
हरेर भूमिको भार देव कार्य सके पछि
आगैवाट तिमीलाई लिनेछु आशु नै पुछि ॥३२॥
"जो आज्ञा" भनी सीताले तत्कालै अग्निमा पसी
नक्कली चाहिं सीताजी रामका पाउमा बसी ॥३३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गुप्त रूप भई अग्नि रामलाई कतै पनि
छाड्दैनथे कतै "सीता" मागेमा गर्नु के भनी ।।३४।।
उता नजर होस् स्वामी कस्तो राम्रो छ त्यो मृग
उफ्रेको कति राम्रो नि !!!
लक्ष्मणः– जाली मारीच हो ठग ।।३५।।
दौडेको राम्रो छ चरेको देखि बक्सियो ?
थोप्ले बुट्टा वडो राम्रो सुन जस्तै छ देखियो ।।३६।।
यत्तिका वर्ष कैय्यौं थरिका मृग देखिए
तर यस्तो वडो राम्रो मृग ता देखिएन ए ।।३७।।
निगाँ भए म यसलाई पाल्दथें दिइ बक्सियोस्
अयोध्यामासँगै लान्थे एक वर्ष अझै बितोस् ।।३८।।
सीताका नितिमा भाइ ! यो जस्तो निमोले भन्यौ
भए राक्षस मार्ने छु नत्र ल्याउंदछु बुझ्यौ ।।३९।।
मृगले रामलाई त छल्दा छल्दै परै लग्यो
रामले राक्षसै ठानी– वक्स्यो पछि त मारियो ।।४०।।
वाण लागे पछी "भाइ" "म मरें लौ बचाउन"
भन्यो पार्वति ! जालीले रामको स्वर ली कन ।।४१।।
खङ्गन्याङ्ग अनि खुङ्गुन्ङ्ग भइ सीता रुदै कतै
लक्ष्मण ! लौन जानोस्न जानोस् जानोस् छिटो उतै ।।४२।।
रामले कहिले बोल्ने चुत्थो वचन लौ न यो
थियो राक्षस त्यो पक्का मर्न लाग्दा "यसो" भन्यो ।।४३।।
सुनी लक्ष्मणको बोली सीताजी रीसमा डुबी
रुदै लडी बुडी गर्दै "वल्ल आज चिनें" भनी ।।४४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"कहिले दाजु धोकामा पर्ला मौका म पारूँला
भनेर पछि लागेका रहेछौ हेरूँ खाउला ॥४५॥
भरतले पठाएका रहेछौ हो कि ? होइन ?
भरत, अथवा तिम्रो दुवैको वश पर्दिन ? ॥४६॥
कस्तो !!! आपतको वेला आयो लौ दैवको गति
सतीमा यी सबै दुःख गर्न सक्तछ के खति" ॥४७॥
छाती पिटी पिटी रोई "प्रभो ! हे राम छन् जहाँ
पुर्‍याई देन हा दैव ! राम राज हुने जहाँ ॥४८॥
धिक्कार छ तिमीलाई कान थुनेर लक्ष्मण
आएछ नाशको वेला छैन राम्रो नि लक्ष्मण ॥४९॥
भनेर रामको खोजी गर्न लक्ष्मण जी गए
दुर्वाच्यमा सबै सोख चुहेर सिद्धिने भए ॥५०॥

(८) सन्दर्भः- सीता हरण र जटायुको स्तुति

आफू लुक्न परे भाग्न छल्न टग्न भए पनि
कस्तै गुप्त कुरा होस्न बुझी हाल्दछ त्यो पनि ॥१॥
कसैबाट कुनै काम भएन यदि क्यै भने
भाग्नेको रूपले सक्छ त्यो काम राम्ररी गुने ॥२॥
मानिस छकिने मात्र होइन भिक्षु रूपमा
देव, गन्धर्व, वेताल पर्छन् पिशाच भूलमा ॥३॥
जोगी मशानमा वस्दा भूत प्रेतादि भाग्दछन्
तपस्यामा वसे योगी राजा इन्द्र डराउँछन् ॥४॥
असी लाग्यो वन्यो योगी जे पनि जुट्न आउँछन्
दूधै दूध फल फूल जे भने पनि जुट्दछन् ॥५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सवारीमा कतै रोक हुन्न, जान्छ सरासर
चिम्टा देख्दा सबै त्रस्त हुन्छन् राक्षस वानर ॥६॥
खर्च, पर्च कुनै खट्ट पर्दैन भिक्षु रूपमा
ठूलो भारी बडो विद्वान सजील बन्छ विश्वमा ॥७॥
अरूको के कुरा हेर पार्वति बुझ है तिमी
ईश्वर पनि यै रूपलाई रुचाउने गमी ॥८॥
योगीले नै सबै छोड्दा "ब्रह्म ज्ञान" त पाउछन्
"अहं ब्रह्मास्मि" यो ज्ञान पाउने पनि योगी छन् ॥९॥
रामको तत्त्व जो बुझछन योगी नै तो पनि त हुन्
"तत्त्वमसि" भनी "सोऽहं मस्मि" जान्ने पनी त हुन् ॥१०॥
कस्तो रहेछ यो 'भेष' जे इच्छा गर्छ जे जप
परत्र इह छन् लोक–दुवै गर्न सके तप ॥११॥
रावण पनि यो बुझ्थ्यो भिक्षुको रूपमा गयो
सीता राज जहाँ भाथ्यो त्यहि पञ्चवटी पुग्यो ॥१२॥
भिक्षा दिदा "तिमो को हौ" ? भिक्षुकले भन्यो
सीताले भन्नु भो "भिक्षा" भएको सत्य जे थियो ॥१३॥
"म हूँ पुलस्त्यको नाति विश्रबाको म पुत्र हूँ
रावण नाम हो मेरो स्वामो त्रिलोकको म हुँ ॥१४॥
भन्यो रावणले आफ्नो तीन पुस्ते पनी भन्यो
इरादा उसले आफ्नो भन्यो जे मनमा थियो ॥१५॥
तीन पुस्ते नाम भन्दा विश्रवा र पुलस्त्यको
इजत फालि द्यो त्यस्ले जेठा दाजु कुवेरको ॥१६॥
राम ! लक्ष्मण ! हे राम ! बचाइ बक्सियोस्न लौ
हन्यो रावणले लौन पाऊँ गुहार लौन लौ" ॥१७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गुहार सुनि सीताको "पाजी रावण भाग्दछस्"
भनी जटायुले झम्टे "छोडी जा न त मर्दछन्" ॥१८॥
चुटा चूट पऱ्यो मारा-मार तो दुइमा पऱ्यो
तरवार पऱ्यो के र जे गर्नू मारले गऱ्यो ॥१९॥
लडे जटायु पृथ्वीमा धारा रगतको बग्यो
सके सम्म लडे वीर प्राणले मात्र के गऱ्यो ? ॥२०॥
जमीन साथ श्री सीता अर्को विमानमा चढ्यो
हऱ्यो रावणले सीता लङ्कामा सजिलै पुग्यो ॥२१॥
फर्कदा रामले भाइ लक्ष्मणलाई भेट्नु भो
"एक्ली सीता उसै छोडी आयौ"? लक्ष्मण भन्नु भो ॥२२॥
हात जोडी गरे विन्ती मुख निदाउरो गरी
सीतालाई नदेखेर खोजी भो त्यै वरिपरो ॥२३॥
खाडल वनका कोप्चा ठूला ओडार कन्दरा
सीताको खोजमा जांदा रामको मन भो चिरा ॥२४॥
"ओ ३ सीते !" भनी चिच्याई चारै तिर यता उति
खोज्दा नजर भो सांढ्ढा हरे ! जटायुको गति ॥२५॥
वल्ल तल्ल कनी कूथि सीताजीका कुरा तुरे
शुशार रामले गर्दा-गर्दै प्राण उड्यो मरे ॥२६॥
जटायुको गरि दाह "तृप्तो भवतु पक्षिराट्"
मासु ती चरिले खाए चाख मानी तं छाड् म छाड् ॥२७॥
हेर्दा हेर्दै उतिन खेरै दिव्य देह भए उनि
झल्झलाकारको यान आयो फूल झऱ्यो पनी ॥२८॥
जटायु हात जोरेरै तीन चोटो परिक्रमा
गरेर रामको सामु स्तुति गर्छन् मनोरमा ॥२९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"असंख्य गुणले युक्त बुद्धिभन्दा पनी पर
सृष्टि, स्थिति, प्रलयका कारण चराचर ॥३०॥
यति, उति भनी गन्दा गर्न नसकिने गुण
राम यस्ता भनी खोजे भन्न सक्तैन यो मन ॥३१॥
चराचरको सृष्टि, स्थिति, प्रलयको क्रम
जसबाट चलेको छ पुराण पुरुषोत्तम ॥३२॥
जसको स्वरुप परम शान्तिले परि पूर्ण छ
परमात्मा प्रभो ! राम ! रामलाई प्रणाम छ ॥३३॥
ब्रह्मादि देवको दुःख नाशको निति उत्तम
बाहुमा छ धनुर्वाण मर्यादा पुरुषोत्तम ॥३४॥
भक्त माथि दया गर्ने भक्त जे जति माग्दछ
बरदान दिने राम ! रात दिन प्रणाम छ ॥३५॥
त्रिलोकमा सबै भन्दा-प्रभुको रूप सुन्दर
देवता, यक्ष, गन्धर्व स्तुति गर्न छ तत्पर ॥३६॥
सयौं श्री सूर्यको तेज प्रभुको तेजमा कुनै
फरक छैन हे राम ! महिमा गाउंछु मन ॥३७॥
भक्तका हृदय-वासी प्रभु नै भक्तका वश
करूणा मूर्ति श्री राम प्रणाम छ अहर्निश ॥३८॥
रामको नामले सारा पाप भष्म गराउंछ
जस्तै डढेला लाग्नाले वन खाग गराउंछ ॥३९॥
देवादि देवका पूज्य ! श्रीराम भक्त वत्सल
कौसला पुत्र श्रीराम पाउमा पर्छु केवल ॥४०॥
करोडौं दानव स्वामी मारी ववसेर भूमिको
भार हटाउंदा दुःख हट्यो मानव देवको ॥४१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यमुना सूर्यकी पुत्री जस्तै नै श्याम वर्ण छ
हरि करूणका खानी शरणमा जटायु छ ।।४२।।
भक्तले सजिलै पाछ यस्तो सौन्दर्य दर्शन
पापीको नितिमा जस्तै अन्धाको निति दपर्न ।।४३।।
यता गरे यसो हुन्छ गए उता यसो हुने
खोज्ने वाटो सयौंको त राम टाढा हुने हुने ।।४४।।
संसारमा सधैं लाग्ने भौतिक सुख, साधन
खोज्नेको निंतिमा राम अति टाढा दिनौं दिन ।।४५।।
भव सागर जानेर हटी शान्त हुने जन
तपस्वी ऋषिको निति देखिने नित्य दिन्दिन ।।४६।।
प्रभुको पाउ कस्तो छ भव संसार तार्दछ
त्यसैले राममा नित्य शरणमा जटायु छ ।।४७।।
प्रभु त्यहि राज हुन्छ पार्वती शिवको मन
वर्णन गर्न को सक्छ? अति राम्रो छ कीर्तन ।।४८।।
पाउ कमलको सेवा देव, गन्ध गर्दछन्
भने सेवा गर्नलाई भक्त के पछि पर्दछन् ।।४९।।
अर्काको धनमा लोभ नगर्ने जति छन् उति
परस्त्रीहरूमा केहि गर्दैनन् लालचा रीत ।।५०।।
गुण र धन अर्काको वृध्दिमा वहुतै खुशी
अर्काको हितमा मुख्य काम गर्ने घुँडा घसी ।।५१।।
यस्ता सन्त महात्माले गर्दछन् पाउ अर्चन
भौतिक हानि लाभैको थाहै छैन कदाचन ।।५२।।
मुख मण्डल देदील नील मणि समान छ
रातो छ ओठ मुस्कान यो छैन भन्नु नै न छ ।।५३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अरुको ता कुरै छैन शिवजीका पनि गुरु
प्रभो ! शरण पाऊँ म श्रीरामको खुरु खुरु ।।५४।।
एउटै सूर्य आखीर जल पात्र अनेक छन्
भने भाँडै पिच्छे सूर्य देखिन्छन् सूर्य एक हुन् ।।५५।।
त्यस्तै राम प्रभो एक ब्रह्मा, विष्णु, महेश्वर
हुदा त्रिगुण सम्बन्ध भिन्ना भिन्नै चराचर ।।५६।।
श्री राम स्तुति गर्छु म इन्द्र नै स्तुति गर्दछन्
परमेश्वरको गाना देव, गन्धर्व गाउँछन् ।।५७।।
प्रभो ! हजूरको रूप करोडौं काम देवको
रूप भन्दा पनि राम्रो स्वामी श्री रामचन्द्रको" ।।५८।।
यस्तो स्तुति सुनी राम प्रसन्न होइबक्सियो
"जटायो !" जाउ वा मेरो विष्णु लोक हुकूम भयो।।५९।।
यो स्तोत्र सुन्छ वा लेख्छ नित्य जो पाठ गर्दछ
सारूप्य पदमा पुग्छ अन्त्यमा "राम" भन्दछ ।।६०।।
यस्तो श्री रामको आज्ञा सुनी गद् गद् भै नुगे
राम जस्तै लिई रूप परम पदमा पुगे ।।६१।।

(६) सन्दर्भः– अशोक बाटिकामा सीता, सीताको खोज

डेरा र मुख बाङ्गा का काली, बूढी कुरूपका
डर लाग्दा, उछिट्टिका दाँत बाङ्गा शरीरका ।।१।।
रिसाही, दुर्मुखी छुच्चा खुँडा खड्ग छ हातमा
राक्षसीले घेरिएको चौतारो पर्छ बीचमा ।।२।।
अशोक वाटिका राम्रो शिशपाको ठूलो रुख
सीतालाई त्यही राखी गर्छ रावण लौ लख ।।३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सीताजीको रुची के छ बुझेर दिनका दिन
हाम्रा हजूरमा ल्याम्रो लेखेर प्रति वेदन ।।४।।
सीताजीलाई लौ केहि दुःख पर्ला भनी कन
तुरुन्त गर्नु जे पर्छ आदेश दिन्छ रावण ।।५।।
अनुपम वगैंचाको शिशपा रूखको तल
चोतारो फूल झैं पत्ता–भन्दा पनि र कोमल ।।६।।
आल्टो, कोल्टो जता फर्के पनि शरीर स्वाउदो
होचो, अग्लो उसै हुन्छ उसै पल्टन्छ त्यो खुर्दा ।।७।।
विभिन्न थरिका वाजा श्रुति स्मृति पुराणका
तस्वीर लेख्ने समान धेरै रङ्ग विरङ्गका ।।८।।
शिशपा रूखको फेद–मा छैन क्यै पनि कमी
भोग, विलास सामान राखिएको छ चुनी गर्मी ।।९।।
जे खोजे पनि पाइन्छ छैन क्यै पनि दुर्लभ
शोपका सब समान देखिदा छन् सबै शुभ ।।१०।।
लडी, वुदी गरे हुन्छ धक्का पर्दैन गाथमा
हातले तकिहाले नहाले पनि माथमा ।।११।।
उत्तिकै सुख, आराम मिल्दछ त्यस ठाममा
विज्ञानको चमत्कार भन्नु पर्दछ हातमा ।।१२।।
पानी पर्दा न चुहिन्छ न घाम ताप पार्दछ
सित पर्छ न ता रात अँध्यारोले न ढाक्दछ ।।१३।।
सिताजी रामकी रानी त्यसैको फेदमा बसी
अति दुःखी भई राम जप्दछिन् ती वनी लुसी ।।१४।।
मन भाड्न सीताजी मन फर्काउने पनि
मनोरञ्जनको निति नाच देखाउथ्यो खुनी ।।१५।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सीताको तुलसीजीमा भक्ति सुनेर रावण
बनाउन दियो आज्ञा बन्यो मोठ विलक्षण ॥१६॥
कडा रावणको आज्ञा पालना गर्न तत्पर
कोशिस राक्षसी गर्छन् लाग्दैन के गरून् तर ॥१७॥
राम नाम विना अर्को सीताका ओठमा अरू
रेखा नपाउंदा खिन्न कुनै दङ्ग परे वरू ॥१८॥
छानिएका निकै राम्रा शोऽशो छन् वरि परी
हसिलो मुख सीताको गराउन अघ सरी ॥१९॥
नारी पुरुषका रूप लिई नाटक खेल्दछन्
हाउ; भाउ सवै राम्रो जस्तो गर्नू छ गर्दछन् ॥२०॥
एक दिन कसोवल्ल सीताको नेत्रमा कुचो
पर्दा लेखन पर्‍यो भन्ने विग्रिएला भनी वची ॥२१॥
लेखन थाल्नु भयो सीता कुची लिएर हातमा
श्रीराम चन्द्रको खास देखियो मूर्ति पत्रमा ॥२२॥
पानी परेर उघ्रेको नीलो आकाश निर्मल
जस्तै शरीर राम्रो छ भव्य मूर्ति छ भास्वर ॥२३॥
हीरा र मणिले युक्त किरीट अति उज्वल
टीका निधारमा ठाडो दुइ रेखा वरावर ॥२४॥
लाम्चिला तेजिला नेत्र जस्तै कमल फूल छ
मुसुक्क हसिलो रातो ओठ गालो नगीच छ ॥२५॥
छातीमा मणि मोतिको हार चम्कन्छ झल्झल
फूलको गोल माला त लर्किएको छ सुन्दर ॥२६॥
दाहिने बाहुमा वाण वायांमा छ ठुलो धनु
वाणै वाण छ ठोक्रोमा रामका यी दुवै चिनु ॥२७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घुंडा नाघ्ने ठुला लामा दुई बाहु सुकोमल
राजकीय वस्त्र भेष दर्शनीय मनोहर ॥२८॥

यता रूख मुनि सीता उता राम र लक्ष्मण
सीताकै खोजिमा हिंड्ने कांडादार वनै वन ॥२९॥

सीते, ! सीता भनी खोज्दा अनेक धरिका गुफा
घुम्दै जांदा साझमात देखियो पोखरी सफा ॥३०॥

स्नान, सन्ध्या गरी वक्स्यो सायं कालिका प्रार्थना
सिद्धिदा परिगो रात भोग्य भोजन ता विना ॥३१॥

कौसल्या र सुमित्राको ऊर्मिलाका कुरा उता
पत्तो लागेन सीताको न यतान उता कता ? ॥३२॥

त्यो रात पार्वति वास त्यहि पोखरीमा भयो
ढुङ्गैमा पल्टि वक्सियो शिरान पनि त्यै भयो ॥३३॥

सीता विरहको दुःख रात छोटो छता पनी
विताउंदा हुने लामो सीता खोज्नु छ लौ अनि ॥३४॥

राम लक्ष्मणका वार्ता नसिद्धिदा नसिद्धिदै
चिहाए शुक्रले पृथ्वी डांडाको चुचुरा हुंदै ॥३५॥

प्रातः कालिकको काम सिद्धियो पितृ तर्पण
फेरि सीता खोजनलाई गरि वक्स्यो पदार्पण ॥३६॥

खोज्दा खोज्दै वास पर्थ्यो वगर, घोर जङ्गल
कहिले पिंध झर्नाको लहरा झाङ केवल ॥३७॥

छामछुम गरि खोज्दा दण्डकारण्य नै सव
सीता नपाउदा दैव ! पीर पर्न गयो खुव ॥३८॥

पाएमा र नपाएमा छैन फरकता कुनै
तर मानिस झैं गर्ने ईश श्रीराम चन्द्र नै ॥३९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सीताको खोजको निति हिंड्दा हिड्दै वनैं वन
सीते भन्दै सबारी भो श्रीराम चन्द्र लक्ष्मण ।।४०।।
सीताजी खोज्दा खोज्दै कांडादार ठुला स्थल
"कन्याक् कुरूक्" ठुलो शब्द आयो घोर छ जङ्गल ।।४१।।
हेर भाइ ! यतैं आयो कस्तो अद्भुत राक्षस
वाहां भित्र पस्यौं यस्को यस्लाई अत्र लो खिस ।।४२।।
खुट्टा र टाउको छैन ठूलो छ छातिमा मुख
हात हेर अहो !!! लामा के गरी उम्कने अब ।।४३।।
आंखा, कान कुनै छैनन् लामो हाते छ राक्षस
दैवी विधान कस्तो छ जीव पार्दछ यो वश ।।४४।।
काटौं न यसको हात ढीलो नगरि वक्सियोस्
म वांया काट्दछु दायां खड्गले काटि वक्सियोस् ।।४५।।
मुर्कट्टाका दुवै हात काटिंदा हांसि भन्दछ
अहो !!! आश्चर्य भो आज यो रहस्य अवश्य छ ।।४६।।
मेरा यी हात काट्ने त स्वर्ग पृथिवीमा कुनै
छैनन् तर तिमी को हौ ? भन्दछु म नैं ।।४७।।
सुनेर रामको सारा ईति वृत्त भला कुरा
"भाग्य मानो भए राम !" भन्न लाग्या कठंत्ररा ।।४८।।
"कवन्ध" हुं म श्री राम "थिएँ गन्धर्भ राज म
अति राम्रो थिएँ पठ्ठो म स्त्रीको हृदयङ्ग म ।।४९।।
अमरत्व थिए राम ब्रह्माका बरदानले
मैं मत्त भइ हिंड्थे म" सवैं देश घमण्डले ।।५०।।
रूप देखेर हाँस्दा त अष्टा बक्र महामुनि
दिए शराप हे राम ! "भएस राक्षस है" भनि ।।५१।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खुशी भए माफ माग्दा "रामबाट त तर्दछस्"
भनी बाटो उनी लागे "त्यतिञ्जेल त लौ त बस् ॥५२॥
अनि राक्षस भै हाले विर्से" आफ्ना सवै कुरा
दैवको गति हे नाथ ! राम्रो लाग्यो यतै भला ॥५३॥
एक दिन उसै मेरो इन्द्रका साथ भेट भो
खान खोज्दा इन्द्रको त म माथि वज्र पात भो ॥५४॥
पेट भित्र पसे मेरा दुइ खुट्टा र टाउको
छाती भै मुख पारेर "खानू है वाहु भित्रको" ॥५५॥
भनी ईन्द्र गए स्वामी अनि यस्तो भएछु म
वाहा भित्र परे जत्ति खाँदै हिड्ने भए छु म ॥५६॥
पैले यो देहलाई नै भस्म पार्नु हजुरोस् प्रभो !
पैलाकै रूपमा साता पत्ता लाउदछु प्रभो" ! ॥५७॥
भने जस्तै पोली वक्स्यो खरानीबाट निस्कियो
हेर्दा हेर्दै दिव्य रूप भया गन्धर्व राज त्यो ॥५८॥
प्रदक्षिण गर्‍यो तीन चोटि नै दण्डवत् पनि
गरेर हात जोडेर स्तुति गर्दछ त्यो अनि ॥५९॥
रामचन्द्र ! तपाईको आदि, अन्त्य, पनि कुनै
छैन के स्तुति गर्नु छ विन्ती तै पनि गर्छु नै ॥६०॥
विचार मनले सम्म गर्न सक्तैन के अनि
भने इन्द्रिय के थाहा पाउन सक्छ तै पनि ॥६१॥
योगीहरू पनी राम सूक्ष्म रूप हजूरको
चिन्तन सतत् ध्यान गर्छन् मात्र भने त को ॥६२॥
के भनेर गरौं विन्ती बुध्यवच्छिन्न जीव हो
वुध्दि, इन्द्रिय साराको साक्षी "ब्रह्म स्वरूप" हो ॥६३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निर्विकार, निराकार सर्वात्मा "ब्रह्म" रूपमा
अज्ञानले जगत् सारा थुपार्छन् सब ब्रह्ममा ।।६४।।
हजूरको सूक्ष्म रूप हिरण्य गर्भ भन्दछन्
भने हजूरकै रूप स्थूल देह विराट् त मान्दछन् ।।६५।।
सारा ब्रह्माण्डको काल सूक्ष्ममा झक्मकाउँछ
त्यस्ता श्री राममा मेरो प्रणाम छ प्रणाम छ ।।६६।।
राम नै मोक्षको रूप अवयव त लोक हुन्
महातल त कुर्कुच्चो पाताल राम पाद हुन् ।।६७।।
वितल दुइ तिघ्रा हुन् दुइ घुडा तलातल
सुतल प्रभुका जांघ गोलि गाठो रसातल ।।६८।।
अतल पृथिवी नाथ ! रामका दुइ कम्मर
भूर्लोक नाइटो हो नि छाती र स्वर्गलोक र– ।।६९।।
महर्लोक त घांटी हो मुखता जन लोक हो
निदार तप लोकै हो शिर त सत्यलोक हो ।।७०।।
इन्द्रादि लोक पाल ता बाहुली रामका त हुन्
सबै दिशा कान हुन्–ना क,- अश्विनी कुमार हुन् ।।७१।।
रामको मुख आगो हो रामका नेत्र सूर्य हुन्
मन त चन्द्रमा खास भूमङ्गी चाहिं काल हुन् ।।७२।।
अहङ्कार त रुद्रै हुन् बुध्दि चाहिं वृहस्पति
बोली हो रामको दाह्रा हुन् पापका पति
(यमराज) ।।७३।।
नक्षत्र गण हुन् दाँत हाँसो माया त रामको
सृष्टि कटाक्ष पैलो हो, भाग हो धर्म रामको ।।७४।।
पछिल्लो भागता पाप, भन्दछन् सब रामको
दिन नेत्र उघार्नू हो, चिम्लनू रात रामको ।।७५।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सातै समुद्र कोखा हुन्, नाडीहरू नदी त हुन्
रूख वुटीहरू सारा श्री रामका रऊँ त हुन् ।।७६।।
वर्षा श्री रामको वीर्य महिना ज्ञान शक्ति हो
साराका सार यी सारा रामको स्थूल देह हो ।।७७।।
स्थूल त्यै देहको ध्यान नित्य गर्दछ जो जन
सजीलैसँग त्यो मोक्ष गरेमा हुन्छ चिन्तन ।।७८।।
यसैले राम ! हे राम ! त्यहि नै स्थूल रूपको
गर्दा चिन्तन यै बुध्दि रस आउँछ प्रेमको ।।७९।।
तथापि म त हे राम ! रामकै यहि रूप नै
सधै सम्झी रहुँ भन्ने आज्ञा गर्दछु म नै ।।८०।।
आकाशे रङको गाथ हातमा धनु वाण छ
भाइ लक्ष्मणको साथ सीतालाई त खोज्नु छ ।।८१।।
जटा वल्कलको शोभा रातो ओठ मनोहर
लामा बाहु घुँडा नाघ्छ पाउ कस्तो छ सुन्दर ।।८२।।
श्री सदा शिवजी खास पार्वती लिइ साथमा
जप्नु हुन्छ सदा 'राम' दिएर मन राममा ।।८३।।
काशीमा मर्न लागेकालाई "राम" सुनाउन
स्वयं शिव भन्नु हुन्छ के गरी गर्नु वर्णन ? ।।८४।।
नठाकोस् प्रभु ! मायाले "राम" नाम सदा जपू
शरणागत छु राम ! राम कीर्तनमा डुबूँ" ।।८५।।
"गन्धर्व म खुसी नै छु तिम्रो स्तुति र भक्तिले
मेरो धाम तिमी जाऊ स्पर्श गर्दैन जालले ।।८६।।
भक्ति पूर्वक यो स्तोत्र पाठ जो जन गर्दछ
अज्ञान सब नाशिन्छ परम धाम पुग्दछ" ।।८७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वर पाएर गन्धर्व हर्षले मनमा गुने
विमानमा चढी जान लाग्दा विन्ती गरी भने ।।८८।।
यहि सामुन्यमा पर्छ शवरीको छ आश्रम
जप्दछिन् रामको नाम गान गर्छिन् यथाक्रम ।।८९।।
सीताजीको सबै हाल विन्ती अवश्य गर्दछिन्
हुने सम्म सबैको ती भलाइ मात्र गर्दछिन् ।।९०।।
रामको पाउमा विन्ती गरी गन्धर्व राज त्यो
पाउमा शिर राखेर प्रदक्षिणा गरी गयो ।।९१।।

(१०) सन्दर्भः– शवरीको कुटीमा श्री राम

गन्धर्वले भने जस्तै श्री राम चन्द्र लक्ष्मण
सामुन्यै पट्टिको वाटो सवारी भो वनै वन ।।१।।
सिध्दियो वनको वाटो गहूँ खेती टनाटन
सरासर सवारी भो शवरीको त आगन ।।२।।
राम लक्ष्मण देखेर दगदग भई शर्बरी
के गर्ने गर्नु पर्ने के हर्ष भूवरिमा परी ।।३।।
भयो शरीर जिङ्ग्रिङ्ग छाँद हालेर पाउमा
आंखाबाट झरे आंशु वर्षा झैं ग्रीष्मकालमा ।।४।।
भनी लुट्पुटिदा वल्ल–तल्ल पो धित मेटिदा
"इच्छा पूर्ण भयो धोको पुग्यो दर्शन पाउँदा" ।।५।।
गोवर, रक्त माटोले लिपेको शुद्ध सुन्दर
ओछ्याई ठाममा गुन्द्री भन्दछे करुणाकर ! ।।६।।
शिरको वस्त्र ओछ्याई राखेर राम, लक्ष्मण
थालमा पाउ धोएर अचाइन् मुखमा जल ।।७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पातमा राखि पाकेका मीठा वयरका फल
टक्र्याई भक्तिका साथ माटाका पात्रमा जल ॥८॥
"घरमा अरु क्यै छैन म अनाथ गरीवका
हे राम ! हृदया वासि ! खानु होस् फल छन् निका ॥९॥
"राम जपी रहे नाथ ! आफूनै आउनू हुने
जातमा नीच हूँ मेरो झुप्रो पनि रुचाउने ॥१०॥
स्तुति गर्न म जान्दिन जानेकी छैन क्यै पनि
देख्नू, जान्नू कुनै छैन असभ्य अवला अनि ॥११॥
यस्ती ममा दया कस्तो लीला राघवको ठुलो
दर्शन पाउनू मैले वाक्य हो गुरुको भलो ॥१२॥
गुरूले भन्नु भाकोथ्यो "राम" नाम जपी रहुँ
पक्का दर्शन पाउछ्यौ तिमी यहि वसी रहुँ" ॥१३॥
भनेर गुरु जानू भो म प्रतिक्षा गरी रहे
साच्चिच प्रत्यक्ष भो आज आश्चर्य !!! अहिले भएँ ॥१४॥
ऋषि, मुनि, तपस्वीले मनमा सम्म दर्शन–
दुर्लभ, नेत्रले देख्न पाए राम र लक्ष्मण ॥१५॥
धन्य मेरो अहो भाग्य टाउको पाउमा पऱ्यो
पाउको जलले मेरो सारा शरीर यो भिज्यो ॥१६॥
" वर्ण र लिङ्गको भेद मलाई छैन क्यै पनी
खालि भक्ति म चाहन्छु चाहे गरीव होस् धनी ॥१७॥
यदि थाहा भए सीता काहाँ छन् अहिले भन"
सुनेर रामको आज्ञा शवरीले भनी झन् ॥१८॥
"जान्नु हुन्छ हजूरै नै सर्व ब्रह्माण्डका कुरा
न जान्ने जन जस्तो भै सोधनी भो भयो भला" ॥१९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"बिन्ती गर्दछु हे नाथ ! सीताजी अहिले लौ
हऱ्यो रावणले सीता लङ्कामा हुनु हुन्छ लौ ।।२०।।
अलि पर यहाँबाट "पम्पा" भन्ने तलाउछ
त्यस्कै नगीचमा ठूलो पर्वत ऋष्य मूक छ ।।२१।।
ऋषि शरापले गर्दा वाली सक्तैन आउन
मन्त्री चार वटा साथ बस्छन् सुग्रीव निर्धन ।।२२।।
सुग्रीवका साथ राम ! मित्रता लौ भए पछि
उनीबाट सबैकाम पार लाग्दछ क्यै पछि ।।२३।।
आशा थियो पुगी हाल्यो अब बाचेर काम के ?
प्रभुका रामुमा देह होम्न पाए ठूलो छ के ।।२४।।
मुहूर्त राजहोस् नाथ !" भनेर अग्निमा पसिन्
राम प्रसादले गर्दा शबरी धाममा पुगिन् ।।२५।।
मुखमा रामको नाम मनमा राम चिन्तन
पिंडीमानै सवारी भो स्वयम् आफैं उदाउन ।।२६।।
पार्वति ! जान श्रीराम दयालु भक्त वत्सल
भइन् ती शवरी मुक्ति गर्न सक्तैन क्वै छल ।।२७।।

इति अरण्य काण्ड

श्री रामार्पणमस्तु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीरामायण

अथ किष्किन्धा काण्ड

(१) सन्दर्भः– पम्पा तलाउ, सुग्रीवको शङ्का श्री राम र सुग्रीवमा मित्यारी, सीताजीको गहना प्राप्ति

शबरीले भने जस्तै पम्पाको पथ लाग्नु भो
"हेर भाइ ! दुवै तर्फ कस्तो शोभा छ भन्नु भो," ।।१।।
जांदा पुग्नु भयो पम्पा तलाउ राम लक्ष्मण
एक कोश थियो लम्बा गहिरो अति शोभन ।।२।।
साधुको मन झैं स्वच्छ जलमा जलकुक्कुट
चक्रवार र कोयष्टि थिएन तिनमा फुट ।।३।।
क्रौञ्च र हांसका वीच कारण्डव अरु चरा
तातिका तातिमा छैन डर नै अरु के कुरा ? ।।४।।
फुल्दा कमलको शोभा वास केशरको जल
तलाउले भने झैं छ "पिऊ मानव यो जल" ।।५।।
पक्षीका स्वरले भर्छ कानमा मधुर ध्वनि
भूँ भूँ भूँ भमरा गर्दै उड्छ वस्दछ त्यो पनि ।।६।।
मह पार्ने कलाकार रस ती भर्दछन् अनि
मौरी मात्र उ के चुक्थ्यो मौका छोप्दछ जो पनि ।।७।।
तलाउको वार पार चारै तिर वरावरी
फूलै फल फुलेका छन् रङ्गी चङ्गी जरी सरी ।।८।।
फूलको वारी भित्र भित्रै सङ्ग मर्मरका पथ
ती सीधा मार्ग छन् धेरै शाखा छन् तिनका पथ ।।९।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

डुल्न आरामको निति साधन उपलब्ध छन्
यो चीज कस भो कोहि भन्न सक्दैन भन्दछन् ॥१०॥
सिढीं पर्खालमा हेर भाइ ! कस्तो छ यो कला
पानी पिएर भन्नु भो "को गर्दैन खुला गला" ॥११॥
पानीको फोहरा जोड–ले खर्दा निस्कदा जल
पीठो उठे जसो हुन्छ पानीको चूर्ण निर्मल ॥१२॥
यताबाट उता हेर्दा उताबाट यता अनि
इन्द्रेणो पछ्छ पम्पामा आफ् आफूसमा पनि ॥१३॥
तलाउमा सोंख गर्न ठुला साना अनेकन
डुङ्गा यान्त्रिक छन् राम्रा सामान्य पनि साधन ॥१४॥
फूल वारी यता पट्टी चौबाटो राजमार्ग छ
राष्ट्रिय चिह्नले युक्त चदुवा चित्र तुल्य छ ॥१५॥
फूलवारी उता पट्टि फूलका वृक्ष ताति छन्
जताबाट जहाँ हेरे पनि तो ताति मिल्दछन् ॥१६॥
कतं वाङ्गा कतं टिङ्गा ताति भित्र कुनं पनि
नमिल्दा रूखनं छैनन् धन्य ती वृक्षको जुनी ॥१७॥
"खाऊ टिपन लौ चूस" भन्दछन् जस्ता ति देखिने
लटरम्म फली लच्की भूइ सम्म पनी छुने ॥१८॥
एउटै फल हो किन्तु विभिन्न थरिका त छन्
हुन त आँप नै हुन् ती स्वादमा भिन्न भिन्न छन् ॥१९॥
देख्दा तलाउको शोभा आश्चर्य राम लक्ष्मण
भइ विश्राम गर्नू भो बुझ्यौ पार्वति ! क्यै क्षण ॥२०॥
छायादार सिधा वाटो पर्वत ऋष्य मूकको
शोभा हेर्दै सवारी भो भाइ सहित रामको ॥२१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुग्रीवमा शङ्का

हे मन्त्री हनुमान् ! हेर ती दुइ कौनको हुनन् ?
जटा मुकुट धारी छन् हातमा धनु वाण छन् ॥२२॥
स्वर्ग, मर्त्य र पाताल हरूमा जतिवीर छन्
एकै जत्था भई जांदा पनि का टिक्न सक्तछन् ॥२३॥
ऋषि शरापले गर्दा नहुंदा आफु आउन
मलाई मार्न वालीले पठाएको त होइन ? ॥२४॥
जस्तो लाग्छ मलाई त औंल्याइ हेर ती भनी
सुग्रीव भन्दछन् राम्रो बुझ्नु पर्दछ यो गुनी ॥२५॥
वेस भूषा सबै गुप्त गोप्य राखी सबै कुरा
कुरा गर्न शिपालु छौ बुझ्नो हाल सबै जरा ॥२६॥
हातले दिनु शङ्केत स्वीकुच्चा छोड्दछु पर
अधिकार दिए जे जे गर्नू पर्ने छ त्यँ गर ॥२७॥
कुशाग्र बुद्धि तिम्रै छ बलवान् पनि छौ तिमो
छरिता चतुरा तेस्तै छिटामा कम के तिमोऽ ॥२८॥
मेरो भक्त तिमी नै छौ छलङ्ग नीति जान्दछौ
शील, धर्म र कर्तव्य–क्रम जान्ने तिमी न छौ ॥२९॥

श्री राम र सुग्रीवमा मित्यारी

राम लक्ष्मणको साम्नु वटु एक खडा भई
राम्रो विनयका साथ गरे विन्ती अगी गई ॥३०॥
परिचय म पाउला ? छैन आपत्ति क्यै भने
रूप लावण्यले गर्दा अवतार भने हुने ॥३१॥
संसारको सबै रीति, स्थिति आदि मिलाउन
वैकुण्ठबाट आएका देखिने अनुशासन ॥३२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मर्यादा, धर्म थाम्नै र दृष्टिलाई निभाउन
पुरुषोत्तमको रूप मेरो ठान्दछ यो मन ॥३३॥
भूल, चूक भए वोल्दा माफ माग्दछ यो जन
प्रतीक्षामा रहे वीर झुकी पवन नन्दन ॥३४॥
भाइ ! लक्ष्मण लौ हेर कस्तो आकृति तेजिलो
वोली सुन्दा छ ओ ! ! ! मीठो भित्र छ खदिलो भलो॥३५॥
पितृ आज्ञा भए देखी अहिले सम्मका कुरा
रामले भन्नु भो सारा, वटो तिमी त छौ दरा ॥३६॥
विभिन्न थरिका धेरै छन् यातायात साधन
उछिना उछिनी हिंड्छन् राम्रा कति नि वाहन ॥३७॥
नर वानरको भीड बाटो काटेर जान त
वडो मुस्किल पर्दो छ हे वटो ठान्दछु म त ॥३८॥
यत्रो घना घुईचोमा सोध पुछ नगर्दछन्–
भने ठुलो रुची साथ सोध्ने व्यक्ति ठुलै हुनन् ॥३९॥
तिमी भनन को ह्वौ नि ? यसै उसै त सोधनी
गरेनौ पुछनी हाम्रो भन कारण के छ नि ? ॥४०॥
सुनी श्री रामको वाक्य छोडेर गोपनीयता
प्रणाम दण्डवत् गर्दै भन्दछन् हनुमानता ॥४१॥
हाम्रा वानरका राजा सुग्रीव बुध्दिमान् अति
मन्त्री चार लिई साथ उहाँको भनु के गति ॥४२॥
डांडाको टापु देखाई अहिले राज नै त्यहिं
भएको छ लगानीले बस्न नपाउदा कहिं ॥४३॥
खास सुग्रीवकी रानी 'तारा' पनि लुटी लियो
त्यो जेठो दाजु वालीले वांकी के अरु राखदथ्यो ॥४४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मित्यारी उनको साथ लाई बक्से हुने भलो
रानो चारेर राखेको पत्त. लाग्दछ त्यो थलो ।।४५।।
वीर वानर हौ हामी छैन छेक थुनै कत
भित्ता, पर्खाल शैलै हाम् कारागार जतातत ।।४६।।
जहां जसो गरी जान पर्छ जान्छौ उसै गरी
हेर्छौं पृथ्वी कुना कप्चो नदेखनु अति के गरो ।।४७।।
इच्छा हुन्छ भने राम ! पाल्नुहोस् अहिल्यै हिंडौं
सीता चोर्ने कता भागला ? मार्नलाई त्यतै वडौं ।।४८।।
आज देखी प्रभो ! राम ! मलाइ दास ठान्नु होस्
जपेर रामको नाम "नतृप्यतु" सदा रहोस् ।।४९।।
अञ्जनीबाट जन्मेको वायु पुत्र म हुं प्रभो !
मेरो नाम हनुमान खुसी हुनु भए त भो ।।५०।।
"सुग्रीवलाई यो दुःखबाट मुक्त गराउन
काम अवश्य गर्ने छु बुझ पवन नन्दन" ।।५१।।
"ए- एक कांधमा मेरो राज होस् दुश भाइ नै"
बोकी उफ्री पुगीहाले ठहरे हनुमान नै ।।५२।।
परिचय भयो आफू आफूमा सबका सब
खुसी भई देवताले मनाए भद्र उत्सव ।।५३।।
सुग्रीवले दिए घाँस श्री रामलाई आसन
रूखको स्याउला छ्यासी सुग्रीवलाई लक्ष्मण ।।५४।।
अनि लक्ष्मणलाई त दिए ती हनुमानले
नर वानरको मेल हांसिन् प्रकृति हर्षले ।।५५।।
प्रसन्न मनले आगो बालेर हनुमानले
मित लगाई बक्सियो खास सुग्रीव रामले ।।५६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

किष्किन्धामा अकस्मात् वालीको दरवारमा
ठाडो गदा ढल्यो आफैं खोपी भित्र जमीनमा ।।५७।।
खड्ग रावणको ढल्क्यो, शिशपा वृक्षमा दुवै
भाले पोथी चखेवाका बसे खुसो भए खुवै ।।५८।।
काम हुन्छन् जति जे हुन् ब्रह्माण्ड भरमा सवै
रामलीला भनी जान्नू पार्वति ! नभुले कवै ।।५९।।
सीता हरणको वात सुनी सुग्रीव भन्दछन्
अपरान्ह थियो बेला ठीक तिन्तो ऊ गर्दछन् ।।६०।।
पहाडको टाकुरामा थियौ हामी सव जन
विमान गड्गडाएर आयो श्री रघुनन्दन ।।६१।।
एउटी अवला रोई चिच्याई हेर्दथिन् तल
एक पोको खसाली दिन "गरेछ कसले छल" ।।६२।।
भनी पोको फुकाएर हेर्दा त सवका सव
अमूल्य मणि माणिक्य जडेको गहना सव ।।६३।।
हो होइन तपाईको हेर्दा हुने छ निश्चय
"सीताजीकै हओस् पोको" भनौं श्री रामको जय ।।६४।।
"हनूमन् त्यो गइ ल्याऊ ओडारबाट चट्पट
कुतूहल थियो हामी अव जाने छ चट्पट ।।६५।।
"सीताकै गहना हुन् यी रहेछ एउटा कम
हेर्दा गह भरी आशु भो फुग्यो रामको कुम ।।६६।।
घाउमा थपियो चूक व्यथित रामको मन
छातीमा गहना टांस्दा केही शान्त भयो मन ।।६७।।

(२) सन्दर्भ :- वालीको वल वर्णन, वाली र सुग्रीवको लडन्त, फेरि लड्न नजान बालीलाइ ताराको निवेदन,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नमानी फेरी लड्न जान्छ

भोग्नु पर्दछ जो होस्न अपराध सुहाउदो
मेरो दण्ड दिने काम पक्का छ सब यो निदो ॥१॥
पाप लाग्दछ भित्र ! अन्याय सहनू पनि
भने अन्याय जो गर्छ कुरा त्यस्को त के अनि ॥२॥
भाइ बुहारीका साथ घर गर्दछ ववं भने
नमारी हुन्न त्यसलाई वाली मार्दा छ के हुने ॥३॥
पातकीलाई मारेर धर्म स्थापन गर्नु छ
साधु सज्जनको रक्षा मेरो कर्तव्य यो न छ ॥४॥
मेरो यो व्रतमा विघ्न वाधा जे जति आउँछ
त्यसको सामना गर्न राम तत्पर पर्दछ ॥५॥
रति भर कतै केही पनि हट्दैन राम यो
"लड्न आइज ए वाली" भन्न जानु भए भयो ॥६॥
'हे राम सुनि बक्सियोस् वाली छ बलवान् अति
मय दानवको पुत्र मायावी कुलदा मिति- ॥७॥
पुऱ्याउँदा उता भाग्यो गुफा आफ्नो थियो जहाँ
खेद्दै गयो उतै वाली दुवै भाइ पुग्यौं त्यहाँ ॥८॥
मलाई वाहिरै राखी रीसले दाजु भित्रियो
तिन दिन वित्यो वाली आएन रक्त निस्कियो ॥९॥
वालीलाई त मारेछ मलाइ पनि फर्कदा
खोजी तलासी भेट्टाई मार्नेछ भनी ठान्दा ॥१०॥
मलाइ किन त्यो छाड्दा ज्यान जोगाउनै पऱ्यो
गुफाको प्वाल नै वन्द नगरी नहुने भयो ॥११॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चुकुल र गरालो नै ठोकेर बलियो गरी
गुफाको द्वार टालेर नसक्ने फोर्न क्यै गरी ।।१२।।
वाली वियोगको दुःख ज्यान जोगाउने पिर
स्वीकुच्चा ठोकि हालेर किष्किन्धा म पुगें घर ।।१३।।
सचिव, भाइ, भार्दार सबैमा यो सबै कुरा
तानै सभालाई भन्दा मेरो मन भयो चिरा ।।१४।।
राजा हुने कुनै इच्छा नहुँदा पनि कामले
राजा मलाइनै मार्न रास्रा विधि विधानले ।।१५।।
केहि दिन पछि वाली मारी दानवलाई नै
मेरी पत्नी लियो, पिट्‌यो खेद्यो मलाई नै ।।१६।।
भाग्दा, भाग्दै हुँदा हार आएर ऋष्य मूकमा
वसेको छु सुनि बक्स्योस् बलवान् त्यो छ विश्वमा ।।१७।।
दुन्दुभिरातमा आयो रांगांको रूपमा खुनी
वालीलाई दियो हाँक "लड्न आइज लौन नी" ।।१८।।
सहनै नसको वाली सहोस् त्यो पनि केगरी ?
थिए ती अतिनै वीर लड्न थाले दुवै थरि ।।१९।।
दुन्दुभिलाइ वालीले घं ुडा धसेर हातले
समाइ सिङ मर्कायो छोड्यो घाँटी शरीरले ।।२०।।
हातको शिर त्यो प यांक्यो पुग्यो मतङ्ग आश्रम
रक्ताम्मे भो सबै ठाम वालीको मेटियो श्रम ।।२१।।
ऋषिले देखि यो दृष्य रिसाएर सराप्नु भो
"यहाँ आइस् कि तेरो नं शिर फुट्ने छ" भन्नु भो ।।२२।।
त्यहि कुरा बुझी वाली जादैन ऋष्य मूकमा
जानेर म यहो वस्छु मन्त्री लिएर साथमा ।।२३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दुन्दुभिको ठुलो देह अहिले पनि सम्म छ
त्यो पयाक्न जसले सक्छ उ वाली मार्न सक्तछ ।।२४।।
त्यहिं राम सवारी भो सुग्रीव पनि साथ छन्
पाउको बूढि औंलाले पयांक्दा त वन्नि दात झन् ।।२५।।
आश्चर्य भइ सुग्रीव विन्तीनुहेर गर्दछन्
हेर्नुहोस् मित्र श्रीराम यी सात ताल वृक्ष छन् ।।२६।।
वुझनु भो वालीले फेद समाती झटकारदा
यी सात तालका पात रहन्नन् पाँउछन् विदा ।।२७।।
कसैले यदि यी सात ताल वृक्षहरू सब
एउटै वाणले छेड्दछ वाली मार्दछ त्यो तव ।।२८।।
सुनी सुग्रीवको वाक्य रामले धनु वाणले
कान सम्म खिची हान्दा छेडिए वृक्ष वाणले ।।२९।।
साधारण कुनैवाट हुन सक्दैन काम यो
धर्म स्थापनको निति विष्णुको अवतार यो ।।३०।।
माटाका नितिमा काम गर्नेले पांउदा धन
जस्तै भयो राम चन्द्र विषया सक्त यो मन ।।३१।।
अव म केहि चाहन्न भौतिक सुख, साधन
प्रभुमा भक्ति लागोस्न व्यर्थमा न वितोस् क्षण ।।३२।।
मान, विधान, कानून, विज्ञान, तन, साधन
धान, उद्यान, सामान, रहेछन् धन बन्धन ।।३३।।
वाद, विवाद, सम्वाद, पद, संपद, आपद
अपवाद र आवाद भय यी दुःख हुन् खुद ।।३४।।
वालीको वदला लीने पनि खल्लो भयो प्रभो !
राजकाज सबै उग्ल्यो संझदा सव वाक्क भो ।।३५।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रभुको पाउको सेवा गर्न पाओौं सधैं अव
बुद्धि फरक्क भै उल्टयो जता हेर्छु उतै सव ॥३६॥
सवै क्षणिक नै देख्न थाल्यो दुःख जतातत
दुःख नै दुःखको वाटो हो छैन सुखता कतै ॥३७॥
प्रभुको नाम छोडेर व्यर्थमा नवितोस् जनम्
रहेछ रामको नाम "सत्यं, शिवं, र सुन्दरम्" ॥३८॥
मित्र ! तपाइले भन्नु भएको ठिक हो तर
वाली मार्दछु छोड्दिन त्यसैको कर्मको फल ॥३९॥
मलाई लोक के भन्ला ? "सुग्रीवलाई के गऱ्यो" ?
रामले मित लाएर" लड्न जानोस्न के भयो ? ॥४०॥
अन्यायको निति लड्दा मृत्यु कर्तव्य जन्दछ
सहनू पनि अन्याय हो, पनी पाप जन्दछ ॥४१॥

सुग्रीव लड्न जान्छन्

साथी श्रीरामको आज्ञा मानेर लड्न सुग्रीव
जहा वाली थियो त्यै नै गएर कुर्लिए खुब ॥४२॥
तेरो ताकत् भएवालो लड्न आइज आन आ ३
केहि बूता भए देखा पाजी पापिष्ठ लौन आ ॥४३॥
तेरो वर्कत लौ हेरौं लुटेरा भाग्छस् कता ?
पानी भित्र लुकेस् लौन बुझिस् छोड्दिन है मता ॥४४॥
निस्कन्नस् किन ए दुष्ट ! थाङ्ना भित्र लुकिस् कि के
अथवा फरिया फेर्न आट्नत लागिनस् कि के ? ॥४५॥
तेरो अन्याय लुक्दैन तँ लुके पनि के बुझिस् ?
पाप गर्न उसै उफ्रिस् भाइ पत्नी पनि हरिस् ॥४६॥
सुग्रीव अतिनै कुर्ले लोक लज्जा उसै, दिइस्
कलङ्क वंशमा लाइस् कीर्ति नै कुलको फुकिस् ॥४७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उफ्रो उफ्रो पिटी छाती सुग्रीव खैंचि पाखुरा
कुर्लेको सुनि वालीले फेरि आएछ त्यो मरा ।।४८।।
भन्दा तारा र वालीको आँखा जुध्न गयो उसै
नमारी हुन्न त्यसलाई छुट्टचाएर सबै नसै ।।४९।।
भनी मुङ्ग्रो लिइ निस्क्यो मैदानमा खडा भयो
परस्पर दुइटामै मुङ्ग्रा मुङ्ग्री भई गयो ।।५०।।
एउटै युद्धमा कस्तो कुस्ता कुस्ती भयो यता
विजुली जत्तिकै शीघ्र (छिटो) हुन्छ युद्ध गदा उता ।।५१।।
गदा गदा यता ठचाङ ठुङ हुन्छ वरावर
गदाको मार पर्दैन छल्छन् देह सरासर ।।५२।।
घुँडा धस्दछ छातीमा एक घूडा जमीनमा
राखेर एउटा हात घाँटीमा धस्छ जोर्निमा ।।५३।।
एकै डल्लो भइ साच्चै गुड्दछन् कहिले दुवै
छुट्टिई ठिङ्ग उधिन्छन् भुल्दैनन् दाउमा सवै ।।५४।।
हात यता उता चाली गोडा यता उता गरी
मुराटो होचो उचो पारी दाउ खोज्छन् दुवै थरी ।।५५।।
दुवैको एउटै रूप देखि आश्चर्य रामले
वाण छोड्न पऱ्यो वाधा उता सुग्रीव झन् गले ।।५६।।
सुग्रीव रामको वाण प्रतीक्षा गरि लड्दछन्
आले टाले गरी लड्दा मुक्किका मुक्कि पाउँछन् ।।५७।।
तँ छाड गर्दछन् हेर्छन् मुक्कि कस्तोछ हात छ
घोक्रचाउँछ भने एक अर्को पल्टाइ छोड्दछ ।।५८।।
आखीर दाजुको दाउ–वाट उम्केर सुग्रीव
मुक्किको मारमा वच्यो उन्को जिउ अव ।।५९।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

झुत्रे लुत्रुक्क सुग्रीव निदाउरो लिई मुख
फर्किए दुःख मानेर वसे ती राम सम्मुख ।।६०।।
''दाजुको रूपमा शत्रु वाली द्वारा मराउने
भए हजूरकै वाण द्वारा मारि दिए हुने ।।६१।।
कत्रो भर परी लड्न गएँ वास्ता भएन क्यै
उल्टो थिलिथल भो देह दुख्यो विन्ती म गर्छु यै'' ।।६२।।
सुनी सुग्रीवको वात रामले भन्नु भो म त
वाण हान्नु, न हान्नु कि अप्ठ्यारोमा परें मित ।।६३।।
अङ्क माल गरी राम्रो आंशु गहभरी गरी
धोका हुन गयो मित्र वाली वाँच्यो कसोगरी ।।६४।।
सुग्रीव कुन हुन् वाली दुवैको रूप एक छ
वाण हान्न पर्‍यो शङ्का मेरो वाण अमूल्य छ ।।६५।।
गलामा फूलको माला टक्र्याउ भाइ ! लक्ष्मण !
चीनो सुग्रीवमा हूँदा वाली मर्नेछ तत्क्षण ।।६६।।
थकाइ मारि चांडैनै पाल्नुहोस् रण भूमिमा
वाली क्यै ह्वैन बुझ्नु भो मर्ने छ एक ताकमा ।।६७।।
शिरो पर गरी आज्ञा भक्ति राखेर राममा
गए दौडर सुग्रीव पार्वति ! उहि ठाममा ।।६८।।
उता वाली पनी फर्क्यो, त्यो अन्त पुरमा पुग्यो
तारा झट्पट उठ्ता त आफ्नो आसनमा बस्यो ।।६९।।
पसिनाले त निथ्रुक्क वाली आफ्नै निदारको
हातले पसिना सोरी छींकि हाल्दछ हातको ।।७०।।
दायां, वायां, खडा दासी शेतो चामर डोल्दछन्
ताराले पसिना पुच्दा नील डाम अनेक छन् ।।७१।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"परेछ गाथमा पीडा छाम छुम सबै तिर
गर्दा त उस्को माला चुँडिएर झर्‍यो तल ।।७२।।
यत्तिकैमा पुगी हाले थाले सुग्रीब कुर्लन
"झट्ट आइज ए निक्लो नमारीकन छाड्दिन ।।७३।।
पाजी आइज ए वाली स्वास्नी हर्ने तँ भाइको
अघि जस्तै गरी कुर्ले वोली सुनेर भाइको ।।७४।।
वाली झट्पट कस्सियो "नमारी कन छाड्दिन
यस्को गाली खपी सक्नु भएन अब राख्दिन" ।।७५।।
भनो मुङ्ग्रो लिई बाली लड्न जान तयार भो
हात जोडेर ताराले विन्ती गर्छे "प्रभो पुग्यो" ।।७६।।
रोकेर छांद हालेर वालीको पाउमा परी
बलिन्द्रा आंशुका धारा साथ विहुलमा परी ।।७७।।
दुइटै हातले पाउ समाती आंशुले धुई
बिचरी भन्दछे "स्वामी !" भन्दा घुंक्क उसै भई ।।७८।।
"अहिल्यै हारि भागेको तुरुन्त यदि आउछ–
भने रहस्य पक्का छ कुनै वीर सहाय छ ।।७९।।
तस्मात् जानु भलो छैन त्यो कुर्लेर हुने छ के ?
रीसले आफु बिग्रिन्छ जे गर्दछ गरोस् सके ।।८०।।
बुङ्गाको छैन क्यै काम–काज विग्रिन्न दुष्टको
कुर्लन्छ ऊ उसै थाक्छ बिथोल्छ काम मात्र को" ? ।।८१।।
"नमारी अब छाड्दिन अल्मल्याउछ त्यो अति
साथी भए दुवैलाई मार्दछु हुन्छ के खति ? ।।८२।।
जित्ने मलाई को वीर विश्वमा छ बुझ्यौ प्रिया
नारी स्वभावले गर्दा डरायौ कि गर्‍यो दया" ? ।।८३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"मेरो विन्ती सुनी बक्स्योस् जे गर्ने गरि बक्सियोस्
जांदा अङ्गद शिकार–को कुरा सुनि बक्सियोस् ।।८४।।
पिता हुकूम मानेर सीता, राम र लक्ष्मण
भाईका साथमा चौध वर्षको निति मा वन ।।८५।।
वास वस्दा बुवै भाई नभएको मुहूर्तमा
हन्यो रावणले सीता खोज्दा खोज्दै पहाडमा ।।८६।।
ऋष्य मूक पुगी राम भेटे सुग्रीवलाई र
कुरा मिल्यो मित्यारी भो मिलेरै नर वानर ।।८७।।
हजूरलाई मारेर राज्य सुग्रीवको हुने
अनि सुग्रीवले सीता खोजी पत्ता लगाउने ।।८८।।
यसैले अब सुग्रीवसँग विरोध छाड्नु र
युवराज दिइ बक्सियोस् रामको गरि आदर ।।८९।।
बचाइ वक्सियोस् राज्य, मलाइ, अनि अङ्गद,
कुललाई परी पाउ भन्दछिन् छोड्दिनोस् पद ।।९०।।
न डराउ तिमी तारा यदि श्री राम लक्ष्मण
भए यहिं लिई आंला हुने छ शुभ लक्षण ।।९१।।
आदर्श प्रभु श्री राम मर्यादा पुरुषोत्तम
पक्ष, विपक्षको भेद छैन अधम उत्तम ।।९२।।
संसारको भार हर्न दुष्टलाई निभाउन
पृथ्वीमा वलिएका यी साक्षात् विष्णु सनातन ।।९३।।
साधु, सज्जनको रक्षा, धर्मको प्रति पालना
एक पत्नी सदा चारी कर्तव्य दिन चेतना ।।९४।।
यस्तो मैले सुनेको छ नमान पीर हे प्रिया !
भए श्री राम वेसै छ हामी माथि ठुलो दया ।।९५।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नत्र सुग्रीव मारेर कंचिङ्गल छुटाउछु
नडराऊ बुझ्यौ तारा रामलाइ म चिन्दछु ।।९६।।

मेरो नाम लिदा हुंदि विश्वका वीर काँप्तछन्
मेरा शत्रु न नै हुन्न मेरो नै ख्याति गाउँछन् ।।९७।।

तिम्रो यो पतिको शौर्य मर्त्य, पाताल, स्वर्गमा
समेत फैलिएको छ कीर्ति मेरो छ विश्वमा ।।९८।।

भने के म उही आज शत्रुको हाँकमा नुही
राजकाज सबै सुम्पी यो सिंहासनमा उही–।।९९।।

शत्रुलाई बसांऊ म ? भन तारे सुहाउला ?
बुझ्यौ तारा विदा देऊ शत्रु मारेर आउंला" ।।१००।।

भनी गदा लिई वाली लड्नको निति निस्कियो
ताराको मन बुझ्यो वा बुझेन त्यो त्यसै रह्यो ।।१०१।।

(३) सन्दर्भ:- वाली वध विलाप गर्न लागेकी
तारालाई श्रीरामवाट तत्त्व ज्ञान बक्स्यो

उहि अखाडमा वाली फेरि सुग्रीव ती लडे
लड्दा एक भई डल्लो एउटै भइ तो गुडे ।।१।।

अकस्मात् उभिइ ठिङ्ग कुस्ता कुस्ती पऱ्यो अनि
छिर्की हुन्छ भने एक अर्को छल्दछ त्यो पनि ।।२।।

वालीको वक्षमा च्वाल रामको वाणले पऱ्यो
घोर शब्द गरी वाली उफ्री, त्यो भूमिमा ढल्यो ।।३।।

वाली लड्दा त पृथ्वी नै डग्मगगइन् पार्वति !
अनि पांच घडी सम्म संज्ञा छैन यता उति ।।४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनि चेत हुँदा देख्यो श्रीराम फुल्न लोचन
दाइने हातमा वाण बुझयौ पार्वति ! लौ सुन ॥५॥
बाहुमा छन् धनु वाण जटा मुकुट धारण
विशाल वक्षमा माला,–ले गर्दा अति शोभन ॥६॥
चीर वस्त्र सुहाएको लामा हात वडा ठुला
नयाँ दूर्वादल श्याम कान्ति शरीरका भला ॥७॥
सेवा गर्न खडा छन् तो दुवै पट्टि दुवै थरी
लक्ष्मण, वीर सुग्रीव वर्णमा त तिनै थरी ॥८॥
श्रीरामलाई देखेर वाली होच्याइ भन्दछ
"लुकेर वाण हानेर नाम इज्जत बच्दछ ? ॥९॥
न धर्म मासु खानू छ राम मारेर वानर ?
मैले तिम्रो विगारें के ? सुग्रीव गर्छ के भर ॥१०॥
हाम्रो कलहले तिम्रो के विगार गऱ्यो भन ?
अर्काको घरको वारे हस्तक्षेप गऱ्यो किन ? ॥११॥
सुग्रीवले हरे तिम्रो उपकार गऱ्यो कुन
मैले तिम्रो गरें के के अपकार सबै भन ॥१२॥
रावणलाइ ध्रोक्र्याई ल्याइ तिम्रो अगाडि म
गाला ठोकेर काएल गर्दथें के थिएं कम ॥१३॥
रावण हात जोडेर सीता र धन दौलत
ल्याइ टक्र्याउँथ्यो, धाक होइन मर्दज्यो धित ॥१४॥
मर्न ता मर्न नै पर्थ्यो एक दिन थियो निधो
रह्यो आखीरमा धोको वने म निमुखो सुधो ॥१५॥
सद्धर्म पालना गर्न धनु बाण लिई कन
डुलि रहेछु पाविष्ठ दुष्टलाई निभाउन ॥१६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छोरी र बहिनी भाइ–पुत्र पत्नी समान हुन्
जो मूर्ख तीनका साथ वस्ने ती पातकी त हुन् ।।१७।।
राजाले पातकीलाई नमारी हुन्न के बुझिस् ?
बल मै मत्त हुंदा त को डुल्छन् के तं बुझ्दथिस् ।।१८।।
भाइ पत्नी जवर्जस्ती राख्ने तं पातकी नहोस्
सद्धर्म पालना गर्दा पातकी कसरी तगोस् ।।१९।।
चरित्र, धर्म व्रतको कुराले हैन कर्मले
भलो, दया दुनियांमा गर्नु विज्ञान ज्ञानले ।।२०।।
उच्छिङ्खल त छाडाले यो कुरा जान्दथिस् किन ?
सदाचारीहरू लोकलाई पवित्र पारन ।।२१।।
डुल्ने सज्जनकासाथ बढी वात नवोलनू
भएर वलियो ठूलो रीति, रिवाज नाशनू ? ।।२२।।
यस्तो म वलियो उस्तो भनी वक्वक गर्दछस्
कुलमा पातकी पापी आफै तं किन बन्दछस् ? ।।२३।।
वलियो भइ भाइकी–पत्नी राखी ठुलो भइस्
भने के बलले तेरो जहेर्ना भाइको गरिस् ।।२४।।
बलियो भइ आफन्तै लाई दुःख दिइस् भने
भलो गर्लास् अरूको तं बरू लुते भए हुने ।।२५।।
वलियो भइ के काम गर्नु पर्ने कुरा कुन ?
छानी केलाइ के कार्य सत्कर्म के गरिस् भन ।।२६।।
"ठीक भन्नु भयो राम वलियो भइ के गरें ?
क्षमा माग्दछ यो वाली मैले जे वकवक् गरें ।।२७।।
अन्त्यमा अहिले मैले योगीका पनि दुर्लभ
दर्शन प्रभुको पाएं मेरो निति भयो शुभ ।।२८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

म जस्तै वलियो मेरो छोरो अङ्गदमा प्रभो !
राखिवक्स्योस् दया राम ! हे दयालु ! मलाइ भो ।।२९।।

मेरो यो देहमा छोई छातीको वाण यो झिकि–
वक्सियोस् प्राण जाओस्न म मोक्ष पाउने झुकि ।।३०।।

सारा वानरको फौज भएर भय विह्वल
दर्वारमा पुगे चाडैं हुंदै आकुल व्याकुल ।।३१।।

युद्धमा वीर वालीको इह लीला समाप्त भा
महारानी ! गरौं रक्षा अङ्गदलाइ राज्य भो ।।३२।।

रानी ! मन्त्रीहरूलाई "सावधानी रहुन्, भनी
आज्ञा होस्" "हामी गर्नेछौं घेरी चार तिरै थुनी ।।३३।।

रक्षा शहरको गर्छौं को आउछ अघी सरी
चुट्छौं, मार्छौं,? लछार्ने छौं राज्य चल्छ सरासरी" ।।३४।।

भन्ने कुरा सुनी तारा भन्दछिन् "राज्यले त के ?
धनले, जन साराले, छोराले भो मलाइ के" ।।३५।।

रुदं तो छिट् छिटो गर्दै झांक्रो फिजाइ ती त्यहां
शोक गर्दै गइन् तारा वालीको लासथ्यो जहाँ ।।३६।।

धूलो, रगतले ढाकि–एको त्यो पतिको जिउ
कस्तैन होस्न पत्नीको कसरी नगलोस् जिउ ।।३७।।

देख्दा लडी वुडो गर्दै अलाप, र विलाप ती
वालीको पाउमा छांद हाल्दै भन्छिन् "भयो खति ।।३८।।

हे नाथ प्रभुले मेरो नसुन्दा वात क्यै रति
हे राम ! वाण हानेर देऊ मलाइ यै गति ।।३९।।

म जान्छु पतिकै साथ म विना स्वर्गमा रति
पनि सुख हुंदै हुन्न वालीलाई भनौं कति ? ।।४०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पत्नी वियोगको दुःख भन्नु पर्दैन ज्ञान छ
तपाईलाइ हे राम ! अनुभव छदै न छ" ।।४१।।

रामले भन्नु भो तारे ! व्यर्थमा शोक गर्दछयौ
आत्मा न कहिल्यै मर्छ नित्य छ तिमि जान्दछयौ ।।४२।।

न जन्मन्छ, नखिइन्छ, न सानो न ठुलो छ त्यो
न गल्दछ, न पोलिन्छ न पग्लिन्छ न सुक्छ त्यो ।।४३।।

वालीको जीव उस्तै छ जस्तो त्यो पहिले थियो
अहिले पनि उस्तै छ उस्तै भविष्यमा छ त्यो ।।४४।।

वाली जस्तो छ उस्तै छ जीवता पनि हो भने
हेर तिम्रै अगाडी छ देह नै पति हो भने ।।४५।।

कस्तो स्फटिक शेतो छ तर त्यस्को मुनि कुनै
रङ्गीलो वस्तु राखेमा त्यस्तै रङ्ग हुने उनै ।।४६।।

यदि रातो भए रातै, देखिन्छ हरियो भए
हरियै त्यं पनि हुन्छ उस्तै देखिन्छ क्यै भए ।।४७।।

यदि छैन भने केहि स्फटिक स्फटिकै हुने
त्यहिं जीव पनी तेस्तै कर्मानुसारले हुने ।।४८।।

सारा उमाधिले शून्य सच्चिदानन्द रूपको
जीवात्मा परमात्माको ऐक्य हो नाम मुक्तिको" ।।४९।।

भनेर रामले तत्त्व उपदेश दिनू भयो
सच्चा ज्ञान तिमो जान जे हुनुथ्यो उही भयो ।।५०।।

तिमी जस्तो पनी बुझ्यौ विदुषी पनि छौ तिमी
जान्ने, सुन्ने तिमी नै छौ टाठो वाठो पनी तिमी ।।५१।।

सौन्दर्यमा कमी छैनो त्यस्तै गुणवती तिमी
कुशल कार्य राम्रो छ नीतिज्ञा पनि छौ तिमी ।।५२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुन वेला छ के गर्न पर्छ जान्ने तिमी न छौ
मान्छेसँग कुरा गर्न काम गर्न शिपालु छौ ।।५३।।

राज-काज तिमी बुझ्छयौ कूटनीति सबै तिमी
जान्दछयौ चाल खेलेर गर्न पर्ने पनी तिमी ।।५४।।

उपाधि वीचका हुन् यी नाता, कुटुम्ब संपत्ति
न अघि क्यै थिए यी नै न पछि छन्न दम्पती ।।५५।।
अघि तिमी थियौ क्यै न न पछि केहि छौ तिमी
त्यार के भन्नु हे तारे ! उपाधिमा परी तिमी ।।५६।।
तिमी नै गर्भमा थ्यौ नि भयौ पछि त वालिका
किशोरी नै तिमी ह्वौ नि कस्तो छ विधि तालिका ।।५७।।
पछि विवाह तिम्रैं भो तिम्रा सुग्रीव हुन् पनि
पछि वाली भए तिम्रै आमा छयौ बुझ् है स्थिति ।।५८।।
तिम्रै अङ्गद हो पुत्र युवराज हुने पनि
अघि सुग्रीव तिम्रै हुन् पछि न हुनु के अनि ? ।।५९।।
कर्तव्य गर्न नै पर्छ भावनामा उडेर के ?
हुन्छ लौ भावना गर्छ कृत्य नगरी हुन्छ के ? ।।६०।।
राजाको मानका साथ वालीको और्ध्वदेहिक
काम सिध्याउनोस् भित्र ! तिमी अङ्गदले सक ।।६१।।

(४) सन्दर्भः-वाली शव दाह, झरी, सीताजीको खोजिको निति ऋक्ष वानर जम्मा गर्न दश हजार फौज खट्टिए ।

फूलै फूलले छाएको भित्र र अनि वाहिर
अवीर फूल मालाले ढाकेको अति सुन्दर ।।१।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यहि आसनमा वालो शव राखेर शोभित
पीताम्वर सजाएर राजकीय यथोचित ।।२।।

भाइ, भारदार गुरू छन् वैधानिक सभासद
सेनाध्यक्ष र सेना छन् तारा, सुग्रीव अङ्गद ।।३।।

सम्वैधानिक ती अङ्ग-का मुख्य न्याय पालिका
अध्यक्ष त सवै नै छन् सवै छन् कार्य पालिका ।।४।।

राज दूत र राजा छन् पुरोहित र ब्राह्मण
धर्माध्यक्ष मठाध्यक्ष छन् ती साधु, महाजन ।।५।।

राज सम्मानका साथ वाजा गाजा वजे सव
उल्टो गदा लिई सारा चलाए वालीको सव ।।६।।

तातिका तातिं छन् हेर्ने नर वानरको भिड
वाटामा भन्दछन् वाटो छोड है हिंड है हिंड ।।७।।

वार्दली झ्याल वुर्जामा खालि छैन कतै दुलो
छानामा छतमा टम्म टनाटन्न सवै तलो ।।८।।

रूखका हांग हांगामा ठिटा युवा टनाटन
वालीको शवको यात्रा हेर्न उत्सुक छन् जन ।।९।।
'संसारमा छ लानू के ? वाली जस्ता वहादुर
ले पनि पृथ्वी छाडे छोड्नै लाग्दछ यो कर ।।१०।।
सगाल्छौं धन सम्पत्ति लोभ लालचमा परी
बाज्छौं जुध्छौं वुझ्यौ भाइ ! सक्दैनौं लान क्यै गरी ।।११।।
जन्म दात थियो देह जांदा छोड्नु छ त्यो पनी
केहि न गरूंला भन्दा भन्दैमा जान्छ यो जुनी ।।१२।।
यस्तै गरी गए वावु, वाजे पनि यसै गरी
वराज्यू पनि लौ त्यस्तै गर्न्न सकिन्न क्यै गरी ।।१३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तै पनि बुद्धि आएन भएन ज्ञान क्यै रति
कस्तो ईश्वरको लीला हाम्रो हुने छ के गति ?" ।।१४।।
गाईको घिउ, श्रीखण्ड, तुलसी पत्र डाठले
वालीको देह संस्कार भयो शास्त्रोक्त कर्मले ।।१५।।
रामको पाउमा पर्दै "प्रभो ? सुग्रीव भन्दछन्
"शासन गर्नु होस् राम ! राज्य वानर मान्दछन् ।।१६।।
मता लक्ष्मण जस्तै भै सेवा गर्दछु पाउको
संसारमा सुख छैन सेवा ठुलो हजुरको ।।१७।।
"तपाइ र म एकै ह्वौं" कुनै शङ्का नमान्नु होस्
तुरुन्त गइ लौं आफैं अभिषेक गराउनोस् ।।१८।।
मेरो आज्ञा यहि नै हो राज काज समाल्नु होस्
वीर अङ्गदलाई नै युवराज गराउनोस् ।।१९।।
जति काम सुरुमा छन् वालीको राज्यकालमा
ती पूरा नभए सम्म नलाग्नू अरू कामसा ।।२०।।
चौध वर्ष म पस्दिन कुनै शहर बुझ्नु होस्
लक्ष्मण आउने नै छन् -तपाइ संग जानु होस् ।।२१।।
पानी पर्ने छ वर्षामा देखिदैन हिमालय
वर्षा ऋतु विताउंला गर्ने छ धानले जय ।।२२।।
भाइ सहित वस्ने छु नजीकैको पहाडको-
रमाइलो चचरामा भलो होओस् तपाइको ।।२३।।
किष्किन्धामा राज होओस् केहि दिन वितोस् अनि
सीताको खोजको निति कोशिस गर्नुहोस् पनि ।।२४।।
पाएर रामको आज्ञा गए लक्ष्मण साथमा
झल्कियो झलल किष्किन्धा शुभराज्याभिषेकमा ।।२५।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राज्याभिषेक सिद्धयाइ लक्ष्मण फर्किए पछि
हिँडि हाल्नु भयो राम भाइलागे छिटै पछि ।।२६।।
लामो टाडो उकालो त्यो प्रवर्षण पहाडको
माथि विशाल मैदान गुफाथ्यो बहुतै निको ।।२७।।
वर्षा घाम र हावाको मान्नु पर्दैनथ्यो पिर
शफा, स्वच्छ उज्यालोथ्यो स्फटिकथ्यो सबैतिर ।।२८।।
मोती जस्तो शफा पानी तलाउछन् अनेकन
रङ्गी, विरङ्गि, चौरिङ्गी पक्षीका छन् निकै गुणस ।। २९ ।।
मृगादि उतिकै राम्रा चित्र विचित्रका भला
धन्य ईश्वरको सृष्टि कस्तो प्रकृतिको कला ।।३०।।
रहतै नजीकका कन्द, फल मूलादि ती लिची
राम लक्ष्मणको निति बस्न वास भयो रुची ।।३१।।
सूर्यको तापले गर्दा साना तिना जलाश्रय–
र पृथ्वीको सुनी अर्जी मेघ गर्जी गर्‍यो तय ।।३२।।
"धर्ती ! तिम्रो माथ देखी पैतला सम्म देखदा
सुक्यौ, जल्यौ, पिलिसइछयौ म यै संसारमा छंदा ।।३३।।
नमान अब वयै धन्दा म तिम्रै माथमा वसी
टाउकामा खन्याएर पाउ धुँला भई खुसी ।।३४।।
पानी खन्याइ वैन्याई कूना काप्चा सवै तिर
हेर्दछु दीप वालेर नपुग्ने छ कता तिर ।।३५।।
फोहोर सव माडेर लेदो पारी यगाउ छ
भए तिम्रो कतै घाउ चिरी निको म पार्दछु ।।३६।।
खोप्ला, खोप्ली भए पुर्छु अर्घेला ती कतै भए
सम्याउछु भए घोद्रो सच्याउदछु, क्यै भए ।।३७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तिम्रो फुस्रो शरीरैमा पार्छु लहलहाउदो
हरीया पातका फूल हेल्यौं बगाउछु खुदो ॥३८॥
ताखा, सारा यी नै ढुङ्गावाट पानी चुहाउछचो
रसीली भरिली हुन्थ्यौ धेरै फल फुलाउछचौ ॥३९॥
झूठो वोल्दिन सांच्चि हो तिम्रा शत्रुहरू जति
म गर्जदा सबै भाग्छन् पर्छन् शरणमा कति ॥४०॥
वत्ती वालेर गर्जन्छु छन् कि शत्रु कतै भनी
गङयाङ् गुडुङ गर्दै म खेद्दछु भाग्द छन् अनि ॥४१॥
अल्सी कोहि हुनै दिन्न सारालाई कजाउंछु
कहिं अल्म लिनै दिन्न वाटो वन्द गराउँछु ॥४२॥
चांदे, कुटो र कोदाली कोदालो हसिया हलो
लिएर उछिनी काम गर्न लगाउछ भलो ॥४३॥
डुलुवा भुलुवालाई फर्काइ घर ल्याउंछु
डांकोले खाइ तर्साई गर्जो काम लगाउछु ॥४४॥
जति तिम्रा चुचूरा छन् त्यहिं डेरा म गर्दछु
अनि वाहां फुकाएर फेरो मारेर बस्द छु ॥४५॥
पानो वर्षाइ आराम गर्दा पनि म छोड्दिन
पहरा दिइ वस्ने छु के पर्दछ डराउन ? ॥४६॥
तिम्रो मुख त के छाया हेर्न सक्तैन त्यो रवि
"पृथ्वोले सूर्यको रूप देखिदनन् भन्दछन् कवि" ॥४७॥
ओडा काटो ठुलो मेरो विमान चढि मानव
देखछ सूर्य र फड्केको रूवाले टम्म यो सव ॥४८॥
भनेर ऋतु वर्षाले आयो काम चलाउन
गर्जो झिलिक्क चम्केको देखेर रघु नन्दन ॥४९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वर्षाको ऋतुमा ज्ञान, पूजा र पाठ योगको
ध्यानको विधि श्रीराम- बाट ने सुनि कर्मको ।।५०।।
लक्ष्मण गर्दथे सेवा भक्ति भाव गरी कन
"तुजुक मेघको देख्यौ ? भन्नु भो भाइ लक्ष्मण" ।।५१।।
ओडारमा वसी राम वर्षाका दिनका फल
खाइ लक्ष्मणका साथ पवित्र जल निर्मल ।।५२।।
वनको हरियो घांस खाइ पुष्ट भए पशु
श्रीरामलाइ देखेर उभिइन्थे लिई शिशु ।।५३।।
चरा यता उती उड्थे ती पनि उत्तिकै प्रिय -
ठानी कटाक्ष आंखाले हेर्दा ती ठान्दथे जय ।।५४।।
कोहि कतै कसैलाई कतैबाट कुनै थरी
दुर्भिक्ष, भय, मृत्युको शङ्का छैन, छ त्यो झरी ।।५५।।
मृग, वाघ, पशु—श्याल धूर्त जस्ता पनी सब
संगै यता उता गर्छन् रामको राज भो जब ।।५६।।
यता पट्टि छ यो चाल किष्किन्धामा उतातिर
भोग विलास चल्दो छ अयोध्या छ कतातिर ।।५७।।
यस्तै प्रकारले काल वित्ता दिन विते कति
एकै नास सधैं हिड्छ अड्दैन कालको गति ।।५८।।
धुडा मारेर भक्तिले हत्केला दुइ जोड्दछन्
हनूमान झुको "माफ पाऊँ" अप्सर भन्दछन् ।।५९।।
सोताको निति के आज— सम्म केहि विचार भो ?"
झस्याङङ भइ सुग्रीव भन्दछन् "वरवाद भो" ।।६०।।
सीताको खोजीको निति गर्न पर्दछ जे जति
अख्तियार दिए आजै झट्टै गर भनू कति" ।।६१।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिरोपर गरी आज्ञा हनूमान विदा भए
जम्मा गर्न सबैलाई दश हजार खट्टिए ।।६२।।

(४) सन्दर्भः- वर्षाको इति शरत्को सुरु लक्ष्मण, सुग्रीव
वानर फौंजका साथ सुग्रीव रामको समीपमा गए

छोडयो वादलले उच्च पर्वत राजको शिर
उठ्न थाल्यो तलैबाट कुइरो भइ वादल ।।१।।
पृथ्वी, जल, आकाश, तेज र वायु जति छ
उत्ति छ तर संसार परिवर्तनशील छ ।।२।।
प्रकृतिले लगाएको फुस्किए छ कि हार नै
जस्तो आकाश ताराले देखिन्छ रमणीय नै ।।३।।
ठूला, साना नदी, नाला, झर्ना, खोला सफा भए
बाटो घाटो खुले सारा चन्द्रमा पनि देखिए ।।४।।
पयल पुर भए पाखा केरा र चाक्सीका फल
हलत्रा वेद पाके छ झुलेछन् अमिला फल ।।५।।
विभिन्न थरिका धान फलेर फांट टन्न छन्
तुलसीको बुझ्यौ शैल-पुत्रि ! गजूर माथि छन् ।।६।।
"आयो शरद फर्केर फर्केनन् किन सुग्रीव
अकराटक भयो राज्य पिएर मदिरा अव ।।७।।
रुमा र रमणी तारा साथ हुंदा भुले हुनन्
सीताको खोजनी गर्न कस्तो मद्दत के दिनन् ? ।।८।।
श्री राम चन्द्रको वाक्य सुनी लक्ष्मण थर्थर
कापेर गर्जिई विन्ती "आज्ञा पाए सरासर ।।९।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गएर अहिल्यै मार्छु सुग्रीव साथका सबै
पगाल्छु त्यसको देश यी धनु, वाण छन् दुवै ॥१०॥
"जाऊ लक्ष्मण तर्साउ बुझ्यौ तर नमारनू
प्रिय सुग्रीव हुन् मित्र हानि केहि नयाउनू ॥११॥
लोकको उक्ति यस्तो छ "हप्काउनू नमारणू"
"हतियार लिई आए मार्नै पर्छ न छाडनू" ॥१२॥
काम के गर्दछन् हेरौं कुरा के गर्दछन् सुनौं
अनि जे गर्नु पर्ने छ अवश्य सब ती गरौं ॥१३॥
साठी दिन बसें पृथ्वी आकल् झुकल् म आउला
मेघ सेता रुवा जस्ता ढीका बादल छन् भला ॥१४॥
गर्दा दान हुने हल्का अनि पो माथि जाइने
विदा हुँदा चुला झल्के कीर्ति भने रहीरने ॥१५॥
धनु, वाण लिई हाले छरिता वीर लक्ष्मण
किष्किन्धामा पुगी हाले बुझ्न सुग्रीव लक्ष्मण ॥१६॥
सुनेर धनु टङ्कार भए सजक वानर
ढुङ्गा, मूढा, लिई मुङ्ग्रो भए ती लड्न तत्पर ॥१७॥
वीर लक्ष्मण आएको बुझेर गई झट पट
वीर अङ्गदले रोके हट्यो वानरको गुट ॥१८॥
वीर लक्ष्मणको पाऊ मा परी वीर अङ्गद
"कहाँबाट बुवा ! आज मर्जी होस् भक्त हूँ खुद ॥१९॥
अङ्कमाल गरी बाबु ! "काकालाई तिमी भन
रिसाउनू भयो राम सीताको निंतिमा किन? ॥२०॥
चासो, वासो छदै छैन भन्न आएछ लक्ष्मण
पुऱ्याउ देउ हाजीर गर झट्ट निवेदन" ॥२१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हात जोडी घुडा मारी जो आज्ञा छ शिरोपर''
भनी दौडे विन्ती गर्न भए अङ्गद हाजिर ।।२२।।

झसङ्ग भइ सुग्रीव भएर भय विह्वल
''हनूमन् तिमी जाऊ है युवराज दुवै चल ।।२३।।

ठूलो स्वागतका साथ शान्त पारेर लक्ष्मण–
लाइ लिई मिठो बोली जान्दछौ के भनू भन'' ।।२४।।

सुनी सुग्रिवको आज्ञा हनूमान र अङ्गद
हात जोडेर जो ''आज्ञा'' भनी दौडे दुवै खुद ।।२५।।

तारालाई पनि भन्छन् ''उचित स्थानमा रही
ठूलो स्वागत गर्ने छौ राखी कलशमा दही ।।२६।।

शान्त पारी उनीलाई ल्याउन जान्दछयौ तिमी
अनि भेट म गर्ने छु तिमी के गर्न छयौ कमो'' ।।२७।।

राम भक्त महावीर हनुमान वायुनन्दन
पुगे अङ्गदका साथ जहां छन् वीर लक्ष्मण ।।२८।।

झुकाइ शिर ढोगेर हाल जोडेर स्वागत
गरी भन्छन् ''महाभाग,, प्रभुको दास हुँ मत ।।२९।।

शङ्का छैन हजुर्कै हो ठानेर पाल्नु होस् घर
अनुचित भए माफ बक्सियोस् ठानी वानर ।।३०।।

राज दर्वारमा राज गरी रानी र सुग्रीव
सँग भेट कुरा कानी गरि बक्स्योस्न लौ सव ।।३१।।

अनि हामो सवै गर्छौं प्रभो ! आज्ञा वमोजिम
जिउ ज्यान दिई काम गर्न छैनौं कुनै कम'' ।।३२।।

हातको आडमा ल्याए वाटो शहरको गरी
ठुला, शेता, निकं अग्ला वुट्टा छन् थरिका थरी ।।३३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घर ती छन् सबै रङ्गी फौजका मुख्य मुख्याका
जांदा लक्ष्मणले देखे घर पहलमानका ।।३४।।
हेर्दै शहरको शोभा वीर अङ्गदले लगे
लक्ष्मण मानका साथ राज भवनमा पुगे ।।३५।।
उसै चन्द्र मुखी तारा सुकेशी अति सुन्दरी
मदले रक्त लाम्चा ती आंखाले स्वर्गको परो ।।३६।।
अहल्या समकी उस्तै रानी मन्दो दरी अनि
यिनै सरहकी तारा टाठी, बाठी, छिटो पनि ।।३७।।
जूहार, मणि, मणिवन्ध गहनाले सुसज्जित
आंखाको टक नै खाने वस्त्र फेरी यथोचित ।।३८।।
नमस्कार गरी तारा मुसुक्क हांसि भन्दछिन
"देवर पाल्नु होस् भित्र" मीठा वचनले भनिन् ।।३९।।
"जयहोस् जयहोस् सौम्य स्वभाव वत्सल
रिसानो किन भो ? वीर आफै ह्वो हामो देवर ।।४०।।
धेरै वर्ष पऱ्यो आपत विपत् खप्नु पऱ्यो सब
सुखको मुख देखनैथ्यो गाह्रा सुग्रीवले जब ।।४१।।
दया हजूरले गर्दा आराम पाऊँदा
धेरै दिन त्यसै गुज्रे राज्य भार समालदा ।।४२।।
यस्तै हजार लण्ठामा दिन वित्दै गए कति
हाजिर हुन सेवामा ढीलो हुन गयो गति ।।४३।।
सीताजीको उता खोजी गर्नमा दिनका दिन
कीटान कामको गर्दा सुने वक्स्योस्न लक्ष्मण ।।४४।।
संसारका सवै सात द्वीपका ऋक्ष वानर
जम्मा गर्न गएका छन् दश हजार वानर ।।४५।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आएका छन् ठुलो फौज कति आउन बांकिछन्
शान्त लक्ष्मण हुदैछन् सुनेर लाज मान्दछन् ।।४६।।
सबै वानरका साथ आफैं आएर सुग्रीव
मार्न लगाउनै हु छ राक्षस गण ती सब ।।४७।।
सीताको खोजिमा ठीक हुन्छ उपायको तय
अनि रावण के बच्ला ? मर्ने छ छैन संशय।।४८।।
सुग्रीवलाई भेटेर अभय दान बक्सियोस्
आज नै साथमा आफै सुग्रीव लगि बक्सियोस् ।।४९।।
ताराका बातमा "ज्यू ज्यू" सहि थापेर लक्ष्मण
अन्तः पुर पुगी हाले ठूलो ठोका विलक्षण ।।५०।।
रुमाका साथमा राजा सुग्रीव उठि झन् पट
कसो गर्ने र के गर्ने डराइकन चट्पट ।।५१।।
महले मुख रातो छ आंखा र कान लाल छन्
लोलाएका दुवै आंखा देखी लक्ष्मण भन्दछन् ।।५२।।
रामलाई पनी विर्सी कामासक्त बनी तिमी
बस्ने कुतघ्न होईनौ ? ह्वौला ठूला पराक्रमी ? ।।५३।।
रिसाई धनु देखाई "देख्यौ" लक्ष्मण भन्दछन्
"वालीको गतिमा जा लौ मेरा यी वाण भन्दछन्" ।।५४।।
सुनी लक्ष्मणको बोली भन्छन् पवन नन्दन
"सुग्रीव रामका भक्त प्रभु भन्दा पनि झन ।।५५।।
बढी टान्दछु सीताको खोजी गर्न अहर्दिन
हेर्नू होस् कति आएका फौज खोज्छन् दिई मन ।।५६।।
सीताजीको छिटो पत्ता अवश्य पनि लाग्दछ
राजाको कामले गर्दा रामको चित्त बुझ्द छ" ।।५७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लाज माने कुरा सांचो सुनेर हनुमानको
आफू भन्दा राम भक्त, भक्त सुग्रीव रामको ।।५८।।

अनेक थरि सत्कार गरे सुग्रीवले अनि
अङ्कमाल गरी भन्छन् भाइ ! लक्ष्मण के त नि ।।५९।।

"वचाइ वक्सियो भाइ ! रामको दास हुँ मत
राम आधा क्षणै ले नै लोक जित्ने खतो खत ।।६०।।

म त वानरका साथ साथ मात्र हुँ लक्ष्मण
गरि वक्सिन्छ जे राम गर्छ वानरको गण" ।।६१।।

"मैले जे जे भने दाजु ! भनेको प्रेमले न हूँ
माफ राखी वक्सिने छ म पनि राम दास हूँ ।।६२।।

रामको वनमा एक्लै राज भा छ यहाँ वसौं ?
सीता विरहको दुःख आज हामी वनै पसौं" ।।६३।।

वाजा गाजा वजे सारा शत्रुको मन थर्कने
"रामको जय होस्" हिंडे नदेख्नेले पनी सुने ।।६४।।

वाजाको तालमा फौज अभ्यस्त तिनका पद
गदा धारी सवैं सेना थरिका थरिका पद।।६५।।

छाता झल्लरिको शोभा आंखा नै तिर्मिन्यउने
चामर चांदिको दराडी जून झैं खेत देखिने ।।६६।।

फूल र पुतली बुट्टे राष्ट्रिय चिह्न अङ्कित
रथमा नृप सुग्रीव छन् लक्ष्मण यथोचित ।।६७।।

लावा लश्करका साथ हनूमान् नील अङ्गद
दुवै लक्ष्मण सुग्रीव पुगे श्री रामको पद ।।६८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(६) सन्दर्भः– मुख्य मुख्य वानरको राममा परिचय,
सुग्रीवले वाटाको वर्णन गरी अनुशासनमा रही
निर्देशन, सीता खोजी गर्न फौज हिडे :–

अङ्कमाल गरी भित्र सुग्रीवलाइ रामले
कुशल सोधनी गर्नू भयो सत्कार प्रेमले ।।१।।
"राम नजर होस् आए असंख्य फौज वानर
युद्ध गर्न शिपालू छन् शुरा छन् राख्दछ सुर ।।२।।
ठूला छन् अतिकाला छन् राम्रा छन् सुन झैं कति
रौंले झ्याप्प कुनै छन् त शेता, राता पनि कति ।।३।।
कुनै थेप्चा कुनै चुच्चे सुरिला छन् कुनै थरी
धेरै हात्तीहरू भन्दा वलिया छन् सबै थरी ।।४।।
कविराज यिनैमा छन् यिनैमा युवराज छन्
राजा पनि यिनैमा छन् वैज्ञानिक पनी त छन् ।।५।।
अरव फौज छन् राम ! सेनापति पनी यिनै
जरी वूटी यिनै चिन्छन् पूल बनाउँछन् यिनै ।।६।।
बुद्धिमा कम्ति क्वै छैनन् सल्लाह दिन सक्तछन्
चाहिँदैन कुनै यान फडकन्छन् सव हिड्दछन् ।।७।।
फड्कदा जित्दछन् वायु–यानलाई सरासरी
आकाशमा पनी लड्छन् गदा हान्छन् वरिपरि ।।८।।
हातले सूँड च्यातेर हात्तीलाई घुमाउँछन्
फ्याक्दा वस्तिई वज्रन्छन् हात्ती प्राण गुमाउछन ।।९।।
वाघको मुख च्यातेर दुइ फ्याक गराउछन्
अघि परे सिंहलाई जगल्टचाएर मार्दछन ।।१०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ठूला ठूला वृक्षलाइ उखेलेर झटार्दछन
फड्केर टाकुराबाट अर्को शिखर पुग्दछन ।।११।।
खानाका निंतिमा केंहि गर्नु पर्दैन झराझट
वनका फल खाएर गर्दछन काम झट्पट ।।१२।।
जाम्ववान्, हनुमान्, नील, गवाक्ष, गन्द मानद
वलिया केसरी, वीर मैन्दव, गज अङ्गद ।।१३।।
शरभ, तार, यी शूरा दधिमुख, वलीमुख
नल छन् फूलका ज्ञाता चुच्चो छ यिनको मुख ।।१४।।
प्राण वायु, वुटी जान्ने छातीका जति रोग छन्
मस्तिष्कका सवै रोग विशेषज्ञ सुषेण छन् ।।१५।।
गवय वीर छन् राम ! पनश दर्फन्याउछन्
निर्दा जवान कै छैनन् यी सवै मुख्य मुख्य छन् ।।१६।।
सातै द्वीपहरू -वाट दौडा दौडी गरी खुव
ऋक्ष वानरको फौज चुक्ति हाजिर भो सव ।।१७।।
अनुशासनका साथ रहेका छन् सवै ठिक
वातावरण शान्तै छ को गर्दछ र चक् चक ।।१८।।
जनले सव देखिन्छ सुनिने यन्त्र राखियो
कुनै अक्षरका दाना दव्दैन स्पष्ट हुन्छ त्यो ।।१९।।
वीचमा छ ठुलो मञ्च झल्ल र झिल्ल चम्किने
झण्डा छ फर्फराएको इन्द्रासन भने हुने ।।२०।।
ढक मक्क फुलं फूल ढाकेको छ मनोहर
जता फर्केर वोलिन्छ मञ्च घुम्छ उतैतिर ।।२१।।
विराजमान श्री राम राजा सुग्रीव लक्ष्मण
त्यहिं छ चित्र सीताको अति राम्रो छ लक्षण ।।२२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुमारीहरूले गाए गरे पूजा गणेशको
रामले लिइ बक्सियो महिमा छ प्रसादको ।।२३।।
ब्राह्मणहरूले साम वेद गान गरी भने
"कार्यसिध्दि हओस् शान्ति कल्याणं भवतु" दिने ।।२४।।
वजे मङ्गलका वाजा पूजा श्री रामको गरे
भजन पनि रामैको लावा फलहरू छरे ।।२५।।
सम्वोधन गरी भन्छन् राजा सुग्रीव मञ्चमा
"प्यारा जवान ए वीर बढनु पर्दछ काममा ।।२६।।
औंलाई चित्र सीताको चित्त हेर ठ्यमाउ र
आंखाले टिप धन्क्याऊ मनभित्र सबै भर ।।२७।।
अनि छान र बुध्दिले खोजी पत्ता लगाउनु
सके कुरा गरो फर्क उसै खालि नफर्कनू ।।२८।।
महिना भरमा काम–को सबै प्रतिवेदन
नल्याइकन लै हुन्न नत्र गुम्ने छ जीवन ।।२९।।
जति छन् द्वीपमा देश गुफा पर्वत जङ्गल
मरु भूमि नदी नाला खोला, झर्ना सरोवर ।।३०।।
जिल्ला र प्रान्तका सारा हाट, वाट, वजार छन्
मठ, मन्दिर जे जे छन् ठूला शहर गाउँछन् ।।३१।।
किल्ला, सुरुङ, पर्खाल, नर, असुर, राक्षस
सभ्य, असभ्य जे हुन्न जम्मा देश ठुला दश ।।३२।।
सबै पर्वतमा ठूलो सारासार हिमालय
समेतको सबै ठाम दुर्गम स्थलको तय ।।३३।।
गौरी गाई र अर्नाको वनमानिस सिंहको
वाघ, भालू र हात्तीको गैंडाको बास, सर्पको ।।३४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाटाको बासको गोंडो भीरको र जलाशय
पृथ्वी भर सारको ठाम भनि दिए तय ।।३५।।
त्यति मुस्किल पर्दैन पूर्व पश्चिम उत्तर
दिशा दक्षिण लङ्कामा गाह्रो छ पुग्न मुस्किल ।।३६।।
तीन हात कतै माटो न छोडीकन खोजनू
आफ्नो काम पुरा गर्नु न आत्तिनु न मात्तिनु ।।३७।।
कसैको कहि नै केही न गर्नू अपकार क्यै है
विघ्न गर्छ भने कोहि काममा ज्यान फ्याक्नु है ।।३८।।
दिशा दक्षिणमा राम विशेष बल बुद्धिका
हनुमान्, जाम्ववान्, मैन्द सुषेण, नील छन् निका ।।३९।।
शरभ, शूर द्विविद, युवराज वडा भला
वीर र बलिया उस्तै यिनमा छ ठुलो कला ।।४०।।
रामले हनुमानलाई डाकेर दिनु भो चिनो
"सीतालाई दिनू औंठी मेरो नाम छ या झिनौं ।।४१।।
पाउमा शिर राखेर रामको लिई आशिष
विदा भएर नेताले भने "कम्मर लौ कस" ।।४२।।
नेताको पाइ आदेश शूरा ती सब वानर
रामको भर पाएका मान्दथे किन ती डर ।।४३।।
"रामको जय होस्" भन्दै हिंडे खोज्न सबैतिर
पार्वति ! बुझ श्री राम राक्षस् श्री परमेश्वर ।।४४।।
ढोका शहरका कोठा बार्दली र पटाङ्गनी
बुर्जा भडार ठुल्ठुला खाना–गार सबै छिरी ।।४५।।
बजार कारगारामा थाना र छाउनी सब
अजत्र घर चोडीया खाना जहां छ उत्सव ।।४६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द्यूत खेलाडिको क्षेत्र अप्सरावृत्तिका घर
सर्दार चोर डाकूँका डेरा अम्बलिको स्थल ।।४७।।
हत्याराहरूको वास बगली मारको थलो
जहाँ ठगहरू वस्छन् याचकहरूको कुरो ।।४८।।
अश्वशाला सबै अड्डा रथ शाला र यानका
धर्मशाला र सुरुङ जहां छन् छद्म भेषका ।।४९।।
दगैंचा जति छन सारा पात एक गरी कन
पर्खालि भित्र के के छन् नछाडी एउटै सुन ।।५०।।
गाउँ घर कटेरा र बाख्राका खोर गोठका
कोठा चोटा र खोरमा ती धर्म स्थल विधर्मिका ।।५१।।
खेतका आलिका आंठा वारीका झ्याङ डील र
कूना काप्चा पखेराका खोल्सा खोल्सी पहाड र ।।५२।।
बूटा बूटी ठूला रुख गुफा, ओडार छन् जति
पार्वति ! यसरी खोजे तिनले कतिका कति ।।५३।।
जहां जस्तो छ जे चाला उस्तै भेष गरि कन
भित्र पसेर निस्कन्थे "सीता छैनन्" भनी कन ।।५४।।
राममा भक्ति राखेर एक वृत्या यसै गरी
सबै वानरले खोजे सीतालाई सके भरी ।।५५।।

(७) सन्दर्भः— स्वयम् प्रभा मुक्त हुन्छिन्

अरू पट्टि कुरा छाडौं गरौं दक्षिण पट्टिको
सीता दक्षिणमा नै छन् सुन है उस पट्टिको ।।१।।
खोज्दा दिन बित्यो धेरै सीताको त इसारको
अत्तो पत्तो कतै छैन भएन काम क्यै निको ।।२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यता खोज्दा उता खोज्दै हैरान सब वानर
भयो यता टाउकोमा माथी भो सूर्यको कर ।।३।।
सीताजीको त के वार्ता पाइएन कतै जल
घांटी ओठ शुकी तालु भए आकुल व्याकुल ।।४।।
तै पनि ती घुमेकै छन् ठूलो जङ्गलमा तफा
लता, गुल्म र घाँसैले ढाकेको देखियो गुफा ।।५।।
भिजेका पक्ष र प्वाँख क्रोञ्च, होस् बराबर
निस्कदा त गुफाबाट पक्का पानी छ भित्र ल ।।६।।
भनेर हनुमान पैले पसे पछि सबै पसे
उसको हात आफूले हातेमालो गरी घुसे ।।७।।
अन्धकार छ सर्वत्र धेरै हिंडे उतै पर
देखियो स्वच्छ पानीले परिपूर्ण सरोवर ।।८।।
तलाउहरूका वारि पारी सर्वत्र पाकदा
झुलेका फलले राम्रा रूख छन् भरिला सदा ।।९।।
राम्रा भवन छन् धेरै अग्ला र सबश्वेत छन्
घरमा चाहिने सारा सामग्री परि पूर्ण छन् ।।१०।।
तर मानिस कत्रै छैनन् सबै दरबार शून्य छन्
एउटा घरमा मात्र रमणी एक मात्र छन् ।।११।।
सिंहासन सुवर्णमा बसेकी एक निश्चल
समाधिमा बसेकी छन् ल गछ के कसको बल ।।१२।।
ती पनि योगिनी नै हुन् तीनको ज्योतिले सब
झलमल्ल उज्यालो छ न तातो न चिसोस् खुब ।।१३।।
भक्ति र डरले तिनको प्रणाम सबले गरे
हात जोडी बसे सामु के भन्लिन् यिनले कुरे ।।१४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चरित्र बल कस्तो छ बुझयौ पार्वति ! लौ सुन
त्यस्ता ठूलो शूरा वीर पनि झुके दिई मन ।।१५।।
एउटी अवलालाई पनि के गर्न के सके
राम भक्त हनूमान्‌ जस्ता भक्त उनै झुके ।।१६।।
महिमा रामको नाम-को, गर्न सक्त वर्णन
योगीहरू ध्यान गर्छन् राम जप्छन नदिई मन ।।१७।।
योगिनीले भनिन् को ह्वौ कस्का दूत तिमीहरू ?
ठाम बिगार्दै छौ मेरो किन आयौ खुरू खुरू ? ।।१८।।
राम भक्त हनूमान हात जोडी अघिसरी
भनेर सब वृत्तान्त सोध्छन् उन्का कुरा कुरी ।।१९।।
अँ २ बुझे योगिनी भन्छिन् यथेच्छ फल खाउ र
अनि मेरा कुरा भन्छु दूत हो छैन क्यै डर ।।२०।।
यथेच्छ फल खाएर गरी आराम हाजिर
बसे सब खुसी साथ योगिनीको अघिल्तिर ।।२१।।
"छोरी हुन् विश्वकर्माकी "हेमा" नाम थियो सुन
उनको तपले तुष्ट हुंदा श्री शिवले धन-- ।।२२।।
धान्य नगर यी सारा दिए देख्यौ सबै प्रभा
सगिनी म उनैकी हूँ मेरो नाम "स्वयं प्रभा ।।२३।।
ब्रह्मलोक गइन् जांदा "राम नाम जपी रहे
सीता खोज्नेहरू आलान् तब सम्म बसी रहे ।।२४।।
अनि श्रीरामको पाउ,-मा परि गरि दर्शन
जे हुन्छ रामको आज्ञा प्रभु कै गर चिन्तन" ।।२५।।
जपेर विष्णुको नाम प्रतीक्षामा थियो मन
म पनि जान्छु श्री राम चन्द्रको गर्न दर्शन ।।२६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

टम्म आंखा सबै चिम्ल पुग्ने छौ अनि वाहिर"
न भन्दै चिम्लना साथ पुगे वाहिर वानर ।।२७।।
योगिनीले भने जस्तै जव वानर वाहिर
निस्के पछि उत्ति खेरं हिंडि हालिए ती सत्वर ।।२८।।
रामको पाउमा झट्ट प्रणाम दण्डवत् गरिन्
कीर्तन गांउदै नाची तीन प्रदक्षिण गरिन् ।।२९।।
सुग्रीव, लक्ष्मणै साथ रामको पाइ दर्शन
भयो शरीर जिङ्ग्रिङ्ग राम साक्षात् जनार्दन ।।३०।।
प्रदक्षिणा गरी नाच्दै बारम्वार नुगी घुमिन्
खुसीले ती भइन् गद् गद् "राम राम प्रभो" !
भनिन् ।।३१।।
"राजेन्द्र ! राम ! हेराम ! प्रभुको गर्न दर्शन
दासी हूँ पाउमा पर्न आए सफल भो दिन ।।३२।।
गुफा भित्र वसी "राम" जप्दा वर्ष विते कति
तप सफल भो आज कस्तो रहेछ यो मिति ।।३३।।
माया भन्दा पनी पार परभन्दा पनी पर
प्रभो ! समस्त प्राणीमा कतै नदेखि वर ।।३४।।
ब्रह्माण्ड भरमा टम्म भित्र र अनि वाहिर
विराजमान हे ईश ! प्रणाम छ निरन्तर ।।३५।।
शुद्ध स्वरुप आफूमै मायाले ढाकिई तन
मनुष्य रुपमा जन्मी सांच्चै मानिसं भै कन ।।३६।।
मानिसले गरे जस्तै गर्ने हे पुरुषोत्तम !
प्रभु लीला छ बुझने ? मर्यादा पुरुषोत्तम ।।३७।।
जस्तै नाटकमा एक मानिस एक रुपमा
अभिनय गरी त्यै नै गर्दछ अरु रुपमा ।।३८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तर त्यस्लाइ चिन्दैन साधारण कुनै जन
कति रूप लिई नाच्छ आखीर एक त्यै जन ।।३९।।
त्यस्तै ईश हजुर्लाई विषयासक्त क्वै पनि
अज्ञानो चिन्न सक्तैन प्रभुलाई कतै पनि ।।४०।।
भगवन् ! भक्तको निति भक्ति मार्ग सिकाउन
गर्छन् मानिसले गान, लीला, भजन कीर्तन ।।४१।।
भनेर नरको रूप लिएर अवतार भो
के जान्नु प्रभुको मैले गानको महिमा प्रभो ! ।।४२।।
सच्चिदानन्द रुपात्मा पर ब्रह्म स्वरूपको
तत्त्व जान्नेहरू जानुन् मलाई त श्री रामको ।।४३।।
यहि स्वरूपमा मेरो हृदयाकाशमा प्रभो !
विराजमान भै बक्से पुगी हाल्दछ पुग्छ भो ।।४४।।
मोक्ष दायक "श्रीराम !" पाउ कमल दर्शन
पाउनेले त संसार पार्दछ क्षण भङ्गुर ।।४५।।
सत्मार्गमा लगाएर ज्ञानी पनि बनाउंछ
पाद कमलले फेरि के मात्र बाँकि राख्दछ ।।४६।।
पति, पत्नी र सम्पत्ति आदिले मद मत्त छ
त्यस्तो मानिसले "राम" स्तुति गर्दैन सत्य छ ।।४७।।
प्रभुको नाम जो जप्छ स्तुति गर्दछ त्यै नर
अकिञ्चन छ त्यसको त सर्वस्व "राम" नै भर ।।४८।।
मायाका गुणले देख्न छुनै सक्तैन त्यो धन
आत्म स्वरुपमा मग्न त्यस्ताको बुध्दिको धन ।।४९।।
रामको आदिनै छैन भने अन्त्य हुने कता
सम भावछ सर्वत्र मध्य भन्न त के वृता ? ।।५०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मनुष्य रूपमा लीला गर्ने मानिसले सरी
यस्को मर्म यही नै हो जान्न सक्नु कसोगरी ।।५१।।
जल चर र आकाशे जीव छन् कतिका थरी
कति हुन् कति हुन् लीला गर्नु हुन्छ थरीथरी ।।५२।।
आफ्नो छ भावना जस्तो देख्छ "राम" त्यसै गरी
हे राम ! प्रभु ईशैको मायाका जालमा परी ।।५३।।
प्रभुको महिमाको–को, वर्णन गर्न सक्तछ ?
रामको पाउमा मेरो प्रणाम छ प्रणाम छ ।।५४।।
कोहि भन्छन् प्रभो ईश ! जाजा दशरथ स्वयम्
उनैको तपले भाको रामावतार सुन्दरस् ।।५५।।
यसो भ ने पनि क्वै छन् कथा सुन्दा हुने फल–
सिध्दिको निंतिमा राम अवतार भयो नर ।।५६।।
हे राम चन्द्र ! हे ईश ! कौसल्या कै त प्रार्थना–
ले गर्दा उत्रिबक्सेको भन्ने पनि निकै जना ।।५७।।
ब्रह्माको प्रार्थना मानी नाश्न राक्षसको गण
भूभार हर्नको निंति राम भन्ने कुनै जन ।।५८।।
ईश्वर सर्व व्यापी नै भए पनि त मानव–
रूपमा प्रभुको जन्म भन्ने पनि त छन् खुब ।।५९।।
जो सुकै जे भनुन् भैगो रामको गान कीर्तन
गर्ने मोक्ष भइ छोड्छन काटेर भव बन्धन ।।६०।।
"माया भन्दा पनि टाढा राम कता कता
योगी भन्छन् अरे भन्ने नारदादि कता ? मता ।।६१।।
मायाकै गुणकै भित्र बस्ने म एउटी चरो
ले चिन्नु कसरी राम वर्णन गर्नु के गरो ? ।।६२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माछाले थलको मार्ग पहाड भित्रको गुफा
हिड्ने, गुड्ने, र उड्नेको के गरी जान्नु लौ शफा ।।६३।।
अध्यारोले उज्यालाको वर्णन के गरी गरोस्
सूर्य किरणले अन्ध–कारको के कुरा गरोस् ।।६४।।
अध्यारो र उज्यालो ता माया कै गुणको कुरो
तेस्तै भए त के हुन्थ्यो राम कीर्तनको भलो ।।६५।।
सुग्रीव लक्ष्मणै साथ धन्य श्री रामको प्रभा
प्रभो ! शरण पर्छु म पाउमा यो स्वयम्प्रभा" ।।६६।।
स्तुति सुनेर श्री राम मुसुक्क हांसि बक्सियो
मन माफिकको माग 'वर' हुकूम बक्सियो ।।६७।।
उकुस् मुकुस भो छाती मभ भक्कानियो अनि
टल पल टल् पल् परेला भो ओठ फर्रफुऱ्यो पनि ।।६८।।
गहबाट झऱ्यो आंशु गालाबाट झऱ्यो तल
छाती भिज्यो गयो दुःख हर्षले ढाकियो दिल ।।६९।।
अंजुली लग् लगै काप्यो विन्ती भक भकानि यो
पसिनाले जिऊ ढाक्यो हलुका अनि पो भयो ।।७०।।
हात जोरी गरिन् विन्ती "जहाँ जुन जन्ममा पनि
भक्ति अटल होस् मेरो प्रभुको पाउमा अनि ।।७१।।
भक्त मात्र हओस् सँग अभक्तसँग होइन
"राम" नाम जपी नित्य वेला जाओस् वितोस् दिन।।७२।।
दूबो जस्तो हजूरको श्याम वर्ण मनोहर
पीताम्बर धनुर्धारी केश छन् अति उज्वल ।।७३।।
मुसुक्क हांसि बक्सेको रातो ओठ छ सुन्दर
लामा बाहु घुडा नाघ्ने सुकुमार मनोहर ।।७४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छातीमा फूलको माला जटा मुकुट मण्डल
रामको मुख लावण्य रुपमा मन होस् स्थिर ॥७५॥
प्रभो शरणमा पर्छु श्री राम भक्त वत्सल
यहि नै वर माग्छु म अरू चाहन्न क्यै वर" ॥७६॥
"तथास्तु बदरी जाऊ मेरो नै सम्झना गर
परमात्मा मलाई नै पाउछचौ भर भोचल" ॥७७॥
राम, लक्ष्मण, सुग्रीव–को दर्शन मनोरमा
पाएर रामको आज्ञा जान ती बदरी हिम ॥७८॥
प्रदक्षिणा गरी फेरि दण्डवत् गरी पाउमा
विदा भइन् वाटो राखेर राम बुद्धिमा ॥७९॥
स्वयं प्रभा उसै आफैं त्यसमा राम दर्शन
पाए पछि कस्ती भै हुन् पार्वति ! तिमी नै गुन ॥८०॥
एकाग्र मनले राम जप्दा जप्दै बढ्यो प्रभा
परं पद पुगिन् धन्य "राम नाम" स्वयं प्रभा ॥८१॥

(८) सन्दर्भः– सम्पत्ति सम्वाद

उता अङ्गदका साथ छाप छाप र छुप्छुप
मनमा चित्र सीताको गर्दै श्री रामको जप ॥१॥
न रामको भयो काम न राजाज्ञा कुनै भयो
"न देवाय न धर्माय" अवधि पनि सिद्धियो ॥२॥
"अब के गर्नु पर्ने हो भन हे भन भाइ हो
त्यसै फर्क्यौं भने "प्राण" लिन्छन् सुग्रीवले अहो" ॥३॥
म ता के शत्रुको छोरो निहुँ पाउन बाँकि छ
नमारी छोड्ने छैनन् निहुँता यै हुने न छ ॥४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीराम चन्द्रले गर्दा यो बचेको छ जीवन
रामको काम क्यै मैले गरेको छु भने भन ! ॥५॥
अब म कसरी बच्छु ? अवश्य मर्नु पर्दछ
भने यहिं यसै मर्छु मेरो बांच्ने उपाय छ ? ॥६॥
सुनी अङ्गदको बोली सबै बानरले भने
"युवराज ! यसै छोड्छौं छौं हामी पहरादिने ॥७॥
यहिं नै हामी बस्ने छौं किष्किन्धा नै न जाउला
अनि सुग्रीव के गर्लान् ? गुफा बास बनाउँला" ॥८॥
हनुमान्ले भने बाबु राजा अङ्गद सुन्नुहोस्
म पनि त हितैषी हूँ कुतर्क यो नगर्नु होस् ॥९॥
रामको बाण देखिको भवमा बच्न सक्तछ ?
गुफा के इन्द्रको वज्र होस्न के चूर्ण पार्दछ ॥१०॥
राजाका पनि प्यारा नै ताराका पुत्र के कमी ?
रामका लक्ष्मणै भन्दा प्यारा अङ्गद के कमी ? ॥११॥
स्वास्नी पुत्र घरै छोडी बस्दैनन् नपत्याउनु
निमित्त मात्र ह्वौ सम्झौं श्रीराम चन्द्रको धनु ॥१२॥
जाऔं, उठौं सीता खोज्न भेट्टाउला अवश्य नै
आज वा भोलि होला वा ठाम भेट्टाउँछौं कुनै ॥१३॥
खोज्दै जादा पुगे विन्ध्या– चल पर्वतमा घुमे
महेन्द्राचलको वेसी पवित्र स्थलमा गमे ॥१४॥
खोज्दा खोज्दै सके माटो तिनका नेत्रमा सब
पानी बाहेक देखेनन् दिशा दक्षिणमा जब ॥१५॥
"समुद्र सम्म आइयो साइनो न सपना भयो
अङ्गद भन्दछन् वीर जीवन व्यर्थ नै भयो ॥१६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वूढा पाका तपाईं नै विद्वान् भूलोकनै घुमी
जान्ने, सुन्ने चहारेका जाम्ववान् भक्तमा कमी ।।१७।।
भन्नु होस्न ववा ! लङ्का ठूलो समुद्रमा कता ?
त्रिकूट टापु लौ कुन हो ? पहाड सोद्धछु मता ! ।।१८।।
"औंल्याइ जाम्ववान् भन्छन् पर्छ ठीक त्यतातिर
राजा निकंन टाढा छ सीधा दक्षिणको जल" ।।१९।।
खोजौं हिडौं भने ठाम पाउँदैनौं कतैतिर
हाम फालों हिडौं भने पर्छ तर्न मुस्किल सागर ।।२०।।
अङ्गद भन्दछन् काम सजिलै संग सिद्धिने
दिन आएछ यो कस्तो जे गरे पनि विग्रने ।।२१।।
आखीर काम के हो यो कामै होइन यो तर
के गर्नू यसले पाऱ्यो नामर्द अनि कातर ।।२२।।
भयौं यता उताकान दिन विग्रे पछि अव
अहिले सम्म आर्जेका गयो यश हरे शिव !!! ।।२३।।
न खाई प्राण छाडौं ल कुश आसनमा बसी
परमात्मा र जीवात्मा एक हो देह यो छुसी ।।२४।।
सम्पत्तिले गुफावाट देखेर सव वानर
एक एक गरी खांला अनिकाल हुने पर ।।२५।।
सुनी सम्पत्तिको वाक्य झस्के ती सव वानर
आयो ताकेर हामी मै खान्छु भन्छ भयङ्कर ।।२६।।
जटायु भाग्य मानी हुन् सकेसम्म गरे बल
आखीर रामको निति मर्दा पाए ठुलो फल ।।२७।।
योगीले दुःख ले प्राप्त गति मोक्ष भई गए
जटायुको नाम सुन्दा सम्पत्ति पनि झस्किए ।।२८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सकेसम्म छिटो गर्दै लड्दै पड्दै त्यहीं पुगे
सुनो अमृत वाणी यो सम्पत्ति त्यहिं नै पुगे ।।२९।।
जटायुको लियौ नाम मेरो भाइ जटायु हुन्
मबाट मान्नु पर्दैन डर क्यै भन जे छ हुन् ।।३०।।
भने अङ्गदले सारा सम्पत्तिले सुने कुरा
म बाट हुन्छ बोलीको मात्र सहायता कुरा ।।३१।।
परस्पर कुरा हुँदा चिना जान भए पछि
पछि म गरुला वात तिलाञ्जलि दिए पछि ।।३२।।
गिद्ध हूँ म वुझ्यौ बाबु ! त्यो लङ्काको त के कुरा
सीताजी ऊ म देख्दै छु वसेकी छन् कठै वरा ।।३३।।
संसारमा सवं भन्दा वगैंचा अति सुन्दर
वीचमा शिशपा रूख औंल्याउँछन् मनोहर ।।३४।।
राक्षसीहरूका तीन घेराको भित्र वीचमा
देखीरहेछु वस्तोछन् श्री सीता प्रमदोत्तमा ।।३५।।
पौडेर जान सक्तैनौ माछा गोही र ह्वेलले
सलक्क निल्दछन् काम गर्नु पर्दछ युक्तिले ।।३६।।
पौडेर जान को सक्छ ? पानीमा हैन वायुमा
हुरीको भुवरी काट्ने शक्ति चाहिन्छ देहमा ।।३७।।
सय योजन टाढा छ खालि पानी छ वीचमा
जान को सक्तछौ वीर विचार गर आफुमा ।।३८।।
कतै समुद्र यस्तो छ रण पोत ठुला ठुला
पुरना साथ त लोपिन्छन् दशी भेटिन्न के कुरा ।।३९।।
''पाइन्छ कि कतै चीनो'' भनी खोज्नेहरू पनि
वेपत्तै छन् अझै सम्म नामो निसान छैन नि ।।४०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आकाशबाट नै जाओस् त्यस्को सामु पर्‍यो भने
जीवात्मा वा अरू नै होस् ती पनि के हुने हुने ।।४१।।

विजुली झैं छिटो हुन्छ कच्याक् कुचुक भै तल
पानीमा लोप भै हाल्छ कस्तो जलधिको वल (जल) ।।४२।।

"तान्ने समुद्र नै हो वा तान्ने हो जल जन्तुले"
अनुसन्धानमा नै छन् समाधान त छैन रे" ।।४३।।

वैज्ञानिकहरूको नै भिन्ना भिन्नै दुइ मत
परिणाम त एकै हो लोप हुन्छ खतो खत ।।४४।।

कसैलाइ त कौनैले लछार्पाटो लगाउन
सक्तैन रामको इच्छा जो "राम" गर्छ चिन्तन ।।४५।।

सम्पत्तिको आत्मकथा

सवै वानरले सोधे "वाधा छैन कुनै भने
सुनौं तपाइको हाल यस्तो को हो गराउने ? ।।४६।।

अथवा जन्मदै देखी यस्तै हो कि त होइन ?
आफैंबाट भएको हो ? संयोग वशले कुन ?" ।।४७।।

कसैको दोष क्यै छैन श्रेष्ठ वानर हो सुन
भाइ जटायु, दाजू म बलले मत्त भो मन ।।४८।।

बल जाच्न उडयौ माथि कैयो हज्जार योजन
सूर्यको तेजले जलदा जटायु तिर गो मन ।।४९।।

पखेटाले छहारी दी उड्यौ माथि अझै झन
आखीरमा डठे पक्ष डाह हुंदा खस्यो तन ।।५०।।

होश उडेछ हो सत्य वज्रे छु विन्ध्यको शिर
तीन दिन पछि होश पाउँदा लाग्न गो डर ।।५१।।

ए. नं. ८५६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यता हेरें उता एक देखियो मुनि आश्रम
घस्र्दै पस्र्दै जांदा पऱ्यो ठूलो परिश्रम ।।५२।।
चन्द्रमा नामका ठूला मुनिले सोधनी गरे
विरूप किन तिम्रो भो ? किन पक्ष डढे झरे ।।५३।।
अघि तिमी थियौ ठूला बलिया सभ्य रूपका
ठीक ठान्छौ भने सुन्छु तिमी सम्पत्ति छौ भला ? ।।५४।।
भएको सब वृत्तान्त राय आपनो पनी भने
डढेलामा परोस् देह मैले बाचेर के हुने ? ।।५५।।
आशु गह भरी गर्दै "बाबु मेरा कुरा सुन
अनि के गर्नु पर्ने हो गरौला राम्ररी गुन ।।५६।।
शरीर दुःखको मूल कर्मबाट छ देह यो
शरीरमा "अहम्" बुध्दि हुन्छ कर्म प्रवृत्त यो ।।५७।।
अविद्याबाट जन्मेको अहङ्कार अनादि छ
पग्लेको सुन जस्तो छ सत, चिदाध्यास युक्त छ ।।५८।।
चिदाभास अहङ्कारी देह तादात्म्य ऐक्य छ
त्यसै कारण यो देह चेतना युक्त बन्दछ ।।५९।।
यस्ता ज्ञान र विज्ञान पिता देखि लिई कन
आमाको गर्भमा एक दिनका दिनका दिन ।।६०।।
के के बन्नु छ मैनामा मैनै पिच्छे सधैं भरी
बढ्दै गएर जन्मन्छ दश मैना यसै गरी ।।६१।।
जन्म देखि मरेसम्म स्पस्टै छ भन्नु पर्दछ ?
मृत्यु र जन्म यस्तै हो भएको जान्नु पर्दछ ।।६२।।
कति जन्म भयो हाम्रो मृत्यु हाम्रो भयो कति
नदीका वालुवा भन्दा पनि बढ्ता कति कति ।।६३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञान हुन्न जहाँ सम्म यस्तै हुन्छ सधैं भरी
स्वर्ग, मर्त्य र पाताल तारा मण्डलमा परी ।।६४।।
घुँच्च देही त्यसैले त ज्ञानमा लाग लौ तिमी
जीवात्मा र परात्माको ज्ञाता ह्वौ मुक्त छौ तिमी ।।६५।।
आत्माको ज्ञानको बारे मुनिले त खुरू खुरू
भने जस्तै म सक्तिन मुनि जस्तै खुरू खुरू ।।६६।।
अनि आखीरमा सीता खोज्नाको निति वानर
दैव संयोगले भेट्छौ कुरा हुने छ के डर ।।६७।।
अनि तिम्रो सबै प्वाख उम्रने छन् परे भर
भन्थे नभन्दै लौ हेर प्वांख आए भराभरा ।।६८।।
"कल्याण होस् मता जान्छु धन्य हुन् ती ऋषिश्बर
झुठो किन हुने हुन्थ्यो साच्चै हो तपको बल ।।६९।।
अन्त्यमा रामको नाम सम्झदा भव सागर
तरेर मोक्ष त्यो हुन्छ राम ता करुणाकर ।।७०।।
भने श्री रामकै काम गर्दा जावो समुद्र यो
तर्नं मुस्किल क्यै छैन एकै फड्कात हो नि यो ।।७१।।
पड्केर वा तरी जान सवछ विचार त्यो गर
सीताजीलाई भेट्ने छौ शङ्का छैन रति भर" ।।७२।।
यति भनेर सम्पत्ति विदा वादी भई गए
अङ्गद हनुमानदि सारासार खुसी भए ।।७३।।

(९) सन्दर्भ.– लङ्का जान हनुमान् उफ्रन्छन्

जसको खोजि गर्दामा यत्रा दिन बिते त्यसै
कोटान तीनको हुँदा खुसी नहुनु के उसै ।।१।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुनू सम्म भए ज्यादै भेट्न ती उत्सुक
पार्वति ! तर के गर्नु भएर मात्र भावुक ।।२।।
समुद्र देखि ती झस्के पार गर्न छ मुस्किल
कसरी पार गर्ने हो भए वानर विह्वल ।।३।।
युवराज अनि भन्दछन् समुद्र तर्न सक्छ को ?
सबैको प्राण दाता त्यो उठ जवान सक्छ को ? ।।४।।
चूप लागेर ऊ उस्को मुख ताकेर दुःखको
कुरा भयो भनुन् के ती ? सुनेर युवराजको ।।५।।
बुझी अङ्गदले फेरि भन्न लागे सबै सुन
कति उफ्रन को सक्छ ? आ-आफ्नो बल ता भन ।।६।।
अनि बुझिन्छ यो काम कसले तुर्न सक्तछ
कुरा सुन्यौ बुझी हाल्यौ ठीक छैन कि? ठीक छ ? ।।७।।
कुरा सुनी सबै रास्रो कसैले दश योजना
सुनेर एउटा भन्छ ऊ भन्दा बढि योजन ।।८।।
आखीरमा जाम्ववान्ले "सय योजन भित्र त
सकुंला तर बूढो छु नाघ्न सक्तिन है मत ।।९।।
अघि जवानमा मैले लौ एक्काइस पल्टत
सारा पृथ्वी घुमेको हूँ अवता छैन वर्गत ।।१०।।
अङ्गद भन्दछन् सुन्नोस् अवश्य पुग्न सक्तछ
तर फर्कन के गर्छु सक्तिन वा म सक्तछु ।।११।।
वूढा ती जाम्ववान् भन्छन् नसक्नू के हजुरले
सके पनि हुँदै हुन्न जान श्री युवराजले ।।१२।।
हजूरले सबैलाई आदेश दिन पर्दछ
शिरोपर गरी हामी सबैले मान्नु पर्दछ।।१३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"उसो भए त के गर्ने ? आसन कुशको गरौं
काम क्यै नगरी हामो बच्दैनौं अनि के गरौं" ? ।।१४।।

"हे राजा सुनि बक्सियोस् एक वीर छ सक्तछ
हाम्रो काम सबै त्यस्ले चांडै नै सिद्ध गर्दछ।।१५।।

यत्रो ठूलो काम आयो चूप एकान्तमा तिमी ?
वसी किन रहन्छौ हँ वायुका पुत्र छौ कमी ? ।।१६।।

वायु समान छौ वीर जन्मना साथ नै तिमी
सूर्य उदाउँदामा नै पाकेको फल हो गमी ।।१७।।

टिप्ने लीला गरी पाँच सय योजन उफ्रँदा
अनि जमीनमा बज्र्यौ त्यस्ता वीर तिमी छंदा-।।१८।।

छंदै पनि काम हुन्न भन्नु हुन्न सुन्यौ उठ
रामको कामको निति तिम्रो जन्म बुझ्यो उठ ।।१९।।

आफ्नो सामर्थ्य देखाउ यस्ता छौ वलिया भनी
वयान गर्न को सक्छ ? गर काम सबै गुनी ।।२०।।

उठ वा रामको काम गर्न अघि तिमी सर
साहसी बलवान् वीर ! हाम्रो रक्षा तिमी गर ।।२१।।

जाम्ववान्का कुरा सुन्दा हनूमान खुसी भए
ब्रह्माण्डै फोर्दछन् कि क्या जस्तै रूप ठुलोलिए ।।२२।।

सिंहको नाद झैं गर्दै रीसले कांपदा जग
पृथ्वी नै ढलिकइन् जस्तै भयो पर्वत डग्मग ।।२३।।

सम्झी रावणको काम दाह्रा किटेर कट्कट
"थिल्थिल्याउँछु लङ्का म जानेछ सब झराझट ।।२४।।

घुंडा धसेर यो मुङ्ग्रो घुमाएर वजाउदा
लङ्का पार्थे ढुटो, सीता नभए गर्दथ्यो गदा ।।२५।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गदाको गल लाएर लङ्का पल्टाउँथे तर
के गर्नू जानकी हूँदा मलाई लाग्छ यै पिर ।।२६।।
समुद्र तर्छु जान्छू र लङ्कालाई जलाउंछु
रावणलाई तर्साई यद्दा सीता म ल्याउँछु ।।२७।।
रावणलाई घांटीमा बोको बांधे जसो गरी
ल्याउंछु अथवा लङ्का सबै पर्वत क्यै गरी ।।२८।।
रामभा राखदछु यद्दा सीता मात्र म भेट्दछु
खालि उसै म फर्कन्न क्यै न क्यै त गर्दछु ।।२९।।
म त के गर्न सक्छु र गर्दछू राम नामले
"औंठी श्रीरामको यै हो" तल पार्दछ शक्तिले ? ।।३०।।
रामको नामले के के हुन सक्दो रहेछ त
भनेर दुनियाँ जान्ला लागेर मनमा धत ।।३१।।
देख्दा देख्दै भयो उन्को ठूलो रूप यथोचित
आश्चर्य हैन जो "राम" नाम जप्ने छ आदत ।।३२।।
जाम्ववान् भन्दछन् बाबु ! भेटेर मात्र आउन
रामका साथ सामर्थ्य पछि देखाउला झन ।।३३।।
तिम्रो कल्याण होस् बाबु ! जांदा आकाश मार्गमा
नपरोस् विघ्न बाधा क्यै जे परे पनि काममा ।।३४।।
शुभ आशिष काकाको आदेश युवराजको
जावो लङ्का न पुग्नू के ? जपेर नाम रामको ।।३५।।
हेर्न रहर लाग्या छ कस्तो छ दश टाउके
चिडिया खान लङ्काको हेरी आउँदछु म के ।।३६।।
राम भक्त महावीर सबैको लिई आशिष
महेन्द्राचलको थाप्लो – मा, पुगे लिन ती यश ।।३७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उदयाचलका सूर्य मुख जस्तो थियो खुसी
सर्प जस्तै थिए हात उड्न लाग्दा भए सुखी ॥३८॥

राम, लक्ष्मण, सुग्रीव मनले गरि दर्शन
हसिलो मुखले "राम, राम" लौ सबले भन ॥३९॥

लामा हात फिजाएर नुहाएर घुडा तल
सोजो घांटी उभो दृष्टि सोजो पारेर पुच्छर ॥४०॥

दक्षिण पट्टि फर्केर वायु तुल्य पराक्रमी
आकाशको उडे बाटो समुद्र तर्न के कमी ? ॥४१॥

इति किष्किन्धा काण्ड
रामार्पण मस्तु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अथ सुन्दर काण्ड

(१) सन्दर्भ :– मैजाक पर्वत सिंहिका वध, समुद्र पार

देवतालाइ ब्रह्माले भन्नु भो विष्णुले अव
अवतार लिई "राम" हर्ने भुभार लौ सव ।।१।।
खुसी भए प्रतीक्षामा रामको जन्म कालमा
बढ्ता खुशी भए ज्यादै रामको वन वासमा ।।२।।
सीता रावणले हर्दा हुनू सम्म खुसी भए
हनूमान् उफ्रदा "शङ्का" लिने नै देवता भए ।।३।।
पठाए सुरसालाई समुद्र तर्न तागत
सीताजो भेट्न सक्छन् कि सक्तैनन् जाच्न वर्कत ।।४।।
आफूलाई सलक्कै नै निल्न सक्ने ठुलो मुख
देखेर "सुरसा विघ्न पार्न नवस सम्मुख" ।।५।।
बाटो रोकेर सामुन्ने सुरसाले भनिन् "भुरो"
जुरायो दैबले मेरो आहारा सुनको चरो ।।६।।
"बुध्दिमान्छौं तिमी मेरो मुखमा झट्ट लौ पस
भोकले छट् पटाएको खान्छु तिम्रो मिठो रस" ।।७।।
आमा म रामको आज्ञा–ले सीता भेट्न जान्छु म
झट्ट फर्केर सीताको टुङ्गो लाएर आउ म ।।८।।
सीताजोको समाचार राममा सुम्पिए पछि
मुख भित्र तपाईको पशुला नहटी पछि ।।९।।
बाटो छोडि दिनोस् मातः "सुरसायै नमो स्तुते"
"मुख भित्र पसी जाऊ नत्र खान्छु बुझ्यौ लुते ।।१०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भोकोले केहि देख्दैन जान्दैनौ ? वायु नन्दन !
काममा विघ्न पार्दिन पेटमा पसि जाउन" ।।११।।

"हुन्छ मलाइ लौ नील" भनेर हनूमानले
उनको मुख भन्दा त देखिन् दोब्बर तीनले" ।।१२।।

"मुख वाउ तिमी झट्ट पसेर गइ हाल्छु म"
भनी योजनाको चाक्लो वावलो चार तिरै सम ।।१३।।

हनूमानलाई देखेर पाँच योजनको मुख
वाएकी सुरसा देखी भन्दछन् "माग्दछयौ भिख" ।।१४।।

हनूमान भए ठूला दश योजनको भर
विस योजन वाएको मुख देखेर लौ सुर ।।१५।।

तिस योजनको रूप हनूमान झट्ट भै गए
५० योजनको रूप देखेर उनले लिए ।।१६।।

बूढी औंठो भने हुन्छ सानो रूप लिई पसे
फेरि बाहिर निस्केर "नमस्कार" भनी बसे ।।१७।।

सुरसाले भनिन् "वीर जाऊ सफल छौ तिमी
वृत्तान्त सब खोलिन् र के गर्न तिमी छौ कमी ! ।।१८।।

समुद्रको लिइ आज्ञा लटरम्म फली फल
मै नाक निस्किए शैत्र विश्राम गरने स्थल ।।१९।।

चुचूरामा उनी आफै रूप मानवको लिई
आराम गर्नु होस् राम–भक्त खानोस् खुशी भई ।।२०।।

मैनाकको सुनी बोली धन्यवाद छ लौ सुन
काम कुरो नसिध्दयाई गर्दछन पारण कुन ? ।।२१।।

छोएँ पुग्यो मलाई भो वस्न फुर्सत छैन वा
रामको काम सिध्दयाई गर्ने छु पारण युवा ।।२२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समुद्रमा घोर रूपा राक्षसी सिंहिका थिई
लामा तीखा ठुला दाह्रा रीसकी मूर्ति त्यो थिई ।।२३।।
परेला नेत्रका देख्दा रूख नै हुन् भने हुने
औंला छन् वृक्षका हांगा खुट्टा पर्वत देखिने ।।२४।।
हात त्यस्तै ठुला कान नाक पर्वत झैं थिए
पूर्ण पर्वतको रूप झाडी जस्ता रउ थिए ।।२५।।
स्वास, प्रस्वासमा आंधी जस्तै भुवरि पर्दथ्यो
प्राणी साना तिना पेटमा ओरी दारि गर्दथ्यो ।।२६।।
उसै समुद्र कस्तो छ भूवरि छन् भयङ्कर
त्यसमा झन त्यसले पौडी खेल्दा के के हुँदैन र ।।२७।।
सानो होस् अथवा ठुलो नखाइ बस्न सक्छ को ?
गर्छे मुहाउदो खान नखोज्ने विश्वमा छ को ।।२८।।
आहारा खोज्न पर्दा त्यो उत्तानो परि लड्दथी
आकाश गामी जो जो छन् सासले तानि निल्दथी ।।२९।।
उड्दा आकशको वाटो वीरको वेग रोकियो
"कस्ले विघ्न गऱ्यो मेरो" यात्रामा मन्मनै पऱ्यो ।।३०।।
अगिल्तिर पछाडी र दायां वायां सवै तिर
माथि पट्टि पनि हेरे न देख्दा कसले छल ।।३१।।
गऱ्यो भनी अधो दृष्टि गर्दा पवन नन्दले
सिंहिकालाइ देखेर हाने ओर्लेर लातले ।।३२।।
घन घोर गरी शब्द ढुन्मुनि छट्पटाउँदा
खुट्टा तानी गयो प्राण वीरको हात पाउँदा ।।३३।।
समुद्र जल प्राणीमा भुइचालो गयो ठुलो
हाहाकार पऱ्यो पैले पछिबाट भने "भलो" ।।३४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उड्दा यस्तो थियो यात्रा शीघ्रात्ति शीघ्रथ्यो गति
कस्तै आंधी ठुलो होस्न भेट्नै सक्दैन त्यो स्थिति ।।३५।।

नेत्रमा हनुमान्जीको त्रिकूट पनि देखियो
अनि अलि अलि गर्दै गति पारे अली ढिलो ।।३६।।

जति जान्छन् उनी ठूलो त्रिकूट हुन गो ठुलो
जति ओर्ल्यो निकै ठूलो हुदा लङ्का भयो ठुलो ।।३७।।

अति लामा ठुलो चौडा अनेकौं देखिए पथ
वृक्षका तातिका वीच विभिन्न थरिका रथ ।।३८।।

कमिला सरहै गाका आएका कमिली सर
उछिना उछिनी गर्दै गुड्दै जान्छन् तितै पर ।।३९।।

छुचुन्द्रे तातिका ताति टुङ्गिन्छन् ती कता तिर
वायु समान दौडेका देख्छन् यान निरन्तर ।।४०।।

उड्दै जांदा शफा लङ्का छलङ्ग सब देखियो
घरका वार पर्खाल आंखामा सब उत्रियो ।।४१।।

राम्रो भव्य किनारामा उत्रे पवन नन्दन
के गरी भित्र पस्ने हो गरे विचार मन्मन ।।४२।।

रातमानै पस्नू वेश होला लुकी छली कन
प्रतीक्षामा रहे वीर रामको गरि चिन्तन ।।४३।।

हनूमान् उत्रना साथ सीता रावणको सुन
वायां हात र लौ आंखा फर्फराए त्यहि क्षण ।।४४।।

दायां अङ्ग सबै भाग फर्फराएर रामको
शुभा शुभ दुवै पट्टि सूचना भो भविष्यको ।।४५।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२) सन्दर्भ :– लङ्का वर्णन

समुद्र पहिलो किल्ला दोस्रो किल्ला छ खाडिको
समुद्र खाडिको बीच, – मा लङ्का छ सुवर्णको ।।१।।
पस्ने लङ्का पुरी बाटो दिशामा चार द्वार छन्
अनुमति बिना अर्को को भित्र पस्न सक्तछन् ।।२।।
अन्यत्र पाइलो टेके यन्त्रले त्यहि पुग्दछ
जडेको छ त्यहीं यन्त्र त्यसैले मारि हाल्दछ ।।३।।
ढोकै पिच्छे शस्त्र अस्त्र लिएका फौज सज्ज छ
तोपै, तोप छ घेरामा को उम्की जान सक्तछ ।।४।।
एक घेरा दुइ घेरा त्यस्ता घेरा अनेक छन्
त्यहाँ बाट उम्की हाले गुप्तको हात पर्दछन् ।।५।।
गुप्त सुरुङ धेरै छन् विस्फोटक पदार्थ छ
शत्रु बाट कुनै धोका पर्न आउन सक्तछ ।।६।।
भनेर वचनको निति उड्ने, गुड्ने, डूबने
साधन पनि धेरै छन् खट्ट छैनन् भने हुने ।।७।।
ज्ञान, विज्ञानले युक्त लङ्का पस्न छ मुस्किल
वायु यान पुगे आफैं खसाल्दछ त त्यैं कल ।।८।।
फल, फूलहरू टम्म भएकाले मनोहर
पोखरी छ घरै पिच्छे बीचमा सुनको घर ।।९।।
छानो छ सुनकै भित्ता पर्खाल छ सुवर्णको
सुनको झ्यालमा बुट्टा हीरा, मणि र मोतिको ।।१०।।
जडान मणि माणिक कला भन्दछ "लौ जित"
खम्बा छ सुनकै राम्रो राष्ट्रिय चिह्न अङ्कित ।।११।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धनीका घर ठूला छन् ती छन् शहर वाहिर
हेरी रहूँ भने जस्ता देखिन्छन् अति सुन्दर ।।१२।।
दूतावास सबै भन्दा राम्रा शफेद भव्य छन्
त्यहाँ जे जे कुरा हुन्छन यन्त्र संग्रह गर्दछन् ।।१३।।
गुम्न पाउन्न क्यै वार्ता राज रावण बुझ्दछ
प्रति क्रिया उसै हुन्न मौकामा फल पाउछ ।।१४।।
दूत जुन् देशको वस्छ उसैको देशको घर
छांट कांट उसैको छ विशेष छ मनोहर ।।१५।।
लङ्का माथि अध्यारोले ढाक्न सक्तैन क्यै गरी
झल मल्ल सधैं नै छ रात दिन वरावरी ।।१६।।
आउन जानको निंति सुरूङ छन् अनेकन
यातायात सवारीका सुरूङ वढि छन् झन ।।१७।।
लङ्कामा स्वर्गता एक कुनाको नै समान छ
न जाडो छ कतै कांहि न गर्मीले सताउंछ ।।१८।।
सडकको दुवै पट्टि फूलले छ मनोहर
ढक मक्क फुलै फूल फूलको नै छ अक्षर ।।१९।।
चौवाटो अनि दोवाटो जाने वाटो वताउने
संकेत फूलल्यं गर्छ कस्तो राम्रो छ देखिने ।।२०।।
धूलो, मैलो कतै छैन लङ्का छ द्वीपको नथ
जूनमा ढालिए जस्ता सङ्घ मर्मरका पथ ।।२१।।
दक्षिण भारती नारी हिंड्दा ती पथमा स्वयम्
मुख्य लाज हुने ठाम – को छाया देख्दथे स्वयम् ।।२२।।
लजाएर त्यहा देखी धोती पुरुषले सरी
पछिल्तिर घुसारेर लाउँछन् ती कठै वरी ।।२३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समानान्तरमा स्वच्छ पानी नहर वग्दछ
चित्रविचित्रका माछा देख्दा रहर लाग्दछ ।।२४।।
घर भवनका ताति कुन भन्दा छ के कमी ?
भनी अग्ला ठुला राम्रा वनेका छन् गमी गमी ।।२५।।
कुनै सडकमा एकै नासे छाना र कौशिछन्
ढोका, वुट्टा समानै छन् रङमा एकनास छन् ।।२६।।
घर यो त यसैको हो डेरा यसको यहि
भनी ठम्याउनै गाह्रो विना अङ्क कतै कहिं ।।२७।।
ठूला सडक अर्कोमा विभिन्न थरिका घर
जुन हेर्‍यो उही राम्रो यै राम्रो भन्न मुस्किल ।।२८।।
प्रतिस्पर्धा गरी राम्रा सजि सजाउका घर
पसल उत्तिकै राम्रा यता छन् उत्तिकै पर ।।२९।।
सुनक छ अटाली र वुर्जाछन् सुनका सव
सिढो सवै सुनैका छन् भर्‍याङ सुनका नव ।।३०।।
घर भित्रै पनी हिंड्न पर्दा वर्लन उक्लन्न
छरिता चट्टका यान उपलब्ध छ साधन ।।३१।।
आउने रथको बाटो एक अर्को छ जान त
बाटो पैदल अर्कै छ गर्छन् आवत जावत ।।३२।।
लङ्का शहरको भित्र होस् कुनै मार्गमा पनि
सजि सजाउ उस्तै छन् पर्दैनन् कवं पनी मुनि ।।३३।।
घुइचो, रथको ताति भीड पैदलको अति
हुँदा मुस्किल नै पर्छ पार गर्न यता उति ।।३४।।
संसारमा सवै भन्दा श्रेष्ठ वस्तु छ जे जति
राजधानी ठुला राम्रो लङ्कामा छ भए जति ।।३५।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वैज्ञानिक सधैं गर्छन् आविष्कार नयां नयां
लङ्का जानेहरूलाई हुन्छ लङ्का सधैं नयां ।।३६।।
औजार यन्त्र बाहेक सुनकै सुनका सब
सबै भन्दा श्रेष्ठ लङ्का भन्नै पर्दछ अब ।।३७।।
विज्ञान शुक्रको ठूलो मय दानवको कला
बल रावण राजाको लङ्काका यी सबै भला ।।३८।।
रावण छ त लङ्का छ लङ्का छ त छ रावण
पुराण इतिहासैका पन्नाले पर्छ वर्णन ।।३९।।
जसले रामको नाम जप्दछ गर्छ चिन्तन
लङ्का रावण सम्झन्छ को सक्छ लोन विर्सन ।।४०।।
प्रशंसा शत्रु नै गर्छन लङ्काको देखि उन्नति
जिब्रो नकाटीको सक्छन् भुत् भुताउँदछन् कति ।।४१।।
डाहले दांत किट्ने छन् लङ्काको देखि उन्नति
ईर्ष्याले मात्र के हुन्छ ? लङ्काको हुन्छ के खति ।।४२।।
थाङने, माग्ने कुनै छैनन् सभ्य, शिष्ट, छ राक्षस
भोग्य, भोजनका वस्तुहरूमा छैन क्यै कस ।।४३।।
अनुचित कुनै लाभ गर्दैनन् घुस लालच
न्याय सुलभ पाइन्छ शत्रु कै छन् भने वच ।।४४।।
कारावासी कुनै छैनन् गर्नु पर्दैन बन्धन
देवता शत्रु नै हुन्नि सुखी हुन दिनू किन ? ।।४५।।
हात खाली कुनै छैनन् उन्नति दिनका दिन
गर्ने वानी सबैमा छ दुःखी छैनन् कुनै जन ।।४६।।
अनावृष्टि भए देखि समुद्र जल यन्त्रले
पानी तानी छता छुल्ल पार्दछन् स्थल युक्तिले ।।४७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अतिवृष्टि भए त्यस्तै फयाकिन्छ जलयन्त्रले
हरा भरा सधैं लङ्का हेर्न पाइन्छ नेत्रले ॥४८॥
ग्रह, नक्षत्र, ताराको उदयास्त हुने क्षण
प्रभाव पर्छ लङ्कामा स्वर्ग, पातालमा कुन ॥४९॥
हेर्ने प्रयोगशाला छन् यन्त्र नै गर्छ सूचना
शुभ शुभ हुने के हो ? पहिल्यै हुन्छ सूचना ॥५०॥
अनि जे गर्नु पर्ने हो छेक थुन गरी सबै
धोकामा पर्नु पर्दैन कसैले कहिल्यै क्वै ॥५१॥
कतै डयाङ्ग कतै डुङ्ग गर्ने छन् त उतातिर
कतै यन्त्र चलेका छन् शब्द आउँछ घर्घर ॥५२॥
जता हेऱ्यो उतै चक्र फन फनी घुम्दछन् छिटा
क्यारररं कतै गर्छ माल झिक्छन् उता ठिटा ॥५३॥
झिल् झिल्याउदछन् यन्त्र आंखा नै तिर्मिराउछ
फलाम लठ्ठा चिर्दा त कान नै कि्र्मिराउछ ॥५४॥
ज्वाला देखिन्छ आगाको यन्त्रले काम गर्दछ
फलामको झोललाई एका पट्टि खन्याउछ ॥५५॥
विश्वकर्मा यता जान्छन् उता हेर्छन् सबैतिर
आफैंयन्त्र चलाएर शिकाउँछन् कतै तिर ॥५६॥
काम गर्छन् लगातार रात दिन बराबर
युवा राक्षस फौज काममा छन् निरन्तर ॥५७॥
ग्रह, नक्षत्रमा जाने यान बन्छन् अनेकन
शस्त्र, अस्त्र यहीं बन्छन् सिक्छन् राक्षसका गण ॥५८॥
शरीरका सबै ज्ञान इन्द्रियहरूका सब
जस्ताको तस्तो जान्ने छन गर्दछन् पर्छ जे नव ॥५९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

डाँकिनी, शाँकिनी, भूत, प्रेत, पिशाच वोक्सिनी
दोहोलो पार्दछन् झट्ट यन्त्र र तन्त्रले चिनी ।।६०।।
प्रयोग गर्न जान्ने छन् भणि, मन्त्र सबै विधि
रोगको गरि कीटान निको पार्दछ औषधी ।।६१।।
जरी, वूटी, झारपात अनेक थरिका थरी
अनुसन्धान गर्दा छन् रात दिन सधैं भरी ।।६२।।
जस्को रूप लिनु पर्छ उस्तै रूप लिने कति
विज्ञान जान्दछन् ज्यादा मायावी छन् भने जति ।।६३।।
देखाउछन् भने जत्ति मायाले मरु भूमिमा
झल मल्ल ठुलो देश पार्ने शक्ति छ यिनमा ।।६४।।
जलमा पार्दछन् सभ्य देश ठूलो र मङ्गल
पर्वत नद नाला छन् झर्नाका साथ जङ्गल ।।६५।।
उत्ति खेरै बनाउछन् बगैंचा फल फूलका
पोखरी पनि देखिन्छ माछा र फौज हाँसका ।।६६।।
जहाँ जे धार्नू छ झुक्याउन पऱ्यो भने
मन माफिक रचने छन् मन सारै रमाउने ।।६७।।
थलमा पनि उस्तै यी तरङ्ग युक्त सागर
देखिने जल प्राणी र ढुङ्गा नै पर्छ लौ भर ।।६८।।
तर्साउन परेमा त हुने सम्म भयङ्कर
देखाउन पनी सक्छन् न सक्नु गर्न के छ र ।।६९।।
तपका बलले गर्दा इन्द्रादि सव देवता
दिक्पाल सव छन् त्रस्त अरूका त कुरा कता ।।७०।।
नक्षत्र, ग्रह, तारामा पुग्न सक्ने सरासर
कयौं थान बनेका छन् अनेक थरिका थर ।।७१।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भूगर्भमा काम लाग्ने चीज भेट्टाउने विधि
धर्म र यज्ञको कर्म जान्ने छन् होमको विधि ॥७२॥
शास्त्रार्थ गर्नमा वेश शास्त्र जान्ने अनेकन
षट् शास्त्रका विशेषज्ञ पार्वति छन् सबै सुन ॥७३॥
लङ्काको मेख मारेर हिमालय सुवर्णको
गजूर पृथिवीलाई दिएर फल कामको ॥७४॥
लङ्काको चक् चकी देख्दा लाज मानें सरो रवि
समुद्रमा गए लुक्न सोरसार गरी छवि ॥७५॥
पार्वति ! हेर कस्तो यो परिवर्तनशील छ
रातको दिन पल्टे झैं दिनको पछि रात छ ॥७६॥
ज्ञान, विज्ञान जे होस्न उन्नति जति गर्दछन्
श्री राम प्रभुको सारा लीलाको भित्र पर्दछन् ॥७७॥
धन्य लङ्का पुरी जेता श्री रामायणका कथा
हनूमान् राम सम्झेर मनकै राम पाउमा राख्दछन् फूलका
गुथा ॥७८॥

(३) सन्दर्भः- श्री हनुमान अशोक वाटिकामा

को हो ? वानरको रूप लिएर रातमा यता
उति हेरेर आएको चोर झैं किन हो यता ? ॥१॥
साराका साराको आँखा,–मा छारो हालि उम्किइस्
म बाट उम्कने को हो ? देव, दानव के बुझिस् ॥२॥
यक्ष, असुर, गन्धर्व, राक्षस, नर, वानर
भूत, प्रेत, पिशाचादि कुनै सक्तैन किन्नर ॥३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यमराज स्वयं आफै खूद इन्द्रइजाजत–
विना आउन सक्दैनन् भने लौ आउने नं त ।।४।।
म लङ्काको अधिषात्री माता देवी म लङ्किनी
मेरो आंखा छली भित्र पस्न सक्तिन डङ्किनी ।।५।।
भने मलाइ तँ आज नटेरी कन पस्दछस्
राजा रावणको लङ्का भित्र पस्न तँ आट्दछस् ।।६।।
सम्झने ववै भए मित्र, इष्टको गर चिन्तन
भनेर लातले हान्दा रिसाई वायुनन्दन ।।७।।
हेपेर हनुमानजीले वाँया मुठी वजाउँदा
ढली रगत छादेर पछि चेतन आउँदा ।।८।।
उठी र हात जोडेर भन्छे पवन नन्दन !
जित्यौ लङ्का भयो वोध ब्रह्मालाई निवेदन ।।९।।
"भूभार कहिले हर्ने होला हे चतुरानन !
ब्रह्माजीले "बुझ्यौ भन्नु भएकोथ्यो गर्ने दिन ।।१०।।
चारै युग बुझ्यौ एक त्यसको अठ्ठाइसौं युग
त्यसको त्रेता युगैमा नै भार जान्छ तिमी तग ।।११।।
हुनेछ भगवान् साक्षात् श्री नारायणको अव
रामावतार हुने छ जनक नन्दिनी तव ।।१२।।
योग माया तिनै सीता अहिले सम्मका कुरा
तिमी वानरको घुस्सा जहिले पाउलयौ दश ।।१३।।
अनि रावणको अन्त्य हुने छ वुझ लौ न वा
भार जाने छ पृथ्वीको भन्थे ४ टाउके जिवा ।।१४।।
राम भक्त हनूमान्जी सुन्नोस्त एउटा कुरा
मलाई प्रभुले जित्दा लङ्का जित्यौ भयो शिरा ।।१५।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छैन वांकि कुनै केहि लङ्काको मकियो जरा
ढल्न मात्र छ यो वांकि, वांकि जति छ यो जिरा ।।१६।।

राजा रावणको भित्री बगैंचा अति सुन्दर
श्रेष्ठ अशोकको भित्र शिंशपा रुखको तल ।।१७।।

फेदमा रामको रानी श्री सीता बस्दछिन् वरा
घेराको घेरका घेरा घेरा छन् अति नै दरा ।।१८।।

जहाँबाट जहाँ जानू पर्ने हो मार्गको खुबै
सुविधा जसरो हुन्छ वताइन् तिनले सबै ।।१९।।

"धेरै काल विते आज वल्ल श्रीं राम सम्झना–
भयो हजूरले गर्दा झण्डै धन्य भए दुना ।।२०।।

संसारबाट उत्रन्छ रामको नाम सम्झदा
भने श्री रामको नाम भन्दा नहुनु के सदा ।।२१।।

सर्वत्र त्यसकै जीत हुने छ वायुनन्दन !
म पनि रामको नाम लिदा पाला नि दर्शन ।।२२

जानु होस् अव भो वेला भलो होस् तपाइका
सीताजीसँग होस् भेट नाम धन्य छ रामको" ।।२३।।

यता उति गरी हेर्दै लुक्दै बुझ्दै कता कतै
राज भवनको वाटो खोज्न जान्छन् जतातत ।।२४।।

लङ्का शहरको चाल जाल बुझ्दै सरासर
जांदा रावण राजको दरवार निकै वर ।।२५।।

शस्त्र र अस्त्रले युक्त घेरा राक्षसको गण
पर्खाल नाघ्नको दाउ हेर्दछन् वायु नन्दन ।।२६।।

रात के दिन जस्तै छ प्रकाश झल मल्ल छ
बुद्धि र बलले युक्त–लाइको रोक्न सक्तछ ।।२७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विजुली झैं छिटो चाल गरी श्री हनुमानले
वत्तीका तातिका खस्वा टुक्र्याए हनुमानले ।।२८।।

अध्यारो थोप्टिई हाल्यो अनि अल्मलिए सब
देख्ने पर्खाल नाघेको को होला पार्वति अब ।।२९।।

"के भयो लौन यो क्या हो ? अपूर्व घटना भयो
राज भवनमा यस्तो भएको कहिले थियो ।।३०।।

जान्नु ता के थियो कैल्यै सुनेकै छैन भन्दछन्
राज दर्बारको रक्षा – विभाग नै अचम्म छन् ।।३१।।

के गर्ने र कसो गर्ने के हो गर्ने निवेदन
यो दोष कसको थाप्लो, –मा पर्ने जान्नु के भन ? ।।३२।।

वत्ती विभाग यो जान्ला हामीलाई छ चाख के ?
हाम्रो काम गरौं रत्ति न डगा औं हुने छ के ?" ।।३३।।

अघि भन्दा वरू बढ्ता होशियार वनो अब
अध्यक्षले कडा उर्दी "खडा ह्वौ सबका सब ।।३४।।

हाम्रो यो अखडावाट मुसो सम्म नपस्तथ्यौं
आपत् कालिकको वत्ती वल्ल आंट्यो म आत्तियौं ।।३५।।

शिंशपा रुख खोजेर त्यत्रो उद्यानमा कता
पत्ता लाउन नै गाह्रो खोज्दै हिंड्दा यता उता ।।३६।।

छिटा र छरिता वीर हनूमान् वायु पुत्रले
विश्व ख्याति वडो अग्लो मणि, माणिक, रत्नले ।।३७।।

धपक्क छ वलेको त्यो मन्दिर अति उत्तम
अग्लो गजूरमा मेघ नाच्दा झन् त्यो मनोरम ।।३८।।

देखी अचम्म मानेर जांदा माथि यता उति
गर्दा उद्यानको रीति देखेर सबको स्थिति ।।३९।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सिढी सुवर्णको राम्रो चारै तिर बराबरी
जडेको मणि जूहार धेरै नै थरिका भरी ।।४०।।
पातै पात छ झाङ्गको शिशपा रूखको तल
श्रीराम चन्द्रकी रानी सीता देखेर निश्चल ।।४१।।
आफूलाई हनूमान्ले धन्य ठानेर दर्शन
गरेर रुखको हांगा, –मा लुकेर बसे सुन ।।४२।।

(४) सन्दर्भ :– रावणको खोपी वर्णन, रावणले
सीतालाई भनेको, सीताजीको उत्तर

राजा रावणको खोपी मोती, जूहार, मणिक
जडेको छ कतै खालि छैन सम्पूर्ण छन् ठिक ।।१।।
जूहार, मणि, मोतीमा ढालेको अति सुन्दर
पुलस्त्य ऋषिको मूर्ति देखिन्छ, – छ मनोहर ।।२।।
विस्रवा दाहिने पट्टि बायां पट्टि छ कैकसी
दुवैको मूर्ति उस्तै छ देख्दा हुँदैन को खुसी ? ।।३।।
पार्वती शिवको मूर्ति जून भन्दा पनी शफा
मोती खिपी खिपीएको गाईको दूध झैं शफा ।।४।।
रुद्राक्ष मणिको राम्रो जटा मुकुट उत्तिकै
गला, सर्प जुहारैको गङ्गाजी पनि मोतिकै ।।५।।
शिरमा चन्द्र मोतीकै पूर्ण शरीर मोतिकै
पार्वती रूप जूहारै यथोचित जुहारकै ।।६।।
भित्तामा जति छन् चित्र सब मोती र माणिक
खची खचाउछन् बुट्टा, चित्र छन् सब मौलिक ।।७।।
साराका सार पृथ्वीको मान, चित्र छ स्वर्गको
ग्रह, नक्षत्र, ताराको नक्सा छन् सब लोकको ।।८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साच्चिकं रूख जस्ता छन् फल, फूल सवै मणि
लहरा पनि उस्तै छन् रङ सुहाउदो मणि ।।९।।
जडी जडाउ पक्षी छन् बास्दछन् उड्दछन् कि क्या
पशु पनि भने जस्ता चित्रमं लागने दया ।।१०।।
सिंह, वाघ, र भालू छन् मणि, माणिकका सव
हिमाल देखिको नक्सा समुद्र सवका सव ।।११।।
रङ सुहाउंदा रत्न मणि जुहार निर्मित
धन्य छ हातको शीप चित्र बनाउने लत ।।१२।।
गाना किन्नर कन्याका बाजा गाजा समेतका
यक्ष, दानव, गर्धव कन्या नर्तकी नाचका ।।१३।।
सुरा पान गरी राजा शय्यामा ढलकदा निद
आएर मनको बेग सपनामा पुग्यो खुद ।।१४।।
इच्छानुसारको रूप लिने वानर एउटा
रामको दूत भै आयो लङ्कामा एउटा ठिटा ।।१५।।
ज्यादै सानो लिई रूप रूखका पातमा लुकी
छिपी सवं वगैंचामा घुम्यो पाउ फुकी फुकी ।।१६।।
यस्तो गजवको स्वप्ना देखी आश्चर्य रावण
"कदाचित् विधिले स्वप्ना साच्चिकं सक्छ त्यो हुन ।।१७।।
यदि त्यो साच्चि आएको भए मेरो चरित्रको
हालत सव सीताको भन्ने छ सामु रामको ।।१८।।
मेरो र रामको ठूलो घंसा घंसी हुने क्षण
त्यै हो मेरो र सीताको वार पार हुने दिन ।।१९।।
उठेर लम्किंदा रानी तरुणीहरू साथमा
शिशपामा पुगी भन्छ "सीते ! तिमी . उत्तमा ।।२०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिरको केशको टुप्पो देखि लिएर पाउको
औंलाका नङको टुप्पो–सम्म सारा शरीरको ।।२१।।
सबै लक्षणले युक्त देखिने जति अङ्गमा
शोभा छ उत्तिकै हेरौं हेरौं लाग्दछ चित्तमा ।।२२।।
मन मान्दैन यो आंखा चित्र खिच्न न थाक्दछ
नदी खोला सबै उर्लुन् समुद्र लिन छाड्दछ ? ।।२३।।
बुझ्यो रावण राजा यो झुक्न जान्दैन क्वै सित
उही रावण यो राजा सदा झुक्छ तिमी सित ।।२४।।
साराका सार संसार मेरो अधिन चल्दछ
उहि रावण राजा यो तिम्रो अधिन बन्दछ ।।२५।।
चित्रकूट कुटीमानै योगीको भेषमा भिख
मागेथें अहिले माग्छु म फेरि प्रेमको भिख ।।२६।।
मेरी रानी तिमी होऊ यक्ष, किन्नर, देवको
मालिक्नी नै तिमी हुन्छयौ चन्द्र, सूर्य समेतको ।।२७।।
किन भक्ति गरी बस्छयौ ? जावो मानिस रामको
हक लाग्दो पनी राज्य छोडेर भन भाग्छ को ? ।।२८।।
तिम्रो गुण सबै विर्स्यो शुश्रूषा सब रामले
बेगुनी वा गुणी हो त्यो ठम्याऊ युक्ति बुद्धिले ।।२९।।
अथवा त्यो गुनी होला के लछार्दछ रामले
लङ्का बाट तिमीलाई लाने हो कुन शक्तिले ? ।।३०।।
पस्न सम्म कुनै वीर सक्तैनन् यस क्षेत्रमा
बुझयौ कुवेर नै भाग्य पस्नेको वीर विश्वमा ।।३१।।
किता सीता पर्‍यो जान, जान सक्छयौ कसो गरी ?
राम आउन सक्तैन लिनलाई कठै बरी ।।३२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एकोहोरी तिमी सारै राम नाम उसै जपी
के हुन्छ ? बुझ आफूनै ? छोडिदेऊ तिमी ढिपी ॥३३॥
तटस्थ भइ सोचेर मन माजेर बुद्धिले
भविष्य सब सम्झेर उद्धार गर युक्तिले ॥३४॥
तिम्रो र रामको भेट हुन सक्छ जनम्भरी ?
यो पनि ख्याल राखेर अझ सोचन वेसरी ॥३५॥
देश, काल, अवस्था र शोची बुझी बलाबल
हुनेछ के गरे वेश वेसरी गर अक्कल ॥३६॥
गएको दिन फर्कन्न मौकालाई अठ्याउनू
नत्र ता न यता हुन्छ न उता हुन्छ सम्झनू ॥३७॥
अबलाहरूको बुद्धि न पुग्दा जिन्दगी भरी
अनेक दुःख संकष्ट भोग्नू पर्छ जनम्भरी ॥३८॥
तिमीलाई हरी ल्याए मान न मान के भयो ?
तिम्रो समाजमा तिम्रो अपवाद भयो भयो ॥३९॥
सती, साध्वी तिमी ह्वौ लि दुनिया किन मान्दछ ?
होच्याउन हुने ठाममा किन छाड्दछ ॥४०॥
आज तिमी अलग्गीछौ जांदा भारतमा पनि
तिमी अलग्गीनी हुन्छ्यौ लिदैनन् क्यै गरे पनि ॥४१॥
मेरा "राम" भनी मात्र भन्दछ्यौ रामले भने
"मेरी" भनी तिमीलाई रामले कसरी लिने ॥४२॥
तिमी वाहेक के यौटी सारा संसारमा अरू
स्त्री पाउदैन के राम राम्री न पाउला वरू ॥४३॥
तै पनि त तिमीलाई लिन हुन्न कसै गरी
लोक लज्जा उसै छाड्ला ? समाज छ वरिपरी ॥४४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो भाग्य तिमी आफैं वनाऊ अनिवार्य छ
विचार गर है तिम्रो भविष्य अन्धकार छ ।।४५।।
पछुताउनु पर्ने छ "भन्थ्यो रावण है" भनी
शोची काम गरे है नि मन भित्र गुनी गुनी ।।४६।।
"राणीले आघ जानीन राणीले पछि मानिन
वाघ घिच्याउनै थाल्यो राणी लाग चिच्याउन" ।।४७।।
पछि यस्तै हुने होला तिम्रो हित चिताउछु
कुरा सव वुझी हाल्यौ प्रतीक्षा अझ गर्दछु ।।४८।।

श्री सीता रावणलाई भन्नु हुन्छ

भन्न थाल्नु भयो सीता वीचमा तृण एक छ
राक्षसी बल तेरो छ जित्ने मेरो चरित्र छ ।।४९।।
वीरले कहिल्यै नीच काम के गरि गर्दछ ?
नीच काम त चुत्थौले रोजि खोजेर गर्दछ ।।५०।।
"वीर म हूँ" तिमी भन्छौ तर नामर्द ह्वौ तिमी
परस्त्री कसरी हेर्थ्यौ ? यदि वीर भए तिमी ।।५१।।
राम लक्ष्मणलाई नै जितेर यदि ल्याउथ्यौ
भने पनो त के वीर म मर्थे उहिल्यै वुझ्यो ।।५२।।
लिएर जोगिको भेष राम लक्ष्मणको डर
मानेर हर्ने त्यो वीर !!! तिमी हुन्छौ निशाचर !।।५३।।
चिने मैले तिमीलाई यत्ति ता वीर ह्वौ भनी
साच्चि मैले तिमीलाई चिने नामर्द छौ भनी ।।५४।।
तेरी शूर्पणखा जांदा राम लक्ष्मणको रति
डगेन वीरको चित्त वुझिस् राघवको गति ।।५५।।
नाक काटी पठाएको विर्सियौ वीरको मति
राजा भएर नै हर्ने तेरो हुने छ के गति ।।५६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कसैले क्यै गरो यस्तो काम गर्थ्यो भने बुझिस्
राजाले दण्ड यो दिन्थ्यो राजा तैं हेर्दछस् बुझिस् ॥५७॥
तैंले उठाउनै सम्म नसकेको ठुलो धनु
भांच्ने राघवलाई के बिर्सिइस् शिवको धनु ॥५८॥
रामलाई तिमीले नै वीर ठान्दैनथिस् भने
जोगीको भेषमा चोर तं लाई सबले चिने ॥५९॥
एउटै रामले तेरा खर, दूषणको बध
सुन्यौ मारीचका वार्ता बिर्सियो ताटका वध ॥६०॥
उच्छृङ्खल तँ होस् पापी दाजु कुवेरको धन
ल्याउने, बाबुको आज्ञा नाघेर रीसले किन॥६१॥
पितृ आज्ञा ठूला ठानी भाइका निर्तिमा बुझिस्
राज्य छाडी वनै जाने कस्ता राघव हुन् चिनिस् ॥६२॥
असंयमी, दुराचरी मदिरा भक्त लालची
अन्यायीलाई ता राम पार्छन् मारि किचीमिची ॥६३॥
हूँ तिनै वीरकी पत्नी म कमी छैन के बुझिस् !
चचित्रबलले नै दोष हट्दछन् स्वयं बुझिस् !॥६४॥
ठूलो रावणको वंश नाश पारी सरसरी
जानेछु रामका साथ बच्छौ रवणण के गरी ॥६५॥

(५) सन्दर्भ :–रावण सीता काट्न खोज्दा मन्दोदरीको कुराले रोकिन्छ, परिचारिकालाई आदेश दिन्छ । श्री सीता मर्ने उपाय जोज्नु हुन्छ ।

सीताजीको सुनी बात रीसले मुर्मुराउदै
दाह्रा किटी कट्कटाई शरीर सब कांपदै ॥१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आँखी भुइ बङ्ग्याएर लाल आँखा बिसँ भए
ओंठ फर्फर काँपेको हात धेरै खडा भए ॥२॥

हातमा लिईं तर्वार सीता काट्न तयार भो
रानी मन्दोदरीलाई हुन सम्म फसाद भो ॥३॥

पतिको हित चाहेर भन्दछिन् बिचरी वरा
दुब्ली, निदाउरी सीता सुनि बक्स्योन यो कुरा ॥४॥

मैला वस्त्र लगाएकी दुःखिनी निमुखी यिनी
षोडशी नत हुन् फेरि अप्रसन्न छ बंगुनी ॥५॥

मानिस खास नारीमा वीरताको प्रदर्शन
स्त्रीको वध गऱ्यो भन्ने खालि वथ्वी गराउन ॥६॥

यस्ती माथि गरी रीस उपलब्ध छ के लिनु ?
रोकि बक्स्योस्न तर्वार व्यर्थमा किन यो लिनु ?॥७॥

मद पान गरी मत्त सुन्दरीहरू छन् कति
षोडशी छन् किशोरी छन् दृष्टि पाऔं अलिकति ॥८॥

भनी हजूर संगको धेरै लालच गर्दछन्
यक्ष, गन्धर्व कन्या छन् नाग कन्या अनेक छन् ॥९॥

गायिका उत्तिकै ती छन् नर्तकी पनि छन् कति
हुकुम मात्र होओस्न न पुग्दो छैन क्यै रति ॥१०॥

हात जोडी गरीन् बिन्ती शान्त केहि भए पछि
कडा उर्दि गरी भन्छ सबैको मुटु नै लुछि ॥११॥

"महिना दुइ भित्रैमा सुन ए परिचारिका
फुल्याएर फकाएर बुझ्यौ धेरै प्रकारका ॥१२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपाय गर्नु तर्साई जे गर्दा बशमा पर्नन्
मेरो पलङ्मा आई राम्रो तवरले वसुन् ।।१३।।

अन्यथा प्राण लिएर प्रातः कालिक भोजन
तयार पार्नु खांला म वांकि राखिदन राखिदन ।।१४।।

निहुरी हात जोडेर "जय रावणको भने"
मुखले त भने किन्तु मनले के भने भने ।।१५।।

राजा रावण अर्घेलो भन्नेहरू पनि हुनन्
"रामको जय होस्" भन्ने कति त तिनमा हुनन् ।।१६।।

काली गाजल जस्ता छन् डेरी, वाङ्गो कुनै त छन्
लामा दाह्रा कसैका छन् कुनैका दांत पत्रु छन् ।।१७।।

ठूला ओठ, गिजा नीला उसै छर्लङ्ग देखिने
नराम्रा यत्तिका छन् ती प्रदर्शन गरे हुने ।।१८।।

दुर्मुखा उत्तिकै छन् ती खोजी खोजी गिनी विनी
राखेका राक्षसी छन् ती राजा रावणले चुनी ।।१९।।

कुनै लोभ्याउछन् सीते ! नवित्ताउ जनं उसै
जवानी व्यर्थमा जाला न देऊ वित्न है त्यसै ।।२०।।

मुख वाएर अर्को त तर्साइकन भन्दछे
जनम् जवानी जालान् नि मान्दिनस् दाग पर्दछे ।।२१।।

खड्ग ताकेर अर्को त मान्दिनस् ढुक् ढुक्याउछु
अर्को फुल्याउदै भन्छे "सीता मान" म भन्दछु ।।२२।।

अनेक थरिका यस्तै विजयले कुरा सुनी
"सुन ए सगिनी मेरा कुरा हैन झुटा भनी ।।२३।।

हुनता जान्न को सक्छ विधि लीला विचित्र छ
संसार वुझ कस्तो छ ? परिर्वतनशील छ ।।२४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हिराण्याक्ष थियो कस्तो अति गर्दा स्वयं वित्यो
हिरण्य कशिपु त्यस्तै अत्याचार गरी मऱ्यो ॥२५॥

खनेको आफुले खाल्डो,–मा आफैं परि मर्दछ
आगोले नै तताएको पानीले अग्नि निब्दछ ॥२६॥

दिनको पछि लागेको रात झैं दिन हो पछि
खेल्दा खेल्दै हुने पैलो ऊ नै फेरि हुने पछि ॥२७॥

सीता छन् अहिले बन्दी हामी छौं अहिले फुका
फरक्क दिन फर्केर "हामी वन्दी उनी फुका" ॥२८॥

दिन आउन के वेर !!! पर्ने छ पछुताउन
सीता त्रिलोककी माता हुन के वेर लौ भन ? ॥२९॥

लङ्का सवै जल्न सक्छ राम आउन सक्तछन्
राम रावणको युद्ध हुँदैन भन्न सक्तछन् ? ॥३०॥

राजा रावणको वंश सारा राक्षसको गण
मार्छन् सीता पनो जान्छिन् हुने राजा विभीषण ॥३१॥

मेरो यो स्वप्न हो किन्तु साकार हुन सक्तछ
नमस्कार गरौं सीतालाई हाम्रो भलो छ छ ॥३२॥

विजयका कुरा सुन्दा हच्के ती राक्षसी वरा
सुर्ता न शोकका खञ्चवी निदाए अनि के कुरा ॥३३॥

घुरूरू दर्वार घुरेको वाहेक छैन क्यै स्वर
सीताको ओठमा "राम" वाहेक अरू के छ र ? ॥३४॥

नीलो आकाशमा तारा टल्केका छन् सबैतिर
रोहिणी साथका जून शिशपा रूख मास्तिर ॥३५॥

अशोक वागमा चन्द्र कमल फूल गम्म छ
उता सूर्य मुखि फूल खुम्चिइकन वस्दछ ॥३६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चखेवा छ चखेवीको प्रतिक्षामा गनी क्षण
चखेवी पनि गन्दिछ दैवी समयको कण ।।३७।।

उहि समय हो एक कसैको निति सुन्दर
अर्काको नितिमा त्यै नै हुन्छ ज्यादै भयङ्कर ।।३८।।

वेलाल्यै दुःख वे-याई समयैले वढार्दछ
थुपार्छ सुख वेलाले कालैले सुख हर्दछ ।।३९।।

जन्म हुन्छ मुहुर्तमा मृत्यु पनि छ कालमा
गर्ने गराउने सारा काल गर्दछ याममा ।।४०।।

सीताजी भन्दछिन् "राम" मेरो वियोगमा पऱ्या
भोलि घुमि घुमि "जून" विन्तीयो राममा पुऱ्या ।।४१।।

नमारीकन छाड्दैनन् "मेरो मासु मिठो" भनी
चौटा टौटा लुछि खान्छन् अवश्य जान्छ जीवनी ।।४२।।

राक्षसीले मार्नु भन्दा म आफैं मर्नु वेश छ
मर्ने कसो गरी होला ? उपाय पनि शून्य ।।४३।।

अँ लामो यो ठूलो मेरो चुल्ठो पाशो गराउछु
शिशपाको ठूलो हांगो,–मा झुण्डेर म मर्दछु ।।४४।।

मेरो हालत यस्तो छ प्यारा "राम प्रभु कन
केहि थाहा छंदै छैन यसै विते सवै दिन ।।४५।।

मर्ने वेला भयो मेरो प्रभो दर्शन पाइन
यहि "खुड्का" रहचो "राम" मेरा एक प्रभू धन ।।४६।।

रहेछ विधिको लेखा मेरो यो जिन्दगी भर
दैव ! अर्को जुनीमात वियोग नहुने गर ।।४७।।

मलाई रामको दासी सधैं दैव वनाइ दे
नमस्कार तंलाई छ मेरो धोको पुन्याइ दे ।।४८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(६) सन्दर्भः– हनुमान् सीताजीलाई औंठी दिएर सीताको
चूडामणि लिएर, अशोक वाटिका भङ्ग

त्यो रात कुरा काम देख्ने सुन्ने छ एउटो
विन्यास पर्न आँट्यो लौ मौका छोप्नु पऱ्यो छिटो ।।१।।

भनेर शिंशपा रूख,-मा लुक्ने हनुमानले
भने राम कथा सुरू,- देखि मधुर शब्दले ।।२।।

सीता खोज्न म आएको खोले तत्त्व कुरा सब
सबै कुरा सुनी सीता साँच्चै गजब भो अब ।।३।।

स्वप्न यो भ्रम यो होइन को ह्वौ भनन ए ! सुन
गऱ्यौ अमृत वर्षा त सामुन्ने आइ क्यै भन ।।४।।

आज्ञा पाइ हनुमान् नमस्कार गरी अडे
सीताका मनमा शङ्का राक्षसका वडे वडे ।।५।।

इन्द्र जाल अवश्यै हो भनी निराश ती भइन्
"माता शङ्का नमान्नु होस्" औंठी पाई खुसी भइन् ।।६।।

औंठी "श्रीराम" लेखेको देखेर भक्ति भावले
सीताले माथमा आफ्नो राख्नु भो दुइ हातले ।।७।।

आंखावाट झरे आंशु न अटाएर चित्तमा
गला रोकिन गो वोल्न वोली फुटेन ओठमा ।।८।।

ओठ फुर्र फुऱ्यो राम्रो तेजिलो हुन गो सुर
औंठीलाई गरी प्रेम प्यारा "श्रीराम" अक्षर ।।९।।

भनी सोधनी भो भनन रामका कुरा
रामको कुरा सुन्दा त सीताको मन भो चिरा ।।१०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यथार्थ सब वृतान्त भने श्रीहनुमानले
भने जति सबै सुन्नु भयो एकाग्र चित्तले ।।११।।
आफू आफूसमा मेल नर वानरको किन
आश्चर्य हो भेद भाव हट्यो कसरी त्यो भन ।।१२।।
वाली दाजु र सुग्रीव भाइको झगडा हुँदा
वाली मारेर सुग्रीव-लाई राजा बनाउदा ।।१३।।
वाली सुग्रीवका जम्मै वृतान्त रामका कुरा
सुने पछि खुल्यो तत्व नर वानरका कुरा ।।१४।।
हनुमान् भन्दछन् माता विश्वास भर पर्दको
चढाउछु चिनो बक्स्योस् पाउमा राम चन्द्रको ।।१५।।
सवारी अनि हुने छ मार्न राक्षसको गण
पक्का रावण मर्ने छ फिर्ने छ प्रभुको दिन ।।१६।।
शिरवाट झिकी राम्रो चूडामणि दिनु भयो
सुन भन्छु कुरा अर्को विन्ती गर्नू सबै पुग्यो ।।१७।।
चित्र कूट हुँदा हामी बुझ्यौ पवन नन्दन
मेरो काख शिरानी लौ सुकला भो कुनै दिन ।।१८।।
निद्रामा विघ्न पर्ने छ भनेर नचली कन
वसेकी म थिएं मेरो औलामा त पुनः पुनः ।।१९।।
रातो पाईताला देखि मासुका निति लोभले
जयन्त इन्द्रको छोरो भेषली धुर्त कागले ।।२०।।
छिया छिया भयो ठुड्दा धारा रगतको वग्यो
चल्दा खुल्ला भनो निद्रा नचलो रहनै पऱ्यो ।।२१।।
झन् झन् हेर्दै भयो शूरो खान लाग्यो त्यहीं वसी
निद्रा खुल्यो देखि बक्स्यो श्रीराम चन्द्रले वसी ।।२२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्याहांको एक लौ त्यान्द्रो दिव्यास्त्र छोडि वक्सियो
वलेको वाण देखेर काग शरणमा गयो ।।२३।।
इन्द्रादिले नसक्दा त्यो रामको पाउमा पर्‍यो
"मैले जानिन श्रीराम अपराध भयो भयो" ।।२४।।
"अमोघ अस्त्र मेरो छ नाश हुन्न कसै गरी
एउटा अङ्ग दे काक नत्र छोड्दैन क्यै गरी ।।२५।।
सुनी श्रीरामको वाक्य "प्रभो श्रीराम जानिन
आँखा चढाउछु एक पाउँ अभय जीवन" ।।२६।।
राममा यो कुरा विन्ती गर्नू विश्वास पर्दछ
चूडामणि र यो वार्ता हुँदा विश्वास पुग्दछ ।।२७।।
म माथि रामको दृष्टि दया जे गरि वढ्दछ
त्यस्तै गर देखी हाल्यौ मेरो कस्तो नि हाल छ ।।२८।।
राक्षसीहरूले देखलान् जाऊ पवन नन्दन
नपरोस् विघ्न वाधा क्यै वाटोमा वायु नन्दन ।।२९।।
"भोकाएको छु माता म यी अगिल्तिरका फल
खाएर पारणा गर्छु "आज्ञा होस् हुन्छ खाउ ल" ।।३०।।
"खाऊ" आज्ञा हुना साथ टपाटप टिपी फल
फकाफक गरी खाए अघाए पछि के छ र ? ।।३१।।
आफ्नो बाटो लिइ हाले केहि पर पुगे पछि
रावण संग क्यै वार्ता नगरी जानु के छि: छि ।।३२।।
भनेर हनुमान फर्की अशोक वनका रूख
उखेलेर लथा लिङ्ग पारेर वहुतै सुख ।।३३।।
भता भुङ्ग गरी रूख वृक्ष तानेर घर्यर
लिङ्कोलाई बगैंचामा फूल पारेर सोत्तर ।।३४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सीताजीको निति एक शिशपा रूख बाँकि भो
बगैंचा सब निर्मूल अशोक त उजाड भो ॥३५॥

अशोक नाम मात्रै भो शोक राक्षसमा पऱ्यो
राक्षसीहरूले सीता ! को हो त्यो सोध्नु नै पऱ्यो ? ॥३६॥

तपाइँहरूनै जान्नोस राक्षसहरूका कुरा
माया होला म जानू के ? दुःख शोक भयाकुल ॥३७॥

बगैंचा चरवा पालेहरूले हतियारले
हान्दा निमोठ नामूठ पारे श्री हनुमानले ॥३८॥

बलिबलिया अर्का,– थरि आएर झम्टदा
ढालेका रूख फालेर कऱ्याक कुरुक पारदा ॥३९॥

कसैको ढाड भाचिचीयो कसैको टाउको फुट्यो
कसैको हात टुक्रा भो कसैको मुटुनं पऱ्यो ॥४०॥

आएका जति साराका सार मारी उता चले
लखेट्दा पछि आएका बिचरा ती पनी मरे ॥४१॥

खम्चा मन्दिरको फोरे विश्व प्रख्यात जो थियो
पिठ्यूं धकेली पर्खाल ग्वार्लाङ्ग त्यो पनी ढल्यो ॥४२॥

छ्यान्न ब्यान्न गरी खम्बा मन्दिर दरबार त्यो
भता भुङ्ग गरी बुर्जा उजाड त्यो पनी भयो ॥४३॥

आएका जति थे योद्धा भनाउँदा बहादुर
दरा दलिनको भार पर्दा मरे सरासर– ॥४४॥

प्राण पखेरु साराले छाडि हाले खुरु खुरु
नसके पछि के लाग्छ ? ज्यान बिनु भलो गरु ॥४५॥

रातो मुख थियो ज्यादै, हातमा लिइ मुद्गल
प्रतीक्षामा बसे माथि केहि हल्लाइ पुच्छर ॥४६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अद्भुत घटना सारा राजा रावणले सुन्यो
दशलाख गई फौज पग्डेर ल्याउनू भन्यो।।४७।।

(७) सन्दर्भ:– अक्षकुमार वध, इन्द्रजितले हनुमान्लाई ब्रह्म पाशोले बाद्ध

प्रहस्त मन लङ्कामा पस्यो कसरी वानर
घेरा के गरि नाघेर भन मन्त्री महोदर ।।१।।

अनुमति विना कोहि निकुम्भ पस्न सक्छ !
फौज घेरा छल्यो मानौं तन्त्र यसरी छल्दछ ? ।।२।।

मेरो भित्री वगैंचामा कुम्भ ! के गरी त्यो पस्यो ?
अतिकाय ! महापार्श्व ! वाग के गरी बिग्रियो ।।३।।

क कस्को के कहाँ मूल हुँदा यो घटना भयो ?
यस्तो काम नहोस् फेरि अहिले जे भयो भयो ।।४।।

रामले नै पठाएको हुन पनि त सक्तछ
सीताजीको र लङ्काको रामले चाल बुझ्नु छ ।।५।।

त्यहि दर्वारका खम्बा हतियार भए ठुला
अशोक वनका वृक्ष ढालेका ती भए भला ।।६।।

खम्वा लडाउछन् जति भन्दछन् रामको जय
जति च्याक्छन् मुढा उत्ति शत्रुको पार्दछन् तय ।।७।।

बुद्धि र बलको सामु यो पृथ्वी छन् वसुन्धारा
अरुका नितिमा यी नै छुच्चिच छन् अति नै धरा ।।८।।

आवाल ब्रह्मचारी यी रामको भक्तको बल
पार्वती ! भन्न को सक्छ "यत्ति हो बल केवल ।।९।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बलिया बलिया छानी आउँदा भुसुना सम
हुन्छ राक्षस वैरोस्न के हुन्थे हनुमान कम ।।१०।।
त्यहिँ कै फल खानू छ खम्बा र वृक्ष अस्त्र छन्
त्यहिँ कै शत्रु मार्दछन् हनुमान धन्य धन्य छन् ।।११।।
आउलान नि अरु फेरि प्रतीक्षामा खडा भए
हातको चिल् चिल्याई त मेट्नमा उ पनि थिए ।।१२।।
अनि त्यस्तै गरो पाँच सेनापति पनि मरे
मन्त्रीका पुत्र सातौटा त्यै नै खाडलमा परे ।।१३।।
कान्छो रावणको छोरो अक्षकुमार फौजको
साथमा त्यो पनि मर्दा मृत्यु सुनेर पुत्रको ।।१४।।
अपूर्वको ठूलो शोक राजा रावणमा पर्‍यो
रीसले मुर्मुरिएर लड्न जान अघि सर्‍यो ।।१५।।
"बुबा ! भनी मेघनाद म छोरो त छदा छदै
हजूरले कुनै शोक गर्नु पर्दैन है रुदै ।।१६।।
मारुला अथवा बाँधी त्यो शत्रुलाई पाउमा
हाजीर पार्दछु राजन ! जान पाउँ म युद्धमा ।।१७।।
आज्ञा पाएर राजाको फौज लिएर साथमा
तम्तयार भई हाल्यो गई गो युद्ध भूमिमा ।।१८।।
घंसा घंसी पर्‍यो युद्ध एक तर्फ छ एउटा
अर्को तर्फ असंख्यै छन् तै पनि हनुमान् छिटा ।।१९।।
तरवार खुडा वाण भाला त्रिशुल काँधमा
दृढ कवच छातीमा ढाल पाशो छ हातमा ।।२०।।
प्रहार गर्दछन् फौज धनुको ताक एकमा
सहस्रौं वाण वर्षन्छन् हनुमान्का शरीरमा ।।२१।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तो नै खम्वा ती नै रूख फ्याँका फ्याँक गरी खुब
शस्त्र,अस्त्र छली मार्छन् सोऱ्याङ्ग राक्षसै सब ।।२२।।
गर्जेर हनुमान् भन्दछन् मेघ नाद कुरा बुझिस् ?
म एकले सबै तेरा मरे राक्षस के गनिस् ? ।।२३।।
अङ्गद आउलान् साथी खोज्दा होला ठुलो खति
तेरो भाइ गयो घुम्न तेरो हुने छ के गति ! ।।२४।।
संसारमा सबै भन्दा लङ्का श्रेष्ठ छ भन्दछन्
आखीरमा भयो चुत्थो एक माथी अनेक छन् ।।२५।।
तँ वाहेक अरू अर्को तेरा वरि परि कुनै
छन् छैनन् हेर्न तं आफैं सकिनस्न वचाउनै ।।२६।।
जो आफ्नो रथ घोडा र झण्डा सारथि ववै पनि
त्यस्ता नामर्दका साथ युद्ध गर्नु छ के अनि ।।२७।।
तलाई पनि लौ वीर भन्दछन् लोकले भने
भाग्य मानि त तँ होस् होस् वीरमा गन्दछन् भने ।।२८।।
तैं पनि तँ बुझिस् मेरो एक रौं सम्म के डग्यो ?
मलाई त रमाईलो लागेको छ वुझिस् भयो ।।२९।।
थकाई सम्म लागेको छैन एक राति वरु
सके फौज थपी हाल्न पहल्मान् छन् भने अरु ।।३०।।
पाखुरा, आङ पिठ्युंमा माड मुड गरुँ जिउ
धित मारौं मल्ललाई घिचाएको भए घिउ ।।३१।।
इन्द्र जित्ने भन्यो पखलास् कति तँ वक् वकाउछस्
खुसी पार्न तलाई म आएको भनि ठान्दछस् ।।३२।।
तेरो शेखी म झारूला धेरै रीस उठाउछस्
रीसले ढुन् मुनी हाल्न मलाई के लछार्दछस् ।।३३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उम्लिए पछि पोखिन्छ वढ्ता धेरै नहोस् बुझिस्
एक माथि कयौं आइस् नचली कन वैलिइस् ।।३४।।

लाज लाग्दैन ? अर्काको वगैंचा कोहि मास्दछ ?
अर्काकी गृहिणी हर्ने—को छोरो लाज मान्दछ ।।३५।।

अर्को रथ चढो गर्जो वाधेर लान्छु वानर
ब्रह्मास्त्रदेखि तँ बच्ने ? उपाय क्यै भए गर ।।३६।।

वांधि लगिस्कि देख्नेछस् लङ्काको अनि हालत
पछुताउनु पर्ने छ तै गर्न लौ उपाय त ।।३७।।

सीतालाई वगैंचामा राख्नाले वाग विग्रियो
बाधी जहां जहां लग्लास् विग्रि नाशिन्छ ठाम त्यो ।।३८।।

तेरो धंकी र घुर्कीले को डराउँछ वानर
फ्याकि हाल्यो इन्द्रजितले ब्रह्मास्त्र पार्वति पर ।।३९।।

ब्रह्माको मान मर्यादा राखेर हनुमानले
वांधिए झैं भए वीर गर्दा गौरव कार्यले ।।४०।।

राम भक्त हनुमानलाई के हुन्छ बन्धन
संसारवाट नै मुक्त लाई के अरू वन्धन ।।४१।।

(८) सन्दर्भ :— लङ्कामा रावणको सभामा वाधेर
हनुमानलाई लान्छन्

अशोक वागको नाश त्यत्रो राक्षसको क्षय
राज कुमारको मृत्यु लङ्काको हुन्छ के तय ।।१।।

भनी थर्थर कांपेका लङ्का वासी सधै जन
आफू नै के गरी वाच्ने ? लालबाल वचाउन ।।२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपाय के कसो गर्नु कस्तो रहेछ वानर
एउटैले भता भुङ्ग गर्न सक्ने भयङ्कर ।।३।।
के उदेक पऱ्यो सुन्नु सीता कस्ती अलच्छिनी
त्यो लङ्कामा पसे देखी कस्ती रहेछ डङ्किनी ।।४।।
हुनुत के थियो राम्रो विगार मात्र भो अनि
सुन्नु भलो कतै छैन उपद्रव भए जति ।।५।।
थपिदै थपिदै जान्छन् दिनका दिन नै वढी
दिन दोवरी नै मानौं रातमा हुन्छ चौवरी ।।६।।
शान्ति कतै छंदै छैन भय भीत सधैं भरी
भएर के गरी वाच्नु ? कस्ती रहिन दुच्छरी ।।७।।
देख्नेहरू सवै भन्छन् "सीता" अति छ सुन्दरी
दरी छ मनकी त्यस्तै तीनै भुवनकी चरी ।।८।।
पहल्मान्हरूका धेरै ठुल्ठुला प्रतियोगिता –
मा भएन कतै हार चल्दथ्यो कसको वुता ।।९।।
बलियाहरूमा पैला कान्छा राज कुमार ए
वालीका शिष्य दाउ र पेचमा कम्ति के थिए ।।१०।।
मुद्गल धनु निष्णात एकै मुसलमा परे गिरे
छल्दा पत्तो नलागेर मृत्युका वशमा परे ।।११।।
कैयौं जवानको नाश एक वानरले गऱ्यो
लङ्का भित्र कुनै छेद मान्नु पर्दछ के पस्यो ? ।।१२।।
होला पूर्ति वगैंचाको मर्ला वानर त्यो पनि
राज कुमारको साटो ल्याऔंला के कहाँ चुनी ।।१३।।
यत्तिकैले भए हुन्थ्यो अझ हुनेछ के भरे
लङ्का वासी सवै राम्रो एउटै शोकमा परे ।।१४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रामको भक्त निंति जावो त्यो काम के थियो
पार्वति ? अरूले हेर्दा अचम्म त भयो भयो ।।१५।।
अन्त्यमा रामको नाम लिने संसारमा जन
मुक्ति त्यो सहजै हुन्छ काट्दछ भव बन्धन ।।१६।।
भने श्रीराम चन्द्र कै काममा भक्ति भावले
ज्यानको केहि पर्वाह नगरी हनुमान्ले ।।१७।।
न हुनु काम गर्दा के जाओ राक्षसको वध
न अशोक वन के हो त्यो सबै यो जान्दछन् बुध ।।१८।।
रमाउंछन् सबै योगि रामको नाम सदा
रामको नामको स्वाद मनले त चपाउदा ।।१९।।
संसारका सबै स्वाद खल्लो ओकल्याउँदो हुने
यो सातौं स्वादमा हुन्छ पूर्ण आनन्द पाउने ।।२०।।
ब्रह्मास्त्रले इन्द्रजितले वाध छांद हुने सम–
गरेर हनुमान्लाई पाता कसी दुवै कुम ।।२१।।
अब ता स्वाद पाइस् कि शेखी गर्थिस् नि वानर
न छारोस् रामले तेरो पारिस् कि रामको भर ।।२२।।
फौजलाई दिय उर्दी हिंडाओं सबले सुन
लग शहरको वाटो देखुन् चिनुन् सबै जन ।।२३।।
सञ्चारका यन्त्र द्वारा यथार्थ सब वर्णन
सुनेर वंरिएर हेर्न लङ्का वासी सबै जन ।।२४।।
काम, काज सबै च्यात्त छोडी दौडे नि तत्क्षण
पथका रूखका हांगा, विगा पर्खालमा टन ।।२५।।
झ्याल, अटाली, बुर्जामा ठेलम्ठेल टनाटन
छत, सडकमा टम्म पार्वति ? नहुनु किन ? ।।२६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वाधिएको हुने सम्म डराए सरिकों दिन्न
शहर राम्ररी हेर्दै हिडेको देखि वानर ।।२७।।
कति राक्षसले मुक्कि घुच्ची खवाए बलै गरी
चड्काए कतिलें गाला दिए थप्पड वेसरी ।।२८।।
जजस्ले हनुमान्लाई हात छोडे नि तीनले
चिने लौ झट्किदा हात रन्थनिएर ती चले ।।२९।।
वज्रभन्दा पनी साह्रो हनुमान्को शरीरमा
मुक्की कसेर हान्दा त लडे झड्के र भूमिमा ।।३०।।
तँ छाड् म छाड् गरी हेर्दा हुलमा मिचिए कति
भोडले किचिईं मर्दा राक्षसको भयो खति ।।३१।।
इन्द्रजितले गऱ्यो विन्ती यो साधारण वानर–
होइन वाधिएको छ ठाडो छ यसको शिर ।।३२।।
भाइ, भार्दार, मन्त्रीले दण्ड विचार पूर्वक
गरोस् उचित जे पर्छ यो प्रशाशन वैठक ।।३३।।
कालो गाजल जस्तो छ जस्तो पर्वत देहछ
प्रहस्तलाई औंल्याई राजा रावण भन्दछ ।।३४।।
"प्रहस्त किन यो आयो ? कस्को यो दूत हो भन
वगैंचा ध्वस्त पारेको पुर्ख्यौली यसको सुन ।।३५।।
कुन देश निवासी हो लङ्कामा के गरी पस्यो ?
राक्षसहरूको नास कुन कारणले गऱ्यो ?" ।।३६।।
प्रहस्त हनुमान्लाई भन्छ "आज्ञा सवै सुन्यौ
म भए डर क्यै छैन नमान धक क्यै वुझ्यौ ? ।।३७।।
राजाका सामुमा सारा यथार्थ सव वर्णन
जाल झेल सवै छाडी गर वढु निवेदन ।।३८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राम, लक्ष्मणको पाउ संझेर भइ गद् गद
आज्ञा सुग्रीवको मानी हनुमान् भन्दछन् खुद ।।३९।।
पिताजी वावु हुन् मेरा अञ्जनीको म पुत्र हुँ
श्रीराम चन्द्रको दास मन्त्री सुग्रीवको म हूँ ।।४०।।
मेरो नाम हनुमान् हो किष्किन्धामा म वस्दछु
रामको दूत भै आएं ऐले तिम्रो अगाडी छु ।।४१।।
पितृ आज्ञा ठुलो ठानी मर्यादा पुरूषोत्तम
वन जांदा उनी लागिन् लक्ष्मण अनि के कम् ।।४२।।
दण्डका रण्यमा वाश हूँदा शूर्पणखा वुझिस्
नाक, कान ठुटी, वुच्ची वहिनीलाइ के चिनिस् ।।४३।।
वुझिस् कुनै पनी नारी विर्सन्नन् कहिल्यै पति
तेरो प्रति क्रिया गर्न सक्ने नै खोज्दथी पति ।।४४।।
वुझिस् शूर्पणखा बुद्धि,–मती रहिछ त्यो वुटी
खोज्दा दुवै हात लड्डु पार्न खोज्दा भई ठुटी ।।४५।।
तँलाइ सम्झना होला मारिस् शूर्पणका पति
मुटुको रोग संझन्थी विर्सन्छु कि भनी अति ।।४६।।
जाँचेर रामको बुद्धि, बल, वीर्य, पराक्रम
तेरो मृत्यु गर्न सक्ने पाई श्री पुरुषोत्तम ।।४७।।
साम, दान, तथा दण्ड, भेद यी नीति चार छन्
राज नीति यसैमा छ चतुरा भेद गर्दछन् ।।४८।।
तेरी शूर्पणखा वैनी चतुरी छे शिपालु छे
पतिको वदला लीन संधै उद्योग गर्दछे ।।४९।।
रिसाउदा पनी मीठो वोल्दछे नीति जान्दछे
परिणाम विचारेर काममा हात हाल्दछे ।।५०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"निकै वाठो छ भन्छस् तं वैनीको पेचमा परिस्
उम्कन्नस् तँ कतै वाट माछा झैं ढडिया पसिस् ।।५१।।
तँलाइ मार्न को सक्ला भनी संसारमा घुमी
श्रीरामलाइ देखेर जांची, वुझी सबै गमी ।।५२।।
दुइटै हातमा लड्डु खोज्दथी पार्न आखिर
रामलाई भुलाएर तंलाइ मार्न केवल ।।५३।।
राम, लक्ष्मण दुईवटै नपर्दा वशमा अनि
वीर हुन् मार्न सक्छन् यी दशौटा टाउको पनि ।।५४।।
तै पनि वल कस्तो छ रामको वुझ्न लक्षण
युद्ध गर्न पठाइ छ खर, त्रिशिर, दूषण ।।५५।।
पक्का रावण मर्ने छ राम वाणवाट नै
सीताको निहु थापेर कुरालाई तलाइ नै ।।५६।।
वदला लिनको निति वहिनीले भन्या सुनिस्
छलेर हर्न श्री सीता साथ मारिचको लिइस् ।।५७।।
सीताजी हरि तैले नै घिउ कुकुरले सरि
निम्त्याइस् काल आफैंले वच्छस् उपाय के गरी ।।५८।।
राम लक्ष्मणले सीता खोज्दा वन डुली डुली
जटायुले भने तेरा कुरा जमीनमा लडी ।।५९।।
हातले सूर्य ढाकेर ढाकिन्नन् सूर्य के वुझिस्
राम सुग्रीवका साथ कुराकानी भयो सुनिस् ।।६०।।
राम सुग्रीवको मैत्री अग्नि रोवरमा भयो
रामको एक वाणले वाली यम पुरी पुग्यो ।।६१।।
किष्किन्धाको राज गद्दी सुग्रीवलाई बक्सियो
राजा सुग्रीवले पत्ता सीताको लाउनु पर्‍यो ।।६२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भनी आठदिशा हामी खोज्नलाई पठाइयौं
पस्न लङ्का छ के गारो त्यसमा एक म हूँ बुझ्यौ ।।६३।।

सबैं सेनाहरू साथ राम, सुग्रीव र लक्ष्मण
रीसाइकन श्रीराम राजभाछ प्रवर्षण ।।६४।।

पाए दर्शन सीताको भयो सफल जीवन
आएको काम पूरा भो तै पनि सुन रावण ।।६५।।

यसै वानर भन्छस् त वन मास्ता छ के कुरा ?
पाकेका फल खाँदामा राक्षस वैरिए वरा ।।६६।।

हात हत्यारले युक्त एक माथि अनेकन
आइ लाग्दा छ के गर्नु प्राण प्यारो वचाउन ।।६७।।

खोज्दा धेरै मरे तेरा जवान सव दुर्वल
तेरो छोरो पनी निर्दो किचिएछ बुझिस् तिल ।।६८।।

आखीर मेघ नादैले छोडेको ब्रह्म पाशले
बाँधे जस्तै गरी छोडयो ब्रह्माका वरदानले ।।६९।।

तथापि बांधिए जस्तै देखिएको छु रावण
तेरो साम्मु म आएको छु तेरो बुद्धि फिराउन ।।७०।।

अर्काकी धर्म पत्नी के हरेर ल्याउनै हुने ?
राज विधानमा यै छ ? सजाय हुन्न क्यै भने ।।७१।।

मलाई भन्नु क्यै छैन तेरा विधानका कुरा
तै पनि भन्दछु केहि तँ बुद्धु रहिछस् वरा ।।७२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(९) सन्दर्भ:- श्रीहनुमानलाई देखेर सभाका राक्षस आफ्नो मन गडन्ते कुरा, श्रीहनुमान् रावणलाई उपदेश दिंदा जाग्छ

तँ तँ र म म राजाका-संग वार्ता सुनेर ती
सुन्नै नहुनु के भन्नु लामा शास थुती थुती ।।१।।
राजा रावणका दांया वांया वस्ने सवै जन
"लौन सुन्नु पऱ्यो के के" भनी धुर्मुर्यो मन ।।२।।
हाउ भाउ गरी कोहि औलाले ताक गर्दछन्
कोही मुक्की कसी उठ्छन् मेचमा जुर्मुराउँछन् ।।३।।
मुखा मुख गरी हेर्छन् आफु आफुसमा तिनी
खुट्टा वजार्दछन् कोही जिव्रो काट्छन् कुनै कनी ।।४।।
उधो मुख गरी जिव्रो टोकने छन् तिनमा कति
मन्मनै भन्दछन् ओहो !!! यस्को हुनेछ के गति ।।५।।
आंखा डेरो गरी हेर्छन् कोहि खड्ग उचाल्दछन्
ताकेर वञ्चरो कोहि टाउको फोर्छु भन्दछन् ।।६।।
भरीलो यसको मासु मीठो हुन्छ अवश्य नै
लुछ्ने छु यसको चौटा मेख मार्दछु अं ३ मनै ।।७।।
आफ्नो मुङ्ग्रो यसो हेरी टाउको पार्दछु धुलो
मासुको रास लाग्दा त वन्ने छ त्यो वडो खलो ।।८।।
कोहि पुच्छर तानेर तान्नु पर्दछ घर्घर
अर्काको मनमा पर्छ चिर्नु पर्दछ चर्चर ।।९।।
भाला रोपेर यसलाई आखि झ्याल वनाउछु
सडाइकन यस्लाई कीरा पारेर मार्दछु ।।१०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छाती र शिर वाहेक वांकी शरीरमा सबै
कीला ठोकेर झुण्डाई राख्नु पर्दछ है खुबै ।।११।।
आगामा पिल्सिल्याएर मार्नु पर्दछ भन्दछ
काट्दा नून र खुर्सानी छर्कनु पर्छ भन्दछ ।।१२।।
डराउदैन क्यै भन्न मुख झर्झराउदो
हातको भाउ लाएर कुरा गर्दछ त्यो निदो ।।१३।।
हृष्ट, पुष्ट, छ सर्वाङ्ग मुड्का जस्तो छ पाखुरा
मुग्रामा रामका बुट्टा राम देख्छन् कुनै मरा ।।१४।।
रामभन्दा मनै देखी ढाकि आएर आनन
अति प्रसन्न देखिन्छ राममा कि छ त्यो गुणा ?।।१५।।
मुख कस्तो हसिलो छ कुरा गर्दा भने तर
थेगो रहेछ है "राम" "राम" भन्छ वरावर ।।१६।।
आफना मन गडन्ताका लड्डु लिएर हातमा
चोपेर घिउमा खान लागे पार्वति वीचमा ।।१७।।
परस्त्री अरुले हर्दा राजाले दण्ड गर्दछ
हर्छ राजा स्वयं आफै भने के गर्नु पर्दछ ।।१८।।
पुलस्त्य ऋषिका वाबु ब्रह्मानै हुन् चतुर्मुख
शुद्ध तेरो ठूलो वंश तेरो त दश छन् मुख ।।१९।।
पुलस्त्य ऋषिको नाति विश्रवाको तँ पुत्र होस्
कुवेर दाजु हुन् तेरा राक्षश कसरी तँ होस् ? ।।२०।।
आत्मा बुद्धि र देहात्म बुद्धिले पनि हेरन
जताबाट तिमो हेर्छौं राक्षस हैन रावण ।।२१।।
भइ ब्राह्मणको छोरो "राक्षस राज्य" घोषणा
गर्न लाज हुनु पर्ने छाडि हाल्न तँ योपना ।।२२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राम्रो नराम्रो जे गर्न अवश्य पनि मृत्यु छ
यत्रो नर जुनी पाई बिगारी बाच्नु वेश छ ? ।।२३।।
भैगो जे जे भयो भैगो छाडी दे अघिका कुरा
अब सत्पथमा लागेस् काटी कुकर्मका जरा ।।२४।।
ठूलो विद्वन्तता तेरो व्यर्थमा नबिता दिन
शुद्ध स्फटिक संकाश ईशको गर चिन्तन ।।२५।।
सृष्टि, स्थिति प्रलयका मुख्य ईश्वर हुन् चिज
ती नै ईश्वर "श्रीराम" प्रत्यक्ष रूपमा भज ।।२६।।
करुणा गर्दछन् राम राम द्वेषादि वर्जित
सीता लगेर टक्र्याउ भन "छु शरणा गत ।।२७।।
विचार गर संसार–गति विवेक पूर्वक
राक्षसी बुद्धि छाडेर दैवी बुद्धि लिइ टिक ।।२८ ।।
संसारको जन्म मृत्यु – बाट मुक्ति गराउने
प्राणीको हित अत्यन्त गर्ने बानी गराउने ।।२९।।
तिमी इन्द्रिय होइनौ न ता इन्द्रिय ह्वौ तिमी
तिमी ता शुद्ध आत्मा छौ सच्चिदानन्द छौ तिमी ।।३०।।
अज्ञान मात्र हो खालि स्वप्न समान तुल्य छ
इन्द्रिय गम्य जे जे छ सारा सार असत्य छ ।।३१।।
बिल्कुल सत्य हो तिम्रो आत्मा छैन विकारवान्
विकार कारणै छैन हुनाले अद्वितीयवान् ।।३२।।
जस्तो आकाश सर्वज्ञ भएता पनि उसमा
अर्काका गुणले लिप्त हुंदैन ऊ छ आफुमा ।।३३।।
त्यस्तै तिमी देहमा नै रहँदा रहँदै पनि
सूक्ष्म हुंदा सुखादीका विकार हुन्न क्यै पनि ।।३४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राण इन्द्रिय देहै नै आत्माकै साथ छन् जव–
भन्ने बुद्धि लिनू बन्ध,– नको कारण हो सब ।।३५।।
म 'चित्' मात्र अजन्मा छु अविनाशी स्वरुप छु
यस्तो बुद्धि लिनू जीव मुक्त छ अज्ञ भन्दछु ।।३६।।
पृथिवीको विकारै हो देह आत्मा त होइन
प्राण त वायुको रूप आत्मा क्यै गरि होइन ।।३७।।
मनलाई पनी बुझ्नू अहङ्कार विकार हो
बुद्धि प्रकृतिकै नै हो विकारवाट जन्म हो ।।३८।।
अतः मन र यो बुद्धि आत्मा यी दुई होइनन्
योगीहरू सवै घोडी ईश चिन्तन गर्दछन् ।।३९।।
सबै सङ्घात बाहेक बिकार हीन शून्य छ
ईश्वर सवका स्वामी सच्चिनान्द रूप छ ।।४०।।
अक्षर, सर्वदा नित्य उपाधि शून्य निर्मल
अवश्य मुक्ति पाउँछ यस्तो ज्ञान भए नर ।।४१।।
यसैले बुद्धिमान राजा भन्दछु शुभ साधन
जो आत्यन्तिक मोक्षैको सावधान भई सुन ।।४२।।
भगवान् विष्णुको भक्ति बुद्धिलाई सुधार्दछ
अनि निर्मल अत्यन्त आत्मा ज्ञान उदाउँछ ।।४३।।
गाढ ज्ञान भई छोड्छ परम पद पाउछ
अनि मान्छिसको जूनी सफल भइ हाल्दछ ।।४४।।
आदि नारायणै यी हुन् पुरुष सर्व व्यापक
आफ्नै हृदयमा बस्छन् चिन्नलाई तिमी सिक ।।४५।।
तिमीले आफ्से आफैं मनमा गहिरो गरी
रहेको शत्रुको भाव छोडिदेउ जनम्भरी ।।४६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राम भक्ति विना मुक्ति छन सम्भावना कुनै
जन्म मृत्यु दुवैबाट पार लगाउने उनै ।।४७।।
अतः राजन् तिमीले नै प्रकृति देखि पारको
लक्ष्मी पति पुराना यी भगवान् राम चन्द्रको ।।४८।।
भजन रामको नाम मुक्त हुन्छौ अवश्य नै
माफ दिने सबै दोष राम ता करुणाकर ।।४९।।
स्वाद अमृतको जस्तो छान हो वायु पुत्रको
सुन्दा सहि नसक्नू भो जागेर दश कराठको ।।५०।।
राता राता भए आँखा राती गेडी सरी विस–
हात हत्यारले युक्त कापेका हात छन् विस ।।५१।।
रीसले मुर्मुरीएर सर्वाङ्ग भई थर्थर
"वा वा वा नर वा भन्दा भन्यो नि वल्ल वानर ।।५२।।
अष्ट दिक्पाल इन्द्रै त नमस्कार गरी शिर–
झुकाईकन क्यै विन्ती गर्दछन् बुझन वानर ।।५३।।
भने तँ जङ्गलो मूर्ख चुत्थो अधम वानर
वक् वकाउँछस् मेरो नमानीकन क्यै डर ।।५४।।
मानिस राम त्यो तेरो ईश्वर भनी ठान्दछस् ?
राम मानिस हो एक मेरो आहार बुझ्दछस् ।।५५।।
सुग्रीव जङ्गली को त्यो रामकै साथ मार्दछु
पैले तँलाई नै मार्छू अनि सीता म मार्दछु ।।५६।।
सुग्रीवका सबै सेना–मेना वानर मार्दछु
लक्ष्मणलाई छाड् दिन तत्काले सब मार्दछु ।।५७।।
मलाई के भनि ठान्छस् ? त्रिलोक विजय हुँ म
रामले गर्न के सक्छ ? के लछार्दछ हेर्छु म ।।५८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रीसाएका हनुमानले डढाउछन् कि क्या गरी
तँ एकको कुरा छोड्न कोटी रावण क्यै गरी– ।।५६।।

एक साथ भई आउन् हुन्नन् मेरो वरावर
रामको दास हुँ मेरो शक्ति जान्ने कुनै छ र ।।६०।।

मेरो सामर्थ्य क्यै छैन म ता सेवक रामको
मेरो शक्ति वढी जे छ प्रसाद राम चन्द्रको ।।६१।।

(१०) सन्दर्भः– लङ्का दाह हुंदाको हाल हनुमान् फर्कन्छन्

ए खड्गे ! ए खुडे ! हान्न टुक्रा टुक्रा वनाउन
भाइ असुर लौ हेरून् सभासद सवै जन ।।१।।

शिरोपर गरी आज्ञा खुंडे हान्न तयार भो
विभीषण उठी भन्छन् "पाउं अप्सर हे प्रभो" ।।२।।

ठूला वडा प्रतापीले दूत दुष्टै भए पनि
"नमार्नु भन्दछन्" रीत्ति थामियोस् जे भए पनि ।।३।।

मृत्यु समान कै अर्को चिनो लाएर छोडियोस्
उस्को मालिकलाई जे भन्नु पर्ने कुरा भनोस् ।।४।।

राम आउन् हुने होओस् सीताको वात टुङ्गियोस्
राम रावण दुवैको मन साय पनि पुगोस् ।।५।।

"राम आउन् लडौं भन्ने राजाको भित्रि आशय
पूरा हुने छ यो जाओस् नत्र हुने छ के तय" ।।६।।

सुनेर भाइको विन्ती तर्क पूर्ण विचार यो
"ठीक हो पुच्छरे" मान मान्ने वानर जात यो ।।७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भिजाई तेलमा वस्त्र वेर वैसरि पुच्छर
आगो वाली घुमाएर "यै हो वानर दुच्छर" ॥८॥
झ्याली पिटी पिटी चोर, ठग, धूर्त छ यो हो यहि
भनी शहरका कूना-काप्चा घुमाउनु डिही ॥९॥
लाज मानी न आओस् यो लङ्का वासी सवै चिनुन्
सञ्चार साधन द्वारा सवै मुलुकले बुझुन् ॥१०॥
कपडा थानका थान शनको पाटको दरो
डोरीले बेसरी बाँधे लङ्का नाश हुने जरो ॥११॥
वीणा लामो झिनो दराड छत्राकार वन्यो ठूलो
हिमको टाकुरा जस्तो पुच्छाग्र भाग भो थलो ॥१२॥
बलिया बलिया लाठे,-ले वेरे पाशबन्धन
वाले पुच्छरको टुप्पो हिंडाए वायुनन्दन ॥१३॥
के गरे के गरेनन् के वाटामा लिन हुर्मत
पिटे सहे हनुमानले माने राक्षसले ॥१४॥
नसकेर सहे जस्तो देखाए हनुमानले
हिंडाएर जता लाग्छन् त्यतै श्री हनुमान् चले ॥१५॥
केहिन केहिता काम गर्न इच्छा लिईकन
पश्चिम पट्टिको ढोका पुगे पछि त उम्कन ॥१६॥
झट्कार्दा ति सबै डोरी छ्यान्न व्यान्न धुजा भए
उफ्रेर छतको खम्बा थुतेर हातमा लिई ॥१७॥
त्यसैको भारले सारा लाठे सोत्तर भै मरे
एउटा घर सल्काई अर्को घर उनी सरे ॥१८॥
यता उति यसै गर्दै घेरेर शहरै भरी
आगो लगाउँदा लङ्का आगाको चक्रमा परी ॥१९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जता वल्ने कुरा हुन्छ आगो जान्छ उतै तिर
हेर्दा हेर्दै सबै लङ्का वल्न लाग्यो हुरुरुर ॥२०॥
जाज्वल्यमान आगाको अपूर्व घटना भयो
त्यो विभीषण प्रासाद एउटै मात्र त्यै वच्यो ॥२१॥
आबाल, बृद्ध, वनिता हा पिता ! पति ! ए प्रिया !
आमा, लौननि ए छोरा "वचाऊ गर है दया" ॥२२॥
जता जान्छन् उतै आगो हुनता ती थिए दरा
झ्याल र वार्दली, कौसी बाट ती वैरी ए वरा ॥२३॥
लङ्का सबै गरी खाग वलेको लिई पुच्छर
रामको जय होस् भन्दै गए ती चोप्न सागर ॥२४॥
उता सीता हरे राम ! हे राम भक्त वत्सल
वचाऊ हनुमान्लाई प्रार्थना छ दया गर ॥२५॥
न पाउदा कतै वच्न भाग्दा सुरूङ्गमा पुगे
सुरूङ्गमा पनी राप हुंदा भाग्दा परै पुगे ॥२६॥
सयौं सुरूङ्गका प्वाल,-वाट राक्षसको लुडो
ठेलम् ठेल गरी दौड्दा किचिएर भए मुडो ॥२७॥
दौड न दौड न भन्दै नगर लौननी ढिलो
चेप्टिएर मरे उत्ति क्यै गरी नहुने भलो ॥२८॥
निस्किए पछि हेर्छन् त लङ्का ज्वाला मुखी ठुलो
हावामा अग्निको रांको लप्का देखिन्छ त्यो गिलो ॥२९॥

सीताजीसंग विदा भए र हनुमान् फर्कन्छन्

आराम ली हनुमान् सीताका सामुमा पुगे
हात जोरेर हे मातः नमस्कार गरी नुगे ॥३०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जाने थिएं विदा पाए रामका पाउमा परी
यथार्थ सब वृत्तान्त जाने जति सबै गरी ॥३१॥
हरेको रावणैले हो पत्ता त अघि नै थियो
तर कहां लुकाएको न हुंदा पो ढिलो भयो ॥३२॥
सेना वानरका साथ राम, सुग्रीव, लक्ष्मण
लङ्का पुरी सबै घेरी अनि मर्ने छ रावण ॥३३॥
ठूलो काम रह्यो नाम लगायौ वहुतै गुन
यसको बिश्वमै छैन पैंचो तिर्न म सक्तिन ॥३४॥
मातः आज्ञा न होस् यस्तो मेरो क्यै पनि हैन यो
हैन मैले गरेको क्यै, रामकै हो प्रताप यो ॥३५॥
राम विना कतै छैन शक्ति वर्कन, फर्कन
शुकेको एउटा त्यान्द्रो जलाउन म सक्तिन ॥३६॥
यत्रो सागर फड्केर आउन सक्छ वानर ?
नत्र लङ्का कहां पुग्थ्यो रामनै सब कारण ॥३७॥
अन्त्यमा रामको नाम लिदा यो भव सागर
अहिल्यै पुग्छ फड्केर राम नाम लिई पर ॥३८॥
"पाऊँ आशिष" माताको वाटामा नपरोस् पिर
जाऊ लौ विघ्न वाधाको हुने छैन कतै डर ॥३९॥
दण्डवत् दिनहूँ मेरो रामका पाउमा भन
मैले दुर्वाच्य वोलेको लक्ष्मण विर्सनू भन ॥४०॥
टापुमा गइ उफ्रेर सातो राक्षसको लिने
गर्जना हनुमान्जीको वारी वानरले सुने ॥४१॥
तिनीहरू पनी कुर्ले खुसीले भइ गद् गद
आवाजैले जानियो ल पूरा काम गरे खुद ॥४२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्दा भन्दै पुगी हाले अङ्कमाल गरे कति
शरीर सव हेरेर भएन छ कुनै खति ।।४३।।

भनेर पाखुरा, हात, म्वाइ खाएर पुच्छर
नाच्न थाले कुनै,-कोहि गानामा छन् धुरन्धर ।।४४।।

आफू आफूसमा हाते-मालो गरी भई खुसी
औंल्याई कन ती भन्छन् "कस्तो रावण छुसी" ।।४५।।

वोकेर हनुमान्लाई जय वानरको गऱ्यौं
राजा सुग्रीवको नाम थामेर तिमीले जित्यौ ।।४६।।

संसारमा भयो ख्याति "हनुमान्" राम भक्त हुन्
जाम्ववान् हुन् दिने अर्ती दुइटै ख्याति प्राप्त हुन् ।।४७।।

जाम्ववान् भन्दछन् वावु,-हो ! हुन् नेता त अङ्गद
लङ्कामा अव जानौला अजेय हुन्छ अङ्गद ।।४८।।

अव वेर भयो जाऔं पुगौं झट्ट प्रवर्षण
प्रतिक्षा गरि वस्स्या छ राम, सुग्रीव, लक्ष्मण ।।४९।।

"रामको जय होस्" भन्दै फर्कीए सव वानर
पार्वति ! राम जो जप्छ तर्दछ भव सागर ।।५०।।

(११) सन्दर्भः– लङ्कामा वानरको चर्चा वानरहरू
मधु वन पस्छन्

लङ्का वासी सवै नारी लङ्का दाह भए पछि
भन्थे वानर आयो लौ तर्साउनू परे पछि ।।१।।

गाली गर्न परे भन्थे नर नारी सवै जन
खालास् वानरको मुक्का (रिसाएर अर्को जवाफ दिन्छ)
तैं नै पर्लास् कुनै दिन ।।२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसो गर्छस् भने पर्लास् वानर घरमा पसोस्
देख्न पाऊ भत्ता भुङ्ग तेरो नाश सधैं गरोस् ।।३।।

पल्ला घरको त्यो पाजी ठूलो हूँ भनी ठान्दछ
परे वानरको फेला लौ सारा सेखी भाग्दछ ।।४।।

केटा केटीहरू खेल्दा एक वानर वन्दछ
त्यस्ले मुद्गल हानेर मारे जस्तै त पार्दछ ।।५।।

लौन वानर आयो लौ भनेर दौडछन् जव
खेलको वानरै होस्न लखेट्छ फुर्तिले सव ।।६।।

वन्दछ एउटा सीता अर्को वन्द छ वानर
सीताको सामुमा वस्छ जोडेर दुइटा कर ।।७।।

सक्कली हनुमान्जीको खेल्दा नक्कल गर्दछन्
वनाइ खेलको लङ्का, लङ्कालाई जलाउंछन् ।।८।।

नानिले 'वा' भनी डाक्दा वावु झस्कन्छ वानर–
संझेर मुटु धड्किन्छ डरले हुन्छ थर्थर ।।९।।

कसैले वारको नाम शनिवार भन्यो भने
वानर सम्झी झस्कन्छन् "दरवार" पनि भने ।।१०।।

घरको "वार" भन्दा नै तर्सिने कति छन् भने
"वारी" को "वार" भन्दामा तर्सिने उत्तिकै हुने ।।११।।

नर भक्षक छन् सारा लङ्का वासी सवै जन
अवता "नर" भन्दा नै "वानर" सम्झिने जन ।।१२।।

भयो राक्षसको निति जस्तो हुन्छ भयङ्कर
राक्षस नरको निति डर लाग्दो नि वानर ।।१३।।

निदाई सपना मानै यदि वानर देखियो–
भने तर्सेर व्युँझिन्छ कोहोलो हाल्छ के भयो ? ।।१४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गोठालाहरू तर्सेर "यदि वानर आउला
भनेर" संसंगै हिड्छन् "हेर वानर आउला ।।१५।।
बूढा बूढीहरू भन्छन् "सीता हो रण चण्डिका"
हाम्रो दिन वित्यो वाच्लान् कसरी वाल वालिका ।।१६।।
के गरून् विचरा, लङ्का जल्दाको देखदा खति
सातो पुत्लो गएकाले अनि के लाग्छ पार्वति ।।१७।।
भोग विलासमा मात्र लाग्नेको हुन्छ दुर्गति
रामको नाम जो जप्छन् तिनैको हुन्छ उन्नति ।।१८।।
भौतिक ज्ञानमा देह मात्रको सुख बढ्दछ
रामको नाममा शान्ति हुँदा आनन्द पाउँछ ।।१९।।
पाई अङ्गदको आज्ञा राजा सुग्रीवको मधु-
वगैंचामा पसी खाए ताजा फल, पिए मधु ।।२०।।
रक्षकहरूले रोक्दा पिटपाट गरी पिए
राजा सुग्रीवका मामा दधिवक्त्र स्वयं गए ।।२१।।
भएको सव वृत्तान्त सुनी सुग्रीवले भने
"सीताजीलाइ भेटेछन्" भनेको सवले सुने ।।२२।।
"अङ्गदादिहरूलाई झट्ट जानु भनी दिनु
नमान्नू डर क्यै छैन जाने सफलको चिनु" ।।२३।।
राम सीता नभेटेको भने पस्न त तागत
मधु र फलको खान गर्न सक्दछ हिम्मत ।।२४।।

(१२) सन्दर्भः- सीताको वारे लङ्का वासीको चर्चा
वानरहरू श्रीरामको पाउमा परी
सीताको चिनो चूडामणि चढाउँछन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राम सुग्रीवमा वार्ता चलेकै छ यता भने
राक्षस राक्षसी मानै लङ्का वारे कुरा गुने ॥१॥
नाचेर गीत गाएर सीतालाई मनाउन
आउने जति भन्छन् ती तस्वीर देखि मन्मन ॥२॥
सीताको स्वाउदो राम सीता राम सुहाउदी
कस्तो रूप र सौन्दर्य कस्तो रहेछ नि गुदी ॥३॥
एक कान दुई कान मैदान न हुनू किन ?
लङ्काका नर नारीमा हेर्न उत्सुक भो मन ॥४॥
लङ्कामा राम सीताको चर्चा वढ्न गयो निकै
के भनी मान्दछे सीता नमानी भन्दछन् धकै ॥५॥
राम रावणको रूप पूर्व पश्चिम पर्दछ
रात र दिनको भेद जस्तै फरक पर्दछ ॥६॥
अर्काको सुन्दरी पत्नी देख्दैमा हर्नु पर्दछ !
वल्ल फेला परे राजा सतीत्त्व हर्न सक्दछ ॥७॥
निछट्टी अरू झैं ठाने सीतालाई छली हरे
सीताको जिन्दगी विग्र्यो आखीर के हुने भरे ॥८॥
नता खान्छे नता सुत्छे "हा राम ! प्रिय दर्शन"
भनेर वाच्दछे सीता कस्तो रावणको मन ॥९॥
आज्ञा सुग्रीवको सुन्दा वानर दौडदै खुव
राम, सुग्रीवका सामु पुगेर वानर ती सव ॥१०॥
परिक्रमा गरी पाउ क्रम वद्ध यथोचित
हनुमान अघी सर्दै विन्ती गर्छन् खतोखत ॥११॥
सीताको सव वृत्तान्त अशोक वन हालत
रावण संगको वात विन्ती ती गर्दछन् उत ॥१२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सीताजीको चिन् चूडा–मणि श्री राम चन्द्रले
बाहुलीमा लिई हेर्दा भरिए नेत्र आशुले ।।१३।।
रामका पाउमा बिन्ती गरे श्री हनुमानले
अङ्कमाल गरी छाती टास्नु भो राम चन्द्रले ।।१४।।
पार्वति ! भन लौ कस्ता हनुमान् भाग्यवान् ठुला
भक्त श्री रामका कस्ता रोकिन्छ भक्तको गला ।।१५।।
योगीहरू संधै जस्को ध्यान, मनन, कीर्तन
गर्छन्, छाती टाँसिबक्स्यो धन्य पवन नन्दन ।।१६।।
श्री राम र हनुमान्को कुरा गरेर साध्य छ ?
धन्य श्रीरामको लीला रामको नाम धन्य छ ।।१।।

इति सुन्दर काण्ड

श्री रामार्पणस्तु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अथ युद्ध काण्ड

(१) सन्दर्भः– लङ्कामा शस्त्रास्त्र, सैना, शरतका
चाड, फौज समुद्र तीरमा

"हनुमान्‌लाई आज्ञा भो लङ्काको गर वर्णन"
रामको पाउमा गर्छन् विन्ती पवन नन्दन ।।१।।
मणि, मणिकमा खम्बा घर, वार सुवर्णका
जडी जडाउ पन्ना छन् कोठाभित्र अनेकका ।।२।।
वगैंचा उत्तिकै राम्रा तलाउ अति सुन्दर
चौडा सडक राम्रा छन् लङ्का ज्यादै मनोहर ।।३।।
लङ्काको शक्तिको चार खण्डमा एक भाग त
नाशी भस्याक् भुसुक् पारें मरेन तँ पनी धित ।।४।।
रावण एउटा मुख्य कुम्भकर्ण छ एउटा
इन्द्रजित् एउटा हो हो अरूता छन् ठिटा विटा ।।५।।
प्रहस्त आदि मन्त्री ती जति छन् एक मुक्किका
करोडौं अरू जति छन् सबै हुन् पिट् पाटका ।। ।।
दिनका दिन वन्छन् नि हतियार सयौं गुण
विभिन्न थरिका वन्छन् यन्त्र द्वारा अनेकन ।।७।।
चारौटा मुख्य ढोकामा विस्फोटक पदार्थ छन्
एउटै पड्कदामा नै फौजका फौज मर्दछन् ।।८।।
शक्तिशाली कुनै यस्ता विस्फोटक भने जति
एउटै पड्कदा पृथ्वी थल्थले वन्दछिन् अति ।।९।।
ढुङ्गे पहाड पग्लन्छ पड्कदा सम्म वन्दछ
धूलो एक मुठी छर्दा वायु नै विष वन्दछ ।।१०।।
उड्ने विमान धेरै छन् हात्ती, घोडा, खच्चर,
गधा, ऊँट भने जस्तै शालामा छन् भराभर ।।११।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जता हेऱ्यो रतै सारा यन्त्र निर्मित साधन
युद्धमा चाहिने त्यस्तै सामाग्री छन् अनेकन ।।१२।।
चक्राकार ठुस्नो अग्लो चाक्लो र बलियो पनि
पर्खाल भित्र लङ्का छ पर्खालै फौजको पनि ।।१३।।
पर्खाल भित्र त्यस्तै छन् बाहिरै छन् बराबरी
पर्खाल माथि धेरै छन् फौज छन् कतिका थरी ।।१४।।
सङ्कट परि आएमा भाग्ने बाटा अनेक छन्
सुरङ्ग पनि धेरै छन् दुःख पर्दा विशेष छन् ।।१५।।
नत्र जल्दा सबै लङ्का बचन सक्थ्यो कुनै जन ?
विस्फोटक र क्षेप्यास्त्र रहन्थे बांकि ती किन ? ।।१६।।
विस्फोटक सबै पड्के त्रिकूट पर्वतै सबै
जलामय भई हाल्छ विज्ञान र कला दुबै ।।१७।।
अड्कलो ठीक पारेर पड्काए पृथिवी सबै
परिणत भइ पानी समुद्र बन्दछिन् सबै ।।१८।।
भित्र त्यस्ता सबै ठाम नियन्त्रण गरी अनि
युद्ध गर्नु छ लङ्कामा हनूमन् ! भन अँ अनि ।।१९।।
हात्ती, घोडा, चढी सैन्य लङ्काको बिच भागमा
रथा रोही फौज धेरै पनी छन् ठाउँ ठाउँमा ।।२०।।
असङ्ख्य वायु सेना छ पैदले फौज उत्तिकै
रक्षाको निति लङ्कामा जल सेना छ उत्ति कै ।।२१।।
पश्चिम पट्टि ढोकामा गजारोही हजारन
उत्तर पैदले सैन्य अश्वारोही अनेकन ।।२२।।
पूर्व दक्षिण ढोकामा अर्बुद सैन्य वीर छन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शस्त्रास्त्रले सबै युक्त युद्ध गर्न शिपालु छन् ॥२३॥
प्रभो ! हजूरको वाण एकको नै वरावर
छैनन्, झिमिक्क गर्दा नै भस्म हुन्छन् सबैतिर ॥२४॥
विश्वेश्वर प्रभो ! आफै भई मानव झैं गरी
सोधपुछ गरी वक्स्यो माया भित्र डुवे सरो ॥२५॥
हनूमान् हात जोरेर विन्ती सेवकले गरें
जानेजति सबै ईश मता शरणमा परें ॥२५॥
विद्वान् र भक्त स्वामी कै गर्छन् पूजा र कीर्तन
योगीहरू सबै गर्छन् मनन, ध्यान, चिन्तन ॥२६॥
पर भन्दा निकै टाढा मात्र हैन कता कता
वर भनेर भित्रै नै खोज्दा चल्दैन क्यै बुता ॥२७॥
हजूर नै सबै ठाम टन्न टन्न वरावर
हूँदा पनि त देखिन्न कतै बाहिर ईश्वर ॥२८॥
म ता भज्दछु श्रीराम बाहेक छैन कै भर
जप्दछु रामको नाम राम नै परमेश्वर ॥२९॥
कालो बादल दुधो भो कालको परिबर्तन
कपास फट्किए जस्तो शेतो सब भयो तन ॥३०॥
दानको महिमा कत्रो इह लोक परत्र त्यो
पानी वर्षा उदा रित्तो हल्का हुँदा उभो गयो ॥३१॥
शेतो वादलको डील–बाट चिहाउँदा तल
लुकामार गरी चन्द्र हेर्न थाले धरातल ॥३२॥
शेतो बादलको पर्दा च्यात्तै हेरी यता उता
पृथ्वी देख्दा उसै पर्दा बन्द पारी लुके उता ॥३३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खोला, खोल्सा सबै झर्ना नदीको जल निर्मल
रातमा चन्द्रले दाग मुख धून पसे जल ।।३४।।

उत्ताउलो पना छोडी सललल्ल बगिन् नदी
लामो विशाल छातीमा आकाशलाई च्यापदी ।।३५।।

निर्मल जलमा कालो तिल र हरियो कुश
तीन रङ्ग पिई पानी पितृहरू भए खुस ।।३६।।

जङ्गली सिंहका साथ तेजिला नै थिए रवि
कन्याका साथमा वस्दा केहि शान्त भयो छवि ।।३७।।

पाखा, पर्वतमा फूल बगमा गुन केशरी
चमेली चोकमा वेलो हुन सम्म गरी फुली ।।३८।।

उषाको मेख मारेर पोखरीले "तँ जा पर"
रातो कमल देखाए हरीयो पातको तर ।।३९।।

रातो कमल देखेर उषा निदाउरी हुँदै
भागी हाली "भोलि देखिलस् रात बाँकि हुँदा हुँदै ।।४०।।

"पृथ्वी खालि छँदै छैनन् फल, फूल र अन्नले
पूर्ण हुँदा पर्‍यो चिन्न लाज मानेर चन्द्रले ।।४१।।

सेतो बादलको घुंटो हाली हेर्दा भराभरी
भरेली मात्र देखछु म पृथिवी त सधैं परी" ।।४२।।

"म र पृथ्वी छिमेकी व्हौं धन्य मानिस हो गुनी
मेरो दर्शन पूजा लौ गर्छ तिथि गनी गनी ।।४३।।

पूर्णिमा तिथिमा पूर्ण देखिइन भने तिनी
उपवास बसी स्नान गर्छन् दुःख टरोन् भनी ।।४४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसैमा पनि धेरैको विभिन्न थरि छन् मत
जे होस् चासो सवै लिन्छन् जान्दछु यत्ति हैं मत ।।४५।।
एउटा ऋतु वर्षामा नदेखदा दिक्क मान्दछन्
शरद आउनासाथ मेरो स्वागत गर्दछन् ।।४६।।
औंल्याएर मलाई नै "हेर वा नानि भन्दछन्"
कवि कलम लिएर मेरै वर्णन गर्दछन् ।।४७।।
खुला घाट भयो वाटो गोऱ्याटो पनि सुध्रियो
गाउँ र वेसीको बाटो घाँसीको मार्ग देखियो ।।४८।।
घोप्टे, डास पनी भाग्यो भुसुना सब नाशिए
प्युसो देखिन नै छोड्यो जुगाहरू कता गए ।।४९।।
नीलो आकाशमा तारा माला चुडेर पोखिए
जस्तो देखिनगो गेडा मणि जस्तै ती देखिए ।।५०।।
काना शुक्र पनी अन्धो छकिए झैं कता थिए
फेला पारे बल्ल बाटो विहान पख देखिए ।।५१।।
वाजा वजाइ मानिस नारी तिथि बमोजिम
तीर्थमा स्थान गर्छन् ती रातैमा हुन्छ को कम ।।५२।।
मनमा भक्ति राखेर शरतमा सुकिला नर–
नारी पूजा गरी राख्छन् देवीको पाउमा शिर ।।५३।।
"शरत् काले महा पूजा क्रियते या च वार्षिकी"
देवी मन्दिरमा पाठ गर्छन् भजन ती झुकी ।।५४।।
घर छोडि वराललेका मान्छे पनि सवै जुटे
बूढा देखी भुरा सम्म बस्त्र फेरी सवै जुटे ।।५५।।
"महाकाली, महालक्ष्मी, देवी महासरस्वती–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

को प्रसाद पहेंलो लौ जमरा शिरमा गुती ।।५६।।
आफूले मान्नु पर्नेको हातबाट खुसी अति–
भएर लाउँछन् टीका रीति छोड्दैन क्व थिति ।।५७।।
सयपत्र फुली झुल्छ फूल गोदावरी फुल्यो
राता मखमलो, शेता टनाटन भई फुल्यो ।।५८।।
काक, कुकुरको पूजा शरत्कै ऋतुका दिन
माला कुकुरले पायो कस्तो छ परिवर्तन ।।५९।।
भने गाई र लक्ष्मीको पूजामा दीप मालिका
घरका झ्याल भित्तामा बुट्टा बन्दछ फूलका ।।६०।।
दिदिको हातको सात–रङ्ग टीका छ भाइको–
ललाटमा वडो शोभा माल न लाउने छ को ? ।।६१।।
हट्यो विक्रिति वर्षाको सबै प्रकृति भव भो
धानको घाँस रोपोदा लौ घनात्मक अन्न भो ।।६२।।
जता हेर्‍यो उतै सारा फाँटमा धान छन् टन
पृथिवी "लिय है भन्छिन्" हे परिश्रमी यो धन ।।६३।।
धन्य ईश्वरको लीला शरत् शोभा बढाउने
राम विश्वेश्वरै आफैं सबै गर्ने गराउने ।।६४।।
सुग्रीव ! मित्रज्यू भन्नोस् गोही ठूला भयङ्कर
छाहाल उत्ति उर्लिन्छन् तर्नु के गरो सागर ? ।।६५।।
चिन्ताले काम बिग्रिन्छ राम ! समुद्रमा पुगौं
तर्‍यौं समुद्र कि लङ्का चारै तिर ठुगौं ठुगौं ।।६६।।
श्रीरामचन्द्रको सामु टिक्न सक्ने लडाकु को ?
ब्रह्माको सृष्टि मै छैनन् भने लड्दछ लौन को ? ।।६७।।
मुहूर्त यहि नै राम्रो "विजय" नामको भलो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

न वितोस् जाइ हालौंन वासमा ठोकुला किलो ॥६८॥
लक्षण पनि राम्रै छ फर्फरायो यो दाहिने
आँखाको परेला तल्लो भलो राम्रो गराउने ॥६९॥
सेनाका अगि दायाँ र बयाँ पट्टि अघिल्तिर
यूथ पति गरुन् रक्षा आफ्नो सेना सबै तिर ॥७०॥
मित्र ! हिंडाई बक्स्योस्न सेना जाउन् सरासर
तपाइ म हनूमान्का काँधमा चढि सत्वर ॥७१॥
वीर अङ्गदको काँध भाइ लक्ष्मण बस्दछन्
दौडा दौड गरी जाँदा ठाममा पुगि हाल्द छन् ॥७२॥
सुनी श्रीरामको आज्ञा गरे सुग्रीवले तय
आज्ञा पाइ हिड्यो फौज भन्दै "श्रीरामको जय" ॥७३॥
ढ्याम् ढ्याम् ढुम् ढुम् बजे बाजाका तालमा हिंडे
हिंड्दा फिजारिदा फाँट ढाकी मैदान ती बडे ॥७४॥
जता हेर्‍यो उतै सारा फौजका फौज सागर
जस्तो देखिन गो फौज अनगिन्ती सबै तिर ॥७५॥
वनका फल खाएर तलाउ, नदीका जल
पीएर ती अघि बढ्छन् भन्दछन् "न अडी चल" ॥७६॥
कोही पुच्छरले रूख उखेल्छन् हातले कुनै
"जय होस् रामको भन्छन्" रावण मार्दछौं कुनै ॥७७॥
न त ती भन्दछन् रात न त ती भन्दछन् दिन
उकालो कुन हो सम्म ओरालो ठान्दछन् कुन ॥७८॥
एवं प्रकारले सह्य, महल पर्वत दुवै
सोझै जाँदा परोस् जे होस् थलो जति हिंडे सबै ॥७९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समुद्रको पुगे तीर आकाश झैं छ सागर
"यहि नै छाउनी बन्छ" न जाओ अब कै पर" ॥८०॥
सुनी सुग्रीवको आज्ञा शिरोपर गरी नुहे
जहाँ जो जो थिए त्यैं नै अनुशासनमा रहे ॥८१॥
छाउनीमा गर्नु पर्ने काम वानरले तुरे
हिड्नु पर्ने सके बाटो समुद्र सूर्यले तरे ॥८२॥

(२) सन्दर्भः– रावणको सभा

सचिव, भाइ, भार्दार राजा रावणको सभा
देवराज सभा भन्दा ज्यादै भव्य थियो प्रभा ॥१॥
सदस्यहरू साराका सार छन् अनुशासित
मर्यादा क्रममा छन् ती भेष भूषा यथोचित ॥२॥
वातावण शान्तै छ यो सभामा अपूर्व छ
हार कल्यै नजानेको सभा "हार विशेष" छ ॥३॥
सभासदहरूमा क्यै नजानिदो कतै कतै
मुखमा देखिने रेखा खेदका छन् कता कतै ॥४॥
सम्बोधन गरी राजा रावण ए सदस्य हो !
देख्यौ, भोग्यौ सबै चाला एक वानरले अहो ! ॥५॥
हाम्रो दुर्गम लङ्कामा पाजी त्यो कसरी पस्यो ?
कसैले चाल पाएनन् समुद्र कसरी तर्‍यो ? ॥६॥
सीताजीलाइ भेटेको अत्तो पत्तो भएन क्यै
गुप्तचरहरूले के गरेनन् काम क्यै न क्यै ॥७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लङ्का रक्षकले केहि कुरा थाहा नपाउनू
अशोकको हुँदा नाश अनि खबर पाउनू ॥८॥
फौजका फौजको नाश कान्छा राज कुमारको
मृत्यु भयो बुझेकं छौं छिपेको छैन क्यै कुरो ॥९॥
लङ्काको यो दशा पाऱ्यो सबेको नेत्रमा धुलो
छर्की आरामका साथ ऊ फर्क्यो नगरी ढिलो ॥१०॥
बलिया, बुद्धिमान्, विद्वान् छिटार चतुरा दरा
जन्मेका छौ तिमो जस्ता धन्य छन् यी बसुन्धरा ॥११॥
शस्त्रास्त्रमा शिपालू छौ नीतिमा छौ धुरन्धर
हाम्रो कल्याण जे गर्दा हुन्छ, चलफल त्यै गर ॥१२॥
हारी कुवेरले छोडयो लङ्का राक्षसको थलो
पुष्पक भोगिएको छ कत्रो हाम्रो भलो भयो ॥१३॥
ठूला पराक्रमी बीर जेठा पुत्र हजूरका
मेघनाद सवारी भयो सबै राक्षसका निका ॥१४॥
लङ्का यो राजधानीमा जिउदै इन्द्र फ्याकियो
भयो संसारमा ख्याति नाम नै इन्द्रजित रह्यो ॥१५॥
यम राज पनी हाऱ्यो काल दण्ड उसै गयो
लङ्कामा डरको शङ्का हजूरलाई के भयो ? ॥१६॥
हाँक हजूरले गर्दा चुत्थो वरुण कातर
सबै ऐश्वर्य छाडेर गयो लुक्न कता तिर ॥१७॥
अरु बाँकि थिए जो जो बलिया सब राक्षस
हाँककै भरमा आए पस्त्रिएर भए वश ॥१८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मय भन्दा ठूलो अर्को थियो दानवमा कुन ?
कन्या मन्दो दरी सुरूपी तिनी अधीन छन् झन ।।१९।।
समस्त लोकलाई नै युद्धमा जिति बक्सियो
रामबाट छ के शङ्का ? निर्दो मानिस राम त्यो ।।२०।।
के गरेर कताबाट उम्की आएछ वानर
आगी हेर्दा भयो नाश अब के छ हुने डर ।।२१।।
जङ्गली, विचरो जावो वानर माथि पौरख
देखाउदा हुने क्याहो ? हुन्छ लाभ छ के यश ।।२२।।
भन्दा भन्दै हनूमान्ले ठगियौं सब राक्षस
असावधान हाम्रै हो क्यै न क्यै त बुझ्यो नस ।।२३।।
यस्तै ठान्थ्यौ भने हामी उम्कनू ता परै रहोस्
जिउ ज्यान दुवै छाड्नु पर्दथ्यो बुझि बक्सियोस् ।।२४।।
यै साता भित्रमा लङ्का अघि भन्दा बढी पिढी
हरिता, बलिया, राम्रा बन्ने छन् घरमा सिढी ।।२५।।
कैयौं घर र पर्खाल थिएनन् मन माफिक
यसै भत्काउनै पर्थ्यो जल्दा आफै भयो ठिक ।।२६।।
अघि बार्षिकको काम बन्छ एक मुहूर्तमा
वैज्ञानिक ठिटा यस्ता निस्किए सब काममा ।।२७।।
अघि मय थिए एक धेरै छन् अहिले मय
मय भन्दा शिपालू छन् हुन्छ हाम्रो सदा जय ।।२८।।
कूचो लिई बढारेर फाल्नू पर्ने निकै थियो
हावा आइ उढाएर बढार्दा सजिलो भयो ।।२९।।
सुवर्ण जति पोलिन्छ ठोकिदा हुन्छ सुन्दर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुवर्ण मय लङ्का यो जल्दा बढ्दछ आदर ।।३०।।
उखेलीकन रोपेको जसरी धान फल्दछ
त्यस्तै लङ्का अघी भन्दा अवश्य अघि बढ्दछ ।।३१।।
वास्तु कला विशेषज्ञ,–हरूले अड्कली सके
चाहिने जति सामान ठीक ठाक गरीसके ।।३२।।
बनाउन नयाँ लङ्का मुहूर्त शुक्रले दिने
"राजाको बाहुलो,–बाट शिलान्यास हुने भने" ।।३३।।
आज्ञा भए महाराज ! पृथ्वीका नर बानर
वीज सम्म नराखेर मर्दछौं शक्ति छैन र ? ।।३४।
हामीमा अथवा एक,–लाई जिम्मा दिए हुने
बानर नर मासेर वन्य जन्तु बढाउने ।।३५।।
आंधी चले जसो ज्यादा ढाक्यो वैठक वायुले
छ्यान्न व्यान्न भए पर्दा गर्दा स्वाँ स्वाँ कुम्भकर्णले ।।३६।।
मेचमा हात्त ठेल्दा त लामा लामा जुंघा चले
कान ठाडो गरी बल्ल,–तल्ल उठेर वीरले ।।३७।।
हात जोडी महाराज ! सुनि बक्स्योस् निवेदन
धाक छोडेर लौ यस्तो,–उसो म भन्न सक्तिन ।।३८।।
लङ्का अवश्य बन्ने छ अधि भन्दा मनोहर
भोग विलासका जम्मै साधन युक्तका घर ।।३९।।
अपवित्र धूला मैला जल्दा पाप उसै डढ्यो
हनूमान् वीरले गर्दा लङ्काको नाम फैलियो ।।४०।।
नाम भन्दा ठूलो अर्को छ के संसारमा कुन ?
भने नाम रही हाल्यो जल्दा लङ्का नयाँ सुन ।।४१।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

न बनाए पनी लङ्का यसैं ठूलो नयाँ भयो
अब राम्रो ठूलो बन्दा के को ठूलो हुने छ यो ॥४२॥

हामीले जति हो देश जित्यौं उँहि गई लडी
शत्रुको कति भोनाश सम्झिबक्स्योस्न निगमी ॥४३॥

जस्को जमीनमा युद्ध,- हुन्छ त्यस्कै बढी खती
गएक युद्ध गर्नेको हारेमा हुःछ अली कति ॥४४॥

लगेको जति सामान गएका जति मानस
बढ्ता नोक्सान के हुन्छ ? जिते सर्वस्वली जश ॥४५॥

जस्को जमीनमा युद्ध परि हाल्यो भने यदि
जिती हाले पनी राजन ! नाश हुन्छ निकै गुदी ॥४६॥

अनिकाल त्यही पर्छ हाहाकार जता ततै
आबाल, वृद्ध, वनिता पर्छन् सङ्कटमा कतै ॥४७॥

हारेता के भनौं राजन् ! सबै वैभव षोडशी
चोटा,कोठा घुमी लिन्छन् मान्दैनन् वर्क चतुर्दशी ॥४८॥

रीति रिवाज नै जान्छ शिक्षा उल्टेर आउँछ
कोल्टो फेर्दछ दीक्षाले राष्ट्र विभूति उड्दछ ॥४९॥

नवीकरण ती हूँदा इतिहास पनी वरा
त्यो थलो हैन है यो त सजिलै भन्छ के कुरा ॥५०॥

यस्तो बानरको फौज साथमा छैन क्यै कुरा
मुख र हात छन् खाली उखेल्दछ सबैजरा ॥५१॥

लङ्का कै अन्न खाएर लङ्काकै वृक्ष पर्वत
हतियार लिइ लड्छन् हाम्रै साथ बराबर ॥५२॥

उखेली मणिका खम्बा हामीलाई ठटाउँछन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बगैंचाका ठूला रूख उखेली माथ फेर्बछन् ।।५३।।
रामलाई हुने के छ ? हारे वानर मर्दछन्
जिते सीता सबै लङ्का वैभव हात पार्दछन् ।।५४।।
जित्ता हाम्रो हुने लाभ सीता मानिस एउटी
लङ्कामा नभए सीता लङ्कामा हुन्छ के घटी ।।५५।।
साम, दान, ठूलो दण्ड भेद हुन् राज्यका धुर
कालानुसार जो ठीक गर्छ पर्दैन त्य तल ।।५६।।
जे गरी जसरी हुन्छ बुझाई रामको मन
राम सीता लीई फर्कर्योस् पर्दैन पछि झन्झट ।।५७।।
मौका पारेर त्यसलाई अयोध्यामै गई कन
जितेर ल्याउँदा सीता दश दोबर नै धन ।।५८।।
लङ्काको धन, संम्पत्ति कला विज्ञानको जस
हुँदैन कुलको नाश बच्दछन् सब राक्षस ।।५९।।
सीता हरेर ल्याएको आफ्नै नाश गराउन
राक्षस कुलको नाश लङ्कार्कै नाश होइन ? ।।६०।।
राम, लक्ष्मणमा एक, – ले देखेको भए कुन
बच्न सक्यो महाराज ! नभेटेको भयो गुन ।।६१।।
अब बांकी रह्यो एक सीताजी मात्रको खल
सबै भन्दा गर्यो ठूलो सबभन्दा भयङ्कर ।।६२।।
माछाको बल्छि जस्तै यी सीता प्रभु भइन् विष
सीताजीलाई हर्ने यी हजूर्को बाहु नै विस ।।६३।।
न हुने काम थ्यो त्यो नै नजानी हरि वक्सियो
जस्ले के के हुने बया हो न हुवे जे हुने भवो ।।६४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"सबै भन्दा ठुला राजा–राजा भन्दा पनी ठुलो
राज मुकुट राजाज्ञा देश झैं छैन क्यै ठुलो" ।।६५।।
भन्छन् विन्ती छ के गर्नू ? राजाज्ञा छ शिरोपर
जसो गर्नू हुकुम हुन्छ गर्नलाई छु तत्पर ।।६६।।
दाज्यै रावण हे राजन् नलिई वक्सियोस् फिर
ठीक ठाक सबै पार्छू मान्नु पर्दैन क्यै डर ।।६७।।

(३) सन्दर्भः– रावणको सभाबाट विभीषण निस्कन्छन्

धनुर्धारी, महावीर, नीतिमा छ धुरन्धर
मल्ल युद्ध पनी गर्छ निष्ठामा नित्य तत्पर ।।१।।
लङ्काको धन हो एक भक्त देश नरेशको
कस्तै सङ्कट आओस्न माया गर्दैन प्राणको ।।२।।
मनले हार खादैन माया गर्न शिपालु छ
बाबुको नीतिमा प्राण दिनमा अघि सर्दछ ।।३।।
उठेर हात जोडेर अनुशासनमा रही
'हे प्रभो !' इन्द्रजित भन्छ राजाको पाउमा तुही ।।४।।
"आज्ञा पाऊ महाराज ! अहिल्यै गइ झट्पट
छिः छिः सुग्रीव को हो त्यो मारी हाल्छु झटाझट ।।५।।
लाजल्यै आउने छैन डढेको लिइ पुच्छर
आए बाँकि म राखिदन हनूमान् छुसि दुच्छर ।।६।।
ऋक्ष वानरको फौज मारी कत्तल पार्दछु
भालु सैंना भए जत्ति मारी सोत्तर पार्दछु ।।७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अङ्गदलाइ घोक्रयाई मुरान्याएर झटार्दछु
अंठचाई हातले घाँटी घुंडा धसेर मार्दछु ॥८॥
त्यो मेरा साथ के लड्छ ? केटो लक्ष्मण मानिस
एउटै वाणको भावी मार्छु मान्दिन क्यै फिस ॥९॥
एउटा राम हो जे हो त्यसै संग म लड्दछु
धनुर्धारी वाण हान्ने शिपालू राम चिन्दछु ॥१०॥
ठोक्को, वाण हउन् जति सारका सार काट्दछु
धनु जति झिकोस् के छ ? हान्नै दिन्न म काट्दछु ॥११॥
दाह्रा, नङ्ग्रा विहीनैको सिंह तुल्य भए पछि
लड्छ के गरि हे राजन् फेला पर्दछ त्यो पछि ॥१२॥
इति श्री अहिल्यै पार्छु रामलाइ म राखिदन
शत्रु बाँकि रहून्जेल यो प्राण राख्न जान्दिन ॥१३॥
वेला त्यसै वित्यो राजन् ! राम आखीर मानिस
मारेर हुन्छु हाजीर म ता छु पाउको वश ॥१४॥
मदिरा पिइ मै मस्त न गन्ने अरूलाई क्यै
सबै राक्षस देखेर तै पनि भन्छु क्यै न क्यै ॥१५॥
हुन ता यी सबै खास मेरो सुन्दैन क्वै कुरा
मेरो कर्तब्य हो भन्नु नमान्नू उनकै कुरा ॥१६॥
राजा, मन्त्री, सबै उस्तै देखिइन शुभ लक्ष्मण
पूरा गर्दछु कर्तव्य छन् कामातुर रावण ॥१७॥
रामका भक्त सुग्रीव धनुर्धारी त लक्ष्मण
सम्झेर रामको पाउ मनमा राम चिन्तन ॥१८॥
उठी विनयका साथ हात जोडी झुकीकन
भन्छन् "अप्सर पाउँ म" रामभक्त विभीषण ॥१९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रामका सामुमा अड्न सक्तैनन कुम्भकर्ण यी
इन्द्रजित पनि सक्तैनन् निकुम्भ अतिकाय या ।।२०।।
महोदर, महापार्श्व, कुम्भ आदि कुनै पनि
अडेर लड्न सक्तैनन् अरुको के कुरा अनि ।।२१।।
शङ्कर इन्द्र आफै नै सबै देव जुटे पनि
मृत्युले काखमा राखी वचाउछु भने पनि ।।२२।।
सक्तै सक्तैन लौ कोहि रक्षा गर्न हजूरको
श्रीराम चन्द्रको वाण रोक्ने भुवनमा छ को ?।।२३।।
भागी वक्स्योस्न पालाले विश्व नै घुमी बक्सियोस्
बाँची बक्सिन्न दाज्यै ज्यू विन्ती यो सुनि बक्सियोस् ।।२४।।
यसैले हे महाराज ! सीताजी सुम्पि बक्सियोस्
रामका पाउमा हीरा, मणि, मणिय राखियोस् ।।२५।।
हित गर्ने भलो बोली सुन्दैन दुष्ट रावण
खादैन काल आएको बिर्सी औषधको गुण ।।२६।।
कालले कुत्कुत्याएको जागेर भन्छ रावण
"तेरो भलो म चाहन्छु तँ विरोधी विभीषण ! ।।२७।।
मेरै अन्न गिची बाचिस् मेरै साथ बसीकन
दाह्रा किटी किटी भन्छ निर्बुद्धे ! बिर्सिइस् गुण ।।२८।।
अरु कुनै कर्मले यो बोल्थ्यो ता बाच्दथ्यो किन ?
कृतघ्न रहिछस् नीच तेरो धिक्कार जीवन ।।२९।।
प्रायः यस्तै म देख्दै छु दाजुको देखन उन्नति
चाहन्नन् नाश चाहन्छन् देखन आफूसमा कति ।।३०।।
भाइको रुपमा मेरो शत्रु जन्मन आइछस्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मेरा साथ नबस्नूनै ठीक ठान्दछु बुझ्दछस् ? ।।३१।।
कुलाङ्गार बुझिस् तैंले कुलको नाश गर्दछस्
रीति,थिति सबै छाडी अर्काको दास बन्दछस् ।।३२।।
सुनेर दाजुको बोली उफ्री हाले विभीषण
आकाशमा गई भन्छन् पिता समान रावण ।।३३।।
हित ठानी तपाई कै गरें दाज्यै निवेदन
उल्टो सम्झनु भो जान्छु रामको गर्न दर्शन ।।३४।।
कालको रुपमा राम कालो जनक नन्दिनी
पृथ्वीको भार हेर्नें छन् ब्रम्हाको प्रार्थना सुनी ।।३५।।
काल भन्छन् यिनैलाई प्रधान पनि भन्छन्
पुरुषोतम अव्यक्त यिनकै नाम भन्दछन् ।।३६।।
रामबाटै रावणको अन्त्यं हुन्छ अवश्य नै
छोरा,नाति र हत्यार कुल नाश्ने पर्छ यिनै ।।३७।।
जान्दा जान्दै म लङ्कामा बसेर हुन्छ के भयो ?
आराम साथ बस्नूहोस् भलो गर्नुहोस् कुलको भयो ।।३८।।
दाज्यै हजूरको निति कुलङ्गार भएँछु म
खुशीसाथ हस्रोस् राज अहिल्यै गइ हाल्छु म ।।३९।।
चार मन्त्री लिईसाथ छोडेर घरवार ती
रामको पाउमा पर्न उडे इन्द्रिय नै जिती ।।४०।।

(४)सन्दर्भः– विभीषण श्री रामको शरण पर्छन्, रावणको
दूतको कुराको सुग्रीव जवाफ दिन्छन्

रामको छाउनी माथि अडि काकाशबाट नै
"प्रभो शरण मा ऊ म मेरो आश्रय पाउनै ।।१।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रानी हजूरको हर्ने पापी रावणको प्रभो !
म बिभीषण हूँ कान्छो भाइ शरण छू प्रभो ! ॥२॥
सीताजीलाई सुण्पेर रामको पाउमा पर
भन्दा निकालो एँ राम ! आएको छु लिईं भर
सबै संसारमा राम– भन्दा ठूलो छ को वर
खोज्दै जाँदा सबै भन्दा राम भन्दा छ को पर ? ॥४॥
उसैको हित चाहेर भन्दा जागेर रावण
हालले खड्ग ताकेर हान्न लाग्दा छ के भर ॥५॥
चार सचिवका साथ उडी हाले म झट पट
गर्दछु पाउको सेवा छाडेर सब झराझट ॥६॥
संसारको जालबाट मुक्ति पाउनमा म त
सेवा गर्न म आएको म ता छु शरणागत ॥७॥
सुग्रीबले सुनी बोली रामलाई निवेदन
"सुनी बक्स्योस्न हेराम ! रास्रो चाला म देख्दिन ॥८॥
यो जाली, कपटी, झेली, माया गर्न धुरन्धर
कुरा गर्न शिपाखू छन् हुन्छन् ज्यादा भयङ्कर ॥९॥
विश्वास गर्न नै हुन्न छिद्र पाएकि भीषण
तेस्मा रावणको भाई कान्छो हो यो विभीषण ॥१०॥
मलाई बक्सियोस् आज्ञा मार्न लाउँदछु म ता
हुँदैन छोड्न यसैता यस्तो लाग्छ मलाई त ॥११॥
भलो हुन्छ कसो गर्दा ? गर्नू कर्तव्य हो कुन ?
"निश्चय गर यै काम" भन्ने आज्ञा म पाउन ॥१२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शीघ्राति शीघ्र त्यो काम पक्का म गरि हाल्छु त
राम प्रसादले गर्दा पूरा हुन्छ खतो खत ।।१३।।

शरण पर्न आएमा मित्र ! सुग्रीव सुन्नुहोस्
शत्रु होस् अथवा मित्र तटस्थ जो सुकै नहोस् ।।१४।।

लिनू शरण कर्तव्य नलिनू अपराध हो
जाल, झेल कुनै गर्छ भने त्यो अपराध हो ।।१५।।

आ–आफ्नो फल आफैंले भोग्नै पर्छ ननाशिने
एक पटक मात्रै नै "तेरो म भन्छ क्यै भने" ।।१६।।

शरण लिन्छु तेस्को म दिन्छु अभयदान म
मेरो ब्रत यही नै हो डाक्नुहोस् भेट दिन्छु म ।।१७।।

बोलावट हुँदा आएं राम भक्त विभीषण
रामको पाउमा पर्दै हात जोडी बसीकन ।।१८।।

मेरो जन्म भयो धन्य प्रभुको पाउमा शिर
राखी दर्शन पाएर मनको मासियो पिर ।।१९।।

सधैं गर्छन ठूला योगी मनन, ध्यान, चिन्तन
गरी रमाउँछन् "राम" जपेर काट्दछन् दिन ।।२०।।

तपस्या गर्दछन् पूजा प्रभो ! दर्शन पाउन
राम नाम जपी पाठ गर्दछन् गान, कीर्तन ।।२१।।

प्रभुको पाउमा मेरो मन लागोस् सधैं भरी
राम नाम जपी पाठ मेरो नछुटोस् भक्ति क्यै गरी ।।२२।।

ल्याए समुद्रको पानी आज्ञाले राम चन्द्रको
राम्रो मुहुर्तमा लङ्का– को त राज्यभिषेकको ।।२३।।

सलिल शिरमा थापे भए राजा विभीषण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुग्रीवका फौज साथ खुशी हुँदा त लक्ष्मण ॥२४॥
श्री राम चन्द्रका हामी एकै सेवक हौं तर
प्रधानता तपाईं नै ठूला भक्त हुँदा भर ॥२५॥

सुग्रीव भन्दछन् राजन् ! युक्ति दिनोस् विभीषण
युद्धमा गर्नु जे पर्छ के गर्दा मर्छ रावण ॥२६॥
"विश्वेश्वर प्रभो राम जगतका प्रति पालक
साक्षात् ईश्वरको मैले के बन्नु छ सहायक ॥२७॥
तर सेवा सके सम्म गर्न राख्दिन बाँकि म
कुनै तुस नराखेर भक्ति भाव त गर्छु म ॥२८॥

रावणको दूत शुक भन्छ

आकाशमा अडी भन्छ दूत रावणको शुक
"हेराजन् ! वीर सुग्रीव नमानीकन क्यै धक ॥२९॥
विश्व प्रख्यात छन् राजा वीर लङ्केश रावण
सबै संसारको जेता जस्को छ विश्व आगन ॥३०॥
उनै रावण राजाको सन्देश बिन्ती गर्दछु
"भाइ समान सुग्रीव ! लाई वीर म ठान्दछु ॥३१॥
जन्म तिम्रो ठूलो वंश राजा वानर जातिको
स्वार्थ नाश कुनै तिम्रो गरीन एक थोकको ॥३२॥
मानिस रामकी स्वास्नी हर्दा सुग्रीवलाइ के?
किन चासो लिनू भाइ ! माथ दुःखी उनू छ के ? ॥३३॥
सबै फौज लिई भाइ किष्किन्धा फर्क जाउ वा
छैन लाभ ! तिमीलाई यस्तो नगर काम वा ॥३४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्को कुरा तिमी जान देव राक्षसले पनि
लङ्का जिती नसक्नु छ छिपेको छैन यो पनि ।।३५।।

मान्छे दुर्वल त्यो राम वानर जाति जे जति
घुंडा कसी गरुन युद्ध लङ्काको हुन्छ के खती" ।।३६।।

सुन्ना साथ उठे वीर घुस्सा खाएर त्यो शुक
"बचाई बक्सिओस् राम म बाट के भयो चुक ? ।।३७।।

राजेन्द्र ! दूत मार्दैनन् हटियुन नाथ वानर"
"नमार रामले" भन्दा हटे ती सब वानर ।।३८ ।।

फेरि आकाश? उफ्री शुक भन्दछ" सुग्रीव !
उत्तर बक्सियोस् राजन् । गइ के भनु ? लौ अब ।।३९।।

"बुझेस् वाली मरे जस्तै दुष्ट रावण मर्दछस्
परस्त्री हर्छं त्यो दुष्ट मर्दछन् वचन सक्तछस् ।।४०।।

इष्ट मित्र सबै तेरा छोरा नाति र बान्धव
जति शस्त्रास्त्र मार्ने छु कसरी बाख्दछस् अब ।।४१।।

भनी दे लौ लछारोस्न हर्ने सीता तँलाइ त
कहाँ गइ क्यू भन्लास् मार्नु नै छ यथोचित" ।।४२।।

राम,लक्ष्मण, सुग्रीव अङ्गदहरूको बल
शार्दुलबाट पहिल्यै सुनेर दश कन्धर ।।४३।।

लामो स्वा सास फेरेर ठूलो पीर परे पनि
नवसी घर के गर्नु ? कत्रै चिन्ता परे पनि ।।४४।।

लङ्का तर्फ छ यो पीर राम तर्फछ झराझट
समुद्र कसरी तर्ने दुवै तर्फछ सङ्कट ।।४५।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(५) :– समुद्रमा पुलको शिलान्यास, भोमेश्वर स्थापना, सुवेल पर्वतबाट लङ्काको दृश्य

शूरा, वीर कलाकार छानेर सब बुद्धिमान्
मर्यादा क्रममा बस्छन बूढा पनि त जाम्ववान् ।।१।।

सम्बोधन गरी वीर राजा सुग्रीव भन्दछन्
"आ–आफ्नो राय भन्नु होस् सामाग्री सब ठीक छन् ।।२।।

लङ्कामा के गरी पुग्ने ? समुद्र छ भयावह
तर्ने उपाय के गर्ने ? सोचनू नगरी आग्रह ।।३।।

एक भन्छः– उफ्रेर जान के हुन्छ ?
अर्को भन्छ सक्तैनन् सब उफ्रन
अर्को भन्छः– सक्ने उफ्रिन्छ बोकेर बारम्बार प्ररीकन ।।४।।

अर्कोः– पौडेर जानू हो वेस
अर्कोः– जान्दैनन् सब पौडन
अर्कोः– नसक्ने कति होलान् र
अर्कोः जान्ने लान्छन् अनेकन ।।५।।

अर्कोः– यस्ता त एउटै छैनन् न जान्ने कत्ति पौडेन
अर्कोः– नसक्ने परि धेरै छन् पौडेर पार उत्रन ।।६।।

अर्कोः– नसक्ने जति साराले पौडेर पार गर्छ जो
समात्नू त्यसको वाहु नमानीकन क्यै झिजो ।।७।

अर्कोः– त्यसको पुच्छर अर्कोले त्यसको पुच्छर एकले
त्यसको पनि अर्कोले हजारौं हाल्छ एकले ।।८।।

अर्कोः– डुवेर पार गर्ने छन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्को:– फड्कने पनि उत्ति छन्
अर्को:– अर्कालाई पानी बोकी पार गर्ने पनि त छन् ॥९॥
अर्को:– उत्रे पछि सबै हामी छाप छुप गनी सब
लङ्काँ रहन के द्यौंला मानौंला भद्र उत्सव ॥१०॥
अर्को:– छौं वैज्ञानिक हामी नै आज्ञा पाऔं बनाउन
विमानैमा चढी जाऔं रवाफ पनि राखुन ॥११॥
अर्को:– यस्को झराझट को गर्छ ? एउटा वीर भन्दछ
हालौं पर्वत ल्याएर फड्कने ठाम बन्दछ ॥१२॥
फटा फट गरी हामो पुगि हाल्छौं सरासर
फ्यांका फ्यांक गरी सारा मार्छौं राक्षस सोत्तर ॥१३॥
अनेक थरिका युक्ति सुने पछि श्री राघव
अग्न्यास्त्रले जस्ले सोस्छु स्थल मार्ग हुने सब ॥१४॥
जमीनबाट नै जान्छन् वाण हेर्नु हुओस्मित
धनुमा वाण राख्दा त हात जोडी यथोचित ॥१५॥
समुद्रका अधिष्ठता देव आए स्वयं शिर
रामका पाउमा राखे मोती, मणिक सुन्दर ॥१६॥
विभिन्न ती उपहार साथमा लिइ सागर
स्तुति, पूजा गरे पाठ जोडेर दुइटा कर ॥१७॥
पूल बनाई बक्सैतो नाम सगर राजको
रहन्थें म पनि बाच्थें साथमा जल जन्तुको ॥१८॥
मित्र ! सुग्रीव सुन्नु भो ठीक सागरले भने
तर यो वाण के गर्ने सुनी सागरले भने ॥१९॥
उत्तर पट्टि श्रीराम ! द्रुम कुल्य प्रदेश छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यहाँका दुष्टले गर्दा मलाई अति दुःख छ ।।२०।।
त्यहीं यो वाणको काम लगाइ बक्सिने हुने
भन्नु भो रामले "हुन्छ" आज्ञा श्री रामको सुने ।।२१।।
आभीरलाई वेमाख पारेर वाण फर्कियो
ठोक्रा भित्र पस्यो वाण सबै संसार थर्कियो ।।२२।।
बाटाका, घरका विज्ञ पूल बिज्ञ सबै जुटे
परामर्श हूंदा ठूलो राजा सुग्रीवले किटे ।।२३।।
पूलबाट गए हुन्छ बनाउन पऱ्यो पुल
पुल बनाउने छान्दा जान्नेमा ठानिए नल ।।२४।।
ढुङ्गामा रामले लेख्नू भयो "श्री राम अक्षर"
शिलान्यास गरी बक्स्यो पुल बनाउछन् नल ।।२५।।

श्री रामेश्वर स्थापना र फुल बनाउँछन्

रामेश्वर ठूलो धाम राम्रो शुभ मुहूर्तमा
स्थापना रामले गर्नू भयो सागर तीरमा ।।२६।।
गङ्गाजल चढाएर जो रामेश्वर दर्शन
गर्छ मानिस त्यो मुक्त हुन्छ काटेर बन्धन ।।२७।।
विशाल फौजले ढुङ्गा काठ चाहिने जति
तांतिका तांतिले हात–हातैं पुऱ्याउदा कति ।।२७।।
वोकेर फौज ल्याउँछन् थुंका थुंकी पहाडका
फोर्नेले पार्दछन् टुक्रा पार्दछन् एक नासका ।।२८।।
पानीको रास फ्यांकेर जग हाल्न शिपालु छन्
ढुङ्गा रसाउने शीप देखदा आश्चर्य मान्दछन् ।।२९।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ढुङ्गा काठको जोड मिलाउन धुरन्धर
कहाँ कत्रो छ के राख्नू छिटो चलाउँछन् कर ॥३०॥

नर वानरको फौज जान र आउनै हुने
हात्ती, घोडा, सबैयान याता यात गरे हुने ॥३१॥

चौध र, विस, एक्काइस्, बन्यो बाइस योजन,
योजन तेइसै पाँच–दिनमा सेतु बन्धन ॥३२॥

बन्यो लामो र चौडाई बलियो भव्य सुन्दर
श्री राम चन्द्रको लीला विश्व प्रख्यातको पुल ॥३३॥

बन्न मात्र त बाँकीथ्यो पुगी हाले सरासर
सुवेल पर्वतै घेरे किन राख्थे त वानर ॥३४॥

लङ्का हेर्न हुँदा इच्छा भन्नु भो राम चन्द्रले
काँधमा राखी उक्लीए चुचुरा हनूमानले ॥३५॥

बीर अङ्गदको काँधमा चढी वीर लक्ष्मण
पुगे पर्वतको टापु लङ्काको हेर्न लक्षण ॥३६॥

चित्र, विचित्रका राम्रा ध्वजा फर्फर गर्दछन्
सुनका घर पर्खाल जुहार झक् झकाउँछन् ॥३७॥

फौजले घेरिएको छ तोप छन् शस्त्र, अस्त्र र
सुरुङहरू धेरै छन् बगैंचाछन् मनोहर ॥३८॥

(६):– दूत शुकको भलो कुरा सुन्दा रावण रिसाएर
शुकलाई निकाल्द छ

बाधेर छाडिएको त्यो दूत रावणको शुक
लाइ देखेर लङ्केश सोध्छ उत्सुक पूर्वक ॥१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हाँसेर भन्छ के शत्रुहरूले पिटिइस् कि तँ
के के भो भन लौ झट्ट चूप लागि नबस्न तँ ॥२॥
शिरमा हात राखेर "जय रावणको" भन्यो
नीच कांतर म जस्तो चुत्थो गएर के भयो ? ॥३॥
विन्तीगर्न पनी राजन् ! लाज लाग्छ म के गरूँ ?
मनै मरेर आउँछ धिक्कार म उसै मरूँ ॥४॥
मेरो इज्जत के हो र लङ्काको नै गयो यश
मेरो जन्म भयो व्यर्थ गयो रावणको जस ॥५॥
रामको दूत आएर लङ्काको के गऱ्यो गति
म जस्तो दूत भै जाँदा सकिन गर्न क्यै खति ॥५॥
उल्टो भण्डै मरे थें म "राम चन्द्र बचाउन"
भन्दा बन्धनमा राखे सकिन उम्कि आउन ॥७॥
मेरो ताकतले हैन दयाले छोडिदा शुक
पाउमा पर्न आएँ म लिएर मनमा धक ॥८॥
लाचार छु महाराज ! माफ मागदछु के गरूँ
धिक्कार छ म जन्मेको सकिन गर्न के भनूं ? ॥९॥
"कस्को सहायले सीता हरिथिस्, सबका सब
तेरा बन्धु सबै मित्र इष्ट म मार्दछु अब ॥१०॥
"यहि हो रामको वाक्य, सुग्रीव उम्कलास् म कहाँ ?
भने वाली मरे जस्तै मर्दछस् तँ पनि यहाँ ॥११॥
सुनिबक्योस् महाराज ! राम, सुग्रीव, लक्ष्मण
विभीषण भए पुग्छ लङ्का नाइछन् यी तत्क्षण ॥१२॥
सुग्रीवका मुख्य मन्त्री नील, रम्भ, भयङ्कर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जाम्ववान्, हनूमान्, मैन्द, द्विविद, वीर छन् नल ।।१३।।
शरभ पनि शूरो छ वालीको पुत्र अङ्गद
पनश उत्तिकै योद्धा समान यिनका पद ।।१४।।

रामको ता कुरै छोडौं यी मध्ये एउटा कुनै
नाश गर्न परे लङ्का कम्ति छैनन् यिनै कुनै ।।१५।।

अरवौं वीर छन् सेना थुम्का जस्ता पहाडका
वलिया सिंह जस्तै छन् सेना वाना राजका ।।१६।।

यत्तिका बलवान् छन् यी यत्ति हो यिनको बल
भनेर भन्न सक्तैन कस्तै जान्ने पनी बल ।।१७।।

राम मानिस होइनन् साक्षात् नारायणै न हुन्
जगत्की जननी सीता योग माया तिनै कि हुन् ।।१८।।

यी दुवैबाट नै सारा निस्के. स्थावर, जङ्गम
संसारको भयो सृष्टि राम हुन् पुरूषोत्तम ।।१९।।

सीता माता पिता राम ब्रह्माण्ड भरका सब
यिनको शत्रुको हुन्छन् सोची बक्से पुग्यो अब ।।२०।।

सीता हुन् सबकी माता नजानी हरि वक्सियो
भूल, चूक सबैबाट हुन्छ जो त्यो हुने भयो ।।२१।।

राजन् संसार कस्तो छ क्षण भङगुर शील छ
चौविस तत्वको रूप पाञ्च भौतिक देह छ ।।२२।।

ज्ञान इन्द्रिय पाचौटा छन् पाँच कर्म इन्द्रिय
दशै इन्द्रियको राजा एघारौ मन इन्द्रिय ।।२३।।

आकाश, वायु, तेजै त जल पृथ्वी गरी सबै
शब्द, स्पर्श, सबै रूप स्वाद र गन्ध हुन् गुबै ।।२४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कान, छाला र आँखा छन् रसनेन्द्रिय नाक यी
आफ्ना विषयमा चङ्खा ज्ञानेन्द्रिय त पाँच यी ।।२५।।

हात मुख र यी पाउ गुद र मूत्र द्वार यी
कर्मेन्द्रिय यिनै पाँचले गर्छन् सब काम यी ।।२६।।

प्रकृति र अहङ्कार बुद्धि समेत चौविस–
तत्त्व समूहको रूप यै हो संसारको विष ।।२७।।

पाञ्च भौतिक यो देह अहङ्कार छ आश्रय
यस्मा गर्नु छ के आस्था हेराजन् गर्नुहोस् तय ।।२८।।

राजन् हजूर ता नित्य इत्यादिहरू बाट त
अलग्ग होइवक्सिन्छ सच्चिदानन्द रूप त ।।२९।।

यस्तो शरीरको निति राजन् हजूरले कति
ब्रह्म हत्या गरी बक्स्यो अरू पातक हुन् कति ।।३०।।

अनेक थरिका यस्ता भोग गर्ने शरीर यो
यहिं लड्दछ पाजी यो जादैन साथ देह यो ।।३१।।

जीवका साथमा जाने धर्म र पाप मात्र हुन्
देह सम्बन्धका द्वारा भोगिने सुख दुःख हुन् ।।३२।।

अज्ञानबाट अभ्यास जहाँ सम्म छ जीवमा
देह मै हूं म कर्ता हूँ अभिमान छ देहमा ।।३३।।

त्यहाँ सम्म उही दुःख सुख हुन्छ निकै पर
घुम्ने यो चक्र जस्तै छ जन्म मृत्यु बराबर ।।३४।।

त्यसैले हे महाराज ! देहमा अभिमान यो
"राजा रावण हूँ कर्ता, भोक्ता हूं छोडियोस् भयो ।।३५।।

आत्मा त सुनि ..क्स्योस्न त्यो छ अत्यन्त निर्मल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शुद्ध स्वरूप सद्रूप अविकारी छ निश्चल ।।३६।।
आफ्नो अज्ञानले गर्दा बाँधिई पर्छ मोहमा
मोहले गर्छ के गर्छ अनि जक्किन्छ कुराडमा ।।३७।।
आत्मालाई वडो शुद्ध भावले चिनि वक्सियोस्
अनि सधैं भरी त्यस्तै सम्झना गरि वक्सियोस् ।।३८।।
स्त्री, छोरा, राज्य के हुन् र गरेर हठ होइन
बुझेर छोडि वक्स्योस्न न छाड्नू राज्य नै किन ? ।।३९।।
आर्जन सव गर्दैछन् थन्क्याउँछन् अनेकन
किन हो ख्याति पाएनन् ? विश्वमा कति छन् जन ।।४०।।
भएको त्याग गर्दा नै हुन्छ मानिस त्यो वडो
अकिञ्चन त के छोडोस् ? छँदै छैन कुनै मुडो ।।४१।।
भोग त गर्न पाइन्छ परे नरकमा पनि
के भोग गर्न पाइन्न ? पशु कै जन्ममा पनि ।।४२।।
पूर्ण विवेकको खानी नरको पाइ जीवन
त्यसमा पनि वडा ठूला विश्रवा पुत्र ब्राह्मण ।।४३।।
भएर पनि अज्ञानी कुकर्म गरि वक्सियो
व्यर्थ समय फालेर भोग नै गरि वक्सियो ।।४४।।
को विद्वान् काम यो गर्ला आत्मा "शरीर" हो भनी
डुवुल्की भोगमा खेल्दा उद्देश्य जन्मको गुनी ।।४५।।
आजै देखि महाराज ! भोगलाई किचीमिची-
पारी ढुटो वनाएर आफू चाहिं सधैं वची ।।४६।।
श्रीराम परमात्मा हुन् भक्ति भाव सधैं गरी
सीताजी रामको पाउ-मा सुम्पी पाउमा परी ।।४७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उनै श्रीरामको सेवा गरी जीवन यापन
पापबाट छुटी विष्णु,– लोकमा पस्न पाउन ।।४८।।
अन्यथा हे महाराज ! माथि उक्लन के कुरा
जीवन भासिँदै जान्छ मक्किएर सवै जरा ।।४९।।
प्रभुकै हितको निंति विन्ती म अझ गर्दछु
स्वीकार गर्नको निंति कोटी विन्ती चढाउछु ।।५०।।
सत्सङ्ग गरि वक्सियोस् सेवा श्रीरामको गरी
चिन्तन गरि वक्सियोस् "राम" नाम सधैं भरी ।।५१।।
अज्ञानलाइ नाशेर सुवुद्धितिर लाउने
संसार भूवरी काटी परम् पद दिलाउने ।।५२।।
सुनेर शुकको बोली रीसले दश टाउके
विस आँखा भए राता जलाउन छ वेर के ? ।।५३।।
"जे देखिस् त्यो भनिस् ठीक रामको तर्फको कुरो
तेरो राय बुझिस् भन्न कसरी तं भइस् दरो ? ।।५४।।
मेरै अन्न चपाएर मेरा नै भइ सेवक–
बुद्धि छाटेर मेरो नै तं भइस् उपदेशक ।।५५।।
मात्र होइन तँ ठूलो गुरू जस्तो भएर पो
वोल्छस् धक नमानी क्यै चेलो भएँ छु लौ म पो ।।५६।।
निर्बुद्धे ! अझ चिन्दैनस् तीनौटै लोक शासक
शिक्षा दिन मलाई क्यै लाज लाग्दैन क्यं धक ।।५७।।
अनुशासन के यै हो ? दाह्रा किटेर रावण
"तँलाइ मार्न पर्ने हो तेरो छ अधिको गुण ।।५८।।
माफ भो भागिहाल तँ यस्तो सुन्न म सक्तिन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सामुमा नपरोस् मेरो तेरो मुख म हेर्दिन ।।५६।।
राजाले ठिक नै बोल्यो थारै छ बाँकि जीवन
शुकको मुख के देखनू ? बुझी रावणको मन ।।६०।।
"ठूलो निगाहा भो राजन् ! शुक भन्दछ थर्थर
कांपेर फर्कि हाल्यो त्यो दौडेर पुगिगो घर ।।६१।।

(७) सन्दर्भः— अगस्त्यको शरापले राक्षस भएका शुकले रामको दर्शन पाइ, रावणलाई उपदेश दिए पछि शुक अघि जस्तै भए

अघिल्लो जन्ममा वेद जान्ने ब्राह्मण ती शुक
नैष्ठिक ब्रह्म वेत्ता ती थिए अतिथि सेवक ।।१।।
वान प्रस्थी थिए आफ्नो धर्म गर्थे निरन्तर
यज्ञ गर्थे कतै पाप होला भन्ने थियो डर ।।२।।
महामती तिनीले त देवताको हुने जय
दैत्य नाश हुने ठूलो यज्ञ गर्ने गरे तय ।।३।।
लगातार गरे यज्ञ रिसाए सब राक्षस
बिगार्न छिद्र त्यो खोज्थ्यो वज्र दंष्ट्र लिई रिस ।।४।।
एकाग्र चित्तले खोज्न एको होरी गरी मन
शुक ब्राह्मणको पीछा गर्दथ्यो नित्य दुर्जन ।।५।।
वज्र दंष्ट्र शिपालु थ्यो बदल्न रूप भूषण
जस्को रूप लिनू पर्थ्यो सक्तथ्यो रूप त्यो लिन ।।६।।
इन्द्रजाली थियो माया गर्न दक्ष थियो अति
मीठो वचन त्यो बोल्थ्यो जाल गर्थ्यो कति कति ।।७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अति प्रसन्न देखिन्छ अगस्त्य ऋषिको मुख
भन्छ कष्ट सबै दुःख यसैमा छ सधैं सुख ॥८॥
जून भन्दा पनी शेता लामा दारी कपाल छन्
दाहिने हातको माला गेडा निर्देश गर्दछन् ॥९॥
जप है रामको नाम भज एकाग्र चित्तले
नत्र ता भवको मित्र घुमाउँदछ चक्रले ॥१०॥
शेतो धोती उपर्नाले जिन्दगी भरमा कुनै
दाग लाग्न न देऊ है गर्छ सङ्केत त्यो जनै ॥११॥
अगस्त्य ऋषिमा श्रद्धा भक्ति राखेर ती शुक
स्वागत गर्छन् राम्रो शास्त्रोक्त विधिपूर्वक ॥१२॥
ऋषे ! भोजनको निति आमन्त्रण गरे पछि
शुक ! स्नान गरी आंला श्री अगस्त्य गए पछि ॥१३॥
अगस्त्यको लिई रूप वज्रदंष्ट्र तुरुन्त नै
बोकाको मासुको साथ शुक भोजन द्यौ कुनै ॥१४॥
मैले मासु नखाएको धेरै दिन भयो शुक !
त्यसैले मासुको इच्छा हुँदा मानिन क्यै धक ॥१५॥
शुककी ब्राह्मणीलाई मूर्छा पारी लुकाइयो
सुशीला शुककी भार्या त्यो आफै ब्राह्मणी भयो ॥१६॥
नर नीस पकाएर सबै खाना तयार भो
अगस्त्यले खान लाग्दा "तेरो विनाश भो" ॥१७॥
नर मांस दिइस् खान नर भक्षक तँ भएस्
राक्षसी कामले गर्दा चाडै राक्षस तँ भएस्" ॥१८॥
अचम्म शुकले मानी गरे नम्र निवेदन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तपाइले भने जस्तै "टक्र्याएँ मासु भोजन" ।।१९।।
शराप दिनु भो व्यर्थ अपराध गरें कुन !
ध्यान, दृष्टि दिदा भन्छन् अगस्त्य "शुक ! लौ सुन ।।२०।।
तिम्रो खराप के गर्दा हुने छ अनि दुच्छर
सवैं काम त्यसैको हो त्यो रहेछ निशाचर ।।२१।।
विचार नगरी मैले जे भने मुनि सत्तम !
त्यो व्यर्थ हुन सक्तैन हुन सक्त छ क्यै कम ।।२२।।
तिमी राक्षस नै हुन्छौ रावणको सहायक
भएर वस्दछौ राम्रा हुनेछौ उपदेशक ।।२३।।
भई रावणको दूत साक्षात् श्रीराम चन्द्रको
जब दर्शन पाउंछौ अन्त्य हुन्छ शरापको ।।२४।।
अनि रावणलाई नै तत्व ज्ञान दिए पछि
परम पद पाउला हुने छ अनि के पछि ? ।।२५।।
भए राक्षस तत्कालै लङ्कामा गइ रावण-
लाइ सहाय धेरै नै गरे राम्रो दिई मन ।।२६।।
शुक राक्षस आखीर दूत रावणको भई
पुग्यो श्रीरामको साम्मु कुरा रावणको लिई ।।२७।।
अगस्त्यले भने जस्तै भएर उपदेशक
तत्त्वज्ञान दिदा फेरि अघि जस्तै भए शुक ।।२८।।

कसैले भने पनि रावण निहुरिन्न भन्छ
फौजलाई सन्देश गर्छ

राजा रावणकी आमा राक्षसी रूपकी धनी
कैकसी तिनको नाम विश्रवःकी त भित्रिनी ।।२९।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तिनका बुद्धिमान् बाबु नीतिमा छ धुरन्धर
बूढा ती माल्यवान् आए रावणको अघिल्तिर ॥३०॥

हुनता राक्षसै हो त्यो तै पनि शान्त चित्तले
"वचन सुन्नुहोस् मेरो जे ठान्छ गर्नु चित्तले ॥३१॥

सीता लङ्का पसे देखी प्रतिकूल छ जे पनि
शुभ लक्षण देखिइन्न चारै तिर कतै पनि ॥३२॥

कानै छेड्ने गरी मेघ चड्केर गर्छ गर्जना
तातो रगत वर्षिन्छ बिग्रन्छन् सब योजना ॥३३॥

देव मूर्ति सबै रून्छन् पसिना काट्दछन् अति
चल्दछन् ठाम छाड्दा छन् देवता जति छन् उति ॥३४॥

पहेंला दांत देखाई "कालिका" पुज्य देवता
राक्षसहरूका सामु हाँस्दछिन् के भनू म ता ॥३५॥

गाईबाट गधा जन्मे अपशकुन भो अति
कति बिन्ती गरुं राजन् ! बिच्छुक कतिका कति ॥३६॥

पहेंलो अनि कालो त्यो देख्दामा छ भयङ्कर
मुडुलो टाउकामा त्यो देखिन्छ सबका घर ॥३७॥

लङ्काको कुलको आफ्नो राक्षाका निंति जे त होस्
मणिका साथमा सीता राममा सुम्प बक्सियोस् ॥३८॥

द्वेष भाव सबै छोड्नोस् राम हुन् परमेश्वर
उनैको पाउमा पर्दा तरिन्छ भव सागर ॥३९॥

मीठो र हितको बोली सुन्दथ्यो किन रावण
कालको वशमा पर्दा फर्किन्थ्यो के गरी मन ॥४०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाबुले नै निकालेको विचरो राम मानिस
हव्वेन कव्वको खालि विना चामलको भुस ।।४१।।

सहाय नहुँदा केही लियो वानर आश्रय
सामर्थ्य राममा के छ ? तपाई गर्नु होस् तय ।।४२।।

हामीलाई नचाहिने कुरा कानी नगर्नु होस्
राम हो मुनिको प्यारो के लछार्दछ त्यै गरोस् ।।४३।।

रामले त पठाएन यसो भन्नु भनेर के ?
किन नत्र यसो भन्नु –हुन्थ्यो, काम नपाइ के ?।।४४।।

बूढो हुनु भयो जानोस् तपाईका कुरा दुहें
मातामह भएकाले बाँच्नु भो जे भयो सहें ।४५।।

यस्तो नीच कुरा गर्न कहिले देखि सिक्नु भो ?
उसै त जान्नु के हुन्थ्यो गुरु कस्लाई थाप्नु भो ।।४६।।

तपाईका कुरा मेरा कानमा झीर झै गड्यो
पोल्या सहि नसक्नु भो'' भनी रावण गै गयो ।।४७।।

भिन्ना भिन्नै भेट गर्दा सबैलाई मन हुन्न
भनी एकै उत्तर दिन्छ

कूट नीतिज्ञ, विद्वान र हितैषी इष्टमित्रको
बूढा पाका पुरानाले सेनापति अनेकले ।।४८।।

पुराना युद्ध निष्णत ठूला बुज्रकले अनि
राज नीतिज्ञ धेरैले लङ्का रक्षकले पनि ।।४९।।

बूढा तर्क त धेरैले लाभ, हानि सबै गुने
भिन्ना भिन्नै गरे भेट जो ठानेको कुरा भने ।।५०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जस्तो आकाश देखिन्छ उस्तै क्षार समुद्र छ
त्यस्तै वानरको फौज त्रिकूट भरि टन्न छ ।।५१।।

सुवेल गिरिमा घुँदा लूडो वानरको ठूलो
गङ्गामा यमुना मिल्दा जस्तो देखिन गो थलो ।।५२।।

अहिले सम्म हे राजन् ! अनुशासनमा सव
बसेका छन् कतै केही गऱ्या छैनन् उपद्रव ।।५३।।

प्रतिक्रिया हुने क्या हो ? प्रतिक्षामा रह्या हुनन्
यूथपतिहरूलाई राम सुग्रीव हेर्दछन् ।।५४।।

कुरा सुनेर तिनको राजा रावण भन्दछ
अरूमा यो कुरा ठीक ममा मिल्दैन भन्दछ ।।५५।।

कसैदेखी नहारेको निहुरिनू कसोगरी ?
बरू प्राण गए जाला नुहुन जान्न क्यै गरी ।।५६।।

जो जन्मन्छ उसैको नै मृत्यु अपरिहार्य छ
संग्राममा मर्न पाए मेरो सफल जन्म छ ।।५७।।

कसैदेखी ननुहेको राजा रावण राक्षस
राम, सुग्रीव देख्दैमा सुम्पिन्छु सव यो यश ।।५८।।

हारेर बाच्नु भन्दा त लडेर मर्नु वेश, छ
नर र देवता झुक्छन् काम मेरो त युद्ध छ ।।५९।।

प्रत्येक ती सबैलाई एउटै दिइ उत्तर
संग्राम गर्नको निंति भयो रावण तत्पर ।।६०।।

जे हुनु छ उसै मा नैं बुद्धि जान्छ उतैतिर
यो पनि रामकै इच्छा वाहेक अरू के छ र ? ।।६१।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजा रावण
फौजलाइ सम्बोधन गर्छ

सवै सैन्यहरू डाकी भाइ, भार्दार मञ्चमा
भन्दछ वीर हो वीर! राजा रावण बीचमा ।।६२।।

जल र थल वायुका सेना पतिहरू कन
सम्वोधन गरी भन्छ तथा जवान हो सुन ।।६३।।

कालले हुन्छ बूढो नै हाम्रो लाग्दैन क्यै खुस
निर्वल, विचरो क्षुद्र रोगले ग्रस्त मानिस ।।६४।।

जन्मे पछि कुनै होस्न मर्नु पर्दछ पर्दछ
मर्नु पर्छ भने एसै लडेर मर्नु वेश छ ।।६५।।

डर पोक भनी मृत्यु,–ले यदि छाडने भए
पनि डराउनू हुन्थ्यो तर छाड्दैन क्यै भए ।।६६।।

छोरा, स्वास्नी, सवै मित्र वान्धवको झिजो भई
लम्पतार परी पानी सवैको हातको पिइ ।।६७।।

हराएर सवै होस मल र मूत्रमा परी
छाती उर्लो भई हिक्क छोड्छ प्राण कढै वरी ।।६८।।

त्यसरि पनि क्वै मर्छ ? कालको वशमा परी
काललाई दिश्रौं हांक युद्ध गर्न अघी सरी ।।६९।।

रण क्षेत्र ठुलो धाम वीरको निंतिमा दुवै
हातमा लड्डु नै पर्छ हर्न सक्तैन क्वै क्वै ।।७०।।

बुझ्यौ संसारमा वीर त्यै हो जवान हो सुन
रगत उम्लि आउँछ शत्रु देख्दा उसै गुन ।।७१।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लड्डु पर्दछ हालीले तन, धन, दिई मन
एक रावणको हैन लङ्का हो सबको धन ॥७२॥

पुर्खाको नाम सम्झेर लङ्काको राख गौरब
चन्द्र, सूर्य रहेसम्म लङ्का पार सधैं नव ॥७३॥

अलिले सम्म लङ्काको तीनै भुवनमा कुनै
जोडा छैन सबै शूरा देख्दा छन् शहरै सुनै ॥७४॥

शरीरका एक थोपा रक्त बाँकि रहे सम
लड्दा साथ दिनू मेरो म हुन्न कहिल्यै कम ॥७५॥

देश इज्जतको निंति वीर मर्छौं लडी लडी
हारेर बाचन जान्दैन योद्धा एक पनी घडी ॥७६॥

आँखामा अग्निको ज्वाला मुङ्ग्रो बन्दछ पाखुरा
बिजुली बन्छ शत्रुको आँखामा अरू के कुरा ? ॥७७॥

छाती कवच भै हाल्छ डरले शत्रु काँप्दछन्
गर्जना मुटु झस्केर शत्रु शरण पर्दछन् ॥७८॥

धावा गरेर शत्रुको दाह्रा कीटेर झम्टदा
छ्यान्न,ब्यान्न, लथा लिङ्ग मुक्का मात्र पनी दिदा ॥७९॥

झूस जस्तो पनी शत्रु ठान्दैन मनले जिती
ह्याकुलोले उसै खान्छ हतियार सबै थुती ॥८०॥

कन्सिरी ताति आउँछ देखेर शत्रुको स्थिति
नशामा रक्त दौडेर पुऱ्याउदछ त्यो मिति ॥८१॥

तीनै सभालाई डाकी युद्धको घोषणा मिति
लङ्का भरी भयो जारी सङ्कट कालको स्थिति ॥८२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सञ्चार साधना द्वारा तत्कालै सबले सुने
घर भित्रै सबै देखे काम, काज अनि गुने ॥८३॥

(८) सन्दर्भः– वानरको फौज पस्दा लङ्कावासीको भनाइ (सोचाई) नाटकका कुरा

एक वानरले गर्दा लङ्काको यो दशा भयो
भने वानरको यत्रो फौजले के हुने छ यो ॥१॥

गनी साध्य छँदै छैन यत्रो वानर फौजले
खांदा रहन्छ के बाँकि ? ढाक्ने छ अनिकालले ॥२॥

अहिले सम्मता केहि गऱ्या छैनन् उपद्रव
वातावरण शान्तै छ अनुशासित छन् सब ॥३॥

हामीले यन्त्रमा हेर्दा यस्तो सुन्दर मानिस
देखेकै छैन यस्ताले कसरी गर्छ के रिस ॥४॥

हृष्ट, पुष्ट छ सर्वाङ्ग मिलेको भव्य आनन
शान्तिको मूर्ति नै हो कि ? विश्वको गर्छ शासन ॥५॥

शत्रु नै राम हो हाम्रो भए पनि उनी सित
मन लाग्यो कुरा गर्न लागेको छ ठुलो घत ॥६॥

हाम्रो त मन नै पलट्यो यन्त्रमा मात्र देखदा
भने सीता कस्ती भै हो ? रामको साथ छोडदा ॥७॥

धनु कस्तो सुहाएको
अर्कोः– ती को हुन् ?
भाइ लक्ष्मण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्को:– सुग्रीव देखिए हेर ती हुन् हाम्रा विभीषण ।।८।।

अर्को:– लङ्का जलाउने त्यै हो देखियो हनूमान् पनि
वालीको पुत्र त्यै होला आएछ जाम्ववान् पनि ।।९।।

अर्को:–पुल वनाउने त्यै हो

अर्को:–नाम के नानि लौ भन ?
पिताजी नल हो त्यो त
शीप नै ठूलो धन ।।१०।।

अर्को:–युद्ध कस्तो हुने होला ! कमिला सरि वानर
हतियार भने खालि एकमात्र छ मुद्गल ।।११।।

अ.:– खाओला त्यति जान्दैनौ ढुङ्गा हानेर लड्दछन्
ठूलो रूख उखेलेर शत्रु माथि बजार्दछन् ।।१२।।

वारी र खेतमा नाची हाम्रैं खेती त घिच्दछन्
यहि कै फल खाएर हामीसँग ती लड्छन् ।।१३।।

राम, लक्ष्मण मानिस सबै अरू त वानर
हेर न हेर लौ ओइ हो कत्रो फौज छ वानर ।।१४।।

एक भन्दछ सारा यी विसौटा तोपका भर
चार विस्फोट पडकाए हुन्छन् सोत्तर बानर ।।१५।।

अ:– खालास् तं ता बुझिस् मुङग्रो,–ले पार्छन् टाउको धुलो

अ:– मूठ भेट भएता हो, काट्दछौं वाणले गलो ।।१६।।

झटारो हान्दछन् मुङग्रो भने काटेर झार्दछौं
अथवा ढालले रोकी मुङग्रो आपनै बनाउछौं ।।१७।।

एउटा भन्छ खाओला उखेली रुख पथावदछन्
ढुङ्गा वर्षाउछन् ठूला किचेर शत्रु मार्दछन् ।।१८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ठूला पर्वतका थुम्का, चुचुरा रण धूमिमा
खसाली फर्काई हाल्छन् ढुङ्गा लिन पहाडमा ॥१९॥

खित्का छोडेर हासेर अर्को चिच्याइ भन्दछ
अ:– हाम्रो हात चुमुक्याँई बांधेर कस्ले राख्दछ ॥२०॥

लङ्कामा शस्त्र कस्ता छन् अनेक अस्त्र छन कति
छेंप्यास्त्र शक्तिशाली छन् हाम्र शिपालु छन् अति॥२१

विमानबाट छेप्यास्त्र छोड्दा हुने छ के गति ?
मुङग्रोले काम के गर्ला ? तेरो रहेछ के मति ॥२२॥

हनूमान्लाई औल्याई हूं राक्षस म भन्दछु
चोखन्याएर मुन्टचाई घुंडा धसेर मार्दछु ॥२३॥

करोडौंका करोडौं यी हृष्ट, पुष्ट छ वानर
छेप्यास्त्रले सबै मर्छन् दुइटा मर्दछन् नर ॥२४॥

मासु रक्त यी नै काले बन्ने छन् कति औषध
पक्कु खान परे धेरै राम्ररी मसला पिध ॥२५॥

खोलो रगतको बग्ला
अ:– छानेर राख्न जान्दछौं
मदिरा संगसंगै तातो रगत पान गर्दछौं ॥२६॥

मासुले वाक्क हुने छन् लङ्कावासी सर्वजन
सड्न दिन हुंदै हुन्न बित्ने छ बहुतै दिन ॥२७॥

कलेजो, मुटु, फोक्साको मीठो बन्दछ व्यञ्जन
गिदीको चटनी चट्ट हुने छ मीस भोजन ॥२८॥

हाडले बन्दछन् भांडा शफा राम्रा अनेकन
विभिन्न रौं भएका त छालाका बन्छ आसन ॥२९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छालाका बलिया चाम्रा लोता डोरी बनाउ छन्
वोसोले स्निग्धको काम हुने सम्म गराउँछन् ॥३०॥
आ :— एक वानरको एक रौं हल्लाइ चुडाउन
नसक्दा तँ कहाँ थिस् हँ? घ्याम्पाभित्र लुकिस् किन?
॥३१॥
त्यहि दिन भयो तेरो नाममा परिवर्तन
पीर नमान वा सम्झ संसार परिवर्तन ॥३२॥
"तैंले भने जसो हुन्थ्यो भने के के गराउथिस्"
"भनेर एउटा भन्छ मानिसलाइ के चिनिस् ॥३३॥
औंल्याएर बुझिस् देखिस् तीनै हुन् राम लक्ष्मण
जे जे जस्थ्यो हुनू पर्थ्यो उस्तै छन् सब लक्षण ॥३४॥

राम, लक्ष्मण देखेर मद मन्त विलोचना
आखा चिम्लिन नै बिर्से विचरा ती वराङ्गना॥३५॥
तरुणी, शोडषी नारी आफू आफू समा कति
घचेटी चिमटी गर्छन् सूचना ती निकै कति ॥३६॥
सीता जस्ती भाग्यमानी चौधै भुवनमा कुनै
रामकी धर्म पत्नी ती दुइटै एक नास नै ॥३७॥
पुतली फूल देखेर के रमाउछ त्यो बढी
तीभन्दा पनि ती ज्यादै रमाए मनमा चढी ॥३८॥
पिउन्न मदिरा जत्ति पचाउद थिए अति
सौन्दर्य रामको देख्दा लठिए विचरा कति ॥३९॥
मुनिका भेषमा छन् यी राम राज कुमार रे
सुनेर भन्दछे अर्की राजाज्ञा पालना गरे ॥४०॥
आ:— राजद्रोही भए यी के ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आ:- होइन घटना पर्‍यो
राज्याभिषेकको वेला पेच विमातृको पर्‍यो ॥४१॥

छोरो भरतले राज्य,- पाउने रामले वन-
जान पर्ने भएकाले वनका वासमा सुन ॥४२॥

राम लक्ष्मण दोटानै जाँदा मृग शिकारमा
हाम्रा रावण राजाले हरेछन् जोगी भेषमा ॥४३॥

आउने खोज्न त्यै हो नि हनूमान् देखिनौं ? उ क्या ?
लङ्का जलाउने त्यै हो छाती कत्रो ठुलो फुक्या ॥४४॥

चौधं भुवनमा एक राम मात्र छ सुन्दर
त्यस्तै छ सुन्दरी सीता मिलेछ कसरी कर ? ॥४५॥

अ:- भन अरू पनी सुन्छौं तिमीले त यती भन्यौ
कुरा राम र सीताको तिमी भनन जान्दछयौ ॥४६॥

अ:- जानी जनक राजाको घरमा "शिवको धनु
भाच्न सक्तछ जो वीर राम्री सीता चिनू लिनु" ॥४७॥

मै हूँ भन्ने कुनै वीर- हरूको नहुदा बुता
रामले धनु भाँचेर पाए सीता पनि ब्रता ॥४८॥

अ:- हाम्रो मानिस आहार एउटाले भन्यो "सुनिस्" ?
जावा मानिस दोओटा के हुन् ती कलिला बुझिस् ?
॥४९॥

मानिसलाइ कत्रो यो बलियो ठान्दछस् ठुलो ?
हतियार चले देखलान् खोज्दछन् पस्न ती दुलो ॥५०॥

कति मानिसका चौटा जिउँदै लुछिएन र
रक्त मानिसको मीठो भन्दथिस् तँ पनी तर ॥५१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रशंसा गर्दछस् आज लाज छैन तलाइ के ?
राम,लक्ष्मण के हुन् तो पऱ्यो लौ सुन्न आज के? ।।५२।।

अ:– तिमी, हामी सवै एकै काका नै पनि एक हुन्
वढ्ता जान्दछु भन्दिन लङ्काका सव एक हुन् ।५३।।

जस्ले जे खान्छ आखीर त्यस्को निति सही विष
नपल्टीकन छोड्दैन बुझ्यौ तिमी पनी वस ।।५४।।

कीट पतङ्ग जे हुन्न सवै स्थावर मानिस
त्यहिं खाँदा युवा हुन्छ खाँदै जाँदा उही रस ।।५५।।

उहो वृद्ध हुँदै जान्छ देह वन्दन जर्जर
उठ्दा वस्दा हुने दुःख मृत्युको पर्छ त्यै भर ।।५६।।

एउटा यो कुरा भैगो भन्छु अर्को कुरा सुन
सवं प्राणीहरू–भन्दा, ठूलो छ नर जीवन ।।५७।।

तपको बलले गर्दा इन्द्र हुने पनी नर
अष्ट दिक्पाल जे हुन्न हुन सक्ने सवै नर ।।५८।।

ढुङ्गो थापी पुजा गर्दा पारेर मन निश्चल
गणेशलाइ त्यै डाक्छ कस्तो छ नरको बल ।।५९।।

कुनै मानिस त्यै ढुङ्गा–लाई देवी भजी कन
पुकार्दा बोल्दछिन् देवी हो कि होइन लौ भन ।।६०।।

वनी श्री शिव त्यै ढुङ्गो वरदान पनी दिने
साक्षात् देव त्यही ढुङगो,–लाइ पनि वनाउने ।।६१।।

शङ्ख, चक्र, गदा, पद्म चतुर्बाहु शिला गनी
ढुङगामा ल्याइनै छोड्ने बोल्न लगाउने गमी ।।६२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सवै भन्दा पनी आफै ठूलो बन्ने पनी नर
आखीरमा "ईश, मै हूँ" भनी अड्ने पनी नर ।।६३।।
गति रोध कतै छैन सवैंका प्रिय नारद
तपको बलले गर्दा कत्रो छ उनको पद ।।६४।।
ठूलो विज्ञानका ज्ञाता गुरु शुक्र पनी नर
अध्यात्म ज्ञानमा पूरा वशिष्ठ पनि हुन् नर ।।६५।।
देख्दा मानिस हुन् राम चिनेनौ राम लक्ष्मण
चौध हजारका साथ के भए खर, दूषण ? ।।६६।।
मारीचको सुन्यौ हाल कस्ती शूर्पणखा थिइन् ?
नाक, कान ठुटी बुच्ची जिन्दगी भरकी भइन् ?।।६७।।
अहल्या कसरी उठ्थिन् ? राम सामान्य मानिस–
भए धनु भाच्न सक्थे ? पाउँथे कसरी यश ।।६८।।

नाटकका कुरा

मनोबिनोदको निति सीतालाई भुलाउन
खोज्दा नाटकको पात्र– म थिएँ एउटी सुन ।।६९।।
सुन्दरी तरूणी छानी छानी उत्तम उत्तम
सीताका सामुमा जाँदा सवै हामी भयौं डुम ।।७०।।
जस्ती काली भए हुन्थ्यो कुरूपा उत्तिकै भयौं
सौन्दर्य उनको देख्दा आफ्से आफ टोलियौं ।।७१।।
हाम्रो मन भयो खिन्न नाच, गान कता गयो
बशीभूत भएकाले कामता गर्न नै पऱ्यो ।।७२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनतेन गऱ्यौं के के खेल के गरो सिद्धियो
मेरो पुरुषको पाठ थियो के गरि बुत्तियो ।।७३।।

जस त के गरी मिल्थ्यो ? राजाबाट त बाँचियो
जानाजानी अनुत्तीर्ण भएँ म अनि छोडियो ।।७४।।

सगिनीको कुरा सुन्दा संगिनोरामको मुख
देखेर टोलिई हाली "कस्तो सुन्दर त्यो मुख" ।।७५।।

(६) सन्दर्भः— युद्ध वर्णन, युद्ध स्थल

वरि परि सवै लङ्का चक्र झैं शूर वीरले
रक्षा गर्छन् कुनै एक पस्न सक्तैन युक्तिले ।।१।।

अष्ट दिक्‌पाल जस्तैछन् सदा सर्वत्र सर्वदा
युद्धका निंति लङ्कामा तयार सव छन् दिशा ।।२।।

राज भवनको अग्लो माथिल्लो छतमा पुग्यो
राजा रावणले हेर्दा रामको फौज देखियो ।।३।।

सवै लङ्का वरि परी त्रिकूट भरि वानर
देखि रावण राजाले "जाओ युद्ध सवै गर" ।।४।।

आदेश पाउना साथ निस्क्यो लस्कर फौज त्यो
अश्वा रोही, गजा रोही झण्डाको ताति देखियो ।।५।।

विभिन्न थरि झण्डाले दर्जाको गर्छ सूचना
महारथी, धनुर्धारी, अतिरथी, रथी जना ।।६।।

सुवर्ण रथको ताति घोडा शृंगार युक्त छन्
हिन हिन्याउछन् घोडा त्यस्तै खच्चर ऊंट छन् ।।७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

असंख्य छन् गधा, रांगा चढेका क्रुद्ध राक्षस
"जय रावणको भन्दै" लडेर लिउँला जस ।।८।।

मुङग्रो, लट्ठी लिने शूरा फौजका फौज रक्षक
तर वार खुडा धारी नर वानर भक्षक ।।९।।

काला काला ठुला अग्ला महाकाय भयङ्कर
तीखा नङग्रा ठुला दाह्रा राक्षस कसि कस्मर ।।१०।।

त्रिशूल लिइ उफ्रिन्छन् पाशो लिएर हातमा
कुर्लदै गर्जदै आए मर्न संग्राम भूमिमा ।।११।।

राज वाजा वजे घँरै ढ्याम् ढ्याम् र ढुम ढ्याम भयो
ढर्र ढ्याम् ढुम ढ्याम् ढुम्म ढर्र ढर्र पानी गऱ्यो ।।१२।।

रांगाका सीङका बाजा नर्सिङगा भेरी मादल
ट्याम्को कर्णालले भन्छ "बाजाका तालमा चल ।।१३।।

अनेक थरीका वाजा समूह शब्दको ध्वनि
सुनी जङगल सिंह, पालेको सिंहले पनि ।।१४।।

दुवै थरि सिंह उफ्रे "तँ भन्दा हामी के कम"
भनी सिंह सवै गर्जे वाजामा थपियो दम ।।१५।।

ध्वनि सुनेर शैलेश शरत् कालिक मेघका
रूपमा चुचुरा हाँसे सेता वादलका ढिका ।।१६।।

सवै फौज लिई साथ युद्ध सुनको रथमा चढी
आयो रावण संग्राम गर्नलाइ अघी वढी ।।१७।।

खालि हात कुनैं छैनन् युद्धमा चाहिने जति
शस्त्रास्त्र सवले युक्त राक्षसका ठुला पति ।।१८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मणि, मणिकले युक्त किरीट ताति उज्ज्वल
पगरी शिरमा लाई फुर्तिका साथ लस्कर ॥१९॥

योद्धा मन्त्रीहरू साथ वसेको देखि रावण
रामले भन्नु भो भाइ ! धनु देउ न लक्ष्मण ॥२०॥

चन्द्रको अर्ध आकार एउटा वाण छोड्नु भो
आधा निमेषमा भानै ठूलो आश्चर्य यै त भो ॥२१॥

शेता छातां हजारौटा किरीट दश टुक्रियो
राजा रावणले लाज मानेर घर फर्कियो ॥२२॥

फौज वानरको माथि वर्षामा जल वर्षिए–
जस्तो भो बाणको वर्षा अनि वानर तम्सिए ॥२३॥

गर्जी मुद्गदले ठोक्दै "राम लक्ष्मणको जय"
ढुङ्गा वर्षाउदै भन्छन् "राजा सुग्रीवको जय"॥२४॥

थुम्का पहाडका फ्यांके ढुङ्गा हाने अनेकले
उखेलेर ठुला रूख,–ले ठोके कति वीरले ॥२५॥

ओसारेर थुपार्दैछन् ठूला ढुङ्गा बराबर
ढुङ्गा वर्षाउने धेरै कमिलो सर बानर ॥२६॥

युद्ध गर्न शिपालू ती राक्षसहरूको धनु–
बाट निस्कन्छ जुन् वाण टूक्री हाल्छ के भनु ! ॥२७॥

बल्ल तल्ल लखौं वाण–मा एक छुटि लाग्दछ
अनि वानरको फौज,–मा एक लाग्न सक्तछ ॥२८॥

वाण वर्षा गरून् के छ टुक्री हाल्दछ तत्क्षण
एउटा वाण नै तीन पार्दछन् राम लक्ष्मण ॥२९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रामले एउटै वाण छोड्दा लाखौं भएर ती
शत्रुका वाण काटेर वर्षन्छन् शत्रुमा कति ।।३०।।

ठोक्राबाट झिकी वाण धनु तांदो त तानिई—
एको देखिन्न आंखाले नाश गर्छ छिटो गई ।।३१।।

महारथी, ठुला वीर अतिरथी र फौजले
इन्द्रजित्का सबै वाण काटी बक्स्यो श्रीरामले ।।३२।।

वीर लक्ष्मणको वाण लाग्दा वीर मरे कति
मुङ्ग्रो ठोक्दा हनूमान्ले शूर, वीर मरे उति ।।३३।।

छिटा अङ्गदको मार पर्दा ढुन् मुनिई मरे
सुग्रीवको हातबाट कति सोत्तर भै गिरे ।।३४।।

यता बानरको फौज उता राक्षसको दल
मूठ भेद हुँदा मुक्का खड्ग, त्रिशूल, मुद्गल ।।३५।।

चिथर्दछन् कुनै टोक्छन् कोहि मुन्टचाउँछन् कतै
घोक्र्याएर पछारेर छिक्रीमा पर्दछन् उतै ।।३६।।

घुडाले चेप्दछन् मुण्टो अर्कोलाई लछार्दछन्
कसैको खड्ग खोसेर उसैलाई निभाउछन् ।।३७।।

वानर जित्न खोज्दाछन् मारि राक्षसको दल
फौज राक्षसको खोज्छ जित्न मारेर वानर ।।३८।।

लोराले मसला जस्तै टाउकोमा टटाउछन्
द्विविद बीचमा पुग्छन् मुङ्ग्रो तेस्र्याइ घुम्दछन् ।।३९।।

वूढा ती जाम्ववान् वीर वाहामा जति पर्दछन्
लाच्छ लुच्छ किची पारी लडाकु माथि पथ्यावदछन् ।।४०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मैन्द कम हुने कैले रूख घिसरि घर्घर
फौजका बीचमा घुम्दछन् फौज पार्छन् तो थर्थर ॥४१॥

नलका सामुमा टिक्ने सक्तछ कुन राक्षस ?
सुषेणले बुटो छोड्दा उम्कन्नन् नपरी बश ॥४२॥

कुमुद, नीलले त्यत्तै हजारौं फौज नाशने
केसरीले झम्टदात भगां भाग सबै हुने ॥४३॥

शरभके लखेट्नामा अरू भन्दा थिए कम ?
भाग्दा स्वांस्वा र पवा गर्दा बढ्चो राक्षसको दम ॥४४॥

दधि वक्त्र, महाकाय हाम फालेर शत्रुमा
लडी बुडी गरो खेल्दा थिचिए शत्रु भूमिमा ॥४५॥

राक्षसहरू धेरै नै वाण वर्षाउनें कति
रोकेर ढालले मुङ्ग्रो त्रिशूल रोप्दछन् उतिं ॥४६॥

लाठा वर्षाउँछन् कोहि दाह्राले धस्दछन् भने
मुङ्ग्रो समाति हुत्याई खोज्दछन् खान बबै भने ॥४७॥

"तँ भन्दा म कमी के छु" भनो लड्छन् परस्पर
आ–आपना अस्त्र पयांकेर शस्त्र हान्छन् परैतिर ॥४८॥

लुत्रुक्क परि थाकेको जस्ता श्री हनूमान् भए
समातीकन लंजान भनी राक्षस वैरिए ॥४९॥

राजा रावणका सामु लगी सुम्पिनु पर्दछ
"लङ्का जलाउने यै हो" "हो" विन्ती गर्नु पर्दछ ॥५०॥

होशियार भए सारा "यै हो दुच्छर वानर"
हात गोडा समातेर फौजले च्याप्छ पुच्छर ॥५१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुरस्कार पनी मिल्ला मान इज्जत बढ्दछ
हजारौंका हजारौंले जस्को जे हात पर्दछ ।।५२।।

घेरेर सबले लांदा बीचमा हनुमान् पुगे
फट्कार्दा हात गोडा ती ढुन् मुन्नेर कता पुगे– ।।५३।।

आत्र हैन नि खस्दा त अरू पनि थिची मरे
लामो पुच्छर घुम्दा त फौज सोत्तर भै मरे ।।५४।।

विस्फोटक ठुला छोडे राम, लक्ष्मणले सब
मन्त्र सहितको वाण पार्छ मक्चाउने सब ।।५५।।

विषालु वास्प छोड्छन् त वायव्यास्त्र छंदैन छ
आफ्नो काम उतै फर्की जे गर्नु पर्छ गर्दछ ।।५६।।

हा हा र हु हु सर्वत्र काट मार ती गर्दछन्
चिप्लेर मर्दछन् कोहि उसै माथि दगुर्दछन् ।।५७।।

जे गरे पनि त्यै उल्टो–पल्टी नाश गराउने
सारा राक्षसको फौज क्यै गरे नि न बांचने ।।५८।।

कता गयो इन्द्र जित् त देखिन्न रण भूमिमा
नगरी सुख पाएन माया युद्ध विनाशमा ।।५९।।

हुरी चल्छ यता पट्टि पानी पार्दछ लौ उता
अन्धकार यता पर्छ झल मल्ल छ लौ उता ।।६०।।

विभिन्न थरिका वाण छोड्छ वानर फौजमा
छ्यास्न, ब्यान्न भयो छाड्यो ब्रह्मास्त्र राम चन्द्रमा ।।६१।।

ब्रह्मास्त्रको राखि बक्स्यो मर्यादा पुरुषोत्तम
श्रीराम चन्द्रले केहि वेला युद्ध भयो कम ।।६२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गऱ्यो वानरको नाश मौका छोपी अनेकन
भन्नु भयो रामले नैं "हे भाइ ! सुन लक्ष्मण ! ॥६३॥

चांडो ब्रह्मास्त्र देऊन मेघनाद म मार्दछु
पछि त्यस्का सर्वसेना- मेनालाई म नाश्दछु ॥६४॥

सुनी श्रीरामको वाक्य झट्ट पट्ट कुदी गयो
भागा भाग भयो सेना ऊ पनि घरमा पुग्यो ॥६५॥

भएको सब वृत्तान्त राजा राक्षसले सुन्यो
"तीन खण्ड भयो नाश एक खण्ड बच्यो भन्यो ॥६६॥

फर्कर्यो वानरको फौज भन्दै "श्रीरामको जय"
संसारबाट त्यो तर्छ गर्छ जो राममा तय ॥६७॥

रणस्थलको दृश्य

मेघ वर्षाउने पानी नर वानरले भने
रक्त वर्षाउने फौज कस्तो दिन उदाउने ॥६८॥

नीलो आकाशले देख्यो वर्षा काल विदा हुँदा
पनि होलो छ आश्चर्य !!! रातो रगत पोखिदा ॥६९॥

कस्तो छ विधिको लीला लङ्का कस्तो बनाउने
आज फेरि उही लङ्का रक्तले मुछिने हुने ॥७०॥

कतैं हात लडेका छन् विना शरीरको शिर
कतैं खुट्टा ढलेका छन् विना मुड्को मात्र छ केवल ॥७१॥

छट्पटाइ लडी हिक्क हिक्क छन् रण भूमिमा
भल रगतको बग्छ ठाउँ ठाउ निकाशमा ॥७२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छातीमा वाण लागेर निस्किएको छ भुल्भुल
रगत छट् पटाएर आँखा हेर्दछ पर्पर ।।७३।।

कसैको कोखमा प्वाल छाती घाँटी दुवै दुलो
भुडी जमीनमा प्यात्त फुलेको देखिने गलो ।।७४।।

भता भुङ्ग भएको छ उत्ताना छन् कतै रथ
वीर सारथि घोडा तो मरेको देखिने रथ ।।७५।।

लडेका अध कल्चा छन् देहमा प्वाल छन् कति
वेहोशमा पनी हान्छन् अस्त्र, शस्त्र भला मति ।।७६।।

धन्य छ विधिको लेखा कालको परिवर्तन
मग मगाउने वास्ना लङ्का गन्धा भयो खुन ।।७७।।

(१०) सन्दर्भः– हनूमानले द्रोणा चल ल्याए

देखी वानरको फौज सोत्र्यान्न रण भूमिमा
रामले हनूमान्लाई "जाऊ क्षीर समुद्रमा ।।१।।

द्रोणाचल लिई आऊ दिव्य औषध छन् त्यहाँ
उत्तिखेरै उठी हाल्छन् प्रयोग पाउदा यहाँ ।।२।।

वचाऊ ख्याति वढ्ने छ तीनै भुवनमा तिमी–
जस्तो वीर हुने छैनन् भन्छ संसारले गमी ।।३।।

शिरोपर गरी आज्ञा उफ्रे पवन नन्दन
"जय होस् रामको" भन्दै ठाडो पारेर आनन ।।४।।

माथि पुगेर तेर्सिए जपेर "रघुनन्दन"
उचाली हातले ल्याए वेर लगाउथे किन ! ।।५।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जरी, बूटी, कूट, काट गरे राम्रो सुषेणले
उपचार हुना साथ अघि भन्दा वढी खुले ॥६॥

सुसी आरमका साथ उठे जस्तै वराबर
अघि भन्दा पनी बढ्ता फुर्तिका साथ वानर ॥७॥

कुर्ली उफ्रन थाले ती "मेघनाद" कता गयो?
निमोठी वाखुरा भन्दछन् "तेरो दिन पुगी सक्यो ॥८॥

कहाँ गएर वच्लास् तँ पानी भित्र लुके पनि
नमारीकन छाड्दैनौं कुना काप्चा त के अनि ॥९॥

तँ वच्ने दुइटा वाटो घुंडा टेकेर रामको
पाउमा पर्नु, दोस्रो हो रूपली आइमाइको ॥१०॥

नत्र तेरो यहाँ वास हुदैन परलोकमा
जान यमपुरी वाटो खुला छ युद्ध भूमिमा" ॥११॥

इन्द्रजित्तको परी फेला लडेका सव वानर
वचेर अघिको भन्दा युद्ध गर्न छ तत्पर ॥१२॥

सुनी, देखी, बुझी, जानी भयो रावण आतुर
"राम मेरो भयो शत्रु विधि निर्मित यो नर ॥१३॥

आहारा नर हो ठान्थें उस्तै हुन् नर वानर
नर वानरले गर्दा गिर्न आंटे सबै शिर" ॥१४॥

दियो आदेश राजाले जति छन् शुभ चिन्तक
"फौजका साथमा जाओ मन्त्री सारा नरान्तक ॥१५॥

मेरो धाक लगाएर मेरो नै आडमा सव
सांसारिक सबै सौख लुट्न सम्म लुटे अव ॥१६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दुःख पर्दा भन्ने लुक्छ डर पोक भई कुनै
प्राण जाला भनी युद्ध गर्दैन मार्छु आफुनै" ।।१७।।

आज्ञा सुनेर राजाको देवान्तक, महोदर
देवशत्रु, महानाद, प्रहस्त बलबत्तर ।।१८।।

निकुम्भ, कम के हुन्थ्यो ? अतिकाय, नरान्तक
लङ्काका आठ दिक्पाल लङ्का वासी भए छक ।।१९।।

धनु, बाण लिई सज्ज हिंडे लावा र लश्कर
झण्डा फर्फर गर्दोछ हावाका साथ सत्वर ।।२०।।

"आयो रावणको फौज हतियार नयाँ लिई
हाम्रा त यहिं छन् रूख ढुङ्गा, मूडा यही लिई ।।२१।।

फोर्दछौं यिनको माथ भाच्ने छौं हतियार ती
सेना मेना सबै मार्छौं भाग्ने छन् तै पनि त ती ।।२२।।

लुतै कुकुर जस्तै ती मुखको तर मार्दछन्
राम लक्ष्मणको वाण मुडग्राको मार पर्दछन्" ।।२३।।

भन्दा भन्दै पुगी हाल्यो फौज रावणको ठुलो
वाण वर्षा गरी हाले "गर्छौं रावणको भलो" ।।२४।।

भन्दै खड्ग, खुडा हाने लट्ठीले तरवारले
हाने वानरको फौज–माथि भाला त्रिशूलले ।।२५।।

सकेसम्म हुनेसम्म ती बाँकि किन राख्दथे
लाच्छ लुच्छ गरी खाने दाउ पनि त गर्दथे ।।२६।।

राम, लक्ष्मणको वाण लागेर भूमिमा लडे
गर्जेर हनूमान जाँदा मुडग्राको मारमा गडे ।।२७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुग्रीव फौजमा नाच्दा राक्षस किचिइ मरे
चिथरा चिथरी पर्दा वानरवाट ती रेम ।।२८।।

समाती हात छुटचाई फ्याकिदा फौजबाट तो
थिचिएर मरे धेरै शक्ति कम भएर ती ।।२९।।

छिटा र छरिता शूरा अङ्गद युवराजले
मुङ्ग्रो घुमी घुमी ठोक्दा देह छोडेर प्राणले ।।३०।।

झण्डा उड्यो कता घोडा लम्पसार परी मरे
सारथि सब सोत्र्याम्न मन्त्री आठ सबै मरे ।।३१।।

रामको तेज पाएर पारे राक्षस सोत्तर
भागे सबै भयो शून्य लाश वाहेक के छ र ।।३२।।

रामको नाम जो जप्छ उसैको बल बढ्छ
सेवा जो रामको गर्छ त्यसैले सब जित्तछ ।।३३।।

दौडा दौड गरी सारा लखेटी सब राक्षस
फर्क्यो बानरको फौज गाएर रामको यश ।।३४।।

सबै वानरको फौज वीचमा राम, लक्ष्मण
सन्ध्यामा हात जोडेर गर्दछन् राम कीर्तन ।।३५।।

(११) सन्दर्भ– लक्ष्मण मूर्छा, श्रीराम शोक गर्नु हुन्छ
द्रोणा चल लिन हनूमान् जान्छन्

प्रहस्तादि सबै मन्त्री मरेकाले दशानन
रीसले मुर्मुराएर "नमारीकन छाड्दिन" ।।१।।

इन्द्रजित्लाई लङ्काको रक्षाको निति राखदछु
म आफैं गइ सुग्रीव राम, लक्ष्मण मार्दछु ।।२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ती मरे पछि त्यो बूढो जाम्बवान् किन बच्दछ ?
भारे भुरे अरू सेना लङ्काकै दास बन्दछ ॥३॥

विभीषण ठुलो शत्रु टुक्रा टुक्रा म पार्दछु
अङ्गद हनूमान्लाई काखी मै च्यापी मार्दछु ॥४॥

सबै शक्ति लिई जूंगा,- मुसारीकन रावण
सजी सजाउका साथ विस हात टनाटन ॥५॥

चढेर रथमा आफू ठूलो राक्षसको दल
झण्डा फर्फर पारेर "शत्रुको पार्छु कत्तल" ॥६॥

दायाँ बायाँ कतै केहि नहेरीकन क्यैं क्षण
सरासर पुगी हाल्यो युद्धको निंति रावण ॥७॥

झम्टेर रामलाई नै वाण वर्षा गऱ्यो अति
फौज माथि सर्प जस्ता वाण छोडी गऱ्यो खति ॥८॥

राक्षस बाण हानेर भन्छन् "रावणको जय"
हाम्रा सम्राटले आज गर्दछन् रामको तय" ॥९॥

भनी खड्ग, खुडा, वाण, भाला त्रिशूल, बञ्चरो
हानेर भन्दछन् वीर "न राखौं यिनको जरो ॥१०॥

वाण लागि लडे राजा सुग्रीव यूथका पति
यूथ पतिहरू धेरै ढले संग्राममा कति ॥११॥

घमासान महायुद्ध राम रावणको पऱ्यो
"विभीषण मुंख्य शत्रु छिद्र भेट्टाउने छ यो ॥१२॥

"पंले त यसलाई नै न विताइ भएन ल"
भनी विभीषण माथि हानेको शक्ति केवल ॥१३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जानी लक्ष्मण आफूनै विभीषण अघिल्तिर
धनु वाण लिई ठिङ्ग उभिए करुणाकर ।।१४।।

पार्वती ! सुन है कस्ता भाइ लक्ष्मण रामका
विभीषण मरे, उल्टो हुने वचन रामका ।।१५।।

ठानी आफू मरे के छ ? विभीषण मरे भने
रामले बक्सिएको त्यो "अभय दान के हुने ?" ।।१६।।

राजा रावणको शक्ति आई लक्ष्मणमा पऱ्यो
धराशायी भए वीर राक्षस फौज उफ्रियो ।।१७।।

देख्ना साथ गयो राजा लक्ष्मण लिन रावण
उचाल्न किन भ्याउँथ्यो ? पुगे पवन नन्दन ।।१८।।

वज्र भन्दा पनी साह्रो त्यो मुक्का हनूमानको
छातीमा वज्रदा निस्के फोरा सन्तीर रक्तको ।।१९।।

नाकबाट निकै निस्क्यो मुखबाट पनी झरे
कान खालि उसै हुन्थ्यो आँखाबाट त झत् झरे ।।२०।।

रथमा ढुन्मुनिएर पछिल्तिर बसी गयो
पछि होश फिऱ्यो फर्क्यो श्रीरामलाई झम्टियो ।।२१।।

रक्ष रावणको शक्ति लागेर वीर लक्ष्मण–
लाई आरामका साथ बोकी पवन नन्दन ।।२२।।

दुइटा हातले ल्याए हलुका साथ ठामको
वन्दोवस्त गरी राखे भक्त लक्ष्मण वीरको ।।२३।।

भयो रावणको जीत वीर लक्ष्मण हो ढल्यो
धेरै वानरको फौज सोत्र्यान युद्धमा भयो ।।२४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राक्षस फौज उफ्रेर "जय रावणको" भनी
जावो मानिस के लड्थ्यो ? ढल्यो लक्ष्मण नै पनी ॥२५॥

चाहन्थी शक्तिता मार्न सकिव गर्न क्यै खई
भनी लक्ष्मण छोडेर शक्ति रावणमै गई ॥२६॥

कान फुट्ला भने जस्तो धनुटङ्कार बेसरी
गरेर हनुमान् माथि चढेर लौ उसै सरी ॥२७॥

वाण वर्षा भयो ज्यादै वाण वर्षा बढा बढी
आखीर हनुमान्लाई वाण वर्षा गर्‍यो बडी ॥२८॥

जति रावणको वाण आउँथ्यो टिपि झट्पट
हनुमान् फ्याँक्दथें त्यत्ति राक्षस मर्दथे चट ॥२९॥

काट्दा श्रीरामले वाण छरिएका यता उता
लामो पुच्छरले तानी बटुली राख्दथें यता ॥३०॥

मूठो पारी हनूमान रावण पट्टि फ्याक्दथे
लाग्दा रावणको फौज सोत्र्यान भइ मर्दथे ॥३१॥

लामो पुच्छरले वेरी राक्षसको लुडो ठुलो
रावण वाण वर्षाको बीचमा पर्दथ्यो गलो ॥३२॥

तीता रावणको वाण-बाट राक्षस मर्दथे
मरी खस्दा मरेकैले धेरै राक्षस मर्दथे ॥३३॥

झटारो हान्दथे वाण रोकिंदैन कुनै क्षण
हानेका वाण फर्केर मर्थ्यो राक्षसको गण ॥३४॥॥

"मैले मारें जनस्थान-मा तेरा सव राक्षस
चुत्थो रावण टुक्रिन्छन् तेरा यी टाउका दश" ॥३५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीरामचन्द्र वोकेर यस्ता काम अनेकन
देखेर हनुमान्‌जीको भयो आश्चर्य रावण ।।३६।।

"छिटोमा विजुलीलाई माथ यो गर्छ वानर
तीनै भुवनमा छैन यो जस्तो बलियो नर ।।३७।।

गुरु शुक्र बुढालाई बुद्धिमा भेट्न बेर के ?
रामको भक्त यो जस्तो अरुको हुन सुक्छ के ? ।।३८।।

ढल्यो सुग्रीव राजानै वीर लक्ष्मणनै गिन्यो
यूथ पति ढले कैयौं गल्दैन क्यै गरेर यो ।।३९।।

जति हानौं न यो वाण ठाडो छ शिर उज्ज्वल
"राम, राम" भनी लड्छ "रामको जय केवल" ।।४०।।

यस्को शिर खसालेरै आज म घर फर्कुंला
हजारौं वाण वर्षाई हेर्छु थला बसाउँला ।।४१।।

कान सम्म खिची वाण हुसे सम्म घुँडा धसी
हनूमान्‌लाई ताकेर छोड्यो लौ कम्मरै कसी ।।४२।।

दाँतले ओठ टोकेर रीसाइकन थर्थर
राता राता भए आँखा वर्षा यो वाण वर्वर ।।४३।।

वाण लागि हनूमान्‌को घाउ छन् शरीरै भर
रिसाई बक्सियो राम काल रुद्र बरावर ।।४४।।

क्रोधले रामले घोडा, रथ, सारथि, ती ध्वजा
शस्त्रास्त्र, धनु, छाता ती पताका सब भो धुजा।।४५।।

एउटै वाणले सारा भताभुङ्ग भई झरे
टुक्रिए कतिका झण्डा हलुका साथ रामले ।।४६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वाण लाग्दा भयो मूर्छा राजा राक्षस, रावण
ढल्दा धनु खसी हाल्यो भागे राक्षसका गण ।।४७।।

चन्द्रको अर्ध आकार वाण श्रीराम चन्द्रले
छोड्दा किरीट टुक्रियो हुन्न के राम बाहुत्ने ? ।।४८।।

आजलाई पुग्यो भारी बिदा भो जा दशानन
अवश्य भोलि आलास्नि वाण हान्नसिकी कन ।।४९।।

रामको वाणले झाऱ्यो घमराड जति आतुर-
भई रावण फर्कीयो लाज मानेर त्यो घर ।।५०।।

संग्राम गर्न छाडेर फर्कियो फौज वानर
"जय होसु रामको" भन्दै "राम ता परमेश्वर ।।५१।।

श्रीरामचन्द्र शोक गर्नु हुन्छ ।

रामले काखमा राखी भाइ लक्ष्मणको शिर
भाइ लक्ष्मण लौ बोल हुनू सम्म भयो थिर ।।५२।।

बालकै देखी हे भाइ ! तिमी मेरो सहायक
गर्दथ्यो तिमी हे भाइ ! गर्नु पर्ने सबै ठिक ।।५३।।

मलाई अहिले एक्लै नछोडीकन साथमा
सेवा गर्दै तिमी आयौ ? अहिले रण भूमिमा ।।३६।।

यस्तो देख्दा पनी मेरो नेत्र फुट्दैन के दशा
कानको जालि फुट्दैनन् बन्द हुन्नन् कुनै नशा ? ।।५५।।

राजकीय सबै सोख, शान, मान, भए भर
छोडेर साथमा आयौ थिएन क्यै पनी कर ।।५६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थियो मलाई पो खालि राजाज्ञा वन वासको
सेवा गर्न तिमी आयौ जे परे पनि दाजुको ।।५७।।

कुनै दिन कतै कहिं ममा दुःख पर्‍यो भने
काँध थापी हटाउथ्यौ सुख मात्र तिमी दिने ।।५८।।

खापाखाप गरी दुःख संगटेको सधैं भरी
एक्कै चोटी तिरौं पैंचो मैले सहनु के गरी ।।५९।।

हुने सम्म सह्यौ राजा नसक्दा रणभूमिमा
लम्पतार पर्‍यौ भाइ ! कसरी थामु माथमा ।।६०।।

जेठा मुमा महारानी कौसल्याका तिमी प्रिय
"भाइ लक्ष्मण खै राम"? आशीर्वाद तिमी लिय ।।६१।।

सोधनीमा भनु के म ? तिमी नै भन भाइ ल
सुमित्रालाइ के विन्ती माताजीमा गरू छल ।।६२।।

ऊर्मिला परि पाउमा मेरो दर्शन गर्दछिन्
तिमीलाई नदेखेर ती यता उति हेर्दछिन् ।।६३।।

सपना जपना तिम्रै शाशूका साथ उर्मिला
पला पला गनी बस्छिन् "आयो अपधिको पला ।।६४।।

भनी आश गरी राख्छिन् "प्रतीक्षा" आशु साथ छ
मेरा साथ तिमीलाई न देख्दा कुन साथ छ ।।६५।।

अयोध्या वासी के भन्लान् ? जानू फर्केर के गरी ?
यस्तो दुःख पनी पर्दा प्राण जांदैन क्यै गरी ।।६६।।

तिम्रा साथ बुझ्यौ भाइ ! तिम्रो यो दुःखझा पनि
साथ लाग्न नसक्ने म कस्तो चुत्थो रहेछु नि ।।६७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भाइ ! तिमी भने मेरो साथ दिन्थ्यौ पला पला
साच्चि पर्दा तिमीलाई छौ तिमी भाइ एकला ॥६८॥

शरीर भर आगाले पोलि जस्तो छ ता पनी
डढ्दैन देह यो कस्तो ? रहेछ अति बैगुनी ॥६९॥

मेरो प्राण मलाई नै हलाहल समान भो
मेरो देह मलाई नै दुर्गन्ध युक्त राशि भो ॥७०॥

मेरो जीवन नै भाइ तिमी रघु कुलोत्तम !
मेरो प्राण तिमी नै व्हौ विना तिमी रहन्न म ॥७१॥

जान्छौ तिमी जहां भाइ तिमीलाइ म छोड्दिन
छाडँ भने तिमीलाई पैंचो तिर्न म सक्तिन ॥७२॥

बोलीले सान्त्वना देऊ अङ्कमाल गरौं उठ
सत्याग्रह तिमी छोड यस्तो नगर है हठ ॥७३॥

आज सम्म तिमीलें लौ मेरो वचन लङ्घन
गरेनौ कहिल्यै आज गर्छौ भने तिमी भन ?॥७४॥

राज्यको ता कुरै छोडौं पिता, माता र देश नै
पितृ आज्ञा ठूलो जान्नो तिमी साथ हुँदा कुनै ॥७४॥

शोक, दुःख कुनै ताप लागेन मनमा पिर
भाइ ! तिमी यता हेर उठाउन तिमी शिर ॥७६॥

मेरो हृदयको ज्वाला छाती ठोसेर भाइले
हटाऊ देहको राप अगालो मारि बाहुले ॥७७॥

द्रोणाचल पर्वत लिन हनूमान् जान्छन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुषेण हात जोडेर विन्ती गर्छन् ती राममा
वीर लक्ष्मण जंचेर रोग छन् कति गाथमा ।।७८।।

नशा, नशा सवै चाली रक्तका कणमा कति
एक एक गरी छानी सवै रोग भए जति ।।७९।।

गर्दछु पाउमा विन्ती रामको "हुन्छ मा" सव
यन्त्र द्वारा सवै नाडी जांचेर भन्दछन अब ।।८०।।

द्रोणाचल लगी हालौं ताजा वूटी दिउं सवै
मुटु देखि लिइ रोम– प्वाल ताजा हुने सवै ।।८१।।

"यूथ पति अरू धेरै मूर्छामा छन् अनेकन
द्रोणाचल यहीं ल्याए हुन्न ? सुषेण लौ भन ।।८२।।

रामले हनुमान्लाई "चांडो गरन ल्याउन"
आज्ञा हुदा उडी हाले वेर गर्थे उनीकन ।।८३।।

(१२) सन्दर्भः– रावणको सभा, वेला घर्काउन
कालनेमिलाई रावण भन्छ

यूथ पति, रथी, वीर सेना, मेना सवं जन
हतियार लिई चांडो आओ भन्दछ रावण ।।१।।

मरि वांकि रहे जत्ति भए वीर उपस्थित
मर्यादा क्रममा वस्छन् छन् सवै अनुशासित ।।२।।

भोलिको युद्धको निति राजा भन्छ खतोखत
युद्धमा गर्नु जे पर्छ भन वीर यथोचित ।।३।।

उठेर हात जोडेर पगरी साथको शिर
झुकाइकन त्यो विन्तो गर्छु "पाऊँ म अप्सर" ।।४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वानर राज सुग्रीव मुख्य हो वीर त्यो ढल्यो
यूथपति परे धेरै लक्ष्मण भूमिमा सुत्यो ॥५॥

भालू त्यो जाम्ववान् वूढो प्रभुको साम्‌ु के छ त्यो
बृहस्पति झठा एक्ला भने जस्तै छ राम त्यो ॥६॥

वीर ता वीर नै हो त्यो वाण हान्न शिपालु छ
शस्त्रास्त्रज्ञ छ त्यो ठूलो योद्धामा अग्रगराय छ ॥७॥

राजा रावणको जोडा विचरा ववुरो नर
कसरी युद्ध त्यो गर्ला पऱ्यो लङ्केशको कर ॥८॥

कता विस भुजा राजा त्रिलोक विजयी नृप
कताको जङ्गली राम हुन्छ राम छँपा छप ॥९॥

बोकिरह्यो हनूमान त्यो पहिल्यै युवराजले
चुर्मुऱ्याएर ल्याएको सभामा ब्रह्म पाशले ॥१०॥

मर्को उसै गरी भन्छ "राजा रावणको जय"
विन्ती म गर्न सक्तिन एसै हुन्छ भनी तय ॥११॥

यदि लक्ष्मण बांचेन भने युद्ध विराम यो
बांच्ने उपाय क्यै गर्नन् दिन हुन्न कदापि त्यो ॥१२॥

विना लक्ष्मण यो राम चौधै भुवनमा कतै
"म रामहूँ" भनी वाची हिड्न सक्तैन है कतै ॥१३॥

रूप, भेष, भूषा, नाम वदलेर कतै तिर
कूना काप्चा लुकी हिड्छ हुन्छ जस्को पनो पर ॥१४॥

यदि यो देखिने हुन्छ भने लक्ष्मण साथ ल
भोलि संग्राममा हेर्नौं देखिनेछ भयङ्कर ॥१५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्को भन्दछ हे राजन् ! जावा यी नर वानर
हजूर साथ लड्ने यो ? पर्छौं राक्षस के तल ।।१६।।

लामा जूगा मूसारेर देखाइकन मुद्गल
हामी सबै मिली ठोक्दा गर्न सक्तछ को वल ।।१७।।

यत्तिकैमा पस्यो एक नमस्कार झुकी गऱ्यो
राक्षस नृपले आफैं-लिई एकान्तमा गयो ।।१८।।

मूर्छामानैं छ के उठ्यो ? अथबा हिक्क हिक्क छ ?
भत्र लक्ष्मणको चाला उड्यो कि शाश बाँकि छ ? ।।१९।।

छट्पटाउन लाग्यो कि ? खेल्न थाल्यो लडी वुडी
हात, खुट्टा पसारेर गन्न लाग्यो पला घडी ।।२०।।

हुने सम्म सके सम्म चांडो गर्नु पऱ्यो प्रभो ?
मौका आउंछ जो छोप्न सक्तैन काम व्यर्थ भो ।।२१।।

द्रोणाचल कतै ल्याए बाच्नेछ वीर लक्ष्मण
अल्मलीयोस् हनूमान्नै बित्ने छ अनि त्यो क्षण ।।२२।।

वेला घर्ख्यो भने के छ ? काम लाग्दैन त्यो वुटी
जति सुकै कुट काट- पारी खन्नाउन्न त्यो वुटी ।।२३।।

सुनेर दूतको वोली राजा रावण आतुर
भइ झट्ट पुग्यो काल-नेमिको रातमा घर ।।२४।।

लिई स्वागत स्वीकार राजा रावण भन्दछ
ममाथि पनि लौ काले पऱ्यो दुःख मलाई छ ।।२५।।

संग्रामना वुझिस् काले ! शक्ति लागेर लक्ष्मण
मूर्छा परि लडेको छ मूर्छाबाट वचाउन ।।२६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महौषधि बुटी खोज्न जादैछ हनुमान् सुन
बाटैमा जसरी हुन्छ अल्मल्याउन जाउन ॥२७॥

वेला घर्क्यो भने जान बुटी औषध क्यै पनि
काम लाग्दैन के गर्छ ? लक्ष्मण मरि हाल्छ नि ॥२८॥

बाटैमा मुनिको भेष गरी आश्रममा वस
छलले ठिक पारेर खरानी जिउमा घस ॥२९॥

वेला विताइ फर्केर अहिले झैं घरै वस
अहिले लाइ जे होस्न वेसरी लगुटी कस ॥३०॥

राजन् विन्ती सुनी वक्स्योस् यथार्थ बुझि वक्सियोस्
मेरो मारीचको चाल हुने छ जानी वक्सियोस् ॥३१॥

राजाका निंतिमा मैले प्राण त्याग्नु परे पनि
भलो गर्न तयारै छु गरेर के हुने छ नि ? ॥३२॥

सचिव, भाइ, भार्दार सवै राक्षको दल
मरे पछि सीता, लङ्का, राज्यको काम के छ र ?

इष्ट, मित्र मरी हाले पारी राक्षस सोत्तर
विधवाहरूको राजा भएर बाच्नु के छ र ॥३४॥ ?

अवश्य राम थाक्दैनन् युद्धवाट कदापि ल
साराका सार मर्नेछन् राजन् ! राक्षसको दल ॥३५॥

नरानुसारको काम गरेमा तल लाग्दछ
वटारिएर लौ नत्र टाउको फोर्न आउँछ ॥३६॥

साम, दान अरु भेद दराड हुन् राज्यका धुर
वेलानुसार गर्नेको हार हुन्न कतै तिर ॥३७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नै ढिपी न छाडेर काम गर्छं सधैं भरी
भने नरेशको राज्य टिक्दै टिक्दैन क्यैं गरी ।।३८।।

राज काज सबै छाड्नोस् बनुन् राजा विभीषण
नदीको तीरमा राम्रो वास गर्नोस् तपोवन ।।३९।।

गर्नुहोस् कर्म आन्हिक फलाहार गरी सब–
पापकर्म पखाल्नु होस् ईश चिन्तनमा अब ।।४०।।

चड्किला भड्किला सारा मायाको जाल यो भव
जन्म र मृत्युमा पर्छन् अज्ञानी जति छन् सब ।।४१।।

बुद्धि बक्स्योस् महाराज ! प्रकृति पार जो छ त्यो
संसारभ्रूवरीबाट पार लगाउने छ त्यो ।।४२।।

"मैं हूँ भन्ने" अहं भाव कम, करण, मैंन हूँ
सम्प्रदान, अपादान, अधिकरण मैंन हूँ ।।४३।।

भन्ने भाव जहाँ सम्म रहन्छ भव सागर
सच्चिदानन्द हुन् ईश परात् पर छ अक्षर ।।४४।।

प्रसन्नका साथ राज–गर्नु होस् शान्त चित्तले
बुद्धिले आफु सप्रिन्छ काम बन्दैन क्रोधले।।४५।।

साधु, सज्जनको मात्र गर्नु पर्दछ सङ्गत
माया, मोह सबै त्यागी तपमा हुनु तत्पर ।।४६।।

राग, द्वेष, सबै छाडी क्रोधलाई परैतिर
प्रतिक्रिया गरूं भन्ने बुद्धिलाई त झन् पर ।।४७।।

अहङ्कार भन्या क्या हो चिडिया हो कि पत्थर
आभासै नपरोस् के छ ? मन पारेर निर्मल ।।४८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मादेखी लिई कीट जति स्थावर छन् सव
सुनिने देखिने जे छन् माया हुन् जति छन् सव ।।४७।।

होइन हठले आफैं इन्द्रिय सव शान्त हुन्
बुद्धय वच्छिन्न चैतन्य बाहेक सव वाह्य हुन् ।।५०।।

आफ्नो शरीर विर्सेर आत्म चिन्तन गर्नू नै
मनुष्य भइ जन्मेको काम छैन अरू कुनै ।।५१।।

निर्गुण ईशको ध्यान सकिदैन भने तर
सीताराम दुवैको नै गर्नु होस् ध्यान केवल ।।५२।।

साच्चा साच्चि गरौं विन्ती राम हुन् परमेश्वर
सीता श्रीरामको पाउ,–मा गर्नु वढि आदर ।।५३।।

(१३) कपटी तपस्वी काल नेमिकोलाई हनुमान्ले मारेर–
द्रोणाचल ल्याइ' लक्ष्मणजी उठ्नु हुन्छ

काले बुद्धि मलाई तँ दिने कत्रो भइस् बुझिस्
भन्नलाई कसैले नै नजानेको कुरा भनिस् ।।१।।

यस्तो विद्वत्तता छाट्ने तँ त्यस्तो भइनस् किन ?
जान्ने तान्ने भई आफैं व्यर्थ फालिस उसै दिन ।।२।।

माया द्वारा सवैलाई झुक्याउन तँ धूर्त छस्
काम गर्नु परे छल्न कुरा गर्न शिपालु छस् ।।३।।

यस्यो बुद्धि भएको तँ कुलाङ्गार विभीषण
पछि लागि जानु पर्थ्यो सेवा गर्न उसै दिन ।।४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुरा बुझें, कुरा जानी राम तर्फ पुऱ्याउन
वसेको रहिछस् क्यारे नत्र भन्थिस् यसो किन ? ॥५॥

लिएर शत्रुको पक्ष रामको दासले कुरा
गरे जस्तो कुरा गर्छस् रामकै रहने जरा ॥६॥

तीक्ष्ण बुद्धि भनी जानी माया जाल पढाउन
लाएको फल पाएं ल कृतघ्न भइछस् झन ॥७॥

उल्लङ्घन गरिस् आज्ञा नमारीकन छाड्दिन
राजाज्ञा मान्नु पर्ने हो प्रजाको अनुशासन ॥८॥

कालनेमि तुही भन्छ "विन्ती मन परेन छ
रिसानी माफ होस् राजन् ! भनेर हिंडि हाल्दछ ॥९॥

इन्द्र जाल गरी बस्दा फेरो छ चार कोशको
वातावरण शान्त छ त्यो तपोवन भूमिको ॥१०॥

मांसहारी, फलाहारी, शाकाहारी सबै जन
साथ साथ सबै वस्छन् धन्य हो त्यो तपोवन ॥११॥

नाम निशान नै छैन लोभ, मोह र शोकको
रीस, राग, हुंदै हुन्न भने क्रोध र द्वेषको ॥१२॥

तपोवन रच्यो राम्रो शिष्य राखी अनेकन
विभिन्न फलका वृक्ष तपस्या नै ठूलो धन ॥१३॥

हिम पर्वत फेदीमा विशाल हवन स्थल
स्वाहा स्वाहा चलेको छ भक्त वस्छन् निकै वर ॥१४॥

शेता दारी जटा जूट उपर्ना सब छन् शफा
ब्राह्मणहरूले वेदी हुने सम्म गरी शफा ॥१५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ठूलो यज्ञ गरे जस्तो विधान विधि पूर्वक
देख्दा क वहुतै शोभा पर्न लाग्दा छ क्यै धक ।।१६।।

श्रद्धा लाग्दछ देख्दैमा वाटाका वटुवा पनि
प्रदक्षिणा गरी ढोगी बाटो लाग्छन् कुनै मुनि ।।१७।।

माया द्वारा हुने सम्म तपोवन बन्यो ठूलो
लिएर हातमा माला फिराएर वन्यो भलो ।।१८।।

कमराडलु लिई साथ खरानी देहमा घसी
वकुल्ला भक्त भैं वस्न तत्कालै वनि गो ऋषि ।।१९।।

शिवजीको पुजा गर्छ "शिव शिव" भनी जपी
वस्यो माला फिराएर "शिव" भन्छ थपी थपी ।।२०।।

उड्दै जांदा हनूमान्लें देखि हाले तपोवन
"वाटो विर्से छु कि" भन्न लागे पवन नन्दन ।।२१।।

थिएन पहिले यो त अहिले देखिने किन ?
याद मलाई क्यै छैन भ्रम हुन गयो किन ।।२२।।

जे भयो लौ भई हाल्यो बुझ्न जान्छु तपोवन
सोध, पूछ गरौं के छ ? बुझी हाल्दछ यो मन ।।२३।।

"शङ्का लागे बुझी हाल्नू" भन्छन् जान्ने सबै जन"
हेल चक्रयाइ जो गर्छ धोकामा पर्छ त्यो जन" ।।२४।।

छ अप्त जनको वोलो, नाघ्न हुन्न कदापि ल"
भनी श्री हनुमान् ओर्ले "वुझ्दछु मात्र केवल ।।२५।।

देखे पछि ठुलालाई गर्नु पर्ने यथोचित
गरेर हनूमान् भ छन् "तिर्खाएको छु लौ मत ।।२६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"'पिऊ वावु ! तिमी पानी'' औंल्याएर कमराडलु
देखाएर उनी भन्छन् ''अनि जाऊ खुरू खुरू ॥२७॥

''तर क्यं छैन आत्तुरी आराम साथ जाउला
लक्ष्मण उठि हालेछन् जान्दछन् युद्धका कला ॥२८॥

राजा रावणको शक्ति-ले लछार्न सकेन छ
वीर लक्ष्मणको निति चिन्ता लिनु निरर्थ छ ॥२९॥

भूत, भविष्यको ज्ञान तपका वलले वुझ
वर्तमान त्यसै वुझ्छु ''राम केवल हुन् वुझ ॥३०॥

रामका नितिमा राजा रावण भुसुना न हो
कसरी युद्ध त्यो गर्छ व्यर्थै सीता हऱ्यो अहो !!! ॥३१॥

महौषधि तिमी लिन आएका व्हौ कि होइन ?
अहिलेलाई क्यै काम छैन तै पनि जाउ न ॥३२॥

अगाडि नै तिमीले नै द्रोणाचल लगी कन
वचायौ वहुतै ज्यान धन्य छौ वायु नन्दन ! ॥३३॥

त्यहो वखतमा धेरै महौषध लिया हुँदो
जगेडा राख्दथ्यौ व्हौ ता जान पर्दैनथ्यो कुदो ॥३४॥

त्रुटी सुषेणको हुँदा दुःख पायौ सुन्यौं ? बुझ
अव देखि कुनै केहि काम गर्नु लिऊ सुझ ॥३५॥

आन्हिक कर्म सिद्धयाई जति समय वच्दछ
जप्दछु शिवको नाम ज्ञानीले मात्र जान्दछ ॥३६॥

''हनूमान् तिमीलाई के भन्नु पर्दछ जान्दछौ
राम भन्दा कुनै अर्को ठूलो क्वै छैन वुझ्दछौ ॥३७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

म भन्दा पनि ठूला छौ रामका भक्तमा तिमी
तथापि सुन लौ मन्त्र तिमी हुन्नौ कुनै कमी ।।३८।।

जरी बूटी सबै चिन्छौ प्रभाव पनि बुझ्दछौ
प्रयोग गर्न जान्ने छौ जब यो मन्त्र जप्दछौ ।।३९।।

"यो कमराडलुको पानी थोरै हुन्छ मुनीश्वर
बताइ दिनु होस् वेश प्रशस्त छ जहां जल ।।४०।।

इन्द्र जालो गरी एक वटुलाई खटाइयो
लागे पछि हनुमान् त पानी निर्मल देखियो ।।४१।।

आँखा चिम्लेर निर्धक्क पिउँदा पिउँदै जल
मकरीले समातेर निल्न आटी सरासर ।।४२।।

हनूमान्ले यसो हेर्दा देखी मकरीको मुख
च्याते के गरी वाचो ए त्यो मरी हाली भयो सुख ।।४३।।

दिव्य रूप धरी अन्त-रिक्षबाट उ भन्दछे
"राम भक्त हनूमान्जी "धान्यमालो म" भन्दछे ।।४४।।

कुनै कारणले गर्दा शराप ऋषिको पर्‍यो
हजूरका हातबाट मर्दा शराप त्यो उड्यो ।।४५।।

जुन् तपोवन देख्नु भो मायावीबाट निर्मित
कालनेमि महामायी रावणबाट प्रेरित ।।४६।।

दिव्य औषधको निति विघ्न पार्न तयार छ
'बेला घर्ऱ्याउनै पाए वीर लक्ष्मण मर्दछ ।।४७।।

भन्ने उद्देश्य हो खालि मुनिको भेषमा ठग-
लाई मारेर तत्कालै दिव्यौषध ठुलो जग ।।४८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राम भक्त ! महावीर ! प्रभुको हातले छुदा
निष्पाप म भएँ ब्रह्म–लोक जान्छु भएं बिदा ॥४६॥

"किन ढीलो गरी आयौ ? दिन्छु मन्त्र तिमी सुन
दक्षिणा गुरुको देऊ विलम्ब नगरी कन ॥५०॥

"गुरुको दक्षिणा देऊ" यै हो" भनेर' एक मुक्कि को
टाउकोमा दिदा घुच्चा सच्चा त्यो
कालनेमिको ॥५१॥

रूपमा त्यो खडा भैगो युद्ध यो दुइमा ठूलो
नसके पछि के लाग्छ ठान्यो माया ठुलो भलो ॥५२॥

टुना मुना सबै जाल हुने सम्म गरी लड्यो
राम भक्त हनूमान्मा नलाग्दा प्राण नै दियो ॥५३॥

द्रोणाचल उचालेर रामको पाउमा परे
झट्ट पट्ट उडे वैद्य वूटी खोज्न छिटो अघीसरे ॥५४॥

मृत सञ्जीवनी एक विशल्य करणी अनि
सावर्ण्य करिणा तेस्रो सन्ध्यानी सुकुटी पनि ॥५५॥

चारै वूटी कुटी काटी गर्नु पर्ने सबै गरे
सुषेणले गरे काम पीर बाधा सबै मरे ॥५६॥

"पर्खौ रावण ! भाग्लास्तँ" भनेर वीर लक्ष्मण
धनु वाण लिई ठिङ्ग देख्दा सुग्रीवको गण ॥५७॥

वुलुक्क उफ्रिए सारा "वीर लक्ष्मणको जय"
भन्दै नाचेर गाएर भन्छन् "श्रीरामको जय" ॥५८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१४) सन्दर्भः– रावण कुम्भकर्णलाई उठाउने आज्ञा दिन्छ

भाइ लक्ष्मणको चाल देखेर रघुनन्दन
तालु सुघी खुसी साथ सुन पवन नन्दन ।।१।।

तिम्रो सामर्थ्यले गर्दा देखें कुशल लक्ष्मण
सुषेणको शोप देख्यौं ? हाम्रो छ शुभ लक्षण ।।२।।

मित्र सुग्रीवको भाग्य मन्त्रीमा हनुमान् वर
सुषेण बुद्धिमान् उस्तै वैज्ञानिक धुरन्धर ।।३।।

दुवैको बल बुद्धिले भाइ लक्ष्मण यी वचे
सवै राक्षसको वंश अवश्य अव लौ किचे ।।४।।

जाम्ववान् हनुमान् वीर छिद्र जान्ने विभीषण
मायावी शत्रुको नाश गर्छन् भाइ यी लक्ष्मण ।।५।।

विभीषण र सुग्रीव गर्दछन् युद्ध योजना
ढुङ्गा मूढा वसार्दा छन् युद्ध गर्छन् सवै जना ।।६।।

रामको वाणले गर्दा भाग्यो घायल रावण
तिरस्कार हुँदा राजा निदाउरो छ आनन ।।७।।

आफ्नो मन मनै भन्छ आएछ मृत्युको दिन
उहिलेका कुरा सम्झी दिग्दार हुन्छ रावण ।।८।।

"ब्रह्माजीले भन्नु हुन्थ्यो अघि "राजा दशानन',
मानिसवाट नैं तेरो मृत्यु हुने छ हो सुन" ।।९।।

मलाइ मार्न सक्ने यो भवमा को छ मानव
भने जस्तो लाग्दथ्यो लौ राम जन्मेछ यो नव ।।१०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो नारायण साक्षात् हुन् मलाई मार्न मानव–
रूप लिएर जन्मेका कस्तो हुन गयो शिव!!! ॥११॥

इक्ष्वाकु वंशमा एक अनरण्य थिए नृप
शरापेर तिनी भन्थे शेखी जानेछ लौ खप ॥१२॥

मेरो नै वंशमा विष्णु अवतार लिएर नै
पृथ्वीको भार हर्नेछन् तेरो मृत्यु अवश्य नै ॥१३॥

छोरा, नाति सबै तेरा इष्ट मित्र भए जति
मेरो नै वंशले तेरो नाश हुन्छ भए जति ॥१४॥

शरापेर गए स्वर्ग राम जन्मे यी नै त यो
यिनैले मारि हाल्ने छन् तेरो काल अवश्य यी ॥१५॥

मरी बांकि वचेका ती राक्षस लिइ रावण
सभामा भन्छ ओइ वीर मर्का पीर सबै सुन ॥१६॥

बुद्धिमान् कुम्भ कर्णँ छ सुत्न मात्र रूचाउने
उठाएर यहाँ ल्याओ "गर्ने काम गरे हुने" ॥१७॥

कुम्भकर्ण उठाउन फौज जान्छ कुम्भकर्ण सुत्ने खोपी

भूइतले ठुलो कोठा पूर्व पश्चिम उत्तर
दक्षिण चार ढोका छन् हात्ति छिर्ने सरासर ॥१८॥

जता हेर्‍यो उतै झ्याल उज्यालो छ झला झल
घाम छिर्छ सबै ठाम वातानुकूलको घर ॥१९॥

चित्र विचित्रका बुट्टा भित्ता देखिन्छ सुन्दर
लता र वृक्षका चित्र ज्यादैनै छ मनोहर ॥२०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विश्रवाको ठूलो चित्र वायां तर्फ छ कैकसी
राजा रावणको चित्र साच्चिच झैं छ पिसो थसी ।।२१।।

तस्वीर छ कुम्भकर्णको वृहज्ज्वाला छ साथमा
साच्चिकै हुन् भने जस्ता शीप धन्य छ हातमा ।।२२।।

शान्त स्वभावका सौम्य चित्रमा छन् विभीषण
सरमा सुन्दरी नारी देखिने शुभ लक्षण ।।२३।।

हिमको चुचुरो अग्लो त्यहि नै देखन पाइने
सबै समुद्रको नक्सा उर्लेको पनि देखिने ।।२४।।

दुर्लभ पशु पक्षीका चित्रलेर भराभर
सारा संसारको नक्सा लर्लङ्ग मनोहर ।।२८।।

खेती पाती कहाँ हुन्छ मरू भूमि छ लौ कहाँ
भित्तामा सब देखिन्छन् ठूला जङ्गल छन् जहां ।।२६।।

झर्ला, पर्वतको माला ताल धेरै विशाल छन्
ठूला ठूला नदी बग्छन् खोला खोल्सा अनेक छन् ।।२७।।

भित्तामा जति देखिन्छन् ती सबै चित्र हुन् तर
साच्चिकै हुन् भने जस्ता शीप कै हुन् हुन् सबै भर ।।२८।।

चार वाहां पनी भन्दा गोलाकार सबै ठुला
साह्रा साह्रा दुइ मुड्ग्रा ढोकै पिच्छे त छन् शिला ।।२९।।

थुक्का जस्ता ठुला छ्याम्पा मदिराले टनाटन
"सर्वोत्कृष्ट सुरा भन्छन् पिउने ठान्दछन् गुण ।।३०।।

भित्तामा झूण्डिएका छन् खुडा, तर्वार, वञ्चरो
मणि मणिक झल्कन्छन् वीणा ज्यादै ठूलो दरो ।।३१।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भाला, त्रिशूल छन् उत्त ढाल छन् थरिका थरी
धेरै किसिमका लाठा एउटा ठाममा भरी ।।३२।।

विभिन्न थरिका पाश लत्रिएका यता उता
शक्ति र वाणको थुप्रो धनुका ताती छन् यता ।।३३।।

हीरा र मणि जूहार मोतीले छ झला झल
पगरी राखिएको छ किरीट अति उज्ज्वल ।।३४।।

कवच कम के हुन्थ्यो आखा नै तिर्मिराउछ
पोशाक झुण्डिएका छन् सभाका निति युक्त छन् ।।३५।।

राजाका भाङको खोपी देख्दा सुन्दर झकमक
अष्टदिक्पालको भन्दा बढ्ता देखिन्छ है टक ।।३६।।

सजाउ खाट देखिन्छ ठूलो टार समान छ
कुम्भकर्ण सुतेको छ ध्वार र घुर्र घुर्दछ ।।३७।।

कुम्भकर्णलाई उठाउछन्

राजाज्ञाले गए धेरै कुम्भकर्ण उठाउन
राज बाजा बजाएर निद्राबाट जगाउन ।।३८।।

झ्याल, ढोका सबै खोले पड्काए तोप फौजले
टङ्कार धनुको धेरै गरे राक्षस फौजले ।।३९।।

ढोकाबाट पसे फौज घच्घच्याए सबै मिली
हात गोडा निकै ताने औंला ताने निकै चली ।।४०।।

पेट माथि चढी उफ्रे मुङग्राले कतिले चुटे
गाम्रो झैं कान क्वै तान्छन् जूगा तानेर क्वै डटे ।४१।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुम्भकर्ण त निद्रामैं वायां हात चलाउंदा
कति राक्षस झुण्डिए लडे हात पसारदा ।।४२।।

जवान कति किच्चिए घाइते कतिका भए
मुङ्ग्रो फुत्केर लाम्दा त निकै यम पुरी गए ।।४३।।

दायां हात झटार्दा त मुराटाको भरमा परे
भित्तामा ठोकिए धेरै कुनै त्रिशूलमा परे ।।४४।।

"लोवित्यास पर्‍यो चांडै न ब्युझ्याइ भएन ल
हामी सब मिलौं भाइ ! एकै वाजी गरौं बल ।।४५।।

सावधान भए सारा वैरिए एक चोटि नै
तोप पड्के छुटे मुङ्ग्रा वजे वाजा हिडे कुनै ।।४६।।

अपूर्व घटना पर्दा निद्रामा कुम्भ कर्णको
अङ्ग प्रत्यङ्गको चाल हुंदा सोत्तर फौजको ।।४७।।

कुनै मूर्छा परे कोहि मृत्युको वशमा परे
अङ्ग भङ्ग भए कोहि बांकि अचम्ममा परे ।।४८।।

क्यै गरे पनि क्यै पत्ता लागेन हेर भाइ हो !
मरे कति जना हेर थाक्यौं हामी पनी अहो ! ।।४९।।

पसिना आइ निथ्रुक्क भयो शरीर लौ भिज्यो
हात, गोडा सबै थाके शरीर पनि लत्रियो ।।५०।।

"वसौं गरौं सुरा पान केहि सितान खाउन
आरामको साथ साथै गर्ने काम टुङ्ग्याउन" ।।५१।।

शिरोपर गरी आज्ञा भिन्ना भिन्नै दिए मत
जगाउन कुनै राम्रो क्यै भएन खतोखत ।।५२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ह्रात जोडी शिरो भाग नुहाएर अघि सऱ्यो
बुज्रुक एउटा निस्की विन्ती आखीरमा गऱ्यो ।।५३।।

कसैले माथमा च्यापौं वाहु, पाउ सबै थिचौं
पाशो कम्मरमा लाग्रौं छातीमा बेसरी किचौं ।।५४।।

मुख, नाक थुनौं च्याप्प श्वास फेर्न कतै नद्यौं
अनि जागा भइ हाल्छ यहि काम मिली गरौं" ।।५५।।

सुरामा थपिदा जोस हां हा हाँ मा सबै मिले
चुचो मुचो सबै मिल्दा त्यसैनै सवले गरे ।।५६।।

थुनिदा श्वास निद्रामा अङ्ग, प्रत्यङ्ग झड्किए
कुम्भकर्ण भयो जागा छ्यान्न व्यान्न सबै भए ।।५७।।

ढालमा वँच्चिदा कोहि त्यसै तिनीहरू मरे
ढाल खस्दा त ती मल्ल अरू हरू उसै मरे ।।५८।।

तर्वारमा कुनै पर्दा चिरिए घाइते भए
खुडामा टाउको पर्दा यसै यम पुरी गए।।५९।।

तालुवाट छिरी भाला च्यापुमा निस्कनेहरू
प्याक्क प्याक्क गरी चांडै मरी हाले कठै अरू ।।६०।।

धनुमा ठोकिदा ताँदो चुंडेर धनु घोचिदा
मर्ने र घाइते वन्ने भित्तामा मात्र ठोकिदा ।।६१।।

खसेर पगरी झर्दा किरीट पनि टुक्रियो
एउटाले गऱ्यो विन्ती राजाज्ञा पालना गऱ्यो ।।६२।।

(१५) कुम्भकर्ण रावणकहां गएर चित्तले ठानेको कुरा गर्दा रावण रिसाउंछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दाजु रावण राजाको पाउमा दण्वत् गऱ्यो
"चिरञ्जीवी भए वावु !" राजा रावणले भन्यो ॥१॥

"वस भन्दा" हात जोडी कुम्भकर्ण पनी बस्यो
आयौ वेस भयो भाइ ! ठूलो दुःख पऱ्यो" भन्यो ॥२॥

राम लक्ष्मणले पूल तयार गरि सागर
तारे सुग्रीवको फौज लङ्का भित्र सरासर॥३॥

बस्यो वानरको फौज फौज ठूलो असंख्य छ
हाम्रा साथ पऱ्यो युद्ध अहिले सम्म जारि छ ॥४॥

शत्रु पक्ष भने केहि हानि नोक्सान क्यै पनि
भएको छैन देखिन्न विभीषण भयो खुशी ॥५॥

अफिसर मरे कयौं सेना पति पनि मरे
आठै मुख्य मरे मन्त्री असंख्य फौज तो मरे ॥६॥

मै माथि पनि हेभाइ बुझ्यौ आपत् ठूलो परें
पुत्र, पौत्र, सबै वन्धु वान्धव युद्धमा मरे ॥७॥
हेर्छौ भने तिमी यत्र खोलेका देख्न सक्तछौ
यो यो कति भनौं आपनैं विपक्षी पनि देख्दछौ ॥८॥
कस्ता वीर थिए भनू पर्दैन आफू जान्दछौ
इष्ट, मित्र थिए कस्ता हेर्नमा सब बुझ्दछौ ॥९॥
राम, लक्ष्मणले हाम्रो राक्षस कुलको जरो
मारी मेटी सबै मास्न आंटेकाछन् बुझ्यौ कुरो॥१०॥
"भाइ भए भरोसार गाई हुँदा त गोरस"
झूटो उखान के हुन्थ्यो ? तिमीलाई हुने यश ॥११॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो मेरो काल आएछ मैले के गर्नु पर्दछ ?
भने कर्तव्य के तिम्रो ? तिमीले गर्नु पर्दछ ? ।।१२।।

यो सारा शत्रुको नाश गर भाइ सरासर
दाजुको निंतिमा भाइ ! गर यो काम दुस्कर ।।१३।।

निद्राबाट जगाएर महावीर ! गुणाकर !
बोलाउन पठाएको पूरा काम तिमी गर" ।।१४।।

दुःखी वचन राजाको सुनेर कुम्भ कर्णले
ठक्टा गरेर त्यो हास्यो खित्का छोडेर जोडले ।।१५।।

राजन् ! अघि सभामा नै देखेको ब्रह्मले सबै
बिन्ती चढाइ हालेथें चढेन पाउमा दुबै ।।१६।।

अहिले सम्म जो जति मुलूक जितिए जति
टुङ्ग्याउँथ्यो सभाले नै भएन कहिले खति ।।१७।।

घोषणा गरि बक्सिन्थ्यो कस्तो हुन्छ प्रतिक्रया
जनताको मतो के छ ? लङ्का माथि गरी दवा ।।१८।।

लङ्काको कसरो हुन्छ भलोको निंतिमा सभा
खारी निर्णय के हुन्थ्यो "अनि यस्लाइ लौ नि भा" ।।१९।।

एको मतो सबै हुन्थ्यो धावा मुलुकमा गर्यो
जिते पछि त लौ अर्कै देश जित्न उतै बढयो ।।२०।।

कतै कुनै एक योद्धा मरेमा त्यसको यश
सारा संसार फैलिन्थ्यो "सारा भन्थे घुडा धस" ।।२१।।

राजा रावणको हैन लङ्काको स्वार्थ एउटा
मनै देखि भएकाले अनि भन्थें "ठटा ठटा" ।।२२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हृयाकुलाले उसै हेर्थे शत्रुलाइ घुंडा घसी
झुस ठानी तिनी भन्थे "युद्ध गर्दछ को छुसी ?" ।।२३।।

नेतृत्व प्रभुकै हुन्थ्यो लड्थ्यो राक्षसको गण
जीत बाजी हुमे हाम्रै गीत गाउँदथे जन ।।२४।।

यसैं गरी गरी सारा अष्ट दिक्पाल नै गिरे
देवराज पनी लत्रे त्रिलोकै वशमा परे ।।२५।।

भलो जे देशको हुन्थ्यो मनले जब बुझ्दथे
बुद्धिले देख्दथे जे ही खुलस्त भन्न पाऊथे ।।२६।।

देशको नितिमा बोल्न नियन्त्रण थिएन क्यै
अनि देश उभो लाग्यो जे भए पनि क्यै न क्यै ।।२७।।

अलि अलि यस्तो गर्दा जनमा हौसला बढ्यौ
देश आखीरमा हाम्रो लङ्का शिखरमा पुग्यो ।।२८।।

सीता हरणको निंति सभामा के कुरा चल्यो ?
बहिनीको कुरा मात्र मान्नाले यो दशा भयो ।।२९।।

सीता हजूरको हूंदा लङ्कालाई छ के भन्नो ?
व्यक्तिको लाभमा यस्तै हुन्छ है सत्य यो कुरो ।।३०।।

अनि राजा खूसी मात्र पार्ने कुरा भए सब
राजा काहाँ हँ मा लागे भारदार सबै जन ।।३१।।

जन मानस्ले ठान्यो व्यति क्रम त्यहि क्षण
शत्रु पट्टि भए आफ्नै खुद भाइ विभीषण ।।३२।।

भित्रीयाहरूको भाव खोक्रियो अनि मक्कियो
बोक्रा मात्र हुँदा ताजा देश सङ्कटमा पर्‍यो ।।३३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर्गकी अप्सरा हैनन् सीता खास पति ब्रता–
माथि राजन् ! गयो वुद्धि जाने रावण ! लौ कता ?।।३४।।

वालीको झापुमा पर्दा मल्लका पाखुरा दरा
हुँदा सन्धि भयो राम्रो युद्धको यो परम्परा ।।३५।।

हजूरको ठुलो मित्र वालीको भाइको बल
रामका तर्फछन् आज कटि वद्ध वुझ्यौं खुव ।।३६।।

यता हजूरका भाइ पनी छन् राम तर्फमा
अक्षकुमारको मृत्यु वीर अङ्गद राममा ।।३७।।

विपरीत भयो कस्तो यस्तामा सन्धि उत्तम
सीता लिई राम जाउन् मर्यादा पुरुषोत्तम ।।३८।।

पहिले पनि यै विन्ती गरेथें अहिले उहि
विन्ती गरें महाराज ! द्विरुक्त दोष भो यहि ।।३९।।

रातमा वनको ठूलो चिप्लेटी माथिमा थिएं
उपर्खुट्टी लगाएर हातको तकिया लिएं ।।४०।।

नीलो सागर झै ठूलो आकाश अति निर्मल
वीचमा चन्द्रमा शंता गोलाकार मनोहर ।।४१।।

रात घोर मुखी काली चन्द्रको साथमा कवि
भन्छन् देखेर यी पृथ्वी हासिन् किरणमा डुवी ।।४२।।

दिव्य तेज ठुलो थुप्रो आँखाको नानिले पिएँ
नारद ऋषि आएका–देखी आश्चर्य मैं भएँ ।।४३।।

"कताबाट ऋषे" भन्दा दिव्य दर्शनले भने
"गुप्त देव सभामा नै बसेको म थिएं भने" ।।४४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"के के कुरा भयो भन्दा" साक्षात् नारदले भने
"साक्षात् श्री विष्णुको पाउ,–मा परी देवले भने ।।४५।।

श्रद्धा र भक्तिका साथ साक्षात् श्री जगदीशको
स्तुति, पाठ गरी पूजा, रावण कुम्भकर्णको ।।४६।।

कुकर्मबाट हे विष्णो ! देव, ब्राह्मणले सबै
पाएको दुःख जे जे थ्यो पाप कर्म सने सबै ।।४७।।

देव, ब्राह्मणका काँढा हुन् तीन लोकका
जिउदै मासु खान्छन् ती नारी ब्राह्मणका शिर ।।४८।।

देवताका जरा काट्छन् काट्छन् ब्राह्मणका शिर
ऋषिका टाउका झार्छन् सबैमा पार्दछन् पिर ।।४९।।

मनुष्यका हातबाट तिनको मृत्यु हुने हुँदा"
"तथास्तु जान है" भन्दा फर्किए ती भई विदा ।।५०।।

रघुका कुलमा जन्म लिइ,–राक्षस कत्तल
अनि रावण मारिन्छ मारिन्छौ कुम्भ कर्ण ल" ।।५१।।

भनी नारद जानू भो "आए छ दाजु त्यो दिन
हाम्रो गए छ है बेला मार्दछन् राम लक्ष्मण ।।५२।।

रामलाई पर ब्रह्म जानी बक्स्योस् सनातन
वैरभाव सबै छोड्नोस् भज्नु होस्न दिई मन ।।५३।।

मायाले नरको रूप लिएका जगदीश हुन्
राम जप्दछ त्यो देखी खुसी हुने यिनै त हुन् ।।५४।।

भक्तिबाट हुते ज्ञान ज्ञानले मोक्ष पाइने
विना भक्ति गरे काम गरेको नगर्‍यै हुने ।।५५।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अवतार भए कैयौं भगवान् विष्णुको यहाँ
अवतारै पिछे काम भएका छन् जहाँ तहाँ ॥५६॥

शिव स्वरूप हो ज्ञान,– मय छ करुणाकर–
"रामवतार हज्जारौं अवतार वरावर ॥५७॥

मन वचनले राजन् ! भगवान् राम चन्द्रको
नाम जप्दछ जो भक्ति–ले रात दिन भक्तको– ॥५८॥

वाटो खुल्दछ संसार सजिलै पार गर्दछ
अनि श्री विष्णुको धाम परम पद पाउँछ ॥५९॥

रामको नाम जो जप्छ रामको गर्छ कीर्तन
भजन रामकै गर्छ राममा दिन्छ जो मन ॥६०॥

रामको ध्यान जो गर्छ चरित्र पढ्छ रामको
संसारबाट ती मुक्त हुन् छन् ती प्रिय रामको ॥६१॥

कहिले ग्रीष्मको घाम जाडो आउँछ पौषमा
पानी वर्षन्छ वर्षामा खडेरी पर्छ जेठमा ॥६२॥

दिन लामो भई हाईं हाईं मात्र छ आउने
दिन छोटो, हुने, रात लम्बिने, रात छोट्टिने ॥६३॥

हुने हुनाम जे हुन्छ भन्न सक्तछ को जन ?
टारेर टर्न सक्दैन संसार परिवर्तन ॥६४॥

समयै हो सवै गर्ने विचित्र कालको गति
उसैको खेलमा नाच्छन् सूर्य तारा भए जति ॥६५॥

"जे हुँदैन उही हुन्छ" भनी ठान्दछ वैगुनी
मन त्यै गर्न चाहन्छ "बुद्धि कर्मानु सारिणी" ॥६६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धर्म र न्यायले युक्त व्यवहार समेतको
चल्दो, मिल्दो भलो गर्ने उचित कुम्भ कर्णको ।।६७।।

कुरा सुन्दा पनी जाग्यो रीसले मुर्मुराउदै
राता राता भए आंखा दाह्रा कीटेर कुर्लदै ।।६८।।

आंखी भुयी भए टेढा हुदै गएर खुम्चिदा
उफ्रि हाल्छ कि क्या जस्तो भयो रावण देखिदा ।।६९।।

बुद्धि, विज्ञान जस्तै होस् विद्याले होस् विभूषित
बल र जनले युक्त कत्रै न होस्न पाण्डित ।।७०।।

विवेकले ठाम छाड्दा घमण्डी हुन्छ त्यो नर
एकोहोरो भई हाल्छ अनि हुन्छ भयङ्कर ।।७१।।

अनि होश हवासैनै उडी हाल्दछ तत्क्षण
उच्छृङखल भई होचो ऊचो देख्दैन त्यो नर ।।७२।।

संसारमा सबै भन्दा ठूलो हूँ भनी ठान्दछ
हितैषीको कुरा सुन्ने वानी नै उडि हाल्दछ ।।७३।।

"विउझ्याएर ल्याएको "कुम्भकर्ण तिमी सुन
तिमीलाई छ के भन्नू ? भनी भन्दछ रावण ।।७४।।

"बुद्धिमान्छौ तिमी बुझ्छु तिम्रो विद्वत्तता अनि
म जान्दछु बुझ्यौ भाइ ! शूरा छौ बलिया पनि ।।७५।।

ज्ञानो पदेशको निति ल्याएको पनि होइन
ज्ञानी, ऋषि तिमी ह्वै नौ उपदेश दिनू किन ? ।।७६।।

मैले यो युद्धको काम गरेको ठिक ठान्दछौ—
भने यदि भए इच्छा गर युद्ध शिपालु छौ ।।७७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अन्यथा सुत्न जाऊ वा अहिले नै सरासर
निद्राले झ्यांके जस्ता छौ तिमी ठेगान लौ गर" ॥७८॥

(१६) सन्दर्भः– कुम्भ कर्ण युद्धमा जांदा

रिसाएको बुझी राजा कुम्भकर्ण तुरुन्त नै
जुरुक्क त्यो उठी हाल्यो उपर्नासाथमा जनै ॥१॥

कसी कम्मर धोतीले हिंडि हाल्यो र उफ्रियो
पर्खाल फड्किइको हाल्यो लम्कियो र निकै गयो ॥२॥

ठूलो राक्षसको फौज दौडा दौडी गरी पछि
लाग्दा लडेर कुल्चिन्छन् रक्तमा मुछिए पछि ॥३॥

शत्रुबाट मरेका र आफैं कुल्ची मरे कति
हीलो रगतमा लाश लाश माथि परे कति ॥४॥

असिना, पसिना गर्दै फौज लागे निकै पछि
लाग्दा रगतमा चिप्ली लाश माथि परे पछि ॥५॥

टाउकामा कुनै टेक्छन् गीड माथि फटाफट
बोसो रगतको हीलो,–मा हिड्छन् के गरी भट ॥६॥

रगत माथि उत्रेको बाजुका साथ पाखुरा
मणि, मणिकले युक्त धेरै पगरी छन् खुला ॥७॥

झटा झट गरी हिड्दा खुंडाले काटिंदा धुंडा
लम्पतार त्यहीं पर्छन् कुल्चिदा ती हुने मुडा ॥८॥

भागा भाग गरे स्याल मुखले च्यापि पाखुरा
साथ टोकेर क्वै दौडे झुक्कि हाले नि पयाउरा ॥९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वथान गिद्धका उड्दा छाता भो रण भूमिको
दिशा नठम्मिने भैगो फौज उड्दा त काकको ।।१०।।

उत्ताको रथको घोडा, हात्ती, खच्चर, ऊटमा
फटा फट गरी टेकी जाँदा पुगे ती ठाममा ।।११।।

सबै वानरको फौज,– लाई तर्साउने गरी
ठूलो आवाजमा कुल्र्यो कुम्भकर्ण त वेसरी ।।१२।।

हात धक्याउदा सारा पाऱ्यो वानर सोत्तर
खुट्टा लत्याउदा पाऱ्यो मुण्टाको भर वानर ।।१३।।

लडी, वुडी गरी खेल्यो फौजको बीचमा पुग्यो
यूथपतिहरूलाई हीलोमा वेसरी धस्यो ।।१४।।

टपाटपी गरी टिप्यो मुखले सल्सली निल्यो
पीठ धक्याउदा सारा फौज वानर पिल्सियो ।।१५।।

मुडग्रो तेर्स्याउदै दौड्यो हाहाकार पऱ्यो ठुलो
भाग्दा वानरको सेना खेद्दथ्यो ठान्दथ्यो भलो ।।१६।।

जता जान्छन् उतै खेद्दथ्यो कुल्ची हुत्याई मार्दथ्यो
बांह्रा भरी संगेटेर निमोठीकन फाल्दथ्यो ।।१७।।

"काट, मार न लौ ढाल समाती दुइटा पद
चिरो दांया उता वांया फ्याकेर रणमा कुद ।।१८।।

भालैले रोपि झुण्ड्याओ ढोलैले ठोक टाउको
खुंडा वजार घोटीमा नानि नै फोर नेत्रको" ।।१९।।

कुनै काटेर उफ्रिन्छन् मारेर अघि वढ्दछन्
"सिद्ध्याइ हाल ऊ आयो नपाओस् भाग्न भन्दछन्" ।।२०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ढुङगा वस्युँन्न के हुन्छ? तिल जस्तै वरावर
ठानी अगाडिनै वढ्छन् कुम्भकर्ण सरासर ।।२१।।

यता सोत्र्यान्न पल्टन्छ पाछ्र्छ वानर सोत्तर
वांहाले मुखमा हाली दांतले पाछ्र्छ मर्मर ।।२२।।

सोसेर हातले च्यापी काखीमै थिचि मार्दछ
सोरसार गरी दांया बांया गरेर वढ्दछ ।।२३।।

हिड्दैमा पनि किच्चिए फाल्दैमा कति मुन्टिए
टिपी आकाशमा फाल्दा झर्दा ती कति मारिए ।।२४।।

विशाल युद्धमा त्यत्रो दौडन्थ्यो कसि कम्मर
फर्कंदा गति गैंडाको,– लिई देखाउदै डर ।।२५।।

मुङगाको तोड त्यो ठान्थ्यो "चिल् चिल्याइन मर्दछ"
हीलो रगतमा खेल्छ वेसरी आङ माड्दछ ।।२६।।

दौडा दौड गरी घेर्छन् मौका छोपेर वानर
कान टोक्छन् झटारेर चिथर्न थाल्दछन् शिर ।।२७।।

सहे जस्तो पनी गर्छ नटेरीकन बस्दछ
बोसो, रगतको लेदो छ्यापी छ्यापी धपाउछ ।।२८।।

कुम्भकर्ण र विभीषण

शान्त स्वभावका सभ्य सत्यवादी जितेन्द्रिय
शेता, धोती, उपर्नाले देखाउदछ निर्भय ।।२९।।

"राम राम" जपी नित्य मन माझेर निर्मल
प्राणी माथि दया गर्ने देखिन्छन् अति सुन्दर ।।३०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राम माथि गरी भक्ति गर्ने भजन कीर्तन
रोस राग, सबै छोडी तुच्छ ठान्छन् तिनी धन।। ३१।।

मायावीका सबै जाल झेल कपट जान्दछन्
विज्ञानका सबै तत्व लङ्काका सब बुझ्दछन् ।।३२।।

अनित्य सब संसार शरीर क्षण भङ्गुर
सुख भोग सबै भन्दा साच्चै यी हुन् भयङ्कर ।।३३।।

जान्दछन् युद्धका भेद हातमा त छ मुद्गल
राम चरणको धूलो,-ले भविष्य छ उज्ज्वल ।।३४।।

शिरदेखि तलसम्म देखिने शुभ लक्षण
सरासर त्यहीं आए कान्छा भाइ विभीषण ।।३५।।

दाजुका पाउमा ढोगी भन्छन् "वीर ! महामते !"
"विभीषण" प्रभो "मैं हूँ" दया गर्नोस्न हे पते ! ।।३६।।

राजालाई गरें विन्ती "सीताजीलाई सुम्पिनोस्"
रामका पाउमा हीरा मणि माणिक राखियोस् ।।३७।।

जानी बक्स्योस् महाराज ! श्रीराम परमेश्वर
सृष्टि, स्थिति, प्रलयका साक्षात हुन् जगदीश्वर ।।३८।।

भन्दा सुन्नत वयं पर्थ्यो उल्टो मार्ने तयार भो
पापीका बीचमा बस्ने राजा त यमराज भो ।।३९।।

सभाका बीचमा लात ठोके "धिक्कार निस्किजा"
"अन्यथा प्राण नै जाला देखिस् तर्वार यो तं जा" ।।४०।।

भन्दा मेरो चार मन्त्री लिएर साथ रामको
शरण गर्न आएँ म सेवा गर्न श्रीरामको ।।४१।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भाइलाई अङ्कमाल गरेर कुम्भ कर्णले
"चिरञ्जीवी भए भाइ ! साक्षात् राम प्रसादले ।।४२।।

गरे है कुलको रक्षा गर राक्षसको हित
भगवान्का तिमी भक्त ह्वौ जान्द छु खतोखत ।।४३।।

अघि नारद जी भन्थे "तिम्रा भाइ विभीषण
भगवान्का ठुला भक्त हुन् जान शुभ लक्षण ।।४४।।

अन्यथा कसरी हुन्थ्यो भाइ ! नारदका कुरा
मिल्दै जुल्दै सबै आएछ मक्किएछ सबै जरा ।।४५।।

अहिलेलाई लौ जाऊ, आँखा क्यै पनि देख्दिन
यो मेरो यो पराई हो जान्न क्यै पनि सक्तिन" ।।४६।।

शिरोपर गरी आज्ञा फर्की आए विभीषण
रामको पाउको सेवा गर्न थाले दिई मन ।।४७।।

रोकियो युद्ध यो बेला दाजु र भाइका कुरा
चलुन् जेल सबै ठप्प "यो हो युद्ध परम्परा ।।४८।।

कुम्भकर्ण वध

"लौ काट मार लौ हान" फौज राक्षस भन्दछन्
सबै वानरको फौज "रामको जय भन्दछन् ।।४९।।

मत्ता हात्ती सरी कुम्भ-कर्ण वानर फौजमा
हात लात र मुड्काले घुमेर रण भूमिमा ।।५०।।

कत्तल फौजको गर्दै फननन्न घुमी गदा
फौज सोत्तर पारेर चारै तिर घुमाउँदा ।।५१।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जता जान्छ उतै हा हा पारेर कुम्भ कर्णले
खेदी हैरान पारेको देखी श्रीराम चन्द्रले ।।५२।।

धनु, वाण लिई वढ्दा भने "श्रीरामको जय-
जयकार" भनी भन्छन् "गर्छौं राक्षसको क्षय" ।।५३।।

"हा हा" गरी हाँसेर कुम्भकर्ण निकै बढ्यो
"ठिटो यो कलिलो राम मेरो नै हातमा पर्‍यो" ।।५४।।

श्रीरामले जपी मन्त्र वायव्य अस्त्र छोडियो
दगा सहितको दायां हात नै टुक्रिई खस्यो ।।५५।।

असरल्ल परी पस्यो त्यो हात रण भूमिमा
हातले किचिए धेरै वानर त्यहि ठाममा ।।५६।।

हात खस्दा भयो पीडा करायो घोर शब्दले
रण भूमि पनी थर्किन् ठुलो शब्द र तोडले ।।५७।।

विशाल सालको वृक्ष झटारो हान्न तावदथ्यो
ऐन्द्र अस्त्र जपी छोड्दा वायां हात पनी खस्यो ।।५८।।

वरि परि रहेका ती राक्षस अनि वानर
भय भीत भई सारा युद्ध हेर्थे दुवै थर ।।५९।।

दुइटै हात काटेको पनि गर्जी भयङ्कर
कुम्भकर्ण यतै सर्दै आएको देखि सत्वर ।।६०।।

चन्द्रको अर्ध आकार दुइटा वाण छोडदा
रहन्थें के गरी खुट्टा रामको वाण वज्रदा ।।६१।।

ठूलो शब्द गरी खुट्टा संग्राम लाइ नै चिरे
छिट्टिएर जांदा त लङ्काको द्वारमा गिरे ।।६२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काट्दिा हात खुट्टा नै कुम्भकर्ण त तै पनि
भयानक भयो ज्यादा "तँ लाइ खान्छु लौ भनि ।।६३।।

हिन् हिन्याएर घोडा झैं मुख वाएर सत्वर
श्रीराम चन्द्रलाई नै निल्न आयो भयङ्कर ।।६४।।

श्रीराम चन्द्रले त्यस्को मुखमा वाणले भरी
भराउ पार्नु भो कुम्भ,-कर्ण तै पनि वेसरी ।।६५।।

कराइकन चिच्यायो सुन्नै नसकिने गरी
वोसो, रगतको कुण्ड थचल्क्यो वेसरी चली ।।६६।।

जूहार मणिको शोभा, पगरीमा छ उज्ज्वल
किरीट जम्किलो उस्तै त्यै हो पगरीको शिर ।।६७।।

नील मणि र मोतीले खचाखच छ सुन्दर
कान सुहाउदो ठूलो देखिने दुइ कुण्डल ।।६८।।

ठूलो पर्वतको थुम्को जस्तो ठूलो छ टाउको
मुख गाजलको थुम्को जस्तो छ कुम्भकर्णको ।।६९।।

श्रीराम चन्द्रको वाण लागेर छुट्टियो शिर
उछिट्टिएर लङ्काको ढोका पुगेछ आखिर ।।७०।।

टार जस्तो ठुलो मूडो उफ्रि सागरमा डुव्यो
छताछुल्ल भयो पानी मारता जन्तुमा पऱ्यो ।।७१।।

ढोका वन्द हुदा जान-आउन पनि वन्द भो
दुःख वाधा सवै वेरै लङ्कामा हुन सम्म भो ।।७२।।

संसारमा पुग्यो हल्ला "कुम्भ कर्ण मऱ्यो" भनी
उफ्रयो वानरको सैन्य "रामको जय होस् भनी ।।७३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सनातनीहरू श्रीरामको दर्शन गर्न आउछन्

ऋषि, मुनिहरू आए शिष्य, पशिष्य साथमा
वेद मन्त्र पढी भन्छन् "आशीर्वाद छ राममा ।।७४।।

देवताहरू आकाश,-वाट फूल छरी तल
वर्षदै रामको पाऊ-मा परी वस्दछन् पर ।।७५।।

पुष्पाञ्जलि छरी नाची गन्धर्व, अप्सरा झर्र
नाग कन्या लिइ नाग राम चरणमा परे ।।७६।।

सिद्धका जति माला छन् रामका कण्ठमा परे
लम्बीएर कटीसम्म शोभिएर निकै झुले ।।७७।।

यक्षका तातिका ताति फूल टिपेर सञ्चय-
गरी गांसी चढाएर भन्दछन् "रामको जय" ।।७८।।

किन्नर सब जम्मा भै अघि लहर वढ्दछन्
पुष्पमाला चढाएर खुरुरु पछि हट्दछन् ।।७९।।

सुरिलो स्वरका साथ मालामा हस्त कौशल
मसीना फूलका माला मोटा छन् "राम" अक्षर ।।८०।।

गुह्यक कम हुन्थे ती माला मै "रामको जय"
अक्षर स्पष्ट देखिन्थे भन्थे "श्री रामको जय" ।।८१।।

सुग्रीवले नजीकै गै "श्रीरामको जय"
भन्दा सबै मिली भन्दछन् श्रीराम चन्द्रको जय ।।८२।।

बत्तिकैमा झन्यो एक जून झैं शुकिलो नर
मधुर स्वरमा 'नारा-यण हुन् अरु नश्वर ।।८३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काँधमा लर्कि वीणाको तारमा उहिनै स्वर
ओर्लदैछन् मुखैमात हुन् "नारायण ईश्वर ॥८४॥

तेजको राशि के आयो ? शङ्का मान्थे सबै जन
स्पष्ट नारद देखेर सबको शान्त भो मन ॥८५॥

तेजको पुञ्जले आफ्नै तल माथि सबैतिर
पार्दै उज्यालो ओर्लें ती टेक्दा भन्छन् नि भूतल ॥८६॥

वीणाका तारमा हात सुनिने मधुर स्वर
"नारायण त साक्षात राम नै परमेश्वर ॥८७॥

नील कमल जस्तो छ देह श्याम मनोहर
प्रफुल्ल लाम्चिला नेत्र कूनामा रक्त सुन्दर ॥८८॥

ऐन्द्रास्त्रले युक्त दायां वायां बाहु विशे धनु
ठूलो छाती भरी माला प्रसन्न मुख के भनु ? ॥८९॥

वाण लागेर लत्रेका रक्ताम्य कति वानर
देहमा वाणको प्वाल दया दृष्टि त्यतै तिर ॥९०॥

बसेको राम देखेर गरी दर्शन नारद
सितार स्वरमा पाठ गर्दछन् भइ गद् गद ॥९१॥

देवाधिदेव ! भगवन् ! नारायण सनातन
पुरुष विश्वका साक्षी सबैका प्रभुका धन ॥९२॥

तथापि अरुले देख्दा माया द्वारा मनुष्यको
जुनी लिएर दुःखीको झैं देखिने प्रभु निको ॥९३॥

अन्तः करणमा वस्ने जीवात्मा भरमा पनि
अन्तर्यामी प्रभु आफै मायाले ढाकिने पनि ॥९४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

इश ! स्वभावले आफैं स्वयं प्रकाश नै हुने
चित्त शुद्ध हुनेले त 'ईश' नै पनि देखिने ।।९५।।

हेराम ! प्रभुले आँखा खोल्दा सृष्टि हुने सबै
बन्द गर्दा भने ब्रह्मा, ग्रह, नाश हुने सबै ।।९६।।

प्रभुमा सब संसार सचराचर देखिने
प्रभुमै सब संसार सृष्टि, स्थिति पनी हुने ।।९७।।

ज्ञान, विज्ञानका शुद्ध प्रभु रूप जगत्पते !
प्रभुलाई नमस्कार गर्दछु म त हूँ लुते ।।९८।।

प्रभु विना सबै केहि रहन्न भवमा कुनै
त्यो ब्रह्म त प्रभु नै नै छैनन् अरू सबै कुनै ।।९९।।

तपाईलाई क्वै क्वै त व्यक्त स्वरूप सुन्दर
ठूला मुनिहरू भन्छन् श्रीराम भक्त वत्सल ।।१००।।

विकारता छँदै छैन शुद्ध ज्ञान स्वरूप छ
भनेर प्रभुको रूप वेद वर्णन गर्दछ ।।१०१।।

विद्वान्हरू पनी धेरै कृपा हजूरको विना
यसै हो भन्न सक्तैनन् भने सक्छन् अरू जानी ? ।।१०२।।

प्रभो हजूरको लीला विरोध छैन वेदमा
पानीमा सूर्यको तेज पानी झैं हुन्छ भूलमा ।।१०३।।

यस्तै प्रकारले राम ! ठूलो यो विश्वमा नै सब
अज्ञानले हजूरैमै कल्पना हुन गो भव ।।१०४।।

सच्चा हजूरको रूप निर्गुण रूप हो खुद
इन्द्रिय के गरी जानुन् ? मन बाहिरको पद ।।१०५।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हेराम ! प्रभुले यस्तो रूप कस्लाईं के गरो
देखाइ बक्सिने होला ? न देखाइ दिने कुरी– ॥१०६॥

किन कस्ले प्रभो राम ! भजन गर्न खोज्दछ ?
गरेर पनि के हुन्छ ? किन को गर्न खोज्दछ ? ॥१०७॥

अतः संसारमा राम बुद्धिमान्हरूले सबै
अवतार स्वरूपैको चिन्तन गर्दछन् सबै ॥१०८॥

अनिती ज्ञान सम्पन्न भएर भव सागर
तरेर पार हुन्छन् ती विना दुःख सरासर ॥१०९॥

विरालाले मुसालाई झैं काम, क्रोधले अनि
तर्साउँछन् भक्ति मार्ग-मा गर्न खोज्दछन् खति ॥११०॥

हेराम प्रभुको नाम जो सम्झन्छ सधैं भरी
स्वरूपको ध्यान गर्छन् सारा हृदयमा भरी ॥१११॥

हातले गर्छ जो पूजा सुन्छ जो प्रभुको कथा
भक्त सङ्कृत जो गर्छ पार गर्दछ त्यो तथा ॥११२॥

पाउमा भक्ति जो गर्छ संसार भव सागर
फड्कन्छ त्यसको निति जस्तै सक्दछ गोखुर ॥११३॥

त्यसैले म सधैं राम प्रभुको गर्छु चिन्तन
सगुण रूपको ध्यान हुनेसम्म दिई मन ॥११४॥

जीवन् मुक्त भएको छु म लोकान्तर घुंदछु
सबै देवहरूद्वारा सत्कार सब पाउँछु ॥११५॥

देवताहरू मात्रै के ? दैत्य, दानवको म छु
प्रभुको दृष्टि पर्नाले सबैको प्रिय पात्र छु ॥११६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जता जाऔं उतै मेरो राम्रो सत्कार गर्दछन्
कृपा हजूरले गर्दा मेरो कुरा पत्याउँछन् ।।११७।।

देवताको भलो गर्न मारियो कुम्भकर्ण यो
ठूलो काम भयो राम ! पृथ्वीको भार उत्रियो ।।११८।।

भोलि लक्ष्मणले राम इन्द्रजित्को हुने वध
पर्सी हजुरबाटै नै दुष्ट रावणको वध ।।११९।।

हुनेछ देव ! देवेश ! दर्शन पछि पाउला
सिद्धका साथ आकाश,-बाट चरित्र हेरूला ।।१२०।।

श्रीरामचन्द्र हे स्वामी ! दयाको दृष्टि बक्सियोस्
अब म स्वर्गमा जान्छु भूभार हरि बक्सियोस् ।।१२१।।

श्रीराम चन्द्रमा विन्ती गरी मुनि विदा भए
"नारायण" बजे तार ब्रह्म लोक उनी गए ।।१२२।।

(१७) सन्दर्भः इन्द्रजित् यज्ञ स्थलमा

कुम्भकर्ण ठुला वीर वीरको गतिमा पुगे
सुन्दा मूर्छा पऱ्यो राजा सबैं वरि परि पुगे ।।१।।

लड्दा त पगरी खस्दा किरीट टुक्रिई फुट्यो
उपचार सबै गर्दा मूर्छाबाट त उम्कियो ।।२।।

एकता भाइको मृत्यु सुन्दा शोक हुने भयो
उता संग्रामको बेला,-मा वीर खट्टथ्यो गयो ।।३।।

भाइको वीरता सम्झी राजा रावण भन्दछ
शिरमा हात राखेर भाइको शोक गर्दछ ।।४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तिम्रो सहायताले नै त्रिलोक विजयी भएँ
दायाँ हात गयो मेरो विना सहायको भएँ ॥५॥
हाम्रो राक्षसमा तिम्रो जोडा छैनौं भने पनि–
हुन्छ भाइ ! तिमी जाँदा लङ्कामा वीर को ? अनि ॥६॥
सुनेर बाबुको दीन वचन मेघ नादले
हात जोडी गऱ्यो विन्ती म छदैछु हजूरले ॥७॥
पीर, दुःख कुनै शोक गर्नु पर्दैन नाथले
मेरो प्राण रहेसम्म शेखी तोड्दछु वाणले ॥८॥
हुकूम मात्र पाऊँ म ठीक ठाक म गर्दछु
लड्न सक्दछ को वीर ! सबै सोत्र्यान्न पार्दछु ॥९॥
भट्ट पाऊँ विदा राजन् ! जाओ लक्ष्मणको शिर
काटी हाजिर हुने छु टक्र्याई हाल्छु के छ र ? ॥१०॥
आराम साथ होस् राज,-गरी बक्से भलो हुने
युद्धका सर सामान होमबाट म पाउने ॥११॥
तिनै सामानले युद्ध गर्दा हुन्छु अजेय म
साराका सार शत्रुमा स्वयं आउँदछन् यम ॥१२॥
राजाको "हुन्छ" मा मेघ,-नाद झट्पट लम्कियो
सबै सामान जोडेर देवी निकुम्भिला पुग्यो ॥१३॥
रातो चन्दन लेपेर आफू रातो भयो अनि
रातै वस्त्र लगाएर राता माला भिऱ्यो पनि ॥१४॥
विधि पूर्वक अग्निको पूजा आजा सबै गऱ्यो
होम आरम्भ गर्दा पो धूवा सर्वत्र फैलियो ॥१५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पूर्ण हाल जानेर बुझेर मेघनादको
विभीषण परी पाउ, साक्षात् श्रीराम चन्द्रको ।।१६।।

इन्द्रजित्ले गरेको यो यज्ञ पूर्ण भयो भने
अजेय त्यो भई हाल्छ काम कुरा सबै भने ।।१७।।

यज्ञमा विघ्न पारेर त्यस्लाइ म मराउँछु
लक्ष्मण फौजका साथ,—म पनि गइ हाल्दछु ।।१८।।

चांडै आज्ञा हुओस् नाथ ! राम्रो छ शुभ लक्षण
शङ्का छैन मरीहाल्छ मारी बक्सिन्छ लक्ष्मण ।।१६।।

"रामको जय होस्" भन्दै फौज वानर नाच्दछन्
कुम्भकर्ण मरेकाले रामको कीर्ति गाउँछन् ।।२०।।

आज्ञा श्रीरामले गर्नु,-भयो आफैं म मार्दछु
मायावी उम्कि के जाला कपटीलाइ छोड्दछु ।।२१।।

श्रीराम चन्द्रको आज्ञा सुनी भक्त विभीषण
हात जोडी गरे विन्ती "हार्ने छैनौ तिमी रण" ।।२२।।

साक्षात् चतुर्मुखैबाट पाएको वरदान छ
अरूबाट त मर्दैन लक्ष्मणबाट मर्दछ ।।२३।।

जो बाह्र वर्ष खादैन निदाउँदैन जो जन
त्यस्तो त लक्ष्मण मात्र अरू छैनन् कुनै जन ।।२४।।

वन वासी भएदेखी निद्रा हार विवर्जित
सेवा हजूरको गर्ने म जान्दछु खतो खत ।।२५।।

त्यसैले प्रभुले मेरा-साथ लक्ष्मण बक्सियोस्
लक्ष्मण इन्द्रजित् मारी फर्कने सुनि बक्सियोस् ।।२६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जस्को आधारमा कयौं ब्रह्माण्ड सब चल्दछन्
त्यस्ताका पाउमा मैले के विन्ती गर्नु भन्दछन् ॥२७॥

तथापि नरको रूप हुनाले विन्तो गर्दछु
ऊच, नीच परेकोमा भक्त हूँ माफ माग्दछु ॥२८॥

राम नारायणै साक्षात् शेष नाग त लक्ष्मण
भार हर्न सवारी भो साक्षात् राम जनार्दन ॥२९॥

लक्ष्मण प्रस्थान यज्ञमा विघ्न

मेघनाद ठुलो शूरो माया गर्न शिपालु छ
त्यो भयङ्कर जाली छ ब्रह्मास्त्र शस्त्र जान्दछ ॥३०॥

निद्रा छैन नखान् छन् यी जानी जानी म चूप छु
वीर लक्ष्मण ठुला हुन् ठान्छु लक्ष्मण चिन्दछु ॥३१॥

जाम्ववान्, हनूमान् जान्दछन् छिद्र जान्ने विभीषण
यूथ पति पनी जान्छन् हे प्यारा भाइ लक्ष्मण ॥३२॥

जाऊ र यज्ञमा विघ्न पारेर मेघनाथको
वध गरेर आऊ वा कत्तल पार फौजको ॥३३॥

शिरोपर गरी आज्ञा थर्र कांपेर लक्ष्मण
जगतै भस्म गर्छन् कि भने जस्तै भयो क्षण ॥३४॥

फरर्र फुऱ्यो ओठ आँखा राता भए दुवै
एउटा त सधैं हुन्थ्यो ठूलो धनु लिई दुवै ॥३५॥

पाउ परि खुसी साथ विन्ती लक्ष्मण गर्दछन्
मेरा वाणहरू मेघ,-नादको मुटु छेड्दछन् ॥३६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निस्की पातालमा पुग्छन् जहाँ भोगवती नदी
पुगेर स्नान गर्छन् ती सातौं तिनी सरित् दिदी ।।३७।।

विदा वादी भए जान मन्त्री साथ विभीषण
हनूमान्ले दिए कांध अघि लागे नि लक्ष्मण ।।३८।।

"रामको जय होस्" भन्दै वालीका पुत्र अङ्गद
फौज वानरको लाग्यो विभिन्न थरिका पद ।।३९।।

दौडा दौड गरी जाँदा निकुम्भिला छिटै पेगे
वीर वानरको सैना सामूमा ती सबै पुगे ।।४०।।

लक्ष्मणलाइ देखाए औल्याएर विभीषण
"भन्दछन् फौज सिद्धचाई बक्सियोस् त्यो छ भीषण ।।४१।।

गर्नुहोस् फौजको नाश पछि देखिन्छ इन्द्रजित्
यज्ञ कर्म नसिद्धिदै देखो हालौंन इन्द्रजित् ।।४२।।

अनि लक्ष्मणले वाण छोड्दा ढुङ्गा र रूखले
राक्षस माथि वर्षाए सबै वानर फौजले ।।४३।।

त्यस्तै राक्षसले वाण, खुंडा, तर्वारले लडैं
"न जितीकन छोड्दैनौं" भनी लड्दा मरे सडे ।।४४।।

घमासान भयो युद्ध भए राक्षस लोत्तर
ढुङ्गा वर्षा उदा मूडा भए राक्षस सोत्तर ।।४५।।

भएको नसकी देख्न सबै राक्षस लोत्तर
यज्ञ कर्म सबै छाडी रिसाएर निशाचर ।।४६।।

हाहाकार भयो ज्यादा नछोडोस् फिन इन्द्रजित्
वाण वर्षा हुंदा ज्यादा 'लो आ भन्दछ इन्द्रजित् ।।४७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मेघनाद विभीषणलाइ भन्छ

संग्रामका भेष भूषा लाएर रथमा वसी
कसी कम्मर त्यो वीर लड्न आयो घुंडाधसी ॥४८॥

कुर्लेर ईन्द्र जित् भन्छ "भए तागत लक्ष्मण
मेरा साथ तिमी युद्ध गर साथ लिई गण" ॥४९॥

लक्ष्मण साथमा आफ्नै काका देखि विभीषण
इन्द्रजित् भन्छ "ए काका ! कस्तो चाला विलक्षण ॥५०॥

यहिं कै अन्न खाएर पानी पिइ वच्यौ तिमी
यहिं वसी भयौ बूढा शास फेर्छौ यहि तिमी ॥५१॥

हुने सम्म गऱ्यौ सौंख यै थलामै सधैं वसी
आखीरमा गयौ अन्त शत्रुको पक्षमा घुसी ॥५२॥

मौका वादी भयौ स्वार्थी मार्न आयौ अघिसरी
लङ्कालाई दियौ धोका सवै गुप्त कुरा छरी ॥५३॥

छोरो जस्तै म के हैन ? म माथि कपटी वनी
दिएर शान्तिको नारा भाका कैचो मार्छौ तिमी गुनी॥५४॥

धर्मको आड देखाई ठूलो आडम्वरी वनी
यज्ञमा विघ्न पारेर मार्न लाउदछु भनी ॥५५॥

शत्रुको साथमा वाच्नू मरे तुल्य वरावर
शत्रुको वाणले मर्ने—को हुन्छ बढि आदर ॥५६॥

यत्रो संसारमा कैयौं ठूला मानिस लौ मरे
तिमी वाचेर के हुन्छ ? तिम्रो हुने छ के भरे ? ॥५७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लडैमा मर्नु पर्ला कि भनेर तिमी फर्कियौ
आफ्नो नामर्दको रूप लिएर तिमी उत्रियौ ॥५८॥

लाज छैन कतै काहिं ? ढाक्नु पर्ने कतै पनि
पशु जस्तै सबै अङ्ग हुन्छ मानिसको पनि ? ॥५९॥

सबै संसारमा भन्छन् "न दुःख पञ्चमिः सह"
तिम्रो चर्तिकला देख्दा आंशु हुन्छ भरी गह ॥६०॥

ब्रह्माजीले पनि एक आला अन्त्य हुने दिन
भने कत्रा चिरञ्जीवी ह्वौला लौ तिमी नै भन ॥६१॥

पिताका खास भाई ह्वौ राजाका विपरीत छौ
नजाने किन हो कुन्नि मलाइ द्रोह गर्दछौ ॥६२॥

कुलको गर्नु उद्धार कर्तव्य जनको बुझ
उल्टो मार्न लगाउँछौ भने आफैं तिमी अज्ञ ॥६३॥

कस्ता पापी तिमी ह्वौ ख ? आफू नै मनले भन
दुरात्मा तिमी झैं अर्को हुन मुस्किल लौ गुन" ॥६४॥

इन्द्रजित्का कुरा यस्ता "लक्ष्मणको जय"
सबै वानरको फौज भन्छ "श्री रामको जय" ॥६५॥

(१८) सन्दर्भः– मेघनाद बध

काध माथि हनूमान्का बसेका देखि लक्ष्मण
रथा रोही मेघनाद लिइ राक्षसको गण ॥१॥

भन्छ "वानर हो आज मेरा यी वाणले सब–
वानरहरूको प्राण नलिई छोड्छ के अब ॥२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पहिलो युद्ध पर्नाले देख्या छैनस् पराक्रम
बांची फर्कन पाउन्नस् मेरो वाण छ उत्तम ।।३।।

मेरो जोडा त संसार,–मा छैन एउटा जन
भने तं कलिलो ठीटो युद्ध गर्लास् तँ लक्ष्मण ।।४।।

"लौ काट मार सिद्धचाऊ राख्न हुन्न कतै टुसा
निमोठी टाउको फाल के हुन् यी विचरा मुसा ।।५।।

घमासान भयो युद्ध को भन्दा कुन के कम ?
वानर फौजले आंटचो थाल्यो गर्न पराक्रम ।।६।।

कस्तो राम्रो शफा ठाम निमेश भरिमा सव
वोसो रगतको खाडी,–माथि उत्रे निकै शव ।।७।।

सिंह जस्तै रिसाएर वीर लक्ष्मणले शर
कान सम्म खिचो हात वायां पाउ अघिल्तिर ।।८।।

छाडेको वाण लागेर मूर्छामा इन्द्रजित् पऱ्यो
राक्षसहरूमा हा हा नपरी किन छोड्दथ्यो ? ।।९।।

इन्द्रजित्को फिऱ्यो चेत मेघ गर्जे सरी गरी
पर्खि लक्ष्मण भागलास् नि देखलास् मेरो वहादुरी ।।१०।।

आजसम्म कुनै यस्तो म जस्तो छ वहादुर ?
त्यस्ताको युद्ध तँ जावो–ले देखेको छ केवल ।।११।।

पैलो पटक हो जानिस् ? वाण चाट तँ उम्किने
इन्द्रजित्लाई के चिन्छस् ? युद्ध देखि न आत्तिने ।।१२।।

कस्ता कस्ता ठुला वीर यमका राजमा गए
इन्द्रादि अष्ट दिक्पाल वाण चाखेर पस्लिए" ।।१३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सात वाण जपी मन्त्र सकेसम्म घुडा धसी
छाती लक्ष्मणको ताकी छोड्यो कम्मर नै कसी ॥१४॥

तीखा तीखा भने जस्ता दश वाण गनी गनी
हनूमान्लाइ ताकेर छोड्यो "अब मरिस्' भनी ॥१५॥

अतिक्रुद्ध भइ मन्त्र जपेर ध्यान पूर्वक
छोड्यो विभीषणै माथि भएर मार्न उत्सुक ॥१६॥

वीर लक्ष्मणले वाण पानी वर्षे सरी गरे
तिल जत्रा भई टुक्री कवच भूमिमा झरे ॥१७॥

मेघनाद रिसाएर सके सम्म गरी बल
वाण वर्षाउनै थाल्यो गर्न लाग्यो ठुलो छल ॥१८॥

वीर लक्ष्मणको छाती-मा परी कवचै खस्यो
जागी लक्ष्मणले बाण छोड्दा युद्ध निकै वढ्यो ॥१९॥

लक्ष्मण वाण काट्दा छन् इन्द्रजित् पनि काट्दछ
दुइटै वीरका वीच घोर संग्राम बढ्दछ ॥२०॥

इन्द्रजित् कम के हुन्थ्यो लक्ष्मण पनि के कम ?
भयङ्कर भयो युद्ध छैनन् वीर दुवै कम ॥२१॥

वीर लक्ष्मणको वाण-द्वारा चूर्ण भयो रथ
घोडा सारथि नै मर्दा हिड्न वन्द भयो पथ ॥२२॥

धनु जति सुक्यै टुक्रयोस् अर्को धनु लिइ रण
गर्दछ इन्द्रजित् 'योद्धा' मान्नु पर्दछ हो सुन ॥२३॥

रणस्थल भयो होलो मर्दछन् कती राक्षस
खुंडा, त्रिशूल, तर्वार पौडी खेल्छन् पिई रस ॥२४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हार जीत कसैको क्यै भएको छन है कुनै
आफू आफूसमा ठूलो दुइटै ठान्दछन् 'म' नै ॥२५॥
हाहाकार छ सर्वत्र कोलाहल मचाउछन्
सुन्दैनन् दुइटै वीर वाण मात्र त छाड्दछन् ॥२६॥
ऐन्द्र वाण चढाएर वीर लक्ष्मण सोच्दछन्
श्रीराम चन्द्रको पाउ सम्झी कबुल गर्दछन् ॥२७॥
"यदि श्रीराम धर्मात्मा सत्यवादी गने हुने
त्रिलोकमा अरू वीर छैनन् जोडा कुनै भने ॥२८॥
इन्द्रजित्को गला काटोस् मरोस् राक्षस इन्द्रजित्"
भनी लक्ष्मणले छोडे वाण लागेर इन्द्रजित् ॥२९॥
मणि मणिकले युद्ध झल्लझलाकार उज्ज्वल
पगरी संग टाउको टुक्रिएर खस्यो तल ॥३०॥
देवताहरू सर्वत्र खुसीले भइ गद् गद
वीर लक्ष्मणको कीर्ति गाएर नाचदछन् खुद ॥३१॥
फूल वर्षा गरे धेरै वारम्वार गरे स्तुति
चल्न हल्न नपाएका आफ्नो पनि लिए गति ॥३२॥
महर्षि देवतासाथ देवराज खुसी भए
स्वर्गमा नगरा वाजा वजाएर फुका भए ॥३३॥
स्वच्छ आकाश भो सारा आफ्नो रूप पनी लियो
थर्थराहट पृथ्वीको धेरै वेर भयो छुटचो ॥३४॥
पृथ्वीमा इन्द्रजित्को लौ खेल समाप्त भो उता
वीर लक्ष्मणको केहि थकाई शान्त भो यता ॥३५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विजयोत्सवको शङ्ख फुक्दा लक्ष्मणले अनि
सबै वानरको सारा थकाई मेटियो पनि ॥३६॥

'जय लक्ष्मणको' भन्दै फौज वानरको गण
पछि लाग्यो साथमा त हनूमान् र विभीषण ॥३७॥

नाच, गान गरी हर्ष भएर सब वानर
'जय होस्' भनी उफ्रन्छन् "पा-यौं राक्षस सोत्तर" ॥३८॥

खुसी साथ हिंडी जाँदा रामको पाउमा परे
सुग्रीवले गरे विन्ती धन्य लक्ष्मणले गरे ॥३९॥

वीर लक्ष्मणले राम पाउमा दण्डवत् गरे
'राम प्रसादले गर्दा सबै शत्रुहरू मरे ॥४०॥

इन्द्रजित् पनि मारियो' 'वाणी' लक्ष्मणको सुनी
सुंघेर रामले तालु धन्य लक्ष्मण व्हौ भनी— ॥४१॥

खुसी भएर मायाले 'भाइ ! लक्ष्मण लौ सुन
इन्द्रजितको भयो मृत्यु हाम्रो विजय भो भन' ? ॥४२॥

तीन दिन अहो रात निरन्तर गरी श्रम
इन्द्रजित् तिमीले मा-यौ छैनौ भाइ तिमी कम ॥४३॥

आज लक्ष्मणले गर्दा हीन शत्रु भएं ल म
पुत्र शोक प-यो लङ्का आला रावण मार्छु म' ॥४४॥

जस्ले जप्दछ 'श्रीराम' उसैको नै हुने जय
सबै वानरको फौज भन्छन् 'श्रीरामको जय' ॥४५॥

विजयोत्सवको नाच, गाना वानरको सब
विभिन्न थरिका खेल हेरेर सबका सब ॥४६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रणस्थल सबै हेरी इतिवृत्त सबै बुझी
रामको मुख हेरेर शान्त नै छौ भनी बुझी ।।४७।।

आफना सन्तानको विद्या, बल, वीर्य, पराक्रम
देख्दा प्रसन्न को हुन्न ? हुन खोज्दछ को कम ।।४८।।

राम, लक्ष्मणको काम देखि सन्तोष भै कन
श्री सूर्य सागरै भित्र डुब्दा शङ्केत दी कन ।।४९।।

'धेरै थाक्यौ दुवै भाइ आराम लिनु पर्छ वा
मान्नु पर्दैन क्यै पीर शत्रु हुन्छन् सबै तबा ।।५०।।

भोलि बिहान चाडै नै म उठाउन आउला'
सोरी किरण डुब्नु भो सूर्यको छ ठुलो कला ।।५१।।

छाउनीमा बले बत्ती एकत्रित भए जना
रामले गरि हाल्नू भो सायङ्कालिक प्रार्थना ।।५२।।

विभीषण र सुग्रीव हनूमान् सब वानर
राम भजन ती गर्छन् जोडेर दुइटा कर ।।५३।।

(१९) सन्दर्भः– पुत्र शोकले सीता काट्न लाग्दा सुपार्श्वको
कुरा सुनी, सभागरी रावण युद्ध गर्न जान्छ

लक्ष्मणबाट त्यो वीर इन्द्रजित्को भयो बध
सुन्दा लड्यो पर्‍यो मूर्छा गर्नू के अब औषध ।।१।।

उपचार सयौं गर्दा गुलाफ जल छर्कदा
बल्ल, तल्ल गयो मूर्छा छोराको काम सम्झदा ।।२।।

छाती चिरे जसो हुन्छ हातमा राखि पुर्पुरो
विलाप गर्न लाग्यो त्यो 'सारा उखिलियो जरो' ।।३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

इन्द्रलाइ चुमुक्याई पाता कसेर बेसरी
फुत्क्याइ बाबु ल्याएथ्यौ मलाई भन के गरी ? ।।४।।

तिम्रो नाम सुने सारा पृथ्वीका वीर कांप्दथें
त्रिलोकमा जता जाऊ तिम्रो सम्मान गर्दथे ।।५।।

छोराको गुण सम्झेर काम सम्झी अनेकन
पुत्र शोक हुंदा राजा विलाप गर्छ रावण ।।६।।

मन खिन्न भयो नानि ! होश हवाश नै गयो
मेघनाद ! तिमी जाँदा ठूलो आपत वैरियो ।।७।।

ऋषि, मुनि ठुला सारा लोक पाल र देवता
तिम्रो मृत्यु सुनी आज सुत्छन् निर्भय ली उता" ।।८।।

रीसले मुर्मु राएर बङ्ग्याएर मुखै दश
दाह्रा किटी किटी भन्छ राजा रावण राक्षस ।।९।।

जरो, मुलो सबै शत्रु उखेल्ने लिइ आशय
"जे गरी शत्रुको नाश हुन्छ लाओन त्यै तय" ।।१०।।

पुत्र शोक परेकाले नसक्दा थाम्न त्यो रिस
क्रोधको वशमा पर्दा के गर्दैन र मानिस ।।११।।

सीता काट्न भनी दौड्यो तर्वार लिइ हातमा
पछि पछि अरू लागे के गरून् ती हताशमा ।।१२।।

नाङ्गो तर्वार ताकेर लिइ राक्षसको गण
रीसले मुर्मु राएर आएको देखि रावण ।।१३।।

राक्षसी बोचकी सीता डराउनू भयो सती
यत्तिकैमा एक भन्छ "राजन् हुन्छ ठुलो खति ।।१४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यीनैका नितिमा राजन् ! लङ्काको यो भयो गति
यीनै आज मरी हाले लाभ हुँदैन क्यै रति ॥१५॥

अर्को कुरा छ हे राजन् ! विन्ती यो सुनि बक्सियोस्
सुपार्श्व हात जोडेर 'हुन्छ" हुकूम बक्सियोस् ॥१६॥

राजाको मञ्जुरी साथ सुपार्श्व विन्ती गर्दछ
"इज्जत साथको काम हे राजन् ! गर्नु पर्दछ ॥१७॥

यत्रो अनादिको सृष्टि आजसम्म बच्यो कुन ?
कीर्ति रहिर होस् राजन् ! धब्बा लाग्न दिनू किन ॥१८॥

यत्रो हजूरको कीर्ति नारी वध हुंदा सब
निमिटयान्न बढारेर लगि हाल्दछ गौरव ॥१९॥

विश्रवा बाबु हुन् खास कुवेर दाजु हुन् प्रभो !
अनेक विद्या प्रभुले पढेर पार गर्नु भो ॥२०॥

तपस्यामा भयो कष्ट विघ्न वाधा परे कति ?
तपस्या पूर्णको निति स्थिर गर्नु भयो मति ॥२१॥

वेद पढ्नु भयो राजन् ! अनेकौं यज्ञ गर्नु भो
आफ्नो धर्म नछोडेरै त्रिलोक पनि जित्नु भो ॥२२॥

असंख्य गुणले युक्त शूरा र बलिया अति
हामीहरू लिई साथ लड्दा हुने छ के खति ? ॥२३॥

वीरका नितिमा युद्ध-भूमि पवित्र मानिने
राम, लक्ष्मण मारेर सीता छिटै त पाइने ॥२४॥

विचार शील त्यो मन्त्री त्यसको हृदय शुद्धछ
बुद्धिमान् उत्तिकै ठूलो मोठो बोली पवित्र छ ॥२५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

न्याय र धर्मले युक्त रीति रिवाजको स्थिति
सुपार्श्वको सुनी बोली राजाको फर्कियो मति ।।२६।।
हितैषीहरूका साथ लिइ दर्वार फर्कियो
इष्ट, मित्रहरू साथ सभामा फेरि फर्कियो ।।२७।।

रावण युद्ध तर्न जान्छ

सुपार्श्व आदिका मन्त्री,-का साथ सल्लाह युद्धका
नितिमा गर्नु जे पर्छ खेलेर रण भूमिका ।।२८।।
लिई राक्षसको सेना राजा रावण निस्कियो
दायाँ, बायाँ दुवै तर्फ पूर्ण कलश राखियो ।।२९।।
हुने शास रहेसम्म अनन्त आशको पथ
बाजा, गाजा सबै साथ पुगिगो रणमा रथ ।।३०।।
घमा सान भयो युद्ध राँकोमा पुतली सर
सबै राक्षसको सैन्य स्वाहा भै छुट्टियो शिर ।।३१।।
छातीमा रामको वाण लाग्दा व्याकुल रावण
लङ्का भित्र पसी हाल्यो फर्किए पछि के रण ? ।।३२।।
रामको वीरता देख्दा मूर्छा पर्दछ रावण
भने त्यो कसरी लड्छ लिइ राक्षसको गण ? ।।३३।।
फर्क्यो वानरको फौज जीत हाम्रो भयो भनी
"रामको जय होस्" भन्दै उफ्रेर नाच्दछन् पनी ।।३४।।

रावण मन-मनै युद्ध जित्न हिसाब गरी शोच्दछ

रामको वीरता देख्दा भई आश्चर्य रावण
हनूमान्को पनी उस्तै देखेर काम भीषण ।।३५।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काम मानिसको भन्दा अति ज्यादा भयङ्कर
असाध्य कष्ट साध्यै हो भन्ने छैन कतै तिर ॥३६॥

जस्तो जे परि आउँछ गर्दछन् नडगीकन
जाल झेल कतै गर्न पाइदैन कुनै क्षण ॥३७॥

कस्ता कस्ता पनी काम गर्न सक्तैन क्यै खति
विज्ञानका सबै काम जो थिए ती भए जति ॥३८॥

मित्र राष्ट्रहरूबाट आएका वीरको मुख
एउटै देख्न पाइन्न मूर्धा (शव) बाहेकजो मुख ॥३९॥

पाश्चात्य देशका सैन्य नाम निशान छैन क्यै
पातालका निमित्ट्याचान्न भएको मात्र देख्छु यै ॥४०॥

सबै संसारको नक्सा हेरेर भन्छ रावण
उत्तर पूर्वका राज्य पूर्व दक्षिणका गण ॥४१॥

पूर्ण संसारका सैन्य असुर, दैत्य, राक्षस
भए जति सबै स्वाह लङ्काको नै परी वश ॥४२॥

लङ्का रक्षक बाहेक वीर भन्न सुहाउने
कुनै राक्षस देखिन्नन् छैनन् लाज बचाउने ॥४३॥

बाँचि खुचो रहेका यी लिई राक्षस साथमा
राम, लक्ष्मण का साथ युद्ध गर्न म भूमिमा ॥४४॥

रामका साथ कत्रै हुन् शूर, वीर, अनेकन
एक्लै रावण नै सक्छ सारा शत्रु निभाउन ॥४५॥

तर "शान" भने मेरो थाम्ने साधन कम्ति छन्
युद्धमा होमिदा सैन्य देख्दामा अलि थोर छन् ॥४६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जे सुकै होस्न राजाको शान, मान ठुलो हुने
सर्वाङ्गिण भए पूर्ण राजा गौरव मानिने ।।४७।।

राजा र अरूको यात्रा एउटा नै विशेष छ
साधारण भए राजा ठाट के गरी बचदछ ? ।।४८।।

आगाको कोइला एक हत्केलामा कुनै जन
लिदैन किन ? त्यो राप खप्न सक्दैन क्वै जन ।।४९।।

जित्ने उपाय के गर्ने ? भन्दा रावणको मन
विभिन्न थरि तालिका गर्दै जाँदा गर्‍यो घन ।।५०।।

जोड्ने, घटाउने, भाग, वर्ग हिसाबमा पनि
रेखा, वीज सबै गर्दा जित्न मिल्दैन तै पनि ।।५१।।

आखीर हार खाएर मनमा नमिलो कुरा
गहिरीकन जाँदा त भेटियो एउटा जरा ।।५२।।

धन र बल, बुद्धिले लाग्दैन जब क्यै पयो
नीयो विचार गर्दा त बल्ल पो गुरु सम्झियो ।।५३।।

होश फर्क्यो बढ्यो आश जोशले मन ढाकियो
शरीरका सबै अङ्ग प्रत्यङ्ग तेजिलो भयो ।।५४।।

निदो लाग्यो उसै बस्न व्यर्थ ठानेर निस्कियो
"मौका वित्ला छोपी हाल्छु" भनी झट्पट लम्कियो ।।५५।।

गुरु श्री शुक्रको आश्रममा रावण

ठूलो उद्यानको भित्र एकातिर मनोहर
देख्दा गगन चुम्बी त्यो शुक्रको छ ठुलो घर ।।५६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनेक अग्निका चौका अग्नि कुण्ड अनेक छन्
विभिन्न थरिका रेखा कुण्डै पिच्छे अनेक छन् ॥५७॥

जिङ्गा तोरण भिन्नै छन् चदुवा थरिका थरी
पवित्र जलका पात्र संख्या मिल्दैन क्यै गरी ॥५८॥

प्रोक्षणी पात्र भिन्नै छन् होम गर्ने सुरो पनि
मोटा, झीना, ठूला, लामा, रेखा फरक छन् पनि ॥५९॥

झार, पात, जरी, बूटो विभिन्न थरिका कतै
शुकेका फूल छन् ताजा भिन्ना भिन्नै जता ततै ॥६०॥

धनुका तांतिका तांति अनेक थरिका ठुला
साना असंख्य राम्रा छन् बलिया हलुका भला ॥६१॥

शस्त्र र अस्त्रका थुप्रा डल्ला, लामा र वाटुला
विस्फोटका कुनै गोला धन्य श्री शुक्रका कला ॥६२॥

शारीरिक परीक्षाका निति यन्त्र प्रशस्त छन्
आविष्कार पनि गर्छन् प्रयोग गर्न जान्द छन् ॥६३॥

वेद मन्त्र पढी गर्छन् कर्म काण्ड बमोजिम
शुक्रको सब आधार वेदमा छैन क्यै कम ॥६४॥

प्रयोग दिनमा गर्छन् तारा गन्छन् त रातमा
ग्रह, नक्षत्र, ताराको गति गन्छन् धुलोटमा ॥६५॥

लामा कपाल झ्याम्ल्यङ्ग गाईको दूधको रङ
दायाँ, बायाँ जुंघा लामा चन्द्रको अर्ध छन् रङ ॥६६॥

गालाका दुई पाटामा दारी छ दूधको फिज
टीका ललाटमा तेर्सो ओठले "शिव" जी भज ॥६७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भने जस्तो झल्ल आंखा शङ्केत गर्छ केवल
शोचेर अन्न दाताको भलो गर दिऊ बल ।।६८।।

लाम्गो, सोझो झिनो घांटी लामा छन् दुइ पाखुरा
पद्मासन कसी वस्छन् शुक्रको गर्नु के कुरा ।।६९।।

कर्म काण्ड ठुलो जान काम देहमा थप्छ ओजन
जनै तेर्सेर यै भन्छ काय कर्म गरे जन ।।७०।।

शरीर दिन्छ शङ्केत जून जस्तो छ तेजिलो
"शुद्ध काम सधैं गर्नू" हुने छ अनि पो भलो ।।७१।।

दण्डवत् गरि पाउमा हात जोडेर माथमा
घुंडा टेकी विन्ती गर्छ "परेको छु म पाउमा" ।।७२।।

एक आंखा उघारेर तेजिला शुक्रजी खुले
"आशीर्वाद" भने "राजन् ! पाल्नु भो कति कामले ! ।।७३।।

निहुरी हात जोडेर राजा रावण भन्दछ
"ज्ञान, विज्ञानले युक्त "शुक्र"को गुरु पाउँछ ? ।।७४।।

मेरो सौभाग्यले गर्दा गुरु शुक्र म पाउने
गुरु प्रसादले गर्दा रावण विजयी हुने ।।७५।।

संसार भरमा केहि मेरो जो कीर्ति फैलियो
आचार्यको ठुलो ज्ञान फल विज्ञान देखियो ।।७६।।

जति विजय भो मेरो छिपेको छैन पाउमा
आश्चर्य !!! प्रभु आश्चर्य !!! हार छ आज युद्धमा ।।७७।।

भए भर सबै राख्यो रामका युद्धका कुरा
मेरो जित हुने काम गुरुकै हातमा जरा ।।७८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्री रामायण (युद्ध काण्डको शेष)

(२०) सन्दर्भः— श्री शुक्र शक्तिका धेरै कुरा गरी यज्ञ गर्ने
आज्ञा दिन्छन् : यज्ञको विध्वंस

वैज्ञानिक ठुला सच्चा गुरु शुक्र हुंदा हुंदै
दया राखी मलाई त पल्टाइ दिनुहोस् खुंदै ॥१॥

ठूलो कराइ घोप्टेको जस्तो देखिन्छ यो नभ
साह्रा ब्रह्माण्ड नै एक होला त्यो वाटुलो नशुभ ॥२॥

हेर्नोस् आकाश गङ्गा त्यो कति माथि छ त्यो कति
हाम्रो निमित्त आकाश वार–पार छ त्यो स्थिति ॥३॥

अण्ड त्यो फन् फनी घुम्छ कतै अड्दैन त्यो पला
घुम्छन् असंख्य त्यै भित्र आफ्नै चाल लिई भला ॥४॥

राजन् खगोलका तारा, राहु, नक्षत्रको गति
उप ग्रह वने कैयौं लाम पुच्छ्रे अरु कति ॥५॥

माथि आकाशमा हेर्नोस् गन्न सक्ने छ को नर
यो यन्त्रले हेर्नु होस्त थपिने छन् कति थर ॥६॥

यो यन्त्रले नभ्याएर अल्पेका छन् कति थरी
हिसाव के गरी गनूं ? चाल पाउनु के गरी ? ॥७॥

हामीले चाल पाएका जति आकाशमा ढिका
टुङ्गोमा नपुगी चाल छन् वक्र कति छन् निका ॥८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यै भित्र पृथिवी पछिन नील मणिकको प्रभा–
जस्तै उज्याली छिन् राम्री हाम्री यो जननी शुभा ।।९।।

यी पृथ्वीबाट उफ्रेर माथि मङ्गलमा पुगी
हेर्दा तल हुनू पर्ने मात यी माथि नै पुगी ।।१०।।

जितेर धन, सम्पत्ति गरी वटुल बाटुली
चुनी चुनी कला ल्यायौं भए जति सबै थरी ।।११।।

बुध भो टाउको माथि उडि हाल्यौं पुग्यौं त्यहां–
बाट हेर्दा माथि देख्यौं मङ्गललाइ नै त्यहां ।।१२।।

जहाँवाट माथि ठान्याँनी उडेर पुग्दथ्यौं जव
त्यहि तारा (ठाऊ) माथि हुन्थ्यो थाहा पाउनु भो सव ।।१३।।

धूलो चमकले आगो वा लिऊं अरुवाट नै
त्यस्मा आगो दियो कस्ले ? भन्न सक्दछ को "म" नै ।।१४।।

धातुलाई झोल पार्छ हाम्रो के त्यो विधान हो ?
पुरश्चण गर्ने त मन्त्रको मानिसै न हो ।।१५।।

पुरश्चरण गर्दैमा त्यो शक्ति हुनु पर्दछ
भन्ने नियम कस्को हो ? गडेर बुझ्नु पर्दछ ।।१६।।

मन्त्र जपेर छोडेको (हानेको) वाणले लक्ष्यमा पुगी
काम पूरा गरो ठोक्कै भित्र पस्दछ त्यै तगी ।।१७।।

तर औं शत्रुको मन्त्र यदि चर्को भयो भने
पैलाको वाण थोत्रिन्छ त्यै थोत्रिन्छ यदि चुने ।।१८।।

पाङ्गो घुमाउदा कस्ता हजारौं यन्त्र वन्दछन्
नरका निंतिमा तिन्ले लाखौं माल निकाल्दछन् ।।१९।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यन्त्रकै भरमा राजन् ! कति ग्रह चहार्नु भो
नक्षत्रवाट फड्केर तारा नक्षत्र पुग्नु भो ॥२०॥

कैयौं लोक जिती आफ्नो सम्विधान तयार भो
मन्त्रको बल कस्तो छ जपेर वाण छाड्नु भो ॥२१॥

राजन् ! तन्त्रहरूवाट नहुने के कुरा छ र ?
तर जे होस्न लौ भन्नोस् हाम्रो त्यस्मा छ के कर ?॥२२॥

तगोस् वा न तगोस् किन्तु इन्द्र जाल छ के कम ?
राक्षस चुड्किमै पार्छन् वन्दछ दिन नै तम ॥२३॥

तपका बलले वीर विश्व प्रख्यात वन्नु भो
सेवाको फल मेवा हो ती सवै पाइ सक्नु भो ॥२४॥

होमको ता कुरै छोड्नोस् के गर्दछ गराउंछ
नपाइने कुरै छैन कस्तो अद्भुत शक्ति छ ॥२५॥

जति विज्ञान निस्किए त्यस्मा हाम्रो छ के हक ?
यसो गर्दा यसो हुन्छ यो सवै विधिकै ठिक ॥२६॥

प्रत्यक्ष देखिने "उल्का" त्यसको गति निकै गर्नें
उदयास्त हुने वेला कतै न ठमिदा गुनें ॥२७॥

देशान्तर र कक्षांस गति दैनिक वार्षिक है
ग्रह, नक्षत्र, ताराको गति आफ्नै छ है ठिक ॥२८॥

हार खाए सवै विद्वान् उल्का गति ठम्याउन
म पनि हार भै थाकें त्यसको हिसाव गर्दिन ॥२९॥

समय कहिले जन्म्यो यसको अन्त्य यें दिन
भन्न सक्तछ को राजन् ! जान्ने भविष्य हो कुन ? ॥३०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वैज्ञानिक ठुला विद्वान् जन्म त जन्मलान् तर
उल्काको गति जान्ने त नर जन्मन मुस्किल ॥३१॥

एउटा वीज रोप्नुथ्यो रोप्दा उम्र्यो टुसो पनि
झाङ्गिएर फुल्यो फूल लटरम्म फले अनि ॥३२॥

यो तार तम्य के हाम्रो ? कस्को हो बुझ्नु पर्दछ
साह्रा ज्ञान र विज्ञान त्यस्तै हो ठान्नु पर्दछ ॥३३॥

उदाएका आजसम्म तेज आउन्न बाँकि छन्
त्यस्ता तारा निकै होलान् आकाशमा अवश्य छन् ॥३४॥

भुसुनादेखि ब्रह्माको स्थावर जङ्गम सबै
आकाश आदिको तत्त्व जान्ने छैनन् कुनै कवै ॥३५॥

के गरी जान्नू हाम्रो यो वीज, रेखा र अङ्कले
हिसाब गर्न सक्दैन हाम्रा हिसाब यन्त्रले ॥३६॥

हिसाबले त हिसाबै गरेको हुनु पर्दछ
यी सबैको पूरा ज्ञान– हुने कोहि अवश्य छ ॥३७॥

आफ्नो मुलूकको आफैं जो विधान बनाउँछ
त्यहि विधान त्यै देश बदल्न पनि सक्तछ ॥३८॥

भने यो विश्वको नेता के गर्दछ गराउँछ
निमेष भित्रमा साह्रा उल्टयाउन उ सक्तछ ॥३९॥

न छेउ छ न टुप्पो छ न ता त्यस्को मध्य छ
आधार त्यो सबैको छ त्यस्को आधार शून्य छ ॥४०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सहस्रांश अणूमा छ साराको तत्त्व हो उनै अनि
दूधमा घिउ जस्तो छ देखिदैन कतै उनै पनि ॥४१॥

नभएका कतै छैनन् वीर आदर्श राघव
योगीहरू रमाउँछन् यिनमा सबका सब ॥४२॥

मनुष्यको लिई रूप मर्यादा पुरुषोत्तम
मानिसले गरे जस्तै गर्छन् हुन्नन् कतै कम ॥४३॥

यी नै ईश्वर हुन् राजन् ! शेष शायी यिनै त हुन्
ऊ नै वैकुण्ठ वासी हुन् ऊ नै श्रीराम चन्द्र हुन् ॥४४॥

मनुष्यरूप श्रीराम हुँदा मनुष्य झैं गरे–
देखिन् ! राजन् यज्ञ गर्नोस् आफ्नै जित हुने भरे ॥४५॥

शत्रुलाई जिती छोड्ने मन्त्र र होमको विधि–
विधान सब सम्झाई दिए जरी बुटी विधि ॥४६॥

विघ्न बाधा कतै पर्ला सावधान हुनू अति
हे राजन् ! सुइकोसम्म नपाउन् अरूले रति ॥४७॥

राजन् यो विघ्न यज्ञमा नपारीकन पूर्ण होस्
श्री शुक्रले दिए मन्त्र शुद्ध एकान्त बस्नुहोस् ॥४८॥

विधि विधान जो गर्नु पर्ने हो सब भन्नु भो
एकाग्र चित्तले होम तुरुन्त गर्नु भन्नुभो ॥४९॥

राजन् ! सफल पक्का छ धनु, घोडा ठूलो रथ
ठोक्रो समेत मिल्ने छ लिनु होस् यज्ञको पथ ॥५०॥

रावणको यज्ञ विध्वंस

"कानो खोज्दछ के आँखा" जस्तै रावणलाई भो
पाउ-परी विदा वारी भएर मन शान्त भो ॥५१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दर्वारमा पुगी झट्ट गहीरो र फराकिलो
गुफा तयार भै हाल्यो गर्न पाउँछ को ढिलो ।।५२।।

लङ्का पस्ने सबै ढोका बन्द पारि वरि परी
लङ्का रक्षकले घेरे पस्नै नसकिने गरी ।।५३।।

राजा रावणले पाऱ्यो लङ्का भित्र कुनै पनि
पस्न र हेर्न सक्तैनन् भन्दै खुसी भयो अनि ।।५४।।

रातारात गरी आफैं यज्ञमा अभिचारको
पूर्ण सामान बोकेर इच्छा राखेर जीतको ।।५५।।

गुफामा बसि एकान्त चूप चाप भई झन ठिक
सारा शत्रु जितूं भन्ने सङ्कल्प विधि पूर्वक ।।५६।।

गरी सुरो लिइ होम्न थाल्यो एकाग्र चित्तले
सबै गुप्त कुरा भ्वाङ्ग पाऱ्यो निस्केर धूमले ।।५७।।

क्विरि मण्डल धूवाको मूस्लो देखी विभीषण
भय भीत भई विन्ती गर्छन् औंल्याइ त्यो दिन तत्क्षण ।।५८।।

जित्न रावणले यज्ञ थालेछ बुझि सक्सियोस्
धूवाको निस्कियो मुस्लो उता नजर बक्सियोस् ।।५९।।

हे राम ! यदि यो यज्ञ पूरा पूर भयो भने
राजा रावण पक्का नै "अजेय" हुन्छ है भने ।।६०।।

यसैले यज्ञमा विघ्न पारून् वानर यी गई
सुनेर सब वृत्तान्त मत सुग्रीवको लिई ।।६१।।

यज्ञको नाशको निंति हनूमान् वीर अङ्गद
लिई वानरको फौज छिटो तिमीहरू कुद ।।६२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मानी श्रीरामको आज्ञा विघ्न पार्ने गरी तय
राम आशिष ली दौडे भन्दै "श्रीरामको जय" ॥६३॥

अङ्गदलाइ रोक्ने को ? लङ्का राक्षसको गण ?
श्रीराम चन्द्रका भक्त हनूमान् रोकिने किन ? ॥६४॥

मुक्का खाई ढले सारा जावो पर्खालका कुरा ?
बाटामा परि आएका उखेली फाल्द छन् जरा ॥६५॥

धूवा ताकेर जाँदा त राज दर्बारमा पुगे सुघे
गुफाको ढकनी छेउ एउटा भेटियो जुंगे ॥६६॥

समातेर जुंगा फाल्दा चार पल्टचाङमा पर्‍यो
नसके पछि के लाग्छ ? प्राण छोड्दा "मरे" भन्यो॥६७॥

दश करोडको फौज पुग्दा राक्षस मारिए
हात्ती सार भयो रित्तो तवेला सब नाशिए ॥६८॥

ती विभीषणकी पत्नी सुमुखी सरमा थिइन्
यज्ञ स्थल सही नै हो हातले सूचना दिइन् ॥६९॥

लङ्का हा हा र हू हूमा पर्ने वानरले गरे
सबै दर्बारका पाले देखेसम्म सबै मरे ॥७०॥

गुफाको ढकनी लात दिदा अङ्गदले चिरे
टुक्रा टुक्रा भए चूर्ण बाँकिन रहने गरे ॥७१॥

दृढासन गरी ध्यान आँखा चिम्लेर रावण-
लाई अङ्गदले देखी डाके वानरका गण ॥७२॥

आज्ञा पाएर ती सारा गुफाको पींधमा झरे
यज्ञको सब सामान अग्निको कुण्डमा छरे ॥७३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यज्ञ पात्र कता फाले उता कलश पर्याकिए
घृत पात्र कता फाले सिङ्गा सब उखेलिए ।।७४।।
यता दायाँ उता बायाँ बस्ने सेवक मरिए
मुरो खोसी हनूमान्ले सोंट्टा रावणमा दिए ।।७५।।
लिङ्गाले ठोक्दछन् कोहि कोहि टोकी चिथोर्दछन
हात तान्छन् टुपी तान्छन् झङल्याङ झुङगल पार्दछ।।७६।।
तै पनि ध्यान छाड्दैन युद्धमा विजयी हुन
रावण आश गर्दछ सम्झेर यज्ञको गुण ।।७७।।
बुर्लुक्क उफ्रदा वीर गुफाको डीलमा पुगे
फरक्क फर्किई उफ्रे खोपीमा अङ्गदै पुगे ।।७८।।
राजा रावणकी रानी मन्दोदरी सुकोमला
सुन्दरी तिनको चुल्ठो समातेर झरे तला ।।७९।।
देव गन्धर्वका कन्या सुन्दरी रावण प्रिया
ती मध्ये ल्याइए कोहि शोडषीहरू जो थिया ।।८०।।
मन्दोदरी रुँदै भन्छिन् "पत्नीको यो दशा भयो
शत्रुको हातमा पर्नू पतिको कीर्ति के रह्यो ? ।।८१।।
बलात्कार कुनै नारी शत्रुको हातमा परी–
भने नृपतिको काम गर्न पर्दछ के गरी ! ।।८२।।
रानी नै शत्रुको हात परिछ यदि क्यै भने
राजाले गर्न के पर्छ ? आफ्नो कीर्ति बचाउने ।।८३।।
रामले के गरे हेर पत्नीको निति सामु छ
वीर पुरुष त्यो हुन्छ कर्तव्य गरि हाल्दछ ।।८४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नै अगाडि पत्नीको चुल्ठो तानी घिसारदा
निर्लज्ज लाज लाग्दैन ? होम गर्ने प्रभो सदा ॥८५॥

अघिको मान मर्यादा अहिले ता पऱ्यो थला–
पर्दा देखि सही वस्नू–भन्दा मर्नु ठुलो भला ॥८६॥

हा मेघनाद हे पुत्र ! यदि तिमी थियौ भने
जावा वानरको हात,–परी दुःख म पाउने ? ॥८७।

हुन सक्थ्यो कतै ? वावु ! दुःख के गरी आउथ्यो ?
तिमी जांदा सवै दुःख वैरिई माथमा पऱ्यो ॥८८॥

वाच्नको आशले मेरा पति रावणले सवै
लाज, पत्नी दुवै छोडे हे पुत्र ! नाशियो गुवै ॥८९॥

रानीको दुःखको वोली विलाप सुनी रावण
परेला खोलि आँखाले हेर्न लाग्यो दशानन ॥९०॥

उठेर खड्गले हान्यो ताकी अङ्गद कम्पर
"यज्ञ छोडयो उठी हाल्यो, जाऔं भन्छन् ती वानर ॥९१॥

यज्ञको नाश भै हाल्यो उठी हाल्यो दशानन
काम पूरा भई हाल्यो व्यर्थ वस्नु उसै किन" ॥९२॥

भनी खुसी भई फर्के रामको पाउमा परे
भए भर सवै विन्ती रामका पाउमा गरे ॥९३॥

(२१) सदर्भः– रावणले संझाउदा मन्दोदरी रामलाई
कसैले जित्न सक्तैनन् विभीषणलाई राज्य
दिइ तपावन जाऔं भन्दा युद्ध गरी रामको
वाण द्वारा मरेर तिमीलाई छोडेर परम्प-
दमा जान्छु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यता मन्दोदरीलाई फुल्याइ भन्छ रावण
"सुख दुःख दुवै पर्छन् दैवाधीन छ यो सुन ॥१॥

बाँची रहे बुझ्यौ रानी ! के के हो देख्न पाइने
दिन यस्तो पनी आयो वानरैवाट हेर्पिने ॥२॥

यसैले शोक छाडेर ज्ञानको लिय आश्रय
संसार भरका दुःख उसै जान्छन् गरे तय ॥३॥

नजानेमा हुने शोक, शोकले ज्ञान नाशिने
देहादि जडमा सारा "मै हूँ" भन्ने जनाउने ॥४॥

अज्ञानले अहङ्कार झूठो मार्ग वताउदा
पुत्र, स्त्री, पति, सम्वन्ध–माथि आस्था बढाउदा ॥५॥

जन्म र मृत्यु भूवरी,–परि संसारमा सधैं
हर्ष, शोक, भय, क्रोध, लोभ, मोह हुने सधैं ॥६॥

आत्मात वुझ कल्याणि ! एक मात्र त शुद्ध छ
कसैको संग गर्दैन सारा देखी अलग्ग छ ॥७॥

आत्मा आनन्दको रूप सच्चिदानन्द रूप छ
सत्य स्वरूपको रानि ! नसयोग, वियोग छ ॥८॥

आत्मा सत्य छ हो जान बुझ हुन् सव वन्धन
शोकलाई तिमी छाड छुट्ने छ भव बन्धन ॥९॥

अव युद्धमा जान्छु मारेर राम लक्ष्मण
आउँला या मलाई नै रामले मार्दछन् सुन ॥१०॥

मरे म उनकै खास परम पद पाउछु
पाए फर्कन पर्दैन संसारवाट छुट्दछु ॥११॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मेरो आज्ञा तिमी मान दुइ काम तिमी गर
सीता मारी तिमी आफैं मेरो साथ तिमी जल ।।१२।।

सुनेर पतिको आज्ञा रानी मन्दोदरी रुंदै
दुःखी भई म ता विन्ती गर्दछु सुन्नुहोस् खुदै ।।१३।।

मेरो विन्ती सुनी सत्य ठानेर गरि वक्सियोस्
केहि गरे पनी राम जितिन्नन् सम्झि बक्सियोस् ।।१४।।

कसैले पनि लौ जित्न सक्तैनन् कहिल्यै पनि
देवका पनि यी देव साक्षात् ईश्वर हुन् यिनी ।।१५।।

मत्स्यावतारमा राजन्! वचाउनै यिनी नै
अवतार लिई कूर्म सुमेरु वोकने यिनै ।।१६।।

वराहको रूपवाट हिरण्यास पनी मन्यो
नृसिंहको लिइ रूप हिरण्यकशिपु मन्यो ।।१७।।

बलि वाँधेर यिनले त्रिलोक तीन पाउले
ढाकी लौ दिनु भो इन्द्र–लाई वामन रूपले ।।१८।।

पृथ्वीलाई भयो भार क्षत्री राक्षस भूमिमा
जन्मदा मारि वक्सियो परशुराम रूपमा ।।१९।।

पृथिवी भरका क्षत्री मारेर पृथिवी जिती
सवै कश्यपलाइ नै दिनु भो पृथिवी जति ।।२०।।

साक्षात् विष्णु तीनै आज रामवतारमा नर
तपाइकै निंतिमा नै जन्मनू भो परात्पर ।।२१।।

बलात्कार हरी सीता मेरा पुत्र मराउन
आफैं पनि मर्नैलाई चोरी ल्याउनु भो किन ? ।।२२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जे हुनु भो भयो भैं गो वितेका कामको कुरा
अझै काम कुनैं गर्दा वुझेर गर्नु होस् जरा ।।२३।।

राम सीता लिई जाउन् गरुन् राज्य विभीषण
हामी सन्तोष मानेर दुवैं जाऔं तपोवन ।।२४।।

सुनेर रानीको वोली "आश्चर्य" भन्छ रावण
भाइ, छोरा, सवैं वन्धु, मित्र राष्ट अनेकन– ।।२५।।

सवैं राक्षसको नाश गराइ राम बाट म
गएर वनमा वस्दा सकुंला काल काट्न म ।।२६।।

वुझ्यौ मन्दोदरी जान साक्षात् श्री जगदीशको
ठूलो धाम पुगी जांला निगाह राम चन्द्रको ।।२७।।

राम ईश्वर हुन् साक्षात् सीता लक्ष्मी बुझी बुझी
हरें सीता चिनी जानी सारांश जति छन् बुझी ।।२८।।

बाँचि खुची बचेका यी सवैं राक्षस साथमा
लिएर गर्दछु युद्ध भिरेर धनु हातमा ।।२९।।

तिमीलाई यहीं छाडी सवैं राक्षस साथमा
लिई भाग्दछु संसार–बाट पुग्छु म धाममा ।।३०।।

ऋषि, मुनि र योगीले परानन्द मयी गति
सेवा गर्छन् रामबाट मर्दा पाउँछु त्यै गति ।।३१।।

यस्तै प्रकारले सारा पापलाई पखालुंला
योगीले पनि रोजेको दुर्लभ पद पाउंला ।।३२।।

सुख, दुःखादि हुन् छाल ठूलो भूवरी हो भ्रम
स्त्री, पुत्र, धन, आफन्त, बन्धु माछा यी हुन् गर्म ।।३३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वडवालन हो क्रोध यसैको भित्र कामना–
रूपी जाल भिजेको छ विचित्र प्वाल छन् घना ।।३४।।

यस्तो संसार रूपी यो सागर पार गर्छु र
विष्णुको पाउमा पुग्छु राम छन् करूणाकर ।।३५।।

यस्ता प्रकारले राम्रै बुझाई मन तीनको
पुण्य भूमि तिमी जान हो युद्ध स्थल वीरको ।।३६।।

रावण युद्ध गर्न तयार हुन्छ

युद्धमा चाहिने वस्त्र लाएर दश कन्धर
दशौटा पगरी लायो किटीर अति उज्ज्वल ।।३७।।

काला काला जूघा मूठा मुसारी कन रावण
ऐंना हेऱ्यो उभिएर पार्वति ! कसी कम्मर ।।३८।।

श्रीराम चन्द्रका साथ त्यो युद्ध गर्न निस्कियो
साइतमा जहाँ जे हो राखिन्छ सब राखियो ।।३९।।

विज्ञानले हुनेसम्म बनेको बलियो रथ
हेर्दा हेरी रहूं जस्तो लङ्काको त्यो थियो नथ ।।४०।।

दृढ फलामका पाता ढाकेको थ्यो जता ततै
विस्फोटक कुनै शस्त्र, अस्त्र लाग्दैनथ्यो कतै ।।४१।।

ठूलो संग्राममा ज्यादा चाहिने जतिथ्यो सबै
विस्फोटक कुनै अस्त्र, शस्त्र धेरै थिए दुवै ।।४२।।

धनु, ठोक्रो, तिर्के वाण खुंडा, तर्वार बन्चरो
भाला, कवच छन् ढाल मुद्गल पनि थ्यो दरो ।।४३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सोह्र पाङ्ग्रे जूवा युक्त मन माफिक गुड्दथे
मुख पिशाचका जस्ता गधा थिटो दगुर्दथे ।।४४।।

छानिएका महाकाय ठूला वीर भयङ्कर
राक्षसहरूले घेर्थे रथलाइ निरन्तर ।।४५।।

राजा रावणको आज्ञा शिरोपर गरी रथ
सारथिले लग्यो सीधा लिइ संग्राम्को पथ ।।४६।।

सन्दर्भः– श्रीराम रावणको युद्ध
रावण वध

उसै रावण आएको देख्दा को न डराउने ?
भने त्यस्मा पनी युद्ध गर्न आउँछ के हुने ? ।।१।।

देखी रावणको चाला डराए फौज वानर
साधारण कुनै छैनन् छन् सबै ती भयङ्कर ।।२।।

उफ्रेर हनूमान् झट्ट युद्ध गर्न अघी सरी
मुक्की दिदा त्यहिं राजा धुंडाका भरमा परी ।।३।।

मूर्छा परी लडी हाल्यो मुहूर्त पछि रावण
होश फिरेर हेर्दा त देखेर हनुमान् कन ।।४।।

भन्छ रावण "हे वीर" शूरा छौ बलिया ठुला
म मान्दछु तिमीलाई युद्धमा चतुरा दरा', ।।५।।

"धिक्कार छ मलाई नै वचिस् कसरी रावण !
मुक्की मलाइ लौ हान हनूमान् भन्दछन् सुन ।।६।।

अनि हान्दछु मुक्की म पक्का नै मर्दछौ तिमी"
भन्दा "हुन्छ भन्यो ठीक" हुन्थ्यो रावण के कमी ? ।।७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुनेसम्म कसी नारी छातीमा बज्रदा मुठी
हनूमान् ढुन् मुनीएर आँखा तिमिरी उठी ॥८॥

मुठी ताक्दा डराएर गयो अन्यत्र रावण
जागेर हनुमान् भन्छन् "कस्तो नामर्द रावण ॥९॥

चार योद्धा भए सामु "हाम्रा साथ तिमी टिक
"अग्निवर्णादि ती-सर्प,-रोमाण खड्ग रोनक ॥१०॥

लड्नआए भयो युद्ध घमासान भयङ्कर
मुक्का मुक्की घुसा घुस्सी नमानीकन क्यै डर ॥११॥

हनूमान्‌को परी मुक्का अग्निवर्ण विदा भयो
अङ्गद कम के हुन्थे सर्प रोमाण त्यो मऱ्यो ॥१२॥

नलको मुक्किमा पर्दा "खड्ग रोमक नाशियो
नीलको हातले "वृश्चिक,-करोमाण पनी मऱ्यो ॥१३॥

महा पराक्रमी वीर महाकाय त राक्षस
मारेर फर्किए वीर संगेटेर सबै यश ॥१४॥

चारै वीर निकै गर्जे गरेर कामको तय
फर्किएर परे पाउ भन्दै श्रीरामको जय" ॥१५॥

राजा रावणका चार वीर चार दिशा सम
मृत्यु सुन्दा "अहो !!" भन्छ ती थिए अति उत्तम॥१६॥

रिसाई ओठ टोकेर हेर्छ यता उता सब
श्रीरामलाई ताकेर वाण वर्षा गऱ्यो खुब ॥१७॥

वर्षामा जलको वर्षा मेघबाट भए सरी
वानर फौजको माथि वाण वर्षा उसै गरी– ॥१८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वज्र भन्दा पनी ठूलो शब्दले मुटु कांप्दछ
अटूट वाणको झिल्का आँखानै तिर्मिराउँछ ।।१९।।

टाउकै माथि त्यो बज्र पड्के जस्तो गराउँछ
कठोर कब्दले गर्दा भूमि नै डग्मगाउँछ ।।२०।।

कता कुन दिशा पर्छ जान्न मुस्किल पर्दछ
असिना वर्षिए जस्तै वाण वर्षा गराउँछ ।।२१।।

रामकै सामुमा धेरै भए वानर घायल
विज्ञानको चमत्कार देखाउँछ भयङ्कर ।।२२।।

रामलाई छक्क पार्न देखाउँदछ त्यो बल
सुग्रीवलाई तर्साई पार्न खोज्दछ निष्फल ।।२३।।

सावधान भइ राम मर्यादा पुरुषोत्तम
वाण वर्षा गरी छ्यान्न-व्यान्न पार्नु भयो तम ।।२४।।

मायाको चाल देखायो रच्यो जाल सबैतिर
हुनेसम्म गऱ्यो छल्न बाँकि छैन कतै तिर ।।२५।।

असम्भव थिए जे जे ती सबै सम्भवै भए
मायाको चाल देखेर आश्चर्य सब ती भए ।।२६।।

रमणीहरूको जत्था नाच गान मनोहर
पूर्ण चन्द्र उदाएको देख्दछन् सब वानर ।।२७।।

प्रति वानर पिच्छे ती नाचेर समुमा परे
लिएर हातमा माला लगाउन अघी सरे ।।२८।।

उत्ति खेरै जाल झेल सबै ती नाशिने अनि
जला मय हुने सारा छता छुल्ल जता पनि ।।२९।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मरू भूमि हुने फेरि तत्कालै नाशिने अनि
हराभरा हुने पृथ्वी फूलै फूल जता पनि ।।३०।।

जति सुर्क गरोस् माया अड्दै अड्दैन क्यै गरी
रामको सामुमा माया टिक्न सक्तछ के गरी ? ।।३१।।

झरी उड्यो गयो मेघ झैं चारै तिर स्वच्छ भो
पानी मात्र रहे जस्तो भूमिमा वाण मात्र भो ।।३२।।

राम रावणको युद्ध रथस्थ देखि रावण
युद्धमा इन्द्रले देखी पैदल रघुनन्दन ।।३३।।

मातलिलाई डाकेर देवेन्द्र इन्द्रले भने
लङ्काको युद्धमा जाऊ सारथी त तिमी बने ।।३४।।

श्रीराम चन्द्रको पाउ,-मा समान चढाउनू
छिटो रथ लिई जाऊ काम सिद्धयाउ के भनू ? ।।३५।।

शिरोपर गरी आज्ञा विदा पाएर मातलि
लङ्कामा रामको छेऊ हात पारेर अञ्जलि ।।३६।।

"घोडा यी हरियालादी रथ, कवच, यो धनु
दिव्य ठोक्रो ठुलो खड्ग रामलाइ चढाउनु ।।३७।।

रथमा राजभै बक्सी ठूलो त्रैलोक्य कराटक
रावणलाई मार्नुहोस् भक्तका सुख दायक ।।३८।।

मेरो यै छ ठुलो विन्ती, विन्ती श्री राममा गर"
भनेर इन्द्रले राम ! भनेकाले छु हाजिर" ।।३९।।

"तथास्तु" भनी श्रीराम रथलाइ परिक्रमा
गरेर राज भो लड्नत यो रणस्थल भूमिमा ।।४०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देख्यो रावणले राम रथा रोही रघूत्तम
रीसले मुर्मुरीएर रावण पनि के कम ।।४१।।

सबै राक्षस गर्जेर आ-आफ्ना हतियारले
फौज वानरको माथि गर्छन् प्रहार वेगले ।।४२।।

वानर फौजका नेता–साथ लागेर वानर
ढुङ्गा वर्षाउँछन् थुम्का हुन्छन् राक्षस कत्तल ।।४३।।

लौ काट, मार, हिर्काओ थिचौं निमोठ गर्धन
हुत्याओ अनि ओक्ल्याओ पाशोले गर बन्धन ।।४४।।

हाहाकार छ सर्वत्र कोलाहल कतै तिर
नमारीकन छाड्दैनौं जित्छौ भन्छन् परस्पर ।।४५।।

सैनाको गति देखेर छोड्छ अग्न्यास्त्र रावण
अग्न्यास्त्रैले सबै वाण काट्दछन् राम, लक्ष्मण ।।४६।।

उता अङ्गदको चाल देखि झस्केर रावण
भन्छ "अग्न्यास्त्र छोडेर नमारीकन छाड्दिन ।।४७।।

विजुली चम्किए जस्ता देखिन्छन् वायु नन्दन
कैयौं राक्षसको प्राण लिए किचेर गर्धन ।।४८।।

अग्न्यास्त्र जति छोडोस्न ताछ्न सक्तैन रावण
"धुम धाम गर्‍यो" काटि बक्सिन्छ नघुनन्दन ।।४९।।

हीलो भयो उत्नी खेरै हेर्दा हेर्दै रणस्थल
बग्यो रगतको खोल्सो निकासबाट खुल्खुल ।।५०।।

दैवास्त्रको गर्‍यो वर्षा वैरिए असिना सर
दैवास्त्रैले हटाएर उग्रियो त्यो रणस्थल ।।५१।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धेरै शस्त्रास्त्रको ज्ञाता राजा रावणले पनि
रीसले मुर्मुराएर दाह्रा किटेर त्यो अनि ।।५२।।

रामलाई गरी ताक अति ज्यादा भयङ्कर
राक्षसास्त्र जपी मन्त्र वर्षायो खलले शर ।।५३।।

सुवर्ण मय पङखा झैं वाण हान्छ खुरुरुरु
विषालु सर्पका रूप अग्नि रांको हुरुरुरु ।।५४।।

बलेर रामको चारै-तिर बड्छन् सुरुरुरु
जता हन्यो उतै सर्प डडेलो झैं हुरुरुरु ।।५५।।

शस्त्रका तातिका ताति रावण कसि कम्मर
झर्ना झैं वैरिएको छ वाण हान्छ निरन्तर ।।५६।।

यता दांया उता बांया तल माथि बराबर
सर्पका रूपमा रांको विषवाण सबै तिर ।।५७।।

कता कुन दिशा पर्छ जान्न मुस्किल पर्दछ
तिलसम्म कतै राखन ठामनै खोज्नु पर्दछ ।।५८।।

श्रीराम चन्द्रले छाड्नू भएको गरुडास्त्रले
सर्पवाण सबै काटी नाश्यो गरुड रूपले ।।५९।।

आफ्ना सबै ठुला शस्त्र काटिदा रीसले अनि
वाण वर्षा गर्‍यो ज्यादै अन्ना धुन्न भयो पनि ।।६०।।

तीखा र छरिता वाण वर्षायो अति भीषण
राम माथि गरी दावा मर्मस्थल बुझी कन ।।६१।।

रामलाई कुनै वाण नलाग्दा रीसले अनि
सारथि माथि वर्षायो केहि पीर पर्‍यो पनि।।६२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घोडालाई पनी हान्यो बाँकी त्यो किन राख्दथ्यो ?
हुनेसम्म गर्‍यो धाम तर के त्यो लछार्दथ्यो ॥६३॥

रीसले मुर्मुराएर क्रोधान्ध भइ रावण
वाण वर्षाउनूबाट रोकिदैन कुनै क्षण ॥६४॥

छोड्यो रावणले वाण रथको सुनको ध्वजा
काटेर भूमिमा खस्दा मान्यो रावणले मजा ॥६५॥

दुष्ट रावणको चाला वाण वर्षाउने कला
विवरि मण्डल धूवाले जानि दैन कुनै पला ॥६६॥

झिलिक्क विजुली हुन्छ मुटु थुर्र कापाउँछ
डग्मगाउँदछिन् पृथ्वी कानै बन्द गराउँछ ॥६७॥

वाणको तोडले गर्दा त्यत्रो रावणको रथ
पछिल्तिर उसै हट्छ पाइदैन कुनै पथ ॥६८॥

वाण वर्षा भए कं छ शरीर प्वाल पार्दछ
राल सिगानका धारा अश्रुधारा बगाउँछ ॥६९॥

आँखा नै हेर्न पाइन्न सारा शरीर जल्दछ
हात गोडा उसै कांप्छन् छाला भत्भति पोल्दछ ॥७०॥

शाश फेर्न पनी गाह्रो स्वाँ स्वां फ्वाँ फ्वाँ गराउँछ
गन्हा उँदछ के हो के टाउको चक्कराउँछ ॥७१॥

यस्तो श्रीरामको तर्फ पार्दा रावणले अति
देव, गन्धर्वले ठाने भयो वानरको खति ॥७२॥

पितृ, चारणमा खेद महर्षि गण सन्मन
हुनासम्म भए दुःखी दिएर राममा मन ॥७३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीराममा पनि आपत् ठानेर दैवको गति
ठूलो वानरको फौज-मा हुने छ ठुलो खति ।।७४।।

जाना जानी सबैकाम हेर्द छन् के विभीषण
अवश्य सबको नाश पार्दछन् राम, लक्ष्मण ।।७५।।

श्रीराम चन्द्रको नेत्र राता राता भए दुवै
रीसाइकन श्रीराम नाश गर्छु भनी सबै ।।७६।।

काल रुद्र सरी राम जस्तो छ इन्द्रको धनु
त्यस्तै आकारको अर्कै रामले लिनुभो धनु ।।७७।।

कानसम्म खिची वाण जपेर विधि पूर्वक
छोड्दा विज्ञानका काम नाश हुंदा भए छक ।।७८।।

उत्ति खेरै सबै शत्रु नाश पार्छन् कि क्या सरी
शत्रु माथि हुंदा धावा संसार बच्छ के गरी ? ।।७९।।

भान पर्न गयो सारा पृथिवी थर्कमान् भइन्
डल्मलाउँछ पानीमा जस्तै डुङ्गा सरी भइन् ।।८०।।

सबै वानरको फौज श्रीराम चन्द्रको जय
भन्दै गर्जी उफ्री उफ्री युद्धको पर्दछौं क्षय ।।८१।।

यस्तो अद्‌भूतको क्रम देख्दा राक्षसको गण
आशाको ता कुरै छोडौं हंसले छोड्न गो मन ।।८२।।

राजा रावण आत्तियो देखी राम पराक्रमी
डराउन पनि थाल्यो हुंदा राक्षसको कमी ।।८३।।

वैज्ञानिक ठुला शस्त्र अस्त्रको काम निष्फल
तत्कालैमा हुंदा नाश राजाको भाग्छ अक्कल ।।८४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ढुङ्गा वर्षाउँछन् हात,-ले गर्छन् शत्रुको तय
भन्छ वानरको फौज मुखले "रामको जय" ॥८५॥

काल रुद्र समानैका देखी श्रीरामको मुख
त्रिलोकनै कांप्न थाल्यो के गरे छ हुने सुख ॥८६॥

यत्तिकैमा त के हुन्थ्यो राजा रावण लौ कम ?
अघिभन्दा गऱ्यो बढ्ता वाण वर्षाउने क्रम ॥८७॥

घमासान ठुलो युद्ध राम रावणमा पऱ्यो
वाण वर्षाउने काम तत्कालै बढि नै भयो ॥८८॥

"संसार प्रलयै हुन्छ भने जस्तो भयङ्कर
राम रावणको युद्ध हेर्न के पाइने छ र ?" ॥८९॥

विमानमा बसी हेर्छन् देवता, यक्ष, किन्नर,
सिद्ध, गन्धर्व, के चुक्थें चाख मानी निरन्तर ॥९०॥

ऐन्द्रास्त्रको जपी मन्त्र रामले धनुमा शर
चढाई छोडि बक्सियो खस्यो रावणको शिर ॥९१॥

किरीट पगरी साथ राज रावणको शिर
आकाशबाट तो खस्छन् पृथिवी टिप्दछिन् शिर ॥९२॥

अट्टाहास गरी हास्छन् "खसाए ठान्दछस् शिर ?
कति टुक्र्याउँछस् माथ मलाई छैन क्यै पिर" ॥९३॥

युद्ध गर्दा नथापाए समय रात वा दिन
साँझ हो योदिशा यै हो भन्न सक्तैन क्वै जन ॥९४॥

नता रावण देखिन्छ देखिदैन ठुलो रथ
वाणै वाण छ सर्वत्र न कुनै देखिने पथ ॥९५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राम रावण को युद्ध भन्छन् कविहरू सब
"राम रावणयो युद्ध राम रावणयो रिव" ॥९६॥

आश्चर्य भइ भइ श्रीराम पारें मैंले ठुटा बुटा
टाउको काटियो यस्को एक सय र एउटा ॥९७॥

तर रावण ता क्या हो अघि जस्तै वरावर
तिल फरक क्यै छैन दशौटै छन् ठुला शिर ॥९८॥

मर्यादा रूप श्रीराम अस्त्र, शस्त्र विशारद
ठूला ठूला शस्त्र अस्त्र सबै निष्फल भो खुद ॥९९॥

थिनै हुन् वाण मारेथें दैत्य ठूला पराक्रमी
तीनै वाण भए व्यर्थ छैन रावण यो कमी ॥१००॥

चिन्तित राम देखेर हात जोडी विभीषण
"भगवन् ! गर्दछु विन्ती रामले भन्नु भो "भन" ॥१०१॥

शिरोपर गरी आज्ञा विन्ती झुकेर गर्दछन्
"ब्रह्माजीवाट पाएको यिनले बरदान छन् ॥१०२॥

"टाउको हात ती तिघ्रा जति पटक काटिए
पनि उम्भ्री बढी हालुन्" ब्रह्माले वर यै दिए ॥१०३॥

अमृतले भरी पूर्ण राजाको नाइटो थलो
गोलाकार भएकाले उस्तै पार्दछ त्यो भलो ॥१०४॥

शीघ्रातिशीघ्र त्यो सुख्खा अग्न्यास्त्र छोडिवक्सियोस्
अनि रावणको मृत्यु हुनेछ बुझी बक्सियोस् ॥१०५॥

अग्न्यास्त्रले गऱ्यो काम शुके पछि त नाइटो
वाणले टाउको हात झारी हाल्यो छिटो छिटो ॥१०६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भाइसंग रिसाएर मार्नलाई विभीषण
ज्यादै नै डरलाग्दो जो शक्ति हान्यो त्यहि क्षण ॥१०७॥

श्रीराम चन्द्रले वाण छोडि बक्सेर बीचमा
शक्तिशाली ठुलो शक्ति खस्न गो रणभूमिमा ॥१०८॥

दशौठे टाउके राजा एउटा टाउके भयो
वढ्ता जति थिए हात दुइटा हात नै रह्यो ॥१०९॥

साधारण हुँदा राजा अति राम्रो भयो मुख
शक्ति पनि हटि हाल्यो ले गरी पाउँथ्यो सुख ॥११०॥

तैंपनि युद्ध छाडेन भरिसक्य गऱ्यो वल
विभिन्न थरिका अस्त्र शस्त्र लाग्दा गऱ्यो छल ॥१११॥

राममाथि गऱ्यो बर्षा तीखा वाण निरन्तर
हुनेसम्म सकेसम्म गऱ्यो युद्ध भयङ्कर ॥११२॥

घमासान पऱ्यो युद्ध वाण काट्छन् परस्पर
अहिले सम्मता भन्छ रामको छु वरावर ॥११३॥

देखनेहरू सबै भन्छन् डरलाग्दो छ यो रण
वाण वर्षा दुवै तर्फ गर्छन् राम र रावण ॥११४॥

अनि मातलिले विन्ती,–गरे "श्री रघुनाथमा
दुष्ट रावणको काल मर्दछ यहिं कालमा ॥११५॥

मर्ने समय यस्को यै देवताको अठोट छ
अतः ब्रह्मास्त्र ली बक्स्योस् पक्का रावण मर्दछ ॥११६॥

टाउको माथि हानेर मर्ने छैन अवश्य यो
छातीमै हानिबक्सेमा पक्का रावण मर्छ यो" ॥११७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मास्त्रको जपी मन्त्र वेदोक्त विधि पूर्वक
धनुमा वाण राख्नू भो मार्न राक्षस कराटक ।।११८।।
कानसम्म खिची वाण सावधान भई ठिक
रावणमाथि छाड्नूभो नमानीकन क्यै धक ।।११९।।
राजा रावणको छाती वाण लागेर छेडियो
लिइ प्राण गयो फेरि पृथ्वीभित्र पनी पस्यो ।।१२०।।
सबै काम गरी पूर्ण वाण श्रीराम चन्द्रको
ठोक्रो भित्र पसी हाल्यो हेरेर स्थल युद्धको ।।१२१।।
राजा रावणको हातबाट वाण र त्यो धनु
फुस्की जमीनमा तेर्स्यो दुष्ट रावणको धनु ।।१२२।।
संसारमा अरू त्यस्ता नपाइने झकाझक
अमूल्य पगरी राम्रो जुहार मणि माणिक ।।१२३।।
भेष रावणको साथ रथबाट खस्यो तल
होश हवास क्यै छैन पृथ्वीमा देह केवल ।।१२४।।
प्राण विहीनको राजा देखेर बांकि राक्षस
भयभीत अनाथै ती भागे चार दिशा झुस ।।१२५।।
भयो रावणको नाश जित राघवको भयो
भनी वानरको फौज नाच्दै उफ्री अघि वढ्यो ।।१२६।।
राजा रावणको अन्त्य हुंदा युद्ध भयो तय
उफ्री उफ्री चिच्याएर भने "श्रीरामको जय" ।।१२७।।

(२३) सन्दर्भः– रणस्थलको दृश्य, देवादिको खुसी,

कयौं वानरको देह त्यत्रो राक्षसको गण
युद्ध गर्दा मरेकाले देख्दा विभत्स,भीषण ।।१।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बोसो, रगतको ठूलो सरोवर समान छ
अनेक थरिका हात,— हतियार अनेक छन् ।।२।।

रत्न जडित बाजूले युक्त हात अनेक छन्
असंख्य पारी नाचछन् वीरका शिर नाच्दछन् ।।३।।

कति रगतको भित्र हीलोमा गाडिए कति
धेरै रगतमा उत्री,— रहेका गीड छन् अति ।।४।।

कवच झल्झलाकार सुनको छ मनोहर
छाती फर्काउंदै सर्छन् हामी नै व्हौं वहादुर ।।५।।

भनी अघि निकै सर्छन् लड्छन् मृत्यु भए पनि
भने जस्ता देखिने ती विना शिर भए पनि ।।६।।

यता हात्ती लडेका छन् गधा, खच्चर छन् कतै
सबै आराममा छन् क्या देखिने छन् कता कतै ।।७।।

उत्तानो रथको पाङग्रो थाम्न आकाश खोज्दछन्
कि क्या जस्तो,—लट्ठीले त के युद्ध स्थल नाप्दछन् ।।८।।

रक्त निकाशको खोल्सो झर्नाको जोडमा पुग्यो
रातो रगतको खोल्सो बग्दैं सागरमा पुग्यो ।।९।।

श्यालले मुखले हात च्यापेर दौडि हाल्दछन्
चील काक रमाएर स्वजातिलाई डाक्दछन् ।।१०।।

लुछा चूड गरी गिद्ध घेरेर मासु तान्दछन्
अघाए पछि बग्गीको गजूर माथि चढ्दछन् ।।११।।

मणि, मोती, मुगा कैयौं, हीरा, जूहार, माणिक
हीलो रगतको भित्र पसे ती मन माफिक ।।१२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रातो कमलको फूल फुल्छ हीलो तलाउमा
कालो धसिङ्गरे माथ निस्के जस्तो छ रक्तमा ।।१३।।

हिक्कहिक्क अङ्ग ववँता डुवी रगतमा कति
हात, खुट्टा पसारेर आँखा फर्काउँछन् कति ।।१४।।

कति घोप्टा परेका छन् उत्तानै मर्दछन् कति
राजाको बिग्रदा बुद्धि लङ्काको यो भयो गति ।।१५।।

धराशायी हुना साथ राजाको देह वाट त
ज्योति निस्कि पसी हाल्यो राममा नै खतोखत ।।१६।।

देखेर सव आश्चर्य देवता आफु आफूमा
ज्यादै ठूलो भाग्यमानी कस्तो रावण विश्वमा ।।१७।।

विष्णुको करुणा पात्र देवता सव सात्विक
दुःखादि भयले व्याप्त हुँदा संसारमा ठिक ।।१८।।

परस्त्रीहरूमा लट्ठ ठूलो ब्राह्मण हिंसक
देवताहरू मारोस गर्ने त्रैलोक्य कराटक ।।१९।।

सिद्ध, महर्षि, योगीले पाइने विष्णुको पद
आज रावणले पायो ठूलो हो त्यहि नै पद ।।२०।।

देवताहरूका यस्ता वोली सुनेर नारद
भन्नु हुन्छ "सुनी हाल्नोस् देव ! धर्म विशारद ।।२१।।

रामका साथमा द्वेष गर्दा रावणको गन
राम बाहेक अर्को ववै शोच्न छाड्यो सबै धन ।।२२।।

राम बाटै हुन्छ मृत्यु सुन्दा हुन गयो तथा
खांदा, हिंड्दा, कुरा गर्दा सम्झन्थ्यो रामको कथा ।।२३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सपना, जपना, राम राम बाहेक क्यै कुरा
जता हेर्‍यो उतै राम देख्न थाल्यो कठै वरा ॥२४॥

राममा द्वेष नै उस्को गुरुको उपदेश भो
अन्त्यमा रामकै हात,–बाट सायुज्य प्राप्त भो ॥२५॥

अर्काको धनमा लोभी दुरात्मा क्रुद्ध नै भए–
पनि ब्राह्मण मार्ने होस् गाई मार्ने भए पनि भए ॥२६॥

कस्तै चण्डालनै होस्न गरोस् पाप अनेकन
धर्ममा विमुखै होस् त्यो छोडोस धर्म सनातन ॥२७॥

डरले भक्तिले होस्न तर आखीर राममा
मन अड्न गए हुन्छ श्री विष्णु धाममा ॥॥२८॥

घमासान गरी युद्ध ठूलो त्रैलोक्य काराकट
रावणलाई मारेर भेट्टाएर ठुलो चुक ॥२९॥

धनु टेकेर वायांले वाण दक्षिण हातमा
नेत्रको छेंउमा रातो वाणको घाउ देहमा ॥३०॥

शरीर झन् झलाकार दूर्वाश्याम मनोहर
देवताका पनी राजा इन्द्रले दुइटा कर ॥३१॥

जोडेर पाउको सेवा गरिने यी निरन्तर
वीर श्रीरामले मेरो गरून् रक्षा सधैंभर ॥३२॥

यस्तो नारदको वार्ता सुनेर देवताहरू
भन्छन् श्रीरामको लीला भजौं राम खुरुखुरु ॥३३॥

जस्ले जप्दछ श्रीराम काटेर भव बन्धन
सायुज्य मोक्ष त्यो हुन्छ राम नाम सधैं भन ॥३४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खुशी भएर श्रीराम भन्नु हुन्छ विभीषण !
सुग्रीव हनूमान् ! जाम्ब,-वान् अङ्गद र लक्ष्मण ।।३५।।

तपाइहरू साराको बलले आज रावण-
लाइ लडाईमा मारे खुसी छन् देवता गण ।।३६।।

चन्द्र सूर्य रहेसम्म राम्रो कीर्ति रही रला
मेरा साथ तपाईको जो नर कीर्ति गाउला ।।३७।।

शान्तिपूर्वक त्यो वांचला नगर्ला पापका कला
सधैं प्रसन्न त्यो होला परम पद पाउला ।।३८।।

देवादिको खुसी

खुसी भए सवै देव, देवी, गधर्व, किन्नर
महर्षि सिद्ध सारामा हरायो छैन क्यै डर ।।३९।।

टाउका माथि ढुङ्गाको तय लाग्दा भए खुसी
नत्र त्यो कहिले ? खस्ने ? हुने हो कसरी खुसी ।।०४।।

यता राक्षसको नाश उता देवादिको सुख
अन्धकार भयो लङ्का झल्कियो स्वर्गको मुख ।।४१।।

यत्र तत्र सवै भन्छन् लाग्यो रावणको तय
देव, वानर, देवर्षि भन्छन् ''श्रीरामको जय ।।४२।।

उता आकाशमा चारै दिशामा मधुर ध्वनि
नगराको ठुलो शब्द देव वाजा बजें पनि ।।४३।।

घामना जलको वर्षा हुँदा जस्तो रमाइलो
हुन्छ लङ्का भयो तेस्तै वोसो रगतको थलो ।।४४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आकाशबाट सर्वत्र विभिन्न थरि फूलको
वर्षाले ढाकियो सारा रणस्थल त्रिकूटको ।।४५।।
फूलै फूल त ढाक्कियो विभत्स्य दृश्य लोप भो
जता हेर्‍यो उतै राम्रो चाडैनै रमणीय भो ।।४६।।

राक्षस पत्नी र विभीषणको शोक

वाबु, बाज्ये, भिनाज्यू र दाज्यू भाइ जुवाइ ती
पति, देवर, जेठाज्यू, भानिज, भतिजा जति ।।४७।।

भदो र शशुरा, सम्धि मिज्यू, जति छन् सव
रणक्षेत्र पुगे लड्न लडाई सिद्धियो अब ।।४८।।

अवलाहरूका नाता पर्ने पुरुष छन् जति
लङ्काको संग्राममा वीर प्राण छोड्ने भए जति ।।४९।।

सुनी रावणको अन्त्य रानी मन्दोदरी वरा
जति रावणका प्यारी नारीहरू बडा भला ।।५०।।

अवलाहरू छन् सारा छाती पिटी पिटी सबै
झाक्रो फुकाइ रुंदात कोलाहल भयो खुदै ।।५१।।

दैलोबाट रुँदै निस्के मिलेर साथ ती गए
अर्की निस्की त्यसै गर्दै गर्दा ती तांतिनै भए ।।५२।।

एक तांति गई अर्को तांतिमा मिसिदै गयो
ताति ताति मिली जांदा लङ्का आखीर रित्तियो ।।५३।।

कोलाहल भयो कत्रो होला पार्वती ! लौ भन
अश्रुधारा बगाएर छाती पिट्छन् सबै जन ।।५४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रणस्थल महाँ वैरे लङ्काका सवै राक्षसी
वावु ! तिमी गयौ भन्छे मलाई छाडिकँकसी ।।५५।।

रुँदै लडी वुडी गर्छन् छाती पिट्छन् वरावर
"मलाइ पनि लौ नाथ ! लौन तान तिमी तिर ।।५६।।

मन्दोदरी छांद हाल्दै भन्छे "हे नाथ ! यो गति ?
हीलो रगतमा लड्नू ? यो भन्दा हुन्छ के अति ।।५७।।

शान, मान थियो कत्रो क्षणमै यो दशा भयो ?
औंल्याई भन्दथे राम ! मैले यो देख्न के पऱ्यो ।।५८।।

दैव लीला वडो ठूलो पछि के हुन्छ लौ भलो ?
यस्तोमा प्राण जांदैन कस्तो यो प्राणको थलो ।।५९।।

सवै राक्षसको मृत्यु दाज्यू रावणको वध
विभीषण भए दुःखी पुगेर शोकको पिंध ।।६०।।

रावणको शव संस्कार

गएर भाइ ! सम्झाऊ बुझ्न् सव विभीषण
मन्दोदरीहरूलाई सम्झाऊ तिमीले भन ।।६१।।

शिरोपर गरी आज्ञा पुगी लक्ष्मणले भने
"नाता सम्वन्धको सारा तत्त्व ज्ञान सवै सुने ।।६२।।

भूत, भविष्यको पीर छोड्दा जे परि आउँछ
गर्नू पर्ने गरी, चित्त राममा दिनु पर्दछ" ।।६३।।

रामको पाउमा पर्दै हात जोडी विभीषण
"क्रोधी, धर्म सवै छोड्ने मेरा दाजु यि रावण ।।६४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परस्त्री लालचा गर्ने झूठो बोल्ने सधैं भरी
त्यस्ताको दाह संस्कार म वाट हुन्छ के गरी ।।६५।।

"नमरुन् जेल हो वैर,–भाव, दोष सवै दिने
मरेपछि त साराको एकै नास सबै हुने" ।।६६।।

शिरोपर गरी आज्ञा रामको पाउमा परी
रानी मन्दोदरीलाई देखाएर वरी परी ।।६७।।

"संसारको सवै चाला जन्मको मृत्यु झैं गरी
संयोगको वियोगैनै अवश्य हुन्छ क्यै गरी ।।६८।।

सांसारिक सवै काम धर्मको पनि क्यै कुरा
राजनीति समाजको जान्नु हुन्छ सबै जरा ।।६९।।

"राम ईश्वर हुन् हुन्" भन्ने यो पनि विदितै न छ
आफैं सवै जान्नु हुन्छ विन्तीके गर्नु पर्दछ ।।७०।।

राजा रावणको पाउ,–मा विन्ती जे गरें सव
भाउज्यू ! जान्नुभाकै छ मैले भन्नु छ के अब ? ।।७१।।

राजालाई पनी जान थियो हुने छ यै कुरा
जाना जानी लडी वक्स्यो "मर्दा धाम म पाउंला ।।७२।।

राजाको मनको इच्छा पूरा पूर पुग्यो सब
राजाको देहको ज्योति राम भित्र पस्यो सव ।।७३।।

मैले पनि बुझेरै नै रामको पाउमा परें
बन्धु, वान्धव साराको अन्त्येष्टि गर्नमा परें ।।७४।।

बुझाई सवको चित्त गर्दा विनय पूर्वक
जोडेर सव सामान नमारीकन क्यै झक ।।७५।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पितृ भेद भने जस्तै विधान विधि पूर्वक
जे गर्छन् अग्नि होत्रीको "शव पारे सबै ठिक ।।७६।

बन्धु, बान्धव मन्त्रीका वाजा गाजा गरी कन
विधिवत् अग्निको दान दिन्छन् भक्त विभीषण ।।७७।।

सचैल स्नानका साथ विधिसाथ जलाञ्जलि
पृथ्वीमा टाउको राखी ढोगेर बाधि अञ्जलि ।।७८।।

मन्दोदरी अरू रानीलाई दिएर सान्त्वना
विदावादी भई लङ्का फर्किए अवला जना ।।७९।।

(२४) सन्दर्भः–विभीषणको राज्याभिषेक, सीताको अग्नि
परीक्षा, वानरहरू वाच्छन्

विभीषण भई नम्र रामका पाउमा परे
"पाउको रज हूँ" भन्दै हाज जोडो खडा भए ।।१।।

श्रीराम सैन्यका साथ सुग्रीव, भाइ लक्ष्मण
शत्रुनाश भएकाले खुसीभो रामको मन ।।२।।

श्रीराम चन्द्रको आज्ञा पाएर मातालि अनि
रामको पाउमा पर्दै विदा भैं फर्किए पनि ।।३।।

"हुनता पहिल्यै लङ्का-को तिमी नृप नै भयौ
भनी विभीषणैलाई भन्दा तिमीहरू थियौ ।।४।।

तथापि विधिवत् ऐले भाइ लक्ष्मण लौ सुन
राज्याभिषेक दी आऊ होऊन् राजा विभीषण ।।५।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाएर रामको आज्ञा लिइ वानर साथमा
राज्याभिषेकको काम भयो शुभ मुहूर्तमा ।।६।।

विभीषण भए राजा छन् लक्ष्मण साथमा
कँयौं नागरिका साथ कोशेली लिइ हातमा ।।७।।

रामको पाउमा पर्दा राजा देखि विभीषण
खुसी हुनु भयो राम भाइ सहित लक्ष्मण ।।८।।

अगालो मारि सुग्रीव,–लाई भन्नु भयो मित !
सहाय दिनु भो मारें हो रावण खतो खत ।।९।।

सबै वीरहरूको यो कामले कार्य सिद्ध भो
विभीषण हुँदा राजा सम्पूर्ण काम पूर्ण भो ।।१०।।

सीताको अग्नि परीक्षा

विभीषण हुँदा राजा राजाको नै लिई मत
हनूमान् जाऊ सीताजी भेटी आऊ लिई मत ।।११।।

बुलुक्क उफ्रना साथ सीताजीको अघिल्तिर
पुगेर हात जोडेर गरें विन्ती भए भर ।।१२।।

सुनेर सब वृत्तान्त सीताजीको भयो मन
अमूल्य यिनको काम के दिएर तिरूं ऋण ।।१३।।

"रामको पाउमा गर्नू मेरो विन्ती छ उत्तम
शीघ्र.तिशीघ्र श्रीराम पाउमा पर्न पाउँ म ।।१४।।

नमस्कार गरी फर्के रामको पाउमा परे
सीताजीको सबै विन्ती रामको पाउमा गरे ।।१५।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मायालेनै बनाएकी सीता छोडेर अग्निमा
राखेकी जानकी लिन्छु अग्निबाटै म वीचमा ।।१६।।

मनले रामले ठानी भन्दा राजन् ! विभीषण
सीता लिन गए हुन्छ, आज्ञा मानी विभीषण ।।१७।।

लिएर हनूमान् साथ स्वयं राजा विभीषण
आफैं गए सवारीमा जानेर शुभ लक्षण ।।१८।।

शिपालू बुढिया नारी राज दर्वार भित्रिया
सेवा गर्न निकै जान्नै दासी द्वारा सबै क्रिया ।।१९।।

राजकीय भएसम्म वास्नादार मनोहर
स्नानका सव सामान लिएर भई हाजिर ।।२०।।

ऊनै सीताजीको स्नान गराए अति उत्तम
वहु मूल्य शफा शुद्ध लङ्कामा के थियो कम ? ।।२१।।

शृङ्गार र नयाँ वस्त्र पहिराएर भूषण
सवारी साथ पालकीमा लागे रक्षकका गण ।।२२।।

सबै वानर वँरिए सीताको गर्न दर्शन
तर लाठो लिई रोक्न थाले राक्षसको गण ।।२३।।

रामले दिनु भयो आज्ञा "हिड्न् हरूहरू सर
आमा जस्तै उनीलाई हेरुन् राक्षस वानर ।।२४।।

पाल्की छोडी हिडेरैनै सीताजी पनि पैदल
पुग्नु भो रामको सामु जोडेर दुइटा कर ।।२५।।

सीता देखेर श्रीराम भन्नु हुन्छ "सीते !, सुन
तिमीलाई लिई जान आएको मत होइन ।।२६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अन्याय गर्नु पाप हो सहनू पनि पाप हो
पापी रावण मारेको धर्मस्थापन गर्न हो ।।२७।।

मेरो काम भयो पूर्ण पापी रावण मारियो
नर राक्षसको भेद भेद जो थियो सब नाशियो ।।२८।।

अब हामी सबै एक नर राक्षस, वानर
हुँदा कलहको बीज हुँदैन पृथिवी तल ।।२९।।

मेरो निति तिमी सीता अरू जस्तै बराबर
शत्रुको घरमा बस्ने,– सित मान्नु छ के भर ।।३०।।

सुनेर रामको बोली सीतालाई असह्य भो
"आगो सल्काउनोस् भाइ !" लक्ष्मणलाई भन्नुभो ।।३१।।

स्त्रीका सर्वस्व हुन् स्वामी विश्वास राममा परोस्
चरित्र माथिको शङ्का निर्णय दुनिया गरोस्" ।।३२।।

श्रीराम चन्द्रको यै नै होला सम्मति यो भनी
ठीक लक्ष्मणले पारे आगो सल्काइयो पनी ।।३४।।

सबै वानरको फौज एक तर्फ छ राक्षसी,
राक्षस, देव हेर्दा छन् सीताजी बहुतै खुसी ।।३५।।

राममा भक्ति राखेर हात जोडेर ती सती
दन्दनाकार आगाको सामुमा उभिएर ती ।।३६।।

"श्रीरामचन्द्र बाहेक अन्यत्र यदि यो मन
न गएको भए अग्नि ! बचाइ बक्सियोस् तन" ।।३७।।

भनी सीता हाम फालीन् नडराएर क्यै रति
दर्शक वृन्द्रमा हा हा हु हु सम्म पऱ्यो अति ।।३८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"आफू आफूसमा भन्छन् "ओइ जाना जाना के गरी
छाडे सीता प्रिया पत्नी रामले तो कठै वरी ॥३९॥

प्रचराड अग्निको लप्का हावामा फर्फराउँछ
बीचकी जानकीलाई ज्वाला भित्र दवाउंछ ॥४०॥

यिनैका निंतिमा यत्रो गरे युद्ध भयङ्कर
जितको काम के लाग्यो रहिन्छ रामको भर ॥४१॥

यस्तो पनी पर्‍यो देखन अवला एउटी वरा
राम राम सधैं भन्थिन् रामले उखले जरा ॥४२॥

यता मन्दो दरी राडी रांडा राम उता भए
जीत हार भयो कस्को ?" भनेर राक्षसी गए ॥४३॥

कतिका वर्ष पृथ्वीको माटा भित्र बसी तप
गर्दा लागेर माटाको दाग झिकी टपाटप ॥४४॥

सक्के सम्म गरे शीप एक वर्ष परिश्रम
ठीक ठाक गरे सीता अग्नि देव थिए कम ? ॥४५॥

नाशो सीता लिई साथ राम चन्द्र जहां उँहिं
पछि पछि अग्नि देव छोडेनन् कहिल्यै कहिं ॥४६॥

मागी बक्सिन्छ सीता जा मर्यादा पुरुषोत्तम
त्यहिं नाशो बुझाएर "हलुका कहिले हुँ म" ॥४७॥

मौका छोप्ने अग्निदेव पछि हट्थे उनी किन ?
माया सीता लिए, सच्चा सीता दिए गनी दिन ॥४८॥

आगोले काठ सिद्धचायो भुङ्ग्राको बीच जानकी
झल्झलाकारकी सीता भन्दछन् देवी विश्वकी ॥४९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धन्य श्रीरामको नाम धन्य सीता पतिव्रता
पार्बति ! रामको लीला "राम जप्दछु हैं म ता ॥५०॥

मुनि देवयोनीहरू स्तुति गर्छन् वानरहरू वाच्छन्

यम, वरूण, इन्द्रै यी कुवेर, शिव, चारण
ब्रह्मा, मुनि सबै सिद्ध, साध्य र वेवका गण ॥५१॥

पितृ गण र गन्धर्व नाग गण र अप्सरा
विमानमा चढी आए ओर्लिए जति छन् भला ॥५२॥

त्यत्रो वानरको फौज आएका सब देवता
राक्षस गण छन् उत्ति हेर्दामा ती कता कता ॥५३॥

हल्ला खल्ला कतै छैन वातावरण शान्त छ
असंख्य व्यक्तिको भीड मर्यादाक्रम बद्ध छ ॥५४॥

श्रीरामचन्द्र सीताको गर्दछन् अभिवादन
स्तुति संक्षेपमा गर्दछन् भिन्ना भिन्नै अनेकन ॥५५॥

"पद आफ्नो पुनः पायौं वक्स्यो मारेर रावण"
आएका ती सबैलाई वक्सियो भेट दर्शन ॥५६॥

पार्वती साथमा राखी विमानैमा बसीबसी
आकाशैबाट भन्नु भो शिवजीले भइ खुसी ॥५२॥

कमल नेत्र हे राम ! राज्याभिषेक हेर्न म
"अयोध्यामै म आउंला मर्यादा पुरुषोत्तम ॥४८॥
"यता नजर होस् राम ? पिताको गर्न दर्शन
सुनी श्री शिवको आज्ञा देखी दशरथानन ॥५९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भाइ लक्ष्मणका साथ खुसिका साथ रामले
शिरमा पाउ राखेर ढोग्नु भो अति भक्तिले ॥६०॥

माया गरी अङ्कमाल तालुता अनि सुंघियो
हात जोडी दुवै भाइ पाउमा नुहुने भयो ॥६१॥

अघि जस्तै दुवै छोरा दुइटै काखमा लिए
अङ्कमाल गरी फेरि तालु सुधी विदा भए ॥६२॥

विमानमा चढी जांदा दशरथ उडे उता
लक्ष्मण, राम सीता त लङ्का मा नै हुदा यता ॥६३॥

हात जोडी खडा इन्द्र,–लाई देखेर रामले
"वचाऊ भन्नु" भो इन्द्र ! आज अमृत वृष्टिले ॥६४॥

मेरो निमित्तमा युद्ध,–गर्दा मृत्यु भए जति"
गरे अमृतको वर्षा इन्द्रले चाहिने जति ॥६५॥

युद्ध गर्दा मरेका ती सवका सव वानर
निद्रा पुगी उठे जस्ता देखिए सव वानर ॥६६॥

अघि भन्दा हृष्ट, पुष्ट बलिया फुर्तिला सव
प्रसन्न उत्तिकै छन् ती थकाइ मेटिदा अव ॥६७॥

श्रीराम चन्द्रले विदा वक्सिदा देवता गए
"रामको जय होस्" भन्दै आपनो ठाम जता थिए ॥६८॥

आ–आपनो ठाममा गए

(२५) सन्दर्भः– श्रीराम विमान चढनु भयो, विमान यात्रा,
गुह, भरत राम आउनु भएको जानकारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिरमा हात राखेर विन्ती गर्छन् विभीषण
मङ्गल स्नान होस् आज सीता साथ लिईकन ।।१।।

भोलि लक्ष्मणका साथ फेरी पोशाक भूषण
सजीसजाउका साथ 'जाला आदेश पाउन' ।।२।।

"राजन् ! यो ता हुदै हुन्न भाइ भरत के कम ?
मलाइ पर्खि राख्या छन् मेरा हुन् भक्त उत्तम ।।३।।

जटा वल्कल धारी छन् गर्दछन् ईश चिन्तन
उनी विना नयां वस्त्र गहना फेर्न सक्तिन ।।४।।

अतःराजन् ! गर्नु पर्ने इच्छा छन् जति उत्तम
सुग्रीबादि सवैलाई गर्दा खुसी हुने छु म" ।।५।।

सुनेर रामको आज्ञा सुग्रीवहरूलाई नै
जूहार, मणि, मोती र सुन वस्त्र दिए जनै ।।६।।

जजस्ले जे भनी चाहे दिए वस्त्र र भूषण
सन्तुष्ट उनले पारे धन्य राजा विभीषण ।।७।।

विदा वादी भई आए रामका पाउमा परे
वस्त्र भूषण लाएर दानीमा ती ठुला परे ।।८।।

झलमलाकारको राम्रो आंखा नैं तिर्मिराउने
अनेक थरिका कक्षा झण्डे देश भने हुने ।।९।।

चित्र विचित्रका झण्डा पताकाले सुशोभित
हावाको चाल देखाई ध्वजा नाच्छ मजासित ।।१०।।

झ्याल, वुर्जा, बरण्डामा बिभिन्न थरि चित्र छन्
हेरी रहूँ भने जस्तो छाना छ माथि गजूर छन् ।।११।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजाज्ञाले त्यहाँ आयो ठूलो बिमान पुष्पक
भित्र जान सजीलैं छ चढ्ने सिढी सबै ठिक ।।१२।।

चलाउन सवारीमा लागे बिभीषण
बिमानमा सवारी भो सीताराम र लक्ष्मण ।।१३।।

बायाँ काख लिइ सीता धनुर्धारी पराक्रमी
भाइ लक्ष्मणका साथ त्यहाँ छैन कुनै कमी ।।१४।।

रामले मित्र सुग्रीव बिभीषण र अङ्गद
शूरा वानर ती सारा,—लाई भन्नु भयो खुद ।।१५।।

"सबै वानरका साथ तपाइहरूले सब
मित्रको जति हो काम पूरा गर्नु भयो खुब ।।१६।।

आ—आफ्नो छ जहाँ ठाम त्यहाँ जानु भए भयो
मित्र ! सुग्रीव ! किष्किन्धा जानुहोस् काम सिद्धियो ।।१७।।

बिभीषण पनी लङ्का'—वसी राज्य चलाउनू
इन्द्रादि देव सक्तैनन् बिगार्न अरु के भनू ? ।।१८।।

पिताज्यूको राजधानी अयोध्या छ रमाइलो
बिदा भएं गएं है त ? यै हो मेरो ठुलो भलो" ।।१९।।

सुनेर रामको आज्ञा विभीषण र राक्षस
वानर साथ सुग्रीव "हामी छौं प्रभुको बश ।।२०।।

जान पाऔं सवारीमा हाम्रो छ प्रभुमा भर"
हात जोडी गरे विन्ती "श्रीराम करुणाकर ! ।।२१।।

राज्याभिषेक हेरेर भनाई भद्र उत्सव
कौशल्याको परो पाउ—मा दर्शन गरी नव ।।२२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फर्केपछि राजकाज गरौंला 'राम राज' यो
सुनेर रामले 'ठीक हो जाऔं भनी बक्सियो ।।२३।।

सेनाका साथ सुग्रीव मन्त्री साथ बिभीषण
विमानको पसे भित्र ढीलो क्यै नगरीकन ।।२४।।

राम्रो कुवेरको यान तपस्याको ठूलो धन
लक्ष्मण, राम, सीताजी वस्दा शोभा बढ्यो झन ।।२५।।

पाएर रामको आज्ञा उड्यो विमान पुष्पक
गयो आकाशमा सीधा चारैतिर पर्‍यो टक ।।२६।।

विमान यात्रा द्वारा श्रीरामको सवारी

आकाशिएर जाँदा त भूमि अलि अलि तल
हूंदा त्रिकूट छर्लङ्ग लङ्का देख्दा खुल्लो दिल ।।२७।।

चौडा, राम्रा, शफा लामा बाटामा फूल साथ छन्
पोखरी देखिए राम्रा घरका ताति ताति छन् ।।२८।।

सीताले देख्नु भो लङ्का विश्व ख्याति मनोहर
रामले भन्नु भो 'सीते ! डर लाग्दो रणस्थल ।।२९।।

देख्यौ रगतको हीलो थूप्रो हेरन म.सुको
भयो राक्षसको नाश यहि वानर फौजको ।।३०।।

यहिं रावण मारेको कुम्भ कर्ण मर्‍यो यहिं
भाइ लक्ष्मणले मारे इन्द्रजित्‌लाई नै यहिं ।।३१।।

हेर पूल छ यो कत्रो लङ्का भारत जोडिने
सेतु वन्ध यहीं तीर्थ सवै पाप पखालिने ।।३२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प‍ित्र स्थल यो तीर्थ देख्दैमा धर्म पाइने
भक्ति गरी स्नान दान गरे बैकुण्ठ पाइने ।।३३।।

"रामेश्वर महादेव शिवको स्थापना गरें
गङ्गाजल चढाएर पूजा श्रीशिवको गरें ।।३४।।

मन्त्रीहरू लिइ साथ छोडेर दाजु रावण
शरण पर्न आएका यहिनै हुन् विभीषण ।।३५।।

हेर्दै पृथिवीको शोभा किष्किन्धामा पुग्यो जव
विमान अडिदा ठूलो गरे स्वागत उत्सव ।।३६।।

वीर सुग्रीवले खास सीता खुसी गराउन
ल्याए सुग्रीवले तारा आदि नारी सबै जन ।।७३।।

चिना जानी भयो तारा सीताजीमा परस्पर
सखिका साथ ताराले गरिन् स्वागत आदर ।।३८।।

राखेर सव ती नारी उड्यो विमान पुष्पक
"ऋष्य मूक सीते ! हेर नमानीकन क्यै धक ।।३९।।

वालीलाई यहीं मैले मारेको यहि हो थलो
धेरै राक्षस मारेको देख्यौ पञ्चवटी भलो ।।४०।।

औंल्याई कन श्रीराम भन्नु हुन्छ उतातिर
अगस्त्यको हेर वास सुतीक्ष्ण ऋषिको वर ।।४१।।

तपस्वी ऋषि ती सारा देख्यौ कि देखिनौं भन?
चित्रकूट यही नै हो श्रेष्ठ पर्वत हो गन ।।४२।।

यहिं भरत आएथे मनाउन मलाइ क्या
देख्यौ ? ऊ३ यमुना तीर सम्झन्छचौ सिर्सियौ कि क्या? ।४३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीराम चन्द्र श्रौंल्याई श्रीभरद्वाज श्राश्रम
विमान रोक्किकयो श्रोलि-बक्स्यो श्री पुरुषोत्तम ।।४४।।

चौध वर्ष भयो पूरा पञ्चमी तिथिको दिन
भरद्वाज ठुलालाई ढोग्नू भो साथ लक्ष्मण ।।४५।।

नुही विनयका साथ सोध्नु भो राम चन्द्रले
दुइटा भाइको हाल "सुन्नु भा छ तपाइले ? ।।४६।।

सहकाल छ राम्रै नै श्रयोध्यामा निरन्तर
श्रारामै होइ बक्सेला मुमाहरू भएभर ।।४७।।

श्रीराम चन्द्रको बोली सुनेर ऋषि भन्दछन्
"राम प्रसादले गर्दा राम सकल वेश छन् ।।४८।।

राम ! हजूरका भाइ फलाहारी कुशासन
जटावल्कल धारी छन् रामको झैं छ श्रानन ।।४९।।

भरत रामका भक्त राज्यका भार छन् जति
खराउमा गरी बिन्ती राज्य गर्दा छ उन्नति ।।५०।।

राम्रै चलाउछन् राज्य वस्दछन् नन्दि ग्राममा
ऊच नीच कतै काहिं पार्दैनन् श्रधिराज्यमा ।।५१।।

चौध वर्ष पूरा हुने कहिले श्राउला दिन
श्रीरामको प्रतीक्षामा गन्दछन् दिनका दिन ।।५२।।

तपाईको भलो नाम "राम" एकाग्र चित्तले
जप्दा ज्ञान भयो गर्दा श्रनुग्रह तपाइले ।।५३।।

चौध वर्ष तपाईको वनमा काम के भयो
सबै ज्ञान भयो श्राफै रामको नामले गऱ्यो ।।५४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जलको राशि कत्रो छ ? गङ्गाजीमा भनौं कति ?
पानी ल्याउन को सक्छ ? रित्त्याएर भए जति ।।५५।।

कति गङ्गाजीमा पानी बस्दछ क्षणका क्षण
जत्रो भांडो त्यति मात्र पाउछ जलका कण ।।५६।।

रामको नाममा जस्तै भक्ति गर्दछ जो जति
उत्तिकै फल वा ज्ञान प्राप्त गर्दछ त्यो त्यति ।।४७।।

राम नाम सके जप्न भक्ति पूर्वक मानव
आखाले देख्न सक्दैन ज्ञानले देख्छ त्यो सव ।।५८।।

भूत, भविष्को ज्ञान सबै जगतको हुने
छर्लङ्ग सव संसार राममा सव देखिने ।।५९।।

भडार विश्वको "राम" जे सक्छ जसले जति
सकेसम्म झिकोस् के छ? घट्दै घट्दैन क्यै रति ।।६०।।

जप्ता जप्तै राम नाम पन्छिन्छन् सब बन्धन
रामको नामको काम भन्न सक्तैन क्वै जन ।।६१।।

राम साक्षात् प्रभो ! ईश सारा ब्रह्माण्डमा टम
हुंदा तैपनि देखिन्न प्रत्येक कणमा टम ।।६२।

सच्चिदानन्द "श्रीराम" रूप मानिसको सम
अवतार लिई बक्स्यो मर्यादा पुरुषोत्तम ।।६३।।

सैन्य सहित श्रीराम यहि नै आज राज होस्
कुटी पवित्र भो मेरो श्रीराम चन्द्र जानु होस् ।।६४।।

'ऋषि ब्राह्मणको आज्ञा मेरो निंति ठुलो दया
रघुको कुलको श्रीमा पर्न दिन्न कतै खिया ।।६५।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रामले ऋषिको आज्ञा मानेर "हुन्छ" भन्नु भो
सीता, तारा सबै सैन्य राम, लक्ष्मण बस्नु भो ।।६६।।

रामले हनूमान्लाई "अयोध्या जाउ", भन्नु भो
राज दर्वारको हाल सबै नै बुझ्नु" भन्नु भो ।।६७।।

शृङ्ग वेर पनी जाउ म आएको सबै कुरा
गुहलाई भनी देऊ मेरा मित्र ठुला भला", ।।६८।।

नन्दिग्राम गई मेरी भाइ भरतमा अनि
इति वृत्त पुरा पूर म आएको कुरा पनि ।।६९।।

भाइ भरतको चेष्ठा पत्तालाई सबै कुरा
चाडै गरी तिमी आऊ तिमी छौ चतुरा भला" ।।७०।।

श्रीराम चन्द्रको आज्ञा पाउना साथ ती अनि
उफ्री हाले हनूमान्त पुगि हाले जहां पनि ।।७१।।

सबै वानरको फौज ताराका साथ सुग्रीव
लक्ष्मण राम, सीताजी हुँदा आश्रममा सव ।।७२।।

ऋषिले पनि साराको गरे स्वागत भक्तिले
खाना शय्या यथा योग्य पुऱ्याए राम नामले ।।७३।।

हनूमान्का सुनी बार्ता भए भरत गद्गद
हर्ष थाम्न नसक्नाले मूर्छा हुन गए खुद ।।७४।।

राम राम भनी ब्युझें रामको जय होस् भने
श्रीराम चन्द्रको पाऊ-मा पर्न पाउछु भने ।।७५।।

रामको सुनि सन्देश आनन्दाश्रु झरे तले
रामको जय होस् भन्दै बित्यो अब भने छल ।।७६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्रम बद्ध सबै राम्रा दाजु श्रीरामका कुरा
सुनी आज्ञा दिए गर्न भद्र स्वागतका कला ।।७७।।

राम स्वागतको निम्ति गर्न पर्ने सके सम
अहिले सम्भवा भद्र के गर्दा हुन्छ उत्तम ।।७८।।

सुनेर दाजुको आज्ञा शत्रुघ्न पनि झट्पट
राम स्वागतको काम गर्न तिमीहरू जुट ।।७९।।

भनी सबै कलाकार जुटाई भव्य स्वागत
शीघ्रातिशीघ्र गर्नू छ काम गर्नेछ आदत ।।८०।।

श्रीरामको फिर्ते सवारीमा स्वागत

(२६) सन्दर्भः– नन्दिग्राममा पुष्पक अडयो

प्रत्येक घर पोतिए जूनमा ढालिए सव
विभिन्न रङ्का बुट्टा सबै घर भए नव ।।८१।।

घरले कांचुली फेर्दा अयोध्या नै नयां भयो
"रामको जय होस्" लेखी राम्रो तोरण टाँगियो ।।८२।।

कागत, घाँसका चित्र माटो र काठको शिर
विभिन्न धातुका मूर्ति कस्तो छ हस्त कौशल ।।८३।।

घरका चुचुरैपिच्छे घरै पिच्छे मनोहर
श्रीराम चन्द्रको चित्र (मूर्ति) देखिने अति सुन्दर ।।८४।।

झण्डा, ध्वजा, पताकाले आकाशलाई चिर्दछ
बत्ती निश्चलका साथ हस्तकला त हेर्दछ ।।८५।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ठूला शडकका दायां वाया तर्फ छ जे कुरा
दोवाटोमा र चौवाटो धेरै किसिमको कला ॥८६॥

वत्ती विभागले सारा कुना, काप्चा सवै तिर
दीपमाला जड्यो राम्रो रामको रूप सुन्दर ॥८७॥

हुनेसम्म सिगारीए भक्तिले देव मन्दिर
धन्य हो हातको शीप रामको गर्न आदर ॥८८॥

सवै सडक पानीले धोएर टट्टका भए
पैदले यात्रुको आफैं लौं अनुहार देखिए ॥८९॥

राज मार्ग दुवै पट्टि रूखमा वाटुला ध्वजा
केरा जस्ता लाम्चिला छन् स्याउ झै वाटुला ध्वजा ॥९०॥

पताका फल जस्ता छन् फूल जस्ता पनि कुनै
हुँदा शोभा भयो ज्यादा रूखले लाउँदा जनै ॥९१॥

दिनहुँ घरमा साँझ बिहान अथवा दिन
राम कीर्तनले गर्दा "राम" चिन्थे सबै जन ॥९३॥

राम, लक्ष्मण, सीताको थिए चित्र घरै पिछे
प्रत्येक घरमा राम्रै चिनाउंथे जनै पिछे ॥९४॥

राज दर्वारका रानी नानीहरू यथो चित
पाल्कीमा वसी निस्किए आफ्ना दासीहरूसित ॥९५॥

खराउ शिरमा राखी भक्त पैदल निस्किए
भरत साथ शत्रुघ्न सवै पछि पछि गए ॥९६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नन्दि ग्राममा पुष्पक अड्यो

झल्झलाकार आएको गड्गडाएर पुष्पक
औंल्याएर हनूमान्ले देखाए देखियो टक ।।३७।।

तल तल निकै ओर्ल्यो भन्दछन् वायु नन्दन
सीता श्रीराम ऊ३ हेर्नोस् झ्यालमा वीर लक्ष्मण।।३८।।

सुग्रीव जाम्ववान् साथ ऊ३ विभीषण देख्नु भो
ऊ३ राम राम लौ हेर्नोस् अवता राम देख्नु भो ?।।३६।।

आवाल, वनिता, वृद्ध सारका सार फौजले
ऊ३ क्या राम ऊ क्या राम भन्यो दर्शक वृन्दले ।।३७।।

प्रत्येकले राम राम ऊ३ राम राम ऊ३ भने
औंल्याइ सवले राम भन्दात सवले चिने ।।३८।।

रामको नामले सारा पृथ्वी, आकाश गुञ्जियो
न्यास्त्रिदा सवले राम न्यास्रो मार्न भन्यो भन्यो।।३९।।

देखे भरतले राम प्रणाम हर्ष पूर्वक
गरे भक्कान्निए भक्त ओर्ल्यो विमान पुष्पक ।।४०।।

पाएर रामको आज्ञा विमान स्थलमा अड्यौं
दुइटै भाइ ओर्लिंदा जनता सब वैरियो ।।४१।।

भरत भाइका साथ रामको पाउमा परे
भाइ उठाइ छातीमा दलेर दुइबाहुले ।।४२।।

धेरै वर्ष विते न्यास्रो अङ्कमाल भयो तन
मुसारदा सबै अङ्ग सकेन च्याख तोडन ।।४३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अश्रु धारा बगेकाले शोकाग्नि नाशियो भला
अगालो मारले केहि पीरको मकियो जरा ॥४४॥

आफू आफू हुंदा भेट दुवै भरत लक्ष्मण
भकान्नेर बग्यो आशु मिले शान्त भयो मन ॥४५॥

"भक्तिसाथ सीतालाई श्रद्धा पूर्वक वन्दना
गर्दछु अजुली बांधी हटुन् सब कुभावना ॥४६॥

सुग्रीव, जाम्ववान् वूढा मैन्द रण विशारद
परिचय भयो मुख्य भरत साथ अङ्गद ॥४७॥

अङ्कमाल गरी भन्छन् "नृप सुग्रीब जे भयो
सहाय पाउदा जीत भयो रावण मारियो ॥४८॥

चार भाइ थियौं दाज्यू पाच भाइ भयौं अब
आफू आफूसमा भन्छन् हामो कुशल छौं सब ॥४९॥

पुत्रको शोकले दीना चिन्नै नसकिने वरा
कौशल्याका परे पाउ श्रीराम मुक्तिका जरा ॥५०॥

अरू जति थिए माता वन्दना गरिबक्सियो
पुरुषोत्तम श्रीराम,–ले गर्नु गरिबक्सियो ॥५१॥

"खराउ" राम पाउमा पहिराएर भक्तिले
"नाशो यो प्रभुको राज्य" भनी भरतजी खुले ॥५२॥

"राम प्रसादले गर्दा कोष दश गुना बढचो
लिएमा अहिल्यै राज्य ठूलो माया हुने थियो" ॥५३॥

सुनो वानरको फौज विभीषण खुसी भए
"धन्य भरतको भक्ति" भनी गद् गदती भए ॥५४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उड्यो विमान चाडै नै पुग्यो भरत आश्रम
रामले भन्नु भो "जाऊ, छैनौ विमान क्यै कम ॥५५॥

कुवेरैकै गरे काम उनैको पहिले थियो
अब फेरि उनैको हो हुदैन अरूको त यो" ॥५६॥

गुरु वशिष्ठ पाउमा रामले राख्नु भो शिर
ठूलो आसनमा राखी राम बस्नु भयो थर ॥५७॥

"राज गद्दी र श्रीपेच भाइ भरतले कुरे
श्रीराम चन्द्रमा विन्ती भक्त भरतले गरे ॥५८॥

माताको बुद्धिले मेरो हातमा राज्य जो पऱ्यो
राज्याभिषेक लिबक्स्योस् विघ्न बाधा सबै हट्यो ॥५९॥

साक्षात् ईश्वर श्रीराम राज्य लालच गर्दछु ?
जस्को भ्रूभङ्गले सारा संसार भस्म बन्दछ ॥६०॥

तथापि नरको रूप,–मा गर्नू पर्छ उत्तम
हुंदा मञ्जुर गर्नु भो मर्यादा पुरुषोत्तम ॥६१॥

सबै मानिसले यस्तै अनुशासनमा रही
गर्नु पर्ने गरुन् काम दुःख दर्दा सबै सही ॥६२॥

संसार भर आदर्श देखाई उपदेशको
पढुन् संसारले पाठ छोडुन् कुभाव चित्तको ॥६३॥

श्रीरामको भित्री सवारी

शत्रुघ्नको परी पाठ केश भरतको शफा
विभीषण र सुग्रीव कपाल सबको सफा ॥६४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भयो स्नान गरे फेरे सम्पूर्ण वस्त्र भूषण
चन्दन सबले लाए देखियो शुभ लक्षण ।।६५।।

सबै वारको फौज रूप मानिसको लियो
भेष, भूषा सबै राम्रो हुंदा सुन्दर देखियो ।।६६।।

नारी दर्वारिया द्वारा सीता पनि शिंगारिइन
सुगन्ध सुनमा जस्तै सीता स्वर्ण मयी भइन् ।।६७।।

जटा जूट गयो, राम्रो केश श्रीरामको भयो
स्नान, भेष, भूषादिले गर्नु पर्ने सबै गऱ्यो ।।६८।।

कौशल्याले दिंदा आज्ञा पत्नी वानरका सबै
कपाल कोरिंदा राम्रो केश पाश खुल्यो खुबै ।।६९।।

सीता बानरका पत्नी राम्रा कोमल पालिकमा
वसी पुगे अयोध्यामा जो थियो नगरोत्तमा ।७०।।

राज वाजा वजाएर बढ्यो फौज अघिल्तिर
अश्वारोही पनि जान्छन् फेरि पैदल लश्कर ।।७२।।

वानर नरको रूप–लिएर रथमा चढे
हौदा माथि चढे कयौं राम्रा घोडा पनि चढें ।।७३।।

फेरि अर्कै बजे बाजा तिनका साथ पैदल
अश्वारोही गजारोही धूपका साथ लश्कर ।।७४।।

सिद्ध मुनिहरू दिव्य देवता हरूको स्तुति
मधुर ध्वनि फैलियो सुनिन्छ कतिका कति ।।७४।।

वाजा वजाइ हिंड्नेको पछि पैदल हिंड्दछन्
अनि घोड चढी बढ्छन् फेरि यी रथ वढ्दछन् ।।७५।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पछि हात्तीहरू जान्छन् खेलौना तान्दछन् अनि
पुराना नाच नाचेर हिड्दछन् गाउने पनि ।।७६।।

यस्ता जत्था गए धेरै खुसीका साथ गद्गद
"रामको जय होस्" भन्दै मल्ल उफ्रदछन् खुद ।।७७।।

यस्ता टोली गए कैयौं "रामको जय होस्" भनी
सवारी पछि जालान् ती कैयौं टोली यसै भनी ।।७८।।

यत्तिकैमा अति राम्रा घोडा शृङ्गार युक्त छन्
छाना छन् रथका फूल भमरा भुन्भुनाउछन् ।।७९।।

स्वयं भरत आफै छन् सुनको रथ सारथि
दायां चन्द्र बनेका छन् नक्षत्र शुभ छन् तिथि ।।।८०।।

सुनको दराडमा हीरा मणिका चित्र छन् भला
लिए शत्रुघ्नले छाता मोतीका हार छन् कला ।।८१।।

पङ्खाको वीण डोलो छ जडेको मणि, माणिक
भाइ लक्ष्मणको हात शोभा छ मन माफिक ।।८२।।

मोती छन् वीणमा शेता जून भन्दा पनि झन
शेता चरम हंकंग्छन् सुग्रीव र लक्ष्मण ।।८३।।

मग्मगाउँछ वास्नाको कस्तूरी युक्त चन्दन-
लाई दूर्वादलश्याम सुन्दर गाथ आनन ।।८४।।

माथमा पगरी ज्यादै मूल्यवान् मणि भूषित
विचित्र रङ्का रत्न जडेको अति उत्तम ।।८५।।

लाम्चिला नेत्रमा रातो छ जस्तो भान पर्दछ
फुल्दो कमलको रूप,- जाइनै माथ गर्दछ ।।८६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हसिलो ओठले छाया मनमा पार्छ पार्दछ
मुख सौन्दर्य कान्तिले शान्तिको पाठ छर्दछ ।।८७।।

पीताम्बर, ऊपर्ना, र धोती लाएर उत्तम
जनै फेरेर श्रीराम मर्यादा पुरुषोत्तम ।।८८।।

मणि जुहारले युक्त कुण्डल कानमा सुन
मोतीको हार छाती त हारले छ टना टन ।।९०।।

पुष्प माला निकै डोलो लर्केको कल्प वृक्षको
शोभाविशाल छातीको देखिने राम चन्द्रको ।।९१।।

अघि कति गए हात्ती, रथ, घोडा र पैदल
पछि कति आउँदैछन् कम्ती छैनन् कुनै दल ।।९२।।

कैयौं वाराङ्गना सूम स्तुति गर्ने र गाउने
वन्दी जन सबै मन्त्री वैतालिक र नाचने ।।९३।।

संयोग वश आएका राजा शहरिया जन
राज दूत सबै निस्के पद सेना र ब्राह्मण ।।९४।।

लाख घोडा शिगार्एका हात्ती दश हजार छन्
रथ शृङ्गारले युक्त दश हज्जार ताति छन् ।।९५।।

जोडा जोडा मिली घोडा त्यन्त्रो लहर ताहि छन्
त्यस्तै हात्ती मिलेका छन् तातिमा सव वद्ध छन् ।।९६।।

सय घोडा गए अर्को वाजा गाजा समेत छन्
पुराना देवका नृत्य राम्रा मुकुटधारी छन् ।।९७।।

वाजा तिन्का पुरानै छन् फेरो सदैं ती नाच्दछन्
मुकुराडको भेष भूषा भूत, पिशाच, ख्याक छन् ।।९८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नाचको ताल आफ्नै छन् हात, गोडा, र टाउको
हल्लाइ कन ती सर्छन् खेल छिटो छ भूतको ॥९९॥

मुकुराडो सव देवीको मुकुराडो देव उत्तिकै
हेर्दा हेरी रहू लाग्छ मुकुराडो धारी छन् निकै ॥१००॥

रूप मुकुराडको भिन्नै छ रङ पनि भिन्न छ
भेष, भूषा पनी भिन्नै मुकुराडमा विशेष छ ॥१०१॥

देखदैमा डरलाग्दा ती मुकुराड पनि छन् निकै
रातो जिभ्रो निकालेका राक्षस पनि छन् निकै ॥१०२॥

मुकुराडो डरलाग्दा छन् भूतपिशाचका कति
हात्ती, कुकुर, घोडाका बाघ र भालुका उति ॥१०३॥

मुकुराडोलाइ नाच्छन् ती उफ्री उफ्री लडी वुडी
नाच्दै अलि गरी फेरो,–मार्न लाग्दछ क्यैं घडी ॥१०४॥

मुकुराडका कलाकार,–हरूको हातको शिप
मुक्त कराठ प्रशंसा लौ नगरी लाग्छ को चुप ॥१०५॥

नृत्य कला निकै नै छन् शास्त्रोक्त नियमोचित
प्रशंसा नगरी छोड्न पाउदैन यथोचित ॥१०६॥

सारा शहरिया केहि केहिन शुभ सूचक
उपहार लिएका छन् नमानी कन क्यै धक ॥१०७॥

सर्व मानिसमा हर्ष राम देखन छ लालच
आफ्नो हृदयका वासी हेर्न आए खचाखच ॥१०८॥

लामो वियोगले गर्दा कहिले देख्न पाउला
श्रीराम चन्द्रलाई लौ अवता किन छोडुंला" ॥१०९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुरुष अथवा नारी दुइ दशक सम्मका–
हरूले "राम के जानून" के चिनुन् रूप रामका ॥११०॥

बराराडा, झ्याल, बुर्जामा वसेका छन् खचाखच
घरका छतमा बस्दा गर्दैनन् ती मिचामिच ॥१११॥

बाटाका दुइ भागैमा नारी नर टना टन
राम स्वागतका निम्ति दिएरतन लौ मन ॥११२॥

जहां श्रीरामको यात्रा पुग्छ त्यहां सबै जन
गर्छन् शिर नुहाएर हात जोडेर दर्शन ॥११३॥

सवारी रामको सुन्दा घरका काम जे थिए
चटक्क सब छाडेर हेर्न हाजिर ती भए ॥११४॥

"रामको जय होस्" भन्दा थर्कन्छन् मार्ग ती घर
अबिर, फूल, मालाको वर्षा हुन्छ निरन्तर ॥११५॥

श्रीरामको सौम्य शान्त रूप देखेर ती जन
अगालो मनले हाले रूपलाई दिई मन ॥११६॥

यस्तै प्रकारले सारा प्रजाको लिई स्वागत
सवारी भित्रियो हेर्न मेटिएन कतै धित ॥११७॥

दर्बारमा भित्रिएर माताका पाउमा शिर
राखी प्रणाम गर्नू भो कौशल्याको गयो पिर ॥११८॥

अरू जति थिए माता सबैको बन्दना गरी
सुग्रीव साथ वस्नू भो वसे अरू वरी परी ॥११९॥

"मेरो दर्बारमा भित्र राजा सुग्रीव राखनू
भरत अरूको निति दर्बार ठीक पारनू ॥१२०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने श्रीरामको आज्ञा हुदा भरतले ठिक
बन्दो बस्त भयो शया डेरा दर्बार भो ठिक ।।१२१।।

(२७) सन्दर्भः– श्रीराम राज्याभिषेक, भएपछि सबै
बिदा भएर जान्छन्

राजा सुग्रीवलाई ती "विन्ती भरत गर्दछन्
"भाइ ! भरत ! के गर्नु पऱ्यो ? सुग्रीव भन्दछन् ।।१।।

"राज्याभिषेकको निम्ति चार समुद्रको जल
चांडै ल्याउन को सक्छ ? मलाई यँ भयो पिर" ।।२।।

सुनी भरतको वाक्य राजा सुग्रीव भन्दछन्
"जाम्बवान् हनूमान् वीर अङ्गदलाई डाक्दउन् ।।३।।

भरत ! पीर क्यै छैन वीर सुषेषण ल्याउँछन्"
राजाज्ञा शिरमा राखी चार वीर दगुर्दछन् ।।४।।

वामदेव, र जावालि गुरु वशिष्ठ, गौतम
वाल्मीकिले झिके राम्रो मुहूर्त अति उत्तम ।।५।।

सर्व लक्षणले युक्त हात्ती, घोडा सर्व ठिक
ऋषि, ब्राह्मण जे भन्छन् मन्त्री गर्दैन क्वै चुक ।।६।।

पृथिवी भरका राजा विद्वान्, मल्ल, सबै मित,
ऋषि, मुनि, कलाकार भए सब निमन्त्रित ।।७।।

सर्व लक्षणले युक्त कन्या चन्द्र मुखी सबै
सधवा ब्राह्मणी आए हसिला मुखले खुबै ।।८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बैदिक विदिले काम स्वस्ति वाचन पूर्बक
सार स्वर मिलाएर गर्दछन् पाठ बैदिक ।।९।।

साम वेद यता गान वन्दी गाउंदछन् उता
"उता के गर्दछन् हेर, भन्दछन् लौ न लौ बता" ।।१०।।

अनेक नङ्का रत्न जडेको मणि उत्तम
सिंह आसनमा सीता राम राज भयो गम ।।११।।

सचिव, भाइ भार्दार संबैधानिक मुख्यका
निमन्त्रित कुनै राजा सामु छन् मुख्य कामना ।।१२।।

विद्वान् ब्राह्मणका साथ गुरु बृद्ध वशिष्ठले
विधि विधानका साथ पढेर वेद मन्त्रले ।।१३।।

पिप्पल तुलसी पत्र पञ्चामृत सबै रस
सुनको पात्रको पानी सर्ब औषधिको रस ।।१४।।

छर्कियो रामको माथ राज्या भिषेकको जल
पर्दा हट्यो सबै जाल पूर्ण कलशको जल ।।१५।।

देव वाजा बजे सारा पुष्प बृष्टि निरन्तर
श्रीरामको शिरैवाट फूल झर्छ बराबर ।।१६।।

गर्दछन् स्तुति दिक् पाल आफ्ना साथ लिई गण
देव गन्धर्बके गाए मधुर स्वर लौ कन ।।१७।।

अप्सरा हरूले नाचे देखाए नृत्यको कला
आ-आफ्नो खुबो देखाए ऊर्बशी देखिई शिरा ।।१८।।

शत्रुघ्नले लिए राम्रो छाता अग्लो मनोहर
विभीषण र सुग्रीव – ले लिए श्वेत चामर ।।१९।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वायुले सुनको माला इन्द्रले भक्ति पूर्वक
संपूर्ण रत्नले युक्त,–हारोपहार उत्सुक हार सुम्पे
समुत्सव ॥२०॥

यत्तिकैमा स्वयम् आफैं पार्वती साथ श्रीशिव
आएर देवका साथ स्तुति गर्नु भयो खुब ॥२१॥

"राम राम जगन्नाथ "राम" जप्छु सधैं भर
पार्वती साथमा राखी काशी बस्छु निरन्तर ॥२२॥

काशीमा नर जो मर्छ प्रभुको मन्त्र तारक
कानमा "राम" यो नाम सुनाउछु प्रभो ठिक ॥२३॥

इन्द्र र देवता, पृथ्वी, यक्ष, गन्धर्व, किन्नर,
महानाग, मरूत, सिद्ध, गुह्यक अप्सरा गण ॥४२॥

ऋषि, वसु, ठुला पक्षी प्रजापतिहरू भला
राज्याभिषेक हेरेर मुक्त कण्ठ गरी गला ॥२५॥

स्तुति, कीर्तन गाउंदा विर्सेर आफूनै वरा
लागु पदार्थ खाएर लागे झैं देखिए खुला ॥२६॥

"हेराम ! प्रभुले गर्दा खाना र पद भेट्टियो
आ-आफ्ना देशमा फेरि फर्केर वस्न पाइयो ॥२७॥

झुकेर हात जोडेर रामको गरि कीर्तन
विदावादी भए सारा रामको गरि चिन्तन ॥२८॥

बाटामा पनि रामैको लीलाको गरि वर्णन
छुट्टिदा भन्दछन् "भाइ" न छाडौं राम कीर्तन ॥२९॥

ब्रह्मा, शिव उमा साथ सीता र राम लक्ष्मण
लाई हृदयमा सम्झी जानु भो गरि दर्शन ॥३०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देव वाजा वजँकै छन् स्वर्गमा स्तुति गर्दछन्
पुष्प वृष्टि भएकै छ महर्षि गण तुष्ट छन् ।।३१।।

मुसुक्क ओठ देखिन्छ आंपको पाउला सरी
"रूखा दिन बिते" भन्दै आउँछे दिनको परी ।।३२।।

विभीषण हनूमान्‌जी वानर गण सेवित,
मुनि जन यता बस्छन् ऋषि बस्दा यथोचित ।।३३।।

रामको मुख सौन्दर्य दूर्वा श्याम मनोहर
सीता राम हुँदा राज देखियो अति सुन्दर ।।३५।।

"ब्राह्मण हरूले पाए दक्षिणा, वस्त्र, भूषण
गाई दुधालु लाखौटी अन्न दान, अनि धन ।।३६।।

दुःखी, दरिद्र जति छन् दरिद्र जन जो थिए
वस्त्र र अन्न पाउँदा सबै जन खुसी भए ।।३७।।

घोडा लाख भए दान सयौं गोरु पनी भए
तिस करोड सिक्का नै सुन दान हुंदा गए ।।३८।।

झल्झलाकारको रत्न जडेको उति उज्ज्वल
माला सुग्रीवले पाए श्रीराम भक्त वत्सल ।।३९।।

धेरै रत्न जडेका छन् दुइटा बाजु झल्झल
युवा अङ्गदले लाए देखिए अति सुन्दर ।।३९।।

अमूल्य मणि माणिक्य जडेको अति उत्तम
सीताजीलाइ बक्सियो राम माला मनोरम ।।४०।।

हार झिकेर सीताले चारैतिर यता उति
रामलाई पनी हेरी दृष्टि फेर्नु भयो कति ।।४१।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जस्लाई दिन पर्ने हो सीते ! उस्लाइ नै तिमी
खुसी छौ तिमी को देखी– देऊ छैनौ तिमी कमी" ।।४२।।

हार पाए हनूमान्ले लाए झल्झल देखिए
वलिया हनूमान्जी त हात जोडी खडा भए ।।४३।।

रामले हनूमान्लाई भन्नु भो "वरदान के"
"नविस्र्युं कहिले राम" राम विना अरू छ के ? ।।४४।।

राम नाम जहां सम्म रहन्छ पृथिवीमा तल ।
त्यहां सम्म जपूं 'राम राम' नाम सधैं भर ।।४५।।

सीताले भन्नु भन्नु भो 'वावु ! जहाँ तिमी बसे पनि
सम्पूर्ण भोग जुट्ने छन् चाहेमा जहिले पनि ।।६४।।

आँशु गह भरी भैगो ढोगेर वायु नन्दन
तपस्या गर्न गै हाले हिमालय चढीकन ।।४७।।

गुहलाई पनि जानोस् भन्नु भो राम चन्द्रले
मेरो नाम सधैं जप्नु सारूप्य मिल्छ भक्तिले ।।४८।।

राज्य थपी दिनू भैगो तत्त्व ज्ञान दिनू भयो
आभूषण र अङ्गालो पाए पछि त के रह्यो ? ।।४९।।

विभीषण विदा पाई ढोगेर भूषणादिक
लिए लङ्का फर्कीहाले मन्त्रीका साथ निर्भीक ।।५०।।

प्रशस्त धन पाएर सवै वानर फर्किए
सुग्रीव राम सम्झेर निष्किन्धामा उनी गए ।।५१।।

कत्ति पनि कुनै इच्छा नहुँदा पनि लक्ष्मण–
लाई श्रीरामले वक्स्यो युवराज्याभिषेचन ।।५२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तो श्री रामको लीला जो सुन्दछ सुनाउंछ
भक्तिले राम जो जप्छ परम पद पाउँछ ।।५३।।

श्रीरामलाई के राज्य के सुख धन धान्यले ?
यस्तै काम गरुन् भन्न लोकमा नर जन्मले ।।५४।।

सबै मानिसको लागि अनुशासन यी सब
शिकाउन सवारी भो धन्य आदर्श राघव ५६।।

पार्वती ! सुनि हाल्यौ– श्रीरामका गुण वर्णन
साक्षात् ईश्वर श्रीराम गाऔं राघवको गुण ।।५७।।

इति युद्ध काण्ड
श्रीरामार्पणा मस्तु

अथ उत्तर काण्ड

(१) सन्दर्भः– राम राज्य पुलस्त्यको छोरा विश्रवा विश्रवाका छोरा कुवेर र कैकसीबाट रावण कुम्भकर्ण शूर्पणखाका र विभीषणको जन्म श्रीमहादेव र पार्वतीलाई आज्ञा हुन्छ–

दिएर कतिले पुग्छ ? अल्सी हुन्छन् सबै जन
चाहिने जति हो गर्न सक्नु पर्दछ आर्जन ।।१।।

रोगको घर हो देह औषधि गरि साध्य छ ?
खाना आचार रोगैनै नलाग्ने गर्नु पर्दछ ।।२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जानो बुझी गरे काम अवश्य पाइने फल
कमाउन सजिलै छ जोगाउन मुस्किल ।।३।।

उत्पादन गरी राम्रो वाडी चुडी मिलाउन
नसके काम लाग्दैन गरौं न जति आर्जन ।।४।।

शिक्षा दीक्षा दिनू पर्छ बेलामै अति उत्तम
समयलाई छोपेर राखेमा हुन्न क्यै कम ।।५।।

राज्यले काम गर्नू मा पार्न हुन्न कुनै कम
व्यवस्था नै ठुलो काम गर्नू पर्दछ उत्तम ।।६।।

यसैलाई मियो ठानी गर्नु पर्ने सवै गरी
रुवैको देश साझा हो ठान्नु पर्छ सधैंभरी ।।७।।

बूढा पाका विशेषज्ञ मुलुक भरका सव
श्रीराम चन्द्रका सामु गर्छन् छलफल ती खुव ।।८।।

अनि श्रीराममा दिन्थे भविष्य शोचि निर्णय
सचिव, भाइ, भार्दार कामको गर्दथे तय ।।९।।

यी पृथ्वी अहिले राम राज्यले ढक मक्क छन्
व्याधि, शोक कुनै छैनन् दुनियाँ सवै ढुक्क छन् ।।१०।।

राड, भाँड कुनै छैनन् पापी छैनन् कुनै जन
पुत्र शोक छदै छैन अन्नले छन् टना टन ।।११।।

छाडा छैनन् कुनै व्यक्ति स्वतन्त्र सब छन् जन
भाव व्यक्त सवै गर्छन् धर्म गर्छन् सनातन ।।१२।।

पक्षी र डुलुवा कुन्ता,–ले पनि न्याय पाउंछन्
भने पाल्तु सवै प्राणी कसरी दुःख पाउंछन् ।।१३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रजाका भक्त छन् राजा दुनिया राज भक्त छन्
भनेको दु:खको कल्प,–ना पनि गर्न सक्दछन् ।।१४।।

हात खालि कुनै छैनन् इह लोक सपार्दछन्
जपेर रामको राम परलोक सुधार्दछन् ।।१५।।

सकेसम्म भलो गर्छन्, गर्दछन् कुभलो किन ?
देशको निंतिमा प्राण पनि दिन्छन् सबै जन ।।१६।।

झूटो बोल्नू सबै भन्दा अपराध ठहर्दछ
भने त्यहां कुनै पाप पनि को गर्न सक्दछ ? ।।१७।।

ज्ञान, बिज्ञान, आचार,–ले गर्दा रोग, शोकको
नाम निशाननै छैन पीर ता कुन वस्तु को ? ।।१८।।

बहिरङ्ग सबै काम छुटचाई यन्त्र गर्दछ
अन्तरङ्ग गरे पुग्छ तैपनि काम गर्दछ ।।१०।।

"के गरे जनको सेवा होला यो चार दिनको–
चोलामा एउटा काम गर्नू छ सार जन्मको ।।२०।।

भनेर काम गर्दा त उछिना, उछिनी गरी
स्वर्ग तुल्य भइन् पृथ्वी कामले नै सधैंभरी ।।२१।।

रामको राज्यको नाम "राम राज्य" भयो खुले
पार्वति ! बुझिहाल्यौ नि भन्नु भो जगदीशले ।।२२।।

विश्वामित्र र दुर्वासा, असित, भृगु, अङ्गिरा
वामदेव, ठुला अत्रि, कण्व, कश्यप छन् दरा ।।२३।।

अगस्त्य ऋषि, सप्तर्षि, अरू पनि तपोधन
आए श्रीरामको गर्न आशीर्वादांभिवादन ।।४२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आए ऋषिहरू भन्ने हाजीर राममा पुग्यो
"आदर साथ चांडै नै 'ल्याऔ' आदेश भै गयो ।।२५।।

के ऋषिहरू आएथे झट्पट उठी रामले
स्वागत हात जोडेर भयो पाद्यार्घ आदिदे ।।२६।।

प्रत्येक रिषिमा एक गाई दुधालु रामले
चढाउनू भयो लिए आसन मुनि वृन्दले ।।२७।।

पुलस्त्यका छोरा विश्रवाको कुवेर र कैकसीवाबाट राव,
रावण कुम्भकर्ण, शूर्पणाका र विभीषणको जन्म-
श्रीमहादेव पार्वतिलाई आज्ञा हुन्छ

कुशल प्रश्न इत्यादि आफू आफूसमा भयो
अगस्त्यले गरे बिन्ती सवैको दुःख नाशियो ।।२८।।

अरू राक्षस के हुन्थे थिएन मार्न मुश्किल
इन्द्रजित् जो मर्‍यो राम ! युद्धको भो ठूलो फल ।।२९।।

सुनेर ऋषिका वार्ता आश्चर्य साथ रामले
ऋषि वृन्द भलालाई सोध्नु भो भक्ति भावले ।।३०।।

रावणादि सवैलाई छोडेर मेघनादको
प्रशंसा किन गर्नू भो ? प्रश्न सुनेर रामको ।।३१।।

राम चन्द्र सुनी वक्स्योस् अगस्त्य मुनि भन्दछन्
ब्रह्माजीका पुत्र खास पुलस्त्य तप गर्दछन् ।।३२।।

देव, गन्दर्भका कन्या त्यै तपोवन भूमिमा
वाजा बजाउदै नाच्छन् हाँस्दछन् सव खेलमा ।।३४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वाधा वर्दा तपस्यामा रिसाएर पुलस्त्यले
जस्लाई देखुला मैले गर्भ लिनेछ त्यसले ।।३५।।

भन्दा सवै डराएर छोडे आउन त्यो थलो
राजर्षि तृण विन्दुकी छोरीले नबुझी कुरो ।।३६।।

खुसी साथ त्यहाँ डुल्दा पुलस्त्य दृष्टिमा परीन्
शराप ऋषिको पर्दा उनी गर्भवती भइन् ।।३७।।

दिन वित्तै गयो राम ! कन्याको देहमा भने
गर्भिणीमा हुनू पर्ने चिनो सारा उसै बने ।।३७।।

आफ्ना कुरा भनिन् वावु राजर्षि तृण विन्दुमा
ध्यान दृष्टि दिंदा जाने परे राजर्षि पाउमा ।।३८।।

राजाले नम्रता साथ गरे विन्ती पुलस्त्यमा
दिए पुत्री उनैलाई धर्म पत्नी स्वरूपमा ।।३९।।

पुलस्त्य ऋषिका पुत्र विश्रवा नाम राखियो
ब्रह्मवेत्ता ठुलो ख्याति त्रिलोक भरमा भयो ।।४०।।

विश्रवाको बुझी शील स्वभाव रूप सुन्दर
श्रीभरद्वाजले पुत्री दिए नि गरी आदर ।।४१।।

विश्रवाको पनी राम्रो जन्मियो एक बालक
तपस्या देखि ब्रह्माले दिए विमान पुष्पक ।।४२।।

कुवेर तीनको नाम धनका मालिकै उनी
त्रिलोकमा भयो ख्याति थिए ती अति नै गुनी ।।४३।।

ब्रह्माको वर पाएर विमान चढि पुष्पक
पिताजीको परे पाउ बाबुको निम्ति बालक ।।४४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुवेरले गरे विन्ती बृह्माको वरदानको
पिताजी ! बस्नको निति म पाउँ ठाम शान्तिको ।।४५।।

विश्रवाले भने पुत्र ! लङ्कामा गै तिमी वस
तिष्णुको डरले गर्दा भाग्या छन् सव राक्षस ।।४६।।

राक्षसहरूको निम्ति वस्नलाई निकै गमी
वनाए विश्वकर्मालि लङ्का छैन कुनै कमी ।।४७।।

पितृ आदेश मानेर कुवेर धनका पति
धेरै वर्ष वसे लङ्का पिताको पाइ सम्मति ।।४८।।

कुनै दिन सुमालीले तरुणी रूपकी धनी
साथमा कैकसी छोरी लिएर आउदा अनि ।।३९।।

निकै दिन बित्यो डुल्दा लङ्काको देखि गौरव
कुवेरको ठुलो शान, मान देखेर त्यो नव ।।५०।।

रसातल वस्न पर्दा दिक्क र खिन्न राक्षस
भलो राक्षसको गर्न खोज्न थाल्यो निकै नस ।।५१।।

छोरी ! विवाहको वेला भयो बढ्दो छ यौवन
छोड्छे यसले भनी ठानी मागेनन् वरले सुन ।।५२।।

विश्रवालाई आफैले वरण गर है तिमी
छोरा कुवेर जस्तानै जन्मेमा के तिमी कमी ।।५३।।

"हओस्" भनेर गै हाली विश्रवाका अघिल्तिर
विश्रवाले भने "को व्हौ मान्नु पर्दैन क्यै डर ।।५४।।

"जानी जानी पनी सोध्ने ? ध्यानैले जान्नु हुन्छ नि"
सुनेर विश्रवा भन्छन् 'छोरो चाह्यौं बुझें पनि ।।५५।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तर खराब वेलामा आएकाले बुझ्यौं सुन
क्रूर राक्षस दो ओटा छोरा पाउंदछ्यौ गुन ॥५६॥

''तपाइका पनि त्यस्ता जन्मने पुत्र भीषण
सुन्दा जन्मन्छ कान्छो त राम भक्त बिभीषण ॥५७॥

विसौटा हात माथै त दशौटा क्रूर रावण
जन्मदा कम्पिइन् पृथ्वी भयो सारा कुलक्षण ॥५८॥

कुम्भ कर्ण पनी जन्म्यो ठूलो पर्वत झैं थलो ॥५९॥
छोरी शूर्पणखा जन्मी नगर्ने यी कुनै भलो ॥६०॥

कैकसीको पुत्र कान्छो जन्मे भक्त विभीषण
शील स्वभावले युक्त उनमाथ्यो ठुलो गुण ॥६१॥

कुम्भकर्ण ठुला सन्त मारेर मासु खिच्दथ्यो
ब्राह्मण कुलको नाश गर्न त्यो किन छाड्दथ्यो ॥६१॥

प्रणीको नाश गर्ने त्यो रोग जस्तै त्रिलोकको
नाश्न रावण के कम्ति ऋषिको फोर्छ टाउको ॥६२॥

हे राम ! प्रभु साराको अन्तःकरणमा वसी
साक्षी जान्ने छ जान्नेले जस्तै सुवर्ण को कसी ॥६३॥

छिप्दैन प्रभुमा केही ब्रह्माण्ड भरका कण
बिन्ती गर्नु छ के मैले ? राममा गर्छु अर्पण ॥६४॥

लीलाले नरको रूप लिएर सोधनी हुंदा
राक्षसहरूको जन्म भनें आदेश पाउंदा ॥६५॥

अगस्त्यलाई श्रीराम,—ले भन्नु भो छ वास्तव
हो मेरो नामले पाप नाश्छ जान्नोस् बुझे सव ॥६६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२) सन्दर्भः- तपस्या गर्ने रावणादि तीन भाइलाई ब्रम्हाको वरदान, रावणको विजय, ऋषि श्री अगस्त्यले श्रीरामचन्द्रलाई विन्ती गर्नू हुन्छ भनी श्रीमहादेव पार्वतीलाई आज्ञा हुन्छ

राम चन्द्र सुनी वक्स्योस् पिताको गर्न दर्शन
विमानमा चढी आए कुवेर सौम्य आनन ।।१।।

देखेर कैकसी भन्छे नाति छोराहरू सुन
सौताने दाजुको देखयौ श्री सौभाग्य सवै सुन ।।२।।

तिमीहरू भने यस्ता तीन न तेह्रका भयौ
दाजु भाइ सवै भन्दा विग्रिएर उसै गयौ ।।३।।

सके ठूलो हुनु वेश सक्तैनौ लौ भने तर
क्यै गरेर पनी वाबु ! हो औ दाजु वरावर ।।४।।

दुःखी वचन आमाको सुनी गर्जन्छ रावण
सके कुवेर भन्दा नै ठूलो नभइ छाड्दिन ।।५।।

नसके पनि हे माता वरावर त हुन्छु म
पीर छोड्नु भए हुन्छ वस्दिन गइ हाल्छु म ।।६।।

तीनै भाइ गए साथै गरेर दृढ निश्चय
विना सफल फर्कन्नौं लाएर मनमा तय ।।७।।

तपस्या गरि पाइने फल पाउन निस्किए
गोकर्ण क्षेत्रमा ठुला तपस्वी ती सवै भए ।।८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आ-आफ्नो तपमा निष्ठा राखेर विधि पूर्वक
विघ्न वाधा परे कैयौं वसे नियममा ठिक ।।९।।

तोकेको दिन पुग्यो कि काटेर एउटा शिर
रावण अग्निमा होम्थ्यो नमानीकन क्यै पिर ।।१०।।

यस्तै प्रकारले गर्दा नौओटा होमियो शिर
काट्न लाग्दा दशौं माथ व्रम्हा देख्यो अघिल्तिर ।।११।।

भने "वर तिमी माग" अनि जाऊ तिमी घर
भन्दा रावणले ढोगी दिन आएछ उज्जल ।।१२।।

"यदिवर दिने नै नै हो भने "अमर हूँ" सुनू
घाँस झैं नरको हात वाट 'नमरु' के भनू ? ।।१३।।

गरुड सर्प, हुन् क्रूर सुन्दर यक्ष देव र
दानव आदि वाटै म 'नमरू' माग्दछु वर ।।१४।।

'तथास्तु' अघिकै जस्तै उम्रिउन् टाउका दश
एक मानिस बाहेक मृत्यु नुन्न अरु झुस ।।१५।।

'वर तिमी पनी माग ईश भक्त विभीषण !
तिमीले हित ठानेको मन माफिकको भन ।।१६।।

हात जोडेर व्रम्हाजी,–लाई ढोगी विभीषण
विन्ती गर्छन् प्रभो ! मेरो नलागोस् पापमा मन ।।१७।।

वुद्धि निश्चल होस् मेरो धर्ममा केवल
जपूँ ईश्वरको नाम वाचुन्जेल निरन्तर" ।।६०।।

"तथास्तु शीलवान् वावु ! थप्दछु एउटा वर
नमागेमा पनी दिन्छु होऊ अमर सुन्दर ।।१९।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'कुम्भ कर्ण ! तिमी माग इच्छा तिम्रो छ के भन ?
ब्रह्माजीको सुनी वाक्य ज्यादा खुसी भयो मन ।।२०।।

ढोगेर हात जोडेर ब्रह्माको गरि चिन्तन
"सुतौं छ महिना–सम्म, एक दिन त भोजन" ।।२१।।

"तथास्तु" भन्दा त्यो झस्कयो मागें के वरदान यो
भाग्यको चक्र कस्तो छ ? मनमा नै थिएन यो" ।।२३।।

सरस्वती बसिन् कुम्भ,– कर्णको वाक्यमा अनि
वर माग्दा भयो खिन्न मनमा भन्छ त्यो पनि ।।२३।।

नशोचेको थियो मैले न यो विचार नै थियो
के गरी निस्कियो मेरो मुखबाट अचम्म यो" ।।२४।।

सबै यो प्रभुकै लीला के गर्नू छ गराउनू ?
चराचर छ यो खास राम भित्रै म के भनू ।।२५।।

रावणको विजय

तीनौटै नातिका सारा तपस्या वरदानका
सुन्यो कुरा सुमालीले अरू जम्मै भए फिका ।।१।।

प्रहस्तादि ठुला नामी लिई राक्षसका गण
पातालबाट त्यों आयो गर्न्दै नगरी वर्व जन ।।२।।

सुमालीले अहो ! ! ! भाग्य मुस्सुम्याएर रावण–
लाई स्याबास् ए नानि इच्छा पूर्ण भयो सुन ।।३।।

विष्णुको डरले लङ्का छोडि आयौं रसातल
त्यो भयङ्करको रोग भगायौ तिमीले डर' ।।४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुरानो वस्तिनै हाम्रो लङ्का हो नानि ! जान्दछौ ?
कुवेर वस्छ लङ्कामा निकाल्न नानी सक्तछौं ।।५।।

सामले बलले होस्न नलिई छोड्न हुन्न त्यो
कहिल्यै नृपको वन्धु हितकारी हुदैन त्यो ।।६।।

भन्यो रावणले "खास यस्ता वात नगर्नु होस्
कुवेर दाजु हुन् हाम्रा लौ कुरा अरू भन्न होस् ।।७।।

प्रहस्त नम्रता साथ भन्छ "रावण शोच्नुहोस्
सावधान भई सुन्नोस् यस्तो वाक्य नभन्नु होस् ।।८।।

नीति शास्त्र भन्या क्या हो ? राज धर्म नपढ् भो
सांसारिक कुरा क्या हो ? व्यवहार न जान्नु भो।।९।।

शूरा र वीरमा कैल्यै भ्रातृत्व हुन सक्दछ ?
देव, राक्षसमा ज्यादै पुरानो शत्रुता छ छ ।।१०।।

एक कश्यपका पुत्र आखीर देव, दैत्य नै
आफू आफूसमा युद्ध गर्ने गर्छन् सधैं तिनै ।।११।।

प्रहस्तको कुरा सुन्दा फर्क्यो रावणको मन
कुवेरलाइ धाक्रचाई लङ्का लियो ठुलो धन ।।१२।।

कुवेर पितृ आज्ञाले गए कैलास पर्वत
तपस्याले खुसो हुंदा के थियो शिवलाई त ।।१३।।

अलका नगरी पाए दिक्पाल पनि तो भए
शिवले गर्नु भो रक्षा जे पनि शिवले दिए।।१४।।

सबै राक्षसले ठुला राजा रावण मानियो
आ-आफ्नो विधिले राज्य अभिषेक पनी भयो ।।१५।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तीनै लोक जित्यो कष्ट ज्यादै रावणले दियो
सबै राक्षसको राज्य भाइका साथमा गऱ्यो ।।१६।।

दिएर बहिनीलाई विद्युज्जिह्व भयो पति
धेरै धन दियो किन्तु भएन क्यै पनि खति ।।१७।।

अमोघ शक्तिका साथ मयले अति सुन्दरी
मन्दोदरी दियो कन्या पायो रावणले परी ।।१८।।

वृहज्ज्वाला भइ कन्या कुम्भकर्ण भयो वर
विधि विधानका साथ मिलाए दुइले कर ।।१९।।

गन्धर्व राज शैलूष पुत्री भुवन सुन्दरी
सबै लक्ष्मणले युक्त सरमा धर्मकी दरी ।।२०।।

सबै लक्षणमा जोडा सरमा र विभीषण
बिवाहयी दुवैको भो गर्दछन् धर्म आर्जन ।।२१।।

रानी मन्दोदरीबाट बालक पुत्र जन्मियो
जन्मने बित्तिकै छोरा मेघ झैं अति गर्जियो ।।२२।।

यसैले त्यसको नाम मेघनाद सधैं रह्यो
अगस्त्यले भने राम जगत भरि फैलियो ।।२३।।

कुम्भकर्ण भने भन्थ्यो निद्रा लाग्यो सधैं भरी
भनी निदाइ घुर्थ्यो त्यो "खप्नै सक्तिन क्यै गरी ।।२४।।

ब्राह्मण ऋषि के वेद सर्प, दानव, किन्नर
निर्धक्क चुटिए सारा राख्दथ्यो किन रावण ।।२५।।

नाशियो देवका चिन्ह लुटियो धन दौलत
कैयौं मरे तथापि ल मरेन उसको धित ।।२६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दूत द्वारा कुवेरले "यस्तो नगर पाप वा"
भन्दा त ईखले क्रूर भयो "यस्लाइनै निवा" ।।२७।।

भनी कुवेरलाइ नै "झम्टा ख्वाउन जान्छु म"
भनी खोसेर ल्यायोनै नामी विमान उत्तम ।।२८।।

युद्धमा यमले हारे हारे कुवेरले पनि
इन्द्र जित्न गयो स्वर्ग मारा मार पर्‍यो अनि ।।२९।।

देव साथ लिई इन्द्र राक्षस लिई रावण
धेरै दिन पर्‍यों युद्ध टुङ्गिएन कुनै दिन ।।३०।।

आखिर इन्द्रले फेला पारी रावण बाँधियो
समाचार सुनी मेघ,–नाद स्वर्ग पुरी गयो ।।३१।।

घमासान भयो युद्ध हटायो देवता गण
वाधेर इन्द्रलाई नै छुटायो वावु वावण ।।३२।।

इन्द्रलाई लिई साथ लङ्का शहर फर्कियो
ब्रह्माजी नै गई इन्द्र,–लाई छुटाउनू भयो ।।३३।।

धेरै वर दिई 'मेघ,–नादलाई यहि वस'
भनी फर्कनु भो ब्रह्मा इन्द्रजित्‌ले लियो जस ।।३४।।

यस्तै क्रम सँगै सारा लोकमा विजयी भयो
वाहाले च्यापि कैलास उचालेर उतै गयो ।।३५।।

अनि नन्दीश्वरैलेनै "शरापे बुझ्न रावण !
गर्ने छन् प्राणको नाश नर वानरको गण ।।३६।।

कार्तवीर्य संगै मारा पर्दा रावण वांधियो
पुलस्त्यले गई भन्दा अनि रावण छाडियो ।।३७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बलमन्त हुंदा वाली,–माथी झम्टन त्यो पुग्यो
काखीमा च्यापी वालीले दुष्टको शेखि नासियो ॥३८॥

चार समुद्र चोपेली घुमाइकन छाडियो
अनि रावण राजाले वालीमा मित्रता गऱ्यो ॥३९॥

यस्तै प्रकारले सारा आफ्नो अधिनमा लियो
त्यस्तो रावणको नाश प्रभुले गरि वक्सियो ॥४०॥

वीर लक्ष्मणले मारे इन्द्रजित्लाई युद्धमा
कुम्भकर्ण पनी मर्दा छैन भार त भूमिमा ॥४१॥

सबैमा प्रभुनैं राम राम भित्र चराचर
दूधमा घिउ झैं राम कतै देखिन्न है तर ॥४२॥

तथापि नरको रूप हूंदा विन्ती गरे तर
"नारायण" प्रभो ! आफैं पर भन्दा पनी पर ॥४३॥

जस्ले श्रीरामको नाम जप्छ त्यो भव सागर
सजीलै पार त्यो गर्छ विघ्न छैन कतैतिर ॥४४॥

(३) सन्दर्भः– वाली सुग्रीवको जन्म, सनत कुमार रावण श्वेतद्वीपमा रावण, श्रीमहादेव पार्वतीलाई आज्ञा हुन्छ

श्रीराम चन्द्र अगस्त्य ऋषिलाई सोधनी हुन्छ

वाली सुग्रीवको जन्म यथार्थ सुन्न पाउन
अगस्त्य भन्दछन् "राम विन्ती गर्दछु दिई मन॥१॥

मेरु पर्वतको माथि विशाल सत यो जन
ठूलो मैदान व्रम्हाको सभा हर्दछ यो मन ॥२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुनै दिन त्यहाँ आफैं ब्रम्हाजी ध्यानमा रहे
आनन्दमा हुंदा मग्न अश्रुधारा उसै बहे ॥३॥

लिएर हातमा आँशु विचारीकन छोड्नु भो
उत्ति खेरै त्यहीं त्यो त वानराकार देक्नु भो ॥४॥

सुखका सब सामान यहिं नै छन् सबै रस
अवश्य हुन्छ कल्याण केहि काल यहीं बस ॥५॥

ब्रह्माजीको सुनी आज्ञा ऋक्षराज बसे त्यहां
एवं प्रकारले बस्दा धेरै काल बित्यो त्यहाँ ॥६॥

फल खोज्न त्यतै जांदा एक पोखरी देखियो
"पानी भित्र पनी अर्को मेरो जोडा रहेछ यो ॥७॥

हाम फालेर पानीमा खोज्दा छैन कुनै पनी
पानी बाहिर आएर हेर्दा छक्क परे उनी ॥८॥

षोडशी आफूलाई नै रूपकी सुन्दरी धनी
देखेर तरुणी रूप आश्चर्य ठान्दछिन् उनी ॥९॥

मध्यान्ह कालमा इन्द्र ब्रह्माको गरि दर्शन
फर्कंदा सुन्दरी देखी खप्नै नसको यौवन ॥१०॥

आफैं स्खलित भयो वीर्य तिनकै केशमा पऱ्यो
तत्काले बलियो बाली इन्द्र झैं बलवान् भयो ॥११॥

इन्द्रले पनि तत्काले देखेर बलवत्तम
घांटीबाट झिकी माला लाइ दिए कुमैं सम ॥१२॥

त्यसै गरी सूर्य आए देखेर त्यो भयो गति
तिनै सुन्दरीको घांटो,–मा पऱ्यो वीर्यको गति ॥१३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुग्रीव तेजिला ठूला देखेर ती अघिल्तिर
सहाय हनूमान् राखी गइ हाले दिवाकर ॥१४॥

दुवै छोरा लिई साथ कुनै ठाम पुगी सुतिन्
भोलि बिहान उठ्दा त अघि जस्तै उनी भइन् ॥१५॥

वाली, सुग्रीवका साथ ऋक्ष राज सरासर
ब्रह्माजीका गए सामु ढोगी खडा भए वर ॥१६॥

ब्रह्माले भन्नु भो "बाबु !" मान्नु पर्दैन क्यै पिर
सम्झाउनू भयो ऋक्ष,–राजलाई अघिल्तिर ॥१७॥

डाक्नु भो एउटा देव,–दूतको गरि आदर
किष्किन्धामा यिनैलाई अभिषेक तिमी गर ॥१८॥

सातौटै द्वीपका सारा जति छन् वीर वानर
ती सबै ऋक्ष राजाका वश हुन् काम यो गर ॥१९॥

रामवतार पृथ्वीमा हुंदा सम्पूर्ण वानर
मिली सहायता गर्नू भन्नु भो गरी आदर ॥२०॥

आज्ञा मानेर ती दूत वाली सुग्रीव साथका
ऋक्ष राज पछि लागे पाइलो देव दूतका ॥२१॥

ब्रह्माजीले भने जस्तै काम पूरा गरे जब
फर्किए देवका दूत ब्रह्माजीमा भने सब ॥२२॥

धन र रान्यले पूर्ण विश्वमा ख्याति प्राप्त भो
किष्किन्धा देश बुझ्नू भो राम ! वानर राज्य भो ॥२३॥

आब्रह्म स्तम्भ पर्यन्त राम ब्रह्माण्डमा सर्वसा
जावो भूभार हर्नू त भनौं के राम कीर्तिमा ॥२४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्को एक कुरा विन्ती गर्दछु सुनि वक्सियोस्
राम सम्बन्धका हुंदा सबै पाप पखालियोस् ॥२५॥

भक्ति विनयका साथ पाउको गरि दर्शन
सनत्कुमारलाई यो विन्ती गर्दछ रावण ॥२६॥

"कस्को आड गरी देव युद्धमा शत्रु जित्दछन्
ससार भरमा ठूला देव कस्लाई मान्दछन ॥२७॥

संसारमा सबै भन्दा ठूलो को ? सुन्न पाउन
वलियो शक्ति सम्पन्न श्रीमान्, गुणी छ हो कुन ? ॥२८॥

वेद, विद्या व्रत स्नाता ब्राह्मणहरूले किन
कस्को पूजा यज्ञ गर्छन् कीर्तन दिनहूँ दिन ? ॥२९॥

योगी सबै सोंख छाडी सारा संसार त्याग्दछन्
बुझाउनोस् सबै सत्य कस्को ती ध्यान गर्दछन् ? ॥२०॥

सनत्कुमारले योग द्वारा रावणको मन
बुझेर भन्नु भो बाबु ! एकाग्र चित्तले सुन ॥३१॥

सधैं संसारलाई जो गर्छ पालन पोषण
न जन्मन्छ, न त्यो मर्छ, ॠण छैन, न ता धन ॥३२॥

सारा ब्रम्हाण्डको स्वामी साराले गर्छ वन्दना
"नारायण" तिनै नै हुन् "हरि" भन्छन् कुनै जना ॥३३॥

यत्रो संसारको सृष्टि–कर्ता ब्रम्हा कता थिए
"श्रीनारायणको नाभि– कमल बाट निस्किए ॥३४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लिएर विष्णुको आड देवता शत्रु जित्दछन्
योगीहरू ध्यान द्वारा उनैको ध्यान गर्दछन् ।।३५।।

विष्णुबाट मरेका जो दैत्य, दानव, राक्षस–
हरूको गति के हुन्छ ?" सोध्छ रावण राक्षस ।।३६।।

"देवले जति मार्लान् ती स्वर्गमा पुगि फर्किने
विष्णु द्वारा मरेका ती हरिको धाम पाउने" ।।३७।।

सनत् कुमारका वार्ता सुनेर भन्छ मनमन
"विष्णुका शाथमा लड्छु नलडीकन छोड्दिन ।।३८।।

पृथिवी, जल, आकाश, तेज, पवनमा सव
सारा व्रम्हाण्डमा टम्म विष्णु नै विश्वमा सब ।।३९।

वहाँ नै विष्णु हे वावु ! मनुष्य अवतार ली
रामको राज पृथ्वीमा हुंदा हुन्छ झिलिमिलो" ।।४०।।

हजूरकै हातबाट मर्नको निंति जानकी
हऱ्यो रावणले राम ! पत्नी जानेर रामकी ।।४१।।

सवै यो रामको लीला जानिदैन कसैगरी
अगस्त्य भन्दछन् राम जप्न पाउं सधैं भरी ।।४२।।

प्रभुको महिमा गीत गान गर्दछ जो नर
परम्पद प्राप्त गर्छ राम ! हे करुणाकर ।।४३।।

श्वेत द्वीपमा रावण

अरू देश निकै घुम्ने राजा रावण गर्दथ्यो
घुम्दा घुम्दै अनायास ज्योति अद्भूत देखियो ।।४४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मावाट विदा पाइ वीणाका साथ नारद
स्वरमा सुनिने "नारा,–यण" नै बुझिने खुद ॥४५॥

देख्यो रावणले खास देवर्षिको ठूलो पद
नमस्कार गरी भन्छ रावण "धन्य नारद ! ॥४६॥

"तपाईं देखि के छिप्छ छर्लङ्ग छ चराचर
बलिया बलिया योद्धा कहां छन् माथि वा तल ? ॥४८॥

धेरै सँग गरे युद्ध मरेन रणको धित
आज्ञा भए गइ हाल्छु युद्ध गर्छु खतोखत ॥३९॥

देवर्षि भन्दछन् "राजन् ! श्वेत द्वीप गए हुने
भीम काय त्यहां वीर धेरै छन् लड्न पाइने ॥४०॥

विष्णु भक्तर विष्णुले मारेका जति छन् सब
त्यहिं छन् जित्न मुस्कील देव, दानवले अब ॥४१॥

ऋषिबाट विदा वारी भएर लिइ राक्षस
गयो सकेन त्यो उड्न विमानको गयो जस॥५२॥

विमानलाइ छोडेर मन्त्रीको साथ त्यो गयो
द्वीपमा पस्नका साथ स्त्रीको त्यो हातमा पऱ्यो ॥५३॥

"किन भित्र पसिस् को होस् पठायो कसले भन ?
हास्दै स्त्रीहरूले खेले हात सार्दै भने "सुन ॥५४॥

कस्तो अचम्मको जीव एक, दुइ भनी" गने
"दशौटा टाउका बिस हात, खुट्टा दुइ" भने ॥५५॥

बल्ल बल्ल गरी फुत्क्यो भयो आश्चर्य रावण
"विष्णुको हात बाटै म मर्न गर्दछु लौ रण" ॥५६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भनेर जानकीलाई ज।नाजानी हरी लग्यो
राम ईश्वर हुन् जानी लडेर धाममा पुग्यो ।।५७।।

ईश, सर्वज्ञ, हे राम ! रूप मानवको लिई
म जस्ताको पनी वार्ता सुन्नु भो मन नै दिई ।।५८।।

यस्तै प्रकारले राम नामको गरि कीर्तन
अगस्त्य ऋषिजी फर्के राममा नै दिई मन ।।५९।।

(४) सन्दर्भः– सीता त्याग, सीताको सन्देश श्रीमहादेव पार्वतीलाई आज्ञा हुन्छ

अनासक्त भई राम सीता भार्दार भाइका
सुमन्त्र आदि मन्त्रीका हनूमान् आदि भक्तका ।।१।।

साथ विषय भोग्नूभो लिई मानिस रूपमा
परेन दुःखका मर्का रामका राज्य कालमा ।।२।।

अनुशासित छन् सारा आ-आपना तहमा रहे
आदर्श रामको देखी राजाहरू सबै नुहे ।।३।।

भइन् पृथ्वी राम राज्य दिदैन दुःख क्वै जन
स्थापना गर्नु भो राम्रा शिवालय अनेकन ।।४।।

रामलाई सबै भन्दछन् "धन्य आदर्श राघव"
यज्ञ, याग' दया गर्छन् प्रजा ती सबका सब ।।५।।

एक व्राह्मणको छोरो अकाल मृत्युमा पऱ्यो
तपस्वी शूद्र मार्नु भो परम पदमा पुग्यो ।।६।।

छोरो व्राह्मणको बांच्यो सुखी ब्राम्हणजी भए
एक पत्नी हुंदा राम उपदेश उसै लिए ।।७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गृहस्थीहरूका काम पूरा पूर यथा क्रम
शिक्षा, दीक्षा, भयो धन्य मर्यादा पुरुषोत्तम ॥८॥

पाउ दाब्दै सीता विन्ती गर्नु भो राम पाउमा
"देवता भन्दछन् नाथ ! पर्‍यो आउन धाममा ॥९॥

पैले तपाइ आएमा आउनू हुन्छ राघव
देवताले भने जत्ति गरें विन्ती प्रभो ! सब ॥१०॥

मेरो भनाइ होइन गर्नू पर्दछ जे प्रभो !
उचित सम्झि बक्सिन्छ उस्तै गर्नु भए त भो" ॥११॥

"लोका पवाद तिम्रो त्यो रहेको निहुं त्यै झिकी
त्याग गर्छु तिमीलाई लोकापवादमा टिकी ॥१२॥

लोक विश्वासको निम्ति शपथ गर है तिमी
पृथ्वीको प्वालको बाटो जाऊ वैकुण्ठमा तिमी ॥१३॥

अनि पछि म आउला वैकुण्ठमा सरासर
अरू कुरा सवै छाड यहि निर्णय हो गर ॥१४॥

विद्वान् छन् विश्व विख्यात नीति जान्ने अनेक छन्
भाइ भार्दार मन्त्री छन् पूरा काम सबै धुन ॥१४॥

विदूषक पनी त्यस्तै सक्छन् हाँसो उठाउन
इतिहास विशेषज्ञ कथा सक्छन् सुनाउन ॥१६॥

सभामा रामका सामु मर्यादा क्रममा दरा
विन्ती गर्छन् रामलाई आपना विषयका कुरा ॥१७॥

प्रसंगवश श्रीराम गुप्तचर विभागको
विजय लाइ सोध्नु भो कुरा भनन लोकको ॥१८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिरोपर गरी आज्ञा बिन्ती विजय गर्दछ ।
सीताजीको भने चर्चा दुनियां गर्छ गर्दछ ।।१९।।

वनमा शत्रुले चोर्‍यो वसेकी शत्रुको घर
सीतालाई लिए क्या हो ?" रामले गरि आदर ।।२०।।

"स्त्रीको दुष्कर्म हामीले पनि सहन् पर्दछ
राजाको काम जस्तो छ दुनियां त्यहि गर्दछ" ।।२१।।

आफन्तहरूका साथ रामले मत माग्नु भो
सबैले हात जोडेर "मत" ता त्यहि ठीक भो ।।२२।।

सबैलाई बिदा बक्स्यो लक्ष्मणलाइ डाक्नु भो
सीतालाई गरें त्याग "बनमा छाड भन्नु भो" ।।२३।।

राजा श्रीरामको आज्ञा सीतालाइ भनीकन
भाइ लक्ष्मणले छोडे वाल्मीकिको तपोवन ।।२४।।

सीताको सन्देश

"राम राम हरे राम डगेन अपवाद यो
आगोले, अब के पानी, वायु आकाशले सक्यो ? ।।२५।।

वावु ! कसो गरी जाला भन्नोस्न अपवाद यो
साइनो न सपना वावु ! लाग्यो नि अपवाद यो ।।२६।।

सीताका मनमा 'राम' सदा, सर्वत्र, सर्वदा
काल त्रय वसेकै छन् अरू पीर र के कुरा ? ।।२७।।

राम वियोगको पीर दुःख यो बन वासको
इत्यादि सब यी छैनन् जे छ छ अपवादको ।।२८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

झूठो र सत्य जे होस्न दुनियांले भन्यो भन्यो
मुखैता टाल्न सक्तैन कसरी मन टाल्नु त्यो ।।२९।।

पूज्य चरण शाशूमा मेरो विन्ती चढाउनू
न जानोकनको दोष म.फ माग्दछु के भनु ? ।।३०।।

प्रणाम दण्डवत् छः छ दिनहुं प्रात साँझको
सेवा गर्न नपाउनू छोटो यो फल कर्मको ।।३१।।

"सीते छोरी !" हुकुम् हुन्थ्यो माया लाग्दछ छोरीको
न्यास्रो मारि दियौ सीते ! बुहारी अनि छोरीको ।।३२।।

रुदै सीता भन्नुहुन्छ लक्ष्मण सुनि बक्सियोस्
भाइ हृदय त्यो ठूलो कसरी बुझ्नु जानियोस् ।।३३।।

"आऊन शशुराकोमा" दौडेर जान लाग्दा
पुगें ढेस्सिन गाथैमा खडग्रडङ्ग म भएँ छुदा ।।३४।।

"सीते तिमी !" समातेर काखमा राखि बक्सियो
"कतै दुख्न त दुःखेन ? मैले देखिन भै गयो ।।३४।।

आज्ञा भयो लजाएं म साथमा लिइ बक्सियो
राजाका सामुमा सारा वृत्तान्त गरि पक्सियो ।।।३५।।

शाशूको चाकरी सेवा गर्ने धोको छंदा छंदै
दर्शनै पनि पाउन्न यो जिन्दगी भरी निदै ।३६।।

वाबु ! लक्ष्मण शाशूमा मेरो विन्ती चढाउनू
हे लक्ष्मण "दया माया सीतामा न छुटाउनू" ।।३७।।

मेरी ती बहिनीहरूलाई ती "आशीर्वाद सुनाउनू
भेट हुन्छ कि हुँदैन नरुनू तर सम्झनू ।।३८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सन्देश यहि हो मेरो प्रार्थना सुनि बक्सियोस्
मैले जो वनमा बोलें दुर्वाच्य बिर्सि बक्सियोस् ॥३९॥

लङ्कामा सबका सामु आगामा पसि निस्कदा
पनि दोष हराएन हा दैव ! के गरु ? सदा ॥४०॥

अघि रावणले दर्हा राम आइ लिने कुरा–
थियो आश, उहाँलेनै त्याग्दा के आशाको कुरा ?॥४१॥

सुन्नोस् शूर्पणखा आइ हामी पञ्च वटी छदा
खाइएकी भए हुन्थें साध्वी भाग्यवती सदा ॥४२॥

मिथ्या पवाद हो किन्तु बुझ्ने को मर्त्य लोकमा ?
कत्रो कलङ्क लौ हेर्नोम् दुवै प्रख्यात बंशमा ॥४३॥

दुनिया कराटका कीर्ण भएपनि परत्र त
शफा सुध्घर राम्रो छ "देवता पितृ सम्मत ॥४४॥

एक पत्नी व्रती राम मर्यादा पुरुषोत्तम
उहांकी धर्म पत्नी म थिएँ के कहिले कम ? ॥४५॥

हेर्नोस् दुर्दैवले आज झूठो सत्य भयो तर
नपरोस् शोक राजामा न झुकौस् कहिल्यै शिर ॥४६॥

राजामा दोष क्यै छैन लोकको 'मत' यै भयो
लङ्कामा अग्निमा पस्दा देख्ने मानिस को थियो ॥४७॥

हामी पञ्चवटी बस्दा सुनी मारीचका कुरा
मैले दुर्वाच्य जो बोलें बावु र भाइमा कुरा ॥४८॥

त्यसैको फल तात्त.तै हरी रावणले लग्यो
भरतमाथिको शङ्का त्यसैको फल यो भयो ॥४९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजा श्रीरामले आज त्यागिएकी भए पनि
सीता श्रीरामके दासो प्रजा छे जहिले पनि ।।५०।।

हुनू नहुनु जो हूने हुने हो जे हुने भयो
मेरो त तर यो "गर्भ" यसको के दशा भयो ।।५०।।

नाशो यो गलको पाशो संबर्धन सुरक्षण–
गरी उहाँकै पाऊमा गर्न पाए धमर्पण ।।५२।।

प्राणले जान यो बाट पाउने सम्झी वक्सियोस्
भनी श्रीरामको पाउ,– मा विन्ती गरि वक्सियोस् ।।५२।।

आशु गह भरी भैंगो भकान्निएर लक्ष्मण
"हवस्" पऱ्यो भारी ढुङ्गिएको भयो मन ।।५३।।

उकुस् मुकुस् भो छाती फुटेन "हुन्छ" अक्षर
फररर्र फुऱ्यो ओठ के गरी दिनु उत्तर ।।२४।।

ओठबाट हस्रोस् हुन्छ निस्कदैन कसैंगरी
पाशो झैं झुण्डिए जस्तो कसियो कराठ बेसरी ।।५६।।

ओष्ठ स्थान 'ह' को हैन कण्ड स्थान 'ह' को तर
कुनै स्थायीं पनी वर्ण–को द्वार ओठ केवल ।।५७।।

त्रिलोक ख्याति पाएका वीर लक्ष्मण को तर
अस्तै भई फर्की हाले राजाज्ञा गरि पालन ।।५८।।

शोक सन्तप्त सीताको हृदयानल रोदन–
ले चारैतिर चांडै नै ढाकियो त्यो पतोवन ।।५९।।

वाल्मीकिले दुझाएर सीतालाई लगे कुटी
मुनि पत्नीहरूमानै सुम्पे सारा कुरा किटी ।।६०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीराम चन्द्रले भोग, सीताका साथ छोड्नुभो
राज काज चलाएरै मुनिको व्रत थाल्नुभो ।।६१।।

(५) सन्दर्भः— श्रीराम गीता— श्रीमहादेव पार्वतीलाई
आज्ञा हुन्छ

अनि संसारको निम्ति मङ्गल गर्न मङ्गल
रामावतार ली शुभ्र नारायण मनोहर ।।१।।

उत्तम कीर्ति राखेर जस्तो राजर्षिले गरे
श्रीरामले त्यस्तै गरिदक्स्यो अरू चले ।।२।।

भाइ लक्ष्मणले सोद्धा कथा राम्रा पुरानिया
रामबाट भयो आज्ञा भाइ—माथि गरी दया ।।३।।

अघि नृग थिए राजा धर्म गर्दा त भूलले
उनै राजा भए आफै छेपारो द्विज शापले ।।४।।

एकान्तमा कुनै वेला भक्ति पूर्वक ईशको ।।५।।
श्री लक्ष्मीले गरिन् सेवा पाउ दापेर रामको ।।५।।

मनमा भक्ति राखेर रामको पाउमा शिर
राखी लक्ष्मणले विन्ती गरे हे करुणाकर ।।६।।

सम्पूर्ण देह धारीको आत्मा ज्ञान स्वरूपमा
मालिक प्रभु साराको निराकार स्वरूपमा ।।७।।

पाउ कमलको भृङ्ग तिनका सहकारीको
ध्यान दृष्टि दिंदा देखन सक्छन् रूप हजूरको ।।८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जस्को चिन्तनमा ठूलो योगीजन रमाउने
पाद पद्म भने जस्तै भव पाश छुटाउने ।।९।।

उपदेश दिदोस् त्यस्तो जस्ले पार लगाउछ
पाद कमलमा आज लक्ष्मण पाउ पर्दछ ।।१०।।

दाजैज्यू ! पाउमा ईश ! प्रभो ! शरण पर्दछु
सजिलै संग अज्ञान रूपी सागर तर्दछु ।।११।।

विन्ती लक्ष्मणको सुन्दा भन्नु भो राम चन्द्रले
अज्ञानको अन्धकार नाश्छ ज्ञानो पदेशखे ।।१२।।

वर्ण आश्रमको काम सिद्धयाइ विधि पूर्वक
चित्त शुद्ध गरोस् हुन्छ काम छोडोस् बनोस् ठिक ।।१३।।

शम, दमादि साराले बनोस् सम्पन्न साधन
आत्माको प्राप्तिको निम्ति जाओस् सद्‌गुरु आनन ।।१४।।

रागी मानिसको काम गर्दा अप्रिय वा प्रिय
काम गर्दा धर्म, पाप हुन्छन् अजय वा जय ।।१५।।

अनि शरीर धारी त्यो नभई सुख पाउछ ?
फेरि शरीर धारीले क्रियानै गर्नु पर्दछ ।।१६।।

तल र माथिमा पर्छ केगरी पार गर्दछ ?
यस्तै प्रकार संसार पाङग्रो झैं घुम्छ फिर्दछ ।।१७।।

अज्ञान एउटै जानोस् भवको मुख्य कारण
अज्ञानको नाश नै हो मुक्तिको मुख्य साधन ।।१८।।

विधि वाक्य यसै भन्छ मुक्ति विषयमा बुझोस्
अज्ञानको नाश गर्न ज्ञान सक्तछ यो बुझोस् ।१९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अज्ञानको नाश गर्न कर्म सक्तैन क्यै गरी
अज्ञानैबाट जन्मेको कर्मले नाश्छ के गरी ? ।।२०।।

कर्मले न त अज्ञान, रागको नाश गर्दछ
वरु उल्टो दोष युक्त कर्म उत्पन्न गर्दछ ।।२१।।

अनि त फेरि संसार प्राप्ति रोकिन्न लौ सधैं
त्यसैले बुद्धिमान् लागोस् ज्ञान-विचारमा सधैं ।।२२।।

वेद भन्दछ हो ज्ञान पुरुषार्थ छ साधन
त्यस्तै कर्म पनी जानोस् वेद विहित हो ज्ञन ।।२३।।

प्राणीका नितिमा काम कर्तव्यता विधान छ
फेरि त्यो ज्ञानको निम्ति सहकारी क्रिया छछ ।।२४।।

नगरे काम त्यैं वेद दोष लाग्दछ भन्दछ
मुमुक्षुले अतः काम सदा नै गर्नु पर्दछ ।।२५।।
भन्दछन् कोहिता ज्ञान स्वतन्त्र छ सधैं भरी
मनको पनि क्यै वास्ता ज्ञान राख्दैन क्यै गरी ।।२६।।

यस्तो भन्नु पनी ठीक हुंदैन क्यै गरेर नै
वेदोक्त यज्ञ सत्कर्म खोज्दछ कारकादिनै ।।२७।।

यस्तै प्रकार विधिले त्यो प्रकाशित कर्मले
ज्ञान नै मुक्तिको निम्ति साधक हुन्छ कर्मले ।।२८।।

यस्तो वितर्क वादीका खास विरोध देखिंदा
यी कुरा सब झूठा हुन् सदा, सर्वत्र, सर्वदा ।।२९।।
किनकि काम ती बढ्छन् देहाभिमानले गरी
नाश हुंदा अहङ्काकार ज्ञान हुन्छ सधैं भरी ।।३०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उद्भासिम छ त्यो जानोस् शुद्ध ज्ञान प्रकाशले
पछिल्लो आत्मवृत्तिनै आत्म ज्ञान त आफूले ।।३१।।

पछिल्लो आत्म वृत्तिनै भन्दछन् आत्म ज्ञान हो
वाहेक काम यी हुन्छन् कारकहरूले त हो ।।३२।।

विद्याले ता सबै नाश्छ जति छन् कारकादिक
बुझ्नू कर्म, अपादान इत्यादि सब कारक ।।३३।।

साारासार सबै काम छोडोस् है बुद्धि मन्तले
ज्ञानका यी विरोधी हुन् हुँदैन ज्ञान कर्मले ।।३४।।

माया द्वारा जहाँसम्म देहमा आत्म भावना
गर्नै पर्छ त्यहाँ सम्म वैदिक कर्म वन्दना ।।३५।।

"नेति, नेति छ वाक्यैले छानी इन्द्रिय गोचर-
लाई पन्छ्याई जो वाँकि परमात्मा बुझो सर-।।३६।।

अनि ती विधि वाक्यादि विधान, धर्म, कर्म यी
छोडोस् हुन्छ ल ज्ञानी त उसै छोडिन्छ कर्म यी ।।३७।।

जीवात्मा र परमात्माको भेदको भेद नाश्दछ
देदीप्यमान विज्ञान आफूमा नै उदाउछ ।।३८।।

आत्माको निति संसार चक्रमा घुम्न कारण
माया कारकका साथ विलिन्छ बुझ लक्षण ।।३९।।

वेद प्रमाणले सारा मायाका काटिदा जरा
आपनो काम पनी गर्न कसरी सक्दछे वरा ।।४०।।

निर्मल आत्माको तत्त्व अद्वितीय छ काम यो
त्यसै कारण अज्ञान फेरि उत्पन्न हुन्न त्यो ।।४१।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अविद्याको पुनर्जन्म हुँदैन यदि क्यै भने
"'म कर्ता नै त हुँ'' भन्ने बुद्धि के गरी आउने ? ॥४२॥

त्यसै कारण यो ज्ञान स्वतन्त्र छ जहाँ पनि
कर्म, कारण चाहिन्न जीवको मुक्तिमा अनि ॥४३॥

यो ज्ञान मोक्षको निम्ति एउटै नै समर्थ छ
सच्चिदानन्द रूपात्मा हुनाले यो समर्थ छ ॥४४॥

त्यो तैत्तरीय शाखामा वेद छर्लङ्ग पार्दछ
सारासार क्रिया छाड्नू भलो राम्रो वताउंछ ॥४५॥

वाज सनेयी "एतावत्" शाखामा वेदले ज्ञन
साधन मोक्षको निम्ति ज्ञान हो कर्म होइन ॥४६॥

यज्ञादि पनि विद्याकै भेद छैन वरा वर
दियौ दृष्टान्त हो भन्दै हैन नगर यो वल ॥४७॥

दुवैको फल भिन्नै छन् यस बाहेक यज्ञमा
धेरै कारक चाहिन्छन् कारकै छैन ज्ञानमा ॥४८॥

"यज्ञादि कर्म छाडेमा पाप लाग्छ मलाइ त"
भनी ठान्दछ अज्ञानी ठान्दैन तत्त्व दर्शित ॥४९॥

अतः बिद्वान् विवेकी छ ज्ञानी शुद्ध विचार छ
वेदोक्त कर्म नै होस्न बिधि पूर्वक छोड्नु छ ॥५०॥

गुरु प्रसादले युक्त श्रद्धालु-शुद्ध, चित्तले
जितेन्द्रिय, सत्यवादी "तत्त्व मस्यादि" वाक्यले ॥५१॥

जीवात्मा र परमात्माको दुवैको जान्नु एकता
सुमेरू झैं नहल्लियोस् सुखी होओस् जतातता ॥५२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वाक्यार्थ जान्नको निम्ति पैले पदार्थ बुझ्नू छ
यस्तै प्रकारले सारा वाक्यार्थ जान्नु पर्दछ ।।३३।।

'तत्' को अर्थ त 'त्यो नै' हो 'त्वम्' को अर्थ भने 'तिमी'
'असि' को अर्थ 'व्हौं' 'तत्त्व-मसि' त्यो व्हौ दुवै तिमी।५४।

'तत् त्वम्' हो परमात्मा र जीवात्मा जान्नु पर्दछ
'असि' ती दुइटै एक 'व्हौ' 'तिमी जान्नु पर्दछ ।।५५।।

अन्तः करणको साक्षी जीवात्मा जान्नु पर्दछ
परमात्मा भने खास इन्द्रियादि परोक्ष छ ।।५६।।

जीवात्मा र परमात्मा उक्त विरोध छोडियोस्
लक्षण वृत्तिले शुद्ध चेतनालाई लिइयोस् ।।५७।।

आफ्नो आत्मा उसैलाई जान्नु पर्दछ जो पनि
'ऊ' र 'आफू' हुँदा एक अद्वितीय हुने अनि ।।५८।।

लक्षणा त्रिविधा हुन्छन् 'जहती' एक हो अनि
दोस्रो 'अजहती' जान्नु तेस्रो हो 'भागत्याग नि ।।५९।।

'जहति' लक्षणा त्यो हो पदकै अर्थ त्यागदछ
'अजहल्लक्षणा' चाहिं बढुदा शब्द सह्यार्दछ ।।६०।।

शब्दको अर्थ छाड्ने र लिने गर्दछ लक्षणा
त्यसैलाई सबैभन्छन् 'भागत्याग' तत्लक्षणा

आफ्नो र अरूको अथवा केहि गुण साटी लिने दिने
आफ्नै केहि त छाडेर अर्काकै पनि क्यै लिने

'भागत्याग' त्यसैलाई भनेर लिने ।।६१।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'तत् त्वम्' एकै हुनाले नै 'जहती' छैन लक्षणा
विरोध देखिदा दोस्रो 'अजहत्' छैन लक्षणा ।।६२।।

'सः' को अर्थ त 'त्यो' नै हो 'अयम्' को अर्थ यो भयो
'सोऽयम्' जस्तै त 'तत् त्वम्' मा एकता उत्तिकै भयो ।६३।

त्यसैले त यहां मिल्छ दोष छैन निलक्षणा
'तत् त्वम्' त पदमा मिल्छ 'भाग त्याग' छलक्षणा ।।६४।।

पाँच ओटा महाभूत–बाट उत्पन्न देह यो
सुख दुःखादि भोग्ने यो आत्माको स्थूल रूप यो ।।६५।।

दश इन्द्रिय, पांचौटा प्राण मन र बुद्धिले
सगौटाले बनको यो अपञ्चीकृत भूतले ।।६६।।

सुख दुःखादि भोग्नेको साधन मात्र त्यो त हो
विद्वान् त भन्दछन् अर्को आत्माको सूक्ष्म रूप हो ।।६८।।

अनादि छ अनिर्वाच्य माया छ मुख्य कारण
जीवको देह त्यो अर्को उपाधिले अनेकन ।।६९।।

अतः उपाधिको भेद–बाट फरक भै स्थित
आत्मा स्वरूप आत्मानै राखनुपर्छ खतोखत ।।६९।।

राताका संगमा बस्दा रातो स्फटिक देखिने
नीलोको साथमा बस्दा नीलो स्फटिक नै हुने ।।७०।।

त्यस्तै आत्मा जहां बस्छ (सङ्गबाट) उस्तै आकार देखिने
जस्तो भान परे जस्तो आत्मामा पनि ठानिने ।।७१।।

तर साँच्चै ठाम विचार गरियो भने
असङ्ग र अजन्मा त्यो एउटै मात्र जानियो ।।७२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एउटै बुद्धि हो किन्तु जाग्रत, स्वप्न, सुसुप्तिले
गर्दा त बुद्धिका तीन–गुण वन्द छ भेदले ।।७३।।

ब्युझिंदा बुद्धि भो एक, स्वप्ना देखदा द्वितीय भो
स्वप्नै नदेखिने सुत्ता त उही बुद्धि तृतीय भो ।।७४।।

गुणको भेदले गर्दा बृद्धि एक भए पनि
परस्पर विरोधी छन् मिल्दैनन् ती कुनै पनि ।।७४।।

अतः कल्याण रूपात्मा एउटै ब्रह्ममा सदा
तीनौटै गुणवान् बुद्धि झूठो त्यो हुन्छ सर्वदा ।।७५।।

बुद्धिको वृत्ति हुन् देह' इन्द्रिय, प्राण, चेतन
आत्माको मन सङ्घाल्ले हुन्छ है परिवर्तन ।।७६।।

तपो गुण वडो चीनो,–बाट उत्पन्न वृत्ति यो
भएको कारणैलेनै सधैं अज्ञान रूप यो ।।७७।।

यस्तै हुन्छ जहाँ सम्म त्यहां सम्म निरन्तर
संसारको जन्म मृत्यु भइ रन्छ वरा वर ।।७९।।

'नेति' नेति' वेद वाक्य प्रमाणले भए जति
बुद्धि, इन्द्रियले जान्ने छैनन् 'ब्रह्म' कुनै पनि ।।८०।।

ठानी हृदयले चाखी चित्घनामृतको रस
फल झैं रस पीएर छाडोस् संसारको कस ।।८१।।

आत्मा न कहिल्यै मर्छ जन्दैन कदाचन
न खिइन्छ न त्यो वढ्छ सधैं आत्मा पुरातन।।८२।।

न यस्तो छ न उस्तो छ भन्न जोडा कुनै न छ
सुख स्वरूप सर्वत्र ब्रह्मात्मा अद्वितीय छ ।।८२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञान रूप परामात्मा दुःखी संसार के गरी ?
अज्ञानमा छ संसार भान पर्दा घरी घरी ।।८४।।

ज्ञान, अज्ञान दुइटै विरोधी छन् परस्पर
ज्ञान हुँदा नाश हुन्छ संसार क्षण भंगुर ।।८५।।

भूलले एउटालाई अर्को ठान्नु त 'भान' हो
विद्वान्हरू यसै भन्छन् 'अध्यास' नै यही त हो ।।८६।।

डोरी सर्प हुँदै हैन सर्प हो भनि ठान्दछ
त्यस्तै ईश्वरमा सारा संसार भनि ठान्दछ ।।८७।।

निर्विकल्प छ जो 'ब्रह्म' माया रहित आत्ममा
पैलो भान अहङ्कार पर्न गो अद्वितीयमा ।।८८।।

आत्मामा सुख, क्रोधादि बुद्धिको काम हो सबै
संसारको कारणै हो जन्म, मृत्यु हुने सबै ।।८९।।

सुसुप्तिमा सबै राग अहङ्कार त नाशिने–
हुँदा मस्त निदाउदा सुखको भान मानिनने ।।९०।।

अनादि यो अविद्यानै,–बाट उत्पन्न बुद्धि हो
प्रतिविम्ब हुँदा चेत,–त्यो को प्रकाश जीव हो ।।९१।।

बुद्धिको साक्षीको रूप–मा आत्मा त अलग्ग छ
परमात्मा बुद्धि देखि परिच्छिन्न हो छ छ ।।९२।।

आगोमा पोलिदा लोह आगो नै हुन्छ क्यै क्षण
तर वास्तवमा 'लोह आगो हुन्छ कुनै दिन ? ।।९३।।

आगो फलाम होइन, फलाम अग्नि होइन
परस्पर हुँदा भेट साटा साट हुँदा गुण–।।९४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आगो फलाम दुवैको संगले आफु आफुमा
फलाम अग्नि भो खास अग्नि भो लोह रूपमा ।।९५।।

त्यस्तै 'चित्' जड होइन बुद्धि होइन चेतन
'चित्' का साथ हूंदा बुद्धि –मा सऱ्यो चित्व चेतन ।।९६।।

अन्तः करणको साक्षी 'चित्' मा त बुद्धिको गुण
जड सर्दा भयो 'चित्' त अल्पज्ञ हुन्छ चेतन ।।९७।।

यस्तो भान हुंदा बुद्धि इन्द्रियादि र लोहमा
आत्माको 'भान' बढ्दै गो इन्द्रियादि अनात्ममा ।।९८।।

गुरुको उपदेशैले वेदको वाक्यले पनि
साच्चिनै आत्म ज्ञानै को अनुभव भए अनि ।।९९।।

आफ्नै हृदयमा वस्ने उपाधि शून्य व्रह्मको
साक्षात्कार गरोस् आफैं शुद्धात्मा अद्वितीयको ।।१००।।

वुद्धि, इन्द्रिय, देहादि आत्मा 'भान' भने जति
साराका सार पन्छा ओस् राख्न हुन्न कतै रति ।।१०१।।

अद्वितीय, अजन्मा हूँ प्रकाश रूप मै न हूँ
शुद्ध विज्ञानको रूप आनन्द रूप नै न हूँ ।।१०२।।

निर्मल ज्योतिको रूप आनन्द रूप नै न हूँ
'त्रास' भान सदा मै हूँ निरा मय पनी म हूँ ।।१०३।।

म सधैं मुक्त नै छू है अचिन्त्य शक्तिमान् पनि
इन्द्रियहरूले बुझ्न देख्न जान्दैन के अनि ।।१०४।।

अनन्त पार मै नै हूँ विद्वान् वैदिकले सधैं
हृदयाकाशमा मेरो ध्यान गर्छन् नि ती सधैं ।।१०५।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नछोडिकन आत्माको ध्यान गर्दछ जो नर
त्यस्को हृदयको शुद्ध-भावनाले निरन्तर ।।१०६।।

सबै कारकका साथ अविद्या नाश गर्दछ
शुद्ध औषधले जस्तै रोगको नाश पार्दछ ।।१०७।।

एकान्तमा बसी नित्य छोडी इन्द्रिय गोचर
एकाग्र मन पारेर भावना शुद्ध केवल ।।१०८।।

सबै साधन छोडेर नलिई कन आश्रय
नडगीकम आत्मामा गरोस् त्यो ब्रह्मको तय ।।१०९।।

विश्वनै परमात्माको स्वरूप जान्नु पर्दछ
जति कारण छन् सारा ब्रह्मभित्र हराउछ ।।११०।।

पूर्ण आनन्दको रूप एउटै मात्र हुन्छ त्यो
न ता जान्दछ भित्रैको नत वाहिर केहि त्यो ।।१११।।

समाधि पाउनू भन्दा अगाडि यो सबै जगत्
'ओम्' कार मात्र हो जान्नु अरू क्यै छैन है फगत्।।११२।।

'ॐ' यो प्रणवको अर्थ सारा संसार हो बुझोस्
भान अज्ञानकै हो यो जानेमा छैन यो चिनोस् ।।११३।।

'ॐ' यो प्रणावमा तीन, 'अ' 'उ' 'म' ता हलन्त हो
'अको अर्थत विस्वै हो 'उ' को तैजस अर्थ हो ।।११४।।

'म' हलन्तको अर्थै त 'प्राज्ञ' नियम यो बुझोस्
समाधि अघिता सच्चा–सच्ची यो हैन है चिनोस् ।।११५।।

विभिन्न थरिको विश्व 'अ' तैजस 'उ' मा विलाइयोस्
तैजस (उ) प्राज्ञ (म) मा दुवै 'अ' 'उ' लीन गराइयोस्।११६।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राज्ञ (म) पनि पर ब्रह्म–मानैं सारा विलाइयोस्
उपाधि हीन–विज्ञान,–रूप ब्रह्म म हूँ चिनोस् ॥११७॥

लगातार यसै गर्दा हुन्छ आत्मा स्वरूपको
आनन्दमा खुशी हुन्छ माया छुट्छ प्रपञ्चको ॥११८॥

आत्मामा लिप्त यो योगी इन्द्रियादि अगोचर
जस्तै स्थिर भइरन्छ तरङ्ग हीन सागर ॥११९॥

यस्तै तरहले गर्छ जो अभ्यास समाधिको
हट्छन् इन्द्रिय सम्पूर्ण समाधिष्ठित जीवको ॥१२०॥

शत्रु यी काम, क्रोधादि ज्ञानेन्द्रिय र चित्तमा
विजय गर्छ त्यो मेरो रूप देख्दछ जीवमा ॥१२१॥

दिन, रात, सदा आत्मा चिन्तन गर्छ जो मुनि
भववन्धन देखी त्यो मुक्त हुन्छ सधैं अनि ॥१२२॥

अभिमान सबै छोडी प्रारब्ध फल भोग्दछ
आखीरमा खास मैमा ऊ लीन हुन पुग्दछ ॥१२३॥

शुरू विचार आखीर भवमा भय शोक छ
जानेर वेदको कर्म मुनिले त्याग्न पर्दछ ॥१२४॥

अनि सम्पूर्ण प्राणीको अन्तरात्मा स्वरूप हो
आफनै आत्मा भजोस् नित्य ब्रह्म त्यो द्वितीय हो ॥१२४॥

यो विश्वलाई आफूले आफूनै ठान्नु पर्दछ
त्यस्तो जीव परमात्माको अभिन्नै जान्नु पर्दछ ॥१२५॥

जस्तै समुद्रमा पानी दूधमा दूध मिल्दछ
आकाशमा घटाकाश, हावामा वायु मिल्दछ ॥१२७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वेद प्रमाण युक्तिले वाधाकारण यो जगत्
चन्द्रमामा हुने भेद जस्तै दिग्भ्रम हो फगत् ।।१२८।।

त्यस्तै यो विश्व मिथ्या हो भावना गर्छ जो मुनि
लोकमा नै वसी यस्तो देख्न थाल्ने छ के अनि ।।१२९।।

देख्दैन जहिले सम्म यो मेरो विश्व रूपको विश्व हो
त्यहां सम्म गरोस् नित्य मेरो आराधना छ हो ।।।१३०।।

श्रद्धालु भक्त जो हुन्छ देखिन्छ भक्ति लक्षण
हुन्छ हृदयमा मेरो साक्षात्कार अहर्निश ।।१३१।।

यो सारा वेदको सार रहस्य गरि सङ्ग्रल
मैले निश्चयका साथ तिमीलाई भने इह ।।१३२।।

बुद्धिमान जनले यस्को सदा गर्दछ चिन्तन
तत्कालै पापको राश,—बाट मुक्त हुने जन ।।१३३।।

भाइ ! यो जति देखिन्छ माया हो जगत सब
यसैले मनले त्यागी शुखी होऊ तिमी अब ।।१३४।।

गरेर भावना मेरो चित्त शुद्ध तिमी गर
क्लेश शून्य प्रसन्नात्मा पूर्ण आनन्दमा पर ।।१३५।।

जस्को हृदयले मेरो निर्गुण रूप सेवन
अथवा कहिले कांहि सगुण रूप सेवन ।।१३६।।

गर्छ जो रूप मेरै हो शुद्ध चरणको रज
सूर्यले तीन लोकै झैं पवित्र पार्छ त्यो चिज ।।१३७।।

सम्पूर्ण वेदको सार ज्ञान यो एक मात्र हो
भगवत् पाद जानिन्छ वेदान्तबाट मात्र हो ।।१३८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गीता मैले भने जस्ले श्रद्धाले पाठ गर्दछ
हृदयै देखि श्रद्धाले गुरूमा भक्ति राख्दछ ।।१३९।।

मेरो वचनमा भक्ति साच्चिनै यदि गर्दछ-
भने त्यो नरले खास मेरो नै रूप पाउंछ ।।१४०।।

इति राम गीता

(६) सन्दर्भः- श्रीरामको आज्ञा बमोजिम लवण मारेर मथुरा ठूलो राज्य भयो। कुश, लवको जन्म र अध्ययन

यमुना तीरमा बस्ने असंख्य ऋषि साथमा
ऋषि च्यवनजी आए श्रीरामचन्द्र सामुमा ।।१।।

सबैको गरि सम्मान भन्नु भो राम चन्द्रले
'गर्नु पर्दछ के मैले ?' पाल्नु भो कति कामले ।।२।।

मेरो भाग्य अहा !!! पाए दर्शन ऋषि वृन्दको
सेवकलाई आज्ञा होस् ब्राह्मण इष्ट देवको ।।३।।

काम पूरा गरी छाड्छु जस्तै दुःख परे पनि'
भन्छन् च्यवनजी 'राम ! ठूलो डर भयो अनि ।।४।।

देव, ब्राह्मण मार्ने त्यो 'मधु' नामक दैत्य थ्यो
धर्मात्मा शिवको भक्त सबैको हित गर्दथ्यो ।।५।।

धर्मकर्म सधैं गर्दा आशुतोष सदा शिव-
ले त्रिशूल ठूलो तीखो दिएर भन्नु भो सब ।।६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गर्छौं प्रहार जस्लाई खरानी भइ हाल्दछ
डर हुन्न कसैँ देखि सुनेर नाच्न थाल्दछ ॥७॥

सुनिन्छ मधुकी भार्या राम्री कुम्भीनसी थिई
रावण बहिनी भन्छन् छोरो पाइ खुसी भई ॥८॥

पापी यो मनको कप्टी दुष्ट लवण राक्षस
सवै राक्षसको नेता वलियो छ ठुलो यश ॥९॥

देव, ब्राह्मणलाई यो दुःख दिन्छ निरन्तर
हामीहरू सवैँलाई त्यसैको छ ठुलो डर ॥१०॥

त्यसैले पाइलो खेद्दा आयौं शरणमा पऱ्यौं
लवणासुरको नाश भएमा सुख पाउंथ्यौ ॥११॥

सम वेदनका साथ रामले भन्नु पिर–
लिनु पर्दैन त्यो मर्छ मान्नु पर्दैन क्यै डर ॥१२॥

लवणासुर मारेर ब्राह्मणहरूको जय
गर्न जाऊ कुनै भाइ भाइ हो गर वा तय ॥१३॥

रामको सुनि आदेश विन्ती भरत गर्दछन्
पाऊ आदेश जान्छु म भन्दा शत्रुघ्न भन्दछन् ॥१४॥

दुइटै दाजुले राजन् ! काम ठूला भयो तप
मौकै आएन क्यै गर्न मेरो ता काम नै ठप ॥१५॥

अतः आदेश पाऊं म लवणासुर मार्दछु
रामले भन्नु भो हुन्छ राज्याभिषेक गर्दछु ॥१६॥

मथुराका तिमी राजा भयौ वाण तिमी लिय
आशीर्वाद छ लो जाऊ होस्रोस् शत्रुघ्नको जय ॥१७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिशूललाई पूजेर घरमा राख्छ राक्षस
शहर्वाहिर त्यो जान्छ ढोकामा त तिमी वस ।।१।।

युद्ध गर्नु त्यसै वेला नपाओस् घर फर्कन
यहि वाण तिमी हान मरी हाल्दछ त्यै क्षण ।।१९।।

राजधानी वनाए है हुने छ त्यो ठुलो पुर
मेरो आदेश मानेर राज काज तिमी गर ।।२०।।

राज्यको निम्तिमा घोडा पांच हजार आउंछन्
हात्ती, रथ पनी धेरै पैदल पछि आउँछन् ।।२१।।

विदा वादी भए सारा सुनेर रामको तय
ऋषिका साथ शत्रुघ्न भन्छन् श्रीरामको जय ।।२२।।

घमासान भयो युद्ध लवणसुर मारियो
राजधानी वन्यो राम्रो शत्रुघ्न राज्य त्यो भयो ।।२३।।

मथुरा राजधानी भो संसार ख्यातिप्राप्त भो
ठुलो शहर त्यो राम्रो कलाले परिपूर्ण भो ।।२४।।

कुश र लवको जन्म

सीताजीका पुत्र जन्मे राम जस्तै मनोहर
मुनि आश्रम नै झल्क्यो दुइटै अति सुन्दर ।।२५।।

वाल्मीकि ऋषिले नाम जेठाको कुश राख्नु भो
कान्छाको लव हो नाम राम्रो मुहूर्त भन्नु भो ।।२६।।

विद्या समयको साथ बढ्दै जादा भए ठुला
उपनयन भो राम्रो वेद पढ्दा भए भला ।।२७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वाल्मीकि ऋषिको काव्य "रामायण" सबै पढे
सुमधुर स्वर वीणाको साथ सङ्गीतमा पढे ।।२८।।

वीणाको तारको मीठो,–ध्वनिमा दुइमा स्वर
"श्रीरामायण" को गीत मुग्ध हुन्छन् चराचर ।।२९।।

कुश र लवको गीत सुन्दा आफुस आफुमा
मुनीश्वरहरू भन्छन् "कस्तो आश्चर्य गीतमा ।।३०।।

हामी जस्ता चिरञ्जीवी,–ले दिशा कतिका घुम्यौं
गन्धर्व लोकमा घुम्दै किन्नर लोकमा पुग्यौं ।।३१।।

भूर्लोकका कुरा छोडौ देव लोक नै क्यै घुम्यौं
देवालय र पाताल ब्रह्मलोक पनी पुग्यौं ।।३२।।

स्वरको यो चमत्कार तारको मधुर ध्वनि
गीतको गहिरो स्वाद सुनिएन कतै पनि" ।।३३।।

कुश र लवको गीत प्रशंसा दिनहुं दिन
ऋषि आश्रममा हुन्थ्यो "धन्य मानिसको गुण ।।३४।।

सीताका दुइटा छोरा वाल्मीकि ऋषि साथमा
सुख पूर्वक वस्थें ती मन दिन्थें पढाइमा ।।३५।।

(७) सन्दर्भः– यज्ञ (अश्वमेघ), सीता शपथ तथा भूमि प्रवेश र यज्ञान्त

सुनको प्रतिभा सीता वायाँ राखेर रामले
अश्वमेघ.दि गर्नू भो पूर्ण वैदिक रीतिले ।।१।।

पृथिवी भरका राजा निमन्त्रित र दर्शक
ऋषि, ब्राह्मण, राजर्षि धेरै नै वेद पाटक ।।२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"कुश, लव दुवै जान राजाले यदि क्यै दिए
वाल्मीकिले 'न लिनू है' भनेर सूचना दिए ।।३।।

कुश र लव गाएका साथ लिएर ती मुनि
वाल्मीकि मुनिको ठाम बस्ने ठाम पुगे पनि ।।४।।

धेरै मानिस हेर्दा छन् चारै तरफ यज्ञमा
'स्वाहा स्वाहा' होम गर्छन् घृत धारा छ अग्निमा ।।५।।

कुश र लव गाएर राज मार्ग र गल्लिमा
राम चरित्र गाएर घुम्दछन् सव ठाममा ।।६।।

कुश र लवको ख्याति सुनेर राम चन्द्रले
राजा, पण्डित, शास्त्रज्ञ,–लाइ डाकेर रामले ।।६।।

दूत डाकेर भन्नु भो 'गायकलाइ ल्याउन'
राजाज्ञा सुनि आए ती कुश लव गाउन ।।७।।

गायकलाई देखेर सवै आश्चर्यमा परे
आँखा चिम्लन नै विर्से 'लौ न के यिनले गरे' ।।९।।

आफू आफूसमा भन्छन् 'रामका प्रतिविम्व छन्
राम र यिनमा भेद छैन, यी एक रूप छन् ।।१०।।

जटाजूट नहुंदोता खास यी रामचन्द्र हुन्
भेष वल्कल फेरून् त अवश्य पनि राम हुन् ।।११।।

वादविवाद चल्दैथ्यो सुनियो मधुर ध्वनि
धन्य श्रीरामको गाथा गीत सुन्दा त के अनि ।।१२।।

दिंदा सुवर्णको सिक्का 'नलिऊँ' विन्ती गर्दछन्
'राजन् ! सुवर्णको काम हामीमा छैन' भन्दछन् ।।१३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कन्द मूल फलमा हारी हामीलाई सुवर्ण के–?–
काम लाग्दैन हे राजन् ! धेरै विन्ती गरेर के ? ।।१४।।

सीताका पुत्र सम्झेर मर्जी भो राम चन्द्रले
'शत्रुघ्न' भक्त हनूमन् ! ए विभीषण ती मिले।।१५।।

अङ्गद, ए सुषेणै नै तिमी दुइ पनी सुन
सीता सहित वाल्मीकि–लाई लिएर आउन ।।१६।।

खाउन् शपथ सीताजी सभाका सामुमा वसी
चरित्र बल देखाउन् झैं शरत् कालका शशी ।।१७।।

सुनेर रामको आज्ञा दूत झटपट लम्किए
राजाज्ञा ऋषिमा विन्ती गर्दा ज्यादा खुसी भए ।।१८।।

सुनेर दूतको बोली वाल्मीकि ऋषि भन्दछन्
'अवश्य भोलि सीताजी कस्तो हुन् अनि चिन्दछन् ।।१९।।

दूतले रामको सामु नुहाएर उधों शिर
बाल्मीकि ऋषिको वाक्य गर्‍यो विन्ती भए भर ।।२०।।

ऋषिको पाइ शन्देश भन्नु हुन्छ रघूत्तम
'राजा मुनिहरू सारा उपस्थित नरोत्तम ।।२१।।

शपथ हाल्दछिन् सीता दुनियांहरूले सुनुन्
चरित्र उनको राम्रो नराम्रो जे छ हो बुझुन्' ।।२२।।

महर्षि, वलिया क्षत्री शूद्र, वैश्य र ब्राह्मण
वानर दुनियाँ सारा राजर्षि र विभीषण ।।२३।।

शपथ सुन्नु हेर्नुमा कुतूहल ठुलो वढ्यो
कस्तो शपथ होला त्यो आश्चर्य सवमा पर्‍यो ।।२४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निहुरेर सीता आइन् वाल्मीकि ऋषिछन् अघि
यज्ञशाला पुगि हाले जहाँ बस्थे ऋषि अघि ॥२५॥

भक्काल्निएर सीताजी हात जोडेर ती पनि
ढोगेर यज्ञ शालाको,– ओडाभित्र पसिन् अनि ॥२६॥

महर्षि बाल्मीकि भन्छन् 'सुन्नोस् आदर्श राघव
लोकापवादले गर्दा सीता त्याग्ने हरे शिव ! ॥२७॥

प्रभुका सुख सन्तोष सीतासँग संगै गयो
न सन्तोष उनोमा भो नता सुख पनी सन्यो ? ॥२८॥

सीताका सुख सन्तोष रामका साथमा रह्यो
रामले सुख सन्तोष नपाउंदा उसै गयो ॥२९॥

सन्तोष सुखको ठ्याक पर्दा त पीरमा गिरे
आखीर सुखको सट्टा दुःकमा दुइटै परे ॥३०॥

दुवैको सुख सन्तोध नयता नउता भयो
धन्य श्रीरामको लीला वीचमा के गरो उड्यो ॥३१॥

दुनियांको मतो जानी राजाले गर्नु पर्दछ
राजाको काम चुक्ता भो पछि के पीर आउंछ ॥३२॥

दुनियाँमा भयो ठीक सीता अन्यायमा परिन्
राजाको न्याय के यै हो ! 'सीता शपथ गर्दछिन् ॥३३॥

आगो भन्दा पनी चोखो नभ भन्दा पनी शफा
जून भन्दा पनी शेती अशिना झैं यिनी सफा ॥३४॥

हिमाल चुचुरा भन्दा माथि छन् यी कति कति
चरित्र बुझ्न को सक्ने ? सभामा नरको मति ॥३५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सूर्य भन्दा उज्यालो छन् खप्नै सक्तैन यो सभा
परीक्षा गर्न को सक्छ ? कस्तो छ यिनको प्रभा ।।३६।।

मूल्याङ्कन पनो गर्न सक्ने भुवनमा जन
जन्मेको छ कि या छैन भन्न सक्तैन यो मन ।।३७।।

राजन् ! वाल्मीकिले झूटो बोल्दैन कहिल्यै पनि
पैले शपथ गर्छु म पछि गर्छिन् सीता पनि ।।३८।।

सीता निर्दोषी छन् भन्छु यदि झूटो भए कुरा
गरेको अहिले सम्म तपको नाशियोस् जरा ।।३९।।

सीता पति ब्रता नारी सदा श्रीराम नै भजी
कल्याण गरिबक्सिन्छ पत्नीव्रती त रामजी ।।४०।।

रामले भन्नु भो सीता सती साध्वी म जान्दछु
लोका पवादले त्यागे ऋषे! माफ् म माग्दछु ।।।४१।।

दुइटै पुत्र हुन् मेरा सीता हुन् प्राणबल्लभा
यिन्को (सीता) शपथ देखेर होला आश्चर्यको सभा' ।।४२।।

श्रीरामको अभिप्राय बुझिब्रह्मादि देवता
असंख्य बुझ्न आएर ढाकि हाले यता उता ।।४३।।

दुनिया चौदिशाबाट हत्पताएर वैरिए
चरित्रको माप दण्ड के हो ? आश्चर्य ती भए ।।४४।।

सीता त्रिलोकको देवी सती ब्रह्माण्ड सुन्दरी
रेशमी वस्त्र लाएकी हात जोरेर सुस्तरी ।।४५।।

राजा श्रीरामकी रानी उधो दृष्टि गरी खडी
मुख उत्तर पारेर सत्य मार्ग लिइ लडी ।।४६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्नुभो "पृथ्वी माता ! राम वाहेक ववै अरू
मनमा नभए मेरो वाटो देऊ खुरू खुरू' ॥४७॥

यत्तिकैले पुगी हाल्यो पार्वति भन्नु के अरू
सत्य एक छ ठुलो छ सबैको एउटै गुरु ॥४८॥

बडाको एउटै वोली छोटो कचकच गर्दछ
यता उति गरी तानी धेरै अक्षर जोडदछ ॥४९॥

सतीको वाक्यनै वज्र लागेर पृथिवी फुटिन्
"वावा छोरो तिमीलाई कस्तो दुःख पऱ्यो भनिन् ॥५०॥

जाज्वल्यमान चम्कीलो सिंहासन मनोहर
टाउको माथि राखेर नागराज थिए तल ॥५१॥

गरिन् स्वागत् पृथ्वीले वसी आसनमा सती
चरित्र वल देखेर परे जिल्ल भए जति ॥५२॥

अलि अलि अली गर्दै सिंहासन गयो तल
पुष्प वृष्टि लगातार भए मुग्ध सवै चर ॥५३॥

दुइटै हातले छाँद ह.लेर 'आऊ वा' भनी
छातीमा टाँसी पृथ्वीले, पृथिवी जोडिइन् अनि ॥५४॥

चिन्ता पऱ्यो कसैलाई भए दिक्क सवै जन
दिनका चन्द्रमा जस्तै हुन गो सवको मन ॥५५॥

"कस्तो गजप भो" भन्छन् रामको मुख हेर्दछन्
मुखामुख सबै गर्छन् "ठूलो आश्चर्य भन्दछन् ॥५६॥

सबैको होशले ठाम छोडचो एक मुहूर्तत
सारा समाज भो ठप्प मूर्ति जस्तै खतोखत ॥५७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उनै ईश्वरको लीला अवतार लिदा नर
सीता वियोगमा शोक रामले गर्नु भो पिर ।।५८।।

यज्ञान्त

बशिष्ठ आदि ठूलाले बुझाए पछि रामले
बाकि यज्ञ भयो पूर्ण श्रद्धाका साथ भक्तिले ।।५९।।

सुवर्ण, मणि चाँदी र भू, गाइ, दान गर्नु भो
वस्त्र दान गरी यज्ञ पछि यज्ञान्त दान भो ।।।६०।।

विदावादी भए सारा ऋत्विग्, आचार्य ब्राह्मण
बिदा पाइ गए धेरै वानर वस्दथे किन ।।६१।।

यज्ञ शाला भयो रित्तो घाम पर्वतमा चढ्यो
ऋषि, ब्राह्मणको धारो नदीको तीर ओर्लियो ।।६२।।

चर्दै गाइहरू फर्के चर्दै गोठ तिरै सरे
वटुवाहरूको चाल घट्दा घट्दै पनी चले ।।६३।।

लिएर दुइटा छोरा भाइ, सचिव साथमा
अयोध्यामा सवारी भो लिदै स्वागत मार्गमा ।।६४।।

अनि पछि सधैं राम सांसारिक सबै सुख–
छोडी विरक्तका साथ एकान्त हुनु नै सुख–।।६५।।

भनी एकान्तमा बस्न थाल्नु भो अवकाशमा
सधैं ईश्वरको ध्यान गर्ने एकान्त ठाममा ।।६५।।

सबै मानिसको काम ईशको गर्नु चिन्तन
उपदेश दिना निति आफै गर्ने नि दिन्दिन ।।६७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफैं ब्रह्माण्डका स्वामी पाउनू के छ ध्यानले
नर रूप हुंदा लीला गर्नु भो राम चन्द्रले ।।६८।।

राम चिन्तन जो गर्छ गानमा दिन्छ जो लय
उसैंको हुन्छ कल्याण पार्वति ! 'रामको जय' ।।६९।।

(८) सन्दर्भः– तीनौटी रानी दशरथको साथ, पुष्कर, तक्ष, तथा अङ्गद र चित्रकेतु राजा भए तपस्वीको रूपमा कालको राजा श्रीराम-सँग वार्ता

छोरो नपाउँदा दुःख,–साथ वर्ष विते कति
सपना, जपना पुत्र भन्दा दिन विते उति ।।१।।
ईश्वर पाउंदा पुत्र रामचन्द्र खुसी भयौं
बुहारी पाउँदा सीता राजा रानी सुखी भयौं ।।२।।
राज्याभिषेकको बेला सीता, राम र लक्ष्मण
कैकेयीले लिइन् आफ्नो वरदान गए वन ।।३।।
तैपनि विधिको लाठो टाउको माथि बज्रियो
पुत्रको शोकले गर्दा राजाको प्राण नै गयो ।।४।।
रामको वनको वास वियोग पतिको पऱ्यो
'त्यस्तो हूँदा पनी प्राण' भनिन् के सहनू पऱ्यों ।।५।।
वनैमा पनि सीताजी हरि रावणले लग्यो
कौशल्याले सुनी भन्छिन् 'मैले यो सुन्नु के पऱ्यो ।।६।।
सहदा सहदा बल्ल झरिको दिन उग्रियो
रावणलाई मारेर फर्कदा दिन पल्टियो ।।७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनि आशु गयो वावु ! काण्डका काण्ड सिद्धिए
सीताको त्यागमा वज्र अशिना सरी वैरिए ।।८।।

म बूढी पृथिवी माथि पृथिवी भित्र जानकी
परिवर्तन कस्तो भो ? रानी भन्छिन् कुरा झिकी ।।९।।

राम ! वावु ! प्रभो ! ईश ! यो सारा भवबन्धन–
बाट मुक्ति हुने युक्ति पाउँ गन्थन गर्दिन ।।१०।।

'मुमा ! विन्ती सुनीबक्स्योस् व्रह्माण्ड भरका गण
दूधमा घिउ जस्तै छन् छुट्टिदैनन् कुनै कण ।।११।।

ईश हजूरमै बस्छ हजूर ईशमै अनि
ईश, हजूर दोटैमा छ ईश्वर जहाँ पनि ।।१२।।

जीव र परमात्मामा भेद छैन कुनै अनि
बुद्धय वच्छिन्न चैतन्य बुझी बक्से पुग्यो पनि ।।१३।।

संसारमा सबै दुःख जति छन् परिवर्तन
डोरीलाई सर्प जस्तै भ्रममा घुम्छ यो मन ।।१४।।

ड्याम्पो, आरी, कहातारो, गाग्रो, पाला, शुराहि छन्
माटैवाट वनेका हुन् रूप र नाम भेद छन् ।।१५।।

फुटेर खपटा वन्छन् माटा हुन् सब आखिर
फुट्दा चूर्ण भए नाम गए रूप कतातिर ? ।।१६।।

एउटै सूर्य हुन् खास राख्यौं लाख घडा भने
भिन्ना भिन्न घडै पिच्छे अनकौं सूर्य देखिने ।।१७।।

एक ईश्वरमा सारा ग्रहादि सचराचर
तेज, र जल आकाश, छन् अनेकौं भराभर ।।१८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तीनै ईश्वरको ध्यान गरे मनन चिन्तन
मुक्ति मिल्दछ हे आमा ! छुट्दछन् भवबन्धन ॥१९॥

पुत्रकै रूपमा मेरो 'राम' नाम जपी रही
मानापमान जे होस्न सुख दुःख सबै सही ॥२०॥

भक्ति पूर्वक जो मेरो रामको नाम जप्दछ
एकाग्र चित्त राखेमा संसार पार गर्दछ ॥२१॥

कौशल्या र सुमित्राले ईशको ध्यानमा तगे
कैकेयी साथ तीनौटै पतिका साथमा पुगे ॥२२॥

पुष्कर र तक्ष राजा भए

धेरै काल पछि फेरि युधा जिन्ले निमन्त्रणा
भान्जा भरतलाई त लिन आए निकै जना ॥२३॥

रामको पाइ आदेश फौज लिएर साथमा
तीन करोड गन्धर्व नेता मारेर युद्धमा ॥२४॥

ठूला ठूला दुइ मुख्य राजधानी बनाइयो
पुष्करा एउटा भैगो दोस्रो तक्ष शिला भयो ॥२५॥

जेठा पुष्करलाई त पुष्करा देशका पति
राजकाज दिए तक्ष भए तक्ष शिला पति ॥२६॥

धन र धान्यले युक्त गरी भरत फर्किए
श्रीराम चन्द्रको सेवा गर्न हाजिर ती भए ॥२७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अङ्गद र चित्रकेतु राजा भए

श्रीराम चन्द्रले भाइ– लक्ष्मणलाई भन्नुभो
'पश्चिमा दुष्ट छन् भिल्ल जित्न आदेश गर्नु भो ॥२८॥

दुइकुमारलाई नै लिएर गइ हाल वा
पापी ती भिल्लका फौज–लाई पार तवा तवा ॥२९॥

दुइ राज्य बनाएर अङ्गद चित्रकेतुको
अभिषेक दिनू गर्छन् उन्नति भिल्ल देशको ॥३०॥

चांजो पांजो मिलाएर फर्कि हाल्नु तिमी वरू
नानि ! छोरा दुवै जाऊ बलवान् छौ तिमीहरू ॥३१॥

आदेश रामको माने भने जस्तै गरी कन
रामको पाउको सेवा गर्न आए नि लक्ष्मण ॥३२॥

सवै संसारका वस्तु परिवर्तनशील छ
सत्य हो रामको नाम मुखले जप्नु पर्दछ ॥३३॥

तपस्यी रूपमा कालको श्रीरामसँग वार्ता– श्रीमहादेव पार्वतीलाई आज्ञा हुन्छ

भाइ भारदारको राय दुनियांहरूको मत
बुझेर रामले राज्य चलाउंदा भयो जित ॥३४॥

अपूर्वको काम काज भन्दथे सब पण्डित
ऊच, नीच हुंदै हुन्न गर्छन् राजा यथोचित ॥३५॥

कुनै काख, कुनै पाखा हुँदैन कुनै पनि जन
भक्त पारखिला सच्चा भाइ भरत लक्ष्मण ॥३६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वशिठ गुरु छन् ज्ञानी त्रिकालज्ञ मुनीश्वर
प्रजाका भक्त नै राजा राम ता करुणाकर ।।३७।।

महावीर हनूमान रामका भक्त सेवक
हुंदा अन्याय के हुन्छ ? हुन्छन् आश्चर्य दर्शक ।।३८।।

जहां जो योग्य त्यै हुन्छ हुन पाउन्न क्यै खति
राम राज भनू कस्तो ? नभूतो नभविष्यति ।।३९।।

यस्तै प्रकारले राज्य गर्दा काल बित्यो कति
राम दर्शनको निम्ति गर्दै श्रीरामको स्तुति ।।४०।।

ऋषिको रूपमा काल झल्लझलाकारको मुख
भन्छन् लक्ष्मणलाई ती "माग्न आएं मता भिख" ।।।४१।।

सुनी लक्ष्मणजी भन्छन् मान गर्दै यथोचित
"गरी हाल्दछु आज्ञा होस् गोप्य छैन भने मत ।।४२।।

"म अतिबलको दूत सन्देश उनकै लिई
रामको पाउमा विन्ती गर्न आएँ। खुशी भई ।।४३।।

शीघ्रातिशीघ्र राजाको गर्न पाउं म दर्शन"
झट्ट पट्ट हिडी हाले जो 'आज्ञा भनी" लक्ष्मण ।।४४।।

सुनी लक्ष्मणको बिन्ती 'ल्याऊ सम्मान पूर्वक'
आदेश रामको पाए पुऱ्याए विधि पूर्वक ।।४५।।

रामको सामुमा पुग्दा रामलाई सुहाउने
सुमधुस्वरले राजन् ! "रामको जय वोस्" भने ।।४६।।

पूजा, स्वागत, सत्कार ऋषिको विधिपूर्वक
गरो श्रीरामले सोधो– वक्सिने म हूँ सेवक ।।७४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफू आफूसमा सोधे कुशल प्रश्न प्रेमले
"आज्ञा पाऊ म गर्नेछु पाल्नु भो कति कामले ।।४८।।

"एकान्तमा विन्ती गर्छु कसैले नसुनोस् कुरा
हेर्न सुन्न हुँदै हुन्न देखे सुने भने कुरा ।।४६।।

त्यस्लाई प्रभुले मार्नू" भन्दा श्रीरामले अनि
"ऋषे हुन्छ त्यसै गर्छु" रामले भन्नु भो पनि ।।५०।।

"तिमी लक्ष्मण ढोकामा बस वा नपसोस् कुनै
पसेमा बांकि राख्दिन मारूला आफुनै मनै ।।५१।।

"ऋषे ! सन्देश कस्को के ? तपाइकै पनी कुरा
सङ्कोच मान्नु पर्दैन आज्ञा होस् ज्ञानका जरा ।।५२।।

झुकेर हात जोडेर ऋषि गर्छन् निवेदन
'व्रह्माजीको लिइ आज्ञा आएको भक्त यो जन ।।५३।।

जेठो छोरो तपाईकै भक्त हूँ नाम काल हो
नारायण जहा सुत्छन् पुत्र त्यो शेष नाग हो ।।५४।।

मधु, कैटभ मारेर तिनैका देहको अनि
ढुङ्गा, पर्वत, माटाको बनिन् यो पृथिवी पनि ।।५५।।

भक्त कश्यपका छोरा विष्णु वामन रूपमा
देवताको भयो रक्षा प्रभो ! रामावतारमा ।।५६।।

भयो रावणको मृत्यु थियो त्रैलोक्य कराटक
ती नै भुवनको भार नाशियो दुःखको चुक ।।५७।।

'प्रभो ! हजूरको नाभि-बाट कमल निस्कियो
फूलमाथि मलाई नै हो सृष्टि गरि बक्सियो ।।५८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रभो ! मलाइ नै यत्रो सृष्टिको भार वक्सियो
दया सागर हे राम ! जो इच्छा थ्यो उसै भयो ।।५९।।

पृथ्वीमा वस्नको निम्ति देवताहरूमा प्रभो !
समय किट्नु भाको थ्यो त्यति त सिद्धियो प्रभो ।।६०।।

नर शरीरको आयु पूरा पूर भयो प्रभो !
देहका साथमा ईश ! त्यो नमोरथ पूर्ण भो ।।६१।।

अतः यो ऋषिको रूप-मा काल छ उपस्थित
रामावतार हे विष्णो ! मता छु शरणा गत ।।६२।।

यदि हजूरको राम ! पृथ्वीमा राज काजको
इच्छा भए गरे हुन्छ "जय होस् राम चन्द्रको ।।६३।।

विष्णुलोक गए हुन्थ्यो देवताको ठुलो हित"
ब्रम्हाले भन्नु भा यै हा गरे विन्ती खतोखत" ।।६४।।

ब्रम्हाजीको सबै विन्ती कालका मुखवाट नै
सुनी मुसुक्क हांसेर रामले भन्नु भो "कुनै- ।।६५।।

आपत्ति छैन ए काल ! आयौ वेश भयो खुव
जहांवाट म आएंथें उतै फर्कन्छु है अव" ।।६६।।

राम र कालको वीच कुरा चल्दा परस्पर
यस्तैमा मुनि दुर्वासा पुगे दर्वार सत्वर ।।६७।।

(९) सन्दर्भः- ऋषि दुर्वासा आगमन, लक्ष्मण त्याग
श्रीमहादेव पार्वतीलाई आज्ञा हुन्छ

दुर्वासा ऋषिजी भन्छन् लक्ष्मणलाइ झट्पट
राजाका साम्नु लैजान मान्नु पर्दैन झरा झट ।।१।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हात जोडी नमस्कार गरी लक्ष्मण भन्दछन्
'आज्ञा पाउं ऋषे ! चांडो गर्दछु जति काम छन् ॥२॥

राजाको अहिले अर्कै कामले छैन फुर्सत
ऋषे आराम गर्नुहोस् बिन्ती गर्दछु हैं म त'' ॥३॥

''चिनेनौ कि कसो ? झट्ट गराऊ राम दर्शन
नत्र राज्य र यो वंश भस्म पार्दछु यै क्षण ॥४॥

अन्यथा गर्न को सक्छ ? दुर्वासा ऋषिको मन
भन्नु न भन्नु एकै हो व्यर्थमा भन्नु के किन ? ॥५॥

यत्रो राम्राज्यको नाश रघुको वंशको क्षय
भन्दा म एकको मृत्यु,—ले लछार्दछ के भय ॥६॥

जानेर ऋषिको रीस सामर्थ्य ऋषिको कुरा
भक्त लक्ष्मणले चांडै सबै बिन्ती गरे वरा ॥७॥

सुनी लक्ष्मणको विन्ती काललाई बिदा भयो
श्रीराम ऋषिका सामु सवारी होइबक्सियो ॥८॥

प्रणाम गरि श्रीराम ''ऋषिजी काम के पर्‍यो ?
''आज्ञा पाउँ गरी हाल्छु'' चांडै नै साधनी भयो ॥९॥

''नखाएको भयो धेरै तपको सिद्धियो दिन
ऋषि भन्छन् दिनोस् खाना तयार जे छ भोजन ॥१०॥

विधि पूर्वक पाकेको भने जस्तो छ भोजन
खाएर तृप्त दुर्वासा गए सन्तोष ली कन ॥११॥

लक्ष्मण त्याग— श्रीमहादेव पार्वतीलाई आज्ञा हुन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सम्झेर कालको बोली शोक सन्तप्त भो मन
उधो मुख गरी राम बिव्हल हुनु भो झन ।।१२।।

बोल्नै नसकी श्रीराम प्यारा यी भाइ लक्ष्मण
मरे जस्तै भए आज पक्का ठानेर मन्मन ।।१३।।

बोल चाल छर्दै छैन ज्यादै दुःखी र चिन्तित
देखी लक्ष्मणजी भन्छन् "प्रार्थना गर्दछु म त ।।१४।।

मेरो निम्ति कुनै ताप लिनु पर्दैन राघव !
मलाई मारिबक्सेमा हुँदैन क्यै पनि अब ।।१५।।

प्रतीज्ञा क्यै पनी भङ्ग गर्न हुन्न जगत्पते
सवै भन्दा ठुलो सत्य, म जस्ता कतिका बिते ।।१६।।

रामले भाइ भार्दार, वशिष्ठ गुरु राख्नु भो
सबैका सामुमा 'जे हो सवै वृत्तान्त भन्नु भो' ।।१७।।

सवैले हात जोडेर सवैको एउटै मत
"सत्य छोड्न हुँदै हुन्न, राम ता सत्यमा रत ।।१८।।

त्यसैले हे महाराज ! लक्ष्मण त्यागिबक्सियोस्
धर्म छोड्दा सवै डुब्छ संसार सव यो वचोस्' ।।१९।।

"जहां इच्छा उतै जाऊ लक्ष्मण छैन क्यै कर
यसो गर्दा नशङ्का छ धर्ममा छ सवै भर ।।२०।।

ठूला पुरुषका निम्ति 'त्याग, वध' समान छ'
पाउंदा रामको आज्ञा नेत्र आँखा टलपल आंसु छ ।।२१।।

लक्ष्मण रामको पाउ परेर घरमा गए
फर्केर सरयू पानी आचमन्न गरी पिए ।।२२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सरयू तीरमा ध्यान गरेर राम चन्द्रको
प्राणायाम गरी आफ्नो प्राण छोडे निदेहको ।।२३।।

कसैले क्यै गरी देख्न नसक्ने गरि इन्द्रले
शरीर साथ साथैमा लिएर स्वर्गमा चले ।।२४।।

श्री विष्णुको चतुर्थांश लक्ष्मण स्वर्ग आउँदा
देवर्षि, देवताले नै गरे स्वागत देखदा ।।२५।।

ब्रह्माका साथमा योगी सिद्ध लोके भए भर
शेष नाग यिनै साक्षात् लक्ष्मण धरणीधर ।।२६।।

भनेर स्वर्गमा आए "आएछन् भनि लक्ष्मण"
खुसी भए भए जत्ति गर्न स्वागत दर्शन ।।२७।।

(१०) सन्दर्भः– महा प्रयाण– श्री महादेव पार्वतीलाई आज्ञा हुन्छ

भाइ लक्ष्मण त्यागेर ज्यादा नै राम दुःखित
डाकेर "वैदिक, विद्वान् मन्त्री, वशिष्ठज्यू मत्त ।।१।।

राज्य भरतले गर्छन् राज्याभिषेक दिन्छु म
भाइ लक्ष्मणको राम्रो पाइलो पछि लाग्छु म ।।२।।

यस्तो श्रीरामको वोली सुनेर सव ती प्रजा
काटेका रूख झैं भूमि–मा लडे दुःखमा प्रजा ।।३।।

रामको वाक्य सुन्दा य मूर्छा भरतजी भए
हात जोडी गरे विन्ती · छोड्दिन म त पाउ ए" ।।४।।

'साँचो शपथ गर्छु म राम विना त स्वर्गको–
पनि राज्य म चाहन्न पृथ्वी वा अरू लोकको ? ।।५।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राज्यू हजूरको पाउ पाउँ सर्वत्र, सर्वदा
सेवा गर्न सधैं पाउँ नपाऊँ कहिल्यै बिदा ॥६॥

कोशल देशको राज्य कुशलाई दिने प्रभो !
लव उत्तरका राजा घोषणा गर्न वेर भो ॥७॥

शत्रुघ्नलाई बोलाउं हाम्रो सब बुझुन् कुरा"
दौडे दूतहरू छिटा दुःखी ती पनि वरा ॥८॥

गुरु वशिष्टजी भन्छन् "हे राम करुणाकर !
प्रस्थिएका प्रजा यिन्को प्रभु बाहेक को छ र" ॥९॥

रामले ती सबैलाई उठाएर दया गरी
"मैले गर्नू छ के भन्नोस्" प्रजाका सामुमा मिली ॥१०॥

हात जोडी सबै विन्ती गर्छन् "हे भक्त वत्सल
स्वर्ग, शहर, पाताल, वनै होस्न उतैतिर ॥११॥

हामी पनि साथ साथ जान पाऔं निरन्तर
सयपरिवारका साथ जान्छौं राम ! सरासर" ॥१२॥

हुन्छ साथ म लाग्ने छु मान्नु पर्दैन क्यै पिर
तपाइहरूको इच्छा पूरा गर्छु सके भर' ॥१३॥

राम्रा आठ हजारौटा रथ हजार हात्तिका
साठी हजार छन् घोडा धन र दिव्य रत्नका ॥१४॥

साथमा हृष्ट, पुष्टाङ्ग पदति वीर सैन्य छन्
राज वाजा प्रशस्तै छन् ऊटका ताति ताति छन् ॥१५॥

राजा श्रीरामको आज्ञा मान्न के कम ती थिए
उसै दिन दुवै छोरा आ-आफ्ना राज्यमा गए ॥१६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शत्रुघ्नले अयोध्याको राजा श्रीराम चन्द्रको
दाजु लक्ष्मणको हाल बुझेर गति कालको ॥१७॥

दैवको गति कस्तो छ कालको परिवर्तन
जे पनी सहनू पर्ने कस्तो आएछ यो दिन ॥१८॥

गयो सुख पऱ्यो शोक भए विव्हल केवल
किं कर्तव्य भएं आज पस्यो लौ मनमा झिर ॥१९॥

सल्लाह दिन्छ कस्ले र मागौं शिक्षा म कोसित
दिन सक्ने छ को धीर उपदेश यथोचित ॥२०॥

पर्छु म रामकै पाउ राम बाहेक को छ र ?
आफै मन सह्यालेर गर्न थाले नि तर्खर ॥२१॥

मथुरा देशको राज्य जेठा पुत्र सुबाहुमा
विदेशा सुम्पिए कान्छा सुपुत्र यूप केतुमा ॥२२॥

उहि दिन हिंडी हाले रामको पाउमा परे
'म पनि साथमा जान,– पाऊँ' विन्ती पनि गरे ॥२३॥

ऋषि, मुनि, चिरञ्जीवी रामका साथमा थिए
झल्झलाकार श्रीराम प्रजाका मुख झल्किए ॥२४॥

''शत्रुघ्न ! आज मध्याह्न कालमा ठीक भै बस''
आदेश रामको पाए कसैमा छैन है कस ॥२५॥

दूर सञ्चारले गर्दा सर्वत्र हाल फैलियो
ऋक्ष, वानरको फौज नर राक्षस वैरियो ॥२६॥

देव र ऋषिका पुत्र हुन् ती राक्षस, वानर
महा प्रयाणका साथ ''हामी जान्छौं सरासर'' ॥२७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

इच्छानुसारको रूप यी नै लौ लिन सक्दछन् ।
रामका भक्तछन् सारा रामको पछि लाग्दछन् ।।२८।।

सुग्रीव भन्दछन् 'जान्छु म पनि करुणाकर !
किष्किन्धाको राजकाज दिए अङ्गदको शिर' ।।२९।।

रामले भन्नु भो 'भक्त लङ्काराज दिभीषण !
मेरो आदेशले राज्य गर्दा हुनेछ लक्षण ।।३०।।

हनूमन् ! तिमीलाई त पहिले नै भनी सकें
अन्यथा नगरे वावु ! चिरञ्जीवी भए भनें ।।३१।।

जाम्ववान्लाइ भन्नु भो कुनै कारणले सुन
द्वापर युगमा तिम्रो मेरो युद्ध हुने गुन ।।३२।।

आगन्तुक अरूलाई मेरो साथ गए भयो
रामको सुनी आदेश साराले 'जय होस् भन्यो' ।।३३।।

भोलिपल्ट सवेरैनै रामले भन्नु भो गुरु
मेरो निम्ति गरोबक्स्योस् अग्निमा होमियोस् चरु ।।३४।।

गुरु वशिष्ठले सारा विधि पूर्वक गर्नु भो
रेशमी वस्त्रका साथ कुश पवित्र च्याप्नु भो ।।३५।।

शहरवाट श्रीराम महाप्रयाण निम्तिमा—
निस्कना साथ श्री लक्ष्मी रामको वाम भागमा ।।३६।।

दायाँ तरफमा पृथ्वी हिंड्दछिन् साथ साथमा
श्याम वर्ण यिनै पृथ्वी रातो कमल हातमा ।।३७।।

वाण, शस्त्र, धनु, शास्त्र राम भन्दा अघिल्तिर
मूर्तिधारी भइ हिंड्छन् देखिए ती मनोहर ।।३८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तै प्रकारले वेद दिव्य हिड्छन् मुनीश्वर
वेद माता त गायत्री ओम् कार पनि सुन्दर ।।३९।।

मूर्तिधारी बनी सारा रामका साथमा चले
बन्धू, बान्धव, स्त्री, पुत्र साथमा तो प्रजा चले ।।४०।।

मानु त्यो मोक्षको ढोका पक्का खुला छ लौ भनी
रामको पछि लागे ती 'राम' 'राम' भनी भनी ।।४१।।

बाह्य सुखादिमा माया मान्ने छैनन् कुनै जन
परमानन्द रूपात्मा गए माथि गयो भन ।।४२।।

क्षत्रिय, वैश्य छन् शूद्र अन्त्यजादि सबै जन
गाना मङ्गल गाएर हिंडे वानरका गण ।।४३।

सच्चिदानन्दरूपात्मा राम चित्तमा
पाल्तु पशु पनी हिड्छन् रामका साथ साथमा ।।४४।।

दोन, दुःखी कुनै छैनन् सांसारिक सबै सुख
बिर्सिए मोक्षमा लागे पारेर हंसिलो मुख ।।४५।।

अयोध्यामा कुनै जीव बांको छैनन् चराचर
रामको पछि लागेर हिंडे सारासरासर ।।४६।।

अयोध्या रित्तियो खालि घरका द्वार छन् खुला
चकमन्न सर्वत्र बांकि हुन गयो कला ।।४७।।

शहरबाट टाढानै श्रीराम पुगि बक्सियो
स्वच्छ पवित्र पानीको सरयू देखि बक्सियो ।।४८।।

प्रसन्न भइ श्रीराम हृदयाकाशमा जगत्
छर्लङ्ग सब देखनू भो लुक्न पाउंछ को फगत् ।।४९।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यत्तिकैमा सबै देव ब्रह्माका साथ वैरिए
देवर्षि मुनिको फौज (वृन्द) सिद्धको गण वर्लिए ।।५०।।

धर्वात्माहरूमा ठूला पुरा लोकेहरू पनि
तिन्का राम्रा विमानै छन् करोडौं छन् भनौं कति ।।५१।।

विशाल नभ ढाकियो बिमान छन् अनेकन
देदीप्य मान देखिन्छ कस्तो आएछ त्यो दिन ।।५२।।

त्यसै बखतमा वायु सुगन्ध छरिवग्दछ
पुष्प वृष्टि लगातार वर्षदा तल झर्दछ ।।५३।।

देवताहरूको बाजा घन्केका छन् ती मादल
गीत गाउंदछन् मीठो विद्याधर र किन्नर ।।५४।।

युवा युवति नाचेर गर्दै भजन कीर्तन
'रामको जय होस्' भन्दै हिड्छन् वृद्ध सबै जन ।।५६।।

श्रीराम चन्द्रले स्वच्छ सरयूको लिइ जल
आचमन गरी फेरि घुम्नु भो त्यहि नै जल ।।५६।।

हात जोडेंर ब्रह्माजी "हे विष्णो ! प्रभुको कथा
भन्न सक्तछ को राम ! लीलायै हो भनी तथा ।।५७।।
वर्णन गर्न को सक्छ ? एउटै प्रभु ईश्वर
पुग्यो मेरो सबै इच्छा प्रभु ता भक्त वत्सल

भाइका साथ हे राम ! नारायण प्रभो भई
देवताहरूको रक्षा गर्नु होस् स्वर्गमा गई ।।५६।।

अथवा प्रभूको इच्छा प्रिय देहमा भए
त्यसै भित्र पसी हाम्रो पुग्छ रक्षा गरी दिए ।।६०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ठूला ठूला फणा धारी शय्याको निम्ति लक्ष्मण
शेष नाग भइ हाले स्वर्गको भो सुलक्षण ॥६१॥
भक्त भरतजी चक्र भए शत्रुघ्न शङ्ख नै
वायां सीता थिइन् लक्ष्मी सीताजी अघिबाट नै ॥६२॥
श्रीराम चन्द्रका साक्षात् चतुर्भुज रमा पति
शङ्ख, चक्र, गदा, पद्म,–धारी ब्रह्माण्डका पति ॥६३॥
ब्रह्मा, इन्द्र सबै देव प्रजापतिहरू मुनि
सिद्ध यक्षहरू सारा हात जोडेर ती पनि ॥६४॥
भगवान् विष्णुको पूजा स्तोत्र पाठ गरे स्तुति
'इच्छा पूर्णभयो भन्दा' आज्ञा हुन्छ रमा पति ॥६५॥
"ब्रह्मन् ! मेरा यी हुन् भक्त मेरै साथ सरासर
स्वर्ग जाने गरे इच्छा क्वै छन् पशु पनी तर ॥६६॥
हुन् यी मेरा सबैं भक्त धर्मात्मा शुद्ध चित्तछ
ठुलो लोक पुगुन् सारा जस्तो वैकुण्ठ लोक छ ॥६७॥
मेरो आदेशले ब्रह्मन् ! रोक तोक कुनै नहोस्'
शीघ्रातिशीघ्र त्यो लोक पुग्नलाईं प्रवन्ध होस् ॥६८॥
हात जोडेर ब्रह्माजी भन्दछन् 'सब ठीक छ
ब्रह्माको लोकको माथि त्यो सान्तानिक लोक छ ॥६९॥
लहर ताति लागेर सरयू जलमा पसे
जस्को अंश थिए उस्कै देह भित्र छिटो घुसे ॥७०॥
देशवासी थिए जे जो अयोध्यावासी जो थिए
सरयू जलमा पस्दा पृथ्वीको देह छाडिए ॥७२॥
दिव्य देह भए सारा चढी विमानमा गए
सान्तानिक ठूलो लोक पुगेर सब झल्किए ॥७२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महा प्रयाणनै हेर्न आउने जति जो थिए
सरयू जल छोएर लोक सान्ता निकै गए ।।७३।।

तीनै थर मिलाएर राम राज्य खडा भयो
नराधिकारको रक्षा हुंदा राम्रो यसै भयो ।।७४।।

भेद भाव सबै छोडी मिलेर पृथिवी भर
आफ्नो राज्य गरे राम्रो नर, राक्षस, वानर ।।७५।।

अनु शासनका साथ के गरे 'जय' हुन्छ लौ
विवेकका साथ शान्ति दिगो पार्दथे नि लौ ।।७६।।

राम नाम जपी ठुलो कुनै भन्दैनथे मनै
राम राज्य चल्यो पूरा दश हजार वर्षनै ।।७७।।

जप्छ जो रामको नाम उसैको छ उभो गति
गान, कीर्तन, भक्तिले कति मोक्ष भए कति ।।७८।।

रामको ध्यान जो गर्छ मनन गर्छ दिन्दिन
भववन्धन तोडेर धाममा पुग्छ त्यो जन ।।७९।।

शिवले पार्वतीलाई 'श्रीरामायण' भन्नु भो
सुनी जगतकी माता उमाको मन शान्त भो ।।८०।।

श्रीरामले गरुन् रक्षा राम नाम सदा जपूँ
विघ्न, बाधा हटोस् "बुद्धि,–प्रसाद" रामको टिपूं ।।८१।।

इति उत्तर काण्ड
इति "श्रीरामायण शुभम्
रामार्पण–मस्तु
मिति २०३६ साल वैशाख १३ मा शुभम्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीरामायणका पात्रहरू

श्री पार्वती
श्री शिव
राजा दशरथ
श्रीवशिष्ठ (राजगुरु व्रह्मपुत्र)
सुमन्त्र (मन्त्री)
रानी कौशल्या | —राजा
" कैकेयी | दशरथ रानी
" सुमित्रा |
श्री व्रह्मा
श्री भगवान्
श्री ऋष्य शृङ्ग (ऋषि)
श्री विश्वामित्र (ऋषि)
नाटका (यक्षी राक्षसी)
सुवाहु (राक्षस)
मारीच (यक्ष राक्षस)
श्री गौतम (ऋषि)
श्री अहल्या ब्रम्हपुत्री)
श्री इन्द्र (देवताका राजा)
श्री सुत (पौराणिक)
माझी
श्रीजनक (जनकपुरका राजा)
जनकका मन्त्री
राजा कुशध्वज जनकका भाइ

श्री सतानन्द (जनकपुरोहित)
श्री सीता (योगमाया)
श्रीरामकी रानी
ऊर्मिला (जनकको छोरी)
(लक्ष्मणकी रानी)
श्रुतकीर्ति (कुशध्वजकी पुत्री)
(श्रीभरकी रानी)
माराडवी (कुशध्वजकी पुत्री
श्री शत्रुघ्नका रानी)
श्री अग्नि (हव्यवाडन)
श्रीराम (राजा दशरथकी
रानी कौशल्याका पुत्र)
श्री लक्ष्मण (राजा दशरथकी
रानी सुमित्रा पुत्र)
श्री भरत (राजा दशरथको
रानी कैकेयी पुत्र)
श्री शत्रुघ्न राजा दशरथकी
रानी सुमित्रा पुत्र
श्री परशुराम (दमदग्नि पुत्र)
युधाजित (कैकेयीका भाइ)
श्री नारदमुनि (ब्रम्ह पुत्र)
मन्थरा (रानी कैकेयीको
सेविका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्री अरुन्धती (वशिष्ठ पत्नी)
नगरवासी
श्री वामदेव (मूनि)
गुह (श्रीराम सख)
श्री भरद्वार (ऋषि)
श्री वाल्मीकि (ऋषि)
वैश्य कुमार (श्रबणकुमार
वैश्य (अति वूढा
वैश्य पत्नी बूढी)
श्री अत्रि (ऋषि)
श्री अनसूया (अत्रि पत्नी)
श्री शर भङ्ग (योगी)
विराध (राक्षस)
श्री सुतीक्ष्ण (ऋषि)
श्रीअग्नि जिव्ह (श्री अगरुका
भाइ
श्री अगस्त्य (ऋषि)
श्री अगस्त्यका शिष्टरस
जटायु (सम्पतिका भाइ
शूर्पणखा (रावणको बहिनी)
खर
दूषण —राक्षस
त्रिशिर
कवन्ध (राक्षस. गन्धर्व)

शवरी (भक्त) (हीन जात)
श्री हनूमान (वटुको रूपमा)
सुग्रीव —मल्ल जात
वाली
तारा (वाली, सुग्रीवकी
रानी सुषैणको छोरी)
रुमा (सुग्रीवकी रानी)
अङ्गद (वाली पुत्र)
जाम्ववान् (वूढा मल्ल जात)
नल (विश्वकर्माको पुत्र)
नील
गवय
मैन्दव —मल्ल जात
गज
पनश
वलीमुख
दधिमुख
सुषेण —ताराको पिता
तार
केसरी
हेमा (विश्वकर्माकी छोरी)
स्वयम्प्रभा (दिव्यगन्धर्वकी
छोरी
शम्पाति (जटायुको दाजु)
श्री चन्द्रमा नामको मुनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुरसा (देवी)
सिंहिका (समुद्रमा वस्ने)
लाङ्किनी (लङ्काकी देवी)
मन्दोदरी रावणकी रानी)
त्रिजटा (राक्षसी)
ऐन्द्र, कागको रूपमा इन्द्रको छोरो जयन्त ।
पञ्च सेनापति, राक्षस
सात मन्त्रीका छोरा, राक्षस
अक्षकुमार, रावणको कान्छो पुत्र
मेघनाद, इन्द्रजित, रावणको जेठो छोरो
प्रहस्त (रावणको मुख्य मन्त्री मध्ये एक राक्षस)
विभीषण (रावणको कान्छो भाइ

दधि ववत्र, राजीव, गवाक्ष, मन्द, द्विविद — मल्ल जात

कुम्भकर्ण (रावणको भाइ राक्षस)

महापार्श्व, महोदर, निकुम्भ, कुम्भ, अतिकाय, शुक्र, शार्दूल, शरभ, वज्र दंष्ट्र, माल्यवान् (रावणकी आमाको बाबु मातामह) — राक्षस

मातालि (इन्द्रको सारथि)
कुमुद (मल्ल जात)

अतिकाय, महानाद, महोदर, देबान्तक, नरन्तक, अतिकाय, कालनेमि — राक्षस

मकरी (धान्यमाला अप्सरा)
राजा अनरण्य (सूर्यवंशी राजा श्रीरामचन्द्रका पुरखा)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अग्निवर्ण, सर्परोमा, खड्गरोमा, वृश्चिक रोमा — राक्षस	मुख घोडाको जस्तो हुन्छ बाँकि शरीर मानिसको जस्तो श्री कुवेरका प्रजा)
श्री इन्द्र (देवराज)	महानगा
श्री वरुण	मरुत गण
श्री कुवेर (विश्रवाको छोरा रावणको सौताने दाजु)	गौ
मुनिहरू	गुह्यक (देव विशेष कुवेरका प्रजा 'धनागार' यिनीहरूका जिम्मामा हुन्)
सिद्धहरू (देवयोनि विशेष)	पशु
पितृगण	पक्षी
ऋषि वर्ग	प्रजापति (श्री ब्रह्माका दश छोरा मध्ये एक)
साध्यहरू (देव विशेष)	
गन्धर्वहरू	
अप्सरा गण	असित, कण्व, दुर्वासा, भृगु, अङ्गिरा, कश्यप, वामदेव — ऋषि
नाग गण	
देव गण	
अग्नि (श्री सीता लुकनु भएको	
सूतहरू	
वैतालिक	द्वार पाल (ढोके)
वन्दीजन (भाट)	पुलस्त्य (श्री ब्रह्म पुत्र)
वाराङ्गना (वेश्या)	तृणविन्दु (राजा)
ऋषभ (मल्ल विशेष)	देव कन्याहरू
किन्नर (देवताका गवैया	देव कन्याहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गन्धर्भ कन्याहरू
तृणविन्दुकी छोरी (विश्रवा माता)
विश्रवा (पुलस्त्यको तृण विन्दुकी छोरीवाट जन्मेका
कुवेर (विश्रवाका पुत्र)
सुमाली (कैकसीको वाबु राक्षस)
कैकसी (रावणादिकी आमा विश्रवाकी स्वास्नी राक्षसी
विद्यु जिव्ह (निकराल काल खञ्जको वंशमा जन्मेको (रावणकी वहिनी ज्वाइ भन्छन्)
मन्दोदरी (रावणकी रानी दितीको छोरो विश्वकर्माकी छोरी दैत्य जात)
वृहज्ज्वाला (कुम्भकर्णकी रानी, विरोचनकी नातिनी
सरभा (विभीषणकी रानी गन्धर्वराज महात्मा शैलूषकी छोरी)
नन्दीश्वर श्री शिवका वाहन
ऋक्षराज श्रीब्रह्माको हर्षाश्रु हातमा लिएर फाल्दा निस्केको)
ती ऋक्षराज संयोगवश एक दिन स्त्री हूँदा श्री इन्द्रबाट वाली र श्री सूर्यबाट सुग्रीवको जन्म)
देव दूत
श्री सनतकुमार (श्री ब्रह्माका मानस पुत्र ४ मध्ये एक
श्वेत द्वीपका स्त्रीहरू
वैश्य (एक तपश्वी)
विजय (गुप्तचर)
श्री च्यवन (यमुनाका तीरवासी योगी मध्ये मुख्य श्री भृगु पुत्र
लवण (कुम्भीनसको पुत्र रावणको कान्छो बहिनी मधुलाई दिएको थियो)
श्री कुश (श्रीराम पुत्र)
श्री लव श्रीराम पुत्र)
श्री अङ्गद (श्रीलक्ष्मण पुत्र)
श्री चित्रकेतु " "
एक तपस्वी (काल)
श्री पुष्कर (भरत पुत्र)
श्री तक्ष " "
श्री सुवाहु, श्री शत्रुघ्न पुत्र
श्री यूप केतु " "

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीरामायणमा पर्ने रामका नाम

श्री अयोध्या
" जनकपुरधाम
सिद्धाश्रम
श्री गौतम आश्रम
(श्री गङ्गाजीको समीप)
चक्रतीर्थ
श्री परशुरामले तप
गरेको ठाम
महेन्द्राचल
शृङ्गवेशपुर
श्री भरद्वाजाश्रम
श्री बाल्मीकि आश्रम
चित्रकूट, तीर्थ विशेष बांदा
जिल्ला बुन्देल खण्डमा छ
पञ्चवटी, गोदावरीको तीर
नासिकमा छ
जनस्थान
ऋष्यमूक गिरी
किष्किन्धा
प्रवर्षण गिरी
विन्ध्य पर्वत
विन्ध्याचल

मैनाक
२, लङ्का
१, त्रिकूट पर्वत
श्री रामेश्वर
श्री सेतुबन्ध
सुवेल पर्वत
[लङ्काको पर्वत]
मलय गिरी [दक्षिण भारत-
को पर्वत माला
जहां चन्दनको वृक्ष पाइन्छ;
मलय पर्वतको पूर्वको देश
मालवार प्रान्त
अलका पुरी
श्वेत द्वीप
मधुवन
मथुरा
पुष्करावती
तक्षशिला
अवध कोशल देश
[illegible] देश
विदिशा [वर्तमान भेलसा
नाम
[illegible]

Acc 857 / 546
Nepal Sanskrit University

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काठमाडौं [illegible] निवासी श्रीमान [illegible]
तथा श्रीमती [illegible] द्वारा वाल्मीकि विद्यापीठ
पुस्तकालयलाई उपहार स्वरूप प्रदान पुस्तक

स्व. मातापिताको सम्झनामा काठमाडौं कुलेश्वर निवासी
श्रीमान मेघपुञ्ज राजभण्डारी तथा श्रीमती [illegible] राजभण्डारीद्वारा
वाल्मीकि विद्यापीठ पुस्तकालयलाई उपहार स्वरूप प्रदान पुस्तक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu